# नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन



जगमान गुरुङ

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

Digitized by the Internet Archive
in 2022 with funding from
Kahle/Austin Foundation

https://archive.org/details/nepalakorashtriy0000guru

# नेपालको राष्ट्रिय समीकरणाको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन

जगमान गुरुङ

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

GREENWICH LIBRARIES
3 8028 01745102 9

| GREENWICH LIBRARIES | LOC |
|---|---|
| INV | BRIGHT 26/08/2005 |
| ACC NO | 3 8028 01745102 9 |
| CAT | NEPA GARU |
| | |

**प्रकाशक**

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं ।

फोन नं. : ४ ३३१७४०/ ४ ३३२०७८
फ्याक्स नं. : ४ ३३११८४
इमेल : cnastu@mail.com.np

प्रकाशन प्रति : ५००
प्रकाशन मिति: २०६१ असार १८ गते, शुक्रबार
(आषाढ शुक्ल पूर्णिमा)

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

ISBN : 99933-52-60-8

आवरण चित्र: मुक्तिनाथको धातु मूर्ति

मूल्य : रु. ३२५।–

मुद्रण : डंगोल प्रिन्टर्स
काठमाडौं ।

**वर्णानामर्थसंघानां रसानां छन्दसामपि ।**
**मङ्गलानां च कर्त्तारौ वन्दे वाणीविनायकौ ॥**

(अक्षरहरू, अर्थसमूहहरू, रसहरू, छन्दहरू पनि र मङ्गलगर्नेवाला सरस्वती र गणेशको वन्दना गर्दछु)

– श्रीरामचरितमानस

**ॐ सह नाववतु । सह नौ भुनक्तु । सहवीर्य करवावहै । तेजस्वि नावधीतमस्तु । मा विद्विषावहै ।**

(परमात्माले हामी गुरु शिष्य दुवैलाई विद्याको स्वरुप प्रकाश गरेर सँग सँगै रक्षा गरुन् । विद्याको फल प्रकाश गरेर सँग सँगै पालन गरुन् । हामी दुई सँगै मिलेर विद्या सम्बन्धी सामर्थ्य प्राप्त गरौँ । हामी दुईको पढेको विद्या तेजिलो होस् । हामी परस्परमा द्वेष नगरौँ)

– कठोपनिषद्

**यत्किञ्चिज्जगतो दुःखं तत् सर्वं मयिपच्यताम् ।**
**बोधिसत्वशुभैः सर्वैर्जगत् सुखितमस्तु च ॥**

(यस जगत्का जति पनि दुःखहरू छन्, ती सबैलाई मैले भोगूँ र मेरो बोधिसत्वचर्याको सम्पूर्ण पुण्यहरूले जगत् सधैँ सुखी होओस्)

—बोधिचर्यावतार

समर्पण

## गण्डकी प्रश्रवण क्षेत्रको प्रकृति र संस्कृतिलाई
## एक थुँगो फूल

# प्रकाशकीय

नेपाल र एशियाली अनुसन्धान केन्द्रले आफ्नो स्थापनाकालदेखि नै विभिन्न विषयको अनुसन्धानमा जोड दिँदै आएको कुरा सर्वविदितै छ । यसै प्रसङ्गमा नेपालको इतिहास र संस्कृति का विभिन्न पक्षमा विभिन्न विद्वान्हरूद्वारा ग्रन्थ तयार गराउँदै त्यसलाई क्रमशः प्रकाश गर्दै जाने नीति केन्द्रले लिँदै आएको छ । यसैको एउटा कडीको रुपमा श्रीजगमान गुरुङले "नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन" नामक यो पुस्तक तयार गर्नु भएको हो ।

प्राचीनकालदेखि आफ्नो गौरव राख्दै आएको नेपालले पछिल्लो कालमा आफ्नो त्यस गौरवमा ह्रास आएको अनुभव पनि गर्नुपऱ्यो । विक्रमको उन्नाइसौं शताब्दीको पूर्वार्धमा गण्डकीक्षेत्रअन्तर्गतको गोरखाका श्री ५ पृथ्वीनारायण शाहको एकीकरण अभियानले नेपालको प्राचीन गौरव क्रमशः पुनः स्थापित हुन पुग्यो । यस दृष्टिले पनि गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन गरी लेखिएको यस पुस्तकको विशेष महत्त्व छ भन्ने स्पष्टै छ ।

सहप्राध्यापक जगमान गुरुङ यस केन्द्रका विशिष्ट अनुसन्धाता हुनुहुन्छ । प्रामाणिक कुरालाई बाहिर ल्याउन रुचाउनु हुने श्रीजगमान गुरुङ आफ्नो विषयका आधिकारिक विद्वान् हुनुहुन्छ । धेरै पुस्तकका रचयिता श्रीजगमान गुरुङको यो ग्रन्थ पनि विशिष्ट प्रकारको ग्रन्थ हो । नेपालीहरूको चारीत्रिक विकास, नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन एवं प्रवर्द्धनमा यस पुस्तकले अवश्य पनि सहयोग पुऱ्याउने छ । यो पुस्तक नेपालको इतिहासमा रुचि राख्ने सबैलाई उपयोगी ठहर्नेछ । त्यसमा पनि विशेष गरी विशिष्ट अनुसन्धाता तथा स्नातकोत्तर तहका विद्यार्थीहरूलाई यस पुस्तकबाट विशेष लाभ हुनेछ भन्ने विश्वास यस केन्द्रले लिएको छ । नेपालको गण्डकीक्षेत्रको पर्यटनको विकासको लागि थप मदत यस पुस्तकले दिनेछ भन्ने विश्वास पनि यस प्रसङ्गमा लिन सकिन्छ । यस अनुसन्धान कार्य र सोको प्रतिवेदनलाई पुस्तकाकार रूपमा प्रकाशन गर्नको लागि योगदान दिनुहुने सबै महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल र एशियाली अनुसन्धान केन्द्रको नीतिभित्र रहेर यस्तो गहकिलो ग्रन्थ तयार पार्नुहुने अनुसन्धानकर्ता सह प्रा. जगमान गुरुङ विशेष धन्यवादको पात्र हुनुहुन्छ । बडो मिहेनतसाथ भाषा सम्पादन गरी यस पुस्तकलाई स्तरीय बनाई दिनुभएकोमा प्रा. दिनेशराज पन्तलाई धन्यवाद दिन चाहन्छु । यो पुस्तकमा रहेका गुणदोषको चर्चा सम्बद्ध विद्वान्हरूबाट अवश्यै हुनेछ र त्यसबाट भविष्यमा यस्तो काम गर्न बढी प्रेरणा मिल्नेछ भन्ने आशा पनि यस केन्द्रले लिएको छ ।

प्रा. निर्मलमान तुलाधर
कार्यकारी निर्देशक

गण्डक्योरन्तराले च महातीर्थं प्रकीर्तितम् ।
दशयोजनविस्तारं गण्डकीगर्भसंज्ञकम् ॥
मत्स्यपुच्छाचलाग्राच्च गण्डक्योः सङ्गमावधिः ।
तत्र यत् कियते कार्यमनन्तफदं स्मृतम् ॥

(त्रिशूली र कालीगण्डकीको बीचमा दश योजनको क्षेत्रफलमा फैलिएको गण्डकीगर्भे नाम गरेको महातीर्थ छ । माछापुछ्रे हिमालयको चुचुरोदेखि गण्डकीहरूको दोभान देवघाटसम्म त्यो गण्डकीगर्भ नाम गरेको महातीर्थमा गरिएको जुनसुकै धार्मिक कार्य पनि अनन्तफल दिने मानिएको छ)

—गण्डकीमाहात्म्य

# प्राक्कथन

क्षेत्राणां मुक्तिक्षेत्रञ्च श्रेष्ठ गिरिषु शैलराट् ।
नदीषु गण्डकी श्रेष्ठा त्रयो मे परमप्रियाः ॥

(तीर्थक्षेत्रहरूमा मुक्तिक्षेत्र श्रेष्ठ छ र पर्वतहरूमा
हिमालय श्रेष्ठ छ । त्यस्तै नदीहरूमा गण्डकी श्रेष्ठ छन्
यी तीनवटा मेरा (भगवान् श्रीवराहका) अति प्यारा छन्)
–गण्डकीमाहात्म्य

तरति पापादिकं यस्मात् सः तीर्थः अर्थात् जसबाट मानिसहरू आफ्नो कर्मविपाक अथवा जन्मजन्मान्तरको पापकर्मबाट मुक्त हुन्छन्, त्यो तीर्थ हो भनेर तीर्थ शब्दको व्युत्पत्ति गरिएको छ । हिमवत्खण्डमा सप्तगण्डकीको पवित्र जलले अभिसिञ्चित गण्डकीप्रस्रवणक्षेत्र नेपालका विविध जाति, भाषा, धर्म, संस्कृति र कला वास्तुकलाको अगाध भण्डार हो । मानवदेहमा नसाहरूले रक्तसञ्चार गरिरहेझैँ गण्डकीप्रस्रवणक्षेत्रको उच्चहिमशिखरबाट बगेका हिमनदीहरू, त्यसका शाखा नद नदीहरू एवं त्यसका तटमा स्थित तीर्थस्थलहरू र त्यस क्षेत्रमा विकसित बहुआयामिक एवं समन्वयात्मक संस्कृतिले समस्त नेपालीहरूको मानसपटलमा नेपालको राष्ट्रिय समीकरण, नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन एवं प्रवर्द्धनको भावना जगाइराखेको छ । एकीकरण भनेको भौगोलिक मिलन र समीकरणचाहिँ मानसिक सम्मिलन एवं भावनात्मक एकता हो । समन्वयात्मक नेपाली संस्कृतिका अनुयायी समस्त नेपालीहरूको मानसिक सम्मिलन एवं भावनात्मक एकताको मूर्तरूप नै नेपाल राष्ट्र हो र त्यस मानसिक सम्मिलन एवं भावनात्मक एकताप्रतिको प्रतिवद्धता र निरन्तरताचाहिँ नेपाली राष्ट्रियता हो । समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको संरचना र विकाश भएको छ । त्यसकारण समन्वयात्मक नेपाली संस्कृतिले देखाएको समन्वयको बाटोमा हामी सबै नेपालीहरू सँगसँगै मिलेर हिड्यौं भने नेपाल राष्ट्र सधैं बलियो हुनेछ र नेपाली राष्ट्रियताको दिगो विकास हुनेछ । गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरू, विभिन्न पर्व पर्वनीहरूमा त्यहाँ संयोजित मानव गतिविधिहरू र त्यहाँको साझा संस्कृतिले हामीलाई सधैं यस दिशातिर अभिप्रेरित गराइरहेको छ ।

प्रत्येक प्राज्ञिक व्यक्ति, वर्ग र संघ संस्थाहरूको आफ्नो विशिष्ट चिन्तन हुनुपर्दछ र उक्त चिन्तन राष्ट्रियताको ध्रुवमा स्थिर हुन अत्यावश्यक छ किनभने राष्ट्रको निर्माण एवं राष्ट्रियताको प्रबोधन र प्रवर्द्धनमा प्राज्ञिक वर्ग र प्राज्ञिक संघ संस्थाहरूको प्रमुख योगदान रहेको हुनुपर्दछ । यही कुरालाई मनन गरेर त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुन्धान केन्द्रका तात्कालिक कार्यकारी निर्देशक प्रा.डा. प्रेमकुमार खत्रीज्यूमा गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदाका विविध पक्षमा अनुसन्धान गर्नको लागि प्रस्ताव राख्दा वहाँले त्यस कार्यको लागि समुचित पूर्वाधार तयार पारिदिनु भयो । त्यसपछि पूर्व कार्यकारी निर्देशक प्रा.डा.

तीर्थप्रसाद मिश्रज्यूको कार्यकालमा यस अनुसन्धान कार्य सम्पन्न भयो । यसैगरी वर्तमान कार्यकारी निर्देशक प्रा. निर्मलमान तुलाधरज्यूले यस अनुसन्धान प्रतिवेदनको औचित्य र सामयिक महत्वलाई हृदयंगमगरी यसलाई अझ परिष्कृत र स्तरीय बनाउने मौका दिई पुस्तकाकार रूपमा प्रकाशित गरिदिनु भयो । यसरी त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धान केन्द्रले आफ्नो तीन पुस्ताको श्रम र शक्ति लगाएर यो पुस्तक तयार पारेको छ । अतः वहाँहरू सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदाको सर्वेक्षणका सहभागीहरू प्रा. डा. टेकबहादुर श्रेष्ठ, सह प्रा. मोहनप्रसाद खनाल र सह प्रा. डिल्लीराज शर्माको सल्लाह र सहयोग अविस्मरणीय छ । यसका अतिरिक्त सहपाठी एवं सहकर्मी सहृदयी मित्र सह प्रा. डिल्लीराज शर्माले विभिन्न स्थानका फोटोहरू उपलब्ध गराएर गुण लगाउनुभएको छ । संस्कृत भाषाका विषयमा प्रा.डा. हरिभक्त नेउपाने र हाल त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयका उप प्रशासक नारायण रेग्मीसँग आवश्यक परामर्श लिएको छु । श्री ५ को सरकार, पुरातत्त्व विभागका उप सचिव सहपाठी मित्र शुक्रसागर श्रेष्ठले मुक्तिनाथको फोटो एवं देवदह, गोरखा र सल्यानटारसम्बन्धी पुरातात्त्विक जानकारी उपलब्ध गराएर गुण लगाउनु भएको छ । सनातन धर्म सेवा समिति नेपालका राष्ट्रिय अध्यक्ष प्रा. मुकुन्दशरण उपाध्यायले केलादीघाट र भगवत्शरण देवाचार्यको बारेमा जानकारी उपलब्ध गराउनु भएको छ । कम्प्युटर सेटिङमा गोबिन्द थापा, कमल बानियाँ र अनेश श्रेष्ठाचार्यले धेरै मेहनत गर्नु भएको छ । यसैगरी ईश्वर मानन्धरले अनुसन्धान क्षेत्रको स्थलगत नक्शा बनाइदिनु भएको छ । अतः यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग गर्नु हुने सबै सहयोगी मित्रहरूमा आभार व्यक्त गर्दछु । यस पुस्तकको भाषासम्पादनमा धेरै मिहेनत गर्नुभएका प्रा. दिनेशराज पन्तप्रति विशेष हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धौरालीलाई पाती भनेझैं यस पुस्तकले नेपालको राष्ट्रिय समीकरण, नेपाल राष्ट्रको निर्माण एवं नेपाली राष्ट्रियताको प्रबोधन र प्रवर्द्धनमा अलिकति भए पनि टेवा दिनसक्यो भने त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धान केन्द्रको उद्देश्य पुरा हुनेछ । शोधकर्ताको अथक प्रयास सफल हुनेछ र उनको समन्वयात्मक अध्यात्मवादी चिन्तन साकार हुनेछ । यस्तै होओस् भन्ने मङ्गल कामना गर्दछु । यस कार्यबाट सबैको भलो होओस् । भवतु सर्व मङ्गलम् ।

२०६१।३।१८।६
(आषाढशुक्लपूर्णिमा)

जगमान गुरुङ
सह प्राध्यापक
(नेपाली संस्कृति)
नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं ।

# विषय-सूची

प्रकाशकीय क
प्राक्कथन ग-घ

**पहिलो अध्याय- तीर्थस्थलको महत्व र गण्डकीप्रस्रवणक्षेत्र** १-३१
तीर्थको प्रकार १, जङ्गमतीर्थ १, मानसतीर्थ १-२ भौमतीर्थ २, तीर्थस्थलको महत्व २-४, गण्डकी शब्दको व्युत्पत्ति ४-५, तीर्थस्थलको रुपमा गण्डकीप्रस्रवणक्षेत्र ६-८, भौगोलिक परिचय ८-१०, ऐतिहासिक पृष्ठभूमि १०-२१, जनजीवन २१-३१ ।

**दोस्रो अध्याय- गोसाईंकुण्डदेखि दामोदरकुण्डसम्म** ३२-९०
गोसाईंकुण्ड ३२-३८, ने नकथली ३८-४३, नार गुम्बा ४३-५०, ङरि झोबा ५०-५१, लुब्राग गुम्बा ५१-५७, मुक्तिक्षेत्र ५७-६६, लो गेकर गुम्बा ६७-७१, ज्यम्पा गुम्बा ७१-७९, लुरि गुम्बा ७९-८४, छ्योएजोङ गुम्बा ८४-८८, दामोदरकुण्ड ८८-९० ।

**तेस्रो अध्याय- देवीघाटदेखि दूधपोखरीसम्म** ९१-१२४
देवीघाट ९१-९३, सल्यानकोटकीमाई ९३-९७, मनकामना ९७-९८, गोरखनाथगुफा ९८-१०१, चक्रतीर्थ १०१-१०२, युलुङ पोखरी १०२-१०४, छब्दी वाराही १०४-१०६, पराशर एवं व्यासगुफा १०६-११०, भीमाद ११०-१११, ढोर वाराही ११२-११४, ईशानेश्वर महादेव ११४-११६, दूधपोखरी ११६-११७, सिकलेस चोखोपानीतीर्थ ११८-१२१, राजाको चौतारा १२१-१२४ ।

**चौथो अध्याय- रामघाटदेखि गलेश्वरसम्म** १२५-१७२
रामघाट १२५-१२८, ताल वाराही फेवाताल १२८-१३१, खारपानी र तीनशिरेतीर्थ १३१-१३३, पञ्चासे कुण्ड १३३, आलमदेवी लसर्घा १३३-१३६, केलादिघाट १३६-१४०, रणउजीरेश्वरी भगवती १४०-१५२, रिडीघाट १५२-१५८, अर्मादिघाट १५८-१५९, खार्प खेगुफा १५९-१६२, कालिका भगवती १६२-१६५, गलेश्वर १६५-१६७, काकवेणी १६८-१७०, म्याग्दीवेणी १७०,

मोदीवेणी १७१, सेतीवेणी १७१,
रुद्रवेणी १७१-१७२ ।

**पाँचौ अध्याय- देवघाटदेखि देवदहसम्म** १७३-२०३

देवघाट १७३-१८०, सिखौली १८०-१८१,
देउचुली १८१-१८५, त्रिवेणी १८५-१९०,
देवदह १९०-१९३, रामग्राम स्तूप १९४–
१९८, पाल्ही भगवती १९८-२००, पद्मपाणि
बोधिसत्त्व २००-२०२, मदारनाथ २०२-२०४ ।

**उपसंहार** २०४-२०६

**ग्रन्थ विवरणी** २०६-२२०

नेपाली-हिन्दी लेखहरू २०७-२११

नेपाली-नेवारी-हिन्दी-संस्कृत पुस्तकहरू २११-२१७

English Research Articles २१७-२१८

English Books २१८-२२०

**परिशिष्ट** २२१-२३५

**अनुक्रमणिका** २३६-२३९

**चित्रसूची** २४०

**चित्रफलक** २४१–२५८

**गण्डकीप्रस्रवणक्षेत्रको नक्सा** २५९

# पहिलो अध्याय

# तीर्थस्थलको महत्त्व र गण्डकीप्रस्रवणक्षेत्र

## तीर्थको प्रकार

"तरति पापादिकं यस्मात् सः तीर्थः" अर्थात् जसबाट मानिसहरू आफ्नो कर्मविपाक अथवा जन्मजन्मान्तरको पापकर्मबाट मुक्त हुन्छन्, त्यो तीर्थ हो भनेर तीर्थ शब्दको व्युत्पत्ति गरिएको छ (शर्मा गौड, २०५६: ६२०)। जसरी मानिसको शरीरमा मस्तक आदि केही अङ्गहरू अरू अङ्गभन्दा अपेक्षाकृत पवित्र मानिन्छन्, त्यसरी नै पृथ्वीमा पनि केही विशेष स्थानलाई पवित्र र त्यसमा पनि केहीलाई अझ विशेष पवित्र मानिन्छ ।

वस्तुतः तीर्थहरूको यस प्रकारको महिमाले नै मानिसलाई त्यस पवित्र स्थलको निरन्तर सेवन र जीवनमा भगवत्प्रेम तथा भगवत्तत्त्व प्राप्त गर्नको लागि प्रेरित गराउँदछ । तीर्थस्थलको वातावरण र त्यस तीर्थको पावन भूमिमा हुने महात्माहरूको दर्शन एवं सत्सङ्गतले मानिसको जीवनमा यस प्रकारको नैतिक एवं आध्यात्मिक प्रेरणा जगाउँदछ । त्यसकारण सन्तजनहरूद्वारा सेवित त्यस्ता पवित्र तीर्थस्थलहरूमा गएर पवित्र जलाशय एवं नदीहरूमा स्नान, महात्माहरूको सत्सङ्ग, धार्मिक अनुष्ठान एवं दान गर्न र तीर्थको पवित्र वातावरणमा विचरण गर्नको लागि शास्त्रले आज्ञा दिएको हो ।

शास्त्रहरूमा खासगरी त्रिविध अर्थात् तीन किसिमका तीर्थहरू मानिएका छन्, जस्तै–

१. जङ्गमतीर्थ
२. मानसतीर्थ
३. भौमतीर्थ

### जङ्गमतीर्थ

सदाचारसम्पन्न सात्त्विक एवं वेदज्ञ साधु, सन्त र ब्राह्मणलाई जङ्गमतीर्थ मानिन्छ । यस्ता साधु, सन्त र ब्राह्मणहरूको दर्शन एवं आशीर्वचनद्वारा मानिसहरूको मनको शङ्का निवारण भई उनीहरूको पश्चात्ताप र पाप पखालिन्छ र उनीहरूले आफ्नो सबै मनकामना प्राप्त गर्दछन् (शर्मा, २०५६: ६१३; शर्मा गौड, २०५६: ६२०) । यस्ता सदाचारी, सात्त्विक एवं वेदज्ञ साधु, सन्त र ब्राह्मणहरू भगवत्प्रेममा तल्लीन भई विभिन्न ठाउँको विचरण गरी निःस्वार्थ भावले परोपकार गर्दै हिँड्ने हुनाले उनीहरूलाई जङ्गमतीर्थ भनेको हो ।

### मानसतीर्थ

मनमा उत्पन्न हुने सत्य, क्षमा, इन्द्रियनिग्रह, दया, सरलता, मृदुभाषण, ब्रह्मचर्य, तप, सन्तोष, धर्म, दान, ज्ञान, दम, धृति, पुण्य यी मानसिक सद्भावहरूलाई मानसतीर्थ भनिन्छ, किनभने मानिसको अन्तस्करण वा मनको

शुद्धि नै सर्वोत्तमतीर्थ हो (शर्मा, त्यही: ६१३; शर्मा गौड, त्यही: ६२०) । मानिसको अन्तस्करण शुद्ध नभईकन उसको मनमा पवित्र एवं आध्यात्मिक भावना जागरण हुन सक्तैन । त्यसकारण मानिसको अन्तस्करणमा उपर्युक्त मानसिक सद्भावहरूको जागरण, त्यसको विकास र अवलम्बनलाई मानसतीर्थ मानिएको हो ।

## भौमतीर्थ

भूमि अथवा पृथ्वीका पवित्र स्थल एवं जलाशय र नदीलाई भौमतीर्थ मानिन्छ । भूमि र जलको पुण्यता नै भौमतीर्थको कारकतत्त्व हो । भौमतीर्थलाई अर्को शब्दमा स्थावरतीर्थ पनि भनिन्छ । कहीँ भूमिको अद्भूत प्राकृतिक बनावट; कहीँ पवित्र जलाशय; नदीहरूको संगम र तट; कहीँ भगवदवतारहरूको जन्म एवं लीलाभूमि र कहीँ ऋषि, मुनि र सन्त, महात्माहरूको तपोभूमि भएकाले ती स्थानहरू पवित्र एवं पुण्यप्रद मानिन्छन् । त्यस्ता स्थानहरू भौगोलिक रूपमा नै स्वच्छ एवं रमणीय हुने र त्यहाँ पुण्यात्माहरूको दर्शन, आशीर्वचन र सत्सङ्ग हुने हुनाले त्यहाँको वातावरणले नै मानिसको अन्तरात्मालाई पवित्र बनाउँदछ । अत: यस्ता भौमतीर्थहरू अझ बढी महत्त्वपूर्ण मानिन्छन् (शर्मा, त्यही: ६१३; शर्मा गौड, त्यही: ६२०) ।

## तीर्थस्थलको महत्त्व

तीर्थस्थलहरूले मानिसको चारित्रिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । विभिन्न देशका विभिन्न सम्प्रदायका विभिन्न बोली भाषा र भेषभूषा भएका मानिसहरूले एउटै तीर्थस्थलको यात्रा गरेर एउटै देवताप्रति सामूहिक रूपले श्रद्धा र विश्वास व्यक्त गरी एक अर्काको बीचमा सहिष्णुता र सद्भाव आदानप्रदान गरेर समन्वयको भावना जगाएका हुन्छन् । यसैगरी तीर्थस्थलले मानिसको जातीय संकीर्णतालाई हटाएर सबैलाई एउटै ठाउँमा आश्रय दिएको हुन्छ । तीर्थस्थलहरूको स्वच्छ एवं रमणीय वातावरण, त्यहाँका परम्पराहरू, तीर्थयात्रीहरूको संयमशीलता र तीर्थको पावन भूमिमा पुण्यात्माहरूको दर्शन र सत्सङ्गले तीर्थयात्रीहरूको संकुचित भावनालाई हटाएर उनीहरूलाई एउटा उच्च आध्यात्मिक स्तरमा पुऱ्याएको हुन्छ । यसरी तीर्थस्थलको पवित्र वातावरण र पुण्यात्माहरूसँगको सत्सङ्गतबाट अभिप्रेरित भई उनीहरूको मनमा उब्जेको सद्भावनाले तीर्थयात्राबाट फर्केपछि उनीहरूलाई सत्कार्यमा अग्रसर हुन प्रेरित गर्दछ । यसरी तीर्थस्थलले एउटा साधारण मानिसलाई स्वार्थमय जीवनबाट टाढा राखेर एउटा उच्चतर आदर्शमय नैतिक जीवन बिताउन प्रेरणा दिएको हुन्छ ।

नेपालमा पनि अति प्राचीन कालदेखि नै तीर्थस्थलहरूले नेपाल राष्ट्रको संरचनामा महत्त्वपूर्ण योगदान दिई आएको पाइन्छ । यद्यपि नेपाल कैयौं राज्यमा विभाजित थियो र नेपाली समाज धेरै जातिमा विभाजित थियो तापनि नेपालका तीर्थस्थलहरू र त्यहाँ विद्यमान प्रचलनले विभिन्न भू-बनावट र हावापानी भएको ठाउँमा बसोबास गर्ने, विभिन्न बोली, भाषा र भेष-भूषा भएका, विभिन्न

रीतिथिति अपनाउने विविध जातका नेपालीहरू बीच समन्वयको सद्भावना जगाएको पाइन्छ ।

तीर्थस्थलको महत्त्व तिनमा गरिने स्नानमा रहेको मानिन्छ । तीर्थस्नानबाट जन्मजन्मान्तरको कर्मविपाकको प्रक्षालन र पुण्यलाभ हुन्छ भन्ने विश्वास छ । अतः दिनदिनै वा पर्व पर्वनीहरूमा तीर्थमा गएर स्नानगरी देवकार्य एवं पितृकार्यहरू गर्ने प्रचलन छ । कतिपय तीर्थहरूमा ता भक्तजनहरू कल्पवास र स्थायीरूपले तीर्थवास पनि बसेका हुन्छन् । तीर्थको महत्त्व तिनमा गरिने स्नानमा रहेको हुन्छ तापनि पर्व पर्वनीहरूमा यस्ता तीर्थस्थलहरूमा लाग्ने मेलाहरूले केवल पुण्य कार्यलाई मात्र नभएर सांस्कृतिक गतिविधि एवं आर्थिक कारोबारलाई पनि आफूमा समेटेको पाइन्छ ।

तीर्थमा स्नान गरेर रातभर जाग्राम बस्ने चलन पनि छ र रात काट्नको लागि भजन गाउने र भजनका अतिरिक्त नाचगान गर्ने चलन पनि छ । यसैगरी मौसमअनुसारका आवश्यक वस्तुहरूको किनबेच पनि यस्ता मेलाहरूमा गरिन्छ । अघि स्थायी बजार नभएका र हाट लाग्ने चलन पनि नभएका ठाउँमा यस्ता तीर्थस्थलहरूमा पर्व पर्वनीहरूमा लाग्ने मेलाबाट नै मानिसहरूले किनबेच गरेर वर्ष दिनसम्मका आफ्ना आवश्यकताहरू पूरा गर्ने गर्दथे । यसका अतिरिक्त तीर्थस्थलमा लाग्ने मेलामा देशदेशान्तरबाट मेला भर्न आएका साधु महात्माहरूबाट मानिसले आध्यात्मिक ज्ञानका अतिरिक्त देशदेशान्तरको हाल खबर प्राप्त गर्दथे र अझै पनि गर्दैछन्, किनभने जङ्गमतीर्थस्वरूपका यस्ता साधु महात्माहरू आध्यात्मिक ज्ञानका ज्ञाता हुनुका साथै देश देशान्तरमा घुमफिरगरी हिँड्न रमाउने फिरन्ता खालका हुन्छन् । यसरी तीर्थस्थलहरूमा लाग्ने मेलाहरूमा भजन, कीर्तन एवं नाच, गान र मालसामानको किनबेचको माध्यमबाट विभिन्न समुदायका नेपालीहरू आपसमा घुलमिल भई एक अर्काको भाषा र संस्कृतिलाई नजिकबाट जान्न बुझ्न पाउँदछन्, जसबाट उनीहरूको बीचमा आपसी सद्भाव बढ्दछ ।

नेपालका कतिपय तीर्थस्थलहरूमा हिन्दू, बौद्ध र प्राकृत धर्म मान्ने नेपालीहरू समान रूपले तीर्थयात्रा गर्दछन् र एउटै देवतालाई समान रूपले पूज्दछन् । यसरी नेपालका तीर्थस्थलहरूको समन्वयात्मक चरित्र, त्यहाँ निर्मित मन्दिरको वास्तुशैली, पूजारीपरम्परा र अन्य गतिविधिहरूले नेपालीहरूमा समन्वयात्मक अध्यात्मवादको भावनालाई जगाइराखेको पाइन्छ । दुई वा दुईभन्दा बढी तत्त्वलाई एक ठाउँमा राख्यो भने त्यसबाट द्वन्द र संघर्ष उत्पन्न हुन्छ भन्ने अवधारणा द्वन्दात्मक भौतिकवाद हो भने यसका विपरीत दुई वा दुईभन्दा बढी तत्त्वलाई एक ठाउँमा राख्यो भने ती तत्त्वहरूबीच समन्वय हुन्छ र त्यस समन्वयबाट सहिष्णुता, सहअस्तित्त्व र शान्ति स्थापना हुन्छ भन्ने अवधारणाचाहिँ समन्वयात्मक अध्यात्मबाद हो ।

नेपाल अनेक समुदायको संगम भएको देश हो र यिनै विविध समुदायका मानिसहरूको स्वच्छ हृदयको मधुर स्पन्दनको सद्भावनै बृहत् नेपाल राष्ट्रको प्राण हो, किनभने राष्ट्र भनेकै भावनात्मक एकता हो र त्यस एकताप्रतिको

प्रतिबद्धता र निरन्तरताको भावना नै राष्ट्रियता हो । अर्को कुरा एकीकरण भनेको भौगोलिक मिलन र समीकरण भनेको मानसिक मिलन हो र त्यही मानसिक मिलन नै राष्ट्र हो ।

समन्वयात्मक संस्कृतिका अनुयायी नेपालीहरूको बीचमा सहिष्णुता र समन्वयको सद्भावना विकास हुँदै गएमा नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको भावना पनि विकास हुँदै जानेछ तर यसका विपरीत नेपालीहरूबीचको आपसी सहिष्णुता, सद्भाव र समन्वयात्मक भावनाको डोरी चुँडियो भने अन्ततः नेपाल राष्ट्र पनि विखण्डन हुँदै जानेछ । अतः नेपाल राष्ट्रको अखण्डतालाई सधैं कायम राखिराख्नको लागि नेपालको सांस्कृतिक परम्पराले देखाएको समन्वयको बाटोलाई अनुसन्धानद्वारा विश्लेषण गरेर त्यसको महत्त्वलाई सर्वसाधारण जनता समक्ष राम्ररी प्रकाश पार्न सक्नुपर्दछ, किनभने राजनैतिक चिन्तनको धारलाई धार्मिक चिन्तनको धारले तल पार्दछ र धार्मिक चिन्तनको धारलाई सांस्कृतिक चिन्तनको धारले तल पार्दछ । अतः नेपाल राष्ट्रलाई विखण्डन हुन नदिई सधैं एकताको सूत्रमा बाँधेर राख्ने मुख्य कारकतत्त्व नेपालका विविध समुदायहरूबीचको सांस्कृतिक अनुबन्ध हो । नेपालका समन्वयात्मक चरित्र भएका तीर्थस्थलहरूले नेपालीहरूलाई आपसी सहिष्णुता, सद्भाव र समन्वयको भावनाद्वारा एकताको सूत्रमा बाँधेर राखेको छ । तीर्थमा गएर मानिसले आ-आफ्ना श्रद्धा र विश्वास व्यक्त गर्दछन् । अतः तीर्थ भनेको मानिसको नैसर्गिक भाव निश्राव अभिव्यक्त गर्ने पवित्र स्थल हो । त्यसकारण नेपालका तीर्थस्थलहरू केवल नदीहरूको जलतत्त्वको संगमस्थल मात्र नभएर नेपालीहरूको मधुर हार्दिक स्पन्दनको संगम स्थल पनि हो ।

## गण्डकी शब्दको व्युत्पत्ति

हिमवत्खण्डपुराणमा पार्वतीको शरीरबाट निस्केको पसिनाबाट उत्पन्न भएका सातवटा नदीहरूमा सबभन्दा पहिले गण्डऋषिले स्नान गरेको हुनाले गण्ड ऋषिको नामबाट उक्त नदीहरूको गण्डकी वा सप्तगण्डको नाम रहेको उल्लेख छ–

> यत्र यत्र च मत्स्वेदबिन्दुः पतिष्यति द्विज ।
> तत्र तत्र नदी मूर्तिद्वारा सत्वरगामिनी ॥
> सप्त धारा भविष्यन्ति ता मे जानीहि मूर्तिकाः ।
> तास्ते नाम्ना भविष्यन्तु प्राक् स्नानात्ते मुने सदा ॥
> गण्डेनादौ हि संस्नातं गण्डकीति वदिष्यति ।
> लोकाश्च सप्त गण्डक्यो वदिष्यन्तीति सन्ततम् ॥

(हे ब्राह्मण ! जहाँ जहाँ मेरो पसिनाको थोपा खस्नेछ, त्यहाँ त्यहाँ छिटो हिँड्ने नदीको मूर्तिद्वारा सात धारा भएर प्रकट हुनेछन्, तिनलाई मेरै मूर्ति जान । त्यहाँ तिमीले सबभन्दा पहिले स्नान गरेको हुनाले हे मुनि ! ती नदीहरू सधैं तिम्रै नामबाट प्रसिद्ध हुनेछन् । गण्डले पहिले स्नान गरेको हुनाले 'गण्डकी' र

'सप्तगण्डकी' समेत भनेर लोकले निरन्तर तिनको नाम राख्नेछन् (योगी, २०१३: सं: ९७, ने: ९६) ।

गण्डकीमाहात्म्यमा भगवान् विष्णुको गण्ड (गाला) बाट उत्पन्न भएको हुनाले यी नदीहरूको गण्डकी नाम रहेको उल्लेख छ–

विष्णुगण्डसमुद्भूते कृष्णाशुक्ले सरिद्वरे ।
वेदे ऽपि श्रूयते चेति सितासिते सरिद्वरे ।

(विष्णुको गण्ड (गाला) बाट उत्पन्न भएका कालो र सेतो वर्ण भएका कृष्णा (कालीगण्डकी) र शुक्ला (सेतीगण्डकी) नाम गरेका दुई श्रेष्ठनदीहरू छन् भन्ने कुरा वेदमा पनि सुनिएको छ (अधिकारी, २०५५: ५६) ।

गण्डकी शब्दको मूलरूप पत्ता लगाउँदै जाँदा गण्डिबाट गण्डिका हुँदै गण्डकी शब्दको संरचना भएको पाइन्छ । नेपालसंवत् ११९ (वि.सं. १०५६) र नेपालसंवत् २८५ (वि.सं. १२२२) मा लेखिएका अष्टसाहस्रिकाप्रज्ञापारमिताका पुष्पिकावाक्यहरूमा गण्डिगुल्मको उल्लेख आएको छ । यसैगरी नेपालसंवत् २१३ (वि.सं. ११५०) मा लेखिएको अष्टसाहस्रिकाप्रज्ञापारमिताको पुष्पिकावाक्यमा गण्डिगुल्मविषयको उल्लेख आएको छ । विद्वान्हरूले कालीगण्डकीसँगैको वर्तमान गुल्मी जिल्लालाई पूर्वमध्यकालिक गण्डिगुल्म र गण्डिगुल्मविषय मानेका छन् (पन्त र शर्मा, १९७७: १९-२०) । काश्मीरी पण्डित कह्लणले लेखेको राजतरङ्गिणीमा कालीगण्डकीलाई कालगण्डिका भनेको छ (वज्राचार्य र अरू, २०१९: २४-२७) । हिमवत्खण्डपुराण र गण्डकीमाहात्म्यमा पुगेपछि यसको गण्डकी रूप पाइन्छ ।

गण्डकीप्रस्रवणक्षेत्रको लौकिक नाम मगरात हो । नेपालसंवत् २२१ (वि.सं. ११५७) को एउटा ताम्रपत्रमा मग्वरविषयको उल्लेख आएको छ र त्यही मग्वरविषयको वर्तमान रूप मगरात हो (पन्त र शर्मा, त्यही: ६-८) । गण्डकीप्रस्रवणक्षेत्र अथवा मगरातका नद नदीहरूको नाम मगर भाषाको डि वा दि प्रत्ययान्त शब्दबाट रहेको छ । मगर भाषामा 'डि वा दि' ले पानी, खोला र नदी भन्ने अर्थ बुझाउँदछ । मगर भाषामा 'गन' को अर्थ हरियो साग हो । अतः साग जस्तो हरियो वर्णको पानी भएको नदीलाई मगर भाषामा गनडि भन्दछ । अतः मगर भाषाको यस गनडि वा गन्डि शब्दलाई 'अपि माषं मषां कुर्यात् छन्दोभङ्गं न कारयेत्' भन्ने सूत्रअनुसार गण्डि, गण्डिका र गण्डकीको रूपमा विकास गरी संस्कृतकरण गरेको पाइन्छ । यसरी गण्डकी शब्दको व्युत्पत्ति गर्दा यसको अर्थ साग जस्तो हरियो पानी भएको नदी भन्ने अर्थ स्पष्ट हुन्छ । आर्यहरूले विभिन्न स्थानका आदिवासीहरूका कतिपय संस्कृतइतर मिठा बोली भाषालाई परिष्कृत गरेर संस्कृत भाषामा लिएको पाइन्छ । यसको एउटा राम्रो र मिठो उदाहरण मगर भाषाको गनडि वा गन्डि शब्दलाई परिष्कृत गरेर संस्कृत भाषामा गण्डकी शब्दको संरचना गर्नु हो ।

## तीर्थस्थलको रूपमा गण्डकीप्रस्रवणक्षेत्र

हिमवत्खण्डपुराण, नेपालमाहात्म्य, पशुपतिपुराण, गण्डकीमाहात्म्य, स्वयम्भूपुराण आदि धार्मिक ग्रन्थहरूमा नेपालका विविध तीर्थस्थलहरूको माहात्म्यको बारेमा प्रकाश पारेको छ । उत्तरकालिक साहित्यहरूमा ता नेपाललाई सिद्धिदायक साधनाभूमिको रूपमा उल्लेख गरेको पाइन्छ । शक्तिसङ्गमतन्त्रमा जटेश्वरदेखि योगेश्वरसम्मको विस्तृत देश नेपाल देवताका साधकहरूका लागि सिद्धिदिने भूमि' भनेको पाइन्छ (नेपाल, २०४०: ८, २८, २९०) ।

गण्डकीप्रस्रवणक्षेत्र नेपालका प्रमुख तीर्थस्थलहरूले युक्त पवित्र क्षेत्र हो । जसरी भारतमा गङ्गा र यमुनाको बीचको भू-भागलाई अन्तरवेदी मानिन्छ, त्यसैगरी नेपालमा कालीगण्डकी र सेतीगण्डकीको बीचको भू-भागलाई अन्तरवेदी मानिन्छ । हिमवत्खण्डपुराणमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको महिमाको व्याख्या गरिएको छ । यसका अतिरिक्त गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको महत्त्वलाई लिएर गण्डकीमाहात्म्यनामक छुट्टै कृति पनि रचना गरिएको पाइन्छ । गण्डकीप्रस्रवणक्षेत्रका सातवटा ठूला नदीहरू सप्तगण्डकीका नामबाट प्रसिद्ध छन् । सप्तगण्डकीको उत्पत्ति र महत्त्वको बारेमा हिमवत्खण्डपुराणमा उल्लिखित कथा यसप्रकार छ–

जेठ महिना लागेपछि पार्वतीले पार्थिव शिवलिङ्ग स्थापना गरेर पञ्चोपचारले शिवजीको पूजा गरिन् । ज्येष्ठशुक्लपक्षको तृतीया तिथिमा पार्वतीले पञ्चाग्नि तापेर शिवजीको उत्तम व्रत गरिन् । यसरी जेठ महिनाको गर्मीमा वरिपरि आगो बालेर निराहार भई नित्य मध्यान्हकालमा बारम्बार शिवजीको ध्यानगर्दा पार्वतीको शरीरबाट पसिना निस्क्यो र पार्वतीको शरीरबाट निस्केका ती पसिनाबाट सप्तकोशी र सप्तगण्डकी प्रकट भइन् (योगी, २०१३: सं.: ८४; ने: ८१) । नीलकण्ठह्रद (गोसाईंकुण्ड) देखि पूर्वतिर पार्वतीले पञ्चाग्नि देवता स्थापना गरेर शिवजीको ध्यान गरेकी थिइन् (योगी, त्यहीः सं. ९६; ने: ९५) ।

पञ्चाग्नि देवता स्थापना गरिएको स्थानदेखि पश्चिमपट्टि र व्रतकुण्डदेखि दक्षिणतिर अत्रि ऋषिले तपस्या गरिरहेको नीलकूट हिमालयमा पार्वतीको बायाँ पाउबाट अति निर्मल पसिना खस्यो र उक्त पसिना कुण्ड रूपमा जमेर बस्यो । त्यस कुण्डमा सर्वप्रथम गण्ड ऋषिले स्नान गरेर पार्वतीको स्तुति गरे । त्यसपछि कुण्डरूपमा जमिरहेको पार्वतीको पसिना नदी रूपमा बगिन् । यसरी गण्ड ऋषिले सबभन्दा पहिले स्नान गरेको हुनाले पार्वतीको पसिनाबाट उत्पन्न भएको जलधारा गण्डकी नामबाट प्रसिद्ध भइन् । त्यसपछि पार्वती मरीचि ऋषिले तपस्या गरिरहेको रौप्यश्रृङ्ग पर्वतमा गइन् । त्यहाँ पार्वतीको चिउँडोबाट पसिना खस्यो र उक्त पसिना ठूलो तरङ्गले युक्त भई सफा कान्ति भएको नदीको रूपमा बगिन् । त्यसपछि गौरी पार्वती पुलस्त्य ऋषिले तपस्या गरिरहेको महाकूट पर्वतमा गइन् । त्यहाँ पार्वतीको बायाँ ओंठको छेउमा प्रकट भएको पसिना खस्यो र पहेंलो वर्ण भएको नदीको रूपमा पर्वतको टाकुराबाट बगिन् । त्यसपछि पार्वती पुलह ऋषिले तपस्या गरिरहेको मणिकूट पर्वतमा गइन् । त्यहाँ देवीको कपालबाट अति निर्मल

पसिना खस्यो र सेतो वर्ण भएको नदीको रूपमा बगिन् । त्यसपछि पार्वती ऋतु ऋषिले तपस्या गरिरहेको रत्नश्रृङ्ग पर्वतमा गइन् । त्यहाँ पार्वतीको अलखबाट अति निर्मल पसिना प्रकट भई नाना वर्णको नदी भएर पर्वतको टाकुराबाट बगिन् । त्यहाँबाट पार्वती भृगु ऋषिले तपस्या गरिरहेको एकश्रृङ्ग पर्वतमा गइन् । त्यहाँ देवीको निधारबाट अति निर्मल पसिना खस्यो र दूध जस्तरी जमेर बसेको उक्त पसिना नदी रूपमा बगिन् । त्यहाँबाट गौरी पार्वती अङ्गिरा ऋषिले तपस्या गरिरहेको द्विकूट पर्वतमा गइन् । त्यहाँ पार्वतीको आँखाको कोषबाट सफा पसिनाको थोपा खस्यो र उक्त पसिना नीलो कान्ति भएको नदीको रूपमा बगिन् (योगी, त्यहीः सं: ९६–१००; ने: ९५ -९७) ।

देवी पार्वतीको विभिन्न अङ्गबाट प्रकट भएका पसिनाबाट उत्पन्न गण्डकीका सातवटा जलधारालाई हिमवतखण्डपुराणमा धर्मधारा, यशोधारा, विश्वधारा, सितप्रभा, रत्नधारा, सुवर्णाभा र कृष्णाभाख्या नामकरण गरेको पाइन्छ (योगी, त्यहीः सं: ९८; ने: ९७) । लोकभाषामा चाहिँ सप्तगण्डकीका नाम यस प्रकार छन्–

१. त्रिशूली - धर्मधारा
२. बूढीगण्डकी - यशोधारा
३. दरौंदी - विश्वधारा
४. मर्स्याङ्दी - सितप्रभा
५. मादी - रत्नधारा
६. सेती - सुवर्णाभा
७. कालीगण्डकी - कृष्णाभाख्या

यसैगरी हिमवत्खण्डपुराणमा सप्तगण्डकीका सप्तधारालाई सप्तमातृकाको स्वरूप मानिएको छ (योगी, त्यहीः सं: ९८; ने: ९७), जस्तै–

| क्र.सं. | लोकभाषा | शास्त्रीय भाषा | मातृका |
|---|---|---|---|
| १. | त्रिशूली | धर्मधारा | माहेश्वरी |
| २. | बूढीगण्डकी | यशोधारा | ब्राह्मी |
| ३. | दरौंदी | विश्वधारा | नारसिंही |
| ४. | मर्स्याङ्दी | सितप्रभा | वैष्णवी |
| ५. | मादी | रत्नधारा | कौमारी |
| ६. | सेती | सुवर्णाभा | कालिका |
| ७. | कालीगण्डकी | कृष्णाभाख्या | गङ्गा |

सप्तमातृकामा कालिका र गङ्गाको गणना हुँदैन । ब्रह्माको शक्ति ब्राह्मी वा ब्रह्मायणी, महेश्वरको शक्ति माहेश्वरी वा रुद्रको शक्ति रौद्रायणी, कुमारको शक्ति कौमारी, विष्णुको शक्ति वैष्णवी, वराहको शक्ति वाराही, इन्द्रको शक्ति इन्द्रायणी वा ऐन्द्री र यमराजको शक्ति चामुण्डा यी सातवटा शक्तिलाई सप्तमातृका मानिन्छ । बङ्गालको परम्पराअनुसार उपर्युक्त सप्तमातृकामा नरसिंहको शक्ति नारसिंहीलाई समावेश गरेर अष्टमातृका मानिन्छ भने नेपालको

परम्परामा सबै देवताको सामूहिक शक्ति महालक्ष्मीलाई उपर्युक्त सप्तमातृकामा समावेश गरेर अष्टमातृका मानिन्छ ।

चामुण्डा पनि दुई प्रकारका हुन्छन् । एउटाचाहिँ यमराजको शक्ति चामुण्डा र अर्कोचाहिँ त्रिशक्त्यात्मिका चामुण्डा हुन् । सप्तमातृका र अष्टमातृकामा चाहिँ यमराजको शक्ति शववाहनी चामुण्डाको गणना हुन्छ । चामुण्डालाई अर्को अर्थमा काली पनि भनिन्छ । अतः सप्तगण्डकीको सन्दर्भमा सेती वा सुवर्णाभालाई कालिका भन्नाले यमराजको शक्ति चामुण्डाको स्वरूप मानेको देखिन्छ । यसैगरी गङ्गाचाहिँ सबै नदीको स्वरूप भएको हुनाले यहाँ कृष्णाभाख्या कालीगण्डकीलाई गङ्गा वा महालक्ष्मीको रूपमा मानिएको हुनसक्छ ।

गण्डकीमाहात्म्यमा गण्डकीप्रस्रवणक्षेत्रलाई गण्डकीगर्भदेश भनेको छ । उक्त माहात्म्यमा कालीगण्डकीदेखि त्रिशूलीगण्डकीसम्म र नरनारायणस्वरूप दुईटा चुचुरो भएका माछापुच्छ्रे हिमालयदेखि सप्तगण्डकीको संगम हरिहरक्षेत्र देवघाटसम्म दशयोजन विस्तार भएको गण्डकीगर्भदेशलाई महातीर्थको संज्ञा दिएको छ । गण्डकीमाहात्म्यमा गण्डकीप्रस्रवणक्षेत्रको माहात्म्य यसरी व्याख्या गरिएको छ । तीर्थक्षेत्रहरूमा मुक्तिक्षेत्र श्रेष्ठ छ र पर्वतहरूमा हिमालय र नदीहरूमा गण्डकी श्रेष्ठ छन् । यी तीनैवटा भगवान् श्रीवराहका अतिप्यारा छन् । लोक, वेद र पुराणहरूमा सधैँ गण्डकी प्रसिद्ध छन् । शालिग्रामका प्रभावले गर्दा गण्डकी सधैँ सबै ठाउँमा प्राप्त गर्न योग्य छन् । गण्डकीगर्भ नाम गरेको महातीर्थमा गरिएको जुनसुकै धार्मिक कार्य पनि अनन्तफल दिने मानिएको छ (अधिकारी, २०५५: ५६, ५८, ६८) ।

यसरी हिमवत्खण्डमा सप्तगण्डकीको पवित्र जलले अभिसिञ्चित गण्डकीप्रस्रवणक्षेत्र समग्रमा एउटा महत्त्वपूर्ण तीर्थस्थलको रूपमा रहेको छ । गण्डकीप्रस्रवणक्षेत्रका उच्च हिमशिखरबाट बगेका सप्तगण्डकी र तिनका शाखा नदीहरूका निर्मल कञ्चन पानीले मानव देहमा नसाहरूले रक्त सञ्चार गरेझैँ नेपालीहरूको मानसपटलमा सधैँ नेपाल राष्ट्रको प्राण सञ्चार गरिरहेका छन् । अतः गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरू, यहाँका धार्मिक एवं सांस्कृतिक सम्पदा र परम्पराहरू नेपालीहरूको मानसिक सम्मिलन, नेपाली राष्ट्रियताको प्रबोधन र नेपाल राष्ट्रको सम्वर्द्धन एवं संरक्षणका प्रेरणाका अनुपम स्रोतहरू हुन् ।

## भौगोलिक परिचय

विश्वको मानचित्रमा एशिया महाद्वीपको मध्य भागमा पूर्वदेखि पश्चिमतिर लाम्चिएर गएको नेपाल अधिराज्यको पूर्वमा नुवाकोटको गल्फुभञ्ज्याङदेखि पश्चिममा अर्घाखाँचीको बलकोटसम्म र उत्तरमा मुस्ताङको कोरेला भञ्ज्याङदेखि दक्षिणमा नवलपरासी जिल्लाको त्रिवेणीसम्मको उच्च हिमाली प्रदेश, मध्य पहाडी श्रृङ्खला, बेँसी, टार र तराईको समथर मैदानलाई सप्तगण्डकीको पवित्र जलले अभिसिञ्चन गरेको छ ।

गण्डकीप्रस्रवणक्षेत्रमा पूर्व-उत्तरतिरबाट बगेर आउने त्रिशूली गङ्गाको उद्‌गमस्थल लामटाङ हिमाल र गोसाईंकुण्ड समुद्रको सतहबाट क्रमशः ७२४८ र

४३८० मिटरको उचाईमा अवस्थित छन् । यसैगरी पश्चिम-उत्तरतिरबाट बगेर आउने कालीगण्डकीको उद्गमस्थल मुस्ताङको मनशेल पर्वत, कोरेला भञ्ज्याङ र दामोदर हिमालचाहिँ समुद्रको सतहबाट क्रमशः ४४७६, ४४०० र ६५०१ मिटरको उचाइमा अवस्थित छन् । दामोदर हिमालको काखमा स्थित शालिग्रामी दामोदरकुण्डचाहिँ समुद्रको सतहबाट ५००० मिटरको उचाइमा अवस्थित छ । गण्डकीप्रस्रवणक्षेत्रको सबभन्दा अग्लो हिमशिखर धवलागिरि प्रथम समुद्रको सतहबाट ८१६७ मिटरको उचाइमा र हेर्दा राम्रो नरनारायणस्वरूप माछापुच्छ्रे हिमालचाहिँ ६९९७ मिटरको उचाइमा अवस्थित छन् (गुरुङ, १९०: २६२, १९०, २५०, १४६) । सप्तगण्डकीको संगमस्थल देवघाट समुद्रको सतहबाट १८२ मिटरको उचाइमा र यसको निकास नवलपरासी जिल्लाको त्रिवेणीचाहिँ ९१ मिटरको उचाइमा अवस्थित छ । यहाँको उच्च हिमाली प्रदेशमा अति शीतप्रधान, मध्य पहाडी भागमा शीतोष्ण र तराईको समथर मैदानमा उष्ण हावापानी पाइन्छ । यहाँका धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनासलु, गणेश र लामटाङ आदि उच्च हिमशिखरहरू बाह्रै महिना हिउँले ढाकिएका हुन्छन् ।

यहाँका उच्च हिमाली पखेरामा रथ र विरथनामक बुटी पाइन्छन् । रथ रातो वर्णको लहरोको रूपमा हुन्छ र काट्दाखेरि रगत जस्तो रातो पानी आउँछ । विरथचाहिँ सखरखण्ड जस्तो कन्दको रूपमा हुन्छ र काट्दाखेरि दूध जस्तो सेतो पानी बग्दछ । रथलाई भाले अथवा पुरुष र विरथलाई पोथी अथवा स्त्री मानिन्छ । औषधिमूलो, तन्त्र, मन्त्र र धन ऐश्वर्यको सह बटुल्ने काममा रथ विरथलाई अजम्मरी बुटीको रूपमा प्रयोग गरिन्छ । रथ विरथ टिप्नको लागि असार र साउन उपयुक्त महिना हो । त्यसबेला हिमाली पखेराको हिउँ पग्लेर त्यहाँ रथ विरथ उम्रेको हुन्छ । रथ विरथको प्रयोग गर्दा भाले पोथी दायाँ बायाँ राम्ररी जोडा मिलाउनुपर्दछ ।

हिमाली पखेरादेखि तलको बुकेनीमा रुदन्ति बुटी पाइन्छ । रुदन्ति बुटी सङ्कलन गर्नको लागि शिशिर ऋतु उपयुक्त मौसम हो । रुदन्ति बुटी पनि लहराको रूपमा हुन्छ । यसको पानको पात जस्तो लाम्चो पात हुन्छ र त्यस पातको टुप्पाबाट पानीको थोपा चुहिरहन्छ । अतः यस बुटीलाई रुदन्ति भनेको हो । रुदन्तिको पात खायो भने महिनौँसम्म पनि भोक लाग्दैन । गाँजासँग मिसाएर खायो भने ताप र ताकत दिन्छ । पारोसँग मिसाएर तामालाई सुन बनाउने काममा पनि रसायनको रूपमा रुदन्तिको प्रयोग गरिन्छ ।

हिमालयको बुकेनीमा पाइने अर्को महत्त्वपूर्ण कन्द कालो गुन्दरगानु हो । हेर्दाखेरि कालो गुन्दरगानु तमाखु जस्तो कालो देखिन्छ र हातले छुँदा सुन जस्तो पहेँलो रङ आउँछ । कालो गुन्दरगानु उम्रेको ठाउँवरिपरि यसको रागले गर्दा अरू झार पात केही पनि उम्रदैँन । कालो गुन्दरगानुलाई पनि सुन बनाउने रसायनको रूपमा प्रयोग गरिन्छ । रुकुम खानीको सिमतामा सुन बनाउनको लागि उपयुक्त धातु मानिन्छ ।

यहाँको हिमाली क्षेत्रमा पाइने पशुपंक्षीहरूमा कस्तूरी र डाँफे मुनाल हुन् । विशेषतः कस्तूरीसँग नेपालको निकटतम सम्बन्ध रहेको छ । अप्पय्यदीक्षितको कुवलयानन्दमा उद्धृत यस श्लोकबाट यो कुरा राम्ररी सिद्ध हुन्छ–

> कर्णारुन्तुदमन्तरेण रणितं गाहस्व काक ! स्वयं
> माकन्दं मकरन्दशालिनमिह त्वां मन्महे कोकिलम् ।
> धन्यानि स्थलवैभवेन कतिचिद् वस्तूनि, कस्तूरिकां
> नेपालक्षितिपालभालपतिते पङ्के न शङ्केत कः ॥

(हे काग ! कान खाने गरी नकरा, चूप लागेर तँ यो फूल फुलेको आँपको रुखभित्र सुटुक्क पस्, हामी तँलाई कोइली भनी ठान्नेछौं, किनभने ठाउँको गुणले गर्दा कति चीजहरू असल हुन पुग्छन् । नेपालका राजाको निधारमा परेको हिलोलाई पनि कस्तूरी हो भनी कसले नठान्ला (वज्राचार्य र अरू, २०१९: २७) ।

## ऐतिहासिक पृष्ठभूमि

गण्डकीप्रस्रवणक्षेत्र भौगोलिक हिसाबले नेपाल अधिराज्यको मध्यभागमा अवस्थित छ । नेपाल शब्दको व्युत्पत्तिका बारेमा अनेकन अवधारणाहरू छन्, तर अहिले आएर प्राचीन नीप गणजातिको नाउँबाट यस देशको नेपाल नामकरण भएको मानिएको छ (नेपाल, २०४०: १–४५) । सर्वप्रथम अथर्वपरिशिष्टमा नेपालको उल्लेख आएको छ । त्यहाँ नेपाल, कामरूप (आसाम), विदेह (मिथिला), उदुम्वर, अवन्ती (उज्जैन), केकय यी देशहरूको उल्लेख भएकोले त्यसबेलासम्म नेपालको विस्तृत स्वरूप बनिसकेको स्पष्ट हुन्छ (नेपाल, २०४०: २, १९) । अथर्वपरिशिष्टको रचनासमय निश्चित नभइसकेकोले किटेर भन्न नसके पनि अरू प्रमाणका आधारमा बुद्धको समयभन्दा पहिले नै नेपालको यो स्वरूप बनिसकेको हुनुपर्दछ (नेपाल, त्यही: २)।

मूलसर्वास्तिवादविनयवस्तुनामक बौद्धग्रन्थमा बुद्धले उत्तर भारतमा धर्मोपदेश गरिहेको बेलामा बौद्ध भिक्षुहरू भारतीय व्यापारीहरूका साथ नेपाल (उपत्यका) गएको वर्णन बडो चाख लाग्दो छ । त्यस वर्णनअनुसार कोशलका राजा विरुढकद्वारा प्रघातित कपिलवस्तुका शाक्यहरू कोही उत्तरापथतिर लागे, कोही नेपाल (उपत्यका) तिर पसे । त्यसबेला श्रावस्तीका व्यापारीहरू नेपाल गएका थिए । नेपाल (उपत्यका) गएर बसेका कपिलवस्तुका शाक्यहरूले श्रावस्तीका ती व्यापारीहरूसँग बन्धुवान्धवमा प्रेम गर्ने सज्जन आनन्द "के हामीलाई हेर्न आउँदैनन्" भनेर सोधे । श्रावस्तीका व्यापारीहरूले यो खबर आनन्दकहाँ पुऱ्याइदिए । त्यसपछि बुद्धका उपस्थ आनन्द आफ्ना शाक्य बन्धुहरूलाई भेट्न नेपाल (उपत्यका) पुगे (नेपाल, त्यही: २, ३, १९) । मूलसर्वास्तिवादविनयवस्तुको उपर्युक्त उद्धरणबाट बुद्धकालमा नेपालको समृद्धि, व्यापारको चल्तीफिर्ती, श्रावस्ती, कपिलवस्तु आदि देशका व्यापारीहरू र तिनका साथ लागेर बौद्धभिक्षुहरू नेपाल (उपत्यका) मा आउने जाने गरेको आदि कुराहरू थाहा पाइन्छ (नेपाल, त्यही: ३) ।

यसैगरी मौर्यकालमा भारतमा अनिकाल पर्दा जैन साधु भद्रवाहु नेपाल आएको उल्लेख पाइन्छ (नेपाल, त्यहीः २, ३, १९) । मौर्य सम्राट् चन्द्रगुप्त मौर्यका मन्त्री आचार्य कौटिल्यको अर्थशास्त्रमा पनि राष्ट्रकोशमा संग्रह गर्न लायकका रत्नहरूको गणना गर्दा नेपालमा बुनेका आठ पाटा जोडिएको, कालो वर्णको, वर्षादमा पानी छल्नको लागि ओड्ने भिङ्गिसी र एकै पाटाको अपसारकनामक उनी कम्बलको उल्लेख आएको छ–

**अष्टप्लौतिसंघात्या कृष्णा भिङ्गिसी**
**वर्षवारणमपसारक इति नैपालकम् ।**

(वर्षादको पानी छल्ने, आठपाटा जोडेर बनाएको कालो वर्णको भिङ्गिसी र एकैपाटाको अपसारकनामक ऊनी कम्बल नेपालका हुन् (शर्मा र अर्याल, २०२४: १३१, १३९) ।

गुप्तसम्राट् समुद्र गुप्तको प्रयागस्तम्भाभिलेखमा कामरूप (आसाम) र कर्तृपुर (कुमाउ) का बीचको राज्य 'नेपाल' भनेर उल्लेख गरिएको छ (नेपाल, २०४०: ३, २०) । हिमवत्खण्डपुराणमा पश्चिममा गण्डकी (कालीगण्डकी), पूर्वमा कोशी, उत्तरमा नीलकण्ठ (गोसाइँकुण्ड) र दक्षिणमा नटेशको बीचको भू-भागलाई सुन्दर नेपाल भनेको छ–

**गण्डकी कौशिकी चैव तयोर्मध्ये वरस्थलं ।**
**नीलकण्ठनटेशौ च तयोः पुनस्तथाविधम् ॥**
**नेपाल इति विख्यातं देवक्षेत्रं सुखप्रदं ।**
**ज्ञेयमगस्त्य तत्क्षेत्रं हिमवत्सानुसुन्दरम् ॥**

(गण्डकी र कोशी एवं नीलकण्ठ र नटेश्वरका माझमा नेपालनामक प्रसिद्ध सुखदायी देवक्षेत्र छ । हे अगस्त्य ! त्यसलाई हिमालयका टाकुराहरूको सुन्दर क्षेत्र भनेर जान (योगी, २०१३: सं: १५४, नें: १६१) ।

भारतमा चम्पारन जिल्लाको मध्यभाग नारायणीको पूर्वी तटमा अवस्थित नटेश्वर वा जटेश्वर नै हिमवत्खण्डपुराणमा उल्लिखित नेपालको दक्षिणी सिमाना नटेश मानिएको छ (योगी, त्यहीः १६१) । हिमवत्खण्डपुराण लेखिएको समय निश्चित गर्न सकिएको छैन । सम्भवतः पूर्व मध्यकालसम्म यो पुराण लेखिसकिएको हुनसक्छ । नेपालमाहात्म्यमा भने नेपालको सिमाना सानो पारेर वर्णन गरिएको छ । त्यहाँ पूर्वमा कोशी, पश्चिममा त्रिशूलगङ्गा, उत्तरमा शिवपुरी र दक्षिणमा शीतलोदका (मकवानपुरको चिसापानी) सम्मको भू-भागलाई नेपाल भनिएको छ–

पूर्वस्यां कौशिकी पुण्या सर्वपापविनाशिनी ।
गङ्गा त्रिशूलगङ्गाख्या प्रतीच्यां दिशि संस्थिता ॥
उत्तरस्यां दिशि तथा सीमा शिवपुरी मता ।
दक्षिणस्यां दिशि नदी पवित्रा शीतलोदका ॥
एतन्मध्ये महापुण्यं नेपालं क्षेत्रमीरितम् ॥

(पूर्वमा सबै पाप नाश गर्ने पवित्र कोशी, पश्चिम दिशामा त्रिशूली नाम गरेकी गङ्गा, उत्तरपट्टिको सीमा शिवपुरी र दक्षिण दिशामा पवित्र शीतलोदका नदी, यस बीचमा यो ज्यादै पुण्य नेपाल क्षेत्र भनेर बताइयो (खनाल, २०२८: १६३) ।

यसबाट मध्यकालमा नेपाल सरहद चारभञ्ज्याङभित्र सीमित रहेको अवस्थामा नेपालमाहात्म्य लेखिएको देखिन्छ ।

गण्डकी गर्भदेशमा पार नामका राजाले आफ्नो किल्ला (कोट) जमाएको हुँदा उक्त देश पारकोट नामले प्रसिद्ध भएको र पारका छोरा ठूला बुद्धि भएका शिवभक्त नीपले शिव (पशुपति)को राम्ररी आराधना गरेर नेपाल देश बनाएको उल्लेख पनि गण्डकीमाहात्म्यमा पाइन्छ–

पारस्य तनयो नीपः शिवभक्तो महामतिः ।
समाराध्य शिवं तत्र नैपालस्तेन निर्मितः ॥

(पारका छोरा शिवभक्त र ठूला बुद्धिमान् नीप भए । तिनले शिवको राम्ररी आराधना गरेर नेपाल देश बनाए (नेपाल, २०४०: ३७; अधिकारी, २०५५: १२६) ।

उपर्युक्त साहित्यिक प्रमाणहरूका अतिरिक्त पुरातात्त्विक साक्ष्यहरूबाट पनि गण्डकीप्रस्रवणक्षेत्रको इतिहासको प्राचीनता स्पष्ट हुन्छ । बुटवलको तिनाउ खोलाको पहरोमा आदि मानव रामपिथेकसको दाँतको अवशेष फेला परेको छ (शर्मा, २०३८: १–१२) । मुस्ताङको काकनिङ्बा, समर र टेगुफाहरूमा नवपाषाणयुगभन्दा अघिका मानिसका प्रागैतिहासिक कलाकृतिहरू पाइएका छन् (पोहले, २०६०: ३–४) । यसैगरी मुस्ताङकै चोखोपानीमा प्रागैतिहासिक चिहान गुफा फेला परेको छ । यसबाट गण्डकीप्रस्रवणक्षेत्रमा प्रागैतिहासिक कालदेखि नै मानिसहरूले बसोबास गर्दै आएको स्पष्ट हुन्छ । तल्लो मुस्ताङको टुकुचेमा कालीगण्डकीको पूर्वी किनाराको पाखोमा चोखोपानीनामक स्थान छ । त्यहाँ स्थित प्रागैतिहासिक चिहान गुफा (Burial Cave) मा तल उल्लिखित वस्तुहरू पाइएका छन्–

१. दुईटा मानव अस्थिपञ्जरका टुक्राहरू,
२. माटाका हण्डीहरू,
३. तामाको पाता,
४. कानमा लगाउने रिङ,
५. शङ्खको गहना,
६. काठको चम्चा,
७. ढुङ्गाको तीरको टुप्पा,
८. कस्तुरीको दाह्रा ।

(तिवारी, १९८५: ६) ।

उपर्युक्त वस्तुहरूमध्ये माटाका हण्डीहरू साँचोको प्रयोग नगरिकन हातबाट बनाइएका छन् । कुनै हण्डी केवल एक्लो नभएर दुईटा हण्डी जोडेर बनाइएका छन् । यसैगरी तामाको पाताको दुवैतिरको टुप्पो माछाको पुच्छरको आकारको

छ । शङ्कको पातलो टुक्रालाई स-साना गोलो बनाएर त्यसको बीचमा प्वाल पारिएको छ । पुरातत्त्वविद्हरूले उपर्युक्त वस्तुहरूलाई ईसापूर्व ४०० देखि ईसापूर्व १००० वर्ष सम्मको मानेका छन् (तिवारी, त्यही: १०) । अत: अहिलेसम्म पाइएको यस सामग्रीको आधारमा गण्डकीप्रस्रवणक्षेत्रको उपल्लो भेक हिमालयको तत्काल निकटमा ईसापूर्व १००० ताकाको मानव इतिहासको उन्मेष पाइएको छ ।

शाक्यमुनि बुद्धको जन्म ईसापूर्व ५६६ मा भएको थियो (गुरुङ, २०४६: ७) । उनका पूर्वजहरू साकेतबाट हिमालयतिर लागेपछि कपिलमुनिको आश्रमको साल वनमा बसेका थिए । त्यसपछि उनीहरूले सालको वन फाँडेर कपिलमुनिको नाउँबाट कपिलवस्तुनामक बस्ती बसाले । यसैगरी काशीका राजा रामको लागि उनका छोराले कपिलवस्तुदेखि पूर्वपट्टि कोलको वन फाँडेर रामग्रामनामक बस्ती बसालिदिएका थिए (प्रधान, १९७९: ६- १३) । यसबाट ईसापूर्व छैटौं शताब्दीभन्दा अघिदेखि नै गण्डकीप्रस्रवणक्षेत्रको तराईको वनजंगललाई ऋषिमुनिहरूले तपोवनको रूपमा उपयोग गर्दै आएको र त्यसपछि दक्षिणतिरबाट मानिसहरू आएर जंगल फँडानी गरी उक्त ठाउँ आबाद गुल्जार गर्न थालेको देखिन्छ । यसरी दक्षिणतिरबाट मानिसहरू आउनुभन्दा अघि नै पनि यहाँको वन जङ्गलमा सरल प्रकृतिका आदिम नाग जातिले बसोवास गरी आएको देखिन्छ । लुम्बिनी उपवनमा भगवान् शाक्यमुनि बुद्धको जन्म हुँदा नन्द र उपनन्दनामक नागराजाहरूले भगवान् शाक्यमुनि बुद्धलाई तातो र चिसो पानीले नुहाइदिएको र रामग्रामको बुद्धको अस्थिधातु राखिएको स्तूपलाई नागहरूले रक्षा गरिराखेको भन्ने कथाहरूबाट यो कुरा बुझिन्छ । यहाँ नागलाई सर्प नभएर मानव वंशको एउटा जातलाई लिएको छ र नागको सम्बन्ध नेपालका वर्तमान मगरहरूसँग रहेको बुझिन्छ (गुरुङ, २०४६: १०) ।

कपिलवस्तु र रामग्राममा शाक्य र कोलीयहरूको गणराज्य स्थापना भएपछि नेपाल उपत्यकासँग ती गणराज्यहरूको सम्बन्ध कायम रहेको देखिन्छ । नेपाल उपत्यकामा कपिलवस्तुका शाक्यहरूका अतिरिक्त श्रावस्तीका व्यापारीहरू र आनन्दलगायतका बौद्धभिक्षुहरूको आवतजावत भइरहने घटनाबाट यो कुरा सिद्ध हुन्छ (नेपाल, २०४०: २,१९) । सम्राट् अशोकको समय (ई.पू. ३ शदी) सम्म कपिलवस्तु र रामग्राम आबाद गुल्जार रहेको देखिन्छ । सम्राट् अशोकले लुम्बिनी ग्रामलाई करमुक्त गरिदिएको घटनाबाट यस कुराको पुष्टि हुन्छ (शाक्य, २०३०: ७) । त्यसपछि कपिलवस्तु र रामग्रामको कान्तिक्षय हुँदै गएको र चिनियाँ यात्री फाह्यान (ई. ५ शदी) र हुएन साङ (ई. ७ शदी) को समयसम्म आइपुगेपछि कपिलवस्तु र रामग्रामको वैभव लोप भइसकेको देखिन्छ । ती चिनियाँ यात्रीहरूका यात्रावृत्तान्तहरूबाट यो कुरा स्पष्ट हुन्छ (लेग, १९७१२: ६९/ चुङई र लुङछाङ, १९९१: १६६) ।

यसरी गण्डकीप्रस्रवणक्षेत्रको हिमालीखण्ड र तराईको समथर मैदानमा ईसापूर्व छैटौं शताब्दीभन्दा अघि नै मानव सभ्यता र संस्कृतिको विकास भइसकेको इतिहास पुरातात्त्विक साक्ष्यको आधारमा पुष्टिन्छ, तर मध्य खण्डको

इतिहास भने यसरी पुष्टिन सकेको छैन । गण्डकीमाहात्म्यमा सोमवंशी सुचिराश्वका छोरा पारनामक राजाले हिमालय प्रदेशमा आएर विधर्मी म्लेच्छहरूलाई मारेर असल देश बनाएको र कालीगण्डकी र त्रिशूली गण्डकीको बीचको गण्डकीगर्भदेशमा पारले आफ्नो किल्ला जमाएको हुँदा उक्त देश पारकोट नामले प्रसिद्ध भएको कुरा यस अघि नै उल्लेख भइसकेको छ । यस पौराणिक आख्यानलाई ठोस रूपमा सिद्ध गर्ने खालका पुरातात्त्विक एवं ऐतिहासिक प्रमाणहरू फेला पार्न सकिएको छैन तापनि यस आख्यानले गण्डकीप्रस्रवणक्षेत्रमा आर्य जातिको आगमन हुनुभन्दा अघि यहाँ आर्येतर जातिले बसोबास गरिआएको र पछिबाट आर्यहरू आएर यस क्षेत्रमा आर्य धर्म र संस्कृतिको स्थापना गरेको कुरालाई सङ्केत गर्दछ ।

महाभारतकालमा आएपछि यस, क्षेत्रको इतिहास अलिकति प्रष्टिन खोज्दछ । महाभारतको सभापर्वमा मिथिला गएर जनकलाई जितेका भीमसेनले त्यहीँ बसेर इन्द्रकील पर्वतको नजिकैका सातवटा किरात अधिपतिहरूलाई पनि जितेको उल्लेख छ (नेपाल, २०४०: २८) । यसैगरी महाभारतको वन पर्वमा कर्णले हिमालय प्रदेशका सबै राजाहरूलाई जितेर कर तिराए । नेपालमण्डलमा जति राजा थिए, ती सबैल्लाई जिते, त्यसपछि पहाडबाट ओर्लेर पूर्वदिशातिर लागे' भन्ने उल्लेख छ (नेपाल, त्यही: २८) । महाभारतको यस वर्णनबाट त्यसबेला नेपालमा सातवटा किरातराज्यहरू अस्तित्त्वमा रहेको थाहा पाइन्छ । अतः ती सातवटा किरात राज्यहरूमध्ये कुनै राज्य नेपाल उपत्यकानजिकैको गण्डकीप्रस्रवणक्षेत्रमा पनि हुनु ज्यादै सम्भव छ । महाभारतको वनपर्वमा आएको नेपालको उल्लेखलाई पछि थपिएको प्रक्षिप्त मानिएको छ, तापनि यसबाट नेपालको तात्कालिक इतिहासको रूपरेखा तयार पार्न सजिलो हुन्छ ।

किरातकालमा नेपालमा बुनेका राडी, पाखीहरूले भारतको पाटलिपुत्रको बजारमा निकै भाउ पाएको थियो । सम्राट् अशोकका बाजे मौर्य सम्राट् चन्द्रगुप्त मौर्यका मन्त्री विष्णुगुप्त चाणक्यले लेखेको कौटिल्यको अर्थशास्त्रमा राष्ट्रकोशमा संग्रह गर्न लायकका रत्नहरूमा आठपाटा जोडिएको, कालो वर्णको, वर्षादको पानी छल्ने भिङ्गिसी र एकै पाटाको अपसारकनामक दुईटा नेपाली कम्बलको वर्णन गरिएको कुरा यस अघि नै उल्लेख भइसकेको छ । यी कम्बलहरू नेपाल उपत्यकाबाहिरका पहाडी प्रदेशहरूबाट भारततिर निर्यात गरिएको मानिएको छ (ज्ञवाली, २०१९: २८७) । गण्डकीप्रस्रवणक्षेत्रको हिमाली काँठ शेषान्त भागमा नेपालका प्रमुख भेडापालक एवं ऊनव्यवसायी गुरुङहरूले बसोबास गरिआएका छन् । अहिलेसम्म पनि यी गुरुङहरूमा वर्षादको पानी छल्ने ऊनी घुमराडीको प्रचलन छ । कौटिल्यको अर्थशास्त्रमा उल्लिखित वर्षादको पानी छल्ने कालो वर्णको भिङ्गिसीनामक नेपाली ऊनी कम्बल यही घुमराडीबाहेक अर्को हुन सक्तैन । यसरी अहिलेसम्म पनि गण्डकीप्रस्रवणक्षेत्रमा किरातकालिक ऊनी उद्योगधन्दा र भेषभूषाको प्रचलन रहिरहेकोले पनि अवश्य यस क्षेत्रमा किरातकालिक राज्य स्थापित थियो भन्न सकिन्छ ।

किरातपछि गण्डकीप्रस्रवणक्षेत्रमा लिच्छविहरूले नेपाल उपत्यकाबाट नै सोभ्कै शासन चलाएको देखिन्छ । गोरखामा पाइएका लिच्छविकालका अभिलेखहरूबाट यो कुरा सिद्ध हुन्छ । गोरखाको गोरखनाथगुफामा स्थित शिवदेव द्वितीयको अभिलेख र गोरखा हनूमान्भञ्ज्याङमा स्थित जयदेव द्वितीयको अभिलेख सोभ्कै कैलाशकूटभवनबाट जारी गरिएका छन् । यसमध्ये गोरखा हनूमान्भञ्ज्याङस्थित जयदेव द्वितीयको अभिलेखमा 'जनपदलोक' शब्दको उल्लेख आएको छ । उहिले राष्ट्रका बासिन्दाहरूलाई दुई तहमा विभाजन गर्ने चलन थियो । पुर अथवा राजधानी आदि प्रमुख शहरका बासिन्दाहरू 'पौर' कहलाउँदथे भने जनपदका बासिन्दाहरू 'जानपद' कहलाउँदथे । रामायण, महाभारत, कौटिल्यको अर्थशास्त्र आदि ग्रन्थहरूमा यस कुराको उल्लेख छ । नेपालमा पनि राजधानी अथवा नेपाल उपत्यकाका बासिन्दाहरूलाई 'पौर' भनेर सम्बोधन गरेको पाइन्छ । काठमाडौं जैसीदेवलनिरको जिष्णुगुप्तको अभिलेखमा उपत्यकाका जनतालाई 'पौर' भनिएको छ (वज्राचार्य, २०३०: ५२३-५२६, ५७८-५७९) । यसरी गोरखाका जनतालाई 'जनपदलोक' भनेर सम्बोधन गरिएकोले त्यसबेला गोरखा अथवा गण्डकीप्रस्रवणक्षेत्र लिच्छविकालिक जनपदभित्र पर्दथ्यो भन्ने सिद्ध हुन्छ ।

गण्डकीपारि अथवा गण्डकीप्रस्रवणक्षेत्रभन्दा पश्चिमतिर भने मल्लहरूको मल्लपुरीनामक सामन्तराज्य थियो । त्यसबेला राजधानी र त्यसवरपर मात्र लिच्छवि शासकहरूले केन्द्रबाट सोभ्कै शासन गर्दथे । त्यसदेखि पूर्व र पश्चिममा चाहिँ सामन्तशासकहरूबाट शासन चलाइन्थ्यो । ती सामन्तशासकहरू केन्द्रको अधीनमा रहेर आ-आफ्नो क्षेत्रमा शासन गर्दथे र केन्द्रीय सत्ता कमजोर भएको बेलामा स्वतन्त्र हुनको लागि उद्योग गर्दथे । मानदेवको पालामा पनि यस्तै घटना घट्यो । मानदेवका पिता धर्मदेवको अकस्मात् मृत्यु भएकोले कलिला उमेरका राजा मानदेवलाई देखेर पूर्व र पश्चिमका सामन्तहरूले स्वतन्त्र हुन कोशिस गरेका थिए, तर मानदेवले बडो वीरतापूर्वक पूर्व र पश्चिमका ती सामन्तशासकहरूलाई तह लगाएर आफ्नो सत्ता कायम राखे । मानदेवले आफ्ना मामालाई अघि लगाई कसिएका सयौं असल हात्ती, घोडासहितको फौज लिएर धेरै अड्याङ-खड्याङ भएर रुमलिएको समुद्रको जोडा लाग्दो, डरलाग्दा भुमरी र छालले पानी छ्याल्लब्याल्ल भएको गण्डकी तरी मल्लपुरीलाई जितेर फर्के । त्यसपछि मानदेवले चाँगुनारायणको मन्दिरमा आफ्नो कीर्तिस्तम्भ खडा गरेका थिए (वज्राचार्य, त्यही: ९-१६)।

मल्लपुरी कता थियो भन्ने बारेमा विद्वान्हरूका विभिन्न विचारहरू पाइन्छन् । मानदेवको चाँगुनारायणको स्तम्भाभिलेखमा उल्लिखित वर्णनको आधारमा सप्तगण्डकीमध्येका प्रसिद्ध कालीगण्डकीदेखि पश्चिमपट्टि मल्लपुरी हुन सक्ने सम्भावना व्यक्त गरिएको पाइन्छ (वज्राचार्य, त्यही: २७) । भगवान् शाक्यमुनि बुद्धको समय अर्थात् ईसापूर्व छैटौं शताब्दीभन्दा अघिदेखि नै कपिलवस्तुमा शाक्य, रामग्राममा कोलीय, कुशिनारा र पावामा मल्ल र वैशालीमा लिच्छविहरूको शासन थियो । वैशालीका लिच्छविहरू ता नेपाल उपत्यकामा आई किरातहरूलाई जितेर शासन गर्न सफल भएका थिए । लिच्छविकालिक नेपाल

उपत्यकामा लिच्छविका अतिरिक्त शाक्य, कोलीय र वृज्जिकहरूको पनि अस्तित्त्व पाइन्छ । अतः कुशिनारा र पावाका मल्लहरूले पनि कालीगण्डकीपारि नेपालको पश्चिम पहाडतिर उक्लिई पाल्पा र बुटवलको अञ्चलमा मल्लपुरीनामक राज्य खडा गरेर शासन गरेको हुनसक्छ ।

लिच्छविहरूको समयपछि विशाल नेपाल राज्य टुक्रिएको र त्यसपछि स्थानीय सामन्तशासकहरू नै स्वतन्त्र भई त्यहाँको हर्ताकर्ता बनेको देखिन्छ । काश्मीरका पण्डित कह्लणले लेखेको काश्मीरको वंशावली राजतरङ्गिणीमा उल्लिखित काश्मीरका राजा जयापीडलाई गुरिल्ला युद्धद्वारा परास्त गर्ने नेपालका राजा अरमुडि यस्तै स्थानीय शासक देखिन्छन् । काश्मीरका राजा जयापीडको समय ईस्वी ७८२ (वि.सं. ८३९) हो (रेग्मी, १९६९: २१०) । यसबाट ईस्वी आठौं शताब्दीको द्वितीय उत्तरार्द्धसम्ममा गण्डकीप्रस्रवणक्षेत्र लिच्छविहरूको हातबाट छुटिसकेको र त्यहाँ अरमुडि जस्ता शक्तिशाली स्वतन्त्र राजाको शासन चल्न थालेको देखिन्छ (गुरुङ, २०४६: ७-८) ।

विक्रमको एघारौं शताब्दीको शुरूदेखि गण्डकीप्रस्रवणक्षेत्रमा नेपाल उपत्यकाका शासकहरूले पुनः आफ्नो प्रभुत्व जमाउन थालेको देखिन्छ । नरेन्द्रदेव र उदयदेवको उभयराज्यमा गण्डीगुल्मनिवासी सुवर्णकार राणकले ने.सं. ११९ (वि.सं. १०१५) मा लेखेको अष्टसाहस्रिकाप्रज्ञापारमिता पाइएको छ (पेटेक, १९५८: ३३) । यसैगरी हर्षदेवको राज्य गण्डिगुल्मविषयनिवासी जीवधर सिंहको ने.सं. २१३ (वि.सं. ११४९) को अष्टसाहस्रिकाप्रज्ञापारमितापञ्जिका पाइएको छ (पेटेक, त्यहीः ५०) । यसका अतिरिक्त आनन्ददेवको समय ने.सं. २८५ (वि.सं. १२२१) मा गण्डिगुल्ममा लेखिएको अष्टसाहस्रिकाप्रज्ञापारमिता पनि पाइएको छ (पेटेक, त्यहीः ६४) । गण्डिगुल्म अथवा गण्डिगुल्मविषयलाई कालीगण्डकीको छेउमा रहेको वर्तमान गुल्मी जिल्ला मानिएको कुरा यस अघि नै उल्लेख भइसकेको छ ।

यसैगरी महासामन्त रामदेवको विजयराज्य धवलस्रोतमा ने.सं. २२० (वि.सं. ११५६) मा कमलपाणिले लेखेको आर्योष्णीषविजयधारणी पाइएको छ (पेटेक, त्यहीः ५३) । यसैगरी ने.सं. ३०३ (वि.सं. १२३०) मा महासामन्त रत्नदेवको विजयराज्य धवलस्रोतमा पण्डित रत्नपाणिले लेखेको चरकसंहिता पाइएको छ (पेटेक, त्यहीः७२) । यसका अतिरिक्त ने.सं. ३०४ (वि.सं. १२४०) मा महासामन्त रत्नदेवको विजयराज्य धवलस्रोतपुरमा शैवाचार्य राजगुरु श्रीधरले लेखेको क्रियाकालगुणोत्तरनामक पुस्तक पाइएको छ (पेटेक, त्यहीः ७२) । यी ऐतिहासिक सामग्रीहरूमा उल्लिखित धवलस्रोत वा धवलस्रोतपुरलाई बर्तमान धौलागिरि हिमालयको काखमा अवस्थित क्षेत्रको रूपमा मानिएको छ (पन्त र शर्मा, त्यहीः २२-२४) । यसरी विक्रमको एघारौं शताब्दीको शुरूदेखि विक्रमको तेह्रौं शताब्दीको मध्यसम्म गण्डकीप्रस्रवणक्षेत्रको बागलुङ, पर्वत र गुल्मी इलाकासम्म नेपाल उपत्यकाका शासकहरूले कहिले सोझै र कहिले सामन्तहरूको माध्यमबाट शासन चलाएको देखिन्छ ।

शंकरदेवको राज्य लंजुंगुङनिवासी गंगा रानाले ने.सं. १८९ (वि.सं. ११२५) मा लेखेको अष्टसाहस्रिकाप्रज्ञापारमिता पाइएको छ (पेटेक, त्यही: ४५- ४६)। यहाँ उल्लिखित लंजुंगुङलाई वर्तमान लमजुङ मानिएको छ (पन्त र शर्मा, त्यही: १७)। यसबाट विक्रमको बाह्रौं शताब्दीको प्रथम पूर्वार्द्धसम्म शंकरदेवले लमजुङसम्म नेपाल उपत्यकाबाट सोझै शासन चलाएको देखिन्छ।

शिवदेवको शासनकाल ने.सं. २२१ (वि.सं. ११५७) को एउटा तामापत्रमा रामदेवको सामन्तराज्य मग्वरविषयमा अवस्थित झांटेश्वर महादेवको पूजाको लागि गुठीको व्यवस्था गरिदिएको उल्लेख छ (पन्त र शर्मा, त्यही: ६-८)। यस तामापत्रमा उल्लिखित मग्वरविषयलाई वर्तमान मगरात मानिएको छ (पन्त र शर्मा, त्यही: २१, २३)। गण्डकीप्रस्रवणक्षेत्रको कछाड भागलाई मगरात भनिन्छ भन्ने कुरा यस अघिनै उल्लेख भइसकेको छ। यसैगरी आनन्ददेवको विजयराज्य पनुंगविषयाधिपति महासामन्त रहस्यदेवको समय ने.सं. २८२ (वि.सं. १२१८) मा झांटेश्वर महादेवको मन्दिरमा उमामहेश्वरको स्थापना गरिएको तामापत्र पाइएको छ (पन्त र शर्मा, त्यही: २६- २९)। यहाँ पनुंगविषयलाई झांटेश्वर महादेवसँग सम्बद्ध देखाएको छ। अत: पनुंगविषय र मग्वरविषय सँगसँगै रहेको देखिन्छ। पनुंगविषयलाई मगरहरूको बसोबास भएको क्षेत्रसँग सम्बद्ध मानिएको छ (वज्राचार्य र श्रेष्ठ, २०३२: १९- २०)। भवदत्तले लेखेको सेनवंशावलीमा मगर राजालाई नागभूपति भनेको कुरा यस सन्दर्भमा स्मरणीय छ (राजवंशी, २०२०: २६)। अत: पनुंगविषयको सम्बन्ध मगरहरूसँग रहेको छ भन्ने तर्क युक्तिसंगत छ। पनुंगविषयले वर्तमान पाल्पाजिल्लाको आसपासको क्षेत्रलाई सङ्केत गरेको ज़स्तो देखिन्छ। यसरी ने.सं. २२१ (वि.सं. ११५७) र ने.सं. २८२ (वि.सं. १२१८) का तामापत्रहरूमा उल्लिखित बेहोराहरूबाट विक्रमको तेह्रौं शताब्दीको प्रथम पूर्वार्द्धसम्म नेपाल उपत्यकाका शासकहरूले सामन्तशासकहरूको माध्यमद्वारा गण्डकीप्रस्रवणक्षेत्रमा आफ्नो शासन कायम गरेको देखिन्छ।

त्यसपछि गण्डकीप्रस्रवणक्षेत्रमा नेपाल उपत्यकाका शासकहरूको प्रभुत्व बिस्तारै छुट्दै गयो। पश्चिमतर्फ नुवाकोटसम्म राज्य गर्न सक्नुलाई पनि नेपाल उपत्यकाका शासकहरूले गौरवको कुरा सम्झन थाले (वज्राचार्य र मल्ल, १९८५: ८३)। यक्ष मल्लको समयमा उनले राज्य विस्तार गर्ने केही उद्योग गरेका थिए, तर उनकै छोराहरूका पालादेखि नेपाल उपत्यका तीन टुक्रामा विभाजित भएकोले उक्त उद्योग सफल हुन सकेन।

पूर्व मध्यकालमा वर्तमान मुस्ताङको तल्लो भेग ठिनी र मुक्तिनाथ क्षेत्रमा शेरिबनामक राज्य स्थापना भएको देखिन्छ (ज्याकसन, १९७८: १९५)। उक्त शेरिब राज्यको सिमाना गण्डकीप्रस्रवणक्षेत्रको दक्षिणी हिमाली काँठ शेषान्तसम्म आइपुगेको देखिन्छ। त्यसपछि सक्य गुम्बाका मठाधीशहरूको माध्यमबाट चीन बादशाहकहाँसम्म पहुँच पुगेकोले तिब्बतको गुङथाङ राजवंशको शक्ति बढेर आयो। गुङथाङको राजवंशावलीमा गुङथाङका राजा बुम दे गोएन (ई. १२५३-१२८०) ले पुराङ, डोल्पा, तल्लो उपल्लो मुस्ताङ, मनाङ, गोरखाको नुबरि र किरोङमा किल्लाहरू बनाएको उल्लेख छ (ज्याकसन, १९७६: ४५, ५३)। यही

गुङथाङ राजवंशको प्रतिनिधिको रूपमा शेरब लामा ब्लो (मुस्ताङ) आएका थिए । पछि शेरब लामाका नाति अम पाल (ई. १४४०, वि.सं. १४९७) ले मुस्ताङलाई एउटा स्वतन्त्र राज्यको रूपमा खडा गरेर डोल्पा, मनाङ, नार र गोरखाको कुताङसम्म राज्य गरे । अम पालका नाति टशि गोएन (ई. १५१२, वि.सं. १५६९) ले दक्षिणमा पर्वत राज्य माथिसम्म पनि राज्य गरेका थिए (गुरुङ, १९८६: २१५-२३८) । पछिबाट मुस्ताङ जुम्लाको करद राज्यमा परिणत भयो । मुस्ताङले जुम्ला र ल्हासालाई कर तिरेर राज्य गर्दथ्यो ।

गण्डकीप्रस्रवणक्षेत्रमा नेपाल उपत्यकाका शासकहरूको प्रभुत्व छुटेपछि त्यहाँ स्थानीय घले राजाहरूले रजाइँ गर्न थाले । यी घले राजाहरूमध्ये वर्तमान लमजुङ हिमालको दक्षिणी काखमा अवस्थित क्होलका घले राजा सबभन्दा शक्तिशाली थिए । क्होलमा ठूल्ठूला तीनवटा गुरुङ बस्तीहरू थिए । मुँधिँच्को नामक अग्लो डाँडाको टुप्पामा घल्ले राजाको दरबार थियो । गण्डकीप्रस्रवणक्षेत्रमा सेन, शाह र मल्ल राजवंशको उदय भएपछि ती घले राज्यहरू त्यसैमा विलीन भए (गुरुङ, २०३५: ९१) ।

सेन वंशले कालीगण्डकीको दक्षिण पाल्पामा आफ्नो राज्य खडा गऱ्यो । मुकुन्द सेन (वि. १६ शदी) को समयमा यस वंशले ठूलो उन्नति गऱ्यो । मुकुन्द सेनले पाल्पाबाट कछाडै कछाड भएर पूर्वमा कनकाई टिष्टासम्म राज्य विस्तार गरे । गण्डकीमाहात्म्यमा पूर्वमा वराहक्षेत्र, पश्चिममा रुरुक्षेत्र, उत्तरमा मुक्तिक्षेत्र र दक्षिणमा हरिक्षेत्रलाई मुकुन्द सेनको राज्यसीमा मानिएको छ–

पूर्वं वराहक्षेत्रान्तं मुक्तिक्षेत्रान्तमुत्तरम् ।
पश्चिमं रुरुक्षेत्रान्तं हरिक्षेत्रावधत्यिवाक् ॥
एतावन्मण्डलं जित्वा चक्रवर्ती बभूव स : ।
पर्वते मध्यदेशे च नैपाले च धराधिप : ॥

(पूर्वमा वराहक्षेत्रसम्म, उत्तरमा मुक्तिक्षेत्रसम्म, पश्चिममा रुरुक्षेत्रसम्म र दक्षिणमा हरिक्षेत्र (गण्डकी र गङ्गाको संगम) सम्म यति भूमण्डल र पहाड, मधेश र नेपाल (उपत्यका) का राजाहरूलाई जितेर मुकुन्द सेन चक्रवर्ती राजा भए (अधिकारी, २०५५: २०६) ।

गण्डकीमाहात्म्यमा रुरुक्षेत्र (रिडी) लाई मुकुन्द सेनको पश्चिमी राज्य सीमा भनिए तापनि एउटा वंशावलीमा 'पहिलो पल्ट जुम्ला राजाले किल्ला काँगडा साँध लाया, दोश्रो फेर राजा मुकुन्द सेनले लाया' भन्ने उल्लेख भएको हुँदा मुकुन्द सेनले किल्ला काँगडा साँध नलगाए तापनि उनको पश्चिमी राज्य सीमा जुम्लाको आसपाससम्म पुगेको देखिन्छ (गुरुङ, २०३५: ९३) । मुकुन्द सेनले यसरी विशाल राज्य अर्जे पनि उनकै जीवनकालमा उनका छोरा र भतिजाहरूले राज्य बाँडचुँड गरी खाएकाले उक्त राज्य अखण्डित हुन सकेन । त्यही सन्दर्भमा गण्डकीप्रस्रवणक्षेत्रको कछाड भागमा पाल्पाका अतिरिक्त तनहुँ, रिसिङ र घिरिङ तीनवटा सेन राज्य खडा भए । यसैगरी मल्ल वंशले पर्वतमा आफ्नो राज्य खडा गऱ्यो । मलय बम (वि.सं. १७६५) को पालामा पर्वतको मल्ल राज्यले निकै

उन्नति गरेको थियो । पाल्पाली सेन र पर्वते मल्लहरूको बीचमा वैवाहिक सम्बन्ध कायम थियो । पाल्पाले मधेश र पर्वतले भोट फेला पारेकोले यी दुई राज्यको आम्दानीको स्रोत पनि बलियो थियो ।

त्यसपछि विक्रमको पन्ध्रौं शताब्दीदेखि गण्डकीप्रस्रवणक्षेत्रमा शाह वंशको उदय भयो। शाह वंशका आदि पुर्खा जैन खानले सेन र मल्ल राज्यको बीच भाग पाल्पाको हाराहारीमा उत्तरपट्टि रहेको लसर्घाको डाँडामा आफ्नो किल्ला जमाए । पूर्वतिर बाहेक उत्तर, दक्षिण र पश्चिमतिरबाट कालीगण्डकीले घेरिएको लसर्घाको किल्ला प्राकृतिक अजेय दुर्ग थियो । लसर्घामा किल्ला जमाएर त्यहाँ आलमदेवी स्थापना गरेपछि जैन खानले मुलुकका घलेहरूलाई जितेर आफ्नो राज्य बढाए (गुरुङ, २०३६: १३०) । त्यसपछि जैन खानका छोरा सूर्य खान पिताको शेषपछि लसर्घा छोडेर अघि बढ्दै आँधि खोलाको दायाँ किनारामा स्थित खिलुङमा आएर बसे । सूर्य खानको शेषपछि उनका जेठा छोरा खाञ्चा खानले भीरकोट र कान्छा छोरा मिचा खानले नुवाकोट राज्य स्थापना गरे (गुरुङ, २०४२: १४८- ४९) । त्यसपछि भीरकोटबाट गह्रौं र ढोर राज्य स्थापना भयो । यसैगरी नुवाकोटबाट कास्की र सतौं राज्य स्थापना भयो । नुवाकोटका राजा मिचा खानका माहिला छोरा जगति खानले कास्कीका घले राजालाई जितेर त्यहाँ आफ्नो राज्य स्थापना गरे । जगति खानले क्होलका घले राजालाई पनि परास्न गरे । क्होलका घले राजालाई परास्त गरेपछि जगति खानको धन, ऐश्वर्य र शक्ति आफ्ना पूर्ववर्ती राजाहरूको भन्दा प्रशस्त बढ्यो । त्यसपछि जगति खानले शाह उपाधि धारण गरे । यसरी जगति खानले आफ्नो कुललाई नै मण्डन अर्थात् भूषण गरेकाले उनी कुलमण्डन शाहका नामबाट प्रख्यात भए (गुरुङ, २०३४: ३२-५२) ।

कुलमण्डन शाहका जेठा विचित्र शाह, महिला कालु शाह, साहिँला यशोब्रह्म शाह, काहिँला भोमर शाह, ठाहिँला देवरे शाह, ठूलो कान्छा मनहर शाह र कान्छा जलाल शाहनामक सात छोराहरू थिए (गुरुङ, २०४२. १५१) । कुलमण्डन शाहका जेठा छोरा विचित्र शाह कास्कीका राजा भएका थिए । उनको अकाल मृत्यु भएकाले कान्छा जलाल शाह कास्कीका राजा भए । माहिला कालु शाह लमजुङका राजा भएका थिए । तीन महिनासम्म राज्य गरेपछि घले राजाले कालु शाहलाई मारिदिए । त्यसपछि फेरि शेषान्त भाइ र खसान्त भाइको मतो बाँधेर घिमिरेको काम्लो र दुराको नाम्लो गरी कुस्माखर घिमिरे र खजे दुराले कास्कीबाट यशोब्रह्म शाहलाई ल्याएर लमजुङको गादीमा चढाए (योगी, २०१३: ४१७) । यशोब्रह्म शाहले लमजुङ चारनालका गुरुङ पञ्चहरूलाई भिकाएर उनीहरूलाई राम्ररी हातलिई लमजुङमा एक छत्र राज्य गरे (गुरुङ, २०४२: १५३) । त्यसपछि लमजुङको उत्तरमा अवस्थित मनाङ भोटलाई पनि यशोब्रह्म शाहले आफ्नो प्रभुत्वमा पारे (गुरुङ, त्यही: १२४) । कालु शाह परलोक हुँदा उनकी रानी गर्भवती थिइन् । रानीको गर्भबाट साहेब जन्मे र प्रताप शाह नामकरण भयो । प्रताप शाहलाई लमजुङमा दोर्दीपार युलुङको रजाइं दिएको थियो । पछि लमजुङसँग तकरार पर्दा प्रताप शाहको छत्रभंग भयो (गुरुङ, २०४२: १५२) ।

यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाह आफ्ना आमाको खटनअनुसार रागिनासको मोहोडाको कार्यभार सम्हालेर बसेका थिए । द्रव्य शाहले लिगलिगका घले राजा, गोरखा माझकोटका खड्का राजालाई जितेर गोरखामा शाह वंशको राज्य स्थापना गरे (पन्त, २०४१: ५३) । यसरी गण्डकीप्रस्रवणक्षेत्रमा शाह वंशको भीरकोट, गह्रौं, ढोर, नुवाकोट, सतौं, कास्की, लमजुङ र गोरखा यी आठवटा राज्य खडा भए, जसलाई इतिहासको भाषामा आठटीका भनिन्छ (योगी, २०१२: १३) ।

राम शाहको पालामा गोरखा राज्यको ठूलो उन्नति भयो । पूर्वमा त्रिशूली, उत्तरमा कुताङ र केरुङसम्म गोरखा राज्य फैलियो । पर्वत, भोट र ललितपुरसँग राम्रो सम्बन्ध स्थापना गरेर राम शाहले गोरखा राज्यलाई धेरै अघि बढाए (पन्त, २०४१: ८२) । भूटानसँग पनि राम शाहले सम्बन्ध कायम राखेको बुझिन्छ (पन्त, २०४५: ८६१, ८६४) । यसरी गोरखाको राजनैतिक एवं आर्थिक पक्षलाई दरिलो बनाएपछि राज्यलाई स्थिर राखिराख्नको लागि राम शाहले एउटा राम्रो थिति बसाले, जसले गर्दा गोरखा शाह राजवंशलाई अघि बढ्न धेरै सजिलो भयो ।

पश्चिमका राजाहरूले पहिलेदेखि नै नेपाल उपत्यकाको उर्वरा भूमिमाथि आँखा गाडेका थिए (ज्ञवाली, २०१९: ५३) । द्रव्य शाहले गोरखामा शाहवंशको राज्य स्थापना गरेपछि गोरखाली राजाहरूले पनि समयसमयमा पूर्वतिर बढ्ने उद्योग गरेका थिए (वज्राचार्य, २०२६: २६) । पृथ्वीनारायण शाहको समयमा आएर यो अभियान सफल भयो । नेपाल उपत्यकाका तीन मल्ल राज्य र दक्षिण एवं पूर्वका सेन राज्यहरूसमेत आर्जन गरेर बृहत् नेपाल राष्ट्रको स्थापना गर्न पृथ्वीनारायण शाह सफल भए ।

पृथ्वीनारायण शाहको समयमा गोरखादेखि पश्चिमतिर पनि यदा कदा युद्ध भएको देखिन्छ, तर यो युद्ध अभियानको लागि नभएर केवल पृष्ठशोधनको लागि भएको बुझिन्छ । पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाहको राज्यकालमा कविलासपुर, सोमेश्वर आदि चितवनको तराई भाग बृहत् नेपाल राष्ट्रमा गाभियो (आचार्य, २०२२: ७५-७६) । त्यसपछि राजमाता राजेन्द्रलक्ष्मीको नायबी कालमा कालीगण्डकीसम्मको इलाका नेपाल अधिराज्यमा गाभियो (आचार्य, त्यही: ९१) ।

राजमाता राजेन्द्रलक्ष्मीको देहान्तपछि बहादुर शाह नेपालका मुख्तियार भए । उनले राजमाता राजेन्द्रलक्ष्मीको माइती पाल्पा राज्यलाई नेपालको आश्रित राज्यको रूपमा थामिदिई कालीगण्डकीपश्चिम महाकालीसम्मका राज्यहरू विजय गरे । त्यसबेला जुम्लालाई पनि नेपालले जितेकोले जुम्लाको अधीनवर्ती राज्य मुस्ताङले पनि नेपालको अधीनता स्वीकार गऱ्यो । पाल्पा राज्य नेपालको आश्रित राज्यको रूपमा रहिरहेको थियो र रणबहादुर शाहको उत्तरार्द्धकालमा भीमसेन थापाले पाल्पालाई पनि नेपालमा गाभिदिए । त्यसपछि वि.सं. १८६३ मा रणबहादुर शाहको हत्या भएपछि विदुर शाही, त्रिभुवन प्रधान र नरसिंह गुरुङसँगसँगै पाल्पाली राजा पृथ्वीपाल सेन र उनका चौतारा रणबहादुर सेन पनि काटिए (आचार्य, त्यही: १२५) । यसरी विक्रमको उन्नाइसौं शताब्दीको प्रथम

उत्तरार्द्धमा आएर सम्पूर्ण गण्डकीप्रस्रवणक्षेत्र बृहत् नेपाल राष्ट्रमा सम्मिलित भयो ।

**जनजीवन**

जातीय एवं सांस्कृतिक आधारमा गण्डकीप्रस्रवणक्षेत्रमा भोट, शेषान्त, मगरात र थरुवानको संयोजन पाइन्छ । तिब्बती भाषाभाषी जनताहरू बसोबास गर्ने यस क्षेत्रको उत्तरी भेकलाई भोटको संज्ञा दिइएको छ । मुस्ताङ भोट, मनाङ भोट, रुई भोट, कुताङ भोट आदि यसका उदाहरण हुन् ।

यस भोट प्रदेशको डाँडाकाँडा र आबाद नगरिएका उच्च समथर घाँसे मैदानहरूमा स्थायी घरबास नभएका घुमन्ते पशुपालकहरू बस्दछन् । स्थानीय भाषामा यी घुमन्ते पशुपालकहरूलाई डोग्पा भनिन्छ । घाम, पानी र हिउँबाट बच्नको लागि यिनीहरूले चौरी गाईको रौंबाट बनेको बाक्लो खालको कम्बलको पाल प्रयोग गर्दछन् । भेडा, च्याङ्ग्रा र चौंरी गाईको घ्यू, मासु, छाला, ऊन र चमरसँग अनाजहरू साट्दछन् र नगद पार्दछन् । त्यसैबाट यी डोग्पाहरूले आफ्नो जीवन निर्वाह गर्दछन् । हिउँदताका केही महिना यी पशुपालक डोग्पाहरू मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतको न्यानो चरनतिर गएर बस्दछन् । यसका लागि नेपाल सरकार र चीन सरकारको बीचमा सम्झौता भएको पनि पाइन्छ ।

डोग्पा र अन्य स्थायी घरबास भएका भोटेहरूको सम्बन्धबाट जन्मेको सन्तानलाई नाकपा भनिन्छ । यी नाकपाहरू पनि डोग्पा जस्तै पशुपालन गरी घुमि हिँड्ने जाति हुन्, तर अहिले विगत केही वर्षदेखि मुस्ताङका नाकपाहरूले स्थायी बसोबास गर्न थालेका छन् ।

गण्डकीप्रस्रवणक्षेत्रको भोट प्रान्तमा स्थायी घरबास जमाएर बसेका बासिन्दाहरूमा लोबा, नेस्याङ्बा, नारबा र नुब्पा मुख्य छन् । मुस्ताङ भोटको तिब्बती नाम लो (तिः ब्लो) हो । अतः लो भोटमा बसेकाले यिनीहरूलाई लोबा भनिएको हो । यी लोबाहरू पनि ऊँभोखोले (त्योएपा) र ऊँधोखोले (श्योएपा) गरी दुई थरीका छन् । तलतिरका नेपाली भाषाभाषीहरूले ऊँभोखोले त्योएपा भोटेलाई टोपा भोटे र ऊँधोखोले श्योएपा भोटेलाई थाग्से भोटे भन्दछन् । लोबाहरूमा कुठाग्पा, फाल्बा र गारबा गरी तीन वर्ग पाइन्छ । अभिजातवर्ग वा शासकवर्गलाई कुठाग्पा, प्रजावर्गलाई फाल्बा र फलामको भाँडा बनाउने र लुगा सिउने व्यावसायिक वर्गलाई गारबा भनिन्छ । मुस्ताङी राजा र उनका नातेदारहरू यही कुठाग्पा वर्गमा पर्दछन् । नेपालका मान्यताप्राप्त चार राजा मध्ये मुस्ताङी राजा पनि एक हुन् ।

मुस्ताङ भोटको पुछार थाक खोलामा बस्ने थकालीहरूलाई लोबाहरूले थाबा वा थाकपा भन्दछन् । थकालीहरूमा पनि ठिनी, स्याङ, मार्फा, छैरोक र चिवाङ यी पाँच गाउँका बासिन्दाहरूलाई पाँच गाउँले भनिन्छ । यसमा पनि ठिनीकालाई ठिनेल, स्याङकालाई स्याङतानि र मार्फाकालाई पुनेल भनिन्छ । पाँच गाउँदेखि तल टुकुचे, कोबाङ, नाम्रुकोट आदि इलाकालाई थाक सातसय भनिन्छ । थाक

सातसयका थकालीहरूका चारवटा थर छन् । थकाली भाषामा यस चार थरलाई च्योकि, साल्कि, धिमजन् र भुर्कि भनिन्छ । अहिले यस चार थरलाई गौचन, तुलाचन, शेरचन र भट्टचन लेख्न थालेका छन् । थकालीहरूले आफ्नै भाषामा आफूलाई तामाङ भन्दछन् (विष्ट, १९८७: ९०) ।

मुस्ताङ्देखि पूर्वपट्टि मर्स्याङ्दीको मुहान नेस्याङ उपत्यकाका बासिन्दाहरूलाई नेस्याङ्बा भनिन्छ । यही नेस्याङ उपत्यकाको एउटा गाउँ मनाङको नामबाट अहिले यस जिल्लाको मनाङ नामकरण भएको छ । अतः अहिले यी नेस्याङबाहरू मनाङेका नामबाट चिनिन्छन् ।

नेस्याङदेखि पूर्वमा अवस्थित नारखोलाका बासिन्दाहरूलाई नारबा भनिन्छ । गोरखाको हिमाली क्षेत्र कुताङ भोटको नुबरि (पश्चिम पहाड) तिरका बासिन्दाहरूलाई नुबपा (पश्चिमे), र स्याररि (पूर्व पहाड) तिरका बासिन्दाहरूलाई स्यारपा (पूर्बेली) भनिन्छ । त्यही स्यारपा (पूर्बेली) शब्दबाट नै अहिलेको शेरपा शब्द बनेको हो । तिब्बती भाषामा ठाउँ वा अवस्थलको नामको पछाडि पा अथवा वा प्रत्यय जोडेर त्यसबाट जाति वा थर बुझाउने प्रचलन छ ।

मुस्ताङका लोबा, मनाङका नारबा र गोरखाका नुबपाहरूको भाषाले तिब्बती भाषासँग नजिकको सम्बन्ध राख्दछ । यसैगरी मध्य मुस्ताङको श्योएपा अथवा बाह्रगाउँले र नेस्याङबा अथवा मनाङेहरूको भाषा मिल्दोजुल्दो छ । थाकखोलाका थकालीहरूका भाषाचाहिँ लमजुङका गुरुङ र धादिङका तामाङहरूको भाषासँग मिल्दछ । संस्कृत भाषाबाट प्राकृत भाषा हुँदै नेपाली भाषाको विकास भए जस्तै तिब्बती भाषाबाट श्योएपा अथवा बाह्रगाउँलेहरूको भाषा हुँदै थकाली भाषा र नेस्याङबा अथवा मनाङे भाषा हुँदै गुरुङ भाषाको विकास भएको बुझिन्छ ।

जाडो ठाउँ भएकाले भोट प्रदेशका निवासीहरू आफ्नै हातले बुनेका ऊनी पाखीको बक्खु र दोचा लगाउँदछन् । लोग्ने मान्छेले पनि कपाल पालेर डोरी बाट्दछन् । यिनीहरू लामा बौद्ध धर्म मान्दछन् । गृहस्थीमा रहेर मन्त्रचर्या गर्ने ङाग्पा र भिक्षुव्रत लिएर धर्मसंघमा प्रवेश गरेका ढावा दुवैथरी उपासक यस क्षेत्रमा छन् । पुरानो बोन धर्ममा विश्वास गर्नेहरू पनि मुस्ताङ र नारतिर छन् । बोन धर्ममा विश्वास गर्नेहरूको संख्या डोल्पामा बढी छ । मुस्ताङका बोन गुम्बाहरू अहिले धमाधम लामा बौद्ध धर्मको निङ्मा सम्प्रदाय (पुरातनवाद) मा परिवर्तित हुँदैछन् । मुस्ताङको हालसम्म जीवित बोन्पो गुम्बा मुक्तिनाथदेखि दक्षिणपट्टिको लुब्राक गुम्बा हो । लुब्राक गुम्बालाई लमजुङका गुरुङहरूका झाक्रँ र घ्याबृँ पुरोहितहरूले पनि आफ्नो मुख्य तीर्थस्थल मान्दछन् । यहाँको उत्तरी हिमालय भेकका बासिन्दाहरूमा बहुपति प्रथा पनि प्रचलित छ । यिनीहरूमा मानिस मरेपछि जोखना हेरेर मृतकको शरीरलाई माटोमा गाड्ने, पानीमा बगाइदिने, आगोमा जलाउने र मासु काटेर गिद्धलाई खुवाउने चलन छ ।

धौलागिरि र अन्नपूर्ण हिमश्रृङ्खलादेखि दक्षिणपट्टिको पहाडी भू-भागमध्ये गुरुङहरूको बस्ती भएको इलाकालाई शेषान्त भनिन्छ । उपल्लो मुस्ताङको लो

(ति.ब्लो) क्षेत्रमा अम पालले राज्य स्थापना गर्नुभन्दा अघि तल्लो मुस्ताङको ठिनी र मुक्तिनाथ इलाकामा शे अथवा शेरिबनामक राज्य स्थापित रहेको र त्यही शे अथवा शेरिब राज्यको सीमान्त प्रदेश भएको हुनाले हिमालयको दक्षिणी पाटोको उत्तरी भेकलाई शेषान्त भनिएको भन्ने कुरा यस अघि पनि उल्लेख भइसकेको छ । शेषान्त शब्द कहिलेकहीँ स्थानवाचक शब्दका अतिरिक्त जातिवाचक शब्दको रूपमा पनि प्रयोग गरिएको पाइन्छ । अतः गुरुङलाई शेषान्त पनि भनेको पाइन्छ, तर गुरुङहरूले भने आफूहरूलाई आफ्नै भाषामा तमु भन्दछन् । मानवशास्त्रीहरूले गुरुङहरूलाई मङ्गोल वंशअन्तर्गतको मानेका छन् भने भाषाशास्त्रीहरूले चाहिँ गुरुङ भाषालाई भोट-बर्मेली भाषा परिवारको मानेका छन् । चार घरे र नौघरे दुईटा घरानाको समन्वयबाट गुरुङ समाजको सङ्गठन भएको छ । भोटो, कछाड र भाङ्ग्रा गुरुङका पुरुष जातिको भेष हो । यिनीहरू कपाल खौरेर टुपी राख्दछन् । यसैगरी गुन्यूँ, चोलो, घलेक र मुजेत्रो गुरुङ महिलाहरूको भेष हो । गुरुङ महिलाहरू नाक छेडेर फूली लगाउँदछन् । कछाडतिरका गुरुङसेनीहरूले ता बुलाँकी पनि लगाएका हुन्छन् । गुरुङहरूको पुर्ख्यौली धर्म जीववादमा आधारित प्राकृत धर्म हो, जुन धर्मले तिब्बतको प्राग्बौद्ध बोन धर्मसँग समानता राख्दछ । गुरुङका झाँक्रि र घ्याब्रिहरू यस वर्गका पुरोहितमा पर्दछन् । यसका अतिरिक्त गुरुङहरू लामा बौद्ध धर्म मान्दछन् । हिन्दू धर्ममा पनि गुरुङहरूको श्रद्धा र विश्वास रहेको छ । कौटिल्यको अर्थशास्त्रमा उल्लिखित वर्षादको पानी छल्ने भिङ्गिसीनामक कालो वर्णको घुम राडीको प्रचलन नेपालका मुख्य मेषपालक एवं ऊनी व्यवसायी गुरुङहरूमा अहिले पनि प्रचलित छ । यसरी गुरुङहरूले नेपालको प्राचीन संस्कृति र उद्योगधन्दालाई अहिलेसम्म जोगाएर राखेका छन् । गण्डकीप्रस्रवणक्षेत्रमा शाहवंशको उदय हुनुभन्दा अघि यहाँ गुरुङ घलेहरूकै रजाइँ थियो । त्यसपछि नेपालको एकीकरणमा पनि गुरुङहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । घाटु र सोरठी गुरुङहरूको मुख्य लोकनृत्य हो भने रोदिचाहिँ प्रमुख सामाजिक संस्था हो । यसैगरी गुरुङहरू हुरि र पर्मद्वारा खेतीपाती गर्दछन् ।

गुरुङहरूको बसोबास भएको इलाकादेखि पूर्वपट्टि धादिङ र नुवाकोटमा तामाङहरूको बस्ती पाइन्छ । तामाङहरूमा बाह्र तामाङ र अठार जात दुई वर्ग पाइन्छ । यिनीहरू पनि मङ्गोलवंशी र भोट-बर्मेली भाषाभाषी हुन् । गुरुङ जस्तै तामाङका पुरुषहरूले भोटो, कछाड र भाङ्ग्रा लगाउँदछन् भने महिलाहरूले गुन्यु, चोलो र घलेक लगाई मुजेत्रो ओड्दछन् । तामाङहरूमा बोन परम्पराको प्रभाव छ तापनि कर्मकाण्डमा भने बौद्धवादी लामाहरू नै प्रयोग गर्दछन् । यस क्षेत्रका थकाली, गुरुङ र तामाङहरूको भाषा र धर्म, संस्कृतिमा समानता पाइन्छ । 'गणेश हिमालको फेदीबाट गुरुङ (तमु) र तामाङको बगाल छुट्टिएको हो' भनेर तामाङहरू विश्वास गर्दछन् । वास्तवमा बसाइँ सराइको क्रममा थाक खोलामा थोरैलाई छोडेर ठूलो हूल मनाङ उपत्यकातिर लागेको र त्यसमध्ये एउटा हूल दक्षिणतिर लागेको र अर्को हूल पूर्वतिर लागेको देखिन्छ । यसमध्ये थाकखोलामा नै बसेको समूह थकाली; मनाङबाट दक्षिणतिर ओर्लेको समूह गुरुङ र पूर्वतिर लागेको समूहचाहिँ तामाङ हुन् । थकालीहरू आज थकालीका रूपमा चिनिए

तापनि यिनीहरूले आजसम्म आफ्नो भाषामा आफूहरूलाई तामाङ नै भन्दैछन् । यसैगरी गुरुङहरू गुरुङका रूपमा चिनिए तापनि आफूहरूलाई आफ्नो भाषामा तमु भनी आएका छन् भने तामाङहरूचाहिँ तामाङकै रूपमा चिनिई आएका छन् । अतः जातिवाचक शब्द तामाङ एवं तमु र भाषा, संस्कृतिको आधारमा थकाली, गुरुङ र तामाङ एउटै ओदानका तीनवटा खुट्टा जस्ता हुन् ।

गण्डकीप्रस्रवणक्षेत्रमा शेषान्त अथवा गुरुङ र तामाङहरूको बस्ती भएको इलाकादेखि दक्षिणपट्टिको कछाड भागलाई मगरात भनिन्छ, जहाँ मगरहरूको बाक्लो बस्ती पाइन्छ । पूर्वमध्यकालिक मग्वरविषयलाई नै अहिले मगरात भनिएको हो । शिवदेवको पालाको ने.सं. २२१ (वि.सं. १०५८) को एउटा तामापत्रमा रामदेवको सामन्त राज्यको रूपमा मग्वरविषयको उल्लेख आएको छ (पन्त र शर्मा, १९७७: २६- ३८) । यो कुरा यस अघि पनि उल्लेख भइसकेको छ । यसबाट मगर शब्दको पूर्वरूप मग्वर रहेछ भन्ने बुझिन्छ ।

प्राचीन सेनवंशावलीमा पाल्पा राज्य स्थापना गरेका सेन राजा अभय राणाले मकवानपुरका गजलक्ष्मणसिंह नामक मगरराजाकी छोरी कान्तिमतीलाई विवाह गरेको उल्लेख छ (राजवंशी, २०२०: २) । त्यही वंशावलीमा पाल्पाका प्रतापी राजा मुकुन्द सेनले पार्कोटे मगर राजाकी नातिनी सुवर्णमालालाई विवाह गरेको उल्लेख छ (राजवंशी, त्यहीः ३- ४) । काठमाडौं उपत्यकामा प्राप्त ऐतिहासिक सामग्रीमा मुकुन्द सेनलाई मगरको राजा भनेको पाइन्छ (वज्राचार्य, २०३३: ३८) ।

भवदत्तले लेखेको सेन वंशावलीमा रुद्र सेनलाई दुर्गाधीश नागराजाहरूको ऐश्वर्यले सुहाएका र पाल्पा नगरमा आएका'भनिएको छ (राजवंशी, २०२०: २३) । यसरी प्राचीन सेनवंशावलीमा सेनवंशलाई सोझै मगरहरूसँग सम्बद्ध देखाएको छ भने भवदत्तकृत सेनवंशावलीमा चाहिँ मगर राजा नभनेर नागराजा भनेको पाइन्छ । नागको उल्लेख बौद्ध ग्रन्थहरूमा पनि पाइन्छ । ललितविस्तरमा लुम्बिनी उपवनमा भगवान् शाक्यमुनि बुद्धको जन्म हुँदा नन्द र उपनन्दनामक नागराजाहरूले तातो र चिसो पानीद्वारा भगवान् बुद्धलाई नुहाइदिएको उल्लेख छ । यसैगरी रामग्रामका कोलीयहरूको भागमा परेको भगवान् बुद्धको अस्थिधातु सञ्चय गरिएको रामग्राम स्तूपलाई नागहरूद्वारा रक्षा गरिएको वर्णन थूपवंशमा उल्लेख छ । नवलपरासी जिल्लामा परासी बजारदेखि दक्षिणपट्टि झरई नदीको पूर्वी किनारामा रामग्रामको उक्त स्तूप अवस्थित छ । यहाँ नाग शब्दले मानिसको जातिविशेषलाई बुझाएको छ । भगवान् बुद्धको जन्मस्थल लुम्बिनीदेखि ठीक उत्तरमा महाभारत पर्वतश्रृङ्खलामा मगर राजाहरूको बलढ्याङगढी अवस्थित छ । नवलपरासी पनि मगरहरूकै बाक्लो बस्ती भएको देउचुली र वरचुली पर्वतश्रृङ्खलाकै फाँट हो । वास्तवमा उपर्युक्त बौद्ध ग्रन्थहरूमा उल्लिखित नागराजा र नाग मगर राजा र मगरहरू नै हुन् । यसरी मगरहरू नेपालको एउटा ऐतिहासिक जाति देखिन्छन् (गुरुङ, २०४६: १०) ।

गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक विकासमा मगरहरूको अविस्मरणीय योगदान रहेको छ । गण्डकी शब्द नै मगर भाषाको गनडि वा गन्डि शब्दको

संस्कृत रूप हो । मगर भाषामा गनडि शब्दले साग जस्तो हरियो वर्णको पानी भन्ने अर्थ बुझाउँदछ । गण्डकीप्रस्रवणक्षेत्रका अधिकांश नदनदीहरूको नाम मगर भाषाबाट रहेका छन् । यसैगरी यहाँका सेन एवं शाह राजाहरूका कोट र प्रमुख देवस्थलहरूमा मगरहरू नै पूजारी छन् । आजकल मगरहरू हिन्दू धर्मका अनुयायी छन् । उत्तरी भेकका मगरहरूले चाहिँ आफ्नै खालको प्राकृत धर्म मान्दछन् । ऐतिहासिक कालमा बौद्धधर्मसँग पनि मगरहरूको सम्बन्ध रहेको देखिन्छ । भगवान् शाक्यमुनि बुद्धको जन्म र मृत्युको घटनासँग मगरहरू सम्बद्ध थिए भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ । पूर्वमध्यकालमा ने.सं. ११९ (वि.सं. १०५६) मा गण्डिगुल्मविषय (वर्तमान गुल्मी) का सुवर्णकार रानाले र ने.सं. १८९ (वि.सं. ११२६) मा लंजुंगुङ (वर्तमान लमजुङ) का गंगा रानाले सारेका अष्टसाहस्रिकाप्रज्ञापारमितानामक बौद्धग्रन्थहरू पाइएका छन् (पन्त र शर्मा, १९७७: १७- १९) । कालान्तरमा बौद्ध धर्ममा सिद्ध परम्पराको विकास भएपछि कतिपय बौद्ध विहारहरू शाक्तमठ र  मन्दिरमा परिणत भएको पाइन्छ । मगरहरूमा पनि यही प्रभाव पऱ्यो र उनीहरू बौद्ध धर्मबाट टाढिए ।

मगरातको अर्को नाम खसान्त पनि हो । खसान्त भन्नाले खसानको सिमाना भन्ने बुझ्नुपर्दछ । पश्चिम नेपालको कर्णालीप्रस्रवणक्षेत्रमा जाडहरूको बस्ती भएको उत्तरी भागलाई जडान र खसहरूको बस्ती भएको दक्षिणी भागलाई खसान भनिन्छ । खसानका खसहरू पूर्वतिर बढ्दै मगरातसम्म आइपुगेपछि मगरातलाई खसान्त पनि भन्न थालिएको बुझिन्छ । मनुस्मृतिमा मल्ल, लिच्छवि र द्रविड जस्तै खसलाई पनि व्रात्य भनिएको छ (नेपाल, २०४०: ८४) । यसैगरी श्रीमद्भागवतमहापुराणमा खसलाई किरात, हूण, आन्ध्र, पुलिन्द, आभीर, कङ्क, यवन आदि जातिको सूचीमा राखेको छ (नेपाल, त्यही: ८५) । मार्कण्डेयपुराणमा चाहिँ खसलाई नीप, शाल्व, शक, शूरसेन, मथुरा आदि गणजातिको साथमा राखेको पाइन्छ  (नेपाल, त्यही: १७, ४३) । नेपालमा खस भन्नाले थापा, कार्की, बस्नेत, खड्का, कुँवर आदिलाई बुझाउँदछ, जसलाई जनबोलीमा झर्रा क्षेत्री पनि भनिन्छ । पहिले 'केदारे खसमण्डले' भनेर भारतको केदारखण्ड खसदेश कहलाएको थियो । त्यसपछि नेपालको कर्णालीप्रदेश 'सपादलक्षखसदेश' (सवालाख खसदेश) कहलायो (वज्राचार्य, २०२८ : १७, २१० ।

आज नेपालमा जुन भाषालाई नेपाली भाषा भनिन्छ, जुन संस्कृतिलाई हिन्दू संस्कृति एवं आर्य संस्कृति भनिन्छ, वास्तवमा यो भाषा र संस्कृति खस भाषा र खस संस्कृतिको विकसित रूप हो । त्यसकारण नेपालको हिन्दू संस्कृतिका आफ्नै विशेषताहरू छन् । यहाँका आदिवासीहरूका कतिपय रीतिरिवाजलाई हिन्दू संस्कृतिभित्र समाहित गरिएकाले नेपालको हिन्दू संस्कृति अन्य देशको हिन्दू संस्कृतिभन्दा विशेष खालको भएको हो । यस कुराको एउटा राम्रो नमूना मष्ट परम्परा हो ।

मष्ट परम्परा खसानका खसहरूको एउटा विशिष्ट सांस्कृतिक पहिचान हो । नेपालका सम्पूर्ण खसहरू र खस संस्कृतिबाट प्रभावित अधिकांश बाहुनहरूले मष्टलाई आफ्नो कुलदेवता मान्दछन् । मष्टदेवताहरू बाह्रवटा हुन्छन्, जसलाई

बाह्रभाइ मष्ट भनिन्छ। यसैगरी बाह्रभाइ मष्टदेवताका नौजना बहिनीहरू हुन्छन्, जसलाई नौबहिनी भवानी भनिन्छ। बाह्रभाइ मष्ट र नौबहिनी भवानीका अलग–अलग नामहरू पाइन्छन्, जसका दुवैथरी नामावली यस प्रकार छन्–

(क) १. ढँडार मष्टो
२. कवा मष्टो
३. कालोसिल्टो मष्टो
४. धवलपुरो मष्टो
५. दूधेसिल्टो मष्टो
६. दाढे मष्टो
७. लरिचाल मष्टो
८. थार्प मष्टो
९. बुडू मष्टो
१०. कैलाश मष्टो
११. लाँखुरो मष्टो
१२. सुकिलोहस मष्टो

(जोशी, २०२९ :५६)।

(ख) १. बान्नी मष्टो
२. ढँणार मष्टो
३. क्यूँडाला मष्टो
४. दाडे मष्टो
५. लाटो मष्टो
६. बुडू मष्टो
७. कवा मष्टो
८. थार्प मष्टो
९. बाबिरो मष्टो
१०. बाँओ मष्टो
११. बाँसकोट मष्टो
१२. साइँन मष्टो।

(जोशी, त्यही: ५६)।

यसका अतिरिक्त अर्को एउटा सूची पनि पाइन्छ, जुन यसप्रकार छ–

१. सीम मष्टो
२. सुनारगाउँ मष्टो
३. पुवाँले मष्टो
४. रखाडी मष्टो
५. तलीकोटे मष्टो
६. बा मष्टो
७. लिउडी मष्टो
८. कामल मष्टो
९. रमाल मष्टो

१०. धुरापानी मष्टो
११. गुरो मष्टो
१२. विजयी मष्टो ।
(जोशी, त्यहीः ५६) ।

नौ बहिनी भवानीका नामावली यसप्रकार छन्–

क. १. मालिका
२. कनकासुन्दरी
३. त्रिपुरासुन्दरी
४. जालपा
५. कालिका
६. खेसमालिनी
७. ठिंग्याल्नी
८. दुलेल्नी
९. विन्द्रवासिनी (विन्दुवासिनी)

ख. १. भुवानी
२. कालिका
३. मालिका
४. खेसमालिनी
५. ठिंग्याल्नी
६. पुँगेल्नी
७. हिमालिनी
८. कनकासुन्दरी
९. त्रिपुरासुन्दरी
(जोशी, त्यहीः ५६) ।

मष्ट देवताको पूजाको विधिविधानलाई आफ्नै खालको र अपौराणिक मानिन्छ (शर्मा, २०२८: ९७) । मष्ट देवताका नौ बहिनी भवानीमा ठिंग्याल्नी र पुँग्याल्नी जस्ता भोटे भाषामा नामरहेका देवीहरू पनि समावेश गरिएका छन् । तिब्बती भाषामा ठिग्याल (ति. खि-र्ग्यल) को अर्थ गद्दीनसिन राजा भन्ने हुन्छ । मष्ट देवताका नौ बहिनी भवानीमध्ये ठिंग्याल्नीचाहिँ त्यही ठिग्यालको स्त्रीरूप हो, जसको अर्थ गद्दीनसिन रानी' भन्ने हुन्छ । यसैगरी तिब्बती भाषामा अधिकारीलाई पोनपो (ति. द्पोन्-पो) भनिन्छ । अतः मष्ट देवताका नौ बहिनी भवानीमध्ये पुँग्याल्नीचाहिँ तिब्बती भाषाको पोनपो ग्यालको स्त्रीरूप हो, जस्को अर्थ 'अधिकारीनी रानी' भन्ने हुन्छ । यसरी खसानका खसहरूको सांस्कृतिक परम्परामा जडानका जाडहरूको धर्म र संस्कृतिको एउटा हाँगो मिसिएको पाइन्छ, जसलाई खसानका खसहरूले खसकरण गरेर आफ्नो संस्कृतिमा अपनाए ।

लामा-विष्णुको प्रकरणबाट यस सांस्कृतिक समन्वयको सन्दर्भ अझ राम्ररी स्पष्ट हुन्छ । मष्ट परम्परामा बाह्र भाइ मष्ट र नौ बहिनी भवानीका अतिरिक्त लामा-विष्णुको पनि महत्त्वपूर्ण स्थान रहेको छ । एउटै देवतालाई लामा पनि

विष्णु पनि मानेर पूजा गरिने हुनाले यस देवतालाई लामा-विष्णु मानिएको हो । लामा-विष्णुलाई बाह्र भाइ मष्टको मामा मानिन्छ । जुम्लाको सिञ्जा उपत्यकाको लेकपर गाउँमा लामा-विष्णुको मुख्य स्थान छ । लामा-विष्णुलाई मष्ट देवतासरह पूजा गरिन्छ, तर लामा-विष्णुलाई भोग नचढ्ने हुनाले टाटे रोटी, खीर र सातु चढाएर पूजा गरिन्छ । यस स्थानमा लामामार्गी बौद्ध र मष्ट मान्ने खस, बाहुनहरू सबै समान रूपले पूजा गर्न जान्छन् । बूढा थरका खस लामा-विष्णुको धामी बन्ने चलन छ । लामा-विष्णुको धामी हुनेबित्तिकै उक्त व्यक्तिले आफ्नो टुपी फ्याँकेर मुडुलो बन्नुपर्दछ र लामाकै जस्तो रातो बख्खु लगाउनुपर्दछ । लामा-विष्णुको धामी पतुर्दा पनि लामाकै भाषामा पतुर्दछ (जोशी, त्यही: ६३) । यसबाट लामा-विष्णु मूलतः लामामार्गी बौद्ध देवता रहेछन् र पछि उनलाई विष्णु मानेर पूजिएको प्रष्ट हुन्छ । यसमा खसानका खसहरूले जडानका जाडहरूको लामामार्गी बौद्ध देवतालाई आफ्नो संस्कृतिमा अङ्गीकार गरेर खसकरण गरेको पाइन्छ । यस सन्दर्भमा लामा भन्नाले लामामार्गी बौद्धहरूले अति श्रद्धाका साथ मान्ने आर्यावलोकितेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस्-ग्सिग्स्) हुन्' भन्ने बुझिन्छ । अतः लामा-विष्णु मतमा लामा भनेका पद्मपाणि बोधिसत्त्व आर्यावलोकितेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस्-ग्सिग्स्) र विष्णु भनेका स्वयं भगवान् विष्णु हुन् ।

खसानका खस र जडानका जाडहरूको भाषा र संस्कृतिको समन्वयले नेपाली भाषा, संस्कृति र राष्ट्रियताकौ अङ्कुरो टुसाएको छ र उक्त भाषा, संस्कृति र राष्ट्रियताको भावना खसान्त अथवा गण्डकीप्रस्रवणक्षेत्रमा विकास भई पूर्वतिर झ्याँगिएर गएको छ । अतः खसान अथवा कर्णालीप्रस्रवणक्षेत्रमा संयोजित जाड एवं खस परम्पराको समन्वयात्मक संस्कृति लामा-विष्णु मत गण्डकीप्रस्रवणक्षेत्रको मुक्तिक्षेत्रमा आएर मुक्तिनाथको रूपमा प्रतिष्ठापित भएको पाइन्छ ।

खसान्तका बाहुनहरूमा पुर्बिया र कुमाई दुई थरी छन् । पश्चिम नेपालको महाकाली नदीदेखि पूर्वतिर जावेश्वर वा जुम्ला प्रान्तमा बसोवास गर्नेहरू पुर्बिया र महाकाली नदीदेखि पश्चिम कुमाउ प्रान्तमा बसोवास गर्नेहरूलाई कुमाई भनिन्छ । यसैगरी बाहुनहरूमा उपाध्याय र जैसीको भेद पनि पाइन्छ । खस अथवा झर्रा क्षेत्रीका अतिरिक्त बाहुनबाट बनेका बाहुनकै जस्तो थर भएका क्षेत्रीहरू पनि यस क्षेत्रमा छन् । गण्डकीप्रस्रवणक्षेत्रका ठकुरीहरूमा सेन, खान, शाह, शाही, मल्ल आदि छन् । अघि कुनै ठाउँमा ठकुराइँ कायम गरी शासन गरेका क्षत्रीहरूलाई नेपालमा ठकुरी भनिन्छ । बाहुनले ठकुरीनी विवाह गरेर जन्मेका सन्तानलाई हमाल ठकुरी भनिन्छ र यस्ता हमाल ठकुरीहरू पनि गण्डकीप्रस्रवणक्षेत्रमा छन् । गण्डकीप्रस्रवणक्षेत्रका क्षेत्री र ठकुरीहरू कर्णालीप्रस्रवणक्षेत्रका क्षेत्री र ठकुरी जस्ता मतवाली नभएर तागाधारी छन्, तर यहाँका ठकुरीहरूको शारीरिक संरचनामा भने मंगोल प्रकृति पाइन्छ र यिनीहरूको चालचलन पनि गुरुङ र मगरहरूको चालचलनसँग मिल्दोजुल्दो हुन्छ ।

मगरात वा खसान्तदेखि तलतिर गण्डकीप्रस्रवणक्षेत्रको तल्लो भाग महाभारत र चुरे पर्वतश्रृङ्खलादेखि दक्षिणको भाँवर प्रदेशलाई थरुवान वा थरवट भनिन्छ । थारूहरूको बसोवास भएको इलाका हुनाले यस भागलाई थरुवान भनिएको हो । थारूहरूको विषयमा विभिन्न आख्यानहरू पाइन्छन् । वास्तवमा यी थारूहरूले आदिम कालदेखि नै नेपालको तराई क्षेत्रलाई आबाद गरी आएको देखिन्छ । अतः नेपाल तराईलाई जङ्गलको मङ्गल गर्ने श्रेय यिनै आदिवासी थारूहरूलाई नै छ । थारूहरूमा प्राचीन शाक्य, कोलीय र किरात वंशको सम्मिश्रण पाइन्छ । काठमाडौं उपत्यकाका ज्यापू, मगरातका मगर र तराईका यी थारूहरूबीच अन्तर सम्बन्ध पाइन्छ । उनीहरूको शारीरिक संरचना, लवजको ध्वनिप्रक्रिया र अन्य सांस्कृतिक लक्षणहरूबाट यस कुराको निर्क्योल गर्न सकिन्छ । वास्तवमा थारूहरू महाभारतको पहाडी श्रृङ्खला पार गरेर भाँवर प्रदेशमा बस्न गएका किरातहरूकै एउटा शाखा हुन् ।

थारू जातिको बारेमा विशद रूपमा अनुसन्धान गर्ने एस. के. श्रीवास्तवका अनुसार थारू जातिमा अष्ट्रोलोइड वा प्राग्द्रविडियन लक्षण पाईंदैन । थारूहरू मंगोलियन हुन्, जुन जाति अमंगोलियनजस्ता देखिनामा सफल छन् । उहाँकै अनुसार थारू जातिको शारीरिक संरचनामा नेपाली लक्षण बढी पाइन्छ (रजौरे, १९७७: ४, ५) । राहुल सांकृत्यायनका अनुसार हिमालयको तराई अथवा पहाडको किनारमा बसोबास गर्ने रहस्यमय थारू जातिले आफ्नो आसपासमा रहने जातिभन्दा भिन्न पहाडमा रहने मङ्गोल जातिसँग सम्बन्ध राख्दछ (सांकृत्यायन, १९३७: ११५) ।

थारूहरू आफूलाई थरुवा भन्दछन् । थारू शब्दको व्युत्पत्ति र अर्थको बारेमा पनि अनेकन् अवधारणाहरू छन् । इतिहासकालका आरम्भमा थारूहरूको भाषा पनि किरात भाषा अथवा भोट-वर्मेली भाषा नै रहेको अनुमान हुन्छ (आचार्य, २०१०: ११) । भोट-बर्मेली परिवारको खासगरी तिब्बती भाषामा 'पार हुनु' लाई थरवा भनिन्छ । नेपाली र तिब्बती भाषा दुवैमा जुनसुकै जातिको पनि थरको नामकरण उनीहरूको वासस्थान र कर्मको आधारमा भएको पाइन्छ । अतः पहाडी श्रृङ्खला पार गरेर मधेशमा बस्न गएका पहाडी जातिलाई थरवा भनेको देखिन्छ । यो पहाडी जाति प्रारम्भमा पहाडबाट भावर प्रदेशमा झरेर त्यहाँबाट बिस्तारै मधेशतिर सर्दै गएको बुझिन्छ । कालान्तरमा भारततिरबाट बसाई सर्दै आएका जातिसँग थारूहरूको संमिश्रण भई यिनीहरूको रहनसहन एवं बोली भाषाले नयाँ रूप लिएको देखिन्छ । त्यसपछि कालक्रमअनुसार थरवालाई थरुवा र थरुवाबाट नेपाली र हिन्दी भाषामा थारू भनेको हो भन्ने स्पष्ट हुन्छ (गुरुङ, २०३८: ५१-५६) ।

काठमाडौं उपत्यकामा चापागाउँको लिच्छवि राजा शिवदेव प्रथमको अभिलेखमा उल्लिखित स्थरु द्रङ्ग र पाल्पा जिल्लामा नवलपुरदेखि माथि महाभारत पर्वत श्रृङ्खलामा स्थित देउचुलीको कुमारवर्ती माईले आजसम्म पनि काठमाडौं उपत्यका र नेपाल पहाडसँग तराईका थारूहरूको सम्बन्ध गाँसिराखेकै छ । थारूहरूले थारू बाहेकका अन्य तराईवासीहरूलाई बाजी भन्दछन् । यो बाजी शब्द प्राचीन वृज्जि शब्दको विकसित रूप हो (गुरुङ, २०३८: ५१-५६) । नेपाल

तराईको थारू समाजमा अहिले पनि बुद्धकालिक कतिपय वेशभूषा र सांस्कृतिक अवशेषहरू पाइने कुरा विद्वान्हरूको अध्ययनबाट थाहा हुन आएको छ (के.सी. १९७१: ६०- ६१)।

गण्डकीप्रस्रवणक्षेत्रका अञ्चल एवं जिल्ला सदरमुकाम, हटिया र व्यापारिक नाकाहरूमा नेवारहरूको बस्ती पाइन्छ । नेवारहरूको बस्ती भएको सानो बजारलाई हटिया भनिन्छ । गोरखाका राजा राम शाह र पाटनका राजा सिद्धिनरसिंह मल्लको समयदेखि नेवारहरू व्यापार गर्न गण्डकीप्रस्रवणक्षेत्रतिर लागेको देखिन्छ । नेवारहरूले काठमाडौं उपत्यका, भोट र मधेशसँगको व्यापारबाट गण्डकीप्रस्रवणक्षेत्रको आर्थिक समुन्नति र कला कौशलको विकासमा योगदान दिइआएका थिए । यहाँका स्थानीय राजाहरूलाई आर्थिक संकट पर्दा राजालाई नगद सापट दिनसक्ने गरी नेवार साहुहरूले धन कमाएका पनि थिए । पर्वते राजा कीर्तिवम मल्ललाई पर्वत कुश्माका महेश्वर नेवारले रु. १००।- दिई सेवा गरेको कुरा यस सन्दर्भमा स्मरणीय छ (श्रेष्ठ, २०५९: २१३)।

गण्डकीप्रस्रवणक्षेत्रका घाट र टारहरूमा बोटे, दरै र कुमालहरूको बसोबास पाइन्छ । घाटमा डुङ्गा चलाएर जीविका गर्नेलाई पानी बोटे र नदीको बालुवा चालेर सुन निकाल्नेलाई सुना बोटे भनिन्छ । कुमालहरू माटोको भाँडा बनाएर बेच्दछन् । यसैगरी दुरा, ब्रामु, चेपाङ र कुसुण्डा यी अल्पसंख्यक जाति पनि गण्डकीप्रस्रवणक्षेत्रमा पाइन्छन् । कामी, सार्की, दमाई, गाइने र चुरेटा यी व्यावसायिक जातिलाई पनि अन्य जातिका मानिसले आ-आफ्नो क्षेत्रमा लगेर बसालेका छन् । चुरा बेच्ने हुनाले पहाडतिर मुसलमानलाई चुरेटा भन्ने गरिन्छ । अघि चौबीसे राजाहरूकै पालामा आफ्ना रानी रनिवाहरूको श्रृङ्गारको लागि चुरा, धागो, पोते आयात गर्न मुसलमानहरूलाई घरजग्गाको बन्दोबस्त गरी बस्न दिएको बुझिन्छ ।

गण्डकीप्रस्रवणक्षेत्रमा ब्राह्मण पण्डितहरूले वैदिक धर्म, संस्कृति र संस्कृत भाषाको प्रचार प्रसार गरे । कतिपय स्थानको महत्त्व दर्शाउनको लागि उनीहरूले संस्कृत भाषामा त्यस ठाउँका माहात्म्यहरू रचना गरे भने रसिक कविहरूले चाहिँ नेपाली भाषामा रचिएको बालन र भजनको माध्यमबाट कृष्णचरित्र, रामायण, महाभारत र देवीभागवतका कथाहरू रोचक ढङ्गबाट जनस्तरसम्म पुऱ्याइदिए । तिनै ब्राह्मण पण्डित र ज्योतिषीहरूबाट गण्डकीप्रस्रवणक्षेत्रका आदिवासी मगर, गुरुङ आदिले संस्कृत र नेपाली भाषा, देवनागरी लिपि, हिन्दू ज्यौतिषशास्त्र, विभिन्न देवी देवताका स्तोत्र र तन्त्र, मन्त्रहरू सिकेर सामाजिक प्रतिष्ठा आर्जन गर्न सके ।

गण्डकीप्रस्रवणक्षेत्रमा ठकुरीहरूले अनेकन ठकुराईंहरू स्थापना गरे । पश्चिम नेपालको कर्णालीप्रस्रवणक्षेत्र खसानका अपौराणिक मष्ट देवताको पूजागर्ने धामी एवं प्रकृतिवादी खसहरू विस्तारै आर्य संस्कृतितिर उन्मुख हुँदै गण्डकीप्रस्रवणक्षेत्रको खसान्तमा आएर ठकुरीहरूले बसालेका ती ठकुराईंहरूमा हर्ताकर्ता बन्न आइपुगे । ती ठकुरी र खस, बाहुनहरूले प्रकृतिप्रकोप नहोस् भनेर यहाँका आदिवासी गुरुङ, मगरहरूलाई क्षेत्री र ठकुरीसरह खुँडा हान्ने जातको

हक, अधिकार र गाउँको जिम्मावाल मुखिया, गढी गौंडाको द्वारे र कोटको उमराजस्ता महत्त्वपूर्ण प्रशासनिक पदहरू दिएर देशको राजकाजमा सहभागी गराए । यसरी यहाँका आदिवासीहरूले भिन्दै बोली भाषा र धर्म, संस्कृति भएका जातिसँग मिलेर आफ्नो अस्तित्त्व कायम राख्न सफल भए । गण्डकीप्रस्रवणक्षेत्रमा ठकुरी, खस, मगर र गुरुङहरूको एउटा संयुक्त एवं सशक्त सैन्यबल तयार भयो र उक्त सैन्यबल सिङ्गो नेपाल राष्ट्रको निर्माणको लागि अत्यन्त सफलिभूत प्रमाणित भयो ।

पृथ्वीनारायण शाहले आफ्नो सैन्यनीति आक्रमण र प्रतिरक्षाको सम्बन्धमा व्यक्त गरेका यस दिव्य उपदेशबाट यो वास्तविकता अझ राम्ररी स्पष्ट हुन्छ, जस्तै–

पट्टी पट्टीमा सिपाहि, पनि षस् मगर गुरुं ठकुरी इनै चार जात मात्रै षिचोला गरि (छनोट गरी) हाल्नु र तर्वार पर्दा साह्रो हुन्छ. लुहा च्यापन्या (फलामको हतियार लिने अथवा खुँडाहान्ने) पनि इनै चार जात मात्रै हुन् र त (र) वार पर्दा साह्रो हुन्छ र वैरि त क्या इन्द्रको आसन् पनि डगाइन्छ (पन्त र अरू, २०२५: १५३-१५४) ।

गुरुं मगर षान ज्यादा भैयाद भारदार मिर उमराउ थरघर पुराना पुराना जांची घुँडा गौंडामा राख्नु (पन्त र अरू, त्यही: १६२) ।

गण्डकीप्रस्रवणक्षेत्रका कामीहरूले आरन थापेर अझै पनि हाम्रा वीर पुर्खाहरूका वीरताको चिह्न खुँडा, खुकुरी र तरबार उजिल्याएर तन्दुरुस्त पारिराखेका छन् । यहाँका नगर्चीहरूले अझै पनि हाम्रा विजयदुन्दुभिहरू घन्काइरहेका छन् भने शहनाईबाजहरूले आफ्नो शहनाईको सुरमा अनेकन् राग रागिनीहरू सुरक्षित राखिराखेका छन् । गाइनेहरूले अर्बाजो र सारङ्गीको सुरमा भगवती माईको रागमालश्री अझै गाउँदैछन् र कर्खा रचेर हाम्रा वीर पुर्खाहरूका गौरवगाथालाई जोगाइराखेका छन् । यसरी गण्डकीप्रस्रवणक्षेत्रमा सिङ्गो नेपाल राष्ट्रको निर्माणको लागि एउटा भूमिका तयार भयो, यसको एउटा प्राग्रूप बन्यो र त्यस कार्यमा यहाँका सबै वर्गका मानिसहरूको आ-आफ्नो क्षेत्रबाट आ-आफ्नै किसिमको योगदान रह्यो ।

गण्डकीप्रस्रवणक्षेत्रमा विभिन्न हावापानी भएको ठाउँमा बसोबास गर्ने, विभिन्न शारीरिक संरचना भएका, विभिन्न थरी भाषा बोल्ने र रीतिथिति मान्ने नेपालीहरूको सङ्गालो पाइन्छ । यिनीहरू सँगसँगै मिलेर घाँस, दाउरा गर्दछन्, मेला-पात र हाट, बजारमा जान्छन् ! विभिन्न तीर्थहरूमा गएर आ-आफ्ना सुख-दुःख पोख्दछन् । सँगै मिलेर विभिन्न पर्वहरू मनाउँदछन् । यिनै अनेकतामा एकता भएका विविध जातिहरूको स्वच्छ हृदयको मधुर स्पन्दनको संगम नै बृहत् नेपाल राष्ट्रको प्राण हो । गण्डकीप्रस्रवणक्षेत्रको सरल जनजीवनको प्रत्येक मुटुको ढुकढुकीले यही कुरा भनिरहेको छ ।

# दोस्रो अध्याय
# गोसाइँकुण्डदेखि दामोदरकुण्डसम्म

## गोसाइँकुण्ड

नेपालका अनेक तीर्थस्थलहरू मध्ये गोसाइँकुण्ड पनि एउटा प्रमुख तीर्थस्थल हो । गोसाइँकुण्ड लामटाङ् हिमालको दक्षिणी काखमा समुद्री सतहबाट ४३८० मिटरको उचाइमा अवस्थित छ (गुरुङ, १९८०: ४०२) । हिमवत्खण्डपुराणमा गोसाइँकुण्डअवस्थित हिमालय पर्वतलाई नीलाद्रि (नील पर्वत) भनेको छ (योगी, २०१३: सं: १०२; ने: १०१) । गोसाइँ शब्दले जोगी वा योगीलाई बुझाउँदछ र पौराणिक आख्यान एवं जनविश्वासअनुसार गोसाइँकुण्डको सम्बन्ध नीलकण्ठ महादेवसँग रहेको छ । महादेव वा शिवलाई योगीश्वर मानिने कुरा यस सन्दर्भमा स्मरणीय छ ।

हिमवत्खण्डपुराणको नीलकण्ठ उत्पत्तिनामक पैंतालिसौं अध्यायमा नीलकण्ठह्रद (गोसाइँकुण्ड) को उत्पत्ति बारे यस प्रकार वर्णन गरिएको छ–

अघि देवता र दानवहरूले समुद्र मन्थन गर्दा समुद्रबाट निस्केकी लक्ष्मीलाई विष्णुले लिए; उच्चैश्रवा घोडा सूर्यले लिए; धनु स्कन्दले लिए, ऐरावत हात्ती र कल्पवृक्ष इन्द्रले लिए । अन्तमा समुद्रबाट हलाहल विष निस्क्यो र संसारलाई दग्ध गर्न थाल्यो । त्यसपछि सबै देवता र दानवहरू शिवजीको शरणमा गए । शिवजीले संसारलाई दग्ध हुन, नदिनको लागि हलाहल विष खाइदिए । नीलोवर्णको हलाहल विष शिवको कण्ठमा गएर बस्यो । त्यसपछि देवता र दानवहरूले शिवलाई नीलकण्ठ महादेव भनेर स्तुति गरे ।

हलाहल विष खाएपछि शिवलाई क्षुब्ध भयो र अघि गौरीको पसिनाबाट उत्पन्न भएको कुण्डमा जान्छु भनी शिवजी वेत्र (बेत) को लौरो टेकेर हिमालय पर्वततिर लागे । बाटोमा थकाइ मारेपछि वेत्र (बेत) को लौरो त्यहीं छोडेर शिवजी उकालो लागे । शिवले वेत्र (बेत) को लौरो छोडेको ठाउँबाट गंगा उत्पन्न भइन् । शिव वेत्रबाट उत्पन्न भएको हुनाले उक्त गंगाको नाम वेत्रावती रह्यो । त्यसपछि चन्दनाचल (चन्दनको पर्वत वर्तमान चन्दनवारी) को बाटोबाट भगवान् शिव नीलाद्रि अथवा नीलकण्ठ हिमालतिर लागे । नीलाद्रिको नितम्बभाग (मध्यभाग) मा पुगेपछि भगवान् शिवले नीलाद्रिको पाखामा आफ्नो त्रिशूल गेपे । त्यसबाट पानीको निर्मल तीनवटा धारा उत्पन्न भए । त्यस धाराको निर्मल पानीबाट ह्रद (कुण्ड) तयार भयो । त्यसपछि नीलकण्ठ भगवान् शिव त्यस निर्मल कुण्डको बीचमा गएर सुते र हलाहल विष खाएर क्षुब्ध भएका नीलकण्ठ शिवलाई शान्ति प्राप्त भयो । यसरी नीलकण्ठ भगवान् शिव शान्तपूर्वक सुतेको हुनाले उक्त कुण्ड नीलकण्ठह्रदको नामबाट प्रख्यात भयो । त्यसपछि नीलकण्ठ भगवान् शिवको त्रिशूलबाट उत्पन्न भएका तीनवटा धाराको निर्मल जल क्रमशः नीलकण्ठह्रद (गोसाइँकुण्ड), भैरवकुण्ड र सरस्वतीकुण्डमा परिणत भई त्यसबाट नदीरूपमा बगिन् । यसरी भगवान् शिवको त्रिशूलबाट उत्पन्न भएकोले उक्त नदी त्रिशूली गंगाको नामबाट प्रख्यात भइन् । त्यसपछि नीलकण्ठ भगवान् शिवले गणेश र

क्षेत्रपाललाई नीलकण्ठह्रद (गोसाइँकुण्ड) को रक्षाको लागि खटाए । नीलकण्ठह्रद (गोसाइँकुण्ड) को पश्चिम दिशामा आ-आफ्ना गणसहित लौरी विनायक र दण्डपाणि क्षेत्रपाल रहेका छन् । अतः ती दुईको दर्शन गरेर नीलाद्रिको यात्रा र नीलकण्ठह्रद (गोसाइँकुण्ड) को स्नानगर्दा पुण्य प्राप्त हुन्छ (योगी, त्यहीः सः १००–१०२; नेः १००- १०१) ।

नीलकण्ठह्रद (गोसाइँकुण्ड) का अतिरिक्त नीलकण्ठ हिमालयको परिसरमा अवस्थित भैरवकुण्ड, सरस्वतीकुण्ड (ब्रह्मकुण्ड), चन्द्रकुण्ड, सूर्यकुण्ड, गौरीकुण्ड आदिको माहात्म्यको पनि हिमवत्खण्डपुराणमा उल्लेख छ । यस क्षेत्रमा साना ठूला १०८ कुण्ड छन् भन्ने विश्वास गरिन्छ । भैरवकुण्डमा विष्णु र सरस्वतीकुण्डमा ब्रह्माले शयन गर्नुभएको वर्णन पनि हिमवत्खण्डपुराणमा पाइन्छ । यसैगरी श्रावणशुक्लपूर्णिमाको दिनमा गङ्गादि सबै तीर्थहरू नीलकण्ठह्रद (गोसाइँकुण्ड) मा उपस्थित हुने हुनाले त्यस पर्वमा गोसाइँकुण्डमा स्नान गर्नाले जन्मजन्मान्तरको कर्मविपाक र कुष्ठादि महारोगहरू नाशहुने, पितृहरू मुक्त हुने र ठूलो पुण्यलाभ हुने कुरा हिमवत्खण्डपुराणको नीलकण्ठमाहात्म्यमा उल्लेख छ (योगी, त्यहीः सं. १०४–१०६; नेः १०२-१०६) ।

नीलकण्ठह्रद (गोसाइँकुण्ड) को तीर्थयात्रा दक्षिणावर्तनद्वारा गर्ने चलन छ । वेत्रगङ्गा (वेत्रावती) र त्रिशूलीको संगममा नुहाएर संकल्प गरी नीलाद्रिको तीर्थयात्रा गरी नीलकण्ठह्रद (गोसाइँकुण्ड) मा स्नान गर्ने विधानको हिमवत्खण्डपुराणको नीलकण्ठतीर्थयात्राप्रकरणमा उल्लेख छ (योगी, त्यहीः सं. १०६, नेः १०६) । गोसाइँकुण्डमा स्नान गरेपछि कुण्डलाई दक्षिणावर्तले परिक्रमा गरी सुन्दरीजलको बाटोबाट आएर गोसाइँकुण्डको पवित्र जल, भैरवपाती र सुनपाती भगवान् पशुपतिनाथलाई चढाएर तीर्थयात्रीहरू घर फर्कने परम्परा रही आएको छ ।

नीलकण्ठह्रदलाई नेपाली भाषाको बोलीचालीको शब्दमा गोसाइँकुण्ड भने जस्तै यस कुण्डलाई नेवारी भाषामा शिलु भनिन्छ । नेवारी भाषाको यो शिलु शब्द शिवल्हुति शब्दको छोटकरी रूप हो । मध्यकालिन ऐतिहासिक कागजपत्रहरूमा गोसाइँकुण्डलाई श्री ३ नीलकण्ठह्रद, नीलकण्ठ र शिवल्हुति भनेको पाइन्छ (तेवारी, २०२१ः ४२-४३; राजवंशी, २०२३ः १९) । शिव यो संस्कृत भाषाको शब्द हो भने ल्हुतिचाहिँ नेवारी भाषाको शब्द हो । ल्हुतिको अर्थ स्नान भन्ने हुन्छ । चैत्रशुक्लपूर्णिमालाई नेवारी भाषामा ल्हुतिपुन्हि भनिन्छ । यस दिन बालाजुको बाइसधारामा स्नानगर्ने परम्परा छ । यसबाट पनि ल्हुति शब्दको स्नान भन्ने अर्थ गर्न सजिलो हुन्छ । अतः नेवारी भाषाको शिवल्हुति शब्दको अर्थ शिवस्नानतीर्थ भन्ने हुन आउँछ ।

हिमवत्खण्डपुराणको एउटा प्रसङ्गमा देवता र दानवहरूले समुद्रमन्थन गर्दा निस्केको हलाहल विष पिएर क्षुब्ध भएका नीलकण्ठ महादेव नीलकण्ठह्रद (गोसाइँकुण्ड) को मध्यभागमा गएर सुतेको उल्लेख छ भने हिमवत्खण्डपुराणकै नीलकण्ठमाहात्म्य देवलोकवरदानमाहात्म्यको अध्यायमा चाहिँ कालान्तरमा महादेवका दोस्रा मूर्ति भीमसेन धेरै पर्वतहरू नाघेर नीलकण्ठह्रद (गोसाइँकुण्ड)

मा नुहाउन आएको र ब्रह्माको शिर काटेको पापले कुष्ठरोगबाट लिप्त भएका ईश (महादेव) कुष्ठ रोगको निवृत्तिको लागि नीलकण्ठह्रद (गोसाइँकुण्ड) को मध्यभागमा सुखसाथ सुतेको उल्लेख छ (योगी, त्यही: सं: १०२; ने: १०२)।

हनूमान्लाई त्रेतायुगको महावीर र भीमसेनलाई द्वापरयुगको महावीर मानिन्छ । त्रेतायुग र द्वापरयुगका यी दुवै महावीरलाई रुद्रका अवतार हुन् भनेर विश्वास गरिन्छ । त्यसकारण भीमसेनलाई भीमेश्वर पनि भनिन्छ । विशेषत: भीमसेन वा भीमेश्वरलाई व्यापारिक समृद्धिको देवता मानिन्छ । अत: व्यापारवृत्तिका नेवारहरू भीमसेन वा भीमेश्वरलाई व्यापारको मुख्य देवताको रूपमा मान्दछन् ।

शिलुतीर्थ वा गोसाईंकुण्ड तीर्थयात्रामा महादेव र पार्वतीले अनेक रूप लिएर तीर्थयात्रीहरूको पाप-पुण्य जाँच्दछन् भन्ने लोकविश्वास छ । एक पटक महादेव एउटा कुष्ठरोगीको रूपमा बाटोमा बसेर तीर्थयात्रीहरूसँग उनलाई पनि शिलुतीर्थ- गोसाईंकुण्ड पुऱ्याइदिनको लागि अनुनय गरिरहेका थिए, तर कसैले पनि वास्ता गरेनन् र सबै उनीबाट पर सरे । अन्तमा ललितपुरको एउटा ज्यापूले ती कुष्ठरोगीलाई बोकेर शिलुतीर्थ- गोसाईंकुण्ड पुऱ्याइदिए । गोसाईंकुण्ड पुगेपछि उक्त कुष्ठरोगी अलप भयो । उनी ता स्वयं भगवान् शिव रहेछन् । भगवान् शिवको प्रसादबाट उक्त ज्यापू धनधान्यले पूर्ण भयो भन्ने किंवदन्ती नेवार समुदायमा प्रचलित छ । यसरी स्वयं शिवले स्नान गरेको कुण्ड भएकोले नीलकण्ठह्रद (गोसाइँकुण्ड) लाई नेवारी भाषामा शिवल्हुति भनेको र त्यसको छोटकरी रूप शिलु हो भन्ने स्पष्ट हुन्छ ।

शेर्पाहरूले गोसाईंकुण्डलाई घ्यो भन्दछन् भने तामाङहरूले चाहिँ ङ्ह्यें भन्दछन् । यी घ्यो र ङ्ह्यें शब्दहरू तिब्बती भाषाको छो (ति: म्छो) शब्दको शेर्पा र तामाङ भाषाको रूप हो । तिब्बती भाषाको छो शब्दको अर्थ सरोवर वा कुण्ड हो । अत: शेर्पा भाषाको घ्यो र तामाङ्ग भाषाको ङ्ह्यें शब्दले कुण्ड भन्ने अर्थ बुझाउँछ । गुरुङ भाषामा पोखरी, कुण्ड वा सरोवरलाई ङ्ह्यों भनिन्छ । यसबाट पनि शेर्पा भाषाको घ्यो र तामाङ भाषाको ङ्ह्ये शब्दको कुण्ड भन्ने अर्थ गर्न सजिलो हुन्छ ।

आजकल अक्षयतृतीया, दशहरा र श्रावणशुक्लपक्षको पंचमीदेखि श्रावणशुक्लपूर्णिमासम्म गोसाइँकुण्डको स्नान गर्ने गरिन्छ । यातायात र बसोबासको सुविधाले गर्दा यसरी आफ्नो अनुकूल पारेर गोसाइँकुण्डको तीर्थयात्रा र स्नान गर्ने गरेको हुनसक्छ, तर गोसाइँकुण्डस्नानको मुख्य पर्वचाहिँ श्रावणशुक्लपूर्णिमा हो । श्रावणशुक्लपूर्णिमाका दिन गङ्गादि सबै तीर्थहरू नीलकण्ठह्रद (गोसाइँकुण्ड) मा उपस्थित हुन्छन् भन्ने हिमवत्खण्डपुराणको नीलकण्ठमाहात्म्यको वचन यस अघि नै उल्लेख भइसकेको छ ।

आषाढशुक्लपूर्णिमालाई गुरूपूर्णिमा मानिन्छ तापनि श्रावणशुक्लपूर्णिमाको सम्बन्ध ज्ञानसँग रहेको छ । त्यसैले श्रावणशुक्लपूर्णिमाका दिन ज्ञानका स्रष्टा एवं द्रष्टा ऋषिहरूलाई श्रद्धाकासाथ तर्पण गरिन्छ । अत: श्रावणशुक्लपूर्णिमाको अर्को

नाम ऋषितर्पणी पनि हो । यस दिन तागाधारीहरूले जनै फेर्ने हुँदा श्रावणशुक्लपूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ । तामाङ र शेर्पाका धामी, झाँक्रीहरूले ता श्रावणशुक्लपूर्णिमालाई नै गुरूपूर्णिमाको रूपमा मान्दछन् । अतः तामाङ र शेर्पाका धामी झाँक्रीहरू विद्या साधनको लागि श्रावणशुक्लपूर्णिमाको दिन गोसाइँकुण्डको द्यौ धाम गर्न जान्छन् ।

ती धामी झाँक्रीहरू गोसाइँकुण्डको द्यौ धाम गर्न जाँदा सेतो जामा, मुजुरको प्वाँखको मुकुट, स-साना घण्टी र रुद्राक्षको माला लगाएर आफ्नो घरबाट नै बाटोभरी ढ्याङ्ग्रो ठोकेर विद्या फलाक्दै गोसाइँकुण्ड पुग्दछन् । झाँक्रीको साथमा महिला र पुरुषको समूह पनि हुन्छ, जुन समूहका महिला र पुरुषले अनेक ज्ञानगुनका कुरा र प्रकृतिको वर्णनलाई दोहोरी गीतको रूपमा गाउँदछन् । झाँक्रीहरू गोसाइँकुण्ड पुगेपछि आफ्नो कलशमा त्रिशूलधाराको चोखोपानी भरेर त्यसमा भैरवपाती, सुनपाती र धूपी फूल सिउरन्छन् र विद्या साध्दछन् । गोसाइँकुण्डको द्यौ धाम सकेर घर फर्कंदा पनि त्यसरीनै दोहोरी गीतको साथमा ढ्याङ्ग्रो ठोकेर विद्या फलाक्दै आउँछन् र आफ्नो घरमा आइपुगेपछि पनि विधिविधानअनुसार गोसाइँकुण्डको चोखोपानी भरेर ल्याएको कलशमा विद्या साधेर पूजा गर्दछन् । त्यसपछि आफ्नो साथमा गएका तीर्थयात्री र आफन्तहरूलाई भोज खुवाउँदछन् ।

जनैपूर्णिमाको दिनमा गोसाइँकुण्ड जान नसकेका धामी झाँक्रीहरू ललितपुरको कुम्भेश्वरको कुण्डमा विद्या साध्न आउँछन् । कुम्भेश्वरको कुण्डमा गोसाइँकुण्डको पानी आउँछ भन्ने विश्वास छ । अघि एउटा जोगीको गोसाइँकुण्डमा हराएको लोटा कुम्भेश्वरको कुण्डमा फेला परेको थियो रे भन्ने किवंदन्ती छ । यो किवंदन्ती गोसाइँकुण्ड र कुम्भेश्वरको कुण्डबीच समन्वय स्थापना गर्न प्रचार गरेको बुझिन्छ ।

ललितपुरको कुम्भेश्वरकुण्डको अतिरिक्त काठमाडौंको पश्चिमपट्टिको पाँचमाने भञ्ज्याङमाथिको तारकेश्वरमा पनि पानीको कुण्ड अवस्थित छ । यहाँ पनि जनैपूर्णिमाको दिन मेला लाग्दछ र गोसाइँकुण्ड जान नसक्ने यस भेकका धामी, झाँक्रीहरू जनैपूर्णिमाका दिन द्यौ धाम गर्न तारकेश्वरको कुण्डमा आएर विद्या साध्ने विधि विधान गर्दछन् ।

मध्यकालदेखि हिमवत्खण्डपुराणका अतिरिक्त अन्य ऐतिहासिक कागजपत्रहरूमा पनि गोसाइँकुण्डसम्बन्धी उल्लेख पाइन्छ । मध्यकालिक नेपालका राजा जयस्थिति मल्लको समयमा मरुसत्तल (काष्ठमण्डप) का कापालिकहरू प्रत्येक वर्ष गोसाइँकुण्डमा मेला भर्न गई त्यहाँबाट फर्केर आएपछि चक्रपूजा गरेर भोज खान्थे । यसको लागि गुठीको व्यवस्था गरिएको थियो (वज्राचार्य, २०३३:४९) । आजकल पनि नाथ सम्प्रदायका कनफट्टा जोगीहरूले पात्रदेवतालाई जनैपूर्णिमाको अवसरमा मेला भर्न गोसाइँकुण्डमा लैजाने गर्दछन् । यो पात्रदेवतालाई ६ महिना मृगस्थलीको गोरखनाथको अखडामा र ६ महिनाचाहिँ दक्षिणकालीमा राखिन्छ । सम्भवतः गोरखनाथ वा अरू कुनै सिद्धले प्रयोग गर्ने गरेको नरकपालको आकृतिको पात्रलाई पात्रदेवताको रूपमा मानेको बुझिन्छ ।

यसरी आजसम्म पनि प्रचलित यस परम्परालाई जयस्थिति मल्लको समयको उपर्युक्त प्रचलनको अवशेषको रूपमा मान्न सकिन्छ ।

यक्ष मल्ल स्वयं शिवल्हुति (गोसाइँकुण्ड) को तीर्थयात्रामा गएको वर्णन पाइन्छ । केशर पुस्तकालयको संग्रहमा रहेको सुमतिसिद्धान्तटीकानामक पुस्तकमा ने.सं. ५६७ (वि.सं. १५०४) को भाद्रशुक्लतृतीयाका दिन यक्ष मल्लले शिवल्हुति (गोसाइँकुण्ड) तिर प्रस्थान गरेको र भाद्रशुक्लद्वादशीका दिन गोसाइँकुण्डमा स्नानगरी भाद्रकृष्णचतुर्थीका दिन चाँगुनारायण र पशुपतिनाथको दर्शन गरी राजदरबार फर्केको उल्लेख छ (राजवंशी, २०२३:१९) ।

प्रताप मल्लले रानीपोखरी निर्माण गरी त्यस पोखरीलाई विभिन्न तीर्थको जलले परिपूर्ण गराउने क्रममा नीलकण्ठह्रद (गोसाइँकुण्ड) को ६३ भारी जल ल्याएका थिए । यसैगरी रानीपोखरीमा राख्नको लागि त्रिशूली गण्डकीबाट पनि जल ल्याइएको थियो (वज्राचार्य र श्रेष्ठ, २०३२: ४९) । त्यसपछि प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल दुवै दाजु भाइले गोसाइँकुण्डको तीर्थयात्रा गरे । त्यससम्बन्धी विवरण यस प्रकार छ । पार्थिवेन्द्र मल्ल र भाइ महीपतेन्द्र मल्ल गोसाइँकुण्ड जान भनी पश्चिमतिर गए । त्यस दिन नारसिमा वास पर्‍यो । यसको भोलिपल्ट दशमीका दिन ज्याथमानेमा वास पर्‍यो । यसको भोलिपल्ट एकादशीका दिन थंथुरज्जामा वास पर्‍यो । यसको भोलिपल्ट द्वादशीका दिन पाकु नथवनमा वास पर्‍यो । यसको भोलिपल्ट त्रयोदशीका दिन शिर्थिखुमा वास पर्‍यो । यसको भोलिपल्ट चतुर्दशीका दिन चन्दनसिंमा बास पर्‍यो । यसको भोलिपल्ट श्रावणशुक्लपूर्णिमाका दिन पार्थिवेन्द्र मल्लले श्री ३ नीलकण्ठकुण्डको दक्षिणतिर शिवलिङ्ग स्थापना गरे । फर्कँदा धैबुङ्गको बाटोगरी नुवाकोट आएर श्री ३ गण्डकी भैरवको पूजा गरेर कान्तिपुर आए (वज्राचार्य र श्रेष्ठ, त्यहीँ: ५०-५१) । यसैगरी भूपालेन्द्र मल्ल र राजमाता ऋद्धिलक्ष्मीले ने.सं. ८१४ (वि.सं. १७५१) मा गोसाइँकुण्डको तीर्थयात्रा गरेका थिए (नेवारी, २०२१: ४३) । कान्तिपुरका मल्ल राजाहरू राजगद्दीमा बसेको पहिलो वा दोश्रो वर्षमा गोसाइँकुण्डको स्नान गर्ने गर्दथे (श्रेष्ठ, २०४४: ३१) ।

भारतबाट नीलकण्ठह्रद (गोसाइँकुण्ड) को तीर्थयात्रामा आउने साधु, सन्तहरूमा पृथ्वीनारायण शाहलाई खड्गसिद्धि गरिदिने काशीका सिद्ध गुलावराम अबस्ती पनि एकजना थिए । गोसाइँकुण्डमा स्नान गरेर फर्केका यी सिद्ध अबस्तीले बाटामा नुवाकोटमाथि आक्रमण गर्न लागिरहेका पृथ्वीनारायण शाहका सैनिक गतिविधि देखेका थिए । त्यसपछि गोसाइँकुण्ड जाने तीर्थयात्रीहरूलाई कष्ट रहेछ, उक्त तीर्थयात्राको लागि सदावर्त र पाटी, पौवाको वन्दोवस्त गरिदिने वचन दिने भए म खड्गसिद्धि गरिदिन्छु भनी ती सिद्धले पृथ्वीनारायण शाहका भारदारसँग कुरा गरेछन् । पछि काशीयात्राको अवसरमा ती सिद्ध गुलावराम अबस्तीसँग पृथ्वीनारायण शाहको भेट भयो । पृथ्वीनारायण शाहले गोसाइँकुण्ड जाने तीर्थयात्रीहरूको लागि सदावर्त र पाटी, पौवाको बन्दोवस्त गरिदिने कवोल गरेपछि ती सिद्ध अबस्तीले अनुष्ठान गरेर पृथ्वीनारायण शाहलाई खड्ग प्रदान गरे । सिद्ध अबस्तीले पृथ्वीनारायण शाहलाई दिएको सो खड्ग अहिलेसम्म पनि

हनूमान्ढोकाकोट भण्डारमा सुरक्षितसाथ राखिएको छ (वज्राचार्य र श्रेष्ठ, उही: ५९-६०)।

नुवाकोट जितेपछि पृथ्वीनारायण शाहले गोसाइँकुण्डको स्नान गरेका थिए (श्रेष्ठ, उही: ३१)। पृथ्वीनारायण शाहले आफूलाई खड्ग सिद्धि गरिदिएका काशीका सिद्ध गुलाबराम अबस्तीलाई गोसाइँकुण्ड जाने तीर्थयात्रीहरूको सुविधाको लागि सदावर्तको गुठी राख्न नुवाकोटको धैबुङ्ग विर्ता दिएका थिए। सिद्ध अबस्तीले मुख्तियार रङ्गननाथ पौडेलका बाजे जयमङ्गल पौडेललाई उक्त सदावर्त चलाउने जिम्मा दिएका थिए। प्रतापसिंह शाहको मृत्युपछि जयमङ्गल पौडेलका छोरा व्रजनाथ पौडेललाई राजेन्द्रलक्ष्मी र रणबहादुर शाहको गाथ नास्ने र कुकर्म गर्ने अपराध लागेर जातपतित गरी देशनिकाला गर्दा उनको सर्वस्वसँगसँगै गोसाइँकुण्डको सदावर्त गुठी पनि हरण गरिएको थियो। पछि गीर्वाणयुद्धविक्रम शाहको पालामा माहिला रानी सुवर्णप्रभाले धैबुङ्गको उक्त गुठी थामिदिएका थिए (वज्राचार्य र श्रेष्ठ, उही: ३५९ -३६५)। नेपालका शासक एवं भारदारहरूले पछिसम्म पनि गोसाइँकुण्डको तीर्थयात्रा गर्ने गरेको पाइन्छ। वि.सं. १९१८ मा जङ्गबहादुर राणाले गोसाइँकुण्डको यात्रा गरेका थिए (नेपाल, २०४०: २५३०)।

नीलकण्ठह्रद (गोसाइँकुण्ड) नेपाल उपत्यकाको उत्तरतर्फ हिमालयको काखमा अवस्थित एउटा रमणीय एवं ठूलो कुण्ड हो। यस भेकमा यस्ता ठूला साना १०८ कुण्डहरू छन् भन्ने विश्वास गरिन्छ, जसमध्ये एउटा पहरोबाट निस्केको तीनवटा पानीको धाराबाट बनेको ठूलो कुण्डलाई नीलकण्ठह्रद (गोसाइँकुण्ड) को रूपमा मान्यता दिइएको छ। अत: प्राकृतिक एवं धार्मिक दृष्टिले गोसाइँकुण्डको महत्त्व रहेको छ। गोसाइँकुण्डप्रति केवल शेर्पा र तामाङका धामी, झाँक्री, तिब्बती लामा बौद्ध धर्मका अनुयायी र स्थानीय जनता मात्र नभएर बौद्ध नेवारहरूका अतिरिक्त नेपाल र भारतका हिन्दूधर्मावलम्बीहरूको श्रद्धा र विश्वास रहेको छ। यसरी गोसाइँकुण्डप्रतिको जनभावनामा धार्मिक सहिष्णुता र सांस्कृतिक समन्वयको भाव पाइन्छ।

सुगौली सन्धिपछि शान्तिको शास फेर्न बडाकाजी अमरसिंह थापा गोसाइँकुण्ड गएका थिए र त्यहीं नै उनले आफ्नो देह त्याग गरेका थिए। यसरी नेपालको एउटा राष्ट्रवादी एवं स्वाभिमानी सपुतले आफ्नो जीवनको अन्तिम क्षणमा शान्तिको शास फेरेको गोसाइँकुण्ड हामी नेपालीहरूका लागि केवल प्राकृतिक एवं धार्मिक दृष्टिले मात्र नभएर राष्ट्रिय गौरव र स्वाभिमानको दृष्टिले पनि महत्त्वपूर्ण छ।

सप्तगण्डकीमध्ये कालीगण्डकीको मुहान दामोदरकुण्डलाई विष्णुसँग र त्रिशूली गंगाको मुहान गोसाइँकुण्डलाई शिवसँग सम्बद्ध मानिएको छ। काली र त्रिशूली यी दुवै नदीको देवघाटमा गएर संगम हुन्छ। विष्णु र शिवको अभेदात्मक मतको नाम हरिहर मत हो। अत: काली र त्रिशूलीको संगम देवघाटलाई हरिहरक्षेत्र मानिएको हो।

यसरी यी कुण्डहरू र त्यसबाट प्रवाहित नदी, तिनका संगम र तिनीहरूको प्रस्रवणक्षेत्रमा रहेका तीर्थस्थलहरूप्रतिको जनविश्वास र अवधारणाले विभिन्न मतमतान्तरहरूको बीचमा समन्वय ल्याउने उद्देश्य लिएको बुझिन्छ । यस परिप्रेक्ष्यमा नीलकण्ठह्रद (गोसाईँकुण्ड) को प्राकृतिक, धार्मिक एवं राष्ट्रिय महत्त्व सधैं सबैको लागि अविस्मरणीय हुनेछ ।

## ने नकथली

रसुवाको नकथली गुम्बा ने नकथलीको नाउँबाट प्रसिद्ध छ । नकथली गुम्बामा लागेको ने विशेषण उल्लेखनीय छ । तिब्बती भाषामा तीर्थलाई ने (तिः ग्नस्) भनिन्छ । अतः रसुवाको नकथली गुम्बा केवल एउटा सामान्य गुम्बा मात्र नभएर तीर्थस्थलको रूपमा प्रसिद्ध रहेको स्पष्ट हुन्छ । यो गुम्बा डुग्प कग्यु सम्प्रदायको गुम्बा हो । तिब्बती लामा बौद्ध धर्मका चार सम्प्रदाय निङ्मा, कग्यु, सक्य र गेलुकमा कग्यु सम्प्रदाय आफ्नो मन्त्रचर्या र सिद्धिको लागि प्रसिद्ध छ । कग्यु सम्प्रदायका पनि विभिन्न उप सम्प्रदायहरू छन् । त्यसमध्ये डुग्प कग्यु पनि एउटा हो ।

कग्यु सम्प्रदायले आफूलाई बुद्धवचन (तिः ब्क) को परम्परा (तिः र्ग्युद्) मा आधारित मत मान्दछ । अतः यस सम्प्रदायलाई कग्यु (तिः ब्क-र्ग्युद्) सम्प्रदाय र यस सम्प्रदायका अनुयायीहरूलाई कग्युपा (तिः ब्क-र्ग्युद्-प) अथवा बुद्धवचनपरम्पराअनुयायी भनिएको हो । कग्यु सम्प्रदायका प्रवर्तक मार्पा छ्योए कि लो डोए (ई. १०१२-९६) हुन् । मार्पा छ्योए कि लो डोएले भारतको विक्रमशील महाविहारका महासिद्ध नाडपाद (तिः नारो पा) सँग चक्रसम्वरतन्त्र अध्ययन गरेका थिए । तिब्बतमा संस्कृत भाषा पढिसकेपछि मार्पा नेपाल आए । नेपालमा तीनवर्ष बसेर यिनले नेपाली पण्डितहरूसँग तन्त्रशास्त्रको अध्ययन गरे । त्यसपछि नारो पाको दर्शन गर्न पैण्डपाटिकनामक एकजना नेपाली पण्डितसँग मार्पा भारत गए । त्यसपछि पनि दुई पटक नेपाल आएर मार्पाले नेपाली पण्डितहरूबाट ज्ञान प्राप्त गरेका थिए (ज्ञवाली, २०१९ : २७१) ।

मार्पाका गुरु नारो पा काश्मीरी ब्राह्मण हुन् । नारो पाका गुरु तिलो पा हुन् । तिलो पाको जन्म बङ्गालको चटगाउँमा भएको थियो । तिलो पा र नारो पाको गणना ८४ सिद्धमा हुन्छ । स्वयं तिलो पा र नारो पा नेपाल आएर तन्त्र-साधना गरेको विश्वास गरिन्छ । पशुपतिमा आर्यघाटदेखि उत्तरतिर सूर्यघाटमा वाग्मतीको दायाँ किनारा कैलाशको फेदमा अवस्थित एउटा गुफालाइ तिलो पा र अर्को एउटा गुफालाई नारो पाले तन्त्रसाधना गरेको गुफा मानिन्छ (ज्ञवाली, त्यहीः २५७) । नारो पाका नेपाली चेलाहरू पनि थिए । नारो पाका नेपाली चेलाहरूमा फर्पिङका वागीश्वरकीर्ति प्रमुख थिए । वागीश्वरकीर्ति गुह्यसमाजतन्त्रका विशेषज्ञ थिए । यसका साथै वागीश्वरकीर्ति भारतको विक्रमशील महाविहारको पश्चिम द्वारका द्वारपण्डित पनि भएका थिए (ज्ञवाली, त्यहीः २७०) ।

मार्पापछि यिनका चेला मिलरेपा (ई. १०४०- ११२३) को समयमा यिनको योगचर्याले गर्दा कग्यु सम्प्रदायको महिमा अझ धेरै बढ्यो । मिलरेपा स्वयं नेपाल आएका थिए । भक्तपुरबाट नगरकोट जाने बाटोमा अवस्थित लामा पाँगो अथवा ल्हासा पागुको गुफालाई मिलरेपाले तपस्या गरेको गुफा मानिन्छ । मिलरेपाले रचेको दोहामा उनले नेपाली रुवाले तगेको बडो सुबिस्ताको ओढ्नेले आफ्नो आङ ढाकेको उल्लेख छ (ज्ञवाली, त्यही : २७१) ।

कग्यु सम्प्रदायको गुरु परम्परा (तिः ब्ल-रब्) मा तिलो पा, नारो पा, मार्पा र मिलरेपाको नाम आउँछ । कग्यु सम्प्रदायले चक्रसम्वर (तिः ब्दे-म्छोग्-'खोर-लो) लाई इष्टदेवता (तिः यि-दम्) मान्दछ । यसैगरी ज्ञानडाकिनी वज्रवाराही (तिः ये-शेस्-क्यि-मख'-ग्रो-म-र्दो-र्जे-फग्-मो) लाई डाकिनी र श्रीज्ञानचतुर्बाहु महाकाल (तिः द्पल-ये-शेस्-मृगोन्-पो-फ्यग्-ब्शि-प) लाई धर्मपाल (तिः छोस्-क्योङ्) मान्दछ । चक्रसम्वरतन्त्र (तिः ब्दे-म्छोग्-'खोर-लोहि-र्ग्युद्) कग्यु सम्प्रदायको आधारभूत ग्रन्थ हो । चक्रसम्वरतन्त्रमा इन्द्रियहरूको विषय ग्रहण गर्ने आसक्तिलाई त्यागेर स्वभाव अथवा चित्तलाई शुद्ध राखी शून्यताको अटल ज्ञानमा चित्तलाई स्थिर गराउने तत्त्वज्ञानको विवेचना गरिएको छ । चक्रसम्वरतन्त्रमा प्रतिपादित यस दार्शनिक सिद्धान्तले पातञ्जलयोगदर्शनमा प्रतिपादित "योगश्चित्तवृत्तिनिरोधः" अर्थात् चित्तवृत्तिको निरोध नै योग हो' भन्ने दार्शनिक सिद्धान्तसँग सामञ्जस्य राख्दछ । कग्यु सम्प्रदायका दाग्पो कग्यु, ढि गोङ कग्यु, डुग्प कग्यु, कर्म कग्यु आदि उप सम्प्रदायहरू छन् ।

ङवाङ नमग्याल (ई.१५३४-१६५१) को समयदेखि कग्यु सम्प्रदायले भूटानमा राम्रो उन्नति गरेको पाइन्छ । ङवाङ नमग्यालले धार्मिक एवं राजनैतिक दुवै पक्षबाट भूटानलाई सुसंगठित गरेपछि छिमेकी मुलुकहरूमा ङवाङ नमग्यालको राम्रो प्रभाव पऱ्यो । नेपाली भाषामा भूटानलाई देवाधर्मा र छोटकरीमा धर्मा मात्र पनि भनिन्छ ।

नेपाल उपत्यकाका मल्ल राजाहरूमा देवा धर्माका लामाहरूको गहिरो प्रभाव थियो । यसैगरी गोरखा शाह राजवंशसँग पनि देवाधर्माका लामाहरूको सुमधुर सम्बन्ध थियो र उक्त सम्बन्ध अहिलेसम्म पनि रहिआएको छ । अघि गोरखाका राजा नरभूपाल शाहलाई पुत्र लाभ नहुँदा देवाधर्माका लामाले तान्त्रिकविधिद्वारा मार निवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्यं-ब्शि) गरेपछि बृहत् नेपाल राष्ट्रका एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्म भएको विश्वास गरिन्छ । पृथ्वीनारायण शाहको जन्मसम्बन्धमा भाषावंशावलीको कथन यस प्रकार छ–

नरभूपाल शाहबाट मेरो दुवै रानीबाट सन्तान भएनन्, निःसन्तान भयो भनी राजाबाट बहुतै फिक्री मानिरह्याका रहेछन्' एकदिन राजा पैदा हुने रानीलाई रात्रिमा देवाधर्मामा ठूला महानुभाव लामा छन्, तिनलाई ल्याई उपाय गऱ्या तिमीलाई सन्तान हुन्याछन् भन्न्या स्वप्न देखिछन् र सो विस्तार महाराजसँग बिन्ति पार्दा गुरु पुरोहित मन्त्री भाइभारदारलाई राखी हाम्रा महारानीलाई यस्ता बेहोराको स्वप्न भएछ, यसमा कसो गर्न्या हो भनी हुकूम हुँदा

देवाधर्माका लामालाई झिकाई उपाय गर्नुपर्छ भन्या सल्लाह ठहरी... लालमोहर दिई सर्दारलाई खटाई देवाधर्मामा पठाया र सो सर्दारका साथ लागी देवा धर्माका लामा गोर्खामा गया ...

ताहाँपछि लामाले उपाय गर्न लाग्या । केही दिनपछि महारानीलाई गर्भ रह्यो र लामाले बिदा माग्दा अहिले तपाईंले बिदा माग्नु हुँदैन भनी बुझाई बिदा नदिई लामा गोर्खामा रहेकै थिया ।

महारानीलाई गर्भ रह्याको ७ महिना भयाको थियो । यसै बखतमा छोरो जन्म्या । पृथ्वीनारायण शाह भन्या नाउँ रह्यो । लामालाई पराक्रम भयाका समर्थवान् रह्याछन् भनी बडो आदर भाउ गरी मानी बिदा गराई लामा देवाधर्मा गया (पन्त, २०४३: ५७६-७७) ।

नरभूपाल शाहले देवाधर्माका ल्होपा लामालाई वि.सं. १७९८ मा रसुवाको नकथली गुम्बा कुशबिर्ता दिएकाले भाषा वंशावलीको उपर्युक्त कथनमा सत्यता देखिन्छ । ल्होपा लामालाई नकथली गुम्बा कुशबिर्ता दिई गरिदिएको तामापत्रमा धन र जियाले सेवा गर्नू भनेको छ । यसवापत अघि क्षोड लामालाई दिएको सबै जजमान; थूंवन; गोलजुङ, चिलतिं र पाजुङको दुई खेत घुंवा एवं गदलां गाउँ ल्होपा लामालाई दिएको छ । यति गाउँले जो लामाले अह्राएको छ, सो काम गर्नू भनेको छ (वज्राचार्य र श्रेष्ठ, २०३७ : ४३-४४; पन्त, २०४५: ८०१) ।

नरभूपाल शाहले ल्होपा लामालाई रसुवाको नकथली गुम्बा बिर्ता दिँदा कुशबिर्ताको रूपमा दिएको छ । साधारणतः पण्डित ब्राह्मणहरूलाई बिर्ता दिँदा संकल्प गरी कुशबिर्ताको रूपमा दिने चलन थियो । यसरी कुशबिर्ता पाएका ब्राह्मणलाई आफ्नो कुशबिर्तामा सर्वाङ्ग माफ गरिदिएको हुन्थ्यो र उक्त ब्राह्मणले विद्यार्थीहरूलाई निःशुल्क रूपमा विद्यादान गरी जप, पूजा, पाठ र यज्ञादिद्वारा राजाको जय मनाई राज्यमा सुख, शान्ति कायम गराउँदथ्यो । यसरी कुशविर्ताको सम्बन्ध विद्याको अभ्यास र ज्ञानको अनुष्ठानसँग रहेको देखिन्छ । लामा शब्दको अर्थ अनुत्तरज्ञानवादी हो । अतः लामाहरू पनि विद्याको अभ्यास र ज्ञानको अनुष्ठान गर्ने वर्गमा पर्दछन् । तिब्बती भाषाको ब्ल-म शब्दबाट लामा शब्द बनेको छ । बौद्ध धर्म (तिः स्ङस्-र्ग्यस्-ब्स्तन्-प) ले देखाएको बाटोलाई अनुत्तरमार्ग (तिः ब्ल-न-मेद्-पहि-लम्) र त्यस अनुत्तरमार्गको अनुसरण गरेर पाएको ज्ञानलाई अनुत्तरज्ञान (तिः ब्ल-न-मेद्-पहि-ये-शेस्) भनिन्छ । जुन बाटोभन्दा माथि अर्को बाटो हुँदैन, त्यस सर्वोच्च बाटोलाई अनुत्तरमार्ग (तिः ब्ल-न-मेद्-पहि-लम्) र जुन ज्ञानभन्दा माथि अर्को ज्ञान हुँदैन, त्यस सर्वोच्चज्ञानलाई अनुत्तरज्ञान (तिः ब्ल-न-मेद्-पहि-ये-शेस्) भनिन्छ । तिब्बती शब्द ब्ल-न-मेद्-प (सं: अनुत्तर) को छोटकरी रूप ब्ल-मेद् हो र त्यही ब्ल-मेद् शब्दबाट ब्ल-म शब्द बनेको छ र त्यसैको नेपाली रूप लामा हो । यसरी ब्ल-म अथवा लामा शब्दको अनुत्तर वा सर्वोच्चज्ञानवादी भन्ने अर्थ स्पष्ट हुन्छ । त्यसकारण विद्याको अभ्यास र ज्ञानको अनुष्ठानद्वारा प्रसिद्धि कमाएका ल्होपा लामालाई नरभूपाल शाहले ब्राह्मणसरह मानमर्यादा गरेर रसुवाको नकथली गुम्बा कुशबिर्ता दिएको देखिन्छ ।

गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५८ को लालमोहरअनुसार अघि उनका जिज्युबाज्ये पृथ्वीनारायण शाहले देवाधर्माका धर्माराजालाई पुंडि गुम्बा, बालथलि गुम्बा, नागऱ्या गुम्बा, लिस्याखु गुम्बा, चरिकोट गुम्बा र छुमाने गुम्बा गरी छवटा गुम्बा बकस दिएको देखिन्छ (नेपाल, २०४५: १३६) । यसैगरी पृथ्वीनारायण शाहले नकथली गुम्बाका लामालाई भोटको बाटोबाट आउँदा जाँदा आफ्नो साथमा ल्याएका मालसामानको भन्सार माफ गरिदिएका थिए (नेपाल, २०४०: २०३) । गीर्वाणयुद्धविक्रम शाहले पनि अघिको रीत थामेर देवाधर्माका लामालाई उपर्युक्त छवटा गुम्बा बकस दिएका थिए (नेपाल, २०४५: १३६) । त्यसपछि वि.सं. १८७३ मा नकथली गुम्बामा बस्ने देवाधर्माका लामालाई थुंवन्, गोलजुङ, चिलिमे, घुम्वा र गदलाङ गाउँको पुरोहित्याईं र गुम्बाका लामा काठमाडौं आउँदा जाँदा उपर्युक्त गाउँले लामाको भारी बोकेर ल्याउन लान पर्ने सुविधा थामिदिएका थिए । तिब्बती भाषा र लिपिमा नकथली गुम्बाको इतिवृत्त लेखिएको 'ब्रग्-न'-ग-थलिहि-चिंस्-स्प्रोद्-क्यि-देब्-ख नामक विवरणीपत्र पाइएको छ । उक्त विवरणीपत्रमा नकथली गुम्बा र गोरखा शाह राजवंश एवं देवाधर्माका लामाहरूबीचको सम्बन्धलाई प्रकाश पारिएको छ (ढुङ्गेल, १९८९: १६९-१८८) ।

देवाधर्माका लामाहरूले रसुवाको नकथली गुम्बाका अतिरिक्त स्वयम्भू, किन्डोल, हागु, कल्यारि आदि स्थानमा पनि बिर्ता पाएका थिए । स्वयम्भूमा स्वयम्भूमहाचैत्यसँगै पश्चिमपट्टि स्थित गुम्बा देवाधर्माका लामाहरूसँग सम्बद्ध छ । यस गुम्बालाई नेपाली भाषामा देवाधर्मा गुम्बा र तिब्बती भाषामा मर्मे ल्हखाङ भनिन्छ । यस गुम्बामा एउटा विशाल अखण्डित दीप प्रज्वलित गराई राखेको छ । अतः यस गुम्बालाई मर्मे ल्ह खाङ (धर्मदीप देवालय) भनिएको हो । यस गुम्बाको मर्मे ल्ह खाङ नामकरणबारे अर्को पनि एउटा मत छ । यस गुम्बामा त्रिकाल बुद्धत्रय दीपङ्कर, शाक्यमुनि र मैत्रेयलाई स्थापना गरिएको छ । दीपङ्कर बुद्धचाहिँ शाक्यमुनि बुद्धको अघिल्लो कल्पका गुरु हुन् । दीपङ्कर बुद्धलाई तिब्बती भाषामा मर-मे म्जद् भनिन्छ । अतः वर्तमान बुद्ध शाक्यमुनिको अघिल्लो कल्पका गुरु दीपङ्कर बुद्ध (तिः मर-मे-मजद्) लाई प्रमुख देवताको रूपमा स्थापना गरिएकोले यस गुम्बालाई मर्मे ल्ह खाङ भनेको हो' भन्ने विश्वास छ ।

हुन ता देवाधर्माका लामा स्वयं ङवाङ नमग्याल नेपाल आएर स्वयम्भूमा बसी शिक्षादीक्षा प्राप्त गरेको विश्वास गरिन्छ तापनि स्वयम्भूको यो देवाधर्मा गुम्बा (मर्मे ल्ह खाङ) भने रणबहादुर शाहको पालामा बनेको मानिएको छ । रणबहादुर शाहको पालामा देवाधर्माको लामा आएर अघि नरभूपाल शाहले आफ्ना जिज्युबाज्येलाई गरिदिएको लालमोहर तामापत्र देखाएर आफ्ना जिज्युबाज्ये देवाधर्माका लामाले गरेको तान्त्रिक विधिबाट पृथ्वीनारायण शाहको जन्म भएको कुरा बिन्ती गर्दा रणबहादुर शाह खुशी भई देवाधर्माका लामालाई २० खेत र पहाडतर्फ १५।२० गाउँ बकस दिएको र त्यही जग्गा र गाउँको आयस्ताबाट देवाधर्माका लामाले उक्त गुम्बा बनाएको विश्वास गरिन्छ (शाक्य, १०९८: २६७-२६८) । चिनियाँ-तिब्बती ज्योतिषशास्त्र अनुसार अग्नि-स्त्री-गोरुवर्ष (वि.सं. १८७३) मा लेखिएको देवाधर्मा गुम्बा (मर्मे ल्ह खाङ) को वृत्तान्तपत्र (तिः

दकर-छग्) पाइएको छ । नकथली गुम्बाको विवरणीपत्र (तिः देव-ख) मा जस्तै मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रमा पनि गोरखा शाह राजवंश र देवाधर्माका लामाहरूको सम्बन्धको बारेमा उल्लेख गरिएको छ । मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रको विवरण र नेपाल परराष्ट्र मन्त्रालयको देवाधर्मा लेखिएको पोकामा भएको द्रव्य शाहदेखि गीर्वाणयुद्धविक्रम शाहसम्मको वृत्तान्त भएको वि.सं. १८७४ को पत्रको विवरण मिल्दोजुल्दो छ । मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रमा अघि गोरखाका राजा द्रव्य शाहको भाइभाइको बीचमा झगडा हुँदा देवाधर्माका लामाले मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्र्य-ब्शि) गरेपछि उक्त झगडा शान्त भएको उल्लेख छ । यसका अतिरिक्त अरू ऐतिहासिक सामग्रीबाट पनि द्रव्य शाह र देवाधर्माका लामाहरूबीच सम्बन्ध रहेको पुष्टि हुन्छ (ज्ञवाली, १९९२: ३९-४०) । यसैगरी राम शाहका भाइहरूको बीचमा झगडा हुँदा र राम शाहलाई पुत्रलाभ नहुँदा पनि देवाधर्माका लामा दमछ्यो पे कर गोरखा आई मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्र्य-ब्शि) गरेपछि राम शाहका भाइहरूको झगडा शान्त भएको र राम शाहका डम्बर शाहसहित तीन भाइ छोरा जन्मेको उल्लेख छ (गुरुङ, २०५९: ७) । नरभूपाल शाहलाई पुत्रलाभ नहुँदा पनि देवाधर्माका लामाले मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्र्य-ब्शि) गरेपछि पृथ्वीनारायण शाह जन्मेको कुरा यस अघि नै उल्लेख भइसकेको छ ।

यसरी देवाधर्माका लामाहरूको मन्त्रसिद्धिबाट गोरखा शाह राजवंशका भाइभाइको झगडा शान्त भई मुलुकमा शान्ति स्थापना भएको र पुत्रलाभ भई राजवंशपरम्परा अविच्छिन्न रूपमा चलेर आएको पाइन्छ । अतः देवाधर्माका लामाहरूप्रति गोरखा शाह राजवंशका राजाहरूको अटल विश्वास र मानमर्यादा रहिआएको छ । देवाधर्माका लामाहरूले पनि गोरखा शाह राजवंशका राजाहरूबाट गुम्बा एवं खेत बिर्तासहित पुरोहित्याइँ र अन्य सुविधाहरू पाई आएका थिए ।

नेपाल-भोट युद्धताका वि.सं. १९१२ मा देवाधर्माका लामाहरूको नेपालको बिर्ता रैकरमा परिणत भएर सरकार दाखिला भएको थियो । त्यसपछि वि.सं. १९१९ मा देवाधर्माका लामा क्याम् गुमलाई नेपालमा बसेर पूजाआजा गरी सरकारको जय मनाउनको लागि स्वयम्भू, नकथली, किन्डोल, हागु आदि स्थानको बिर्ता थामिदिएको थियो (ढुङ्गेल, २०४३: १२-१३) । देवाधर्माका लामाहरूले नेपालका विविध स्थानमा स्थित गुम्बाहरूमा गरिआएको धर्मकर्म र यिनीहरूले खाईपाई आएको सुविधा अहिले पनि कायम छ । गोरखामा शाह वंशको राज्य स्थापना गर्ने द्रव्य शाह, विभिन्न थितिहरू बाँधेर गोरखालाई बलियो राज्यको रूपमा परिणत गर्ने राम शाह र बृहत् नेपाल राष्ट्रको एकीकरणकर्ता पृथ्वीनारायण शाहसँग अत्यन्त नजिकको सम्बन्ध रहेकाले नेपाल राष्ट्रको निर्माणमा देवाधर्माका लामाहरूको अग्रणी भूमिका रहेको पाइन्छ । यसरी देवाधर्माका डुग्प कग्यु सम्प्रदायका लामाहरूको मन्त्रसिद्धि र गोरखा शाह राजवंशका राजाहरूसँग नजिकको सम्बन्ध भएकोले यी लामाहरूको मन्त्र-साधनाको थलो रसुवाको नकथली गुम्बाले एउटा तीर्थस्थलको रूपमा प्रसिद्धि पाएको देखिन्छ ।

## नार गुम्बा

गण्डकीप्रस्रवणक्षेत्रमा मर्स्याङ्दीको मुहान वर्तमान मनाङ जिल्लामा नार र नेस्याङ गरी दुई उपत्यका छन् । यसमध्ये पूर्वतर्फको उपत्यकालाई नार उपत्यका र पश्चिमतर्फको उपत्यकालाई नेस्याङ उपत्यका भनिन्छ । यही नेस्याङ उपत्यकाको एउटा गाउँ मनु (मनाङ) को नामबाट अहिले यस जिल्लाको मनाङ नाम रहेको हो । नार उपत्यकाको उत्तरी भेक तिब्बती सीमाक्षेत्रमा फुनामक एउटा गाउँ अवस्थित छ । अतः नार उपत्यकालाई नार फु उपत्यका पनि भनिन्छ । नाउरका शिकारीहरूले शिकार खेल्दा पत्ता लगाएको ठाउँ भएकोले यो ठाउँको नार नाम रहेको विश्वास गरिन्छ । नार शब्दको शुद्ध तिब्बती रूप स्नर मानिएको छ । स्नर शब्दको अर्थ हो लामो । यस सन्दर्भमा लामो भन्नाले लामो गरेर फैलिएको समथर भूमि भन्ने बुझ्नुपर्दछ । नार गाउँ भौगोलिक विकटताले घेरिएको छ तापनि गाउँ ब्रेंसी मिलेको र राम्रो बेंसी भएकोले यस गाउँको फैलिएको लामो भूमि भन्ने अर्थ बुझाउने नार (तिः स्नर) नाउँ सार्थक देखिन्छ ।

मनाड जिल्लाको सदर मुकाम चामेबाट मर्स्याङ्दीको तीरैतिर पश्चिम-उत्तरतर्फ लाग्यो भने नेस्याङ उपत्यका र मनु (मनाङ) गाउँमा पुगिन्छ । यसैगरी मर्स्याङ्दी तरेर नार खोलाको तीरैतिर उत्तरतर्फ लाग्यो भने नार बेंसी र त्यसमाथि नार गाउँमा पुगिन्छ । गण्डकीप्रस्रवणक्षेत्रमा नारलाई लामा विद्याको गढ मानिन्छ । नारमा अहिले गाउँ र बेंसीमा गरी चारवटा गुम्बा छन् । ती गुम्बाहरूका नाम यस प्रकार छन्–

**गाउँको गुम्बा**

१. साम्दो गुम्बा
२. डेबो गुम्बा
३. गुरु छिरिङ पाल्की गुम्बा

**बेंसीको गुम्बा**

१. सते गुम्बा
(कोइराला, २०३८: ५४-५५)

उपर्युक्त गुम्बाहरू सबै निङमा सम्प्रदाय अथवा पुरातनवादी हुन् । वज्रगुरु पद्मसम्भवले चलाएको मतलाई निङमा अथवा पुरानो मत भनिन्छ । निङमा (तिः र्निङ्-म) को अर्थ पुरानो हो । निङमा सम्प्रदायका अनुयायीहरूलाई निङमा पा भनिन्छ । निङमा सम्प्रदायमा वज्रगुरु पद्मसम्भवलाई त्रिकाल बुद्ध (तिः दुस्-ग्सुम्-सङ्स्-र्ग्यस्); दोस्रा बुद्ध (तिः सङ्स्-र्ग्यस्-ग्निस्-प) र भगवान् बुद्धको निर्माणकाय अथवा अवतार (तिः स्प्रुल्-स्कु) भनिन्छ । यसैगरी निङमा सम्प्रदायका गुम्बाहरूमा भगवान् शाक्यमुनि बुद्धको सट्टा वज्रगुरु पद्मसम्भवको मूर्ति स्थापना गरेर पूजा गरिन्छ । तिब्बतमा ल्ह थो थो रि न्यन चन (ई. ४२७) को समयमा बौद्ध धर्मको प्रवेश भएको थियो । त्यसपछि स्रोङ् चन गम्पो (ई. सातौं शताब्दी) ले तिब्बतमा बौद्ध धर्मलाई राजकीय सम्मान दिएकाले त्यहाँ बौद्ध धर्मको ठूलो

उन्नति भयो, तर ठि रोङ दे चन (ई. आठौं शताब्दी) को पालामा साम्ये गुम्बा बनेपछि मात्र तिब्बतमा विधिवत् धर्मसंघ स्थापना भएको थियो । ठि रोङ दे चनको पालामा उड्डियानका महान् तान्त्रिक आचार्य वज्रगुरु पद्मसम्भवले भूत, प्रेत र मन्त्र, तन्त्रमा विश्वास गर्ने तिब्बती मानसिकतामा बौद्ध धर्म र दर्शनलाई सधैं अटल राखिराख्न र तिब्बती जनजीवनमा विधिविधानद्वारा बौद्ध धर्मलाई भिजाउनको लागि भारतीय गूढविद्या र तिब्बती परम्परालाई समन्वय गरेर बौद्ध धर्मलाई एउटा नयाँ रूप दिए, जसलाई तिब्बती बौद्ध धर्म, लामा बौद्ध धर्म वा लामावाद भनिन्छ । यसरी तिब्बतमा बौद्ध धर्मको स्थापना र विकासमा वज्रगुरु पद्मसम्भवको अग्रणी भूमिका रहेकाले उनलाई भगवान् बुद्धको अवतार मानिएको हो ।

विशेषगरी गृहस्थी लामा बौद्धहरूमा वज्रगुरु पद्मसम्भव अत्यन्त लोकप्रिय छ । लामा बौद्ध धर्मका अनुयायी लामाहरू ढावा र ङाग्पा गरी दुई प्रकारका हुन्छन् । गृहस्थधर्म छोडेर भिक्षुव्रत लिई धर्मसंघमा प्रवेश गरेर गुम्बामा रहने भिक्षु लामालाई ढावा (तिः ग्र-प) र गृहस्थधर्ममा रहेर मन्त्रचर्या गर्ने लामालाई ङाग्पा (तिः स्ङग्स्-प) भनिन्छ । ङाग्को अर्थ मन्त्र हो । अतः ङाग्पाको अर्थ मान्त्रिक हुन्छ । यसैगरी लामा बौद्ध धर्ममा धर्म पनि दो (तिः म्दो) र ङाग् (तिः स्ङग्स्) गरी दुई प्रकारका छन् । यस सन्दर्भमा दो भन्नाले महायानी सूत्र र ङाग् भन्नाले वज्रयानीतन्त्र भन्ने बुझ्नु पर्दछ । सांकेतिक रूपमा ङाग् र दोलाई 'एवं' भनिन्छ । यस सन्दर्भमा योनिको आकार भएको 'ए' अक्षरले ङाग् अथवा मन्त्र र बिन्दुको आकार भएको 'वं' अक्षरले दो अथवा सूत्रलाई बुझाएको छ । ङाग् अथवा मन्त्र लोक व्यवहार र दो अथवा सूत्रचाहिँ दर्शन हो ।

प्रज्ञोपाय दर्शन (तिः थब्स्-शेस्-रब्) मा 'ए' लाई उपाय र 'वं' लाई प्रज्ञा मानिन्छ । उपाय संवृति सत्य अथवा मोह हो भने प्रज्ञाचाहिँ परमार्थ सत्य अथवा शून्यता हो । महायानले जुन तत्त्वलाई शून्यता भनेको छ, वज्रयानले त्यस परम तत्त्वलाई वज्र भनेको छ । वज्रयानी बौद्ध दर्शनको प्रज्ञोपाय दर्शन र वेदान्त दर्शनको ब्रह्म र मायाको अवधारणाबीच सामञ्जस्य पाइन्छ । माया वास्तविक होइन । अतः मायाको आवरण हटेपछि ब्रह्मसाक्षात्कार हुन्छ र त्यसपछि सच्चिदानन्द प्राप्त हुन्छ' भन्ने वेदान्त दर्शनको दार्शनिक सिद्धान्त छ । यसैगरी प्रज्ञोपाय दर्शनमा राग अथवा तृष्णास्वरूपा उपाय शून्यस्वरूप प्रज्ञामा गएर विलीन भएपछिको रागशून्य अवस्थालाई निर्वाण मानिएको छ । भगवान् शाक्यमुनि बुद्धले निर्वाणलाई केवल दुःखको अन्तको अवस्था मानेका थिए भने पछि गएर निर्वाणलाई भाव अभाव विनिर्मुक्त अवस्था अथवा शम्वर वा महासुखको अवस्था मान्न थालियो । निर्वाणको अनुभूतिको यस अवस्थालाई चक्रशम्वरको युगनद्धमूर्तिमा रागस्वरूपा वज्रवाराही र शून्यस्वरूप शम्वरलाई सपरीत आलिङ्गनबद्ध अवस्थामा मूर्त रूपमा प्रस्तुत गरिएको छ ।

आजकल निङमा सम्प्रदायमा कोनछ्योक चि दुई हिदम (रत्नसमुच्चय इष्टदेवता) अति लोकप्रिय छ । कोनछ्योक चि दुई हिदममा वज्रगुरु पद्मसम्भवलाई लामा (गुरु), वज्रगुरु पद्मसम्भवकै उग्ररूप ढाग्मर कील

(रक्तरौद्रकील) लाई हिदम (इष्टदेवता), सेङदोङमा (सिंहवक्त्रा) लाई खाँडोमा (डाकिनी) र मानिङ गोन्पोलाई छ्योएक्योङ (धर्मपाल) मानिन्छ । निङमा सम्प्रदायको पुरानो हिदमचाहिँ त्होर्जे फुर्व (वज्रकील) हो । वज्रकीलमूलतन्त्र (तिः दों-र्जे-फुर-प-र्च-वहि-र्ग्युद्) निङमा सम्प्रदायको आधारभूत ग्रन्थ हो । वज्रकीलमूलतन्त्रमा चित्तलाई वज्र अथवा शून्यमा लगेर कील अथवा स्थिर गराउने अथवा चित्तलाई शून्यमा लगेर विलीन गराउने तत्त्वज्ञानको विवेचना गरिएको छ । यसरी पारमार्थिक अर्थमा वज्रले प्रज्ञा वा शून्यतालाई बुझाउँदछ र वज्रकीलको अर्थ चित्तलाई शून्यमा विलय गराउनु हो तापनि लोकव्यवहारमा वज्रकीललाई एउटा मूर्त रूप दिएर तान्त्रिक उपकरणको रूपमा प्रयोग गरिन्छ । टाउको अथवा माथिल्लो भागमा पित्तलको वज्र अंकित गरिएको र तल्लो भागमा फलामको तीनपाटाको तलतिर चोसिँदै गएको उपकरणलाई **वज्रकील** (तिः दों-र्जे-फुर-प) भनिन्छ । विशेषतः मारण, मोहन, वशीकरण, उच्चाटन यी अभिचार कर्म र त्यसको निवारण एवं सबै विघ्नबाधा हटाउनको लागि **वज्रकील** (तिः दों-र्जे-फुर-प) को प्रयोग गरिन्छ । वज्रकीलको मन्त्र यसप्रकार छ–

**ॐ वज्रकीलि कीलय सर्वविघ्नान् बन्ध हूँ फट् ।**

वज्रकीललाई छोटकरीमा केवल कील (तिः फुर-प) मात्र पनि भनिन्छ । फुर्बको माथिल्लो भागमा घोडाको टाउकाको आकृति अङ्कित गरिएको छ भने उक्त फुर्बलाई त फुर्ब भनिन्छ । यसैगरी गरुडको टाउकाको आकृति अङ्कित गरिएको छ भने च्ह्य फुर्ब, गोरुको टाउकाको आकृति अङ्कित गरिएको छ भने लाङ फुर्ब र वज्र अङ्कित गरिएको छ भने उक्त फुर्बलाई त्होर्जे फुर्ब भनिन्छ । वज्र पनि पाँच चोसे (तिः र्चे-ल्ङ-प) र नउ चोसे (तिः र्चे-द्गु-प) गरी दुई थरीका हुन्छन् । पाँच चोसे वज्रको पाँचवटा चोसोलाई रूपादि पञ्चस्कन्धको प्रतीक मानिन्छ ।

रूप, वेदना, संज्ञा, संकार र विज्ञान यी पञ्चस्कन्ध (तिः ने-बर-लेन्-पहि-फुङ-पो-ल्ङ्) हुन् । इन्द्रियहरूद्वारा अनुभव गर्न सकिने पृथ्वी अथवा माटो, पानी, आगो र हावा यी चार भौतिक पदार्थहरू रूपस्कन्ध (तिः ग्सुग्स्-क्यि-फुङ्-पो) हुन् । षडायतन अथवा छवटा इन्द्रियहरूद्वारा भौतिक पदार्थको भोग गरेर त्यसको अनुभव प्राप्त गर्नु वेदनास्कन्ध (तिः छोर-पहि-फुङ्-पो) हो । भौतिक पदार्थको भोग गरेर त्यसको अनुभवद्वारा राम्रो नराम्रो, मिठो नमिठो, मज्जा बेमज्जा भनेर त्यस पदार्थको नामकरण गर्नु संज्ञास्कन्ध (तिः 'दु-शेस्-क्यि-फुङ्-पो) हो । विषय–भोगको अनुभूतिद्वारा उत्पन्न हुने राग, द्वेष नै संस्कारस्कन्ध (तिः 'दु-व्येद्- क्यि-फुङ्- पो) हो । षडायतनद्वारा अथवा आँखाले हेरेर, कानले सुनेर, नाकले सुँघेर, जिब्रोले चाखेर, छालाले छोएर, मनले सम्झेर उपर्युक्त चारैवटा स्कन्धलाई राम्ररी पारख गर्न सक्नु विज्ञानस्कन्ध (तिः र्नम-पर-शेस-पहि-फुङ्-पो) हो ।

बौद्धधर्ममा वज्रयानको विकास भएपछि बौद्ध दर्शनका यी रूपादि पञ्चस्कन्धलाई पञ्चध्यानीबुद्ध (तिः र्ग्यल्-ब-रिग्स्-ल्ङ) को रूपमा मूर्तरूप दिएको छ । उग्र तान्त्रिक मतमा सौम्यखालका यी पञ्चध्यानीबुद्धहरूलाई

पञ्चहेरुकको रूपमा प्रस्तुत गरिएको हुन्छ । तल प्रस्तुत तालिकाबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

| क्र.सं. | पञ्चस्कन्ध | पञ्चबुद्ध | पञ्चहेरुक |
|---|---|---|---|
| १. | रूपस्कन्ध (ति:ग्सुग्स्-क्यि-फुङ्-पो) | अक्षोभ्य (ति: मि-ब्स्क्योद्-प) | वज्रहेरुक |
| २. | वेदनास्कन्ध (ति:छोर-पहि-फुङ्-पो) | रत्नसम्भव (ति: रिन्-छेन्-'ब्युङ्-ग्नस्) | रत्नहेरुक |
| ३. | संज्ञास्कन्ध (ति: 'दु-शेस्-क्यि-फुङ्-पो) | अमिताभ (ति: स्नङ्-ब-म्थ'-यस्) | पद्महेरुक |
| ४. | संस्कारस्कन्ध (ति: 'दु-ब्येद्-क्यि-फुङ्-पो) | अमोघसिद्धि (ति: दोन्-योद्-ग्रुब्-प) | कर्महेरुक |
| ५. | विज्ञानस्कन्ध (ति:र्नम-पर-शेस्-पहि-क्यि-फुङ्-पो) | वैरोचन (ति: र्नम्-पर-स्नङ्-म्जद्) | बुद्धहेरुक |

वज्राचार्य र लामाहरूले कर्म गर्दा पञ्चबुद्ध मुकुट र चित्रलाई मुकुट (ति. द्बु-र्ग्यन्) को रूपमा शिरमा धारण गर्दछन् ।

नौ चोसे वज्रको नौवटा चोसोमध्ये आठवटा चोसोलाई अष्टबोधिसत्त्व र एउटा मुख्य चोसोलाई परम आदिबुद्ध वज्रधरको प्रतीक मानिन्छ । निष्पन्नयोगावलीको अक्षोभ्यमण्डलमा अष्टबोधिसत्त्वको नाम यस प्रकार दिइएको छ–

१. मैत्रेय २. क्षितिगर्भ ३. वज्रपाणि ४. खगर्भ ५. लोकेश्वर
६. मञ्जुघोष ७. सर्वनिवरणविष्कम्भि ८. समन्तभद्र

(भट्टाचार्य, १९७२ :६)

हिन्दू धर्मको परब्रह्म परमेश्वर जस्तै वज्रयानी बौद्ध धर्ममा सर्वोच्च देवताको रूपमा परम आदिबुद्ध वज्रधर (ति: दों-र्जे-'छङ्) को सत्ता स्वीकार गरिएको छ । कालचक्रतन्त्र (ति: दुस्-क्यि-खोर-लोहि-र्ग्युद्) मा परम आदिबुद्ध (ति: म्छोग्-गि-दङ्-पोहि-सङ्स्-र्ग्यस्) लाई कालचक्र (ति: दुस्-क्यि- खोर-लो) मानिएको छ । वेदान्त दर्शनमा सबै जीव ब्रह्मबाट प्रकट हुन्छ र अन्तमा जीवको सत्ता आफूमा आत्मसात् गरेर केवल ब्रह्मको सत्तामात्र बाँकी रहन्छ भन्ने दार्शनिक सिद्धान्त प्रतिपादन गरिएको छ । उपनिषद्को यस वाक्यबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

**ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।**
**पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥**

(त्यो अथवा परब्रह्म पूर्ण छ; यो अथवा कार्यब्रह्म वा जीव पनि पूर्ण छ; किनभने परब्रह्मबाट जीव प्रकट हुन्छ र अन्तमा जीवको पूर्णत्व लिएर केवल परब्रह्म मात्र शेष रहन्छ (देवकोटा, २०३०: १, ३)।

यसैगरी वज्रयानी बौद्ध दर्शनअनुसार परम आदिबुद्ध वज्रधरबाट पञ्चध्यानीबुद्ध र पञ्चताराहरू उत्पन्न हुन्छन् । पञ्चध्यानीबुद्ध र पञ्चताराहरूबाट बोधिसत्त्वहरू उत्पन्न हुन्छन् । बोधिसत्त्वहरूबाट सर्वसत्त्व अथवा प्राणी र जगत्को सृष्टि हुन्छ र अन्त्य अवस्थामा सबै सत्वप्राणी र जगत्को सत्ता परम आदिबुद्ध वज्रधरमा गएर लीन हुन्छ। यसरी वेदान्त दर्शनको परब्रह्म र वज्रयानी बौद्ध दर्शनको परम आदिबुद्ध वज्रधरको अवधारणाबीच निकटतम समानता पाइन्छ।

महायानले जुन तत्त्वलाई शून्यता भनेको छ, त्यही शून्यतालाई वज्रयानले वज्र भनेको छ भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ । परब्रह्म र वज्रधरको अवधारणाबीच निकटतम समानता पाइए जस्तै आत्मा र वज्रको अवधारणाबीच पनि अत्यन्त निकटतम समानता पाइन्छ । आत्मा र वज्रको परिभाषाबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ । श्रीमद्भगवत्गीतामा आत्माको परिभाषा यसरी गरिएको छ–

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक : ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत : ॥
अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगत : स्थाणुरचलोऽयं सनातन : ॥

(आत्मालाई हतियारले छिनाल्न सक्तैन, आगोले जलाउन सक्तैन, पानीले गलाउन सक्तैन, हावाले सुकाउन सक्तैन । अतः छिनाल्न नसकिने, जलाउन नसकिने, गलाउन नसकिने, सुकाउन नसकिने यो आत्मा नित्य, सर्वव्यापक, स्थिर, अचल र सनातन छ (जालान, २००८: ४१-४२)।

अद्वयवज्रसंग्रहनामक बौद्ध ग्रन्थमा वज्रलाई यसरी परिभाषित गरेको छ–

दृढं सारमसंशीर्यमच्छेद्याभेदलक्षणम् ।
अदाहि अविनाशी च शून्यता वज्रमुच्यते ॥

(बडो अचल, ठोस, तोड्न फोड्न नसकिने, प्वाल पार्न नसकिने, छुट्टयाएर अलग पार्न नसकिने, आगोले जलाउन नसक्ने, नाश नभएर नजाने शून्यतालाई वज्र भनिन्छ (शास्त्री, १९२७: ३७; काणे, १९८४: २७)।

यसैगरी वेदान्त दर्शन र वज्रयानी बौद्ध दर्शन दुवैले प्रज्ञालाई परमतत्त्व मानेको छ । वेदान्त दर्शनको ब्रह्म र माया एवं वज्रयानी बौद्ध दर्शनको प्रज्ञा र उपायको अवधारणाबीच समानता पाइन्छ भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ। ऐतरेय उपनिषद्मा प्रज्ञालाई ब्रह्म भनेको छ–

प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः प्रज्ञा प्रतिष्ठा प्रज्ञानं ब्रह्म

(सबै प्रज्ञानमा आश्रित छ; प्रज्ञा समस्त जगत्को आँखा हो; प्रज्ञा सबैको आधार हो, प्रज्ञान ब्रह्म हो (देवकोटा, २०३०: १७९) ।

तैत्तिरीय उपनिषद्मा सत्यज्ञानलाई अन्तरहित ब्रह्म भनेको छ– सत्यं ज्ञानमनन्तं ब्रह्म (देवकोटा, त्यहीः १९९) । यसैगरी बृहदारण्यक उपनिषद्ले 'खँ ब्रह्म' भनेर ब्रह्मलाई शून्यतत्त्व मानेको छ, (गीताप्रेस; २०५२: ११७५) । खँ' यो आकाश बीज हो । अतः खँ' को अर्थ शून्य हो । यस सन्दर्भमा आकाश भन्नाले भौतिक आकाश नभएर सर्वव्यापक शून्यतत्त्व भन्ने बुझ्नुपर्दछ । अतः 'खँ ब्रह्म' भन्नाले ब्रह्म शून्यतत्त्व हो भन्ने अर्थ बुझ्नुपर्दछ । मध्यान्तविभाग टीकामा ब्रह्मलाई शून्यतामा शून्य स्वरूपले रहेको परमतत्त्व भनेको छ (पाण्डेय, १९८१: २५८) । यसरी वेदान्त दर्शनले 'नेति नेति' भन्दै भन्दै अन्तमा 'खँ ब्रह्म' भनेर ब्रह्मलाई परम शून्यतत्त्व मानेको छ र त्यही परम शून्यतत्त्वनै सबैको उद्गम स्थल र अन्तिम आलय हो ।

वेदान्त दर्शनमा वेद अथवा ज्ञानको पराकाष्ठा अवस्थालाई वेदान्त भने जस्तै बौद्ध दर्शनमा प्रज्ञा अथवा शून्यता ज्ञानको अन्तिम टुंगोलाई प्रज्ञापारमिता भनिन्छ । प्रज्ञोपाय दर्शनमा प्रज्ञालाई शून्यता मानिएको छ । त्यही शून्यता (तिः स्तोङ्-प-निद्) नै प्रतीत्यसमुत्पाद (तिः तेंन्-'ब्रेल्) हो । प्रतीत्यसमुत्पाद बौद्ध दर्शनको आधारभूत सिद्धान्त हो । कार्यकारणभाव अथवा कुनै एउटा वस्तुको अस्तित्त्वबाट अर्को वस्तु उत्पन्न हुनु प्रतोत्यसमुत्पाद हो । बोधिचर्यावतारमा 'शून्यतैव निर्वाणकारणम्' भनेर 'शून्यतालाई सर्वसत्त्वको अन्तिम आलय मानेको छ' (शास्त्री, १९८८: ३२०) । यसरी वेदान्त दर्शन र वज्रयानी बौद्ध दर्शनको तत्त्वविवेचना र अन्तिम निष्कर्ष एउटै हो भन्ने प्रष्ट हुन्छ ।

वज्रयानले बौद्ध दर्शनका जटिल दार्शनिक सिद्धान्तहरूलाई लोकव्यवहार सुहाउँदो गरी मूर्त रूप दिएर त्यसको सरल ढङ्गले व्याख्या गरिदिएको छ । वज्रयानको यस नवीनतम कार्यले गर्दा गृहस्थीहरूमा वंशपरम्पराबाट बौद्ध धर्म र दर्शन संस्कारको रूपमा चलेर आइराखेको छ । यसरी गृहस्थधर्ममा बौद्ध धर्म र दर्शनले वंशानुगत संस्कारको रूप लिएको हुँदा जनमानसबाट बौद्ध धर्म र दर्शन अलग हुन पाएन र अविरल एवं अक्षुण्ण रूपमा यसको विकासक्रम चली नै रह्यो । अतः बौद्ध धर्म र दर्शनलाई अक्षुण्ण राखिराख्नमा गृहस्थी बौद्धहरूको अग्रणी भूमिका रहेको छ । लामा बौद्ध धर्म वज्रयान बौद्ध धर्मको तिब्बती रूप हो। तिब्बतमा कतिपय कारणहरूले गर्दा लामा बौद्ध धर्मका प्राचीन मान्यता र संस्कारहरू लोप भइसकेका छन्, तर नेपालको अगम हिमाली क्षेत्रहरूमा भने अझै पनि लामा बौद्ध धर्मका प्राचीनतम मूल्य, मान्यता र संस्कारहरू जस्ताको तस्तै रूपमा रहिआएको छ । यसरी लामा बौद्ध धर्मका प्राचीनतम मान्यता र संस्कारहरू अविच्छिन्न रूपमा चलिआएका नेपालका अगम हिमाली क्षेत्रहरूमा मनाङ जिल्लाको नार उपत्यका पनि एउटा हो ।

नारका लामाहरू सबै निङमा सम्प्रदायका ङाग्पा अथवा गृहस्थधर्ममा रहेर मन्त्रचर्या गर्ने तान्त्रिकहरू हुन् । नारमा लामा बौद्ध धर्मका दुई शाखा दो र ङाग्मध्ये ङाग् अथवा मन्त्रको बढी प्रचलन छ । लोकजीवनमा मन्त्र, तन्त्र आदि अभिचार र त्यसको निवारण कर्मले ठूलो मान्यता पाएको हुन्छ । अतः गण्डकीप्रस्रवणक्षेत्रको लोकजीवनमा गृहस्थ धर्ममा रहेर मन्त्रचर्या गर्ने नारका ङाग्पा लामाहरू लोकप्रिय हुन सकेका हुन् । खासगरी गण्डकीप्रस्रवणक्षेत्रको लमजुङका लामा गुरुङहरूले नारलाई आफ्नो गुरु घर मान्दछन् । त्यसकारण नारमा गएर विद्या नपढेको लामा पक्का लामा हुन सक्तैन भन्ने मान्यता गुरुङ समाजमा रहिआएको छ । मनु (मनाङ), फ्वग (भ्राका), नार क्होएँ बु (नार गुम्बा) यी स्थलहरू लमजुङे गुरुङहरूका श्रद्धाका केन्द्रहरू हुन् । गुरुङहरूको मूल थलो लमजुङ हो । लमजुङबाट शाखाबन्दी भएर गुरुङहरू अन्यत्र लागेका हुन् ।

अघि नो चन खोर्लो ह्निमरछेका माहिला छोरा फैव चनले लामा विद्या पढेको हुँदा फैव चन र उनका सन्तान लामा कहलाएका हुन् । यसरी गुरुङ समाजमा लामा थरको विकास भयो । नो चन खोर्लो ह्निमरक्षेले अजि मोँ, फ्हजि मोँनामक भूतहरूलाई मारेर गुरुङहरूको राज्यमा दुःख्नु, पिर्नु, मर्नु, भाग्नु आदि अशान्ति र अनिकाल हटाई शान्ति र सुव्यवस्था कायम गरेर सुख र सहकाल ल्याएको वर्णन गुरुङहरूको मौखिक पौराणिक कथा (पे) मा पाइन्छ । आजकल लामा थरका गुरुङका अतिरिक्त सबै थरका गुरुङहरूले लामा विद्या पढ्न थालेका छन्, तर अघि ता केवल लामा थरका गुरुङहरूले मात्र लामा विद्या पढ्दथे । यसरी आजकल गुरुङसमाजमा थरी लामा र पढी लामा गरी दुई प्रकारका लामा पाइन्छन् ।

लमजुङ हिमालको काखमा अवस्थित क्होलनामक प्राचीन थलोबाट बसाइँ सरेपछि लामा थरका गुरुङहरूले वर्तमान लमजुङ जिल्लाको उपल्लो घनपोखराको कदर्ले गाउँमाथिको लम फुल च्हो (लामालाई उपहार अर्पण गरिएको चुचुरो) मा किलो गाडेर आफ्नो थलो कायम गरेका थिए । यसरी लामा थरका गुरुङहरूले किलो गाडेर थलो कायम गरी जङ्गलको मङ्गल गरेर बस्ती बसाई रस्ती रसाई आबाद गुल्जार गरेको हुनाले उक्त स्थानको लम चुँ (लामा थरका गुरुङहरूको न्हेज अथवा प्रथमस्थल) नामकरण भयो । कालान्तरमा त्यही लम चुँ शब्दबाट लम जुँ- लम जुङ हुँदै वर्तमान लमजुङ जिल्लाको नामकरण भएको हो । अघि तल्लो घनपोखराको वर्तमान क्होएँ रोँ गाउँमा लामा गुरुङहरूको लम चुँ क्होएँ बु (लमजुङ गुम्बा) नामक एउटा गुम्बा थियो । उक्त गुम्बा आगलागीमा परी ध्वस्त भयो र त्यसपछि उक्त गुम्बाको पुनर्निर्माण भएन । क्होएँ बु अथवा गुम्बा भएको ठाउँ हुनाले उक्त गाउँको क्होएँ रोँ नाउँ रहेको र गुरुङ भाषाको क्होएँ रोँलाई नेपाली भाषामा घनपोखरा भनेको हो । यसरी नार गुम्बा, लम चुँ अथवा लमजुङ र त्यहाँस्थित लम चुँ क्होएँ बु (लमजुङ गुम्बा) को बीचमा निकटतम अन्तरसम्बन्ध रहेको छ । यही अन्तरसम्बन्धले गर्दा अघि हिउँद लागेपछि नारका ङाग्पा लामाहरू लमजुङका गुरुङ गाउँहरूमा आएर जोखना हेर्ने, घ्यौ गर्ने आदि काम गर्दथे । यसैगरी नार र मनाङका बासिन्दाहरू कोही

लमजुङको फलिया सांघु र बाह्रथरका गुरुङ एवं चितीका वाहुनहरूको बेंसी मनु (मनाङ) बेंसीमा बसेर नूनको व्यापार गर्दथे । मनाङका मानिसहरू आएर व्यापार गर्ने ठाउँ भएकाले लमजुङ फलिया सांघुपारि चितीको एउटा बेंसीको मनु (मनाङ) बेंसी नाम रहेको हो । यही नै बेला काठमाडौंका नेवार कुमालहरू माटोको भाँडो बनाएर बेच्न लमजुङको चिती मनाङ बेंसी आइपुग्थे । यसरी लमजुङ चितीको मनाङ बेंसीमा नार एवं मनाङ र काठमाडौं उपत्यकाका बासिन्दाहरूको जम्काभेट हुन्थ्यो । त्यसबेला चितीको मनाङ बेंसीमा नून र माटाका भाँडाका अतिरिक्त स्थानीय कागतेहरूले बनाएको नेपाली कागज, सूर्ती र खुर्सानीको पनि व्यापार हुन्थ्यो । हिमाली क्षेत्रको जाडो ठाउँमा खुर्सानीको पिरोको बढी चाख हुन्छ । त्यसबेला कास्कीको हंसपुरनजिक सिर्कुतानमा खुर्सानीको प्रशस्त उत्पादन हुन्थ्यो । मनाङेहरू सिर्कुतान गएर खुर्सानी किन्दथे र उक्त खुर्सानी भोट पुऱ्याएर नूनसँग साट्दथे । यसैरी मानिसलाई नभई नहुने भोटको नून पहाडमा र पहाडको पिरो खुर्सानी र सूर्ती भोटमा लैजाने काम मनाङेहरूबाट हुन्थ्यो । यी मनाङेहरूले अघि लमजुङका राजा यशोब्रह्म शाहको पालादेखि सिर्तो तिरेर जग्गा भोग गर्ने र व्यापार गर्ने सुविधा पाएका थिए (गुरुङ, २०४१: १२४)।

यसरी नेपालको पहाड खण्डका बासिन्दाहरूले हिमाली क्षेत्रका स्थानहरूलाई आफ्नो आस्थाको केन्द्र र गुरुघर मान्नु, हिमाली क्षेत्रका लामाहरू आएर पहाड खण्डमा पुरोहित्याईं गर्नु, व्यापार गर्नु, काठमाडौं उपत्यका र भोट एवं पहाडका मानिसहरूको एउटै थलोमा भेटघाट र घुलमिल हुनु, त्यसमा नारका डाक्चन लामाहरूको लोकप्रियता रहनु यस कार्यले नेपालीहरूको बीचमा आत्मीयता र सद्भाव बढाएको छ, जसले गर्दा उनीहरूलाई एकताबद्ध भई बृहत् नेपाल राष्ट्रको निर्माण र समीकरणको लागि अघि बढ्न प्रेरणा मिल्दछ ।

## डरि झोबा

थाक सातसयको कोबाङमा डरि झोबानामक देवता स्थापना गरिएको छ । यो डरि झोबा शब्द डरि जोबो (तिःमुङ'-रिस्-जो-बो) को थकाली रूप हो । जोबोको अर्थ आर्य भन्ने हुन्छ । यसमा आर्य भन्नाले आर्यावलोकितेश्वर भन्ने बुझ्नुपर्दछ । प्राचीन ङरिकोर सुम (ङरि त्रिमण्डल- गुगे, पुराङ, मङयुल) को पुराङ राज्यअन्तर्गत खोचरनाथमा त्रिकुलनाथ (मञ्जुश्री, षडक्षरी लोकेश्वर र वज्रपाणि) स्थापना गरिएका छन् । मञ्जुश्री (तिः 'जम्-द्पल) लाई देवकुलनाथ (तिः ल्ह-रिग्स्-म्गोन्-पो), षडक्षरी लोकेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस्-ग्जिग्स्) लाई नरकुलनाथ (तिः मि-रिग्स्-म्गोन्-पो) र वज्रपाणि (तिः फ्यग्-न-दों-जें) लाई नागकुलनाथ (तिः क्लु-रिग्स्-म्गोन्-पो) मानिन्छ । यसैले यी तीनवटा देवतालाई समुच्चमा त्रिकुलनाथ (तिः रिग्स्-ग्सुम्-म्गोन्-पो) भनिन्छ । खोचरनाथमा स्थापित त्रिकुलनाथका चाँदीका मूर्तिहरू अश्वधर्म (ई. ११ शदी) नामक नेपाली कलाकार र वङकुल (ई. ११ शदी) नामक काश्मीरी कलाकारले बनाएका थिए (टुचि, १९५६: ६१-६२) । यसैगरी मुस्ताङी राजा अ गोएन साङपो (ई. १५ शदी) ले ङरि जोबो (ङरिका त्रिकुलनाथ) को मन्दिरमा बत्ती बाल्नको लागि

व्यवस्था गरिदिएका थिए । मुस्ताङ, डरि कोरसुमको सीमान्त प्रदेशमा पर्दथ्यो । तिब्बती भाषामा सीमानालाई था (ति. म्थ') र सीमान्तवासीलाई थाबा (ति. म्थ' -ब) भनिन्छ । तिब्बती भाषामा सिमानालाई बुझाउने त्यही था (ति. म्थ') शब्दबाट वर्तमान थाक' शब्द र था खोला' शब्दबाट थाँक खोला शब्दको व्युत्पत्ति भएको हो । यसरी डरि कोरसुमको पूर्व-दक्षिण सीमान्त प्रदेश मुस्ताङ भोटको तल्लो पुछार थाक खोलाको कोबाङमा डरि जोबो (डरिको आर्यावलोकितेश्वर) स्थापना गरिएको हो । कोबाङको डरि झोबानजिक धौलागिरि हिमालको काखमा गुरु साङफुग्नामक गुफा छ । यस गुफामा वज्रगुरु पद्मसम्भवले तपस्या गरेको मानिन्छ । यस गुफामा बौद्ध धर्मावलम्बीहरूका अतिरिक्त बोन्पोहरू पनि दर्शन गर्न आउँछन् । यसैगरी जोमसोमपारि ठिनि गरबजोडदेखि दक्षिणपट्टिको डाँडामा कुछब तेर्डनामक तीर्थ अवस्थित छ । कुछबको अर्थ प्रतिनिधि हो । यस सन्दर्भमा प्रतिनिधि भन्नाले भविष्यका बुद्ध मैत्रेय (तिः व्यम्स्-प) भन्ने बुझ्नुपर्दछ । तेर्ड भनेको पञ्चनिधि हो ।

## लुब्राग गुम्बा

मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमबाट कालीगण्डकीको तीरैतीर उत्तरतिर लागेपछि काकवेणी पुग्नुभन्दा वरै दाहिनेपट्टि अलिकति माथि कुनामा लुब्राग गुम्बा अवस्थित छ । लुब्राग गाउँको शिरानमा लुब्राग गुम्बा रहेको छ । गाउँबाट गुम्बा जाने बाटोमा एउटा मणिपर्खाल (तिःम- थङ) छ । यसैगरी गाउँको पुछारमा एउटा,सानो छ्योर्तेन् र लामा निवास (तिः ब्ल-ब्रङ्) अवस्थित छ । लुब्राग गाउँसँगै एउटा ठाडो खोला बगेको छ । पूर्वबाट पश्चिमतिर बगेको यो खोला कालीगण्डकीमा मिसिन्छ । यो ठाडो खोला पाण्ड खोलाको नामबाट चिनिन्छ । यो खोलालाई लुब्राग खोला (तिः क्लु-ब्रग्-छु) पनि भनिन्छ । लुब्राग गाउँको उत्तरपट्टि खोला पारि दम्सिलो परेको पहरो छ । यस पहरोमा नागबेलीका प्राकृतिक आकृतिहरू अङ्कित छन् । नागबेलीका प्राकृतिक आकृतिहरू अङ्कित यस पहरोलाई लुब्राग (तिः क्लु-ब्रग्) भन्दछ । क्लुको अर्थ नाग र ब्रग्को अर्थ पहरो हो । अतः यही नाग पहरो (तिः क्लु-ब्रग्) बाट यो गाउँको लुब्राग नाम रहेको हो (रेम्बल, १९८४: ५) ।

लुब्राग गुम्बा बोन धर्मको गुम्बा हो । यो गुम्बा तिब्बतको चङ प्रदेशका यङल बोन्पो परिवारमा जन्मेका बोन्पो गुरु यङतोनका माहिला छोरा लु डाग्प टशि ग्याल्छन् (तिः क्लु-ब्रग्-प-ब्क्र-शिस्-र्ग्यल्-म्छन्) ले इस्वी बाह्रौं शताब्दीको मध्यमा स्थापना गरेका थिए (ज्याक्सन, १९७८: २०२-२०५) । डोल्पामा प्राप्त बोन्पो ग्रन्थअनुसार प्राचीन शेरिब राज्यमा बोन धर्म स्थापना गर्ने पहिलो बोन्पो गुरु यिनै लु डाग्प टशि ग्याल्छन् थिए । उपल्लो कालीगण्डकीप्रस्रवणक्षेत्रमा लो (मुस्ताङ) राज्य स्थापना हुनुभन्दा अघि यहाँ शेरिबनामक राज्य कायम रहेको बुझिन्छ (ज्याक्सन, त्यही: १९५-२२७) । लु डाग्प टशि ग्याल्छन् पछि बोन्पो गुरु ढु छेन् छुलठिम ग्याल्छन् (तिः ब्रु-छेन्-छुल-खिम्स्-र्ग्यल्-म्छन्) ले शेरिब राज्यको भ्रमण गरेका थिए । उनको समय अनुमानित ई. १२३९-१३०२ मानिएको छ ।

त्यसबेला लो, शेरिब, डोल्पा, पुराङ र घुमन्ते डोग्पा क्षेत्रमा उनका प्रशस्त चेलाहरू भइसकेका थिए (ज्याक्सन, त्यहीः २०६- २०७)।

बोन धर्म अघि तिब्बतमा बौद्ध धर्मको प्रवेश हुनुभन्दा अघि त्यहाँ प्रचलित प्रकृतिपूजा र जीववादमा आधारित धार्मिक मत हो । लामा बौद्धहरू धर्मलाई बुझाउने अर्थमा छ्योए (तिः छोस्) शब्द प्रयोग गर्दछन् भने बोन्पोहरू यस अर्थमा बोन शब्द प्रयोग गर्दछन् । अतः बोन शब्दले धर्म भन्ने अर्थ बुझाउँदछ । बोन धर्मका अनुयायीहरूलाई बोन्पो भनिन्छ । भारतको उड्डियानका महान् तान्त्रिक आचार्य वज्रगुरु पद्मसम्भवले यही बोन धर्मका कतिपय मान्यताहरूलाई आत्मसात् गरेर तिब्बतमा लामा बौद्ध धर्मको स्थापना गरेका थिए । तिब्बतमा बौद्धधर्मको व्यापक प्रचारप्रसार भएर यसले राजकीय संरक्षण र सम्मान पाएपछि ईस्वी एघारौँ शताब्दीमा पश्चिमी तिब्बतको शङ शुङ प्रान्तका तोन्प शेन्रबले लामा बौद्ध धर्मको लिपि र अन्य मान्यताहरू अङ्गीकार गरी प्राचीन बोन धर्मको कलेवर परिवर्तन गरेर यसलाई नयाँ रूप दिए । अतः बोन धर्ममा तोन्प शेन्रबलाई बौद्ध धर्मका भगवान् शाक्यमुनि बुद्ध जस्तै मानिन्छ । तिब्बतको मानसरोवर, कैलाश पर्वतको पश्चिम भागमा स्थित गुगे प्रान्तको पुरानो नाम शङ शुङ हो । बोन धर्मलाई नयाँ रूप दिने तोन्प शेन्रबको जन्म यही शङ शुङ प्रान्तमा भएको थियो । अतः शङ शुङलाई शङ शुङ बोन भूमि (तिः शङ्-शुङ्-बोन्-युल्) भनिन्छ ।

बोन धर्मका खासगरी सेतो बोन (तिः बोन-द्कर) र कालो बोन (तिः बोन- नग्) दुई शाखा छन् । सेतो बोन दार्शनिक अभिमतमा आधारित छ भने कालो बोनचाहिँ मारण, मोहन, वशीकरण, उच्चाटन यी अभिचार कर्ममा आधारित छ । शङ शुङ प्रान्तमा तोन्प शेन्रबद्वारा प्रचारित बोन धर्म सेतो बोन (तिः बोन-द्कर) हो । बोन धर्मको प्रमुख देवता वल्शे हुन् । बोन धर्मको वल्शे देवता लामा बौद्ध धर्मका वज्रकील (तिः दों-र्जे-फुर-प) जस्तै हुन् । छ्योर्तेन् र मणिपर्खाल (तिः म-थङ्) लाई लामा बौद्धहरू दक्षिणावर्त गरेर घुम्दछन् भने बोन्पोहरू वामावर्त गरेर घुम्दछन् । पुस्तक पढ्दा पनि लामा बौद्धहरू ग्रन्थको ठेलीलाई आफ्नो सामुन्ने राखेर पढिसकेको पत्रलाई पछाडिपट्टि राख्दछन् भने बोन्पोहरू ग्रन्थको ठेलीलाई पछाडि राखेर पढिसकेको पत्रलाई आफ्नो सामुन्ने राख्दछन् । लामा बौद्धधर्मका आधारभूत ग्रन्थहरू संस्कृतबाट तिब्बती भाषामा अनुवाद गरिएका छन् । अतः ती ग्रन्थहरूका प्रारम्भमा सबभन्दा पहिले भारतीय भाषामा (तिः र्ग्य-गर-स्कद्-द्) भनेर तिब्बती लिपि र संस्कृत भाषामा त्यस ग्रन्थको शीर्षक लेखेर त्यसपछि तिब्बती भाषामा (तिः बोद्-स्कद्-द्) भनेर तिब्बती लिपि र तिब्बती भाषामा उक्त ग्रन्थको शीर्षक लेखिएको हुन्छ । बोन धर्मका ग्रन्थहरूको प्रारम्भमा सबभन्दा पहिले शङ शुङ भाषामा (तिः शङ्-शुङ्-स्कद्-द्) भनेर तिब्बती लिपि र शङ् शुङ भाषामा त्यस ग्रन्थको शीर्षक लेखेर त्यसपछि तिब्बती भाषामा (तिः बोद्-स्कद्-द्) भनेर तिब्बती लिपि र तिब्बती भाषामा त्यस ग्रन्थको शीर्षक लेखिएको हुन्छ । बोन्पोहरूले स्वस्तिक चिह्न (तिः ग्युङ्-द्रुङ्) लाई उल्टो आकृतिमा लिन्छन् । उनीहरू स्वस्तिक चिह्नलाई

बौद्धहरूको वज्रको रूपमा प्रयोग गर्दछन् । यसैगरी बौद्ध धर्मको बोधिसत्त्व (तिःब्यङ्-छुब्-सेमस्-दप') जस्तै बोन्पोहरू स्वस्तिकसत्त्व (तिः ग्युङ्-द्रुङ्- सेमस्-दप') लाई मान्दछन् । बोन्पोहरू उक्त स्वस्तिक चिह्न मानसरोवर (तिः म्छो-म-फम्) मा पाएको विश्वास गर्दछन् । मानसरोवर र कैलाश पर्वत हिन्दू, बौद्ध र बोन्पो सबैका श्रद्धा र विश्वासको स्थल हो । लामा बौद्धहरूको षडक्षरीमन्त्र (तिः स्ङग्स्-हि-गे-द्रुग्) 'ॐमणिपद्मेहूँ' जस्तै बोन्पोहरू 'ॐमत्रिमुयेसलेदु' लाई आफ्नो मूलमन्त्र मान्दछन् । यस मन्त्रमा 'ॐ' यो वैदिक मन्त्र हो । 'मत्रिमुये' यो शङ शुङ भाषा र 'सलेदु' चाहिँ तिब्बती भाषाको शब्द मानिएको छ (स्नेलग्रोब, १९८९: ४१- ४२) । ॐमत्रिमुयेसलेदु यस बोन्पो मन्त्रको व्याख्या यसरी गरिएको छ–

ॐ- बीजाक्षर 'ॐ' ले बोन धर्मका प्रमुख देवता तोन्प शेन्रबको प्रतिनिधित्व गर्दछ । उनी जवाहर जस्ता देदीप्यमान छन् । उनी उपाय र करुणाका देवता हुन् । उनले जो उनीकहाँ जान्छन्, ती सबैको रक्षा गर्दछ ।

म- बीजाक्षर 'म' ले बुद्धि र शून्यताका देवी शेन्रब ज्यमाको प्रतिनिधित्व गर्दछ । उनी रातो वर्णका छन् । उनले सबै लोकमा सबै प्राणीको सृष्टि र उनीहरूको जीवन रक्षा गर्दछ ।

त्रि- बीजाक्षर 'त्रि' ले मुचो देमदुङनामक देवताको प्रतिनिधित्व गर्दछ । उनले शान्तिमय वातावरण ल्याउनको लागि रिस र द्वेषलाई प्रेम र मित्रतामा परिणत गर्दछ ।

मु- बीजाक्षर 'मु' ले साङवा गाङरिङनामक देवताको प्रतिनिधित्व गर्दछ । उनी रातो वर्णका छन् । उनले लोभ र आसक्तिलाई उदारतामा परिणत गर्दछ । प्रेत लोक एवं भोकाएका भूतहरूलाई पवित्र बनाउँदछ ।

ये- बीजाक्षर 'ये' ले तिसाङ रङजिनामक देवताको प्रतिनिधित्व गर्दछ । उनले अज्ञान र संशयलाई हटाएर हाम्रो दैनिक जीवनमा पूर्णज्ञान र सद्बुद्धि ल्याउँदछ ।

स- बीजाक्षर 'स' ले दजिन पुङ्पनामक देवताको प्रतिनिधित्व गर्दछ । उनी नीलो वर्णका छन् । उसले मानिसलाई उनीहरूको क्रोध र ईर्ष्याबाट छुटकारा पाउन सहयोग गर्दछ ।

ले- बीजाक्षर 'ले' ले छेग्याल पर्तिनामक देवताको प्रतिनिधित्व गर्दछ । उनले असुर लोकको उग्र अहंकार र उद्दण्डतालाई शान्त बनाउँदछ ।

दु- बीजाक्षर 'दु' ले येशेन चुगफुद्नामक देवताको प्रतिनिधित्व गर्दछ । उनी सेतो वर्णका छन् । उनले प्राणीलाई आलस्य र सुस्तिपनबाट मुक्त गराएर प्राणी एवं देवतालाई समेत उद्यम र शक्ति प्रदान गर्दछ ।

(गुरुङ, वि.सं.२००३: १८३-१८४)

लुब्राग गुम्बा सेतो बोन (ति: बोन-द्कर) परम्पराको गुम्बा हो । अघि तल्लो उपल्लो मुस्ताङमा बोन धर्म व्यापक रहेको बुझिन्छ, तर अहिले त्यसका केही अवशेषहरू मात्र बाँकी रहेका छन् । ती बोन गुम्बाहरू अहिले धमाधम लामा बौद्ध धर्मका निङमा गुम्बाहरूमा परिवर्तन हुँदैछन् । यसको राम्रो उदाहरण ठिनि गुम्बामा पाइन्छ । ठिनिलाई प्राचीन शेरिब राज्यको राजधानी मानिएको छ । तिब्बती भाषाको ठि ने (ति: ख्रि-ग्नस्) शब्दबाट वर्तमान ठिनि शब्द बनेको छ । ठि (ति: ख्रि) को अर्थ गद्दी र ने (ति: ग्नस्) को अर्थ ठाउँ वा स्थान हो । अत: ठिनिको अर्थ हो राजगद्दी भएको ठाउँ । ठिनिको अर्को नाम सोम्पो हो । यो सोम्पो शब्द तिब्बती भाषाको स्रोङ पो शब्दबाट बनेको देखिन्छ । स्रोङ पोको अर्थ ऊर्ध्वगति हो । गुरुङ वंशावलीमा अघि सबुर्तोक्ह्याल्स (जुम्ला, सिञ्जा) का घले राजा लतिक्ह्यालले क्ह्यालसोम्पोमा आएर रजाइं गरेको उल्लेख छ । यसैगरी ठिनिक्ह्याल्सलाई अघि गुरुङका पुर्खा नोचन खोर्लो ह्निमरछेले अजिमोँ, प्हजिमोँनामक भूतहरूलाई मारेर सुख, शान्ति कायमगरी राज्य गरेको ठाउँ मानिन्छ (गुरुङ, २०३४: ७, ११- १२) । ठिनि गुम्बा यस क्षेत्रको प्रसिद्ध बोन गुम्बा हो, तर अहिले यो गुम्बा लामा बौद्ध धर्मको निङ्मा गुम्बामा परिवर्तन भइसकेको छ । यसो भए तापनि गुम्बाको गर्भगृह (ति: 'दु-खङ्) मा अघिदेखि स्थापित बोन धर्मको वल्शे देवताको मूर्ति भने अझै पनि त्यहीं नै स्थापना गरिराखेको छ । बोन धर्मको वल्शे देवता लामा बौद्ध धर्मको वज्रकील (ति: दोँ-र्जे-फुर-प) जस्तै हो भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ ।

मुस्ताङ जिल्लामा अहिलेसम्म पनि आफ्नो विधिविधान र परम्पराअनुसार जीवित रूपमा रहिरहेको बोन्पो गुम्बा यही लुब्राग गुम्बा मात्र हो । यस गुम्बाको महिमा गण्डकीप्रस्रवणक्षेत्रका ट्होम, पज्यु र ल्हेबँहरूमा व्याप्त रहेको छ । थकालीहरूका परम्परागत पुरोहितलाई ट्होम र गुरुङहरूका परम्परागत पुरोहितहरूलाई पज्यु र ल्हेबँ भन्दछ । यी ट्होम, पज्यु र ल्हेबँहरू प्राचीन कालो बोन (ति: बोन-नग्) परम्पराका बोन्पो पुरोहितहरू हुन् । यिनीहरूले लुब्रागलाई आफ्नो गुरुघर र तीर्थको रूपमा मान्दछन् । जीवनमा एक पटक गुरु मान्न लुब्राग (गु: लिब्रोँ अथवा लब्रु) जानुपर्दछ' भन्ने अवधारणा छ । लुब्राग गएर गुरु मानेपछि टुपी काटेर चढाउनुपर्ने परम्परा छ । यसरी टुपी काटेर चढाउनु भनेको भिक्षुव्रत लिनु हो । यिनीहरू कर्म गर्दा पनि लुब्राग जाने भनेर पे (पुरानो कथा) का वाक्यहरू फलाक्दै घरभित्रबाट आगनसम्म आउने जाने गर्दछन् । यसैगरी थार्सोँ फालेर स्वस्ति शान्ति गर्दा अम्खोरामा राखिएको चोखो पानीमा लुब्रागको जल (गु: लिब्रोँ म्हार्सोँ प्ह्वये छ्यु) अभिमन्त्रण गरेर त्यही जलले नुहाइ धुवाई गर्ने, अभिषेक दिने र घरमा छर्ने गर्दछन् ।

गुरुङका परम्परागत पुरोहितहरू पज्यु र ल्हेबँ दुई थरीका छन् । थकालीहरूका ट्होम र गुरुङहरूका पज्युलाई नेपाली भाषामा झाँक्री भनेर अर्थ गरिन्छ, तर यी ट्होम र पज्युहरू द्यौ बसेर झारफुक गर्ने खालका झाँक्री नभई पे (पुरानो कथा) पढेर विभिन्न संस्कार र पितृकार्य गर्ने पुरोहितहरू हुन् । गुरुङहरूका पज्यु पुरोहित (गु: खेँग) नम तिथु र नम त्ह्या गरी दुई थरीका

हुन्छन् । नम निथु भनेका ल्हेगैं पज्यु र नम त्हया भनेका क्रोम्छैं पज्यु हुन् । ल्हेगैं पज्यु पनि नार्खु (सेतो) र म्लोंखु (कालो) गरी दुई थरीका हुन्छन् । यसमा सद्ज्ञान खेलाउने नार्खु (सेतो) र कूटज्ञान खेलाउने म्लोंखु (कालो) हुन् । यसैगरी ल्हेबृं पनि स्युरु फ्है र पुरुँ फ्है गरी दुई थरीका हुन्छन् । स्युरु फ्है भनेका टुँ ल्हेबृँ र पुरुँ फ्है भनेका म्होछैं ल्हेबृं हुन् । पे (पुरानो कथा) को भाषामा ल्हेबृँलाई फ्हैका अतिरिक्त फ्हैबों पनि भनेको पाइन्छ । यो फ्हैबों शब्द तिब्बती भाषाको बोन्पो शब्दको गुरुङ रूप हो । थकाली भाषाको ट्होम र गुरुङ भाषाको टुँ एउटै शब्द हो भन्ने बुझिन्छ । यसबाट थकालीहरूको ट्होम र गुरुङहरूका पज्यु एवं ल्हेबृँहरू प्राचीन बोनवादी पुरोहितहरू हुन् भन्ने कुरा राम्ररी स्पष्ट हुन्छ ।

यी तीनै थरी पुरोहितहरूको लिखित ग्रन्थ हुँदैन । श्रुति स्मृति अथवा मौखिक परम्पराअनुसार विभिन्न पे (पुरानो कथा) हरू फलाकेर देवकार्य र पितृकार्यहरू गर्दछन् । यिनीहरूमा मूर्तिपूजाको प्रचलन पनि छैन । पशुबलिको प्रचलन छ, तर पशुपंक्षीलाई सोझै जग्गेमा लगेर बलि नदिइकन छुट्टै ठाउँमा पशु वध गरेर त्यस पशुको प्रत्येक अंगप्रत्यंगहरूको एक एक टुक्रा मासुलाई चुयामा उनेर देव पितृलाई चढाई मुटुको रगतको तर्पण दिने प्रचलन छ । यसैगरी बलि दिएको पशुपंक्षीको कलेजोको रेखा र आकृतिहरूमा जोखना हेरेर शकुन अपशकुन बताउने प्रचलन छ । यसमा खासगरी जग्गा जमिन र खेतीपाती (गु: ल सुर), जहान परिवार (गु: म्हि सुर), वस्तु भाउ (गु: ट्हि सुर) र दु:ख्नु, पिर्नु, मर्नु, भाग्नु, आदि अपशकुन (गु: त्य ङयें) विचार गरिन्छ । यस प्रचलनमा शिकारी युगको आदिम मानव संस्कृतिको झलक पाइन्छ, किनभने त्यसबेला केवल शिकारबाट मात्र मासु उपलब्ध हुन्थ्यो र शिकारबाट मारिएको पशुको रगत मुटुमा जमेको हुन्थ्यो । अत: शिकारी युगका आदिम मानिसले आफ्ना देव पितृलाई शिकारबाट मारिएको पशुको मासुको बिलो (गु:स्य गे) चढाई मुटुमा जमेको रगतले तर्पण दिने गर्दथे (गुरुङ, २०४९: १४; १९९३: १३३) । यसरी बलि दिइएको भेडाको कलेजोको चिह्न हेरेर पूजारी र ज्योतिषीहरूले शकुन बताउने चलन ईसापूर्व २२२५ नाकाको मेसोपोटामिया अथवा बेबिलोनियाको संस्कृतिमा पनि विद्यमान थियो (सिन्हा र प्रसाद, १९७६: ७०) ।

पज्युहरूले कर्म गर्दा मुकुटको रूपमा चुच्चे टोपी लगाउँदछन् । त्यस टोपीको शिरमा घोरलको एक जोडा सिङ मोहोडातिर टुप्पा फर्काएर जडेको हुन्छ । यसैगरी कौडी, बाघ, बँदेल, कस्तुरी र मृगको दाह्राले उक्त मुकुट सजाएको हुन्छ । त्यसमा जटा (गु: ह्राल्बो) को रूपमा ऊनका मसिना डोरीहरू झुन्ड्याइएका हुन्छन् । यसैगरी कल्की (गु: नें) को रूपमा दायाँतिर डाँफे (गु: नौ नों) र बायाँतिर मुनाल (गु: नौ सिँ) को प्वाँख लगाउँदछन् । पज्युले आफ्नो साबिकको दैनिक पोशाकमाथि दायाँ काँधमा गाँठो अड्याई बायाँतिर फेरो छोडेर घलेक लगाउँदछन् । त्यसपछि घलेकलाई भित्र पारेर कम्मरमा छालाको पेटी (गु: ह्लें) लगाउँदछन् । त्यस पेटीमा स-साना घण्टीहरू झुन्ड्याइएका हुन्छन् । महिलाहरूले बायाँ काँधमा गाँठो अड्याई दायाँतिर फेरो छोडेर घलेक लगाउँदछन् । यसरी बायाँ काँधमा गाँठो अड्याई दायाँतिर फेरो छोडेर लगाएको

घलेकलाई रिमिच्यौं प्रो (स्त्री घलेक) र त्हर्ग्यौं प्रो (बायाँ घलेक) भनिन्छ । यसलाई अर्को शब्दमा म्होलु (स्त्री पद्धति) पनि भनिन्छ । यसका विपरीत दायाँ काँधमा गाँठो अड्याइ बायाँतिर फेरो छोडेर लगाएको घलेकलाई म्हिमिच्यौं प्रो (पुरुष घलेक) र क्योलों प्रो (दायाँ घलेक) भनिन्छ । यसलाई अर्को शब्दमा फोलु (पुरुष पद्धति) पनि भनिन्छ । यसरी महिलाहरू र पज्युको घलेक लगाउने तरिका फरक छ । वास्तवमा महिलाहरूको घलेक लगाउने तरिका सुबें अथवा सुल्टो (सं. सव्य) पद्धति र पज्युको घलेक लगाउने तरिका बिबें अथवा उल्टो (सं. अपसव्य) पद्धति हो ।

लामाको वज्रकील (ति: दों-जें-फुर-प) जस्तै पज्युको मुख्य तान्त्रिक उपकरण दुम्सिको काँडा हो । तलतिर चोसो परेको फलामको ढुङ्ग्रोमा दुम्सीका काँडाहरू घुसारेर राखेको हुन्छ । कर्म गर्दा उक्त दुम्सीको काँडा जग्गेमा गाडेर राखिन्छ । वैरीलाई बाण हान्न र वैरीले हानेको बाण नर्काउन दुम्सीको काँडा प्रयोग गरिन्छ । यसैगरी अर्काले भेदेर गाडेको पुतला भिक्न, सातो फर्काउन र सह बटुल्नको लागि धनेश चराको टाउको प्रयोग गरिन्छ । पज्युको ढ्याङ्ग्रो एक पाखे हुन्छ । घोरलको छाला र बेतको तनाले मोरेको ढ्याङ्ग्रो राम्रो मानिन्छ र मूल पज्यु स्वयंले ढ्याङ्ग्रो बजाउँदछ ।

पज्युहरूको संस्कारमा खाल (बलि दिएको पशुको सर्वाङ्ग निकालिएको छाला) तान्ने विधि बडो चाखलाग्दो र रमाइलो हुन्छ । प्रेतात्मा र दोख, दोखालो मन्साउनको लागि पज्युले खाल तान्ने चलन छ । पज्युले उपर्युक्तअनुसारको पोशाक पहिरेर खालको तल्लो ओँठलाई आफ्नो दाँतले च्यापेर घरभित्र जग्गे बसालेको ठाउँबाट ढ्याङ्ग्रोको तालमा उक्त खाललाई बिस्तारै तानेर ल्याउँदछ । त्यसबेला आईमाईहरूले खाल तान्ने पज्युलाई घपक्कै छोपेको हुन्छ । ती आईमाईहरूले आफ्नो हातमा तानको साज बाज र चुयाको अंकुश लिएका हुन्छन् । पज्युले उक्त खाललाई तानेर नाच्दै नाच्दै आगनमा ल्याइ घुमाएर फालिदिन्छ । उक्त खालको टाउको यदि घरको ढोकातिर फर्क्यो भने त्यस घरको प्रेतात्मा र दोख, दोखालो त्यही घरमा कीट भएर बसेको मानिन्छ । यदि खालको टाउको बाहिरतिर फर्केको छ भने प्रेतात्मा र दोख, दोखालो सबै मन्सिएको मानिन्छ ।

ल्हेबँले पनि मुकुटको रूपमा पज्युले जस्तै चुच्चे टोपी लगाउँदछ । उक्त चुच्चे टोपीलाई कौडी, बाघ, बँदेल, कस्तुरी र मृगको दाह्राले सजाएको हुन्छ र जटाको रूपमा ऊनको डोरी पनि झुन्ड्याइएको हुन्छ, तर टुप्पामा घोरलको सिङ भने जडेको हुँदैन । ल्हेबँले डाँफे र मुनालको प्वाँखको सट्टा शिरोभूषण (ति: दबु-र्ग्यन्) को रूपमा पञ्चबुद्ध (ति: र्ग्यल्-ब-रिग्स्-ल्ङ) को चित्रअङ्कित मुकुट लगाउँदछन् । यसैगरी ल्हेबँले कालो वर्णको कपडाको जामा लगाउँदछ । ल्हेबँको पनि ढ्याङ्ग्रो एक पाखे हुन्छ, तर मूल ल्हेबँले झ्याली र अरूले ढ्याङ्ग्रो बजाउँदछन् । लामाको वज्रकील (ति: दों-जें-फुर-प) र पज्युको दुम्सीको काँडा जस्तै ल्हेबँको मुख्य उपकरण काठको चरा (गु: च्ह्य रुरु) हो । ल्हेबँको यो काठको चरा वास्तवमा काग हो । अत: यसलाई टाउकोमा कागको आकृति

अङ्कित भएको च्व्य फुर्बको रूपमा मान्न सकिन्छ । लामा बौद्ध धर्मको कग्यु सम्प्रदायमा पनि काकास्य (ति: ब्य-रोग्- ग्दोङ्- चन) अथवा कागको मुख भएको देवतालाई प्रेतात्माबाट मुक्ति दिलाउने देवता मानिन्छ । कग्युपा लामा मिलरेपा र बोन्पो लामा नारो फ्हुमज्युङको बीचमा अनेकन् शास्त्रार्थ र प्रतियोगिताहरू भएको कथा प्रचलित छ । पज्यु र ल्हेबृंको पे (पुरानो कथा) मा मिलरेपालाई म्हिलरज र नारो फ्हुमज्युङलाई न्हुरुफ्हुम भनेको पाइन्छ । यसैगरी म्हिलरजलाई लामाको गुरु र न्हुरुफ्हुमलाई ल्हेबृंको गुरु मानिन्छ । गुरुङ समाजमा लुब्राग (गु: लिब्रों) को तीर्थमा गएर गुरु दीक्षा नलिएको पज्यु, ल्हेबृं पक्का हुन सक्तैन भन्ने मान्यता रहेको कुरा यस अघि नै उल्लेख भइसकेको छ । लुब्राग अहिले सेतो बोन परम्परामा परिवर्तित भए तापनि यो स्थान सेतो र कालो दुवै थरी बोन्पोहरूको श्रद्धा र विश्वासको केन्द्र र तीर्थस्थलको रूपमा रहेको छ । यसरी लुब्राग गुम्बाले एउटा बोन्पो तीर्थस्थलको हैसियतले गण्डकीप्रस्रवणक्षेत्रमा आदिम कालो बोन र संशोधित सेतो बोन दुवै परम्पराको मूल्य र मान्यतालाई जोगाएर राखेको छ ।

## मुक्तिक्षेत्र

गण्डकीप्रस्रवणक्षेत्रमा धवलागिरि अञ्चल, मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमदेखि उत्तरपट्टि काकवेणीको पूर्वमा मुक्तिक्षेत्र अवस्थित छ । मुक्तिक्षेत्रमा भगवान् मुक्तिनाथको मूर्ति स्थापना गरिएको छ । मुक्तिक्षेत्र समुद्रको सतहबाट ३७४९ मिटरको उचाईमा अवस्थित छ । तिब्बती भाषामा यस ठाउँलाई छु-मिग्-ब्र्ग्य-र्च भनिन्छ । छु-मिग्-ब्र्ग्य-र्च को शाब्दिक अर्थ एकसय र केही जल धारा' भन्ने हुन्छ र यसको भावार्थ हो एकसय आठ जल धारा । हिन्दूधर्मावलम्बीहरू मुक्तिनाथलाई भगवान् विष्णु मान्दछन् भने बौद्धधर्मावलम्बीहरू मुक्तिनाथलाई आर्यावलोकितेश्वर (ति: 'फग्स्-प-सप्यन्-रस्-ग्सिग्स्) मान्दछन् । मुक्तिनाथको मन्दिर नेपाली तले शैलीको छ ।

रूख पात केही नभएको नाङ्गो ठाउँमा भोटे पिपलका अग्ला अग्ला रूखहरूको बीचमा सेतो चुन पोतेको मुक्तिनाथको मन्दिर टाढैबाट देखिन्छ । नेपाली तले शैलीमा बनेको मुक्तिनाथको तीन तले मन्दिर पश्चिमपट्टि फर्केको छ । मन्दिरको सामुन्नेपट्टि एउटा खुला पाटी छ । उक्त पाटीमा तीर्थयात्रीहरू वास बस्ने गर्दछन् । मन्दिरदेखि उत्तरपट्टिको पाटीमा मुक्तिनाथका पूजारी झुमाहरू बस्दछन् । यसको एउटा खण्डमा अहिले प्रहरीचौकी बसेको छ । मुक्तिनाथ मन्दिरको पूर्वपट्टि तामाबाट बनेको गाईको मुखबाट पानी आउने एकसय आठवटा जलधारा (ति: छु-मिग्-ब्र्ग्य-र्च) छन् । तीर्थयात्रीहरू यस एकसय आठ धारामा नुहाएर भगवान् मुक्तिनाथको दर्शन गर्दछन् ।

मुक्तिनाथको मन्दिरदेखि दक्षिणपट्टि ज्वालामाईको मन्दिर छ । ज्वालामाईको यो मन्दिर गुम्बा शैलीको छ । ज्वालामाईको मन्दिरभित्र माटो, ढुङ्गा र पानीमा प्राकृतिक ज्वाला बलेको छ । तिब्बती भाषामा माटोमा आगो बलेको ठाउँलाई स-ल-मे-'बर, ढुङ्गामा आगो बलेको ठाउँलाई र्दो-ल-मे-'बर र पानीमा आगो

बलेको ठाउँलाई छु-ल-मे-'बर भनिन्छ । यसरी माटो, ढुङ्गा र पानीमा आगो बल्ने ठाउँको माथिल्लो भागमा चौका बनाएर आर्यावलोकितेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस-ग्सिग्स्) को माटोको भव्य मूर्ति स्थापना गरिएको छ । हिमवत्खण्डपुराणमा अघि ब्रह्माजीले यस ठाउँमा यज्ञ गर्दा विष्णु जल रूपले र शिव अग्निरूपले आएर हवि ग्रहण गरेकाले यहाँ आगो र पानीको सम्मिलन भएको वर्णन छ–

मुक्तिक्षेत्र इतिख्यातस्तस्माल्लोकैर्घटोद्भव ।
प्रत्यक्षं यत्र रुद्रोऽसौ अग्निमूर्त्तिस्तथापरः ॥
विष्णुश्चामृतमूर्तिश्च होताजस्तत्र किं पुनः ।
ऋषयो यत्र मुञ्चन्ति न देवाः किन्नरास्तथा ॥

(हे अगस्त्य मुनि ! त्यसकारण सबैजना त्यस क्षेत्रलाई मुक्तिक्षेत्र भन्दछन् । यस क्षेत्रमा शिवजी अग्निरूपले प्रत्यक्ष निवास गर्नुहुन्छ । विष्णु जलमूर्त्तिले रहनुहुन्छ । जुन क्षेत्रमा हवनकर्ता ब्रह्माजी हुनुहुन्छ, जहाँ ऋषि, देवता, किन्नर, अप्सरा, गन्धर्व इत्यादि नित्य रहन्छन्, त्यहाँको महिमा के भन्नु (योगी, २०१३: सं.: १२६, ने.: १३०) ।

गण्डकीमाहात्म्यमा ब्रह्माजी मुक्तिक्षेत्रमा भगवान् विष्णुका नजिक दिव्यवैश्वानर (अलौकिकज्वाला) भएर बसेको उल्लेख छ–

तिष्ठामि मुक्तिक्षेत्रेऽस्मिन् समीपे तव केशव ।
दिव्यवैश्वानरो भूत्वा ममाग्रे तिष्ठ सर्वदा ॥

(हे केशव ! यो मुक्तिक्षेत्रमा म (ब्रह्मा) तपाईंका नजिक अलौकिकज्वाला बनेर बस्दछु, तपाईं मेरो अगाडि सधैं रहनुहोस् (अधिकारी, २०५५ : ७९) ।

श्रीमद्भगवतगीतामा वैश्वानर अग्निलाई भगवान् श्रीकृष्ण (विष्णु) को रूपमा वर्णन गरिएको छ–

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥

(म नै सबै प्राणीहरूको शरीरमा रहेको वैश्वानर अग्निरूप भएर प्राण र अपान वायुले युक्तभई चार प्रकारको अन्न पचाउँदछु (जालान, २००८: २४२-२४३) ।

लामा बौद्ध परम्पराको तीर्थविवरणी (तिः ग्नस्-यिग्) मा चक्रशम्वरयुगनद्धस्वरूप (तिःब्दे-म्छोग्-'खोर-लो-यब्-युम्) बाट मुक्तिनाथको ज्वाला प्रकट भएको उल्लेख छ (स्नेलग्रोव, १९७९: १०८) । शं' को अर्थ सुख र वर' को अर्थ महा हो । अतः शम्वरको अर्थ महासुख हो । राग गएर शून्यमा विलीन भएको वितत्राग अथवा रागशून्य अवस्था निर्वाण हो र निर्वाण परम सुख हो । शम्वरको युगनद्ध अवस्थालाई चक्रशम्वर भनिन्छ । मुक्तिक्षेत्रको ज्वाला चक्रशम्वर सपरीत युगनद्धस्वरुपबाट प्रकट भएको मानिएकोले चिनियाँ-तिब्बती ज्योतिषशास्त्रका बाह्र लो (वर्ग) का प्राणतत्त्व (गु: सो म्यु) बीचको द्वन्दभाव र

मृत्युभावको परिहार अथवा त्यसको शान्तिको लागि मुक्तिधारामा नुहाएर पानीमा आगो बलेको ज्वाला र मुक्तिनाथको दर्शन गर्ने परम्परा छ।

चीनको बु ताई शान (पञ्चशीर्षपर्वत) मा ज्योतिषराज आर्यमञ्जुश्रीले चिनियाँ-तिब्बती ज्योतिषशास्त्रको प्रतिपादन गरेको विश्वास छ। चिनियाँ-तिब्बती ज्योतिषशास्त्रका बाह्र लो (वर्ग) का नाम; तिनका प्राणतत्व; मित्र, द्वन्द्व एवं मृत्युभाव यस प्रकार छन्–

| क्र.सं. | चिनियाँ नाम | जापानी नाम | तिब्बती नाम | नेपाली अर्थ | प्राणतत्त्व |
|---|---|---|---|---|---|
| १. | चे | ने (जुमि) | च्हिवा | मुसा | पानी |
| २. | चेउ | उशि | लाङ् | गोरु | माटो |
| ३. | यिन | तोर | ताग् | बाघ | काठ |
| ४. | माओ | यू (सगि) | ह्योए | खरायो | काठ |
| ५. | चे | तचु | ड्रुग् | ड्रयागन | माटो |
| ६. | से | मि(हेबि) | डुल् | सर्प | आगो |
| ७. | ङु | उम | त | घोडा | आगो |
| ८. | वेइ | हिचुजि | ल्हुग् | भेडा | माटो |
| ९. | सिन | सरु | टे | बाँदर | फलाम |
| १०. | येउ | तोरि | च्ह्य | कुखुरी | फलाम |
| ११. | सिउ | इनु | खि | कुकुर | माटो |
| १२ | हई | ई(वि) | फाग् | सुँगुर | पानी |

(हेस्टिङ्गस्, १९५३ : ८३, ११५)

तत्त्व, मित्र, द्वन्द्व र मृत्युभावतालिका

| क्र.सं. | तत्त्व | मित्रभाव | द्वन्द्वभाव | मृत्युभाव |
|---|---|---|---|---|
| १. | पानी | काठ<br>फलाम | पानी | आगो<br>माटो |
| २. | काठ | आगो<br>पानी | काठ | फलाम<br>माटो |
| ३. | आगो | माटो<br>काठ | आगो | पानी<br>फलाम |
| ४. | माटो | फलाम<br>आगो | माटो | काठ<br>पानी |
| ५. | फलाम | पानी<br>माटो | फलाम | आगो<br>काठ |

वर्गको प्राणतत्त्वबीच मित्रभाव भएका केटा र केटीको वैवाहिक सम्बन्ध सुखमय हुन्छ। द्वन्द्वभाव भएका केटा र केटीबीच विवाह भएमा जिन्दगी बित्दछ, तर जीवनभर संघर्ष भइरहन्छ। मृत्युभाव भएका केटा र केटी बीच विवाह भयो

भने सम्बन्ध विच्छेद हुन्छ । यसका अतिरिक्त व्यक्ति व्यक्ति बीचको मैत्री सम्बन्धमा पनि यही कुरा विचार गर्नुपर्दछ । यदि यस्तो पर्न गएमा यसको शान्तिको उपाय यस अघि भने जस्तै मुक्तिधाराको स्नान र ज्वाला एवं मुक्तिनाथको दर्शन हो ।

ज्वालामाईस्थित गुम्बाभित्र पस्दा एक किसिमको गन्ध आउँछ र टाउको गह्रुङ्गो हुन्छ । त्यसकारण यो पेट्रोलियम पदार्थको ग्यास बलेको हो भन्ने बुझिन्छ । पश्चिम नेपालको दुल्लुस्थित शिरस्थान, नाभिस्थान र पादुकास्थानमा पनि जमिनभित्रबाट ज्वाला बलेर माथि निस्केको छ । वास्तवमा माटो, ढुङ्गा र पानीमा प्राकृतिक आगो बलेको यस ठाउँको महिमा बढ्दै गई मुक्तिक्षेत्रको रूपमा विकास भएको र यहाँ हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरूद्वारा उपासना गरिएका भगवान् मुक्तिनाथको स्थापना गरिएको बुझिन्छ ।

मुक्तिनाथ मन्दिरको उत्तरमा एउटा गुम्बा अवस्थित छ । यस गुम्बालाई बोलीचालीको भाषामा नरसिंह गुम्बा भनिन्छ । वास्तवमा यो गुम्बा लामा बौद्ध धर्म अन्तरगत निङमा सम्प्रदायको कोनछ्योग् चिदुई हिदम अनुसारको गुम्बा हो । यस गुम्बामा वज्रगुरु पद्मसम्भव, वज्रगुरु पद्मसम्भवकै उग्ररूप गुरु ढाग्मरकील र खाँडोमा सिंहवक्त्राका मूर्ति स्थापना गरिएका छन् । खाँडोमा सिंहवक्त्राको मूर्तिलाई भगवान् विष्णुको नृसिंह अवतारको मूर्ति मानेर यस गुम्बालाई नरसिंह गुम्बा भनिएको हो । यस गुम्बादेखि तलतिर अर्को एउटा गुम्बा छ, जसलाई नयाँ गुम्बा (तिः द्गोन्-प-ग्सर-प) भनिन्छ ।

जोमसोमबाट काकवेणी नगइकन एकलेभाटीबाट सोझै मुक्तिनाथ जाने छोटो बाटो पनि छ तर विशेषगरी हिन्दू तीर्थयात्रीहरू काकवेणी गएर पितृश्राद्ध गरेपछि मात्र मुक्तिनाथको दर्शन गर्न जान्छन् । काकवेणीबाट पूर्वतिर लाग्यो भने झारकोट र रानीपौवा हुँदै मुक्तिनाथ पुगिन्छ र सिधै उत्तरतिर लाग्यो भने मुस्ताङ सात थपौला (लो छो त्हुइन्) र लो मन्थाङ पुगिन्छ । मुक्तिनाथबाट थो रोङ भञ्ज्याङ पार गरेर मनाङ जान पनि सकिन्छ । यसको लागि अघिल्लै दिन बेलुकी मुक्तिनाथ मन्दिरदेखि माथि फेदीमा गएर बास बस्नुपर्दछ र भोलिपल्ट सबेरै उठेर उकालो चढी थो रोङ भञ्ज्याङ्ग पार गर्नुपर्दछ । विशेषगरी शरद् ऋतु र वसन्त ऋतुमा मुक्तिनाथको मन्दिरमा डोको र कुम्लो बोकेका नेपाली तीर्थयात्रीहरूको भीड लाग्दछ भने बाटोघाटो र वरिपरिका चउरहरू विदेशी पर्यटकका रङ्गीचङ्गी पालले ढाकिएका हुन्छन् । मुक्तिनाथको मन्दिर पुग्नुभन्दा अघि नै झारकोटको गाउँमाथि बाटोको बायाँपट्टि एउटा ठूलो पौवा छ । यो पौवालाई रानीपौवा भनिन्छ । तीर्थयात्रीहरूको सुविधाको लागि रणबहादुर शाहका रानी सुवर्णप्रभाले यो पौवा बनाइदिएकी हुन् । यस पौवामा साधु सन्त र तीर्थयात्रीहरूलाई सदावर्त बाँड्नको लागि रानी सुवर्णप्रभाले गुठी राखिदिएकी थिइन् ।

मुक्तिनाथलाई हिन्दूधर्मावलम्बीहरूले भगवान् विष्णु र बौद्धधर्मावलम्बीहरूले आर्यावलोकितेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस्-ग्सिग्स्) को रूपमा मान्दछन् भन्ने कुरा यसअघि नै उल्लेख भइसकेको छ । भगवान् मुक्तिनाथको पूजा बौद्धधर्मावलम्बी झुमा र बाहुन पूजारीबाट हुन्छ । मन्दिरको ताला चाबी र

संरक्षण बौद्धधर्मावलम्बी झुमाको जिम्मामा रहन्छ । भगवान् मुक्तिनाथलाई अर्पण गरिएका सबै वस्तुहरू झुमाले पाउँछन् । टीका लगाएर दिएको दक्षिणा र गोदान आदिको रकम बाहुन पूजारीले पाउँछन् । मुक्तिनाथको मन्दिरमा वि.सं. १९६१ देखि बाहुन पूजारी राखिएको पाइन्छ (ढुङ्गेल, २०४४: ५, ८) ।

मुक्तिक्षेत्रमा अघि ब्रह्माजीले यज्ञ गर्दा विष्णु जलरूपले र शिव अग्निरूपले आई हवि ग्रहण गरेको कुरा यस अघि पनि उल्लेख भइसकेको छ । खासगरी लामा बौद्धधर्मावलम्बीहरू यस ठाउँलाई वज्रगुरु पद्मसम्भवले साधना गरेको सिद्धिस्थलको रूपमा मान्दछन् (टुचि, १९५६: १०) । क थोग् रिग्जिन् छेवाङ नोर्बु लामा (ई. १६९८-१७५५) ले आफ्नो जीवनीमा उनी हिन्दू र बौद्ध दुबैले मान्ने एकसयआठ जलधारा भएको मुक्तिक्षेत्र (मु खुन क्षेत) नामक सुविख्यात तीर्थमा गएको उल्लेख गरेका छन् (ज्याकसन, १९७८: २१२) । क थोग् रिग्जिन् छेवाङ नोर्बुका अनुसार तिब्बतको गुङथाङका राजा बुम दे गोएन (ई. १२५३- १२८०) ले तमाङनामक मोन (उँधोखोले बासिन्दाहरू) लाई वशमा राख्नको लागि तल्लो मुस्ताङको मुक्तिक्षेत्र (मुखुन) मा सिन् जोङनामक किल्ला बनाएका थिए (ज्याकसन, त्यही: २१२) । मुक्तिक्षेत्रको जोङ गाउँलाई यस इलाकाको शासकको मूल गद्दी मानिन्छ (जेष्ट, १९८१: ५६) । अतः गुङथाङका राजा वुम दे गोएनले मुक्तिक्षेत्रमा बनाएको किल्ला सायद यही जोङ गाउँकै किल्ला हुनसक्छ । अतः उक्त किल्ला (तिः जोङ्) को नामबाट नै यस गाउँको जोङ नामकरण भएको देखिन्छ ।

मुक्तिक्षेत्र (मुतसत) मा ढुङ्गा र पानीमा प्राकृतिक आगो बल्ने ठाउँमा डाकिनीहरू बादल जस्तरी जम्मा हुने वर्णन पनि तिब्बती बौद्ध ग्रन्थहरूमा पाइन्छ (ज्याकसन, १९७८: २१२) । वज्रगुरु पद्मसम्भवले नेपाल भूमिमा साधना गरी डाकिनीहरूलाई वश पारेर भोट देशमा गई बौद्धधर्म प्रचार गरेको कुरा यस सन्दर्भमा स्मरणीय छ । यसैगरी प्राकृतिक आगो बल्ने ठाउँसम्म लद्दाखी राजा ल्ह छेन् उइ पल (ई.१०८०-१११०) ले शासन गरेको भन्ने दाबी पनि पाइन्छ (फ्राँके, १९७२: ३५, ९६) । मुक्तिनाथ मन्दिरवरिपरिका रूखहरू यही बाटो भएर भोट गएका सिद्धहरूले छोडेका लट्ठीबाट उम्रिएको विश्वास गरिन्छ (जेष्ट, १९८१: ५६) । यस अनुश्रुति र विश्वासबाट तिब्बतमा बौद्ध धर्मको स्थापना र विकास भएपछि कालीगण्डकीको किनारै किनार मुस्ताङ सात थपौला भएर भारत र तिब्बत आवतजावत गर्ने भारतीय पण्डित, सिद्ध एवं तिब्बती लामाहरूको क्रियाकलापबाट मुक्तिक्षेत्रको महिमा अझ बढेको देखिन्छ । मुस्ताङी राजा अम पालका नाति टशि गोएन (मृत्यु ई. १५१२) को समयमा भारतका उत्तम भिक्षु, भिक्षुपण्डित लोकतारा आदि धेरै पण्डितहरू मुस्ताङमा आएको र टशि गोएनले अघि तिब्बतमा पनि अनुवाद नगरिएका धेरै धार्मिक ग्रन्थहरू मुस्ताङमा अनुवाद गर्ने महशुस गरेको कुरा यस सन्दर्भमा स्मरणीय छ (गुरुङ, १९८६ : २२९) । यसैगरी काठमाडौं उपत्यकासँग पनि पश्चिम नेपालको हिमाली क्षेत्रमा अवस्थित मुक्तिक्षेत्रको धार्मिक एवं सांस्कृतिक सम्बन्ध कायम रहेको पाइन्छ । साँखु वज्रयोगिनीको अखण्डधूनी र स्वयम्भूको देवाधर्मा गुम्बा (म्हर्मे ल्ह खाङ) को

अखण्ड दीयो निभ्यो भने मुक्तिक्षेत्रको स्वयं प्रज्वलित ज्वालाको आगो ल्याएर उक्त अखण्डधुनी र दीयो बाल्नुपर्दछ भन्ने मान्यता छ।

मुक्तिनाथको मन्दिरमा स्थापित भगवान् मुक्तिनाथको मूर्तिको शैली बद्रिनाथको मूर्तिको शैलीसँग मिल्दछ। मुक्तिनाथको मन्दिरमा स्थापित भगवान् मुक्तिनाथ पद्मासनमा विराजमान छन्, तर गरुडमा सवार नभएर गरुडलाई अलग्गै छेउमा राखिएको छ। मुक्तिनाथले आफ्नो दायाँ बायाँका दुवै हातलाई काँधको समतलसम्म उठाएको छ तर हातमा कुनै आयुध लिएको देखिँदैन। यसैगरी मुक्तिनाथका अरू दुई हात हत्केलालाई तलतिर फर्काएर घुँडामाथि राखिएका छन् र ती दुई हातमा पनि कुनै आयुध देखिँदैन। सामान्यतः भगवान् विष्णुले आफ्नो हातमा शंख, चक्र र गदा, पद्म लिएको हुन्छ। पद्मपाणि बोधिसत्त्व अथवा आर्यावलोकितेश्वरका एकसय आठ स्वरूपमध्ये षडक्षरी लोकेश्वर एउटा स्वरूप हो। पद्मपाणि बोधिसत्त्वले आफ्नो यस स्वरूपबाट प्रसिद्ध षडक्षरी बौद्धमन्त्र "ॐमणिपद्मेहूँ" को आविष्कार गरेको हुनाले उनको यस स्वरूपलाई षडक्षरी लोकेश्वर भनेको हो। षडक्षरी लोकेश्वर वज्रपर्यङ्कासनमा बसेको हुन्छ। हिन्दू धर्मको भाषामा जसलाई पद्मासन भनिन्छ, त्यही आसनलाई वज्रयानी बौद्धधर्मको भाषामा वज्रपर्यङ्कासन भनिन्छ। षडक्षरी लोकेश्वरका चार हात हुन्छन्। यसमध्ये दायाँ बायाँका मुख्य दुई हात छातिको समतलमा अञ्जलि मुद्रामा रहेका हुन्छन्। अरू बाँकी दायाँ बायाँका दुवै हात काँधको समतलसम्म उठाएको हुन्छ र दायाँ हातमा स्फटिकको माला र बायाँ हातमा पद्म लिएको हुन्छ। यसरी मुक्तिनाथको मन्दिरमा स्थापित मुक्तिनाथको आसन र काँधको समतलसम्म उठाईएका दुई हातको अवस्थिति र षडक्षरी लोकेश्वरको आसन र काँधको समतलसम्म उठाइएका दुई हातको अवस्थितिबीच समानता पाइन्छ। यसरी मुक्तिनाथको मन्दिरमा स्थापित मुक्तिनाथको प्रतिमालक्षण र षडक्षरी लोकेश्वरको प्रतिमालक्षणमा समानता पाइनाले पनि मुक्तिनाथप्रति हिन्दू र बौद्ध दुवैको तादात्म्य स्थापित भएको हो। यसरी प्रतिमालक्षणमा समानता पाइनु केवल एउटा संयोग मात्र हो। मुख्य कुराचाहिं भगवान् विष्णु र पद्मपाणि बोधिसत्त्व आर्यावलोकितेश्वरप्रतिको अवधारणाबीचको तादात्म्य हो।

हिन्दू धर्ममा भगवान् विष्णुलाई पालनकर्ता मानिन्छ। व्यवेष्टि व्याप्नोति इति विष्णुः' यस उक्ति अनुसार विष्णु शब्दको अर्थ हो सर्वव्यापक। अतः चराचर जगत्लाई व्याप्त रूपले पालन गर्ने षड्ऐश्वर्ययुक्त भगवान् विष्णु कहलाउँदछ। भगवान् विष्णु केवल पालनकर्ता मात्र नभएर दामोदर अथवा जन्म मृत्युको भवबन्धनबाट मुक्त गराउने र चित्तको वास्तविक आनन्दको मूल मूर्ति सच्चिदानन्दकन्दघन हुनुहुन्छ। अतः मुक्तिदाता भगवान् विष्णुको अत्यन्तप्रिय क्षेत्र भएकोले यसलाई मुक्तिक्षेत्र भनिएको र यस क्षेत्रमा गरेको श्राद्धादि कर्मद्वारा पितृहरू मुक्त हुन्छन्' भन्ने अवधारणा छ।

यसैगरी बौद्ध धर्ममा भगवान् शाक्यमुनि बुद्धको महापरिनिर्वाणपछि भविष्यका बुद्ध मैत्रेयले जन्म नलिउञ्जेलको बीच अवस्थामा लोकपालनको दायित्व पद्मपाणि बोधिसत्त्वलाई दिएको मानिन्छ। भगवान् शाक्यमुनि बुद्धले

महापरिनिर्वाण प्राप्त गरेको ५००० वर्षपछि मैत्रेय बुद्धले जन्मलिने विश्वास छ । यसरी आफूमा लोकपालनको दायित्व आएपछि पद्मपाणि बोधिसत्त्वले जगत्को कल्याणको लागि षडक्षरी लोकेश्वर स्वरूपद्वारा प्रसिद्ध बौद्ध षडक्षरीमन्त्र 'ॐमणिपद्मेहूँ' अविष्कार गर्नुभयो । अतः जगतलाई करुणाको दृष्टिले अवलोकन गर्ने हुनाले पद्मपाणि बोधिसत्त्व आर्यावलोकितेश्वर कहलाए । यसैगरी लोकको पालन गर्ने हुनाले पद्मपाणि बोधिसत्त्व करुणामय, लोकेश्वर, लोकनाथ र जगन्नाथ कहलाए । यसका अतिरिक्त पद्मपाणि बोधिसत्त्व आर्यावलोकितेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस्-ग्सिग्स्) ले षडक्षरीमन्त्र 'ॐमणिपद्मेहूँ' द्वारा सुर, असुर, नर, तिर्यक, प्रेत र नरक यी षट्गति अथवा षट्प्राणीलाई भवचक्र अथवा जन्म मृत्युको चक्रबाट पार गराई निर्वाण प्राप्त गराउँदछन् भन्ने अवधारणा छ । यसलाई लामामार्गी बौद्ध धर्मको भाषामा 'ढोवा कुइन् डोल्' भनिन्छ । यसको अर्थ कुइन्= समस्त, ढोवा= गति वा प्राणी र डोल्= मुक्ति हो । अतः ढोवा कुइन् डोल अथवा समस्त प्राणीलाई भवचक्रबाट मुक्त गराउने भगवान् भएकाले आर्यावलोकितेश्वर (तिः 'फग्स्-प-सप्यन्-रस्-ग्सिग्स्) लाई मुक्तिनाथ मानिएको हो ।

सबभन्दा पहिले सद्धर्मपुण्डरीकसूत्रनामक महायानी बौद्ध ग्रन्थमा आर्यावलोकितेश्वरको उल्लेख आएको छ (आचार्य, २०२८: १४९) । जगत्को दुःख जति आफूले पचाउन सकूँ र आफ्नो यस प्रकारको बोधिसत्त्व अवस्थाको पुण्यबाट यो जगत् सुखी होओस् भन्ने प्रणनै बोधिसत्त्वको आदर्श हो (शास्त्री, १९८८: ४३४) । बोधिसत्त्वहरूमा बुद्धत्व प्राप्त गर्ने अर्थात् निर्वाण प्राप्त गर्नसक्ने सामर्थ्य भए तापनि सबै प्राणीहरूले निर्वाण प्राप्त नगरेसम्म आफूले निर्वाण प्राप्त नगर्ने अठोट नै बोधिसत्त्वको महान् आदर्श हो । अतः बोधिसत्त्वको यस महान आदर्शले गर्दा नै बोधिसत्त्वयान महायान कहलाएको हो ।

पद्मपाणि बोधिसत्त्वले आफ्नो हातमा नालसहितको कमलको फूल लिने हुनाले यिनलाई पद्मपाणि बोधिसत्त्व भनिएको हो । पद्मपाणि बोधिसत्त्वको मूलरूप एक मुख, दुई हात भएका र भङ्गमुद्रामा स्थानक अवस्थामा रहेको हुन्छ । यिनले आफ्नो बायाँ हातमा नालसहितको कमलको फूल लिएको हुन्छ र उक्त कमलको फूल बायाँ काँधको समतलमा पुगेर पूर्ण विकसित अवस्थामा फक्रेको हुन्छ । दायाँ हातले चाहिँ वरदमुद्रा प्रदर्शन गरेको हुन्छ (भट्टाचार्य, १९६८: १२४-१४४) । पद्मपाणि बोधिसत्त्वलाई १०८ रूप र १००८ रूपमा पनि पूजिन्छ । यसमध्ये पद्मपाणि बोधिसत्त्वको षडक्षरी लोकेश्वर रूपले बौद्ध जगतमा अत्यधिक मान्यता पाएको छ, किनभने पद्मपाणि बोधिसत्त्वले यही षडक्षरी लोकेश्वर रूपबाट प्रसिद्ध षडक्षरी बौद्धमन्त्र "ॐमणिपद्मेहूँ" को आविष्कार गरेको विश्वास गरिन्छ ।

प्रारम्भिक वज्रयानी अथवा नेपाल उपत्यकाका नेवार बौद्धहरूले षडक्षरी लोकेश्वरलाई बौद्धधर्मका त्रिरत्न- बुद्धरत्न, धर्मरत्न र संघरत्नमध्ये संघरत्नको रूपमा मान्दछन् भने तिब्बती लामा बौद्धहरूले चाहिँ भगवान् बुद्धका चतुकाय रूपकाय, धर्मकाय, सम्भोगकाय र निर्माणकायमध्ये सदा तुषित लोकमा बसेर सुखको भोग गर्ने सम्भोगकाय (तिः लोङ्स्-स्कु) को रूपमा मान्दछन् ।

सर्वप्रथम गुणकारण्डव्यूहसूत्रनामक महायानी बौद्ध ग्रन्थमा प्रसिद्ध षडक्षरी बौद्धमन्त्र "ॐमणिपद्मेहूँ" को उल्लेख आएको छ (आचार्य, २०२८: १५०) । षडक्षरीमन्त्र "ॐमणिपद्मेहूँ" का छवटा अक्षरलाई षडक्षरी लोकेश्वररूप पद्मपाणि बोधिसत्त्वको हृदयकमलको छवटा पत्रको रूपमा मानिन्छ । यस षडक्षरीमन्त्रमा सुर, असुर, नर, तिर्यक्, प्रेत र नरक यी छ लोकका प्राणीहरूको दुःख मुक्ति र सुख प्राप्तिको उपाय बताएको छ, जस्तै–

आर्यावलोकितेश्वरको हृदय कमलका छवटा पत्र छन्, जसको केन्द्रमा करुणामयको हृदयस्वरूपको बीजाक्षर ह्री विद्यमान छ । ती छवटा पत्रहरू षडक्षरीमन्त्र "ॐमणिपद्मेहूँ" का प्रतीक हुन् । त्यसमध्ये बीजाक्षर ॐ सेतो वर्णको छ र सुर लोकमा प्रकाशमान हुन्छ । अहंभाव सुरलोकको स्वभाव हो, जसले गर्दा सुर अथवा देवताहरूलाई सुरलोकबाट तल खस्नुपर्ने दुःख हुन्छ । बीजाक्षर ॐ ले सुरलोकमा समताज्ञान प्रकाश गर्दछ, त्यसबाट सुर अथवा देवताहरूको अहंभाव हट्दछ र उनीहरूलाई सुरलोकबाट तल खस्नुपर्दैन र सदा सुख भइरहन्छ । बीजाक्षर 'म' हरियो वर्णको छ र असुरलोकमा प्रकाशमान हुन्छ । मात्सर्य (डाह) असुरलोकको स्वभाव हो, जसले गर्दा असुरलोकमा सदा घात, प्रतिघात र संघर्ष भइरहन्छ । बीजाक्षर 'म' ले असुरलोकमा कृत्यानुष्ठानज्ञान प्रकाश गर्दछ, जसबाट असुरहरूको मात्सर्यभाव हट्दछ । मात्सर्यभाव हटेपछि असुरलोकमा घात, प्रतिघात र संघर्षबाट हुने दुःख हुँदैन र त्यसपछि असुरलोकमा सुख प्राप्त हुन्छ । बीजाक्षर 'णि' पहेँलो वर्णको छ र नरलोकमा प्रकाशमान हुन्छ । अविश्वास नरलोकको स्वभाव हो र अविश्वासले गर्दा मानिसहरू स्वार्थी हुन्छन् । यसरी परार्थलाई छोडेर स्वार्थमा लाग्ने हुनाले परोपकार नभई नरलोकमा दुःख हुन्छ । बीजाक्षर 'णि' ले नरलोकमा सुविशुद्धज्ञान प्रकाश गर्दछ, त्यसबाट मानिसको पारस्परिक अविश्वास हटेर उनीहरू निस्वार्थी बन्दछन् र त्यसपछि नरलोकमा सुख प्राप्त हुन्छ । बीजाक्षर 'पद्' नीलो वर्णको छ र तिर्यक् अथवा पशुलोकमा प्रकाशमान हुन्छ । जडभाव अथवा अचेतन पशुलोकको स्वभाव हो । त्यसकारण पशुलाई धर्मको चेतना नहुने हुनाले पशुलोकमा छाडावृत्ति हुन्छ । बीजाक्षर 'पद्' ले पशुलोकमा धर्मधातुज्ञान प्रकाश गर्दछ, त्यसबाट पशुको जडभाव (अचेतन) हटेर धर्मको ज्ञान हुन्छ र पशुलोकमा सुख प्राप्त हुन्छ । बीजाक्षर 'मे' रातो वर्णको छ र प्रेतलोकमा प्रकाशमान हुन्छ । लोभ प्रेतलोकको स्वभाव हो र लोभले गर्दा प्रेतलोकमा सधैं भोक र तिर्खाबाट दुःख हुन्छ । बीजाक्षर 'मे' ले प्रेतलोकमा प्रत्यवेक्षणाज्ञान प्रकाश गर्दछ, त्यसबाट प्रेतलोकको लोभीपना हट्दछ र भोक, तिर्खाको दुःख हटेर सुख प्राप्त हुन्छ । बीजाक्षर 'हूँ' नीलो र कालो वर्णको छ र नरकलोकमा प्रकाशमान हुन्छ । क्रोध नरक लोकको स्वभाव हो, जसबाट नरकलोकमा तातो र चिसोबाट उत्पन्न हुने दुःख भइरहन्छ । बीजाक्षर 'हूँ' ले नरकलोकमा आदर्शज्ञान प्रकाश गर्दछ, जसबाट नरकलोकको क्रोध शान्त भई सुख प्राप्त हुन्छ (गुरुङ, २०४१: ३३-३५; शाक्य, १०९८: ४९६-४९७) । यसैगरी बीजाक्षर ॐ बाट सुरलोकमा सुरमुनि शक्र अथवा देवराज इन्द्र प्रकट भई उनले सुरलोकको दुःख हरण गर्दछ । बीजाक्षर 'म' बाट असुरलोकमा असुरमुनि सुवायगिरि प्रकट भई उनले असुरलोकको दुःख हरण गर्दछ । बीजाक्षर 'णि' बाट

नरलोकमा नरमुनि शाक्यमुनि प्रकट भई उनले नरलोकको दुःख हरण गर्दछ । बीजाक्षर 'पद्' बाट तिर्यक् अथवा पशुलोकमा तिर्यक् मुनि सुस्थिरसिंह प्रकट भई उनले पशुलोकको दुःख हरण गर्दछ । बीजाक्षर 'मे' बाट प्रेतलोकमा प्रेतमुनि आकाशकोष प्रकट भई उनले प्रेतलोकको दुःख हरण गर्दछ । बीजाक्षर 'हूँ' बाट नरकलोकमा नरकमुनि धर्मराज काल प्रकट भई उनले नरकलोकको दुःख हरण गर्दछ । यी षट्मुनिहरूले षट्लोकका षट्गति अथवा प्राणीहरूको दुःख हरण गरी उनीहरूलाई भवचक्रबाट मुक्त गराउँदछ (गुरुङ, २०५३:२२- २३) ।

यसरी हिन्दू धर्मअनुसार भगवान् विष्णुप्रतिको जगत्को पालन र मुक्तिको अवधारणा र बौद्ध धर्मअनुसार आर्यावलोकितेश्वरप्रतिको जगत्को पालन र मुक्तिको अवधारणाबीच अति निकटतम तादात्म्य पाइन्छ । अर्को कुरा हिन्दू र बौद्ध मतमा भगवान् विष्णु र आर्यावलोकितेश्वर नाम र रूप अलग-अलग भए तापनि ती दुवै मतको जगतको पालन र जीवको मुक्तिको दार्शनिक चिन्तनको मिलन बिन्दु एउटै भएकोले यो तादात्म्य अझ बलियो भएको हो । वास्तवमा मुस्ताङको मुक्तिक्षेत्रमा विराजित मुक्तिनाथ लामा-विष्णु परम्पराको परवर्ती विकसित रूप हो भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ । लामा–विष्णुमतमा बौद्धमत र वैष्णवमतलाई एकाकार गर्ने सत्प्रयास गरिएको छ ।

हिमवत्खण्डपुराणमा ज्येष्ठशुक्लदशमी अथवा दशहराको दिनमा मुक्तिक्षेत्रको मुक्ति धारामा स्नान गर्नाले कोटिजन्ममा गरेको पापबाट मुक्त हुन्छ' भनेको छ । दशहराको दिन हृषिकेशोत्सव पनि हो । अतः यस दिनमा मुक्तिक्षेत्रको स्नान पुण्यदायक मानिएको हो । यसैगरी हिमवत्खण्डपुराणमा माघे संक्रान्तिमा मुक्तिक्षेत्रको स्नान गर्नाले सम्पूर्ण पापबाट मुक्त भई परम पद पाइन्छ र नरकमा वास गरेका भए तापनि मुक्तिक्षेत्रमा गरिएको तर्पण र श्राद्धद्वारा पितृहरू तत्काल मुक्त हुन्छन्' भनेको छ (योगी, २०१३: सः १२६; ने: १३०) । आजकल यातायात र बसोबासको सुविधा भएकाले तीर्थयात्रीहरू आफ्नो अनुकूल अवसर पारेर मुक्तिक्षेत्रको तीर्थयात्रामा जान्छन् तापनि खासगरी हिन्दू तीर्थयात्रीहरू आश्विनकृष्णअमावस्या पितृ विसर्जनको पर्व पारेर मुक्तिधाराको स्नान गरी मुक्तिनाथको दर्शन गर्दछन् । यसैगरी कतिपय भक्तजनहरू बडा दशैंको टीकाका दिन टीका थाप्न पनि मुक्तिनाथ जान्छन् ।

मुक्तिक्षेत्रमा मनाइने पर्वहरूमा यारतोङ (तिः द्व्यर-स्तोन्) अथवा ग्रीष्मोत्सव निकै चाखलाग्दो हुन्छ । नेपालको पहाडी भेकको दशैं जस्तै तिब्बत र नेपालको हिमाली भेकका बासिन्दाहरू ग्रीष्मऋतुमा एउटा रमाइलो चाड मनाउँदछन्, जसलाई यारतोङ (ग्रीष्मोत्सव) भनिन्छ । यो बेला खेतीपाती गरिसिद्धिएको र बालिनाली थन्क्याउने बेला भइनसकेको हुनाले यहाँका जनतालाई फुर्सद नै हुन्छ । यसरी काम काजको फुर्सदको साथसाथै यस बेलामा हिमाली क्षेत्रको मौसम र वातावरण पनि अति रमाइलो हुन्छ । यसबेला हिमाली भेकका जनताहरू आफ्नो गाउँ बस्तीभन्दा बाहिर खुला चउरमा गएर भोज खाने गर्दछन् । यस अवसरमा नाचगान गर्ने, धनुषकाँडबाट तारो हान्ने र घोडा कुदाउने गर्दछन् ।

यारतोङ उत्सवको लागि ऋतु तोकिएको हुन्छ तापनि धेरैजसो गाउँमा यो चाड मनाउनको लागि ज्योतिषी (तिः चिंस्-प) ले साइत जुराउँदछ, तर मुक्तिनाथमा भने वर्षेनि श्रावणशुक्लपूर्णिमाको दिनमा यारतोङ उत्सव मनाइन्छ। मुक्तिनाथको यारतोङ यस भेकको एउटा ठूलो पर्व मानिन्छ। यस पर्वमा केवल भारजोङको ६ गाउँ (तिः जार-जोंङ्-युल-द्रुग्) का मात्र नभएर उपल्लो मुस्ताङ सात थपौलादेखि थाक सातसय र मनाङ एवं डोल्पाका मानिसहरू सम्मिलित हुन्छन्। लमजुङबाट थोरोङ भञ्ज्याङ पार गरेर आएका गुरुङका युवक युवतीहरूको जात्रा टोली पनि दूधपोखरी नुहाएर त्यसबेला मुक्तिनाथ पुगिसक्छन्। यस अवसरमा नाच गान र खानपिनका अतिरिक्त मोह्रकौडी जस्तै हिमाली भेकका बासिन्दाहरूको एउटा मनोरञ्जनको साधन पारा खेल पनि सञ्चालन गरिन्छ।

घोडचडी युवकहरूको घोडादौड मुक्तिनाथ यारतोङको अर्को रमाइलो पक्ष हो। जनसमूह र विशेषगरी युवतीहरूको जमातलाई आफ्नो घोडचडी कुशलता एवं पौरुषत्व प्रदर्शन गर्नको लागि युवकहरूलाई यो एउटा उपयुक्त अवसर हो। हिमाली क्षेत्रको यारतोङ पर्वको शस्त्रचालन र घोडादौडले काठमाडौंको घोडेजात्रासँग सामञ्जस्य राख्दछ। यस आधारमा यारतोङ पर्वको मनोरञ्जनका साथसाथै सामरिक महत्त्व पनि देखिन्छ।

मुक्तिक्षेत्र र मुक्तिनाथको धार्मिक एवं सांस्कृतिक चरित्रले नेपालको राष्ट्रिय समीकरणको लागि एउटा ठूलो पाठ सिकाइरहेको छ। हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरूको समान श्रद्धा र विश्वासको केन्द्र मुक्तिक्षेत्रमा प्रतिष्ठापित भगवान् मुक्तिनाथका पूजारी लामामार्गी भोटेनी भुमा र हिन्दुधर्मावलम्वी बाहुन छन् भने मन्दिरको वास्तुशैली काठमाडौं उपत्यकाका नेवार कालिगडहरूले विकास गरेको तले शैलीको छ। विभिन्न भेषभूषा भएका र विविध भाषाभाषी, हिन्दू, बौद्ध, तागाधारी, मतवाली आदि सबै वर्गका श्रद्धालु भक्तजनहरू समान भावले मुक्तिक्षेत्रको तीर्थयात्रामा जान्छन्। यसरी मुक्तिनाथको प्रतिमालक्षण, मुक्तिनाथप्रतिको हिन्दू र बौद्धहरूको अवधारणा, यहाँको पूजारीपरम्परा, मन्दिरको वास्तुशैली र यस क्षेत्रको तीर्थयात्रामा जाने विभिन्न वर्गका तीर्थयात्रीहरूवीचको आपसी सहिष्णुता र सहअस्तित्त्वको सद्भावनाले समन्वयात्मक नेपाली राष्ट्रियताको भावनाको प्रबोधन र प्रवर्द्धन गरिरहेको छ। अतः भगवान् मुक्तिनाथ केवल पारमार्थिक दृष्टिले जीवलाई भवबन्धनबाट पार गराउने ईश्वर मात्र नभई उनले अत्यन्त निजी र संकुचित दायराबाट अघि बढेर फराकिलो राष्ट्रिय भावनातर्फ उन्मुख गराउने एउटा उत्प्रेरकको भूमिका पनि निर्वाह गरिरहेका छन्। त्यसकारण मुक्तिक्षेत्रका भगवान् मुक्तिनाथ विशाल नेपाली राष्ट्रियताका प्रेरणाका स्रोत हुन्।

## पहिलो निधितीर्थ लो गेकर गुम्बा

### ऐतिहासिक पृष्ठभूमि

चराङदेखि पश्चिमपट्टि लाङ् छेन् रि डाँडाको फेदीमा मराङ गाउँदेखि केही माथि लो गेकर (तिः ब्लो-द्गे-द्कर) गुम्बा अवस्थित छ । यो गुम्बा पहिलो निधि तीर्थ (तिः ग्तेर-ग्नस्-दङ्-पो) को नामबाट प्रसिद्ध छ । गुम्बा बनाउँदा विशेषगरी बस्तीभन्दा बाहिर शान्त एवं एकान्त स्थलमा बनाउने परम्परा छ । यही परम्पराअनुरूप शान्त वातावरण भएको स्थान चयनगरी लो गेकर गुम्बा बनाएको देखिन्छ । लो गेकर गुम्बा मुस्ताङको एउटा प्रसिद्ध निङमा (तिः ग्त्रिङ-म) गुम्बा हो । यस गुम्बाले उत्तरी बौद्ध जगत्को धार्मिक जीवनमा महत्त्वपूर्ण स्थान ओगटेको छ । यस गुम्बाको निर्माणकथा वज्रगुरु पद्मसम्भवको जीवनीसँग सम्बद्ध छ । भोटको प्रसिद्ध साम्ये (तिः ब्सम्-यस्) गुम्बाभन्दा लो गेकर गुम्बा अघि बनेको मानिन्छ । साम्ये गुम्बा भोटको पहिलो गुम्बा हो । यो गुम्बा भोटका राजा ठिरोङ दे चन (तिः खि-स्रोङ्-ल्दे-ब्चन्) को समय ई. ७५१ मा बनेको हो । भोटको साम्ये गुम्बा बनाउँदा अनेक विघ्नबाधाहरू आइपरेकाले त्यस गुम्बाको निर्माण कार्य स्थगित गरी ती विघ्न बाधाहरू शान्त पार्न वज्रगुरु पद्मसम्भवले लो गेकेर गुम्बा बनाएको र लो गेकर गुम्बा बनेपछि साम्ये गुम्बाको निर्माणकार्यमा आइपरेका विघ्नहरू शान्त भएको अनुश्रुति छ । यसका अतिरिक्त लो गेकरलाई वज्रगुरु पद्मसम्भवले विभिन्न धार्मिक ग्रन्थ एवं तान्त्रिक उपकरणहरू गुप्त राखेको पहिलो निधितीर्थ (तिः ग्तेर-ग्नस्-दङ्-पो) मानिन्छ । यसरी लामा बौद्ध धर्ममा पहिलो निधितीर्थ (तिः ग्तेर-ग्नस्-दङ्-पो) को रूपमा मुस्ताङको लो गेकर गुम्बाको ठूलो महत्त्व र लोकप्रियता रहेको छ । मुस्ताङको लो गेकरका अतिरिक्त ललितपुर, कुम्भेश्वरनेरको इवहि (तिः बल्-युल्-ए-यिग्-ग्चुग्-लग्-खङ्) लाई पनि वज्रगुरु पद्मसम्भवले धार्मिकग्रन्थ एवं तान्त्रिक उपकरणहरू गुप्त राखेको निधितीर्थ (तिः ग्तेर-ग्नस्) मानिन्छ । यो कुरा केवल मुस्ताङको मात्र एक्लो दाबी नभएर सम्पूर्ण भोटमा मान्यताप्राप्त श्रुतिपरम्परा हो । यस श्रुतिपरम्परामा सत्यता होला नहोला, त्यो कुरा भिन्दै हो, तर लो गेकर गुम्बा एउटा उल्लेखनीय धार्मिक महत्त्व भएको प्राचीन गुम्बा हो भन्ने कुरा भने यस श्रुतिपरम्पराबाट प्रष्ट हुन्छ ।

चराङ गुम्बाको वेम् छयाग् (तिः बेमस्-छग्स्) मा मुस्ताङलाई वज्रगुरु पद्मसम्भवले भूत वश पारेको भूमि भनिएको छ । यसैगरी सोही गुम्बाको च्या हिग् (तिः ब्च`-यिग्) मा अम पालले महान् तीर्थ लो गेकरको समीप चराङमा दरबार र गुम्बा बनाएको उल्लेख छ । यसबाट पनि अम पालको समय अथवा इस्वी पन्ध्रौं शताब्दीभन्दा अघिदेखि नै लो गेकर गुम्बाले प्रसिद्धि कमाइसकेको देखिन्छ ।

### गुम्बाको क्षेत्र

लो गेकर गुम्बा कुनै गाउँविशेषको गुम्बा नभएर सम्पूर्ण मुस्ताङ सात थपौला (तिः ब्लो-म्छो-ब्दुन्) को साझा गुम्बा हो । यस गुम्बामा भिक्षु व्रतमा बसेका ग्व्र-वहरूको धर्मसंघ छैन । मुस्ताङ सात थपौलाभित्रका गृहस्थमा रहेर

मन्त्रचर्या गर्ने सबै निङम डाग्पाहरू यस गुम्बाका सदस्य हुन्छन् । गुम्बाको काम पनि मुस्ताङ सात थपौलाका जनताहरूले गर्दछन् । अहिले गार्फुग् गुरु गुम्बाका पद्म लामा यी निङम डाग्पाहरूका लो पोन् (तिः स्लोब्-द्पोन्) मानिन्छ । गुम्बाको कुनेर (पूजारी) भने मराङ गाउँका डाग्पाहरू हुन्छन्।

## गुम्वाको धार्मिक सम्प्रदाय

यो गुम्बा निङम पा (तिः ग्त्रिङ्-म-प) अथवा पुरातनवादीहरूको गुम्बा हो । निङम सम्प्रदायको प्रवर्तन वज्रगुरु पद्मसम्भवबाट भएको मानिन्छ । अहिले लो गेकर गुम्बामा कोन्छ्योग चि दुई (तिः द्कोन्-मछोग्-स्प्यि-स्दुस्) हिदम्अनुसारको कर्म गरिन्छ । कोनछ्योग चि दुई हिदम् निङम सम्प्रदायको अति लोकप्रिय हिदम् हो । यस हिदम्मा बुद्ध, धर्म, संघ यी त्रि-रत्नको समुच्चय भएको मानिन्छ । अतः यो हिदम्को कोन्छ्योग् चि दुई (रत्नसमुच्चय) नामकरण भएको हो । लामा धर्ममा प्रत्येक सम्प्रदायले लामा (गुरु), हिदम् (इष्ट देवता), खाँडोमा ( डाकिनी), गोन्पो (महाकाल) र सुङ्मा (रक्षक) यी पाँचवटा देवी देवतालाई मान्दछ । आ-आफ्नो सम्प्रदायअनुसार यी पाँच देवी देवताहरू भिन्दाभिन्दै हुन्छन् र एउटै सम्प्रदायभित्र पनि आचार्य परम्पराअनुसार यी पाँच देवी देवताहरू फरक हुन सक्छन् । कोन्छ्योग चि दुई हिद्ममा वज्रगुरु पद्मसम्भवलाई लामा (गुरु), वज्रगुरु पद्मसम्भवकै रौद्ररूप गुरु ढाग्मरलाई हिदम् (इष्टदेवता), सेङ दोङमा अथवा सिंहवक्त्रालाई खाँडोमा (डाकिनी), मनिङ् गोन्पोलाई गोन्पो (महाकाल) र च्याग्पा मेलेन्लाई सुङमा (रक्षक) मानिन्छ ।

## पर्व पूजाहरू

यस गुम्बामा मासिक एवं वार्षिक दुई थरी पूजा गरिन्छ । यहाँ हुने मासिक पूजाचाँही प्रत्येक महिनाको २९ गते (कृष्णचतुर्दशी) मा हुने गुइ तोर (तिः द्गु-ग्तोर) अथवा महाकाल पूजा हो । यो पूजा गुम्बाको कुनेरबाट गरिन्छ र यसको खर्च पनि कुनेर आफैंले बेहोर्नु पर्दछ । यस पूजामा सबै डाग्पाहरू उपस्थित हुनुपर्ने कुनै अनिवार्य छैन । यसबाहेक यस गुम्बामा अरू कुनै मासिक पूजा हुँदैन । यस गुम्बामा हुने वार्षिक पूजामा चाहिँ विशेषगरी चराङ, मराङ, घमि, ढागमर, त्हे, ताङ्ग्येका सबै निङम डाग्पाहरू जम्मा हुनुपर्दछ । टेल्दा छे च्यु (तिः स्प्रे-स्ल-छेस्-व्चु) अथवा तिब्बती पाँचौं महिनाको १० गते (जेष्ठशुक्लदशमी दशहरा) वज्रगुरु पद्मसम्भवको जन्मदिवसको उपलक्ष्यमा गरिने पूजामा भने मुस्ताङ सात थपौलाका सबै निङम डाग्पाहरू अनिवार्य रूपले उपस्थित हुनुपर्दछ । यदि उपस्थित हुन सकेन भने क्षमा याचना गर्दै एक रुपैयाँ र एउटा खादा चढाई पठाउनुपर्दछ । यो पूजा एक वर्ष लो गेकर गुम्बामा र एक वर्ष मुस्ताङ दरबारमा हुन्छ । लो गेकर गुम्बामा गरिने पूजाको खर्च ढाल्लादेखि तलका चराङ, मराङ, घमि, ढागमर, त्हे, ताङ्ग्ये आदि गाउँले बेहोर्दछन् र मुस्ताङ दरबारमा गरिने पूजाको खर्च ढाल्लादेखि माथिका मन्थाङ, छोस्यार, छोनुब आदि गाउँले बेहोर्दछन् ।

यस गुम्बामा हुने वार्षिक पूजाको तालिका यस प्रकार छ–

१. बोद्-स्ल-दङ्-पो (तिब्बती पहिलो महिना), म्छु-स्ल-ब (माघ),

   क. १५ गते (माघशुक्लपूर्णिमा) कोन्छ्योग् चि दुई पूजा (यस अवसरमा आफ्नो सम्प्रदायको लामा वज्रगुरु पद्मसम्भव, हिदम् गुरु ढागमर, डाकिनी सिंहमुख, महाकाल मानिङ् र सुङमा च्याग्पा मे-लेन्को पूजा हुन्छ)

२. बोद्-स्ल-ब्शि-प (तिब्बती चौथो महिना), स-ग-स्ल-ब (वैशाख),

   क. यस महिनामा डाग्पा एवं उपासक उपासिकाहरू गुम्बामा न्युङने अथवा उपवास बस्दछन् । उपवास बस्दा ८ गते (वैशाखशुक्लअष्टमी) वा १५ गते (वैशाखशुक्लपूर्णिमा) यी दुई तिथिमा जहिलेदेखि बसे पनि हुन्छ । ८ गतेबाट उपवास बस्न शुरू गरेको छ भने ९ गते (वैशाखशुक्लनवमी) मा निराहार बस्दछन् र १५ गतेबाट शुरू गरेको छ भने १६ गते (जेष्ठकृष्णप्रतिपदा) मा निराहार बस्दछन् । यस पर्वमा मुस्ताङ सात थपौलाभित्रका निङम डाग्पा एवं अन्य गृहस्थी उपासक उपासिकाहरू जम्मा हुन्छन् ।

३. बोद्-स्ल-ल्ङ-प (तिब्बती पाँचौं महिना), स्न्रोन्-स्ल-ब (जेठ)

   क. ३ गतेदेखि ६ गते (जेष्ठशुक्लतृतीयादेखि जेष्ठशुक्लषष्ठी) सम्म शिठो (नि: शि-खो) पूजा हुन्छ । यस पूजामा ३ गते सबै डाग्पाहरू जम्मा हुन्छन् र ४ गतेदेखि ६ गतेसम्म अनेक पशुपंक्षीका मुखाकृति भएका शिठोनामक तान्त्रिक देवी देवताहरूको पूजा हुन्छ ।

   ख. १० गतेदेखि १२ गते (जेष्ठशुक्लदशमीदेखि जेष्ठशुक्लद्वादशी) सम्म तीन दिन माथि भनिए जस्तै वज्रगुरु पद्मसम्भवको जन्म दिवसको उपलक्ष्यमा पूजा हुन्छ ।

४. बोद्-स्ल-द्गु-प (तिब्बती नवौं महिना), थ-स्कर-स्ल-ब (आश्विन),

   क. २२ गते (कार्तिककृष्णसप्तमी) ल्ह-बब्स्-दुस्-छेन् ।

५. बोद्-स्ल-ब्चु-प (तिब्बती दशौं महिना), स्मिन्-द्रुग्-स्ल-ब (कार्तिक),

   क. १५ गते (कार्तिकशुक्लपूर्णिमा) गेशे रिन्पोछेको त्हुइछेन् ।

## गुम्बाको आर्थिक स्थिति

लो गेकर गुम्बाको आफ्नो निजी खेत छैन । मुस्ताङ सात थपौलामा उठाइने चन्दा र दाताहरूबाट दिइने दानबाहेक गुम्बाको अरू आयस्रोत छैन । अघि छ्योएजोङ इलाकामा बस्ने छ्योएजोङपा ढोग्पाहरूले मुस्ताङी राजालाई वर्सेनि करको रूपमा बुझाउने घ्यू लो गेकर गुम्बामा अखण्ड दीप बाल्नको लागि प्रयोग गरिन्थ्यो, तर अहिले त्यो परम्परा टुटिसकेको छ । त्योँगा अथवा शरद

ऋतुमा बाली थन्क्याएपछि मराङ गाउँका ङाग्पाहरू मुस्ताङ सात थपौलामा चन्दा माग्न हिँड्दछन् । मुस्ताङी राजाहरूले यी ङाग्पाहरूलाई मुस्ताङ सात थपौलाभित्र चन्दा माग्न सक्ने सुविधा दिईआएका थिए । मुस्ताङ सात थपौलाका गृहस्थीहरूले यी ङाग्पाहरूलाई १-२ पाथी उवा, गहूँ आदि अन्नहरू चन्दा दिन्छन् । यसरी चन्दा मागेर सँगालिएको अन्न गुम्बामा बुझाउनुपर्दैन । जस जसले जति जति अन्न उठाउन सक्यो, त्यो उसैले लिन पाउँछ, तर आफ्नो पालो परेको बेला गुम्बाको साधारण पूजा उसले आफ्नै खर्चले चलाउनुपर्दछ । गुम्बाको ठूल्ठूला मर्मत एवं सम्भार कार्यहरू मुस्ताङ सात थपौलाका जनताहरूले गरिदिनुपर्दछ, तर रंग रोगन आदि साधारण संरक्षण एवं रेखदेख भने मराङ गाउँका गाउँलेहरूले गर्दछन् ।

## गुम्बाको कला र वास्तुकला

गार्फुग् गुम्बाको मोल्लअनुसार मुस्ताङी राजा अहं दोन्ढुव् दोर्जेले लो गेकर गुम्बाको जीर्णोद्धार गरेका थिए । लो गेकरको वर्तमान गुम्बा पूर्वाभिमुख छ । गुम्बासँगै जोडेर दक्षिण पट्टि लब्राङ (लामाको निवास) बनाएको छ । गुम्बाको बाहिरी भित्तामा रातो माटो र लब्राङको भित्तामा सेतो माटो पोतिएको छ । गुम्बा र लब्राङको छानामा परम्परागत बौद्ध ध्वजा (ति: ग्यल्-म्छन्) र थुग्स्हरू गाडिएका छन् । गुम्बाको चार सुरमा चारवटा छ्योर्तेन्हरू छन् । गुम्बाको चारैतिर स-साना मणिखोर्लोहरू लहरै राखिएका छन् । यसरी गुम्बाको चार सुरमा चारवटा छ्योर्तेन् बनाउनु र गुम्बालाई मणिखोर्लोको लहरले परिवेष्टित गर्नु यस गुम्बाको वास्तुकलात्मक विशेषता हो।

## 'दु-खङ् (मठ)

यस गुम्बाको गो छ्योग्लाई पनि कलात्मक चित्रहरूले सिँगारिएको छ । गुम्बाको यस भागमा मनिङ गोन्पो आदि धर्मपालका चित्रहरू लेखिएका छन् । गुम्बाको दु खाङ्लाई दुई खण्डमा विभाजन गर्न सकिन्छ । यसमध्ये भित्रपट्टिको खण्ड पुरानो एवं मूल दु खाङ हो । यसभन्दा बाहिरपट्टिको खण्डचाहिँ पछि बनाइएको हो । बाहिरी खण्डको दु खाङको भित्तामा अनेक देवी देवता र लामा एवं सिद्धका आकृतिहरू खोपेर विभिन्न रङद्वारा कलात्मक पारिएका ढुङ्गाका पाताहरूलाई काठको चौकोसमा सजाएर राखिएका छन् । दु खाङको उत्तरपट्टिको कोठामा खच्चरमाथि चढेको ल्हामो शिव (सौम्य शक्ति) र भैंसीमाथि चढेको ल्हामो ढाग्पो (रौद्र शक्ति) का मृत्तिका मूर्तिहरू स्थापना गरिएका छन् । यस प्रकारको मूर्ति मुस्ताङका अन्य गुम्बाहरूमा देखिएको छैन । गुम्बाको मूल दु खाङमा ल्हच्यम मन्दर र येशे छोग्यालसहित वज्रगुरु पद्मसम्भव र विभिन्न सिद्धका मृत्तिका मूर्तिहरू स्थापना गरिएका छन् ।

### शिठो ल्हखाङ

दु खाङको माथिल्लो तलामा एउटा कोठा छ, जसलाई शिठो ल्हखाङ भनिन्छ । यस कोठामा लब्राङको बाटो भएर जानुपर्दछ । यस कोठामा वज्रगुरु पद्मसम्भव, लामाहरू, विभिन्न महाकालहरू र अनेक पशु पंक्षीका मुखाकृति भएका देवी देवताका आकृति खोपिएका ढुङ्गाका पाताहरूलाई काठको चौकोसमा सजाएर राखिएका छन् । यस्ता विभिन्न पशु पंक्षीका मुखाकृति भएका शिठो देवी देवताहरूले मानिसको मृत्युउप्रान्त उनलाई पाप पुण्यको फल भोगाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिन्छ ।

### मणि ल्हखाङ्

लब्राङको माथिल्लो तलाको पश्चिमपट्टिको कोठालाई मणि ल्हखाङ भनिन्छ । यस कोठामा मणिपद्म लोकेश्वरका मूर्तिहरू खोपिएका ढुङ्गाका पाताहरू जडिएका छन् । मूर्तिको ठीक तलपट्टि सोही ढुङ्गामा लोकेश्वरका स्तुति मन्त्र र दाताका नामहरू लेखिएका छन् । यसमा अङ्कित अभिलेखअनुसार मणिपद्मलोकेश्वरका यी मूर्तिहरू रानी निदा ल्हामो (ई. १७ शदी) ले स्थापना गरेका हुन् (शर्मा र गुरुङ, २०५७: १०१–१०६) ।

### ज्यम्पा गुम्बा

### ऐतिहासिक पृष्ठभूमि

लो मन्थाङको प्राकारवेष्ठित बस्तीभित्र ज्यथाङ टोलमा अवस्थित ज्यम्पा गुम्बा (ति: व्यम्स्-प-द्गोन्-प) अथवा मैत्रेय विहार नेपालको एउटा सांस्कृतिक सम्पदा हो । यो गुम्बा मुस्ताङी राजा अम पालका छोरा अ गोएन साङपोले ई. १४४७ मा बनाएका थिए (गुरुङ, १९८६: २२३) । यस गुम्बाको प्रतिष्ठा (ति: रब्-ग्नस्) ङोर सम्प्रदायका प्रवर्तक स्वयं ङोर्छेन् कुङगा साङपोबाट भएको थियो (गुरुङ, त्यही: २२३) । त्यसपछि अ गोएन साङपोका आठौं पुस्ताका राजा समढुव पलवरले चिनियाँ–तिब्बती ज्योतिषशास्त्रअनुसारको पानी-खरायो वर्ष (ई. १६६३) मा यस गुम्बाको जीर्णोद्धार गरेका थिए (गुरुङ, त्यही: २१५-२३८) । ज्यम्पा गुम्बाको करछ्याग (विवरणी) मा उक्त गुम्बाको जीर्णोद्धारकालको बारेमा यसरी उल्लेख गरिएको छ–

सुगत शाक्य राजा शुद्धोदनका अतुलनीय पुत्र सामान्य मानिस जस्तरी अवतीर्ण भएर तीनहजार आठसय पचहत्तर वर्ष गएर वज्रयानको पद्धतिलाई बौद्ध धर्ममा प्रमुख स्थान दिलाउने, असाधारण कालचक्र स-स्क्य-प सम्प्रदायमा समुद्भूत भएको दुई हजार छ सय उनान्नब्बे वर्ष गएर पोतलका मालिक, पद्मवान, राजाको अधिकार राम्ररी उपभोग गर्ने धर्मराज, स्रोङ्-ब्चन्-स्गम्-पो अवतीर्ण भएर एक हजार सतचालीस; भट्टारक मञ्जुघोषको पूर्णावतार राजा ख्रि-स्रोङ्-ल्देहु-ब्चन् जन्मेर नौ सय चौंतीस; त्रि-कालबुद्ध, समस्तभाव, जम्बुद्वीपमा व्रतको आगमन भूमि पूर्णतः पार गरेका उड्डियानका महान् आचार्य, दोस्रा बुद्ध, वज्रगुरु पद्मसम्भव भोटमा पुगेर नौ सय पन्ध, गुह्यकाधिपति वज्रपाणिको

पूर्णावतार अ-म-द्पल्--ब्सङ्-पो-ग्र्यल्-म्छन् जन्मेर दुई सय छहत्तर, महाधर्मराज अ-म्गोन्-ब्सङ्-पो जन्मेर दुई सय चवालीस; स्मोन्-थङ राजदरबार बनाएर दुई सय तेइस, श्रीमहामैत्रेयको यो विहार बनाएर दुई सय सोह्र वर्ष गएर, आर्यभूमि भारतको शोभन र क्रोधी सम्वत्सर र चीनको पानी र स्त्री खरायो वर्षमा; धर्मराज अ-म्गोन्-ब्सङ्-पोबाट क्रमैसँग आएको आठौं पुस्ता धारण गर्ने, बुद्ध र पुण्यको अभ्युदय भएका नरेश्वर अ-हम्-ब्सम्-ग्रुब्-द्पल्-'बर । अ-म्छोग्-ब्स्तन्-पहि दों-र्जे । ब्चेस्-म-द्पल्-'जिन्-द्वङ्-मो पिता माताबाट । सामान्यतः भगवत् बुद्ध धर्मरत्न फललाई फैलाउनको लागि विशेषगरी हिमालय पर्वतबाट श्रीसम्पन्न भएको स्थानको रमणीय चार नदी रत्न मुहानसहित अनेकले अलंकारको ... दोस्रा बुद्ध पद्माकर । उत्तम अनुवादक रिन्-छेन्-ब्सङ्-पो । महान योगेश्वर मि-ल-रस्-प.... भगवान् बुद्धले अनेक सूत्रान्तबाट उपदेश गरिएका दों-र्जे- 'छङ्-कुन्-द्ग'-ब्सङ्-पो आदि सुजनहरूको चरणकमलबाट अभ्युदय भएको यस दिशामा यहाँ प्राणीहरूको पुण्यको लागि संघको विहार लामो समयसम्म रहन्छ भने त्यसको लागि विचार गर्नुपर्छ भनेर विशेषगरी पिता प्रभु धर्मराज बाबु आमा दीर्घआयु शासन र भक्तहरू यी सबैको कल्याण स्थापित गर्नको लागि श्रीमहान् मैत्रेयको विहार मूलैबाट संरक्षण गर्ने विचार गरेर पिता प्रभु धर्मराज समढुब पलवरबाट ज्याम्पा गुम्बा-मैत्रेय विहार जीर्णोद्धार गर्ने वचन दिनुभयो (गुरुङ: १९८६: २१७) ।)

यस गुम्बालाई अनेक भित्ते चित्रहरूले सिङ्गार्ने काममा काठमाडौं उपत्यका र डोल्पाका कलाकारहरू जुटेका थिए भने गुङथाङका अमात्यबाट पनि ती भित्ते चित्रहरू लेख्नलाई अनुदान मिलेको थियो ।

## गुम्बाको वर्तमान अवस्था

ज्याम्पा गुम्बा ङोर सम्प्रदायको गुम्बा हो, तर अहिले यहाँ धर्मसंघ (तिः छोस्-ग्र) छैन । तः मन्थाङ गुम्बाका भिक्षुहरूबाट पालैपालोसँग बत्ती बालेर पूजा गरी एउटा औपचारिकता पूरा गरेको देखिन्छ । ज्यथाङ टोलका बासिन्दाहरूले वैशाख महिनामा गुम्बाको लिपपोत गर्दछन् र उपवास (तिः स्म्युङ्-ग्नस्) बस्दछन् । मन्थाङ गाउँलेको ग्यङ्–'गुग्स पूजा अहिले मन्थाङ गुम्बाका भिक्षुहरूद्वारा यही ज्याम्पा गुम्बामा गरिन्छ । कहिलेकहीं मृतकको नाउँमा गरिने कर्महरू पनि गरिन्छन् । यसबाहेक अरू कुनै खास क्रियाकलाप यहाँ देख्न पाइँदैन । यस गुम्बाको कुनै आयस्रोत पनि छैन । यसरी नेपालको एउटा गौरव मृतप्रायः अवस्थामा पुगेको छ ।

यस गुम्बाको दु खाङ तीन तलाको र अरू खण्डचाहिँ दुई तलाको बनेको देखिन्छ । अहिले दु खाङको अंश जति येनकेन खडा अवस्थामा छ, तर अरू खण्डको माथिल्लो तला भने पूरै भत्किसकेको छ । माथिल्लो तलाको दक्षिण-पश्चिम कुनामा पर्खालका केही अवशेषहरू बाँकी छन् । जुन तात्कालिक देखिन्छन् । यसै तलाको पूर्वी मोहोडामा पनि केही पर्खालहरू बचेका छन्, तर ती पर्खालहरू पछिल्ला कालका जस्ता देखिन्छन् । यस तलाको उत्तर र पश्चिम-उत्तरतर्फका सम्पूर्ण पर्खालहरू भत्केर उदाङ्गिएका छन् ।

## गुम्बाको वास्तुकलात्मक विवरण

यो गुम्बा पूर्वाभिमुख छ र पूर्वबाट पश्चिमतिर १३८' १" x ८२'.३" क्षेत्रफलमा फैलिएको छ । गुम्बाको बीच भागमा फराकिलो आँगन छ र मूल प्रवेशद्वारको ठीक सामुन्ने गर्भगृह (ति: दु-खङ्) निर्माण गरिएको छ । यसबाट यो गुम्बा नेपाली विहार वास्तुशैलीको आदर्शमा बनेको देखिन्छ । यस गुम्बाको बाहिरी प्रवेशद्वारमा काठका कुनै पनि सामग्रीहरू प्रयोग गरिएका छैनन् । दुईटा पर्खालको बीचमा केवल ६' जति ठाउँ खुला राखेको छ । त्यसबाट भित्र पसेपछि १३ '.४" × ८'२" को कोठा आउँछ, जसलाई बीच कोठा (ति: बर-खङ्) भनिन्छ । बर-खङ्को बायाँपट्टि २५'.७" × २७' को कोठा छ, जसलाई सभाकक्ष (ति: छोग्स्-खङ्) को रूपमा उपयोग गरिन्छ । बर-खङ्को दायाँपट्टि तीनवटा कोठा छन् । यसमध्ये बाहिरपट्टिको कोठालाई भान्छा (ति: थव्-छङ्) र भित्रपट्टिको दुईटै कोठालाई भण्डार (ति: म्ज़ोद्-खङ्) बनाइएको छ ।

## आँगन (तिः छोम्स्-स्कोर)

बर-खङ्को सामुन्ने माथि उल्लिखित फराकिलो चोक (ति: छोम्स्-स्कोर) छ । यस चोकको बीच खण्डको २४'.७" × ३९'.७ भाग खुला छ, तर पूर्वपट्टि ९', दक्षिणपट्टि २0'.२", पश्चिमपट्टि ८'.४" र उत्तरपट्टिको १०'.६" भागमा माटोको छाना छाइएको छ । यसरी छाना छाइएको भाग जतिमा दक्षिणपट्टि दुई पंक्ति र अरू तीन दिशामा एक एक पंक्तिमा १२'.८" अग्ला काठका स्तम्भ (ति: ग्दुङ्) हरू ठड्याइएका छन् । यी स्तम्भहरू कुनै भित्रपट्टि सग्लो काठ राखेर बाहिरबाट काठकै फल्याक ठोकेर बनाइएका छन् भने कुनैचाहिँ दुईटादेखि तीनवटा सम्म काठका मुंडालाई जोडेर बनाइएका छन् । यहाँका स्तम्भशीर्षहरू बडो कलात्मक छन्, जसमा रञ्जना लिपिमा 'ॐ नमः रत्नत्रयाय' आदि मन्त्रहरू अङ्कित गरिएका छन् । स्तम्भशीर्षको माथिपट्टि दलिन तेर्स्याएर त्यसमाथि काठका व्याघ्रमुखाकृतिहरूका श्रृङ्खला जडान गरिएका छन् ।

## प्रदक्षिणापथ (तिः स्कोर-लम्)

गुम्बाको गर्भगृह यसको पश्चिमी खण्डमा बनेको छ । यो गर्भगृह तीन तले छ । गर्भगृहको भुइँ खण्डको बाहिरी प्रवेशद्वारमा पनि काठका सामग्रीहरू प्रयोग नगरी केवल ३' जति ठाउँ खुला राखिएको छ । यसबाट भित्र पसेपछि प्रदक्षिणापथ (ति: स्कोर-लम्) आउँछ । यो प्रदक्षिणापथ पूर्व एवं पश्चिमतिरको ६'.८" र उत्तर एवं दक्षिणतिरको ८' चौडा छ । प्रदक्षिणापथको दायाँ बायाँ दुवैतिरका भित्ताहरू भित्तेचित्रहरूद्वारा सजाइएका देखिन्छन्, तर अहिले धेरैजसो चित्रहरू नष्ट भइसकेका छन् ।

गर्भगृहको भूइँ तलाको भित्री प्रवेशद्वारको (यस द्वारको वर्णन तल प्रसङ्गअनुसार गरिने छ) दायाँपट्टिको बाहिरी भित्ताका चित्रहरू अभिलेखसहित नष्ट भइसकेका छन् । उक्त प्रवेशद्वारको बायाँपट्टिको बाहिरी भित्तामा दुईटा भित्ते

चित्रहरू लेखिएका छन् । यसमध्ये ढोकासँगै लेखिएको चित्र शाक्यमुनि (तिः शाक्य-थुव्-प) को हो । यस चित्रमा शाक्यमुनिको दायाँ बायाँ शारीपुत्र र मौद्गल्यायनका चित्र पनि लेखिएका छन् । यस चित्रको अभिलेख नष्ट भइ सकेकोले यसको दाता र कलाकारको बारेमा थाहा पाउन सकिएको छैन । यससँगैको अर्को चित्र भैषज्य गुरु (तिः स्मन्-ल्ह) को हो । यसका कलाकार छोस्-दद्-क्य-थङ्-जनामक व्यक्ति हुन् । यो चित्र स्तेङ्स्-छन्-ब्ल-ब्रङनामक लामा निवासबाट लेखाएको थियो ।

दक्षिणपट्टिको प्रदक्षिणापथमा गर्भगृहको बाहिरी भित्तामा लेखिएका चारवटा चित्रहरू अहिले केही साबुद छन् । यसमध्ये पूर्वपट्टि छेउको चित्र मारिची (तिः होद्-सेर-चन्-म) को हो । यो चित्र देवानन्द (तिः ल्ह-द्गॅ) नामक नेपाली कलाकारले लेखेका थिए । दोस्रो चित्र प्रत्यङ्गिरा (तिः ग्चुग्-तोर-ग्दुग्स्-चन्-म) को हो । यो चित्र गुङथाङका महामन्त्रिणीले लेखाएकी थिइन् । तेस्रो चित्रचाहिँ परअप्राप्यक्षेत्र (तिःग्शन्-ग्यिस्-मि-थुव्-पहि-शिङ्-खम्स्) नामक चित्र हो । यो चित्र पालगोएन र सोएनम् ग्याल्पनामक दुईटा कलाकारले लेखेका थिए । यसका दाताचाहिँ गुङ थाङका ग्याल छन्नामक व्यक्ति हुन् । चौथो चित्र नष्ट भइसकेकोले चिन्न सकिँदैन । केही अंशमा बचेको अभिलेखबाट यसका दाता पनि गुङथाङका महामन्त्रिणी हुन् भन्ने देखिन्छ । सायद यो चित्र पनि पाल गोएन र सोएनम् ग्याल्पनामक कलाकारहरूले नै लेखेको हुन सक्छ ।

पश्चिमपट्टिको प्रदक्षिणापथमा गर्भ गृहको बाहिरी भित्तामा लेखिएका चित्रहरू नष्ट भइसकेका छन् । अहिले अभितायुका स-साना चित्रहरू केही बचेका छन् । उत्तरपट्टिको प्रदक्षिणापथमा गर्भ गृहको बाहिरी भित्तामा लेखिएका चित्रहरू पनि नष्ट भइसकेका छन्, तर आर्यजम्बलक्षेत्र (तिः 'फग्स्-प-जम्-ब-लहि-शिङ-खम्स्) को केही अंशचाहिँ साबुद छ । अलिकति बचेको अभिलेखबाट यसका कलाकारहरू नमगोएन एवं ज्यम्दोर र दाताचाहिँ डोल्पाका निवासी हुन् भन्ने देखिन्छ ।

## गर्भगृह (तिः ॅदु-खङ्)

ज्यम्पा गुम्बाको गर्भ गृहको भूईं खण्डको भित्री प्रवेशद्वार नेपाली काष्ठकलाको एउटा विकसित रूपको ज्वलन्त उदाहरणको रूपमा देखिन्छ । यस प्रवेशद्वारको चौकोस तीन तहको छ । पहिलो तहमा गोलाकार फूलबुट्टाहरू कुँदिएका छन् । चौकोसको दोस्रो तहको तल्लो भागमा कलश चिह्न र त्यसमाथि स्तम्भ अङ्कित गरिएको छ । स्तम्भको शीर्षभागलाई पूर्ण विकसित फूल र लहराहरूले अलंकृत पारेको छ । तेस्रो तहको चौकोसको तल्लो भागमा दुबैपट्टि कमलको फूल अङ्कित गरिएको छ । त्यस कमलको फूलमाथि हात्ती, हात्तीमाथि सिंह, सिंहमाथि शरभ र शरभमाथि हातमा शंख लिएर उभिइरहेको बालकको आकृति अङ्कित गरिएको छ । चौकोसको माथिल्लो भागमा रञ्जना लिपिमा 'ॐपद्मोष्णीषविमलेहूँफट्' मन्त्र अङ्कित गरिएको छ । तिब्बती शैलीको द्वारको चौकोस तीन तहको हुन्छ, जसमा क्रमशः पद्म, छयोए चे र मोम्ठल्नामक बुट्टाहरू अङ्कित गरिएका हुन्छन्, तर ज्यम्पा गुम्बाको यस द्वारको निर्माणशैली भने

उक्त तिब्बती शैलीभन्दा भिन्दै किसिमको छ, जसलाई यस गुम्बाको आफ्नो मौलिक विशेषता मान्न सकिन्छ । यस द्वारको माथि जडान गरिएको तोरण पनि नेपाली शैलीको छ । यो तोरण अर्ध गोलाकार छ, जसको तल्लो भागमा दुवैपट्टि दुई विपरीत दिशामा दुईटा मकर (तिः छु-स्रिन्) अङ्कित गरिएका छन् । त्यसमाथि मानवाकृतिका दुईटा नाग नागिनीका आकृति कुँदिएका छन् । नाग नागिनीको पृष्ठ भागमा नागफणा अङ्कित गरिएको छ । तोरणको माथिल्लो भागमा पखेटा फिँजारिरहेको गरुड अङ्कित गरिएको छ । यति भइकन पनि मन्दिरको गर्भमा स्थापना गरिएका देवताको ध्यानलाई तोरणमा अङ्कित गर्ने नेपाली शैलीको भने यस तोरणमा अभाव छ ।

यस कलात्मक प्रवेशद्वारबाट भित्र पसेपछि गर्भगृहको भूइँ खण्ड आउँछ । यो खण्ड ३२'.१०"×४३'.६" को क्षेत्रफलमा विस्तृत छ । यहाँ दशवटा स्तम्भलाई ७'.२"×७'.६" को हिसाबले मिलाएर स्थिर गराइएका छन् । यी स्तम्भहरू ४'.५" गोलाइ भएको ३-४ टुक्रा काठका मुडालाई जोडेर बनाइएका छन जसको उचाइ १४' छ । यहाँका प्रत्येक स्तम्भलाई ढुङ्गाको गोलाकार आसन (तिः क-ग्दन्) मा स्थिर गराइएको छ । स्तम्भशीर्ष चतुष्कोणाकारको छ । यस तलाको भित्री छत बडो कलात्मक ढङ्गले बनाइएको छ, जसको उचाइ २०'.६" छ । यहाँका भित्तामा चित्रहरू लेखिएका छैनन् । यस खण्डको पश्चिमी भागमा मैत्रेयको मूर्तिको आसन (तिःब्शुग्स्-खि) बनेको छ । यस आसनको उचाइ गर्भगृहको पहिलो तलाको समतलसम्म पुग्दछ ।

## पहिलो तला

यस गुम्बाको भूइँ तलाबाट पहिलो तलामा जानको लागि गुम्बाको दक्षिणपट्टि बाहिरी भागबाटै सिँढी बनाइएको छ । पहिलो तलामा गर्भगृहबाहेक अरू सबै खण्डहरू भत्किसकेका छन् । पहिलो तलाको पश्चिम खण्डमा निर्मित गर्भगृह नै यस गुम्बाको खास गर्भगृह (तिः 'दु-खङ्) हो । गर्भगृहको यस तलाको समतलसम्म यसको भूई तलामा बनेको मैत्रेयको आसनको उचाइ आइपुग्दछ र यस तलामा उक्त आसन माथि मैत्रेय (तिः व्यम्स्-प) को मूर्ति स्थापना गरिएको छ । गर्भगृहको यस तलाको क्षेत्रफल ३२'.१०"×४३' छ । यहाँ पनि दशवटा स्तम्भलाई ७'.८"×७'.२" को हिसाबले मिलाएर स्थिर गराइएको छ । यहाँका स्तम्भहरू पनि ४'.५" गोलाई भएको काठका मुंडाहरूलाई जोडेर बनाइएका छन्, जसको उचाई १७'.७" छ । यहाँका स्तम्भशीर्षहरू चतुष्कोणात्मक नभई द्विकोणात्मक छन् । यस तलाको भित्री छतको उचाइ १८'.२" छ ।

## भित्ते चित्र (तिः ल्देब्स्-रि-मो)

गर्भगृहको यस तलाको सम्पूर्ण भित्ता विभिन्न देवताका मण्डल चित्रहरूले भरिएका छन् । यी मण्डल चित्रहरू अ गोएन साङ्पोको समय (ई.१४४७) मा लेखिएका हुन् वा पछि ई.१६६३ मा समद्रुव पलवरले गुम्बा जीर्णोद्धार गर्दा लेखिएको हो, यो कुरा राम्ररी छुट्याउन सकिएको छैन । प्रो. टुचिले तिब्बतको ग्याँचेका भित्ते चित्रहरू र ज्यम्पा गुम्बाका यी चित्रहरूबीच

सामञ्जस्य भएको उल्लेख गरेका छन् । उनले यी भित्ते चित्रहरू पन्ध्रौं सोह्रौं शताब्दीताका सक्य सम्प्रदायको गुम्बाहरूमा विकसित शैलीअनुरूपको मानेका छन् (टुचि, १९५६: १५-१६) । यी चित्रहरू गाढा नीलो भूईमा लेखिएका छन् । चित्र लेख्दा प्रयोग गरिएका रङहरू सबै प्राकृतिक छन् । चित्रमा फिक्का एवं उज्जर रङको प्रयोग नभएर गाढा एवं गम्भीर रङको प्रयोग भएको छ । यसरी यहाँका चित्रहरूमा नेपाली कलाकारहरूको रुचिअनुसारको रङको प्रयोग भएको पाइन्छ । अतः तिब्बतको डोर मठलाई अनेक चित्रहरूले सिंगार्ने नेपाली कलाकारहरूबाट नै ई. १५ शताब्दीमा ज्यम्पा गुम्बाका यी भित्ते चित्रहरू लेखिएको भए पनि कुनै आश्चर्य हुनेछैन । जमिनको सतहदेखि ३'.६" सम्मको भागमा चित्र नलेखी केवल गाढा नीलो रङ मात्र पोतिएको छ । त्यसमाथि सुनौला रङमा लेखिएका वज्रहरूको श्रृङ्खला अङ्कित गरिऐको छ । त्यसमाथि बल्ल मण्डल चित्रहरू लेखिएका छन् । भित्ताको माथिल्लो भागमा बुद्धका स-साना चित्रहरू लहरैसँग लेखिएका छन् । मण्डल चित्रहरूको तल्लो भागमा वज्र श्रृङ्खलाको ठीकमाथि तिब्बती उच्यन लिपिमा सुनौला अक्षरमा मण्डलसँग सम्बद्ध देवताहरूको स्तुति लेखिएको छ । गर्भगृहको पूर्वी मोहोडामा मूल ढोकाको दायाँपट्टिको भित्तामा एक पंक्तिमा तीनवटा गरी तल र माथि दुई पंक्तिमा जम्मा छवटा ठूला मण्डल चित्रहरू लेखिएका छन् । ठूला मण्डल चित्रहरूको अन्तरालको खाली ठाउँमा दुईटा साना मण्डल चित्रहरू लेखिएका छन् । गर्भगृहको दक्षिणी भित्तामा एक पंक्तिमा छवटा गरी तल माथि दुई पंक्तिमा जम्मा बाह्रवटा ठूला मण्डल चित्र र त्यसका अन्तरालमा पाँचवटा साना मण्डल चित्रहरू छन् । गर्भ गृहको पश्चिम भित्तामा मैत्रेयको मूर्तिको दाहिनेपट्टि तल र माथि गरी दुईटा मण्डल चित्रहरू लेखिएका छन् । यी दुई मण्डलमध्ये तलपट्टिको मण्डलचित्र वज्रधातुमण्डल (तिः दों-जें-द्ब्यिङ्-क्यि-द्क्यिल्-'खोर) को हो र यस मण्डलचित्रको आविष्कारक देवानन्दनामक नेपाली कलाकार हुन् ।

यसैगरी मैत्रेयको मूर्तिको बायाँपट्टिको भित्तामा तल र माथि गरी दुईटा मण्डल चित्रहरू लेखिएका छन् । यसमध्ये एउटा मण्डलचित्रचाहिं धर्मधातुवागीश्वरमण्डल (तिः छोस्-द्ब्यिङ्स्-ग्सुङ्-गि-द्वङ्-फ्युग्-क्यि-ब्स्कोर) को हो । यसरी मैत्रेयको दायाँपट्टि वज्रधातुमण्डल र बायाँपट्टि धर्मधातु वागीश्वरमण्डलका चित्र लेखिएका छन् । गर्भगृहको उत्तरपट्टिको भित्तामा एक पंक्तिमा छवटा गरी दुई पंक्तिमा बाह्रवटा ठूला मण्डलचित्र र त्यसका अन्तरालहरूका पाँचवटा साना मण्डलचित्र गरी जम्मा सत्रवटा मण्डलचित्रहरू लेखिएका छन् । ती मण्डलचित्रहरू धेरैजसो नष्ट भइसकेका छन् र खाका मात्र बाँकी रहेका छन् । गर्भगृहको पूर्वी मोहोडामा मूल ढोकाको बायाँपट्टिको भित्तामा एक पंक्तिमा तीनवटा गरी दुई पंक्तिमा छवटा ठूला मण्डल चित्र र त्यसको अन्तरालमा दुईटा साना मण्डलचित्रहरू लेखिएका छन् ।

## मैत्रेयको मूर्ति

यस गुम्बाको गर्भगृहमा मुख्य आराध्यदेवताको रूपमा मैत्रेय (तिः व्यम्स्-प) को १६' ८" अग्लो मृत्तिका मूर्ति स्थापना गरिएको छ । यस मूर्तिलाई

सुनौलो एवं अन्य सुहाउँदो रङहरूद्वारा अलंकृत पारिएको छ । यो मूर्ति वज्रपर्यङ्कासन (तिः दों-र्जे-स्क्यिल्-द्रुङ्) मा बसेको छ र दुवै हातले नालसहितको नागकेशर फूल लिएर व्याख्यान मुद्रा प्रदर्शन गरेको छ । दायाँपट्टिको नागकेशरको फूलमाथि कलश (तिः बुम्-ब) र बायाँपट्टिकोमा त्रि-दण्डि (तिः-दोङ्-ग्सुम्) अङ्कित गरिएको छ । मैत्रेयको दायाँ बायाँ पार्श्ववर्तीको रूपमा दुईटा स्थानक मूर्तिहरू छन् । यी दुई मूर्तिलाई पनि शारीपुत्र र मौद्गल्यायनको मूर्ति भन्ने गरिन्छ । मैत्रेयको मूर्तिको पृष्ठभागमा दुवैतिर हात्ती, सिंह, शरभ, शंखहस्त बालक अङ्कित गरिएका छन् र माथिपट्टिचाहिँ मकर, नाग र गरुडसहितको तोरण बनाइएको छ ।

ज्यम्पा गुम्बाको करछ्यागअनुसार यो मूर्ति पानी-खरायो वर्ष (ई.१६६३) मा समढुव पलवरले ज्यम्पा गुम्बा जीर्णोद्धार गर्दा स्थापना गरेको देखिन्छ । ज्यम्पाको मूर्तिको गर्भमा धारणी (तिः ग्सुङस्) को रूपमा धार्मिक महत्त्वका अनेक वस्तुहरू राखिएको कुरा यस गुम्बाको करछ्यागमा उल्लेख छ, जसमध्ये केही महत्त्वपूर्ण वस्तुहरू तल लेखिएबमोजिम छन्–

तथागत भगवान् बुद्धको अस्थि धातु । राजा अजातशत्रुको अस्थि धातु । उड्डियानका महान् आचार्य पद्मसम्भवको जटा । ठि रोङ दे चनको वस्त्र । सक्य पण्डितको चीवर । फाग्पको वस्त्र । डोर्छेन कुङगा साङपोको चीवर । महाब्राह्मणसरह, आर्य नागार्जुन, काश्मीरी पण्डित र अन्य सिद्धहरूको अस्थि धातु । वज्रासन, गृद्धकूट पर्वत, अष्टमहाश्मशान, चौबीस महामातृकाको पवित्र माटो । स्रोङचन गम्पोको अस्थिधातु । ठिरोङ देचनको अस्थि धातु । सक्य पण्डितको अस्थि धातु । धर्मराज फाग्पको अस्थि धातु । बुस्तोन रिन्पोछेको अस्थि धातु । लोवो खेन्छेन्को सुङ थिग् । डोर्छेन् कुङगा साङपोको निर्देशन अनुसार अम पालले बनाएको वज्रधरको सुवर्ण मूर्ति । अहं ढाग्प थायेले लेखाएको अष्टसाहस्रिकाप्रज्ञापारमिता । मिक्किममा बनेको वज्रपाणिको मूर्ति ।

मैत्रेयको यो मूर्तिको प्रतिष्ठा (तिः रब्-ग्नस्) खेन्पो छेरिङ ल्हुन ढुवको नायकत्वमा सक्यपा परम्पराअनुसार पानी-खरायो वर्ष (ई. १६६३) को नवौं महिना (असोज) को शुक्लपक्षको शुभ तिथि (?) मा भएको थियो ।

## दोस्रो तला

गर्भ गृहको दोस्रो तलामा जानको लागि पूर्वी मोहोडाबाट काठको भऱ्याङ लगाएर जानुपर्दछ । गर्भगृहको यस खण्डको क्षेत्रफल ३१'.५"×४२'.६" छ । यहाँको भित्री छतको उचाइ ७'.१०" छ । यहाँको भित्री छतको निर्माणशैली अन्य तलाको भन्दा तुच्छ खालको छ । यहाँको भित्ता पनि पूरै मण्डलचित्रहरूले भरिएको छ । यहाँका धेरैजसो चित्रहरू शक्तिसहित छन् । भूइँ खण्ड र पहिलो तलामा जस्तरी चित्रसँग सम्बद्ध देवताको स्तुति अङ्कित नभएको र मण्डलचित्रहरू पनि छतबाट पानी चुहिएर क्षतिग्रस्त भएकोले चिन्न सकिँदैन । यहाँका ठूला मण्डलचित्रहरू ३'.९" × ३'.९" देखि ५'.३" × ५'.३" सम्म र साना मण्डलचित्रहरू १'.६ $^{1}/_{2}$" × १'.६ $^{1}/_{2}$" देखि १'.१०" × १'.१०" सम्म नापका छन् । पश्चिम

भित्ताको मध्य भागमा मुख्य देवताको रूपमा वज्रधरको नीलवर्णको चित्र लेखिएको छ ।

### छत (तिः स्तेङ्)

यस गुम्बाको छत बाक्लो हिलो माटोले छापेर बनाइएको छ । छतको वरिपरि चारैतिर दुई फुट अग्लो पर्खाल लगाएको छ, जसलाई त्र-ग्र्यव् भनिन्छ । त्र-ग्र्यव्को बाहिरी भागको तल्लो खण्डमा काठका गोलाकार मोमठलहरू निकालिएका छन्, जसमा सेतो रङ पोतिएको छ । यसमाथिको पूरै भागलाई कालो झ्याउले छापेको छ । त्र-ग्र्यव्को पूर्वी मोहोडाको उत्तर र दक्षिण कोणमा धातुको विजयध्वज (तिः ग्र्यल्-म्छन्) र बीच भागमा गजूर (तिः द्वल्) जडान गरिएको छ ।

### धातु मूर्तिहरू

ज्यम्पा गुम्बामा अहिले धर्म संघ नभएकोले यहाँका धातुमूर्तिहरू मन्थाङ गुम्बामा लगेर राखिएका छन् । ती मूर्तिहरू निम्न प्रकार छन्–

१. सुनको जलप लगाएको मैत्रेय (तिः व्यम्स्-प) को ढलोटको मूर्ति, उ ३'.१ $^{1}/_{2}$" ।
२. सुनको जलप लगाएको हरित तारा (तिःस्ग्रोल्-ल्जङ्) को ढलोटको मूर्ति, उ २'.१०" ।
३. सुनको जलप लगाएको धातुको विजयचैत्य (तिः र्नम्-ग्र्यल्-म्छोद्-र्तेन्), उ ३'.९" ।
४. धातुको निर्वाणचैत्य (तिः म्यङ्-ऽदस्-म्छोद्-र्तेन्), उ. ७" ।

### वज्रधातुमण्डलको अभिलेख

द्वङ्-पोहि-ग्शु-ल्तर-ब्क-ब- यि ॥
द्क्यिल्-ऽखोर -थब्स्-शेस्-सुङ-ऽजुग्-ऽदि ॥
बल-पो-धे-ब-ल्ह-द्गऽ-यिस् ॥
यिद्-लग्-छु-छर-त्रि-मस्-स्प्रुल् ॥
द्पल्-ल्दन्-र्नल्-ऽव्योर-ग्र्युद्-छेन्-ग्यि ॥
र्च-बहि-द्क्यिल्-ऽखोर-र्दो-र्जे-द्ब्यिङ्स् ॥
दे-यि-ग्र्युद्-बहि-ब्ल-म-ल ॥
स्गो- ग्सुम्-गुस्-पस्-फ्यग्-ऽछल्-लो ॥

(इन्द्रधनु जस्तो विचित्रको ॥
प्रज्ञोपाय युगल समन्वित मण्डलचित्र यो ॥
श्रीमान् महायोगतन्त्रको ॥
वज्रधातु मूलमण्डल ॥
नेपाली धेब देवानन्दले ॥
मन, कर्म र उद्योजित दिनबाट आविष्कार गरे ॥
त्यही परम्पराको गुरुलाई ॥

त्रि-द्वार (काय, वाक्, चित्त) ले
श्रद्धापूर्वक प्रणाम गर्दछु ॥)

**द्रष्टव्य**:– ल्ह-द्ग अथवा देवानन्दको अगाडि प्रयुक्त धेब उपाधि विचारणीय छ । यदि यो धेब शव्दले तिब्बती स्दे-प शब्दले जस्तै नायक भन्ने अर्थ बुझाउँछ भने यी देवानन्द कलाकार नभई काठमाडौं उपत्यकाका वाणिज्य दूत देखिन्छन् । यसबारे अझ गहिरो अध्ययन गरी यथार्थ कुरा प्रकाश पारिनेछ । (शर्मा र गुरुङ, २०५७: २७-४३) ।

## लुरि गुम्बा

### ऐतिहासिक पृष्ठभूमि

लुरि गुम्बा (ति: क्लु-रि-द्गोन्-प) मुस्ताङ सात थपौलाको पूर्वी पहाडमा पर्दछ । पूर्वी पहाडको चार गाउँमध्ये घारादेखि निकै पर नाग पर्वत (ति: क्लु-रि) मा यो गुम्बा अवस्थित छ । अत: नाग पर्वतको नामबाट यस गुम्बाको लुरि गुम्वा नामकरण भएको हो । लुरि पर्वतको गुफामा यहाँको पुरानो गुम्बा छ र त्यस पर्वतको फेदीमा अर्को नयाँ गुम्बा बनेको छ । लुरि गुम्बा कग्यु सम्प्रदायको गुम्बा हो । यस सम्प्रदायमा गुफा र एकान्त ठाउँमा बसेर ध्यान गरी सिद्धत्व प्राप्त गर्ने परम्पराको ठूलो महिमा छ । त्यसकारण गाउँ बस्तीबाट निकै पर पहाडको एकान्त गुफामा यो गुम्बा बनाइएको देखिन्छ । सक्य र ङोर सम्प्रदायको प्रभाव क्षेत्रको रूपमा रहेको मुस्ताङमा कग्यु सम्प्रदायको यस गुम्बाले यहाँको धार्मिक इतिहासमा एउटा नौलो मोड ल्याएको देखिन्छ ।

लुरि गुम्बाको स्थापनामा लामा कुइनसाङ ज्यालुइको सिद्धत्वले ठूलो भूमिका खेलेको देखिन्छ । कुइनसाङ ज्यालुइको जन्म मुस्ताङको यारा गाउँमा भएको हो । उनी पहिले चराङ गुम्वाका ढावा थिए । पछि भोट गएर कग्यु सम्प्रदायको शिक्षादीक्षा लिएर मुस्ताङ फर्केपछि ख्युङ छाङ फुग्नामक गुफामा साधना गरेर धेरै सिद्धि प्राप्त गरे । उनको समयमा ख्युङ छाङ फुग्सँगैको समतेन् क्यि फुग्नामक गुफामा धेरै ढावाहरूले साधना गरेर सिद्धि प्राप्त गरेका थिए भनिन्छ । यसरी कुइनसाङ ज्यालुइको सिद्धत्वको प्रसिद्धिले लुरि अथवा नाग पर्वतमा सिद्ध संघको स्थापना भएको देखिन्छ । कुइनसाङ ज्यालुइको समयबारे प्रष्ट रूपमा जानकारी दिने सामग्री पाइएको छैन तापनि उनी मुस्ताङी राजा समढुव पलवर (ई. १७ शदी) का समकालिक देखिन्छन् ।

सक्य र ङोर सम्प्रदायको धर्म खासगरी गृहस्थ धर्म छोडेर भिक्षु व्रत लिने ढावाहरूको धर्म हो । यो धर्म मान्ने ढावाहरूलाई विवाह गरेर गृहस्थी जीवन बिताउने छुट छैन । गृहस्थीहरू यस धर्मका केवल उपासक, उपासिका वा अनुयायी मात्र बन्न सक्दछन्, तर निङमा र कग्यु सम्प्रदायमा चाहिँ धर्मसंघमा प्रवेश गरेर भिक्षु व्रत लिए पनि हुने, विवाह गरेर गृहस्थमा रही साधना गरे पनि हुने छुट छ । यसमा पनि अनेक साधना र सिद्धत्वले कग्यु सम्प्रदायको महत्त्व

बढाएको छ । यसरी सजिलो र प्रभावकारी हुनाले गृहस्थीहरूमा कग्यु सम्प्रदाय निकै लोकप्रिय रहेको छ ।

मुस्ताङमा धर्मको ढोका खोल्ने श्रेय सक्यपा लामाहरूलाई दिएको छ । ङोर्छेन कुङगा साङपोको समयमा मुस्ताङमा विशेषगरी ङोर सम्प्रदायको व्यापक प्रचार भएको थियो । मुस्ताङी राजाहरूले भोटको ङोर गुम्बाका मठाधीशलाई आफ्नो धर्म गुरु मान्दथे । समयसमयमा सक्य मठका लामाहरू मुस्ताङ आएर ठूल्ठूला धार्मिक कार्यहरू सम्पन्न गर्दथे । ईस्वी सत्रौं शताब्दीमा समढुव पलवरको समयमा आएपछि यस परिपाटीले अलिकता नयाँ मोड लियो । समढुव पलवरले जे चुन ताग्चेवा मिफम् फुनछोग् शेरबनामक कग्युपा लामालाई आफनो धर्म गुरु मानेका थिए । समढुव पलवरका छोरा अहं छेवाङ फुनछोग् चुगग्येन् नोर्बुले पनि सक्य, कग्यु र निङमा तीनवटा सम्प्रदायलाई बराबर प्रश्रय दिएका थिए । यसरी इस्वी सत्रौं शताब्दीमा मुस्ताङमा कग्यु सम्प्रदायले राम्ररी विकास गर्ने मौका पाएको देखिन्छ । लुरि गुम्बाका संस्थापक लामा कुइनसाङ ज्यालुइको समय पनि यसैताका हो । यसरी यी कुराहरूको आधारमा इस्वी सत्रौं शताब्दीको उत्तरार्द्ध ताका कग्यु सम्प्रदायको यो लुरि गुम्बाको स्थापना भएको देखिन्छ ।

## गुम्बाको क्षेत्र

लुरि गुम्बाको क्षेत्रभित्र मुस्ताङ सात थपौलाअन्तर्गत पूर्वी पहाडका ढि, सुरखाङ, यारा, घारा, खिल्दें यी गाउँहरू पर्दछन् । यी गाउँहरू चराङ गुम्बाको क्षेत्रभित्र पनि पर्दछन् । धर्मसंघमा प्रवेश गरेर भिक्षुव्रतमा रहनेहरू चराङ गुम्बाका ढावा बन्दछन् र गृहस्थमा रहेर मन्त्रचर्या गर्नेहरूचाहिँ लुरि गुम्बाका ढुब्पा बन्दछन् । गृहस्थीं निङमापाहरूले आफूलाई ङाग्पा (मन्त्रयानी) भन्दछन्, तर कग्युपाहरू भने आफूलाई ङाग्पाभन्दा ढुब्पा अथवा सिद्ध भन्न मन पराउँछन् । यिनीहरूमा विशेषगरी च्योए (चर्या अथवा चचा) को ठूलो महिमा छ । अहिले लुरि गुम्बाका १६ जना गृहस्थी ढुब्पाहरू छन् ।

## गुम्बाको सम्प्रदाय र इष्टदेवता

लुरि गुम्बा डुग्पा कग्यु सम्प्रदायको गुम्बा हो । लुरि गुम्बा र छयोए जोङ् गुम्बाबीच आन्तरिक सम्बन्ध छ भनिन्छ । अतः यो गुम्बा डुग्पा कग्युअन्तर्गत पनि दक्षिणी डुग्पा कग्यु सम्प्रदायको देखिन्छ । कग्यु सम्प्रदायमा तिलोपा, नारोपा, मार्पा, मिलरेपा आदि सिद्ध एवं लामाहरूको पूजनीय स्थान छ । यस सम्प्रदायमा विशेषगरी चक्रशम्वरलाई इष्टदेवता मान्दछन् । ढागमर कील र च्ह्यरोग् दोङ च्यनलाई पनि इष्टदेवताको रूपमा पूज्दछन् । यसैगरी रौद्रकालीलाई डाकिनी, चतुर्भुजी महाकाललाई धर्मपाल र च्याग् मेलाई रक्षक मान्दछन् ।

## गुम्बामा गरिने पर्व पूजाहरू

### मासिक पूजा

यस गुम्बामा प्रत्येक महिनाको १५ गते (शुक्लपूर्णिमा) मा लामा छ्योएपि छ्योगा भनेर आफ्नो सम्प्रदायको लामा, हिदम्, खाँडो र गोन्पोको पूजा गरिन्छ ।

### वार्षिक पूजा

१. स्ल-ब-दङ-पो (पहिलो महिना), म्छु-स्ल-ब (माघ),
क. ८ गते (माघशुक्लअष्टमी) अक्षोभ्य पूजा (मि-स्क्यो-पहि-म्छोग्-द्ग )
२. स्ल-ब-ग्सुम-प (तेस्रो महिना), नग्-प-स्ल-ब (चैत्र),
क. २७ गतेदेखि ३० गते (वैशाखकृष्णद्वादशीदेखि वैशाखकृष्णअमावस्य) सम्म उपवास (स्म्युङ्-ग्नस्) ।
३. स्ल-ब-द्रुग्-प (छैटौं महिना), छु-स्ल-ब (आषाढ),
क. २ गतेदेखि ५ गते (आषाढशुक्लद्वितीयादेखि आषाढशुक्लपंचमी) सम्म ढुग्पा छ्योए सि ।
४. स्ल-ब-द्गु-प (नवौं महिना), थ-स्कर-स्ल-ब (आश्विन),
क. २९ गते (कार्तिककृष्णचतुर्दशी) महाकाल पूजा (म्गोन्- म्छोग्)

यस गुम्बामा वर्षको दुई पटक उत्तरायण र दक्षिणायनमा पहिलो महिनाको १० गते र सातौं महिनाको १० गते (माघशुक्लदशमी र श्रावणशुक्लदशमी) मा वज्रगुरु पद्मसम्भवको पूजा हुन्छ । उपर्युक्त सबै पूजाहरू नयाँ गुम्बामा गरिन्छन् । पुरानो गुम्बामा चाहिँ प्रत्येक महिनाको २० गते (कृष्णपंचमी) ल्हसाङ र २९ गते (कृष्णचतुर्दशी) महाकालको पूजा हुन्छ । अहिले यस गुम्बाको पर्व पूजा एवं अन्य गतिविधिहरूमा शिथिलता आएको देखिन्छ । यसो हुनाको कारण यस सम्प्रदायसम्बन्धी उचित शिक्षादीक्षा पाएका विद्वान् लामाहरूको कमी र गुम्बाको कमजोर आर्थिक स्थिति हो भन्ने देखिन्छ ।

### गुम्बाको आर्थिक स्थिति

लुरि गुम्बाको आर्थिक स्थिति राम्रो छैन । यस गुम्बाको आफ्नो निजी खेत पनि छैन । मुस्ताङी राजाहरूले यहाँका ढुब्पा, च्योए पाहरूलाई मुस्ताङ सात थपौलाभित्र भिक्षा माग्न सक्ने सुविधा दिएका थिए भनिन्छ, तर यससम्बन्धी कागजपत्र भने पाइएको छैन । गुम्बाको पूजा खर्च ढुब्पाहरूले पालैपालोगरी बेहोर्दछन् । गुम्बाको आफ्नो १५ मुरी जति गहुँ छ । त्यो गहुँ गाउँलेहरूलाई सापट दिइन्छ र बाली भित्र्याइसकेपछि त्यसको साँवा र ब्याज जिन्सीमा नै उठाइन्छ । यसरी गहुँलाई लगानी गरेर आएको ब्याजबाट पनि गुम्बाको केही खर्च टरेको छ । न्युङनेको खर्च भने ताङ्ग्ये गेलोङले दिने गरेको छ ।

## कला र वास्तुकला

लुरि गुम्बाको महत्त्व यस गुम्बाको वास्तुकलाले बढाएको छ । यहाँको पुरानो गुम्बा पहाडको गुफामा छ । ती गुफाहरूमध्ये कुनै प्राकृतिक र कुनै मानव निर्मित छन् । कुनै गुफाको बाहिरपट्टिको भागमा पर्खाल पनि लाएको छ । लुरि (नाग पर्वत) को बीच भागमा लुरि गुम्बा बनेको छ । त्यहाँ जानलाई डाँडाको फेदीमा तलबाट माथितिर सुरुङ खनेर लगेको छ । सुरुङको तल्लो भागको बाहिरपट्टि खापा हालेर ढोका बनाइएको छ । सुरुङभित्र तलबाट माथि जानलाई एउटा काठको लिस्नो राखेको छ । सुरुङको माथिल्लो भागमा पनि फल्याकको घोप्टे ढकनी हालेको छ । लिस्नोबाट माथि उक्लेपछि एउटा खुला कोठा आउँछ । यसलाई फ्हर खाङ भनिन्छ। यस कोठामा पर्खाल हालेर माथिपट्टि पनि तला छापेको छ । फ्हर खाङको पूर्वपट्टि एउटा गुफा छ, जसलाई भान्छाको रूपमा प्रयोग गरिन्छ । भान्छासँगै अर्को गुफा छ, त्यहाँ मालसामानहरू राखिन्छन् ।

## ठिन्ले फोटाङ्

फ्हर खाङको दक्षिणपट्टि एउटा फराकिलो कोठा छ । यस कोठामा पनि गाह्रो लाएर तला छापेको छ । यहाँको भित्तामा कग्युपा लामाहरूका साधारण चित्रहरू लेखिएका छन् । यस कोठाको भित्रपट्टि एउटा गुफा छ । यस गुफालाई ठिन्ले फोटाङ भनिन्छ । लुरि गुम्बाका तेस्रा लामा ठिन्ले पेकरको नामबाट यस गुफाको ठिन्ले फोटाङ् नाम राखेको भनिन्छ । लुरि गुम्बाको दु खाङ यही ठिन्ले फोटाङ् गुफा हो । यहाँ अहिले ठिन्ले पेकर लामाको माटोको मूर्ति स्थापना गरिएको छ । ठिन्ले पेकरको दायाँपट्टि वज्रगुरु पद्मसम्भव र बायाँपट्टि पुनः ठिन्ले पेकरकै अर्को सानो माटोको मूर्ति स्थापना गरिएको छ । वज्रगुरु पद्मसम्भवको मूर्तिनजिकै सानो गुफाभित्र काठको कलात्मक टशि गोमङ् छ्योर्तेन् राखिएको छ ।

## गोएन खाङ

ठिन्ले फोटाङ गुफाको उत्तरपट्टिको भागमा अहिले गोएन खाङ बनाइएको छ । अघि यो गोएन खाङ गुम्बाको माथिपट्टिको गुफामा रहेको र पछि सो गुफा भत्केकोले यहाँ सारिएको भनिन्छ । गोएन खाङमा अहिले भू-स्पर्श मुद्राको शाक्यमुनि बुद्धको ढलोटको मूर्ति स्थापना गरिएको छ । चतुर्भुजी महाकाल, काकस्य र श्रीदेवीका सजीव थाङ्काहरू पनि टाँगिएका छन् । यस गोएन खाङमा घोडाको काठी र बक्खु पनि सुरक्षित छ, जसलाई लामा ठिन्ले पेकरको घोडाको काठी र बक्खु भनिन्छ ।

## कवुम् ल्हखाङ्

ठिन्ले फोटाङको दक्षिणपट्टि एउटा गुफा छ, जसलाई कवुम् ल्हखाङ् भनिन्छ । यस गुफाको बीच भागमा एउटा भव्य विजयचैत्य निर्माण गरिएको छ । यस चैत्यको निर्माणमा कलाकारले अचम्मको शीप पोखेको छ । चैत्यको बाहिरी भागमा सिमेन्टको अंश भएको क्यि स भनिने सेतो माटोको लेप लगाएर त्यसलाई संगमर्मरको भान पर्ने गरी चिप्लो पारेर घोटेको छ । चैत्यको पीठमा

धृतराष्ट्रादि चतुर्महाराज र अष्टमङ्गलका चित्रहरू अङ्कित गरिएका छन् । चैत्यको गर्भमा उष्णीषविजय, अवलोकितेश्वर, वज्रपाणि, नामसंगीति र मञ्जुश्रीका चित्रहरू र हर्मिकामा पञ्चबुद्धका चित्रहरू लेखिएका छन् । चैत्यको छत्रावली पनि बडो भव्य किसिमले बनाइएको छ । यसमा पनि विभिन्न देवी देवताका चित्रहरू अङ्कित गरिएका छन् । चैत्यको छत्रावलीको ठीक माथि गुफाको भित्री छतमा भव्य अक्षोभ्य मण्डल लेखिएको छ । अक्षोभ्यमण्डलको बाहिर वरिपरि विभिन्न सिद्धका चित्रहरू लेखिएका छन् । चित्र लेखिएको ठाउँबाहेक गुफाको छतको अन्य भित्री भागमा कालो र नीलो रङ पोतेर त्यसमा लहरासहितका सेता फूलबुट्टाहरू अङ्कित गरिएका छन् । यस गुफाको पश्चिमी भित्ताको तल्लो भागमा पनि केही चित्रहरू लेखिएका छन्, जसमध्ये शाक्यमुनि, वज्रधर र वज्रसत्त्वका चित्र मात्र साबुद छन् । यस गुफाको उत्तरी भित्ताको तल्लो भागमा पञ्चबुद्ध र चण्डमहारोषणका मन्त्रहरू लेखिएका छन् । यस गुफाको दक्षिणपट्टिको भाग भीरतिर पर्दछ । यस भागमा अहिले ढुङ्गाको हिले गाह्रो लाएको छ र प्रकाशको लागि काठको झ्याल पनि राखेको छ ।

लुरि गुम्बाको कवुम ल्हाखाङमा स्थित यो विजयचैत्य नेपालको अमूल्य सम्पदा हो । गुफा चैत्यको चर्चा गर्दा हामी भारतको कार्ले, भाजा, विदिशा आदि गुफा चैत्यहरूको नाम लिने गर्दथ्यौं, तर अब नेपाली वास्तुकलामा पनि गुफा चैत्यको नयाँ अध्याय थपिएको कुरा लुरि गुम्बाको यस चैत्यले सिद्ध गरेको छ । यो चैत्यस्थित गुफाको तल्लो भाग भू-क्षयले गर्दा खस्कन लागेको छ । स्थानीय जनताहरूले बान्ना पर्खाल लाएर भू-क्षयलाई रोक्ने प्रयास गरेका छन् । अतः भू-क्षयलाई रोकेर यस राष्ट्रिय सम्पदाको संरक्षण गर्नु आजको आवश्यकता हो ।

## अन्य गुफाहरू

लुरि गुम्बाको दु खाङको माथिपट्टि पनि कुइनसाङ ल्हखाङ, यङ गोएन ग्याल्वी फोटाङ् आदि गुफाहरू छन् । अहिले लुरि गुम्बा रहेको डाँडासँगै उत्तरपट्टिको डाँडामा-ख्युङ छाङ फुग्नामक गुफा छ । यस गुफामा लुरि गुम्बाको प्रथम लामा कुइनसाङ ज्यालुईले तपस्या गरेर अनेक सिद्धि प्राप्त गरेको भनिन्छ । ख्युङ छाङ फुग्सँगै समतेन् क्यि फुग्नामक गुफा छ ।

## नयाँ गुम्बा

लुरि पर्वतको फेदीको समतल भूमिमा नयाँ गुम्बा बनेको छ । यो गुम्बा आज (वि.सं. २०३९) भन्दा ३३ वर्ष अघि बनेको हो । यस गुम्बाको गर्भगृहमा अहिले विशेष मूर्तिहरू स्थापना गरिएका छैनन् । यहाँका धातुका मूर्तिहरू गुम्बाको उम्जेको जिम्मामा राखिने परम्परा छ । यस गुम्बाको महत्त्व यहाँका भित्ते चित्रहरूले बढाएको छ । यी भित्ते चित्रहरू नयाँ हुन् तापनि यसका कलाकारहरू यारा गाउँका फुर्व त्होर्जे आदि स्थानीय ढुब्पाहरू नै हुन् । अतः यहाँका यी भित्ते चित्रहरूले पछिसम्म पनि मुस्ताङ आफ्नो कलाको परम्परालाई जोगाई राख्न सफल रहेको सिद्ध गर्दछ ।

यो गुम्बा पूर्वाभिमुख छ । यसको मूलढोकाको बायाँपट्टिको भित्तामा काकस्य (तिः व्य-रोग्-ग्दोङ्-चन्), चतुर्भुजी महाकाल (तिः द्पल्-ये-शेस्-म्गोन्-पो-फ्यग्-ब्शि-प) र चामुण्डा (तिः द्पल्-ल्दन्-ल्ह-मो) का चित्रहरू लेखिएका छन् । दायाँपट्टिको भित्तामा चाहिँ गोन्पो मानिङ र चेउमरका चित्रहरू लेखिएका छन् । दु खाङको दक्षिणी भित्तामा हेरुक (तिः फुर-प), चक्रशम्वर (तिः 'खोर-लो-स्दोम्-प), वज्रवाराही (तिः दोर्-जे-फग्-मो) र लामा कुइन्साङ् ज्यालुइका चित्र लेखिएका छन् । उत्तरपट्टिको भित्तामा वज्रगुरु पद्मसम्भव, गुरु ढागमर, सिंह-वक्त्रा (तिः सेङ्-ग्दोङ्-म) र समन्तभद्र-समन्तभद्री (तिः कुन्-बसङ्-यब्-युम्) आदिका चित्रहरू लेखिएका छन् ।

**लुरि गुम्बामा भएका मूर्तिहरूको सूचि –**

| | | |
|---|---|---|
| १. | शाक्यमुनि (तिः शा-क्य-थुब्-प) को ढलौटको मूर्ति | |
| २. | वज्रधर (तिः दोर्-जे-`छङ्) को ढलोटको युगनद्ध (तिः यब्-युम्) मूर्ति– | उ. ८ से.मि. |
| ३. | चक्रशम्वर (तिः`खोर-लो-स्दोम्-प) को ढलोटको मूर्ति– | उ.१० से.मि. |
| ४. | काकस्य (तिः व्य-रोग्-ग्दोङ्-चन्) को ढलोटको मूर्ति– | उ. १५ से.मि. |
| ५. | तारा (तिः म्ग्रोल्-म) को ढलोटको मूर्ति– | उ. १९ से.मि. |
| ६. | वैश्रवण (तिः र्नम्-थोस्-स्रस्) को तामाको मूर्ति– | उ. १४ से.मि. |
| ७. | लामा ठिन्ले पेकरको ढलोटको मूर्ति– | उ. १२ से.मि. |
| ८. | कग्युपा लामाको ढलोटको मूर्ति– | उ. १३ से.मि. |
| ९. | निङम पा लामा कर्म मिग्युइ त्होर्जेको ढलोटको मूर्ति- | उ. २६ से.मि. |

(शर्मा र गुरुङ, २०५७: ११८-१२५)

## छ्योएजोङ गुम्बा

### ऐतिहासिक पृष्ठभूमि

लो मन्थाङको उत्तर पूर्वमा चा चङपो खोला र छ्योएजोङ खोलाको दोभानदेखि केही माथि छ्योएजोङ गुम्बा (तिः छोस्-ज़ोङ्-द्गोन्-प) अवस्थित छ । अघि यो गुम्बा रिजिङ फुवानामक डाँडाको फेदीमा रहेको र त्यहाँ उपर्युक्त दुई खोलाको बाढी र पैह्रोबाट गुम्बालाई क्षति पुऱ्याएकोले च्ह्यथङ्वा लोडोए वाङपो लामाको समयमा अहिलेको ठाउँमा सारिएको भनिन्छ । यसैगरी समजोङ गाउँ माथि डाँडामा रहेको कोनछ्योग् लिङ गुम्बा पनि छ्योएजोङ गुम्बामा गाभिएको भनिन्छ । कोनछ्योग् लिङ गुम्बाको सम्प्रदाय थाहा पाउन सकिएको छैन । छ्योएजोङ गुम्बा डुग्पा कग्यु सम्प्रदायको गुम्बा हो, तर छ्योएजोङ गुम्बाको गोएनखाङमा भएका भित्ते चित्रहरू हेर्दा अघि यो ठाउँ ङोर सम्प्रदायको साधनाभूमिको रूपमा रहेको देखिन्छ । यो गोएनखाङ गुफाभित्र बनाइएको छ । गुफाको भित्तामा हेवज्र, वज्रभैरव, वज्रचण्ड आदि ङोर सम्प्रदायका इष्टदेवताहरूका चित्र लेखिएका छन्, तर कग्यु सम्प्रदायका इष्टदेवता चक्रशम्वर, काकस्य आदिका चित्र भने देखिँदैनन् । अर्को कुरा गुफाको भित्री छतको माथिल्लो

भागमा लामा डोर्छेन कुङगा साङपो, छ्योएग्याल अम पाल साङपो र कलोन् छेवाङ् साङपोका चित्र लेखिएका थिए भनिन्छ, तर अहिले डोर्छेन कुङगा साङपोको चित्र मात्र साबुद छ ।

यसरी ङोर सम्प्रदायका प्रवर्तक डोर्छेन् कुङगा साङपो, यस सम्प्रदायका हिमायती अम पाल साङपो र ङोर सम्प्रदायका इष्टदेवताहरूका चित्र लेखिएकाले प्रथमतः यो गुफा ङोर सम्प्रदायसँग सम्बद्ध थियो भन्ने कुरा प्रष्ट हुन्छ । पछि यो ठाउँ उजारिएकोले रिजिङ फुवाको फेदीमा रहेको क्षति ग्रस्त कग्युपा गुम्बालाई यहाँ सारेको देखिन्छ । एउटा सम्प्रदायको गुम्बा उजाडिएपछि त्यस ठाउँमा अर्को सम्प्रदायले विकास गरेको उदाहरण मुस्ताङमा अन्त पनि पाइन्छ, जस्तै लोमन्थाङमाथिको सामदुलिङ गुम्बा प्रारम्भमा सक्य एवं ङोर सम्प्रदायको गुम्बा थियो भने पछि त्यहाँ कर्म कग्यु सम्प्रदायले विकास गरेको देखिन्छ ।

छ्योएजोङमा डुग्पा कग्यु गुम्बाको स्थापना कहिले भयो भन्नेबारे प्रष्ट रूपमा जानकारी दिने सामग्री पाइएको छैन । मुस्ताङ्गी राजा समढुव पलवर (ई. १६६३) र उनका छोरा अहं छेवाङ फुनछोग् चुगग्यन नोर्बु (ई. १७२३) को शासनकालमा कग्यु सम्प्रदायले मुस्ताङमा राजकीय प्रश्रय पाएको थियो । छ्योएजोङको यस डुग्पा कग्यु गुम्बालाई भूटानको स डाग् छ्योएलिङ गुम्बाका लामा ङवाङ् नमग्यालले लालमोहर गरिदिएका थिए भनिन्छ । छ्योएजोङका डोग्पाहरूले अघि प्रत्येक तीन वर्षमा भूटानको उपर्युक्त गुम्बालाई दुई सय नाकटाङ बुझाउनु पर्दथ्यो । धेरैपछि मात्र यो परम्परा छुट्यो । ङवाङ नमग्याल ईस्वी सत्रौं शताब्दीका भूटानी लामा हुन् । यिनैले डुग्पा कग्युअन्तर्गत दक्षिणी शाखाको विकास गरेका हुन् । (वाडेल, १९७४: ६८) । नेपालमा यी ङवाङ नमग्याल लामाको ठूलो प्रभाव थियो । गोर्खाका राजा नरभूपाल शाहलाई पुत्रलाभ नहुँदा देवाधर्मा (भूटान) का यिनै ङवाङ नमग्याल लामाले तान्त्रिक विधिविधानअनुसार अनुष्ठान गरेपछि बृहत् नेपाल राष्ट्रका एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्म भएको विश्वास गरिन्छ । यी कुराहरूलाई ध्यानमा राख्दा मुस्ताङी राजाहरूले कग्यु सम्प्रदायलाई महत्त्व दिइरहेको बेला दक्षिणी डुग्पा कग्यु सम्प्रदायका प्रवर्तक ङवाङ नमग्याल लामाको विद्वत्ता र सिद्धत्वबाट प्रभावित भएर मुस्ताङी राजा सम्भवतः समढुव पलवरले डुग्पा कग्यु सम्प्रदायको यो गुम्बा बनाएर उनै लामालाई चढाएको देखिन्छ । यसबाट छ्योएजोङ कग्युपा गुम्बाको स्थापनाकाल इस्वी सत्रौं शताब्दीको उत्तरार्द्धताका देखिन्छ ।

### गुम्बाको क्षेत्र

छ्योएजोङ गुम्बाको क्षेत्रमा छ्योएजोङपा डोग्पाहरू पर्दछन् । यी डोग्पाहरू छ्योएजोङको लेकमा पशुपालन गरेर बस्दछन् । यिनीहरूको स्थायी घरवास छैन, विभिन्न चरनहरूमा पाल टाँगेर बस्दछन् । अहिले यस्ता डाग्पाहरूका पच्चीस घर छन् । अघि यिनीहरू गुम्बाका ढावाहरू पनि बन्दथे भनिन्छ, तर अहिले भने केवल गृहस्थी डाग्पाहरू मात्र छन् । अहिले यस गुम्बाका ठूला ६ जना र साना ८ जनागरी जम्मा १४ जना यस्ता गृहस्थी डाग्पाहरू छन् ।

### गुम्बाको सम्प्रदाय र इष्टदेवता

छ्योएजोङ गुम्बा दक्षिणी डुग्पा कग्यु सम्प्रदायको गुम्बा हो । यस गुम्बामा पनि लुरि गुम्बामा जस्तै कतिपय निङमा सम्प्रदायसम्बन्धी धारणाहरूलाई मान्यता दिन थालिएको छ । डुग्पा कग्यु सम्प्रदायको गुम्बा भएकोले छ्योएजोङ गुम्बामा खोर्लो देछ्योग् र गुरु ढागमर कीललाई इष्टदेवता, ठोएमा नग्मोलाई डाकिनी र गोन्पो छ्यागिसपालाई धर्मपाल मान्दछ । यसका साथै च्ह्यरोग् दोङच्यनलाई पनि इष्टदेवताको रूपमा पूज्दछन् ।

### गुम्बाका पर्व पूजाहरू

यस गुम्बानजिक गाउँ बस्ती नभएकोले दिनदिनै नित्य पूजा गर्न आउन नसकिने हुनाले प्रत्येक ५-५ दिनमा २-२ जनाको पालो गरेर डोग्पाहरू गुम्बामा बत्ती बाल्न आउने गर्दछन् । यस गुम्बामा प्रत्येक महिनाको १० गते (शुक्लदशमी) मा वज्रगुरु पद्मसम्भवको पूजा हुन्छ । यस पूजामा २-२ जना डाग्पाहरू पालो गरेर आउने गर्दछन् । चौथो महिनाको १३ गतेदेखि १६ गते (वैशाखशुक्लत्रयोदशीदेखि जेष्ठकृष्णप्रतिपदा) सम्म न्युङने अथवा उपवास हुन्छ । न्युङनेमा प्रत्येक घरबाट १-१ जना व्यक्ति गुम्बामा आउनुपर्दछ । यस अवसरमा गुम्बालाई लिपपोत गरिन्छ र नयाँ त्हारच्योग् (झण्डा) फेरिन्छ । नवौं महिनाको २२ गते (कार्तिककृष्णसप्तमी) ल्ह वव् त्हुइ छेन्को पर्व मनाइन्छ ।

### गुम्बाको आर्थिक स्थिति

छ्योएजोङ गुम्बाको आर्थिक स्थिति सन्तोषजनक छैन । यस गुम्बाको आफ्नो निजी खेत र आयस्रोत छैन । गुम्बामा बत्ती बाल्नको लागि २४ वटा बाखी पालिएको छ । ती बाखीहरू घरैपिच्छे पाल्न दिएको छ । गुम्बालाई एक वर्षमा एउटा बाखीको आधा किलो घ्यू बुझाउनुपर्दछ । त्यस घ्यूको आयस्ताबाट गुम्बामा बत्ती बालिन्छ । वज्रगुरु पद्मसम्भवको पूजा खर्चचाहिँ घरैपिच्छे पालो गरेर बेहोरिन्छ । धनी घर छ भने एक पटकको पूजाखर्च एउटै घरले र गरिब घर छ भने दुई घरले बेहोर्दछन् । न्युङ्नेको खर्च सबै घरबाट उठाइन्छ । छ्योएजोङ गुम्बाका उम्जे ख्युङबु गेलोङ उर्गेन् छुलठिमले पनि दाताहरूले आफूलाई दिएको भेँडा, चौँरी आदि गुम्बालाई चढाएको छ । ती भेँडा र चौँरी बेचेर घरैपिच्छे पैसा लगानी गरेको छ । त्यस पैसाको ब्याजबाट न्युङनेमा सातु, चामल, चिया र घ्यू खरिद गरिन्छ । यस पर्वमा घरैपिच्छे दूध पनि उठाइन्छ । ल्ह वव् त्हुइ छेनको खर्च अघि गाउँलेहरूबाट बेहोरिन्थ्यो । अहिले ख्युङवु गेलोङले गुम्बालाई चढाएको एउटा चौँरी बेचेर त्यसको ब्याजबाट उक्त पूजा चलाइएको छ ।

### कला र वास्तुकला

यो गुम्बा च्ह्य थङवा लोडोए वाङ्पो लामाको समयमा रिजिङ फुवा डाँडाको फेदीबाट यस ठाउँमा सारिएको कुरा माथि नै उल्लेख भइसकेको छ । त्यसपछि भूटानबाट तेम्डिल नुर्वु छिरिङनामक लामा आएर गुम्बाको जीर्णोद्धार गरे । तिब्बतबाट खम्बा शरणार्थीहरू आएपछि गुम्बालाई लथालिङ्ग पारेका थिए ।

त्यसपछि ख्युङवु गेलोङले दश वर्षअघि गुम्बालाई जीर्णोद्धार गरेर अहिलेको अवस्थामा ल्याए ।

## दु खाङ

छ्योएजोङ गुम्बा पनि पर्वतको कन्दरामा अवस्थित छ । यो गुम्बाको दु खाङ पर्वतको कन्दराको आडैमा पर्खाल लगाई तला छापेर बनाइएको छ । दु खाङमा मूलढोकाको बायाँपट्टिको भित्तामा पाल्देन ल्हामो र च्ह्यरोग् दोङच्यन् एवं दायाँपट्टिको भित्तामा गोन्पो छ्याग्सिपा र च्याग् मेको चित्र लेखिएको छ । दु खाङको दक्षिणी भित्तामा कुइनसाङ हेरुक, बुद्ध हेरुक, पद्म हेरुक, वज्र हेरुक, रत्न हेरुक र कर्म हेरुकका चित्रहरू लेखिएका छन् । यसका साथै शारीपुत्र र मौद्गल्यायनसहित शाक्यमुनि बुद्धको चित्र पनि लेखिएको छ । उत्तरपट्टिको भित्तामा अक्षोभ्य आदि पञ्चबुद्ध र समन्तभद्रका यव युम् चित्रहरू लेखिएका छन् । उत्तरी भित्ताको पश्चिम भागमा गुरु ढागमर र डाकिनी सिंहवक्त्रासहित वज्रगुरु पद्मसम्भवको चित्र पनि लेखिएको छ । पश्चिमपट्टिको भित्तामा गर्भगृहको पृष्ठ भागमा पनि विभिन्न सिद्ध एवं कग्युपा लामाहरूका स-साना चित्रहरू लेखिएका छन् । यी भित्ते चित्रहरू आज (वि.सं. २०३९) भन्दा ८ वर्षअघि मुस्ताङ याराका कलाकारहरूले लेखेका हुन् । दु खाङको गर्भ गृहमा भू-स्पर्श मुद्राको शाक्यमुनि बुद्धको तामाको मूर्ति स्थापना गरिएको छ । यसका अतिरिक्त मैत्रेय, लोकेश्वर र मिलरेपाका ढलोटका मूर्तिहरू पनि स्थापना गरिएका छन् ।

## गोएन खाङ

दु खाङको भित्रपट्टि अँध्यारो गुफामा छ्योएजोङ गुम्बाको गोएन खाङ रहेको छ । गोएन खाङमा जानलाई दु खाङको दक्षिण कुनाबाट साँघुरो बाटो बनाइएको छ । गोएन खाङभित्र दिनको १२ बजेभन्दा पछि पस्न नहुने नियम छ । मूलतः यो गुफा डोर सम्प्रदायको साधनाभूमिको रूपमा रहेको कुरा यस अघि नै उल्लेख भइसकेको छ । गोएन खाङमा अहिले गोन्पो छ्याग्सिपा, च्ह्यरोग् त्होङच्यन्, च्याग् मे र सेङगे त्होङच्यनका भयावह मृत्तिका मूर्तिहरू स्थापना गरिएका छन् । यी मूर्तिहरू यहाँ कग्युपा गुम्बा सारिएपछि स्थापना गरिएका देखिन्छन् । छ्योएजोङ गुम्बाको भित्ते चित्रमा प्रयोग गरिएका रङहरू सबै प्राकृतिक छन् । लो मन्थाङको ज्यम्पा गुम्बाको इस्वी पन्ध्रौं शताब्दीको भित्ते चित्रहरूसँग तुलना गरी हेर्दा यस गुफाका भित्ते चित्रहरू इस्वी सोह्रौं शताब्दीताकाका जस्ता देखिन्छन् ।

अहिले यस गुफाको पूर्व भित्ताका चित्रहरू सबै नष्ट भइसकेका छन्, तर उत्तरतिर छेउमा भने वज्रचण्ड (तिःदोर्-जे-तुम्) को यब युम चित्र अझै बाँकी छ । दक्षिणपट्टिको भित्तामा क्रमशः रक्तयमारी (तिः ग्शिन्-जे-ग्शद्-द्मर-पो), कृष्णयमारी (तिः ग्शिन्-जे-ग्शद्-नग्-पो) र वज्रभैरब (तिः दोर्-जे-`जिग्स्-ब्येद्) का चित्रहरू लेखिएका छन् । पश्चिम पट्टिको भित्तामा गुह्यसमाज (तिः ग्सङ्-दुस्) वज्रधर (तिः दोर्-जे-`छङ्) र कालचक्र (तिः दुस्-`खोर) का चित्रहरू लेखिएका छन् । उत्तरपट्टिको भित्तामा हेवज्र (तिः क्ये-दोर्-जे), सप्तदश हेवज्र (तिः

क्ये- दोर- ब्चु-ब्दुन्-म) र चतुर्वज्रासन (तिः दों-र्जे-ग्दन्-ब्शि) का चित्रहरू लेखिएका छन् । गुफाको माथिल्लो भाग तीनपाटोमा साँघुरिंदै गएको छ । यस पाटोमा लामा डोर्छेन् कुङगा साङपो, छ्योएग्याल अम पाल साङपो र कलोन् छेवाङ साङपो यी साङपो नम सुमका चित्रहरू लेखिएका थिए भनिन्छ । अहिले उत्तरपट्टिको पाटोमा एउटा लामाको चित्र मात्र बचेको छ, जसलाई डोर्छेन् कुङगा साङपोको चित्र भनिन्छ ।

छ्योएजोङ गुम्बाको प्रतिष्ठा यसको गोएन खाङको भित्तामा लेखिएका भित्ते चित्रहरूले बढाएको छ । गुफाचित्रको बारेमा चर्चा गर्दा हामी विशेषगरी भारतको अजन्ता र एलौरा गुफाका भित्ते चित्रहरूको नाम लिन्थ्यौं । यसैगरी नेपाली कलाकारहरूले चीनको टुनहुआङ गुफासम्म पुगेर भित्ते चित्रहरू लेखेको प्रसङ्ग निकाल्दथ्यौं (बाङ्देल, २०३४: ४२) तर नेपालमै पनि गुफाभित्र यस्ता प्राचीन भित्ते चित्रहरू छन् भन्ने कुराचाहिँ हामीलाई थाहा थिएन । अहिले छ्योएजोङ गुम्बाको गोएन खाङ गुफाका भित्ते चित्रहरूले नेपालमा गुफा चित्रको यस अभावलाई पूर्ति गरेको छ र नेपाली चित्रकलाको विधामा गुफा चित्र कलाको नयाँ आयाम थपेको छ । अतः छ्योएजोङ गुम्बाको गोएन खाङ गुफाका यी प्राचीन भित्ते चित्रहरू नेपालको अनुपम राष्ट्रिय सम्पदा हुन् भन्नमा अत्युक्ति हुनेछैन (शर्मा र गुरुङ, २०५७: ११२-११७) ।

## दामोदरकुण्ड

काकवेणीदेखि उत्तर-पूर्व र मुस्ताङ सात थपौलाको लो मन्थाङदेखि पूर्व-दक्षिणमा दामोदर हिमाल अवस्थित छ । दामोदर हिमाल समुद्रको सतहबाट ६४०१ मिटरको उचाइमा रहेको छ । दामोदर हिमालको काखमा एउटा कुण्ड अवस्थित छ र यो कुण्ड दामोदरकुण्डको नामबाट प्रख्यात छ । काकवेणीबाट ताङ्वे र छुकसाङ हुँदै दाहिने पाखोबाट दामोदरकुण्ड जाने मूल बाटो छ । छुकसाङबाट चैले, समर, चराङ र डि गाउँ हुँदै दामोदरकुण्ड जान सकिन्छ, तर यो बाटो ज्यादै उकालो र फेरो पर्दछ । छुकसाङ र डि गाउँदेखि पर गाउँ बस्ती नभएकोले बडो सावधानीपूर्वक दामोदरकुण्डको यात्रा गर्नुपर्दछ ।

हिमवत्खण्डपुराण र गण्डकीमाहात्म्यमा स्पष्ट रूपमा दामोदरकुण्डको उल्लेख गरेको पाइँदैन । हिमवत्खण्डपुराणको कृष्णगण्डकीमाहात्म्यमा कृष्ण अथवा कालीगण्डकीलाई ‘घटोद्भव’ भनेको छ र अनुवादकले त्यसलाई दामोदरकुण्ड भनेर अर्थ्याएको छ (योगी, २०१३: सं.: १२३; ने.: १२७) । यसैगरी मुक्तिक्षेत्रको वर्णन गर्ने सन्दर्भमा हिमवत्खण्डपुराणमा ब्रह्मकुण्ड, रुद्रकुण्ड र अनन्त (विष्णु) कुण्डको उल्लेख आएको छ (योगी, त्यहीः सं: १२६; ने.: १३०) । मुक्तिक्षेत्रमा मुक्तिनाथ मन्दिरको वरिपरि यस्तो कुनै कुण्ड देखिँदैन । अतः मुक्तिक्षेत्रको सन्दर्भमा उल्लिखित ती ब्रह्मकुण्ड, रुद्रकुण्ड र अनन्त (विष्णु) कुण्ड मुक्तिक्षेत्रको उत्तरमा अवस्थित दामोदरकुण्ड र त्यसवरपरका पवित्र कुण्डहरू हुन् भन्ने बुझिन्छ ।

नरसिंहपुराणमा शालिग्रामको उत्पत्तिस्थल र त्यसको माहात्म्यको व्याख्या गरिएको छ । उक्त पुराणअनुसार हरिपर्वतमा हरिचक्रशिलामय शालिग्रामक्षेत्र छ । त्यस हरिपर्वतको फेदमा चक्रतीर्थ नामको महत्सर अथवा ठूलो तलाउ छ र त्यही तलाउबाट शालिग्रामी गण्डकीको उत्पत्ति हुन्छ । त्यस पर्वत तीर्थमा साक्षात् चक्रधर हरि छन् । ती हरिका साथमा लक्ष्मी र पृथ्वी रहन्छन् । त्यहाँका सबै शिलामा सबै लक्षणहरू मिलेर शालिग्रामशिला बन्दछन् । ती सबै शालिग्राम भगवान् विष्णुका श्रीविग्रह अर्थात् साकार मूर्ति हुन् (रेग्मी, २०४२: १२२) । नरसिंहपुराणमा उल्लिखित हरिपर्वत र हरिपर्वतको फेदमा रहेको चक्रतीर्थ तलाउ वर्तमान दामोदर हिमाल र दामोदर हिमालको फेदमा अवस्थित दामोदरकुण्ड हुन्' भन्ने स्पष्ट हुन्छ ।

हिमवत्खण्डपुराणको पचपन्नौं अध्यायमा कालीगण्डकीको माहात्म्यको व्याख्या गर्ने सन्दर्भमा विविध प्रकारको लक्षण भएका शालिग्राम र तिनको महिमा वखान गरिएको छ (योगी, २०१३: सं: १२३-१२६, ने: १२७-२९) । यसैगरी नरसिंहपुराणमा पनि शालिग्रामको लक्षण, नाम र तिनको महिमा व्याख्या गरिएको छ (रेग्मी, २०४२: १२१-२२) । गण्डकीमाहात्म्यमा शिवनाभशिला र चक्रनाभशिलाको उल्लेख छ । यसैगरी गण्डकीमाहात्म्यमा देवताहरूको उत्तम आश्रम भएको र मानिसहरूलाई भोग र मोक्षदिने विष्णुस्वरूप शालिग्राम पर्वतको उल्लेख छ (अधिकारी, २०५५: १६२) । गण्डकीमाहात्म्यमा उल्लिखित विष्णुस्वरूप शालिग्रामपर्वतले नरसिंहपुराणमा उल्लिखित हरिपर्वतलाई बुझाएको देखिन्छ, जसको काखमा शालिग्रामी कालीगण्डकीको मुहान दामोदरकुण्ड अवस्थित छ ।

ऐतिहासिक दृष्टिले शालिग्रामको पूजागर्ने परम्परा कहिलेदेखि चलेको हो भन्नेबारेमा निश्चित रूपले भन्न गाह्रो छ । कतिपय विद्वान्हरूले वैदिक कालमा आर्यहरूमा प्रस्तर वा शालिग्रामको पूजा प्रचलित नभएको मान्दछन्, किनभने शालिग्रामी गण्डकी आर्यहरूको मुख्य वासस्थानभन्दा निकै टाढा पर्दथ्यो । त्यसबेला गण्डकीको आसपासमा रहने आदिवासीहरूमा भने शालिग्रामको पूजा गर्ने चलन चलेको हुनसक्दछ भनिएको पाइन्छ । कतिपय विद्वान्हरूले भने शालिग्रामको पूजा करीब दुई हजार वर्षअघि प्रचलित भइसकेको तथ्यतिर औंल्याएको पाइन्छ (रेग्मी, २०४२: १२०-२१) । स्कन्दपुराणमा शालिग्रामको उल्लेख पाइएको र नरसिंहपुराणमा विस्तृत रूपमा शालिग्रामको वर्गिकरण गरेको र त्यसको महिमा व्याख्या गरिएकोले कम्तीमा पनि पौराणिककालसम्ममा आर्यहरूमा शालिग्रामको पूजा गर्ने परम्पराको विकास भइसकेको देखिन्छ ।

हिन्दू धर्ममा शालिग्रामलाई भगवान् विष्णुको श्रीविग्रह अथवा मूर्ति मानेर पूजा गर्न थालेपछि शालिग्रामको स्रोत कालीगण्डकीको मुहान पत्ता लगाउँदै जाँदा गण्डकी र गङ्गाको दोभान हरिक्षेत्रदेखि कालीगण्डकीको मुहान हरिपर्वत (दामोदर हिमाल) को काखमा अवस्थित दामोदरकुण्डसम्म कालीगण्डकीको दोभान र घाटहरूमा विविध तीर्थस्थलहरूको विकास भई त्यहाँ साधु सन्तहरूका अखडा स्थापना गरिएको पाइन्छ । यसरी शालिग्रामी कालीगण्डकीले एकलौटी रूपमा

गण्डकीको उपाधि पाउन सफल भएको र यसबाट शालिग्रामी कालीगण्डकीको मुहान दामोदरकुण्डको महत्त्व अझ बढेको पाइन्छ ।

लुब्राग्का बोनवादी लामाहरूमा एउटा कागले दामोदरकुण्ड पत्ता लगाएको हो' भन्ने श्रुतिपरम्परा प्रचलित छ । दामोदरकुण्डमा सेता कागहरू पाइन्छन्' भन्ने विश्वास छ । अतः दामोदरकुण्डसँग काकभुशुण्डिको सम्बन्ध रहेको देखिन्छ । नीलगिरिलाई काकभुसुण्डिको निवास मानिन्छ । दामोदर हिमाल र नीलगिरि हिमाल उत्तर र दक्षिण गरी हाराहारीमा पर्दछ । अतः दामोदर हिमाल र नीलगिरि हिमालको क्षेत्र नै मुक्तिक्षेत्र हो भन्ने स्पष्ट हुन्छ ।

दामोदरकुण्डको सम्बन्ध मुक्तिक्षेत्र र मुक्तिनाथसँग रहेको छ । दामोदरको शाब्दिक अर्थ दाम=दाम्लो र उदर=पेट अथवा पेटमा दाम्लो भएको' भन्ने हुन्छ । यसको भावार्थ दाम भनेको धर्मसूत्र अथवा धार्मिक विधानद्वारा चराचर जगत्लाई व्यवस्थित गरेर पालन गर्ने भगवान्' भन्ने हुन्छ । अर्को अर्थमा दामोदरलाई भवबन्धनबाट मुक्त गराउने अति पवित्र तारकमन्त्र मानिएको छ । त्यसैले मुक्तिक्षेत्र र मुक्तिनाथसँग दामोदरकुण्डको निकटतम सम्बन्ध रहेको हो । यसरी भगवान् विष्णुको श्रीविग्रह शालिग्रामलाई गर्भमा धारण गर्ने शालिग्रामीहरि पर्वत दामोदर हिमालमा स्थित शालिग्रामी कालीगण्डकीको मुहान दामोदर कुण्डको प्राकृतिक एवं धार्मिक अथवा भौतिक एवं पारमार्थिक दुवै दृष्टिले ठूलो महत्त्व रहेको छ । नेपालको लागि यो एउटा अत्यन्त ठूलो गौरवको कुरा हो ।

## तेस्रो अध्याय

# देवीघाटदेखि दूधपोखरीसम्म

### देवीघाट

नेपाल अधिराज्यको राजधानी काठमाडौंदेखि वायव्य दिशामा स्थित नुवाकोट जिल्लाका दुई प्रसिद्ध नदी त्रिशूली र तादीको संगमस्थल देवीघाटको नामबाट प्रसिद्ध छ । देवीघाटमा जालपादेवीको स्थान अवस्थित छ । जलसँग सम्बद्ध भएकीले यी देवी जालपादेवी कहलाएकी हुन् । चौसट्ठी लिङ्गयात्रावर्णनमा देवीघाटलाई भैरवतीर्थको उपाधि दिएको छ, जहाँ शिवजी भैरवस्वरूपले विराजमान हुनुहुन्छ । चौसट्ठी लिङ्गमध्ये भैरवेश्वरलाई २६ औं लिङ्ग मानिएको छ । चौसट्ठी लिङ्गयात्रावर्णनमा उर्ल्लिखित भैरवतीर्थको वर्णन यस प्रकार छ –

"नेपाल (काठमाडौं) देखि कोस २५ भैरवेश्वर २६. इ देवता असितेश्वरदेखि डेढयोजन उत्तरतर्फ छन्. इ देवताका नजिकमा सक्रमती (तादी) र त्रिशूल गङ्गाको सङ्गममा भैरवतीर्थ छ. इ देवता शिवजीले भैरव स्वरूपमै संसारको संहार गरी तपस्या गर्दामा उत्पन्न भयाका (हुन्) धर्म शर्माका उपदेशले यकाक्ष नाम भयाको वैश्य इ देवताको दर्शन गर्नाले मुक्त भयाको छ । विरूपाक्षले दर्शन गऱ्याको मिति फागुन शुक्ल १४ का दिन्मा (हो) यो जग्गा निलकूट पर्वत कहलाउँछन् भाषामा देविघाट भन्दछन् (योगी, २०१३: परिशिष्ट ६७) ।

नुवाकोटका प्रसिद्ध भैरवसँग सम्बद्ध भएकाले यस शिवलिङ्गलाई भैरवेश्वर भनेको हुनसक्छ । देवीयात्राको अन्तिम दिन देवीघाटमा आएर उक्त यात्रा विसर्जन गर्ने परम्परा छ । भैरव चढेका धामीले मध्य रातमा आउँदो सालको भविष्यवाणी गर्दछन् । पुरोहितसम्बद्ध वज्राचार्य र राजप्रतिनिधि आदिलाई मात्र उक्त भविष्यवाणी सुन्ने अवसर प्राप्त हुन्छ । त्यसदिन धामीले बोलेको कुरा राजदरबारमा चढाउने परम्परा अहिलेसम्म कायम छ ।

यसरी नुवाकोट भैरवसँग सम्बद्ध भएकोले त्रिशूली र तादीको दोभानलाई भैरवतीर्थ र त्यहाँस्थित महादेवलाई भैरवेश्वर भनेको प्रष्ट हुन्छ । यसैगरी देवीयात्रा वा भैरव भैरवीको यात्रा समापन गरिने घाट भएकोले देवीघाट नाम रहेको बुझिन्छ । नुवाकोट भैरवलाई गण्डकी भैरव पनि भनेको पाइन्छ (वज्राचार्य र श्रेष्ठ, २०३२: ४४) । त्रिशूलीगण्डकीसँग सम्बद्ध भैरव भएकोले यस भैरवलाई गण्डकी भैरव भनेको हुनसक्छ । देवीघाटमा अवस्थित देवीस्थान पीठको रूपमा रहेको हुनाले यहाँ विशेष देवमूर्ति स्थापित गरिएको छैन । पीठको बीच भागमा स्थापित शिलामा पछिबाट देवीको शीर्षभाग कुँद्ने प्रयास गरिएको देखिन्छ । पीठको दुवैतर्फ ढुङ्गाका सिंहका मूर्तिहरू अवस्थित छन् । पीठमा काठका स्तम्भहरू गाडेर कपडाको चँदुवा हालिएको छ ।

देवीस्थानसँगै पश्चिम र उत्तरमा एउटा चतुर्मुखी शिवलिङ्ग अवस्थित छ। शिवलिङ्गसँगै ढुङ्गाको बसाह पनि अवस्थित छ। यसैगरी देवीस्थानदेखि केही पर पूर्वपट्टि पिपलको फेदमा एउटा ठूलो चैत्यको भग्नावशेष रहेको छ। कुनै चिनियाँले यो बौद्ध चैत्य बनाउन लगाएका हुन् भन्ने किंबदन्ती छ। सम्भवत: नेपाल र भोट-चीन युद्धमा परलोक भएका कुनै चिनियाँ योद्धाको निर्वाणको लागि यो चैत्य बनाएको हुनसक्छ। देवीयात्राको सन्दर्भमा यस चैत्यनेर आएर पनि केही विधिविधान गर्नुपर्ने चलन छ। यस चैत्यको भग्नावशेषनेर वामनावतार विष्णुको ढुङ्गाको खण्डित मूर्ति अवस्थित छ। चैत्यसँगै सरस्वतीस्थान पनि छ तर त्यहाँ अहिले सरस्वतीको मूर्ति भने देखिँदैन।

देवीघाट एउटा स्मरणीय ऐतिहासिक स्थल पनि हो, किनभने नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको देहान्त र दाहसंस्कार यही देवी घाटमा भएको थियो। उहाँको दाहसंस्कारलाई सम्झाउने स्मारकको रूपमा यहाँ एउटा ठूलो ऐतिहासिक ढुङ्गा अवस्थित छ। अहिले देवीस्थानको सामुन्ने त्रिशूलीको बगरमा धेरै भाग पुरिएको अवस्थामा उक्त ढुङ्गा रहेको छ। अत: धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक दृष्टिले देवीघाट निकै महत्त्वपूर्ण छ।

नुवाकोटको देवीघाट बौद्ध धर्मसँग पनि सम्बद्ध छ। नेपालका बौद्ध धर्मानुयायीहरूले मानिआएका प्रसिद्ध पीठहरूमध्ये एउटा पीठ नुवाकोटको देवीघाट पनि हो। तन्त्रसाधनाको लागि पीठ पूजा गर्दा नेपालका बौद्ध धर्मावलम्बीहरू देवीघाटमा गई पूजा गर्दछन्। नुवाकोटका भैरव भैरवीका पूजारी वज्राचार्य छन्। अत: यी भैरव भैरवी बौद्धतन्त्रअनुसार उपासित भैरव भैरवी हुन् भन्ने सिद्ध हुन्छ। अत: देवीघाटको सम्बन्ध बौद्ध धर्मसँग रहनु स्वभाविक हो। यसरी नुवाकोटको देवीघाट केवल भौतिक जलतत्त्वको संगम मात्र नभएर नेपालको धार्मिक एवं सांस्कृतिक समन्वयको स्थल पनि हो। अत: नेपालका तीर्थस्थलहरूमा देवीघाटको विशिष्ट स्थान रहेको छ, जसले समन्वयात्मक अध्यात्मवादको भावनालाई अघि बढाउँदछ।

देवीघाटको सन्दर्भमा त्रिशूली र वेत्रावतीको वेणी पनि उल्लेखनीय छ। यस वेणीमा इन्द्रायणीको स्थान रहेको छ। यो स्थान पनि नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको जीवनीसँग सम्बद्ध छ। चन्द्रागिरिको डाँडाबाट तीन शहर नेपाल देखेपछि त्यहाँको राजा हुन पाए ता हुँदो हो भन्ने महत्त्वाकांक्षा लिएका पृथ्वीनारायण शाह नेपाल उपत्यकाको पश्चिमतर्फको मूलढोका नुवाकोटको दावा लिएर सिमलचौरमा थर्पु हालेर बसेका थिए। उनले आफ्ना सैनिकलाई खेतालाको रूपमा ल्याएका थिए। अत: सैनिकहरू खिन्चेतमा कुलो काटेर खेत बिराउँदथे। आफूचाहिँ डुङ्गा तरेर वेत्रावतीको वेणी इन्द्रायणीको स्थानमा गएर जप, पाठ गर्दथे। एक दिन कचहरीमा बसेको बेलामा पृथ्वीनारायण शाहलाई तन्द्रा लागेछ र तन्द्रैमा इन्द्रायणीका साथमा बसेछन् र इन्द्रायणीले आजको सात दिनमा ठूलो साइत छ, त्यसै दिनको साइतले नुवाकोट साध्य हुनेछ भनेको सुनेछन् र ज्योतिषीलाई पात्रो हेर्न लगाएछन् र नभन्दै सात दिनको बिहान ठूलो साइत रहेछ र त्यसै साइतले महामण्डल उक्लेर नुवाकोट जिती बढाइँ गरेछन् (सिजापति,

२०१४: १३७-१३९)। नेपाल- चीन युद्धको निर्णायक युद्ध पनि यही वेत्रावतीमा नै भएको थियो । अतः त्रिशूली र वेत्रावतीको वेणी केवल एउटा तीर्थस्थल मात्र नभएर नेपाल एकीकरण र देशरक्षाको घटनासँग सम्बद्ध एउटा ऐतिहासिक स्थल पनि हो, जस्ले हामीहरूलाई राष्ट्र र राष्ट्रियताप्रति समर्पित भई देशरक्षाको लागि अडिग रहिरहन प्रेरित गर्दछ ।

## सल्यानकोटकी माई

धादिङ जिल्लाको सल्यानकोटमा अवस्थित देवी सल्यानकोटकी माईको नामबाट प्रख्यात छिन् । वंशावलीमा सल्यानकोटकी माईलाई गोरखाका राजा राम शाहका आमाको रूपमा वर्णन गरिएको छ । गोरखामा शाहवंशको राज्य स्थापक द्रव्य शाहका छोरा पूर्ण शाह भए । पूर्ण शाहका छोरा छत्र शाह र राम शाह भए । राम शाह, छत्र शाहका विमातृपट्टिका भाइ हुन् । राम शाहकी आमा गर्भवती अवस्थामा सल्यान गएर बसेकी थिइन् । सल्यानमा नै राम शाहको जन्म भएर उनी त्यहीँ हुर्की बढेका थिए । गोरखाका राजा छत्र शाहको निःसन्तान मृत्यु हुँदा सल्यानी जनताले राम शाहलाई गोरखामा लगेर गादी चढाएका थिए । त्यसकारण सल्यानकोटकी माईप्रति राम शाहको विशेष श्रद्धा र भक्ति थियो । द्रव्य शाहबाट गोरखामा स्थापित शाह राज्यको विकास राम शाहको पालामा आएर प्रचुर मात्रामा भएको थियो । यही पृष्ठभूमिबाट पृथ्वीनारायण शाह नेपालको एकीकरण गर्न सफल भएका थिए ।

सल्यानकोटकी माईप्रति पृथ्वीनारायण शाहको पनि श्रद्धा र भक्ति थियो । यो कुरा पृथ्वीनारायण शाहको दिव्य उपदेशबाट राम्ररी स्पष्ट हुन्छ । ससुराली मकवानपुरबाट फर्कंदा चन्द्रागिरिको डाँडाबाट काठमाडौं, भक्तपुर र पाटन हेरेपछि त्यहाँको राजा हुने महत्त्वाकांक्षा राखेर भारदारहरूसँग आवश्यक सरसल्लाह गरेर बन्दोबत मिलाई सल्यानकोटकी देवी साक्षात्की छन् भनेर साइतगरी दर्शन गर्न गएको कुरा दिव्य उपदेशमा उल्लेख छ ।

सल्यानकोटको परम्पराअनुसार भित्री दर्शन पूजारी टहलुवालाई मात्र हुँदो रहेछ । अतः पृथ्वीनारायण शाहले यस मर्यादालाई उल्लंघन नगरेर ढोकासम्म गई पाठ, पूजा र दर्शन गरेछन् । त्यसपछि एक रात सपनामा सल्यानकोटकी माईले कुसुमे पछ्यौराको घुम्टो हालेकी दुई हातमा खड्ग लिएकी सात आठ वर्षकी कन्या, पूजारी राना मगरकी छोरीको रूपमा पृथ्वीनारायण शाहलाई दर्शनदिई दुवै खड्ग प्रदान गरेछन् र खोकिलाबाट आर्रसि प्रमाणको लाल वस्तु झिकेर निल्न लगाई मनकामना पनि पुऱ्याइदिएछन् । त्यसपछि सल्यानकोटकी माईको पूजाको थप व्यवस्था गरेर त्यसै घडीको साइत गरी पृथ्वीनारायण शाह पूर्वतिर लागेछन् नुवाकोट विजय गरेका रहेछन् ।

सल्यानकोटकी माईलाई त्रिपुरसुन्दरीको रूपमा मानिन्छ । मष्ट सम्प्रदायमा बाह्र भाई मष्ट र नौ बहिनी भवानी मुख्य छन् । यी नौ बहिनी भवानीहरूमा कनकसुन्दरी, त्रिपुरसुन्दरी आदि नौवटा देवीहरूको गणना हुन्छ । वास्तवमा त्रिपुरसुन्दरी दशमहाविद्यामध्येका एक महाविद्या हुन् । त्रिपुरार्णवनामक

आगम ग्रन्थअनुसार इडा, पिंगला, सुषुम्णा यी तीन नाडि र मन, बुद्धि एवं चित्तलाई त्रिपुर भनिन्छ । यी त्रिपुरमा रहेर यसलाई सञ्चालन गर्ने शक्ति भएकीले भगवती श्रीमहाविद्या त्रिपुरा अथवा त्रिपुरसुन्दरी कहलाउँदछिन् (शास्त्री, १९८७: २५३) । इडा नाडिको अर्को नाम चन्द्र नाडि हो र इडा नाडि स्त्रीतत्त्व हो । अतः मानिसको शरीरमा इडा नाडि बायाँ भागमा रहन्छ र बायाँवर्त गरेर घुम्दछ । पिंगला नाडिको अर्को नाम सूर्य नाडि हो र पिंगला नाडि पुरुषतत्त्व हो । अतः मानिसको शरीरमा पिंगला नाडि दायाँ भागमा रहन्छ र दायाँवर्त गरेर घुम्दछ । सुषुम्णा नाडिको अर्को नाम अग्नि नाडि हो र यो नाडि मानिसको शरीरको मध्य भागमा रहन्छ । आधुनिक विज्ञानले पनि Electron, Proton, Neutron यी तीनवटा तत्त्वलाई मानेको छ । यसमध्ये Electron चाहिँ Negation अथवा स्त्रीतत्त्व र Proton चाहिँ Position अथवा पुरुषतत्त्व हो भने Neutron चाहिँ मध्यस्थतत्त्व हो । आधुनिक विज्ञानले Electron र Proton को Motion अथवा घर्षणबाट विद्युतीय शक्ति उत्पन्न हुन्छ र त्यही विद्युतीय शक्तिबाट यो जगत् परिचालित छ भनेर मानेको छ । यही वैज्ञानिक तथ्यलाई आगम शास्त्रले शिव-शक्तिको कामकलाबाट यो चराचर जगत सृष्टि भएको मानेको पाइन्छ । यसरी आगमशास्त्रले Electron, Proton, Neutron मा अन्तर्निहित कार्यउत्पादन सामर्थ्यलाई 'शक्ति' को रूपमा मानेको छ (भवानीशङ्करजी, २०५२: ११४) । शक्तिसंगमतन्त्रमा ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवलाई पञ्चमहाप्रेतको संज्ञा दिएको छ । यी पञ्चमहाप्रेतहरूलाई आसन बनाएर त्यसमाथि भगवती श्रीमहाविद्या त्रिपुरसुन्दरी विराजमान हुन्छिन् । भगवती श्रीमहाविद्या त्रिपुरसुन्दरीको यस महासिंहासनको ब्रह्मा, विष्णु, रुद्र र ईश्वर चार पाउ हुन् । सदाशिव त्यस महासिंहासनको फलक र कामेश्वरचाहिँ आच्छादन हुन् (त्रिपाठी, १९८७: ४८२-४८३) । शक्तिविना उपर्युक्त देवताहरू शुष्क अथवा सुकेको काठ जस्ता हुन्छन् र तिनीहरूमा कुनै कार्य उत्पादन सामर्थ्य हुँदैन । भगवती श्रीमहाविद्या त्रिपुरसुन्दरीबाट शक्ति सञ्चार भएपछि मात्र ब्रह्मा सृष्टि गर्न, विष्णु पालन गर्न, रुद्र संहार गर्न, ईश्वरु अनुग्रह गर्न र सदाशिव निग्रह गर्न समर्थ हुन्छन् । अतः शक्तिविनाका यी पाँच देवतालाई पञ्चमहाप्रेत भनेको हो (खिस्ते, १९८७: २३५-२३६) । त्रिपुरसुन्दरीलाई षोडशा पनि भनिन्छ । भर्खर सोह्र वर्षकी युवतीको जस्तो कान्ति भएकी देवी हुनाले त्रिपुरसुन्दरीलाई षोडशा भनेको हो ।

निगम भनेको वेद र आगम भनेको तन्त्र हो । आगमग्रन्थमा त्रिपुरसुन्दरीको उपासनाको उपादेयता र महिमा यसरी बताएको छ–

> यत्रास्ति मोक्षो नहि तत्र भोगो यत्रास्ति भोगो नहि तत्र मोक्षः ।
> श्रीसुन्दरीसेवनतत्पराणां भोगश्च मोक्षश्च करस्थ एव ॥

(जहाँ मोक्ष अथवा आध्यात्मिक सुख हुन्छ, त्यहाँ भोग अथवा भौतिक सुख हुँदैन । यसैगरी जहाँ भोग अथवा भौतिक सुख हुन्छ, त्यहाँ मोक्ष अथवा आध्यात्मिक सुख हुँदैन, तर श्रीसुन्दरी अथवा भगवती श्रीमहाविद्या त्रिपुरसुन्दरीको सेवामा तत्पर रहनेहरूका लागि भोग अथवा भौतिक सुख र मोक्ष अथवा आध्यात्मिक सुख हातैमा रहेको हुन्छ (खेमका, १९८७: ५४२) । यसरी

त्रिपुरसुन्दरीलाई भुक्तिमुक्ति प्रदायिनी अथवा भुक्ति भौतिक सुख र मुक्ति आध्यात्मिक सुख प्रदान गर्ने शक्ति मानिएको छ ।

शैव-शाक्त मतको अन्तिम विकास दशमहाविद्याको उपासनामा गएर टुङ्गिन्छ । अतः दशमहाविद्याको उपासना शैव-शाक्त मतको पराकाष्ठा अवस्था हो । दशमहाविद्यालाई विभिन्न दशवटा शक्तिको प्रतीक मानिन्छ । कालको शक्ति कालीबाट सृष्टि प्रारम्भ भई विष्णुशक्ति लक्ष्मीमा पुगेर सृष्टि पूर्ण हुन्छ । कमलको आसनमा विराजमान भएकीले लक्ष्मीलाई कमला भनिन्छ । यसैगरी लक्ष्मीमा पुगेर सृष्टि पूर्ण हुने हुनाले लक्ष्मी वा कमलालाई पूर्णचण्डी पनि भनिन्छ । दशमहाविद्याको विवरण यस प्रकार छ–

| क्र.सं. | दशमहाविद्या | शक्ति |
|---|---|---|
| १. | काली | कालशक्ति |
| २. | तारा | क्षुधाशक्ति |
| ३. | त्रिपुरसुन्दरी | पूर्णशक्ति |
| ४. | भुवनेश्वरी | ज्ञानशक्ति |
| ५. | छिन्नमस्ता | त्यागशक्ति |
| ६. | त्रिपुरभैरवी | मरणशक्ति |
| ७. | धूमावती | दरिद्रशक्ति |
| ८. | बगलामुखी | क्रूरशक्ति |
| ९. | मातङ्गी | प्रभावशक्ति |
| १०. | कमला | ऐश्वर्यशक्ति |

(उपाध्याय, १९७०: १४६) ।

दशमहाविद्याको सम्बन्ध नवग्रहसँग पनि रहेको छ । अतः ग्रहको प्रकोप र त्यसको दशा शान्तिको लागि दशमहाविद्याको उपासना अति उपयोगी मानिएको छ । यसको विवरण यस प्रकार छ–

| क्र.सं. | दशमहाविद्या | ग्रह |
|---|---|---|
| १. | काली | शनि |
| २. | तारा | बुध |
| ३. | त्रिपुरसुन्दरी | सूर्य |
| ४. | भुवनेश्वरी | मङ्गल |
| ५. | छिन्नमस्ता | राहु |
| ६. | त्रिपुरभैरवी | शुक्र |
| ७. | धूमावती | केतु |
| ८. | बगलामुखी | बृहस्पति |
| ९. | मातङ्गी | सर्वयोगिनी |
| १०. | कमला | चन्द्रमा |

(ज.ब.रा., २०२०: १८९-१९०) ।

दशमहाविद्याका आ-आफ्ना महिमाहरू छन् तापनि षोडशा अथवा त्रिपुरसुन्दरीको महिमा सर्वोपरि रहेको पाइन्छ। त्रिपुरसुन्दरीलाई श्रीविद्या र उनको यन्त्रलाई श्रीयन्त्रको उपाधि दिइएकोले यो कुरा राम्ररी स्पष्ट हुन्छ। अद्वैत वेदान्त दर्शनका प्रवर्तक आद्य जगत्गुरु शङ्कराचार्यद्वारा प्रतिष्ठापित काञ्ची कामकोटी पीठ आदि पीठहरूमा श्रीयन्त्र स्थापना गरेर त्रिपुरसुन्दरीको पूजा गर्ने परम्परा रहिआएको छ। यसबाट पनि त्रिपुरसुन्दरीको लोकप्रियता र सर्वव्यापकता स्पष्ट हुन्छ।

श्रीयन्त्र पनि कौलाचारबाट उपासना गरिने र समयाचारबाट उपासना गरिने गरी दुई प्रकारका हुन्छन्। श्रीयन्त्रमा नौवटा त्रिकोणको समन्वय गरिएको हुन्छ। यस यन्त्रमा चारवटा त्रिकोण सधैं तलबाट माथितिर फर्केको हुन्छ र चारवटा त्रिकोण सधैं माथिबाट तलतिर फर्केको हुन्छ। तलबाट माथितिर फर्केको त्रिकोणलाई शिवलिङ्ग र माथिबाट तलतिर फर्केको त्रिकोणलाई शक्तिको योनिको प्रतीक मानिन्छ। श्रीयन्त्रमा वैन्दवचक्रको रूपमा रहेको केन्द्रवर्ती त्रिकोणको ठूलो भूमिका रहेको हुन्छ। समयाचारअनुसार उपासित श्रीयन्त्रको केन्द्रवर्ती त्रिकोण तलबाट माथितिर फर्केको हुन्छ, जसले शिवलिङ्गको प्रतिनिधित्व गरेको हुन्छ र कौलाचारअनुसार उपासित श्रीयन्त्रको केन्द्रवर्ती त्रिकोण माथिबाट तलतिर फर्केको हुन्छ, जसले शक्तिको योनिको प्रतिनिधित्व गरेको हुन्छ। तन्त्रशास्त्रको भाषामा कुल भनेका शक्ति र अकुल भनेका शिव हुन्। अतः कुल अथवा शक्तिसँग सम्बद्ध आचार वा पद्धतिलाई कौलाचार भनिन्छ र कौलाचारमा कुल अथवा शक्तितत्त्वलाई प्रमुख मानिन्छ। यसैगरी समयाचारमा शिवतत्त्वलाई प्रमुख मानिन्छ।

यसरी तन्त्रशास्त्रमा त्रिपुरसुरन्दरीको उच्चतम महिमा बखान गरिएको; राम शाहले सल्यान माइत भएकी आफ्ना आमा र सल्यानी जनताको सहयोगबाट गोरखाको राजगद्दी पाएको, पृथ्वीनारायण शाहले आफ्नो जीवनमा घटेका घतलाग्दा घटनाहरूको बारेमा बयान गर्दा सल्यानकोटकी माईप्रति उहाँको अगाध श्रद्धा र विश्वास रहेको पाइएकोले नेपालका राजादेखि सर्वसाधारण जनमानसमा धादिङको सल्यानकोटकी माईले गहिरो छाप पारेको स्पष्ट हुन्छ।

सल्यानकोटकी माईको स्थानमा राना थरका मगर पूजारी छन्। बडा दशैं र चैते दशैंका अतिरिक्त अरू पर्वहरूमा पनि यहाँ पूजा गरिन्छ। मंसीर महिनामा धान थन्क्याइसकेपछि देवीको न्वाँगी जात्रा हुन्छ। यस जात्रामा देवीलाई कोटबाट बेंसीमा यात्रा गराइन्छ। यस भेकका जनताले सल्यानकोटकी माईको न्वाँगी जात्रालाई ठूलो पर्वको रूपमा मान्दछन्। सल्यानटारमा प्राचीन बस्तीको खण्डहर फेला परेको छ। यहाँ लिच्छविकालिक बौद्ध चैत्यहरू पाइएका छन्। यसबाट यो क्षेत्रको सांस्कृतिक धरोहरको प्राचीनता कम्तिमा पनि लिच्छविकालसम्म पुग्दछ।

**मनकामना**

गोरखाको कफ्याक डाँडामा अवस्थित मनकामनाको ठूलो प्रसिद्धि छ। मनकामना माईलाई गोरखाको राजा राम शाहकी रानीको रूपमा मानिन्छ। अतः

मनकामनालाई राजमाताको रूपमा सम्बोधन गरिन्छ । गोरखावंशावलीमा गोरखाका राजा राम शाहको मृत्युपछि उनका छोरा डम्बर शाहको पालामा मनकामना प्रकट भएको उल्लेख छ । पृथ्वीनारायण शाहका समकालिक ज्ञानकर बाँडाका छोरा भवाकर बाँडाको अर्जीअनुसार गोरखाका राजा पृथ्वीपति शाहको पालामा धनदेउ गुरुङले कफ्याकको डाँडामा बाटो निकाल्दा मनकामना प्रकट भएको उल्लेख छ (पन्त, २०४५: ८९२) ।

मनकामनालाई महालक्ष्मीको रूपमा मानिन्छ । महालक्ष्मी पनि समष्टि र व्यष्टिगरी दुई प्रकारका छन् । महालक्ष्मीको व्यष्टि रूप "महाकाली, महालक्ष्मी र महासरस्वती" यी तीनमध्येकी महालक्ष्मी हुन् र यी व्यष्टिरूप "महाकाली, महालक्ष्मी र महासरस्वती" का समष्टिरूपचाहिँ आद्यशक्ति महालक्ष्मी हुन् । उत्पत्तिको कथा र समय भिन्दाभिन्दै भए तापनि वास्तवमा मनकामनाचाहिँ आद्यशक्ति महालक्ष्मी हुन्" भन्ने बुझिन्छ । मनकामनालाई नुवाकोटकी भैरवीसँग पनि सम्बद्ध मानिन्छ । नुवाकोटका भैरव भैरवी र मनकामनाको बौद्धतन्त्रअनुसार पूजा गरिन्छ । अतः यी दुईको बीचमा अन्तरसम्बन्ध रहेको हुनसक्छ । मनकामनाको नित्यपूजा ल्हाया थापा थरको मगर पूजारीले र वैशाख एवं कार्तिक महिनामा हुने राजकीय नैमित्तिक पूजाचाहिं काठमाडौं झ्वाबहालका वज्राचार्यले गर्दछन् । काठमाडौंको भुइँखेलमा बाह्र वर्षमा आयोजना गरिने बौद्ध परम्पराको सम्यक् पूजामा पनि मनकामनालाई ल्याएर सम्यक् दान दिने परम्परा छ । पृथ्वीनारायण शाहले ज्ञानकर बाँडालाई पश्चिमतिरको युद्ध रोक्नको लागि मनकामनामा पुरश्चरण गराएका थिए । पृथ्वीनारायण शाहले ज्ञानकर बाँडालाई लेखेको पत्र र ज्ञानकर बाँडाका छोरा भवाकर बाँडाको अर्जीबाट यो कुरा प्रष्ट हुन्छ । मनकामनाको उत्पत्तिको कथा सिद्ध लखन थापा मगरसंग पनि जोडिएको छ । अहिलेका मनकामनाका पूजारी थापा मगरहरू आफूलाई सिद्ध लखन थापा मगरका सन्तान मान्दछन् ।

कफ्याक डाँडाको थाप्लोमा अवस्थित एउटा प्राकृतिक शिलालाई मनकामनाको प्रतीक मानेर पूजा गरिन्छ । यसरी स्वयं उत्पत्ति भएको शिला र अन्तबाट ल्याएर स्थापना गरिएको शिलाखण्डलाई विभिन्न देवी देवताको प्रतीक मानेर पूजा गर्ने परम्परा नेपालमा अन्त पनि पाइन्छ । मनकामनाको प्रतीक मानिने शिलाचाहिँ अन्तबाट ल्याएको नभएर त्यहीं नै उत्पन्न भएको प्राकृतिक शिला हो । यसरी कुनै पनि मानव वा पशु, पंक्षीको आकृति अंकित नभएका सादा ढुङ्गालाई देवी देवताको स्वरूप मानेर पूजा गरिन्छ भने त्यसलाई प्रतीक पूजा (uniconic worship) भनिन्छ । ढुङ्गा वा कुनै वस्तुमा देवी देवताको साकार मूर्ति कुँदिएको छ र त्यस मूर्तिमा पूजा गरिएको छ भने त्यसलाई प्रतिमा पूजा (iconic worship) भनिन्छ । प्रतिमा (icon) पनि पशु आकृति (Theoriomorphic form), मानव आकृति (Anthropomorphic form) र पशु एवं मानव आकृति मिश्रित स्वरूप (Theorio-Anthropomorphic form) गरी तीन थरीका हुन्छन् । यसमध्ये पशु, पंक्षी वा मानव आकृति अङ्कित नभएको सादा शिलाखण्डलाई विभिन्न देवी देवताको प्रतीक मानेर पूजा गर्ने प्रतीक उपासना (uniconic

worship) चाहिँ सर्व प्राचीन हो । मनकामनामा यही प्राचीन प्रतीक उपासनाको परम्परा विद्यमान रहेको पाइन्छ ।

बौद्ध धर्ममा तन्त्रको विकास भएपछि शैव-शाक्त मत र बौद्ध मतमा नजिकको सम्बन्ध कायम रहेको पाइन्छ । यसमा पनि अझ श्रीयन्त्रकी चक्रनायिका त्रिपुरसुन्दरीको पूजामा ता बौद्धतन्त्र र शैवशाक्त तन्त्रमा विशेष फरक पाइँदैन । श्रीयन्त्रको षोडशदलचक्रमा बौद्धदर्शनको पूजा गरिने विधान यस सन्दर्भमा उल्लेखनीय छ । काठमाडौँमा सेतो मत्स्येन्द्रनाथको रथयात्रा असनमा आइपुगेपछि गोरखनाथ सम्प्रदायका कनफट्टा योगीले चक्रपूजा गर्ने परम्परा छ । चक्रपूजा भनेको नवयोनि अथवा श्रीयन्त्रको पूजा हो । श्रीयन्त्रको नौवटा त्रिकोणलाई नवयोनि अथवा नवशक्तिको रूपमा मानिन्छ । अतः शक्ति उपासनाको लागि श्रीयन्त्र एउटा समन्वयात्मक माध्यम र सिद्धिको साधन हो । नुवाकोटकी भैरवी, सल्यानकोटकी माई र मनकामनाको बीचमा सम्बन्ध रहेको बताइएकोले यिनीहरूमा साम्प्रदायिक अन्तर्सम्बन्ध रहेको बुझिन्छ ।

मनकामनाको पूजारी परम्परा, मन्दिरको वास्तुशैली र त्यहाँ दर्शन गर्न जाने भक्तजनहरूको भावनाले नेपालको राष्ट्रिय समीकरणको भावनाको सम्बर्द्धन र संरक्षण गरिरहेको पाइन्छ । मनकामना माई शैव-शाक्तमतका आद्यशक्ति महालक्ष्मी हुन् र यसलाई बौद्ध तन्त्रले आफूमा आत्मसात् गरेको बुझिन्छ । मनकामनाको मन्दिरमा नित्यपूजा गर्ने पूजारी ल्हाया थरका थापा मगर र राजकीय नैमित्तिक पूजा गर्ने आचार्यचाहिँ वज्राचार्य छन् भन्ने कुरा यसअघि पनि उल्लेख भइसकेको छ । मन्दिरको वास्तुशैली काठमाडौं उपत्यकाका नेवार कालिगडहरूले विकास गरेको तल्ले शैलीको छ । यस मन्दिरमा के शैव, के शाक्त, के बौद्ध सबै नेपालीहरू समान श्रद्धा विश्वास र सहिष्णुताका साथ आफ्नो मनकामना पूरा गर्नको लागि जान्छन् । मनकामनाको यस परम्पराले नेपालीहरूको बीचमा समन्वयात्मक नेपाली संस्कृतिको विकास र राष्ट्रिय समीकरणको भावनालाई प्रबोधन, सम्बर्द्धन र संरक्षण गरिरहेको छ । अतः मनकामनाको मन्दिर केवल व्यक्तिगत मनकामना सिद्ध गर्ने थलो मात्र नभएर मानसतीर्थ अथवा मानिसको अन्तरात्मामा समन्वयात्मक भावना उद्‌बोधन गराउने महत्त्वपूर्ण तीर्थस्थल हो भन्नमा अत्युक्ति हुने छैन ।

## गोरखनाथगुफा

गोरखा दरबार रहेको डाँडामा कालीको मन्दिर मुन्तिरको गुफा गोरखनाथ गुफाको नाउँबाट प्रसिद्ध छ । यो गुफाको सम्बन्ध सिद्ध गोरखनाथसँग रहेको मानिन्छ । द्रव्य शाहका पालादेखि गोरखा शाह राजवंशका राजाहरूलाई गोरखनाथबाट शुभ आशीर्वाद प्राप्त भएको विश्वास छ । नाथ सम्प्रदायका नौ नाथ एवं चौरासी सिद्धमध्ये मत्स्येन्द्रनाथ र उनका चेला गोरखनाथ पहिले वज्रयानी बौद्ध साधक थिए र पछि शैव मतमा परिवर्तित भई उनीहरूले नाथ सम्प्रदाय प्रवर्तन गरेका हुन् भन्ने मानिएको छ । नेपालमा मत्स्येन्द्रनाथलाई पद्मपाणि बोधिसत्त्वको रूपमा मानिन्छ । तिब्बती विद्वान् लामा तारानाथले

गोरखनाथको वज्रयानी नाम अनङ्गवज्र थियो भनेका छन् । भारतीय विद्वान् पं. हरप्रसाद शास्त्रीले गोरखनाथको वज्रयानी नाम अनङ्गवज्र नभएर रमणवज्र मानेका छन् (द्विवेदी, १९९६: ४०, ९६; लामा र चट्टोपाध्याय, १९९७: २२७) । नेपाली विद्वान् योगी नरहरिनाथले वज्रगुरु पद्मसम्भवलाई गोरखनाथ मानेका छन् (योगी, २०१३: ३२) । गोरखाको गोरखनाथ गुफामा स्थित शिवदेवको संवत् १२२ (वि.सं. ७५५) को लिच्छविकालिक अभिलेखमा वज्रभैरव भट्टारकको पूजा र त्यसको लागि गुठी राखिदिएको उल्लेख छ । वज्रयानी बौद्धहरूले महाकाललाई वज्रभैरव मान्दछन् (वज्राचार्य, २०३०: ५२३-५२६) । तिब्बती लामा बौद्धमतको गेलुकपा सम्प्रदायले वज्रभैरव (तिः दों–र्जे– 'जिग्स्–ब्येद्) लाई आफ्नो इष्टदेवता (तिः यि–दम्) मान्दछ । गोरखाको गोरखनाथ गुफा परिसरमा लिच्छविकालिक बौद्ध चैत्यका अवशेषहरू पाइएका छन् र अहिले ती बौद्ध चैत्यहरू गोरखाको तल्लो दरबार स्थित संग्रहालयमा राखिएका छन् । गोरखाको गोरखनाथगुफामा स्थित लिच्छविकालिक अभिलेखमा वज्रभैरवको उल्लेख आएको र वज्रभैरवको सम्बन्ध बौद्धमतसँग रहेको हुनाले गोरखनाथगुफासँग कुनै बौद्ध साधकको सम्बन्ध रहेको हुनसक्छ । यसरी गोरखनाथगुफा विभिन्न समयमा विभिन्न सिद्ध साधकहरूको साधना स्थलको रूपमा रहेको देखिन्छ । अहिले गोरखा उपल्लो कोटमा केही ढुँगाहरू थुपारिएको ठाउँलाई वज्रभैरवको स्थान मानिन्छ र त्यहाँ गोरखनाथका पूजारी कनफट्टा योगीहरूद्वारा पूजा गरिन्छ । वज्रगुरु पद्मसम्भवको स्तुतिमा उनले फर्पिङको ऋषितरगुफा (तिः बल्-युल्-असुरहि-ब्रग्-फुग्) मा साधना गरेको उल्लेख छ । अहिले उक्त गुफालाई गोरखनाथगुफा भनिन्छ र त्यहाँ गोरखनाथको पादुका पनि स्थापना गरिएको छ । फर्पिङको गोरखनाथगुफासँग कुसुलेहरूको पनि सम्बन्ध रहेको छ । यी कुसुलेहरू प्राचीन पाशुपतमत अन्तर्गत कापालिकमतका अनुयायीहरू हुन् । वज्रयानी बौद्ध परम्पराको पूजा पद्धति र नाथ सम्प्रदायको पूजा पद्धतिमा समानता रहेको बुझिन्छ । पूर्वी नेपालको खोटाङ स्थित हलेसिको गुफालाई पनि वज्रगुरु पद्मसम्भवले साधना गरेको स्थल मानिन्छ (नेपाल, २०४०: ३३५) । हलेसिमा महादेव स्थापना गरिएको छ र त्यहाँ शैव सन्यासीद्वारा पूजा गरिन्छ । यसरी पाशुपत कापालिकमत, वज्रयानी बौद्धमत र नाथ सम्प्रदायको बीचमा पारस्परिक सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

गोरखा शाह राजवंशका पूर्वज द्रव्य शाहले गोरखामा शाह राज्य स्थापना गरेपछि उनले त्यहाँ आफ्ना इष्टदेवी काली पनि स्थापना गरे । गोरखामा स्थापना गरिएकी काली हुनाले उक्त काली गोरखकालीको नामबाट प्रसिद्ध भइन् । यसरी सिद्ध गोरखनाथको नामबाट नाम रहेको स्थल गोरखामा स्थापना गरिएकोले गोरखकाली नाम रहे तापनि कालीसँग नाथ सम्प्रदायको सम्बन्ध भने यसभन्दा धेरै अघिदेखि नै रहिआएको देखिन्छ । काठमाडौंको फर्पिङ दक्षिणकालीको क्षेत्रमा पनि गोरखनाथ सम्प्रदायको एउटा अखडा छ । त्यस अखडामा स्थापित पात्र देवतालाई शिवरात्रिमा मृगस्थलीको गोरक्षमठ र जनैपूर्णिमामा चाहिँ गोसाईंकुण्डमा मेला भर्न लैजाने परम्परा छ । अघि जयस्थिति मल्लको पालामा नाथ सम्प्रदायका योगीहरू गोसाईंकुण्डको मेला भरेर आएपछि काष्ठमण्डपमा चक्रपूजा गरेर भोज खाने चलन थियो (वज्राचार्य, २०३३: ४९) ।

यसैगरी सिद्ध गोरखनाथले जगाएको वज्रकालीको शाबरमन्त्र शत्रुनाशको लागि अत्यन्त सिद्धिदायक मानिन्छ । यसरी अघिदेखि नै गोरखनाथ र कालीको सम्बन्ध रहिआएकोमा द्रव्य शाहका पालादेखि गोरखामा नाथ सम्प्रदाय र कालीमतको सम्बन्ध अझ बलियोसँग बाँधियो र त्यसबाट जय गोरख र जय कालीको नाराद्वारा गोरखा राज्य अघि बढेर यसले नेपालको राष्ट्रिय एकीकरणको दायित्व वहन गर्न सक्यो । अतः नेपालको एकीकरणको एउटा मुख्य कारकतत्त्व गोरखनाथ सम्प्रदाय र कालीमतको बीचमा प्रगाढ अन्तरसम्बन्ध कायम हुनु हो ।

नेपालमा कालिका र काली दुईटा मत प्रचलित रहेको पाइन्छ । यसमध्ये कालिकाचाहिँ जुम्लाका जालन्धरी राजाका रानी हुन् । विशेषगरी पश्चिम नेपालको जनजीवनमा कालिका मतले ठूलो प्रभाव पारेको पाइन्छ । आफ्नो जीवनमा संकट एवं समस्या परिआएमा र आफ्नो महत्त्वाकांक्षा पूरा गर्न कुनै दैवी शक्तिको शरणमा पर्नु मानिसको स्वाभाविक गुण हो । मानिसको यस चरित्रअनुसार पश्चिम नेपालका मानिसहरू आफ्नो सुख, दुःखको सहाराको रूपमा कालिकालाई मान्दछन् । शैव-शाक्त मतमा कालिका वा कालीलाई कालको शक्ति एवं त्रिशक्तिमध्ये एउटा शक्ति र दशमहाविद्यामध्ये पहिलो विद्याको रूपमा मानिन्छ तापनि पश्चिम नेपालमा प्रचलित कालिका मतको उत्पत्तिबारे भने भिन्दै खालको कथा पाइन्छ । यहाँको कालिकालाई जालन्धरी राजाको रानीको रूपमा मानिन्छ । कथाअनुसार ईस्वी एघारौं शताब्दीमा जालन्धरी राजा जालन्धरबाट काँगडा, बैतडी र दार्चुला हुँदै जुम्लामा आउँदा सबभन्दा पहिले एउटा बाहुनको घरमा बसेका थिए । त्यहाँ घरपति बाहुनकी छोरी कालिकासँग तिनको प्रेमका साथै विवाह पनि भयो । ती ब्राह्मणकुमारी कालिका अत्यन्त गुणवती भएकीले त्यस विवाह पछि जालन्धरीलाई जुम्ला उपत्यकामा विशेष आदर सत्कार प्राप्त भयो र सिँजापति अथवा जुम्लाका राजासमेत हुन पुगे । ती कालिका रानीको स्वर्गवास भएपछि जालन्धरी राजाले आफ्ना रानीको सम्झनाका लागि केही माँडूहरू बनाए । त्यसपछि ती कालिका रानीलाई त्यहाँका मानिसहरूले देवीकै रूपमा मान्न थाले । यसरी जुम्लाकी कालिका रानीले जगन्माता कालिकादेवीको स्थान लिएपछि ईस्वी एघारौं शताब्दीदेखि जुम्ला उपत्यका र पश्चिम नेपालमा कालिका मत फैलियो ।

विशेषतः "कलौ काली" भन्ने अवधारणाअनुसार कलियुगमा कालीको उपासना अति सिद्धिदायक एवं उपयोगी मानिन्छ । कालीका पनि रक्तकाली, श्वेतकाली, भद्रकाली, दक्षिणकाली आदि भेदहरू छन् । यसमा दक्षिणकाली विशेष पूजनीय छन्, किनभने तन्त्रशास्त्रको षट्आम्नायमा दक्षिणकालीलाई दक्षिण आम्नायकी आराध्यदेवी मानिन्छ । त्रिपुरसुन्दरी र कालीमा विशेष अन्तरसम्बन्ध रहेको पाइन्छ, किनभने श्रीविद्यामा 'श्री' चाहिँ त्रिपुरसुन्दरी र 'विद्या' चाहिँ अनिरुद्धसरस्वती दक्षिणकाली हुन् । कालीलाई कालको शक्ति मानिएको कुराको माथि नै उल्लेख भइसकेको छ । काल भनेको बेला र समयचाहिँ त्यस बेला अथवा कालको अवस्थिति हो । कालको धारणशक्ति एवं सञ्चालनशक्तिलाई काली

र समयको धारणशक्ति एवं सञ्चालनशक्तिलाई समया भनिन्छ (ज.ब.रा., २०३४: ८२-८३) ।

गोरखा दरबारमा स्थापना गरिएकी कालीका पूजारी मास्की राना र भूषाल राना थरका मगरहरू छन् । काली स्थापना गरिएको कक्षमा मगर पूजारी र गद्दीनसीन राजाले मात्र पस्न पाउने परम्परा छ । श्याङजाको लसर्घास्थित आलमदेवीलाई आठटीकाका खान एवं शाह राजाहरूले आ-आफ्नो दरबारमा इष्टदेवी कालीको रूपमा स्थापना गरेर पूजा गरिआएको पाइन्छ । गोरखा दरबारमा कृष्णपक्ष र शुक्लपक्ष दुवै पक्षको अष्टमीमा पशुबलि चढाएर पूजा गरिन्छ ।

## चक्रतीर्थ

लमजुङ र गोरखाको सीमाना चेपे नदीको दायाँ किनारामा लमजुङको क्षेत्रमा रागिनासकोटको ठीक मुन्तिर चक्रतीर्थनामक तीर्थ अवस्थित छ । यो तीर्थ धार्मिक महत्त्वका अतिरिक्त शाह कालका दुईटा ऐतिहासिक घटनाले गर्दा अति उल्लेखनीय छ । नारायण अर्यालले लमजुङका राजा यशोब्रह्म शाहका छोराहरूको जन्मकुण्डली हेरेर कान्छा छोरा द्रव्य शाहलाई पनि राजा हुनेछ भनेर फलादेश गरेपछि यशोब्रह्म शाहका रानी वसन्तावतीले जेठा छोरा नरहरि शाहलाई लमजुङको रजाइँ, माहिला छोरा नरपति शाहलाई पुस्तुनको रजाइँ र कान्छा छोरा द्रव्य शाहलाई रागिनासको रजाइँ दिएर राखेकी थिइन् । द्रव्य शाहले रागिनासकोटबाट गोरखा विजय गरेर वि.सं. १६१६ मा गोरखामा शाहवंशको राज्य स्थापना गरे ।

यसरी द्रव्य शाहले गोरखामा शाह वंशको राज्य स्थापना गरेपछि नारायण अर्यालले गरेको फलादेश सिद्ध भयो । त्यसपछि आमा वसन्तावतीले चेपेलाई लमजुङ र गोरखाको सिमाना कायम गरेर चक्रतीर्थमा बसी नरहरि शाह र द्रव्य शाह जुन छोराले चेपेलाई नाघेर आफ्नो राज्य बढाउला, त्यसले मेरो दूधको रेखा नाघेको जस्तो होला भनेर थिति बन्दोबस्त गरी दुई छोराको राज्यको सीमारेखा तोकिदिएकी थिइन् ।

भाइ द्रव्य शाह गोरखाको राजा भएपछि दाज्यू नरहरि शाहलाई ठूलो ईर्ष्या भयो । अतः आमा वसन्तावतीले बाँधिदिएको सिमारेखालाई नाघेर भाइ द्रव्य शाहलाई मारी गोरखाको राज्य हडप्नका लागि नरहरि शाहले योजना बनाए । यसका लागि नरहरि शाहले द्रव्य शाहलाई दुवै भाइ मिलेर पिता यशोब्रह्म शाहको श्राद्ध गरौं भनेर चेपेको किनारा चक्रतीर्थमा बोलाए । नरहरि शाहले पहिलेनै चेपेको तिरमा बालुवाभित्र हातहतियार लुकाएर राखेका थिए । श्राद्ध सकिएपछि भात खाने बेलामा आफ्ना धाइकी छोरीको संकेतबाट द्रव्य शाहले दाज्यू नरहरि शाहको षड्यन्त्र थाहा पाएर त्यहाँबाट उनी मौका छोपेर भागी गोरखा आइपुगे । नरहरि शाहले द्रव्य शाहलाई केवल चम्काउने मात्र भयो । उनको योजना सफल हुन सकेन । यसरी लमजुङ र गोरखाको सिमाना चेपे नदीको दायाँ किनारामा अवस्थित चक्रतीर्थले एकातिर एउटा मातृहृदयको

वात्सल्यप्रेम एवं कूटनैतिक सत् प्रयास र अर्कोतिर भाइप्रति दाइको मात्सर्यभाव र षड्यन्त्रलाई दर्शाई रहेको छ ।

चक्रतीर्थदेखि केही तलतिर तनहुँको तुरतुरे र गोरखाको पालुङटार, ठाँटी पोखरीसँगै चेपे र मर्स्याङ्दीको दोभान अवस्थित छ । चेपे र मर्स्याङ्दीको यो दोभान चेपे घाटको नामबाट प्रसिद्ध छ । गण्डकीप्रस्रवणक्षेत्रका गुरुङ, मगर, ठकुरी, दरैं, कुमाल आदि जातिमा प्रचलित लोकनृत्य घाटुमा उल्लिखित गण्डकीप्रस्रवणक्षेत्रका सातवटा मुख्य घाटहरूमा चेपेघाट पनि एउटा घाट हो । ती मुख्य सातवटा घाटहरूमा सतीघाट, चेपेघाट, गोसाईंघाट, घुमेघाट, घुमरिघाट, मशानेघाट र केलादीघाट हुन् । चेपेघाटमा माघे संक्रान्ति आदि पर्वहरू र अरू बेलामा पनि भक्तजनहरू स्नान गर्दछन् । आफ्नो ग्रह शान्ति र पुण्य प्राप्तिको लागि चेपेघाटमा बत्ती बगाउने चलन पनि छ । चेपेघाटसँगै एउटा जीर्ण मन्दिर अवस्थित छ । त्यहाँ ढुङ्गाका मूर्तिका टुक्राटाक्रीहरू छरिएर रहेका छन् ।

अघि लिगलिगका घले राजाका पालामा बडा दशैंको टीकाको दिनमा घलेहरू भोज खाएर चेपेघाटदेखि लिगलिगकोटसम्म दगुर्दथे र जो पहिले कोटमा पुग्न सक्यो, उही व्यक्ति त्यस वर्षका राजा हुन्थे । यही परम्पराअनुसार बडा दशैंको टीकाको दिनमा अवसर पारेर द्रव्य शाहले लिगलिगका घलेहरूलाई जितेका थिए । लिगलिगका घलेहरूलाई जितेपछि द्रव्य शाहले गोरखाका खड्का राजालाई जितेर गोरखामा शाह वंशको राज्य स्थापना गरेका थिए । यसरी चेपे घाटको महत्त्व केवल धार्मिक एवं तीर्थस्थलमा मात्र सीमित नरहेर यो घाट एउटा राजनैतिक एवं ऐतिहासिक स्थलको रूपमा पनि प्रख्यात रहेको छ ।

## युलुङ पोखरी

पूर्वी लमजुङमा रागिनास गौंडा र भुम्लिचोक, फुलुङगिरिमाथिको अग्लो डाँडो युलुङ नामबाट प्रसिद्ध छ । अहिले यस ठाउँमा समयअनुसारको गोठबाहेक मानिसको बस्ती छैन । वंशावलीअनुसार अघि कास्कीका राजा जगदिखान शाहीको पालामा वर्तमान लमजुङ हिमालको दक्षिणी भागमा अवस्थित क्होलनामक गुरुङ राज्यबाट विस्थापित भएपछि मुँरि थरका नौघरे घरानाका गुरुङहरूले युलुङमा बस्ती बसालेका थिए । त्यसपछि जगदिखान शाहीका छोरा यशोब्रह्म शाहले लमजुङका घले राजा शिशिढुंगा भन्ने जङ्गलमा शिकार खेल्न जाँदा लमजुङ कब्जा गरेर त्यहाँ आफ्नो राज्य खडा गरेपछि लमजुङका घले राजाले युलुङमा आफ्नो कोट कायम गरेर राज्य गर्न थाले । त्यसबेला युलुङमा छवटा बस्तीहरू थिए भन्ने विश्वास गरिन्छ । केही समयपछि घले राजा युलुङ छोडेर गोरखाको उत्तरी भेक बारपाक गएर राज्य गरेको कथन यस ग्रन्थकारको संग्रहमा रहेको वंशावलीमा उल्लेख छ ।

लमजुङका प्रथम ठकुरी राजा कालु शाहलाई घले राजाले मारेपछि फेरि पनि कास्कीबाट यशोब्रह्म शाहलाई ल्याएर लमजुङमा राजा स्थापना गरिएको थियो । कालु शाहको मृत्यु हुँदा उनकी रानी गर्भवती थिइन् । अतः यशोब्रह्म

शाहलाई राजा स्थापना गरेपछि डोला अन्त लिन जान पर्दैन, आफ्नै भाउजु छन् भनी कालु शाहकी गर्भवती रानीसँगै उनको विवाह गरिदिएको थियो । त्यसपछि गर्भवती रानीबाट कालु शाहका प्रताप शाहनामक साहेब जन्मे र उनलाई मर्स्याङ्दी, दोर्दीपार युलुङ राज्य छुट्याइदिएको थियो । पछिबाट लमजुङसँग तकरार पर्दा प्रताप शाहको छत्रभग भयो र युलुङ, लमजुङमा गाभियो । यसरी युलुङमा मुँरी, घले र शाह तीन वंशका मानिसले बसोबास गरेको पाइन्छ ।

युलुङको डाँडामा वनभित्र एउटा सानो सुन्दर पोखरी अवस्थित छ, जसलाई युलुङ पोखरी भनिन्छ । यस पोखरीमा रूखको पात खस्यो भने पात पोखरीमा पर्न नदिई चराले उक्त पातलाई आफ्नो चुच्चोले च्यापेर पाखामा लगेर राखिदिन्छ । अतः युलुङ पोखरीमा एउटै पनि पात हुँदैन भन्ने जनविश्वास छ । युलुङ पोखरीमा चैत्रशुक्लपूर्णिमा देवी जात्राको दिनमा मेला लाग्दछ । यहाँ पोखरीको अतिरिक्त ढुङ्गाबाट बनेका दुईटा देवल पनि छन् । यी दुईटा देवललाई दुईटी देवीको रूपमा मानेर देवी जात्राको अवसरमा यहाँ मेला लाग्ने गरेको हो ।

अघि यस ठाउँमा मानिसको बस्ती हुँदा मुँरी थरकी गुरुङकी एउटी कन्या केटी र घलेकी एउटी कन्याकेटी पिङ खेल्दा पिङबाट लडेर मरेछन् र ती दुवै कन्याकेटी जागेर देवीको रूप लिएछन् । अतः ती दुई कन्याको नाउँमा उपर्युक्त दुईटा देवल बनाएको र देवी जात्राको दिनमा त्यहाँ जात्रा लाग्ने चलन चलेको भन्ने किम्बदन्ती प्रचलित छ ।

यसरी मरेको मानिस जागेर देवीको रूपमा प्रकट भएको उदाहरण यहाँबाहेक अन्त पनि पाइन्छ । शाह वंशका राजाहरूले रिडीघाटबाट सतीलाई डोलीमा राखेर ल्याएको र वर्तमान आलमदेवीको स्थानमा आएपछि सती अलप भएकीले उनलाई त्यहीँ नै आलमदेवीको नाममा पूजेर राखेको विश्वास छ । यसैगरी संखुवासभा खाँदबारीका मंगलादेवी पनि मगर्नीका आमा छोरी देवीको रूपमा प्रकट भएको मानिन्छ । मंगलादेवीको उत्पत्ति सम्बन्धी कथा यस प्रकार छ–

एक पटक एउटी मगर्नी आफ्ना सानी दूधे छोरीलाई लिएर घरबाट माइत गइछन् । बाटोमा भोक लागेछ र छोरीलाई भूईंमा राखेर आमाचाहिँ जमुना टिप्न रूखमा चढिछन् । यत्तिकैमा बाघले छोरीलाई खाइदिएछ र त्यो दृश्य देखेपछि आमा पनि रूखबाट खसेर मरिछन् । त्यसपछि ती दुवै आमा छोरी जागेर देवी भएछन् । तीनै मगर्नीका आमा छोरी अहिलेका मंगलादेवी हुन् । यहाँ आमालाई पशुपंक्षीको भोग चढ्दछ र छोरीलाई दूध चढाउने चलन छ । आमा छोरीको रूपमा जमुनाको फेदमा दुईटा ढुङ्गा गाडिएको छ । आमालाई पशुको भोग दिने बेलामा छोरी डराउँछिन् भनेर छोरीको प्रतीक मानिएको ढुङ्गालाई टपरीले छोप्ने चलन छ । यहाँ उपर्युक्त मगर्नीका माइती खलकका राना मगरहरू पूजारी छन् । मंगलादेवीको स्थानभित्र पूजारीबाहेक अरू मानिस पस्न पाइँदैन । यहाँका पूजारी मगरहरूको कुलदेवताको पूजा गर्दा कुलदेवतालाई वेगनासबाट पुकारेर खाँदबारी लगिन्छ । अतः यी मगरहरूको पुर्ख्यौली थलो कास्कीको वेगनास रहेछ' भन्ने बुझिन्छ ।

यसरी मरेका आत्माहरू जागेर देवी बन्ने परम्पराअनुसार जुम्लाका जालन्धरी राजाकी रानीलाई कालिकाको रूपमा पूजा गरिन्छ । अतः यिनै परम्परा र मर्यादालाई कायम राखेर मुँरी गुरुङकी कन्या छोरी र घलेकी कन्या छोरीलाई देवी मानेर पूजा गरिएको हो । यसका अतिरिक्त युलुङको डाँडा अग्लो भएकोले यहाँबाट उत्तरतर्फका हिमश्रृङ्खला र दक्षिणतर्फका बेँसीका रमाइला दृश्यहरू देख्न पाइन्छ । अतः लमजुङको युलुङ पोखरी तीर्थस्थलका अतिरिक्त एउटा सुन्दर पर्यटकीय स्थल पनि हो । त्यसकारण युलुङ पोखरीको प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्त्वलाई राम्ररी प्रकाश पार्न सकेमा यसबाट आन्तरिक एवं बाह्य तीर्थालु भक्तजन र पर्यटकहरूलाई आकर्षण गरेर यस क्षेत्रको राम्रो विकास गर्न सकिन्छ ।

## छब्दी वाराही

तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि सिधा पूर्वमा करीब डेढ घण्टाको पैदल बाटोमा छब्दी खोलाको दायाँ किनारामा पहरोको फेदको जरुबामा छब्दी वाराही अवस्थित छ । अहिले छब्दी वाराहीसम्म जानको लागि कच्ची मोटर बाटो पनि बनेको छ । उपर्युक्त पहरोको फेदको जरुबामा पानीको कुण्ड बनाएको छ । कुण्डमा ठूल्ठूला रज बामहरू छन् । रज बामका अतिरिक्त ठूला खालका कत्ले माछा र अरू पनि स-साना थुप्रै माछाहरू छन् । बाम माछाहरू कहिलेकसो मात्र कुण्डमा निस्कन्छन् र अरू बेलामा चाहिँ कुरभित्र नै बस्दछन् । अरू ठूला, साना माछाहरू भने कुण्डमा नै रहन्छन् । यहाँ ठूला माछाले साना माछालाई खाँदैनन् । ठूलो माछाले सानो माछालाई नखानु नै छब्दी वाराहीको विशेषता हो। यहाँ ढोर वाराहीमा जस्तरी लहरी नचले पनि जरुवाबाट भने सधैं पानी बगिरहन्छ । कुण्डको पूर्वपट्टि वाराहीको एउटा सानो मन्दिर छ । परेवा, हाँस र बोका, पाठालाई घाँटीमा रेटेर बलि दिई गिँडलाई कुण्डमा फालिदिन्छ र आ-आफ्ना परेवा, हाँस र बोका पाठा चिनेर कुण्डबाट झिक्दछन् । कुण्डमा बलि परेपछि कुरबाट बाम माछा बाहिर निस्कन्छ र परेवालाई बिस्तारै बिस्तारैसँग सिङ्गै निल्दछन् । कुखुरा र राँगाको बलिचाहिँ नाउँ पारेर कुण्ड बाहिर छुट्टै ठाउँमा दिइन्छ ।

छब्दी वाराहीमा खासगरी बाम माछालाई नै वाराही मानेर पूजा गरिन्छ । यसरी माछालाई नै वाराही मान्ने हुनाले छब्दी खोलाभरमा माछा मार्न पाइँदैन । कुण्डको माछालाई बाढीले बगाएर अन्त पुऱ्याइदिएमा पानीको डुँडमा उक्त माछा राखेर बाजा- गाजासहित जात्रा गरेर माछालाई कुण्डमा ल्याएर राखिन्छ । यसैगरी बाम माछा मरेमा मानिसलाई जस्तोगरी सद्‌गत गरेर क्रिया गर्नुपर्दछ र छब्दी वाराहीका पूजारी स्वयं क्रियापुत्री भएर बस्नुपर्दछ । यहाँ पाउँ आले थरका मगर पूजारी छन् । छब्दी वाराहीका अतिरिक्त गोरखाको मनकामना, धरानको बुढासुब्बा र खान, शाह एवं सेन राजाहरूका कोटमा मगरहरू पूजारी रहने परम्परा छ ।

छब्दी वाराही र ढोर वाराहीलाई दिदी बहिनी मानिन्छ । तनहुँका दुई प्रसिद्ध वाराहीलाई दिदी बहिनीको रूपमा मान्नु मनासिब हो । गण्डकीमाहात्म्यमा छब्दी वाराहीको कुण्डलाई मत्स्योदरीकुण्ड अथवा वेद व्यासकी आमा मत्स्यगन्धा उत्पन्न भएको कुण्डको रूपमा वर्णन गरिएको छ । यसैगरी गण्डकीमाहात्म्यमा यहाँको माछालाई राम्ररी पूजा गरेमा सबै पापबाट मुक्त भइन्छ' भनेर छब्दी वाराहीको माहात्म्य बताएको छ (अधिकारी, २०५५: १२६) ।

छब्दी वाराहीको वर्तमान कुण्डदेखि दक्षिणतिर नजिकै वनभित्र एउटा गहिरो खाल्टो छ र अघि वास्तविक मत्स्योदरीकुण्ड त्यहीं थियो भनिन्छ । उक्त स्थानमा मत्स्योदरीकुण्ड छँदा ब्राह्मण पूजारीद्वारा त्यहाँ पूजा गरिन्थ्यो । पूजारी स्वयंले बलिको बोको काट्नुपर्ने हुनाले एकदिन पूजारीले बलिको बोको काट्दा आफ्नो हात पनि काटेछन् र कुण्डमा मानिसको रगत परेकाले कुण्डको पानी सुकेछ र वाराही पनि त्यहाँबाट अलप भइछिन् । त्यसपछि अहिलेको मगर पूजारीका पुर्खा गोठमा बस्दा एक दिन साँझ एउटी कन्या केटी वास माग्न आइछिन् र उनले पनि वास दिएछन् । उक्त कन्या केटी वाराही रहिछन् र उनले उक्त मगरलाई आफ्नो परिचय दिई मेरो सेवा गरेर खानु भनेर वरदान दिई अलप भइछिन् ।  एक दिन उक्त मगरले छब्दी खोलाको जरुवामा माछा मार्दा त्यहाँको ढुङ्गा पल्टाउन सकेनछ र त्यहाँ बाम माछा पनि निस्केछ । त्यसपछि उक्त जरुवाको ढुङ्गा र त्यहाँस्थित बाम माछालाई वाराही मानेर आफ्नै घरको भेटी र अक्षताले वाराहीको पूजा गरेछन्' भन्ने श्रुतिपरम्परा प्रचलित छ । त्यसपछि वि.सं. १९३१ मा सरकारले पनि अघि परम्परादेखि चलिआएको थिति थामेर पूजारीको लागि लालमोहर गरिदिएका छन् (मिश्र, २०५७: ७७३) ।

यसरी ढोर वाराहीमा प्राकृतिक लहरीलाई दैवीशक्ति मानेर प्रकृति पूजा गरिएको छ भने छब्दी वाराहीमा चाहिँ माछालाई वाराहीको रूपमा पूजेर जीवपूजा गरिएको छ । प्रारम्भमा मानिसले मानव एवं पशु आकृति अंकित नभएका कोरा ढुङ्गामा देवत्व आरोपित गरेर प्रतीक पूजा गर्न थालेका थिए भने पछि गएर विभिन्न पशु, पंक्षीलाई देवता मानेर पूजा गर्न थाले । त्यसपछि पशु र मानिसको आकृति मिसिएको जीवको परिकल्पना गरेर पूजा गर्न थाले । यो परम्परा विकसित हुँदै गई कालान्तरमा मानिसले देवी देवतालाई आफू जस्तै मानव स्वरूपमा पूजा गर्न थालेका हुन् । छब्दी वाराही कुण्डमा स्थित माछालाई वाराहीको रूपमा पूजा गर्ने परम्पराबाट मानिसको देवताप्रतिको उपर्युक्त भावनाको विकासक्रम राम्ररी स्पष्ट हुन्छ । यसरी तनहुँको छब्दी वाराहीमा प्रचलित परम्पराले केवल प्रकृति मात्र नभएर प्रकृतिबाट उत्पन्न अद्‌भुत प्राणीमा देवत्व आरोपित गरेर त्यसलाई पूजा गर्ने आदिम प्रचलनलाई  इङ्गित गरेको छ । यसका अतिरिक्त यहाँ मानिसले एकातिर आफ्नो भक्ष्य माछामा देवत्व आरोपित गरेर त्यसलाई संरक्षण गरी एउटा प्राणीप्रति सहानुभूति, सहिष्णुता, श्रद्धा, भक्ति र अहिंसाभाव दर्शाएको छ भने अर्कोतिर त्यही अद्‌भुत प्राणीलाई खुशी पार्न अर्को प्राणीलाई वध गरेर दोहोरो मानसिकता र चरित्र दर्शाएको छ । अतः आफ्नो अभीष्टसिद्धिको लागि एउटा प्राणीलाई खुशी पार्नको लागि अर्को प्राणीको घात

गर्ने मानवीय सोँचाई र प्रवृत्तिलाई राम्ररी विश्लेषण गरेर त्यसमा परिवर्तन ल्याउन सकेमा प्रकृति र प्राणी दुवैको समुचित संरक्षण हुन सक्ने छ। यसरी सर्व सत्त्व प्राणीको रक्षा गर्नेतर्फ मानव मस्तिष्कलाई उत्प्रेरित गर्न सक्नु नै मानस तीर्थको प्रमुख उपादेयता हो।

## पराशर एवं व्यास गुफा

गण्डकीगर्भदेश अथवा कालीगण्डकी र त्रिशूली गङ्गाको बीचमा अवस्थित सप्तगण्डकीले अभिसिञ्चित भू-भागको अर्को नाम पारकोट हो। यहाँ अघि पार नामक राजाले आफ्नो कोट स्थापना गरेर राज्य गरेकाले यस क्षेत्रलाई पारकोट भनिएको हो। पारकोटअन्तर्गत पर्ने भएकोले दमौलीलाई अर्को अर्थमा पारकोटटार पनि भनिन्थ्यो। गण्डकीमाहात्म्यमा उल्लेख भएअनुसार गण्डकीगर्भदेश पारकोटका राजा पारका छोरा नीपनामक राजा भए। यी राजा नीप ठूला शिवभक्त थिए। यिनै ठूला शिवभक्त राजा नीपले वाग्मतीद्वारा अभिसिञ्चित पवित्र क्षेत्रमा नेपालनामक राज्य स्थापना गरे। राजा नीपले स्थापना गरेको हुनाले उक्त राज्य नेपाल नामले विख्यात भएको हो। यसरी गण्डकीमाहात्म्यअनुसार वर्तमानमा गोरखाका राजा पृथ्वीनारायण शाहले आधुनिक नेपाल राज्यको सुसंगठन गरे जस्तै अघि पनि गण्डकी प्रदेशका राजा नीपले वाग्मती क्षेत्रमा नेपाल राज्य स्थापना गरी नेपाली सभ्यता र संस्कृतिको विकास गरेको देखिन्छ।

गण्डकीगर्भदेश पारकोटमा पुण्यदायक अनेकन् तीर्थहरू छन्। त्यसमध्ये मादी र सेतीको सङ्गम एउटा पवित्र तीर्थस्थल हो। गण्डकीप्रस्रवणक्षेत्रका सप्तगण्डकीमा कालीगण्डकी र सेतीगण्डकीको ठूलो महिमा छ। भारतको गङ्गा र यमुनाबीचको क्षेत्रलाई अन्तर्वेदी भनिन्छ र यो क्षेत्र अति पुण्यदायक मानिएको छ। यसैगरी हिमवत्खण्ड नेपालमा कृष्णधारा कालीगण्डकी र शुक्लधारा सेतीगण्डकीको बीचको भू-भागलाई पुण्यक्षेत्र अन्तर्वेदी मानिन्छ। सेतीगण्डकीमा सार्दी, मर्दी, पार्दी आदि खोलाहरू मिसिएका छन्, तर ती खोलाहरू कुनै पनि हिमनदी भने होइनन्। कुनै एउटा नदीमा अर्को नदी मिसियो भने ती दुईको संगम पवित्र मानिन्छ र त्यसमा पनि हिमनदीको संगमको ठूलो महिमा हुन्छ। मादी गङ्गा पनि सेतीगण्डकी जस्तै हिमनदी हुन्। अतः यी दुई हिमनदीको सङ्गमलाई पवित्र मानिएको हो। दमौलीमा सेती र मादीको संगम भएपछि यो नदी सेती नामले बग्दछिन्। यसबाट मादीभन्दा सेतीको बढी महिमा रहेको बुझिन्छ, किनभने शुक्लधारा सेतीको सम्बन्ध कृष्णधारा कालीगण्डकीसँग रहेको छ।

गण्डकीमाहात्म्यमा मादी र सेतीको सुन्दर दोभानको द्वीपमा अवस्थित गुफालाई पराशर ऋषिले तपस्या गरेको तपसिद्धिप्रदायिनी गुफाको रूपमा उल्लेख गरिएको छ। यसैगरी मादी र सेतीको त्यस द्वीपमा पराशर ऋषिबाट पुराण र संहिताकर्ता एवं वेदशास्त्रका प्रवर्तक मत्स्योदरीपुत्र कृष्ण द्वैपायन वेद व्यासको जन्म भएको वर्णन पनि गण्डकीमाहात्म्यमा पाइन्छ (अधिकारी, २०५५: १२५)।

मादी र सेतीको संगमको पूर्वपट्टि रहेको गुफालाई व्यासगुफा मानिएको छ। मादी र सेतीको द्वीपमा रहेको पराशरगुफा अहिले यी दुई नदीको कारणले नष्ट भइसकेको छ भने व्यासगुफाचाहिँ सुरक्षित अवस्थामा छ । यो व्यासगुफा आकारमा पनि ठूलो र दुई तलाको छ। यस गुफाको भूइँ खण्डमा सहज रूपमा जो पनि जान सक्छ र यसको माथिल्लो तलामा जानको लागि अलिकति अप्ठेरो छ। भूइँ खण्डको गुफालाई ज्ञानगुफा र माथिल्लो खण्डको गुफालाई ध्यानगुफा भनिन्छ । ध्यानगुफामा ध्यान गरेर ज्ञान प्राप्न गरी ज्ञानगुफामा बसेर उक्त ज्ञानको प्रसार गर्ने भएकोले ती गुफाहरूको यस प्रकार नाम रहेको विश्वास गरिन्छ।

श्रीमद्भगवत्गीता समुन्नत मानव मस्तिष्कको पराकाष्ठा अवस्थाको एउटा अनुपम नमूना हो । वेदान्त दर्शनको प्रस्थानत्रयी अथवा तीनवटा आधारभूत ग्रन्थमा उपनिषद्, ब्रह्मसूत्र र श्रीमद्भगवत्गीताको गणना हुन्छ । संस्कृत भाषाका शब्दहरू एकएकवटा धातुबाट बनेका छन्। यस सिद्धान्तअनुसार विद् धातुबाट वेद शब्द बनेको छ। विद् धातुको अर्थ ज्ञान हो। अतः वेद भन्नाले ज्ञान भन्ने अर्थ बुझ्नुपर्दछ। वेदमा कर्मकाण्ड र ज्ञानकाण्ड दुवै पक्षको विवेचना गरिएको छ। उपनिषद्मा भने केवल वेदको ज्ञानकाण्डको मात्र विवेचना गरिएको छ। मानिसलाई ज्ञानको नजिक लगेर राख्ने हुनाले यसलाई उपनिषद् भनेको हो। उपनिषद् ज्ञानको पराकाष्ठा अवस्था अथवा अन्तिम टुङ्गो हो। अतः उपनिषद्लाई वेदान्त भनिन्छ । भगवान् वेद व्यासले सम्पूर्ण वेद र उपनिषद्को सार खिँचेर ब्रह्मसूत्रको रचना गरेका थिए। ब्रह्मसूत्रलाई सर्वसाधारणले बुझ्न नसकेको हुँदा उनैले श्रीमद्भगवत्गीताको माध्यमबाट सरल एवं सरस ढंगले ब्रह्मविद्याको ज्ञान प्रस्तुत गरे। ब्रह्मविद्याको विवेचना गरिएको हुँदा श्रीमद्भगवत्गीतालाई उपनिषद् भनेको हो।

वेदमा कर्मकाण्ड र ज्ञानकाण्ड दुवैको विवेचना गरिए तापनि वैदिक संस्कृति कर्मप्रधान थियो । त्यसबेला यज्ञादि कर्मकाण्डबाट अभीष्टसिद्धि प्राप्त हुन्छ र भवसागर पार गर्न सकिन्छ भन्ने प्रबल धारणा थियो। उपनिषद्कालमा आएपछि त्यस अवधारणामा परिवर्तन आयो । उपनिषद्ले कर्मकाण्डलाई क्षुद्र नौकाको संज्ञा दिएको छ र त्यसबाट भवसागर पार गर्न सकिँदैन भनेको छ । उपनिषद्ले ज्ञानको तत्त्वविवेचनालाई भवसागर पार गराउने केवल एक मात्र उपाय मानेको छ । यसबाट भगवान् बुद्धले मूर्तिपूजा र यज्ञादि कर्मकाण्डको विरोध गर्नुभन्दा अघि नै उपनिषद्ले कर्मकाण्डको विरोध गरिसकेको देखिन्छ।

यसरी धनी व्यक्तिहरू धन खर्च गरेर यज्ञादि कर्मकाण्डको आधारमा भवसागर पार गर्ने भए भने उच्च मनस्थितिका चिन्तनशील ज्ञानवान् पुरुषहरू दार्शनिक तत्त्वविवेचनाबाट भवसागर पार गर्ने भए, तर धन पनि नभएका र बुद्धि पनि नभएकाहरू भने अलपत्र पर्ने भए । यसरी धनको अभावमा यज्ञ गर्न र ज्ञानको अभावमा तत्त्व चिन्तन गर्न नसकी अलपत्र परेकाहरूको लागि श्रीमद्भगवत्गीताले तेस्रो बाटो खोलिदिएको छ र त्यो तेस्रो बाटो हो, भक्तिको बाटो।

श्रीमद्भगवत्गीताको चौथो अध्यायमा वर्णित ज्ञानकर्मसन्न्यासयोग र पाँचौं अध्यायमा वर्णित कर्मसन्न्यासयोग नै गीताको कर्मयोग हो । गीताको चौथो अध्यायमा समत्वबुद्धि, कर्मको वर्गीकरण र कर्मफलको व्याख्या गरिएको छ । पाँचौं अध्यायमा कर्मयोगको विशेषता व्याख्या गरिएको छ । कर्म, विकर्म र अकर्म यी तीन प्रकारका कर्म छन् । फलको आशा राखेर शास्त्रअनुसार गर्न हुने कर्म गर्नु 'कर्म' हो । यसका विपरीत शास्त्रअनुसार गर्न नहुने कर्म गर्नु 'विकर्म' हो । फलको आशा नराखेर शास्त्रअनुसार गर्न हुने कर्म गर्नु 'अकर्म' हो (रामसुखदास, २०४०: १२९-१३०) । वास्तवमा "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" यस उक्तिअनुसार केवल कर्म गर्नमा मात्र अधिकार राख्नु र कहिले पनि फलको आशा नराख्नु, यो निष्कामकर्म नै गीताको कर्मयोग हो, किनभने "ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना" यो उक्ति अनुसार आफ्नो सत्कर्मलाई ब्रह्म सम्झेर ब्रह्मकर्ममा लीन भएका कर्मवीरहरूको गन्तव्य अथवा उनीहरूले प्राप्त गर्ने वस्तु पनि परमतत्त्व ब्रह्म नै हो (रामसुखदास, त्यहीः १७९) ।

श्रीमद्भगवत्गीताको तेह्रौं अध्यायमा विवेचना गरिएको क्षेत्रक्षेत्रज्ञविभाग र चौधौं अध्यायमा विवेचना गरिएको गुणत्रयविभाग नै गीताको ज्ञानयोग हो । क्षेत्र भनेको भौतिक पदार्थ र त्यस भौतिक पदार्थबाट बनेको मानव देह हो । क्षेत्रज्ञ भनेको त्यस भौतिक पदार्थलाई जान्ने र भौतिक देहभित्र चैतन्य स्वरूपले रहेको जीव हो । अतः जीव भौतिक शरीर होइन र जन्मने र मर्ने पनि होइन । जन्मनु, मर्नु यो सबै शरीरको काम हो । जीव शाश्वत र सनातन छ । यसरी शरीर र जीवलाई अलग अलग रूपमा बुझ्नसक्नु नै क्षेत्रक्षेत्रज्ञविभाग हो । यसैगरी जीव गुणातीत अथवा प्रकृति वा सत्त्व, रज, तम यी त्रिगुणबाट पर छ भनेर बुझ्नु गुणत्रयविभाग हो ।

श्रीमद्भगवत्गीतामा कर्मयोग र ज्ञानयोगको पनि विवेचना गरिएको छ, तर गीताको मुख्य विवेच्य विषय भने भक्तियोग हो, किनभने कर्मयोगीको निष्ठा उसको कर्म र ज्ञानयोगीको निष्ठा उसको ज्ञान हो भने भगवान्का भक्तको निष्ठा स्वयं भगवान् हो । श्रीमद्भगवत्गीताको बाह्रौं अध्यायमा विवेचना गरिएको भक्तियोग र पन्ध्रौं अध्यायमा विवेचना गरिएको पुरुषोत्तमयोग नै गीताको भक्तियोग हो ।

> सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
> अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥

(सबै धर्म अर्थात् इन्द्रियहरूको विषयप्रतिको आसक्तिलाई छोडेर तिमीले एक मात्र म सच्चिदानन्दकन्दघन वासुदेव कृष्णको अनन्यशरणलाई प्राप्त गर । म तिमीलाई सबै पापबाट मुक्त गरिदिनेछु, शोक नगर) भन्ने यस श्लोकमा गएर गीताको उपदेश टुंगिएको छ । अतः भगवान्को भक्तिको लागि धन र ज्ञान केही पनि चाहिँदैन । भगवान्प्रतिको अनन्यप्रेम र भगवान्को अनन्यशरणागति नै भगवान्को भक्ति हो ।

माादी र सेतीको संगममा अवस्थित यी गुफाहरूलाई पराशर र वेद व्याससँग सम्बद्ध मान्नु एउटा पौराणिक विश्वास हो तापनि गर्मी ठाउँमा पवित्र हिमनदीहरूको संगममा अवस्थित यी गुफाहरू पक्कै पनि प्रागैतिहासिक मानवको निवास र ऋषि, महर्षिहरूको साधना थलोको रूपमा रहेको थियो भन्ने कुराचाहिँ निर्विवाद छ ।

मादी र सेतीको यस्तो महिमा भए तापनि गर्मी र औलोको कारणले गर्दा यस क्षेत्रमा मानिसको बस्ती उजाडिसकिएको थियो । गर्मी र औलो पचाइसकेका बोटे, दरैं, कुमाल आदि केही मतवाली जातहरूको पातलो बस्ती मात्र यस क्षेत्रमा बचेको थियो । यसरी यस पवित्र क्षेत्रको महिमा केवल ग्रन्थमा मात्र सीमित रहेर दमौली इलाका अपराधीलाई सजाय भोग्न पठाउने कालापानी जस्तै भइसकेको थियो, तर पृथ्वीराजमार्गमा परेको र वि.सं. २०२५ मा तनहुँ जिल्लाको सदरमुकाम बन्दिपुरबाट दमौलीमा सरेपछि पुनः यस क्षेत्रको महिमा बढेको छ । अहिले मादी र सेतीको पवित्र संगमको परिसरमा विभिन्न देवी देवताका मन्दिर र आश्रमहरू स्थापना गरिएका छन् । दैनिक एवं पर्व पर्वनीहरूमा तीर्थस्नान गर्ने भक्तजनहरूको संख्या बढेको छ । कथा पुराण, यज्ञ र भजनकीर्तन आदि सञ्चालन भइरहन्छ । यसरी अहिले यहाँको भौतिक विकास भई आध्यात्मिक महत्त्व अझ बढेको छ ।

माझीकी छोरीबाट जन्मेका पराशर ऋषिका छोराको जात पछिल्लो कालमा जस्तरी तल नखसेर उनी कृष्ण द्वैपायन वेद व्यास कहलिएको, ज्ञानको आधारमा वेद व्यासलाई सबैले मानेको, व्यासमा बसेर पुराण बाँच्ने पण्डितले आफूलाई वेद व्यासको रूपमा सम्झने परम्परा भएको, वेद व्यासकी आमा मत्स्यगन्धालाई पछि गएर हस्तिनापुरका शन्तनु महाराजले विवाह गरी उनी सत्यवती कहलिएको, सत्यवतीबाट जन्मेका शन्तनु महाराजका छोरा विचित्रवीर्य र चित्राङ्गदको सन्तान नहुँदा तिनका रानीहरू र दासीले वेद व्यासबाट नियोगद्वारा धृतराष्ट्र, पाण्डु र विदुरलाई जन्माएको इत्यादि जुन कथाहरू छन्, त्यसले जन्मना जाति नभएर गुण र कर्मको आधारमा व्यक्तिको वर्ण र व्यवसाय निर्धारण गर्ने हिन्दू सामाजिक व्यवस्थाको मूल आधार वर्ण व्यवस्थाको वास्तविक मान्यता र आदर्शलाई बुझाएको छ । अतः उपर्युक्त कथा र परम्पराबाट प्रेरित भई वर्ण व्यवस्थाको यस मान्यता र आदर्शलाई बुझेर आफूमा त्यस मान्यता र आदर्शअनुरूपको मानसिक चेतनाको उद्‌भव र विकास गरी मानव समाजलाई परिचालन गर्न सकेमा मात्र मादी र सेतीको पवित्र संगममा स्नान गरेको पुण्यफल पाउन सक्नेछ किनभने उपर्युक्त प्रकारको कथा र परम्परासँग जोडिएको मादी र सेतीको संगम यस भौमतीर्थले मानसतीर्थमा यस प्रकारको चेतना विकास गर्नको लागि मानव हृदयलाई उत्प्रेरित गरेको छ । यसरी दमौलीको पराशर एवं व्यास गुफा यस भौमतीर्थबाट मानसतीर्थ अथवा मानसिकतालाई राष्ट्रिय परिवेशमा सचेत गराउन सकेमा विविधता हुँदाहुँदै पनि समस्त नेपालीहरू एकता र समन्वयको सद्‌भावनाबाट ओतप्रोत भई नेपाली राष्ट्रियताको

दिगो विकास गरी नेपाल राष्ट्रलाई बलियो बनाउने सबल दायित्व वहन गर्न सफल हुनसक्ने छन् ।

**भीमाद**

गण्डकी अञ्चलको तनहुँ जिल्लामा सेतीगण्डकीको किनारामा भीमादनामक एउटा सानो बजार अवस्थित छ । तनहुँको खैरेनीटारबाट भीमाद जाने मूलबाटो छ । भीमादलाई भीम्बाँध पनि भनेको पाइन्छ । महाभारतका पाँच पाण्डवमध्ये भीमसेनले बाँध बाधेंको ठाउँ भएको हुनाले भीम्बाँध भनेको हो भन्ने कथन छ, तर यो भीमाद नाउँ मगर भाषाको भीमादी शब्दबाट रहेको हुनुपर्दछ किनभने गण्डकीप्रस्रवणक्षेत्रका प्रशस्त नदी नालाहरूका नाउँ मगर भाषाबाट रहेका छन् । मगर भाषामा पानीलाई ठाउँअनुसार कतै दि र कतै डि भनिन्छ ।

भीमादमा हरिबोधिनीएकादशीको दिनमा ठूलो मेला लाग्दछ । आषाढशुक्लएकादशी वा हरिशयनीएकादशीदेखि कार्तिकशुक्लएकादशी वा हरिबोधिनीएकादशीसम्म चार महिना भगवान् विष्णु पातालमा गएर दानवराज बलिको ढोकामा सुत्दछन् र हरिबोधिनीएकादशीदेखि उठेर आफ्नो दिव्य धाममा जान्छन् भन्ने पौराणिक विश्वास छ। अतः हरिबोधिनीएकादशीको ठूलो महिमा छ र हरिबोधिनीएकादशीलाई ठूलो एकादशी पनि भनिन्छ । त्यसदिन भक्तजनहरू तीर्थ स्नान गरेर व्रत, उपवास बस्दछन् र नदीहरूमा फूलको तोरण टाँग्दछन् । त्यसकारण हरिबोधिनीएकादशीको दिनमा विभिन्न तीर्थस्थल एवं देवस्थलहरूमा मेला लाग्ने गरेको हो ।

हरिबोधिनीएकादशीको दिनमा भीमादमा लाग्ने मेलाले धार्मिक महत्त्वका साथै सांस्कृतिक ए१ आर्थिक महत्त्व पनि राख्दछ । कार्तिक महिना भनेको धान बाली भित्र्याउने महिना हो ।खलाबाट घरसम्म धान ल्याउनको लागि थैलो र घर एवं धनसारमा धान भण्डार गर्नको लागि भकारी आवश्यक पर्दछ । भीमाद कछाड क्षेत्र भएको हुनाले यहाँ थैलो र भकारी उत्पादन हुँदैन । लेकाली गुरुङहरूले गण्डकीप्रस्रवणक्षेत्रको कछाड इलाकामा अल्लो सिस्नुको पाटबाट तयार पारिएको थैलो र मालिङ्गो निगालोको चुयाबाट तयार पारिएको भकारीको आपूर्ति गर्दछन् । यसरी लेकाली गुरुङहरूले पुवाको थैलो र चुयाको भकारी आपूर्ति गर्ने थलो र पर्वहरूमा तनहुँको भीमाद र हरिबोधिनीएकादशीको दिनमा त्यहाँ लाग्ने मेला उल्लेखनीय छ ।

खान लाउन पुगीसरी नआएका लेकाली गुरुङहरूले विशेषगरी दशैं मान्नको लागि साहुसँग ठूलो एकादशीको भाका राखेर ऋण काढी टालो फालो र मासु भातको जोहो गरेका हुन्छन् । कुनै कुनै साहुले ता भकारी बुन्नको लागि चुया किन्न डोको पनि हालिदिएका हुन्छन् । दशैं, तिहारपछि आफूसँग भएका र गाउँ घरमा खोजेर जोरगाँस गरिएका थैलो, भकारी र मान्द्रो लिएर एकादशीको मेलामा भीमाद जान्छन् र थैलो, भकारी र मान्द्रो बेच्दछन् । यसरी थैलो, भकारी र मान्द्रो बेचेर नगद पारेपछि त्यसबाट आएको नाफा आफूले खाई साहुको डोको र ब्याज बुझाएर व्यवहार मिलाउँदछन् ।

गण्डकीप्रस्रवणक्षेत्रको पहाडी भागमा मधेश र पूर्वी पहाडमा जस्तरी हाट बजार लाग्ने चलन छैन । पर्व पर्वनीहरूमा लाग्ने मेलाले यहाँ हाट बजारको रूप लिएको हुन्छ । अतः यस क्षेत्रमा धार्मिक पर्वहरूमा लाग्ने मेलाहरूमा समयअनुसारका सामग्रीहरूको किनबेच हुन्छ । यस पर्वमा यस ठाउँमा लाग्ने मेलाको किनबेचको मुख्य वस्तु यो हो भन्ने कुरा निश्चित हुन्छ, जस्तै ठूली एकादशीमा भीमादमा लाग्ने मेलाको मुख्य किनमेलको वस्तु थैलो, भकारी र मान्द्रो हो ।

तनहुँको भीमाद मगरात क्षेत्रमा पर्दछ । यसरी हरिबोधिनीएकादशीको दिनमा भीमादमा लाग्ने मेलामा कछाडे मगर, लेकाली गुरुङ र वरिपरिका बाहुन, क्षेत्रीहरूको जमघट भएको हुन्छ । यसरी एकातिर ठूली एकादशीको पर्वमा सेतीगण्डकीको स्नान र व्रत उपवासद्वारा पुण्य आर्जन गर्न सकिन्छ भने अर्कोतिर कसैले आफूलाई खाँचो परेका वस्तुहरू खरिद गरेर आफ्ना आवश्यकताहरू पूरा गर्दछन् र कसैले भने आफ्ना व्यापारिक वस्तुहरू बेचेर नगद पार्दछन् र आफ्नो व्यवहार मिलाउँदछन् । यसभन्दा पनि  ठूलो कुरा चाहे तीर्थयात्रीको रूपमा होस्, चाहे किनबेचको क्रममा होस्, चाहे बेला बैंसको रहर मेट्नको लागि होस् कछाडे, लेकाली र सबै वर्गका नेपालीहरू भीमादको एकादशी बजारमा जमघट भएका हुन्छन् । यस अवसरमा एउटाले अर्काको भाषा, भेष-भूषा र रहनसहनको बारेमा थाहा पाउन सक्तछन् । नेपाली भाषाले माध्यमभाषाको रूप लिएको हुन्छ । यसरी विभिन्न भू-बनावट भएको ठाउँमा बसोबास गर्ने, विभिन्न भेष-भूषा, भाषा र रहनसहन भएका नेपालीहरू एक ठाउँमा जमघट भएपछि उनीहरूको बीचमा आपसी सहिष्णुता, सद्भाव र सहअस्तित्वको भावना बढ्दछ । विभिन्न वर्गका यी जनताहरूबीचको आपसी सद्भाव नै नेपाली राष्ट्रियताको प्राण हो । यसरी तनहुँको भीमादमा लाग्ने एकादशीको बजारले विभिन्न क्षेत्र र वर्गका नेपालीहरूलाई एक ठाउँमा ल्याई सहिष्णुता, सद्भाव र सहअस्तित्वको भावनाको आधारमा नेपाली राष्ट्रियताको भावनाको प्रवर्द्धन, सम्वर्द्धन र संरक्षणको लागि एउटा राम्रो माध्यमको काम गरिरहेको पाइन्छ । अतः यस्ता तीर्थस्थल र मेला पर्वहरूमा पाइने नेपाली राष्ट्रियताको प्रबोधन, सम्वर्द्धन र संरक्षणका भावनाको  पोषकतत्त्वलाई विश्लेषण गरेर त्यस भावनाको सदुपयोग र राम्रो परिचालन गर्नु गराउनु आजका प्राज्ञिक वर्ग एवं प्राज्ञिक संघ, संस्थाहरूको परम दायित्व हो । यदि यसो हुन सकेमा नेपाली राष्ट्रियता र नेपाल राष्ट्र अति बलियो हुनसक्ने छ ।

## ढोर वाराही

गण्डकीप्रस्रवणक्षेत्रमा विकसित चौबीसे राज्यहरूमा ढोर पनि एउटा राज्य हो । यसैगरी आठटीकामा चाहिँ ढोर राज्य खान वंशद्वारा स्थापित राज्य हो । ढोर राज्यमा अवस्थित वाराही भएको हुनाले यिनी ढोर वाराही नामबाट प्रसिद्ध छिन् । पृथ्वी राजमार्गको दुले गौंडादेखि ५ कि.मि. पश्चिममा ढोर रजस्थलको तल्लो भागमा ढोर वाराही अवस्थित छ । दुले गौंडाबाट सेती तरेर गणपतिटार र ढोरफिर्दि हुँदै ढोर वाराही पुगिन्छ ।

यहाँ चुन ढुङ्गाको पहरोको फेदबाट पानीको मूल निस्केको छ । मूलसँगै एउटा सानो पोखरी छ । पोखरीको बीचमा एउटा लामो र एउटा चारपाटे आकारका दुईटा शिला छन् । यसमध्ये चारपाटे शिलामाथि बोका, पाठाको बलि चढाइन्छ । यहाँ चढाइएको बलिको शरीर पानीमा नखसेर उक्त चारपाटे ढुङ्गामा नै अडियो भने शुभ लक्षण मानिन्छ । यसैगरी बलि चढाएपछि लहरी चल्यो भने अझ राम्रो शकुन मानिन्छ । चुन ढुङ्गाको पहरोको फेदमा रहेको पानीको मूलबाट बेला बेलामा साबिककोभन्दा बढी पानी भल्ल बगेर आउँदछ र यसैलाई लहरी चलेको भनिन्छ । ढोर वाराहीको मन्दिरको मुख्य आकर्षण नै यही लहरी चल्नु हो । पोखराको ताल वाराहीमा बलि चढ्यो भने ढोर वाराहीमा लहरी चल्दछ' भन्ने विश्वास छ ।

ढोर वाराहीको स्थानमा यसरी बेला बेलामा साबिकको भन्दा बढी पानी बगेर आउने आश्चर्यजनक प्राकृतिक प्रक्रियालाई यहाँ दैवी शक्तिको रूपमा पूजिएको छ । प्रकृति पूजा अथवा अद्भुत खालको ढुङ्गा, माटो, रूख, छहरा, खोला, पर्वत आदि प्राकृतिक स्रोतलाई दैवी शक्तिको रूपमा पूजा गर्नु यो आदिम चरित्र हो, जसको एउटा ज्वलन्त उदाहरण ढोर वाराहीमा पाइन्छ ।

ढोर वाराहीमा पानीको मूल र पोखरीका अतिरिक्त पोखरीसँगै वाराहीको मन्दिर पनि निर्माण गरिएको छ । ढोर रजस्थलको फेदैमा अवस्थित भएकोले अघि ढोरेली खान राजाहरूले पक्कै पनि यस्तो अद्भुत प्राकृतिक स्रोतलाई मानेकै हुनुपर्दछ तापनि तात्कालिक पुरातात्त्विक अवशेषहरू भने पाउन सकिएको छैन । यहाँ संवत् १७६५ अभिलेख अङ्कित पुरानो घण्टा पाइएको छ । उक्त संवत् शक संवत् हुनुपर्दछ, जसबाट यो घण्टा वि.सं. १९०० को हो' भन्ने बुझिन्छ । यसैगरी नेपाल संवत् ९६७ अभिलेख अंकित अर्को घण्टा पाइएको छ, जसबाट यो घण्टा वि.सं. १९०३ को हो' भन्ने स्पष्ट हुन्छ । यसैगरी अर्को एउटा घण्टामा शक संवत् १८०८ अभिलेख अंकित छ, जसबाट यो घण्टा वि.सं. १९४३ को हो' भन्ने बुझिन्छ । वि.सं. १९७२ देखि भने लम्साल थरका ब्राह्मणहरूले पूजारीको रूपमा ढोर वाराहीको पूजा गरिआएका छन् (मिश्र, २०५७: ७७५) । यहाँ बोका, पाठाको बलि कुण्डमा स्थित चारपाटे ढुङ्गामा दिइन्छ । भेँडा, कुखुरा र राँगाको बलि कुण्डको बाहिरपट्टि दिइन्छ । हाँसलाई बलि नदिएर पानीको कुण्डमा जिउँदै छोडिदिने चलन पनि छ । यसैगरी परेवालाई पनि बलि नदिएर वाराहीको नाममा जिउँदै उडाएर जीवदान दिइन्छ । ढोर वाराहीको कुण्डमा छब्दी वाराहीमा जस्तै ठूल्ठूला माछाहरू देखिँदैन । मूलको मुहानमा हात हल्लाएपछि माछाले आधा शरीर बाहिर निकालेर मासु खाएको दृश्य कहिलेकहीँ देख्न पाइन्छ । ढोर वाराहीको एउटा ठूलो माछाले सुनको टीका लगाएको छ र भाग्यमानी मानिसले मात्र उक्त सुनटीके माछा देख्न सक्छ भन्ने विश्वास छ ।

गण्डकीमाहात्म्यमा ढोर वाराहीलाई भगवान् विष्णुको वराह अवतारसँग सम्बद्ध मानेको छ (अधिकारी, २०५५: ११९-१२०) । गण्डकीमाहात्म्य भगवान् श्रीवराह र धरा अथवा पृथ्वीको संवादको रूपमा रचना गरिएको छ (अधिकारी, त्यही: ६४) । अघि हिरण्याक्ष नामक दैत्यको अन्याय र अत्याचारबाट धरणी

अथवा पृथ्वी पातालमा पातलिइन् । त्यसपछि वैकुण्ठधामका भगवान् विष्णुले वराह अवतार लिएर पृथ्वीको उद्धार गर्नुभयो, किनभने आफू चाहे जस्तोसुकै अवस्थामा पर्न परेतापनि आफ्नो भक्त र यस लोकको उद्धार गर्नु भगवान्को दायित्व हो । पृथ्वीको उद्धार गरेपछि भगवान् विष्णुले कोशी र कोकाको संगम कोकातीर्थमा वराहरूप छोडेर आफ्नो दिव्य स्वरूप धारण गर्नुभएको कुरा नरसिंहपुराणमा उल्लेख छ–

**विहाय रुपं वाराहं तीर्थे कोकेति विश्रुते ।**
**वैष्णवानां हितार्थय क्षेत्रं तद्गुप्तमुत्तमम् ॥**

(भगवान् विष्णुले वैष्णवहरूको कल्याणको लागि कोकामुखतीर्थमा वराहरूप त्याग्नु भयो । उक्त वराहक्षेत्र गुप्त एवं उत्तम तीर्थ हो (दुबे, १९७३: २६५-२६६) ।

त्यसकारण कोशी र कोकाको संगम वराहक्षेत्रको नामबाट प्रसिद्ध छ । वराहक्षेत्रमा कार्तिकशुक्लएकादशी अथवा हरिवोधिनीएकादशीदेखि कार्तिकशुक्लपूर्णिमासम्म मेला लाग्दछ । यसैगरी पौषकृष्णप्रतिपदाका दिन कोशी र कोकाको संगममा मेला लाग्दछ ।

वराहक्षेत्र अखिल भारतवर्षकै एउटा महान्तीर्थ हो । गुप्त सम्राट् बुध गुप्त (वि.सं. ५३३–५५२) को पालाको एउटा तामापत्रमा श्वेतवराह स्वामी र कोकामुख स्वामीको मन्दिर निर्माण गरी पूजाको लागि गुठी राखिदिएको उल्लेख छ । यसैगरी गुप्त कालकै वि.सं. ६०० को अर्को तामापत्रमा श्वेतवराह स्वामीको मन्दिर जीर्णोद्धार र पूजाको लागि गुठी राखिदिएको उल्लेख छ । ती गुठी जग्गाहरू पुण्ड्रवर्धनभुक्ति अथवा आजकलको भारत पूर्णिया जिल्लामा रहेको बुझिन्छ (नेपाल, २०४०: ३१३-३१६) । कोशी र कोकाको संगम कोकातीर्थमा भगवान् विष्णुले वराहरूप त्यागेर आफ्नो दिव्यस्वरूप धारण गरेको हुनाले कोकातीर्थमा सचैल स्नानगरी पुरानो वस्त्र कोशीमा बगाई मूल वराहको दर्शन गर्नाले मानिसहरू आफ्नो जन्मजन्मान्तरको कर्मविपाकबाट मुक्त हुन्छन् र उनीहरूको रोगव्याधि एवं सर्वारिष्ट शान्तभई मनोवाञ्छितफल पाउँछन् भन्ने अटल विश्वास छ ।

गोपालवंशावलीमा भूमि गुप्तले धरणी वराह स्थापना गरेको उल्लेख छ (वज्राचार्य र मल्ल, १९८५: ३०,७८) । लिच्छविकालिक उक्त धरणी वराह अहिले काठमाडौंको चण्डोलस्थित धूमवाराहीको नामबाट प्रसिद्ध छ । नेपालमा अनौठा खालका पानीको कुण्ड र मुहानलाई जालपादेवी, वराह एवं वाराहीको रूपमा मान्ने परम्परा छ । यही विश्वास र परम्पराअनुसार लहरी चल्ने पानीको मूल भएको अनौठो प्राकृतिक स्रोतलाई ढोर वाराहीको रूपमा पूजिएको छ ।

ढोर वाराहीको वरिपरिका वन-बुट्यानहरूमा घाँस, दाउरा गर्न र रूख काट्न पाइँदैन । त्यसैले वाराही स्थानको वरिपरि विभिन्न थरिका रूख पात भएको वन, जंगल र लहराले ढाकिएको छ । देवी देवताको स्थानवरिपरि यसरी वन जंगल पाल्ने परम्परा रहिआएको छ, जसले गर्दा भू-क्षय हुन नदिने र

देवस्थलको वातावरणलाई शान्त, सुन्दर र शीतल बनाउँदछ । यसरी ढोर वाराहीको लहरी चल्ने प्राकृतिक गुणलाई व्यापक प्रचार प्रसार गर्न सकेमा यसबाट आधुनिक विज्ञानलाई एउटा हाँक हुने र यसबाट आन्तरिक एवं बाह्य पर्यटकीय विकास गर्न सकिने छ ।

## ईशानेश्वर महादेव

पश्चिमी लमजुङमा मादी र मिदिमको दोभाननेर करापुटारमा ईशानेश्वर महादेवको मन्दिर अवस्थित छ । यस मन्दिरमा स्वयं निर्मित प्राकृतिक शिवलिङ्गलाई ईशानेश्वर महादेवको रूपमा स्थापना गरिएको छ । यस्ता प्राकृतिक शिवलिङ्गलाई 'बाणलिङ्ग' र मानिसले ढुङ्गामा कुँदेर बनाएको शिवलिङ्गलाई 'मानुषलिङ्ग' भनिन्छ । यहाँको शिवलिङ्गको चोइटो उप्किएको छ र खेत जोत्दा हलोको टुप्पाले उप्काएर ल्याएकोले चोइटो उप्किएको भन्ने विश्वास छ । यस भेकमा करापुटारको ईशानेश्वर महादेवको ठूलो महिमा छ ।

यस शिवलिङ्गको ईशानेश्वर नाम बडो सार्थक छ । पञ्चमुखी शिवलिङ्गका पाँचमुख तत्पुरुष, सद्योजात, वामदेव, अघोर र ईशान हुन् । यसमध्ये पूर्वमुख तत्पुरुष ब्रह्मा, पश्चिममुख सद्योजात अथवा भर्खरै जन्मेका बालकको जस्तो कलकलाउँदो अनुहार भएका विष्णु, उत्तरमुख वामदेव अथवा बायाँ अङ्गमा पार्वतीलाई धारण गरेका अर्धनारीश्वर, दक्षिणमुख अघोर अथवा डरलाग्दा भए तापनि कल्याणकारी भैरव र ऊर्ध्वमुख ईशान अथवा परब्रह्म हुन् । शिवलिङ्गको उर्ध्वमुख अव्यक्त एवं निराकार मानिन्छ, जसले शून्यतालाई बुझाउँदछ । तन्त्रको चरम विकास भएपछि शिवलिङ्गको अधर अथवा तल्लो भागमा पनि शिवको मुखको परिकल्पना भयो, जुन मुख कालाग्नि रुद्र हुन् । शिवका षट्वक्त्र अथवा यी छवटा मुखबाट तन्त्रशास्त्रका पूर्वाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय, दक्षिणाम्नाय, ऊर्ध्वाम्नाय र अधराम्नाय यी षट्आम्नाय उत्पन्न भएको विश्वास छ । यसरी लमजुङ करापुटारको महादेवको ईशानेश्वर नामकरण गरेर परब्रह्म परमेश्वर अथवा ईश्वरको मूल स्वरूपलाई नै प्रधानता दिएको पाइन्छ ।

मिदिम खोलाको मुहान लमजुङ, दशथर, भुजुङको ग्युंजे फाँटको शिरमा पनि स्वयं प्रकृतिनिर्मित शिलाको शिवलिङ्ग अवस्थित छ । यहाँ बीचमा ठूलो र त्यसको वरिपरि चोसो परेका स-साना ढुङ्गाहरू एउटै ढुङ्गामा जोडिएर रहेका छन् र त्यसैलाई शिवलिङ्ग मानेर पूजा गरिन्छ । यस ठाउँमा फोहोर भयो भने तुरुन्तै असिना र पानी पर्दछ' भन्ने जनविश्वास छ । खासगरी छोरा नजन्मेका मानिसहरूले यहाँ गएर पूजागरी छोराको वर मागेमा छोरा जन्मन्छ' भन्ने विश्वास छ । यसरी छोरा वर माग्दा ठूलो शिवलिङ्गवरिपरिको सानो शिवलिङ्गलाई उप्काएर कोखामा हालेर ल्याउने परम्परा छ । अहिले यस शिवलिङ्गको सन्तानेश्वर महादेव भनेर नाम राखिएको छ । यसरी मिदिमको शिरमा सन्तानेश्वर र मिदिम एवं मादीको दोभानमा ईशानेश्वर महादेव प्रतिष्ठित रहनुभएको छ ।

शिवरात्रिका दिन करापुटारको ईशानेश्वर महादेवको स्थानमा ठूलो मेला लाग्दछ । अतः "शिवरात्रि क़रापुटार, चैते दशैं बाग्लुङ बजार" भन्ने उखान प्रसिद्ध छ । यहाँ फागुपूर्णिमामा पनि सानो मेला लाग्दछ । फागुपूर्णिमाको मेलामा खासगरी ठिटा तरुनीहरू भेला हुन्छन् र फागु खेल्दछन् । फागुपूर्णिमाको यस मेलामा बेला बैंसको रस रङ्गकै कुरा बढी हुन्छ । शिवरात्रिको मेलामा ईशानेश्वर महादेवलाई दूध चढाउन र ठाडो बत्ती बाल्न टाढाटाढाका मानिसहरू पनि करापुटार आउँछन् । शिवरात्रिको रातभर हातमा घ्यूको बलेको दीयो लिएर भक्तजनहरू ईशानेश्वर महादेवको मन्दिर अगाडि ठाडै उभिएर जाग्राम बस्दछन् । रातमा निंदले उँघिएला, निदाइएला र बत्ती भूइँमा खस्ला भनेर कुनै कसैले ता खाँबो गाडेर त्यसमा आफ्नो शरीरलाई बाँध्दछन् र यसरी सकस खाएर पनि बत्ती चढाउँदछन् । यसैलाई ठाडो बत्ती बाल्ने भनिन्छ । शिवरात्रिको अवसरमा यहाँ साधु, सन्तहरू पनि भेला हुन्छन् । अतः साधु, सन्तहरूलाई भण्डारा दिने; धान्यपर्व लगाउने; कथा पुराण; भजन कीर्तन आदिको पनि आयोजना गरिएको हुन्छ ।

त्यस अवसरमा यी धार्मिक क्रियाकलापहरूका अतिरिक्त दोहोरी गीत आदि लौकिक कुराहरूको पनि आयोजना गरिएको हुन्छ । करापुटारको शिवरात्रि मेलामा प्रचलित लोक भाकाहरूमा ठाडो भाका, तेर्सो भाका, सुनिमाया र सालैजू आदि मुख्य छन् । तेर्सो भाकाको गीत राग जस्तो लम्बेतानको हुन्छ र ठाडो भाकाचाहिँ चड्किलो हुन्छ । अतः ठाडो भाकाको गीतमा नचरी लाउन पनि मिल्दछ । त्यसकारण ठाडो भाकाको गीत बढी लोकप्रिय भएको हो । ठाडो भाकालाई करापुटारे भाका र लमजुङे भाका पनि भनिन्छ । करापुंटार मेलाका गीदाङ्गेहरूमा दुराडाँडाका देउबहादुर दुरा र रबै डाँडाका पञ्चसुब गुरुङ अग्रपङ्क्तिमा आउँछन् । पञ्चसुब गुरुङका बा आमा छिट्टै बितेकाले उनी टुहुरा थिए । करापुटारको शिवरात्रि मेलामा देउबहादुर दुरा र पञ्चसुब गुरुङको दोहोरी गीतको ठोकान ७ दिन ७ रातसम्म पनि चल्दथ्यो । त्यसकारण 'देउ बहादुर दुरा, पञ्चसुब टुरा, करबुटार घमसान' भन्ने गीत अझै पनि यस भेकमा प्रचलित छ । देउबहादुर दुरा र पञ्चसुब गुरुङ पछि करापुटार मेलाको लोकगीतको खालमा हंसपुरका बखतबहादुर गुरुङले उनीहरूको बिंडो थामेका थिए ।

अघि पोखराका नेवारहरू हिउँदभर करापुटारमा आएर कपडा, किराना र भाँडाको पसल थाप्दथे । यसैगरी थाकखोलाका थकालीहरू करापुटार आएर भकारीले छाएको र रातो माटोले पोतेको चिटिक्क परेको गोठ बनाएर भट्टी थाप्दथे । त्यसबेला खाजा र खाना खान र वास बस्न पाइने ठाउँलाई भट्टी भनिन्थ्यो । करापुटार पूर्व-पश्चिम र उत्तर-दक्षिणको मूल बाटोमा पर्ने हुनाले मेला पर्वका अतिरिक्त अरू बेलामा पनि व्यापार गर्नको लागि पायक पर्दथ्यो ।

यसरी ईशानेश्वर महादेवको माध्यमद्वारा करापुटारमा स्थानीय बाहुन, क्षेत्री, लेकाली गुरुङ, कछाडे मगर, बजारिया नेवार, हिमाली भेकका थकाली र रम्ता फिरन्ता साधु सन्तहरूको जमघट हुन्थ्यो । धार्मिक, सांस्कृतिक एवं आर्थिक क्रियाकलापहरूबाट उनीहरू एक आपसमा घुलमिल हुन्थे । त्यसबाट उनीहरूमा

आपसी सद्भाव बढ्दथ्यो र नेपाली राष्ट्रियताको दिगो विकास एवं नेपाल राष्ट्रको अखण्डताको लागि एउटा साझा सहमति कायम हुन्थ्यो । अतः यो परम्परालाई कायम राख्न सकेमा नेपालको राष्ट्रिय समीकरणको लागि टेवा मिल्न सक्नेछ ।

## दूधपोखरी

लमजुङ जिल्लामा चेपेको शिर र मादीको शिरमा गरी दुइटा दूधपोखरी छन् । यी दुवै पोखरीका पानी दूध जस्ता सेता छन् । त्यसकारण यी पोखरीहरूलाई दूधपोखरी भनिएको हो । गुरुङ भाषामा दूधपोखरीलाई ङ्ह्यो भनिन्छ । ङ्ह्योको अर्थ हो कुण्ड वा पोखरी । यी दुवै दूधपोखरीमा जनै पूर्णिमाको दिनमा मेला लाग्दछ । वरपरका गुरुङ र तल्लो भेकका बाहुन, क्षेत्री सबै मेला भर्न जान्छन् । चेपेको शिरमा स्थित दूधपोखरीको तीर्थयात्रा त्यही पोखरीमा गएर टुंगिन्छ भने मादीको शिरमा स्थित दूधपोखरीको तीर्थयात्रामा गएका तीर्थालुहरूचाहिँ मनाङ र मुक्तिनाथसम्म पनि पुग्दछन् ।

जनैपूर्णिमाताका वर्षाद थामिसकिएको हुन्छ र हिउँ पनि परिसकेको हुँदैन । बुकेनिमा सुन फूल, बुकि फूल फूलेर वातावरण रमाइलो हुन्छ । अतः यस समयमा गरिने हिमाली क्षेत्रका तीर्थस्थलहरूको तीर्थयात्रा आनन्ददायी हुन्छ । वर्षायाममा मधेशका थारू गुरौहरू बाघको रूप लिएर हिमालमा 'अजम्मरी बुटी लिन आउँछन्' भन्ने विश्वास छ ।

लमजुङ हिमालको काखमा रहेको दूधपोखरी जानको लागि कास्कीको सिकलेस, ताङतिङ, याङजाकोट, लमजुङको पसगाउँ, भुजुङ र घनपोखराबाट पायक पर्दछ । दूधपोखरी जाने बाटोमा पर्ग्रेच्हो, टोंजु देउराली आदि स्थानहरू पर्दछन् । पर्ग्रेमा झाँकीले वास गरेको मानिन्छ । यसैगरी टोंजुमा ठूलो सिद्धले बास गरेको विश्वास छ । टोंजुमा रुखका टुप्पाहरू सबै टोंजु देउरालीतिर फर्केका छन् । यहाँका ढुङ्गाहरू पनि सबै चोसो परेका छन् र ती ढुङ्गाका चोसोहरू पनि सबै टोंजु देउरालीतिर फर्केका छन् । यसरी यहाँ एउटा अद्भुत प्राकृतिक वनावटले मानिसलाई अचम्भित तुल्याएको छ । दूधपोखरी जाने जात्राटोलीले आफ्नो जात्राको स्मरणको लागि चिनेको देउराली पनि एकै छिनमा टोंजु देउरालीतिर फर्कन्छ' भन्ने विश्वास छ । टोंजु देउरालीका अतिरिक्त लमजुङ, पसगाउँको सिद्ध स्थानका रूख र ढुङ्गाका टुप्पाहरू पनि सबै सिद्ध स्थानतिरै फर्किएका छन् । दूधपोखरीबाट थुर्जु जगात हुँदै मनाङ जाने मूलबाटो छ । हिमाली क्षेत्रबाट लमजुङमा गुरुङहरूको बसाइँसराइको बाटो पनि यही थुर्जु जगात नै हो । अतः गुरुङहरूका दिवङ्गत जीवलाई यही बाटोबाट लगेर पितृसँग लीन गराइन्छ ।

दूधपोखरीदेखि केही तलतिर नैर्ऋत्य कोणमा गुरुङहरूको क्होलनामक एउटा प्राचीन बस्तीको खण्डहर अवस्थित छ । यहाँ तीनवटा बस्ती रहेको मानिन्छ । अतः यस स्थललाई गुरुङ भाषामा क्होल सोथँरये ट्हों अर्थात् क्होलका तीन बस्ती भनिन्छ । मनाङका तीनजना गुरुङ शिकारीहरूले क्होलमा तीनवटा बस्ती बसालेको मानिन्छ । क्होलनजिकै म्रुँघिँ च्हो' नामक डाँडाको

टुप्पामा घले राजाको दरबार थियो । क्होलका अतिरिक्त ऋबु आदि स्थानहरूमा पनि गुरुङका बस्तीहरू थिए । कास्कीका ठकुरी राजा जगदि खान साहीको समय ईस्वी पन्ध्रौं शताब्दीको अन्तमा गुरुङहरू क्होलबाट शाखाबन्दी भई अहिलेको लमजुङ र कास्कीमा बसाइँ सरेका हुन् ।

खासगरी लमजुङ र कास्कीका गुरुङ समुदायका युवा युवतीहरू आफ्नो बेला बैंसमा आफ्ना बाबु माइती र माया माइतीहरूको साथमा जनैपूर्णिमामा दुधपोखरीको जात्रामा जान्छन् । कुनै कुनै जात्रा टोली ता थुर्जु भञ्ज्याङ पार गरेर मनाङको मैजु, फ्वागा, मनु आदिको यात्रा गरेर फर्कन्छन् । अझ कोही ता थोरोङ भञ्ज्याङ पार गरेर मुक्तिनाथ गई त्यहाँबाट थाकखोला हुँदै पोखराको बाटो भएर घर फर्कन्छन् । दुधपोखरीको जात्रामा गएर फर्केका चेलीबेटीहरू गाउँको नजिक आइपुगेपछि आफ्ना आमा, दिदी, बहिनी र बाबु माइतीहरूले उनीहरूलाई बाटोमा आएर स्वागत गरी कपडा र गहनाले सिँगारेर गाउँमा लैजान्छन् । गाउँमा पुगेपछि ३-४ दिनसम्म तीर्थे भोजको आयोजना गरी नाचगान गरेर रमाइलो गर्दछन् ।

आफ्नो बेला बैंसमा ङ्ह्यो (दूधपोखरी) को तीर्थ यात्रामा जानु गुरुङ युवतीहरूको जीवनको एउटा अङ्ग नै हो । यस तीर्थ यात्रामा अनुभवी बाबु माइतीहरूले गीतैको भाकामा बाटो, घाटो, खोला, नाला, डाँडा काँडा, वन बुट्यान, विभिन्न फूल र पशु पंक्षीहरूको वर्णन गर्दछन्, जसबाट जात्रामा गएका युवक युवतीहरूले विभिन्न ठाउँको महत्त्व, त्यहाँका वनस्पति, पशु पंक्षी र पर्यावरणको बारेमा राम्रो ज्ञान पाएर त्यसको संरक्षण र सम्वर्द्धनको लागि अघि बढ्ने प्रेरणा पाउँदछन् ।

यसका अतिरिक्त दुधपोखरीको तीर्थयात्रामा जाने तीर्थालु युवक युवतीहरूले आफ्नो बेला बैंसको सम्झना विर्सनको लागि उकाली ओराली, बाटो घाटो र भञ्ज्याङहरूमा चौतारी र देउराली चिनेका हुन्छन् । देउरालीले धार्मिक भावनाका अतिरिक्त तीर्थयात्री एवं पदयात्रीहरूलाई बाटोको निशानाको काम गर्दछ भने चौतारीमा चाहिं बसेर थकाइ मार्न सजिलो हुन्छ । यसरी सार्वजनिक सुविधाका स्थलहरूको निर्माणकार्यमा पनि दूधपोखरीको तीर्थ यात्रामा जाने युवक युवतीहरूले अलिकति भने पनि टेवा दिएको पाइन्छ । अतः दूधपोखरीमा जात्रा जाने चलन, यससम्बन्धी गीत र देउराली एवं चौतारो चिन्ने परम्परालाई कायम राख्न सकेमा यसबाट संस्कृतिका अतिरिक्त प्रकृतिसंरक्षण र सार्वजनिक सुविधाका स्थलहरूको निर्माण र संरक्षणमा अवश्य पनि सहयोग हुनेछ ।

## सिकलेस चोखोपानीतीर्थ

कास्की जिल्लाको सदरमुकाम पोखरादेखि ईशान दिशा अर्थात् उत्तर र पूर्वको बीच करिब १० घण्टाको पैदल बाटोमा मादी नदीको दाहिनेपट्टि एउटा ठूलो गुरुङ गाउँ अवस्थित छ । यो गुरुङ गाउं गुरुङ भाषामा चिलि र नेपाली भाषामा सिकलेस नाउँबाट प्रख्यात छ । पोखराबाट काहुं खोला, कसेरी, काब्रे,

छाचोक, ज्यामदुङ, सबे, चाँसु र सोँद हुँदै सिकलेस जाने मूल बाटो छ। आजकल हिउँदमा सोँदसम्म मोटर गाडीको यातायातको पनि सुविधा छ।

अहिले यस गाउँको नाममा प्रयोग गरिएको चिलि शब्द गुरुङ भाषाको 'च्ये ल्हे' शब्दबाट बनेको हो। गुरुङ भाषामा 'च्ये' को अर्थ समथर र 'ल्हे' को अर्थ खर्क हो। अतः 'च्ये ल्हे' अथवा चिलिको अर्थ हो समथर खर्क। गुरुङ भाषाको चिलि शब्दबाट सिलिस हुँदै नेपाली भाषाको वर्तमान सिकलेस शब्द बनेको हो। सिकलेसलाई सातसय सिकलेस पनि भनिन्छ। अघि सिकलेसको अम्बलभित्र कास्कीको थाकसम्मको सातसय घर धुरी पर्दथ्यो। अतः सिकलेसलाई सातसय सिकलेस भनिएको हो।

सिकलेसलाई प्रारम्भमा क्होल थरका गुरुङहरूले आबाद गुल्जार गरेका थिए। त्यसपछि लम चुं (लमजुङ) बाट क्ह्रोंगि लामा गुरुङहरू सिकलेस आएर चिलि कन्ब-सिकलेसको कन्ब आबाद गरेर बसे। यसैगरी रिंज्ये (कास्कीको रञ्जित) बाट रिंज्ये ह्रों घोताने गुरुङ, हर्बु (कास्कीको हरपाक) बाट हर्बु ह्रों घोताने गुरुङ, क्वार कोबाट कोर्गु लामछाने गुरुङ, स्युरी धुँबाट टुँ घ्यावृँ गुरुङ, पाच्ये (पार्चे) बाट ल्हेग गुरुङ, नम जुं (नामर्जुङ) बाट नम्जु क्रोम्छैं गुरुङ, नाँद (लमतरी) बाट नाँद कोम्छैं गुरुङ, तप्रें (तप्राङ) बाट ङोछैं गुरुङ सिकलेस आए। सिकलेसमा तगु ह्रों, धिंज्ये ह्रों र ल्यागि ह्रों थरका घोताने गुरुङहरू पनि छन्। यसैगरी कामी, दमाई र केही भाट पनि छन्। क्होंलहरू स क्होल र मु क्होंल; टुँ घ्याबृँहरू स्युरि धुँ र थो युम; ल्हेगहरू तार्खु र म्लोंखु, क्रोम्छैंहरू नम जु र नाँद; ङोछैंहरू ह्रन र थपगरी दुई दुई थरिका छन्।

सिकलेसमा टोललाई थर भनिन्छ। सिकलेसका विभिन्न टोलहरूमा त्हौरे ङ्ह्यो ट्हो पनि एउटा हो। त्हौरे ङ्ह्यो ट्होलाई नेपाली भाषामा धप्राङ थर भनिन्छ। सिकलेसको त्हौरे ङ्ह्यो ट्हो (थप्राङ थर) मा त्हौरे ङ्ह्योनामक एउटा पँधेरो छ। पुरानो गुरुङ भाषामा कागलाई त्हौरे भनिन्छ। यस पँधेरोको ङ्ह्यो (पोखरी) मा त्हौरे (काग) ले पौडी खेल्दथ्यो' भन्ने अनुश्रुति प्रचलित छ। यसरी त्हौरे (काग) ले पौडी खेल्ने ङ्ह्यो (पोखरी) हुनाले त्यस पोखरीलाई त्हौरे ङ्ह्यो (कागपोखरी) भनेको र त्यही पोखरीको नामबाट उक्त टोलको गुरुङ भाषामा त्हौरे ङ्ह्यो ट्हो नाम रहेको र त्यसैबाट नेपाली भाषामा धप्राङथर भनिएको हो।

सिकलेसको त्हौरे ङ्ह्यो ट्हो (धप्राङ थर वा टोल) मा चिलि क्यु फुई (सिकलेसको चोखोपानी) नामक तीर्थ अवस्थित छ। यस चिलि क्यु फुईलाई चिलि म्हौदु पनि भनिन्छ। माघ अथवा म्हाउ नुहाउने तीर्थ भएकोले यस चोखो पानीलाई म्हाउ दु अथवा म्हौदु भनिएको हो। त्हौरे ङ्हो ट्हो (धप्राङटोल) को शिरानमा ठाडो खोलाको दायाँपट्टि पानीको एउटा मूल छ। त्यही पानीको मूललाई चिलि क्यु फुई वा चिलि म्हौदु भनिन्छ। त्यस चोखोपानीको मूलबाट कुलो काटेर मूलको चोखोपानी ल्याई गाउँदेखि अलिकति माथि ढुङ्गे धाराहरू बनाइएका छन् र त्यही ढुङ्गे धारामा माघे संक्रान्तिमा तीर्थालु भक्तजनहरू नुहाउँदछन्।

चिलि क्यु फुई वा चिलि म्हौदुमा वर्सेनि माघे संक्रान्तिमा मेला लाग्दछ। अघि लमजुङदेखिका मानिसहरू जात्रा गरेर माघे संक्रान्तिमा चिलि क्यु फुई (सिकलेसको चोखोपानी) मा नुहाउन आउँदथे। आजकल यो चलन लोपभइ सकेको छ। पुसमासान्तको दिनमा त्हौरे ङ्त्यो ट्हो (धप्राङटोल) का रिँज्ये ह्रौं थरका घोताने गुरुङ तालुकदार मुखियाको अगुवाइमा धप्राङटोलका बासिन्दाहरूले चिलि क्यु फुईको पूजा गरेर भोज खान्छन् र मसान्तको राति कुखुराको डाँकोदेखि चोखोपानीमा नुहाउन थाल्दछन्।

बेला बैंसका युवक युवतीहरू र अन्य श्रद्धालुहरूका साथै जुठो अथवा मृतक परेका व्यक्तिहरू पनि जुठो नुहाउन अथवा सिकलेसको चोखोपानीमा नुहाएर शुद्ध हुनको लागि माघे संक्रान्तिमा सिकलेसको चोखोपानीमा नुहाउन आउँछन्। त्यसदिन झाँकीहरूले द्यौ बसेर आफ्ना गुरु र देवताहरू साध्दछन्। गुरुङहरूमा चिलि अकोरब (सिकलेसको तीर्थयात्रा नगरेको) पज्यु (झाँकी) पक्का झाँकी हुँदैन; लिब्रौं अकोरब (मुस्ताङको लुब्राकको तीर्थयात्रा नगरेको) ल्ह्येबृँ (घ्याबृँ) पक्का घ्याबृँ हुँदैन र नार अकोरब (मनाङको नारको तीर्थयात्रा नगरेको) लम (लामा) पक्का लामा हुँदैन' भन्ने विश्वास छ। त्यसकारण गुरुङका पज्यु (झाँकी) हरूको लागि ता विद्या साध्नको लागि चिलि क्यु फुई र माघे संक्रान्तिमा त्यहाँ लाग्ने मेला अति नै महत्त्वपूर्ण छ, जसरी तामाङका झाँकीहरू विद्या साध्नको लागि जनैपूर्णिमाको दिनमा गोसाईंकुण्डको मेलामा जान्छन् र त्यहाँ जान नसक्नेहरू ललितपुरको कुम्भेश्वर र पाँचमानेको तारकेश्वरमा मेला भर्न जान्छन्।

चिलि क्यु फुईमा माघे संक्रान्तिको दिनमा लाग्ने मेलाको अर्को रमाइलो पक्ष ठेलो हान्नु हो। मेला पर्वहरूमा ठेलो हानेर जितबाजी गर्नु गुरुङ क्षेत्रका मेला पर्वहरूको एउटा विशेषता नै हो। सिकलेसमा माघे संक्रान्तिमा हान्ने ठेलो ढुङ्गाको नभएर फलामको छ। सिकलेसको सभाटोलका रिँज्ये ह्रौं घोताने गुरुङ तालुकदार मुखियाको जिम्मामा उक्त फलामको ठेलो रहेको हुन्छ र ठेलो जित्ने व्यक्तिको घोषणा पनि सभाटोलकै तालुकदारले गर्दछ। सिकलेसका टोलहरूमा सभाटोलको विशेष महत्त्व छ। सात सय सिकलेसको सभा बस्ने ठाउँ भएकोले यस टोलको सभाटोल नाम रहेको हो। सिकलेसको सब च्हो (सातसय सिकलेसको सभा बस्ने आगनको डिल) मा दुइटा क्ह्रौं युँम (तालुकीढुङ्गा) छन्। ती दुई ढुङ्गालाई अरू मानिसले चिन्न नसक्ने गरी छोपेर लुकाएर राखिएका छन्, किनभने अघि बलको जमानामा जसले अरूलाई उछिनेर सबभन्दा पहिले कोटमा पुग्न सक्यो, त्यही व्यक्ति राजा हुने चलन थियो। यही परम्पराअनुसार लिगलिगका घलेहरुलाई उछिनेर द्रव्य शाह त्यहाँका राजा भएका थिए। यसैगरी जसले क्ह्रौं युँम (तालुकीढुङ्गा) लान सक्यो, त्यही व्यक्ति क्ह्रौं (तालुकदार मुखिया) हुने परम्परा थियो। पर्वहरूमा पूजा गर्दा उक्त क्ह्रौं युँम (तालुकीढुङ्गा) लाई लिपपोत चोखो नीति गरेर पूजा गरिन्छ। अघि राज्यलाई ढुङ्गा भनिन्थ्यो। राज्यको ढुङ्गा कोट अथवा दरबारमा हुन्थ्यो। राजाले त्यही ढुङ्गालाई साक्षी राखेर राज्य गर्दथ्यो। गाउँ एवं अम्वलको ढुङ्गा तालुकदार मुखियाको घर आगनमा हुन्थ्यो।

तालुकदार मुखियाहरूले त्यही ढुङ्गालाई साक्षी राखेर न्याय निसाफ गरी आ-आफ्ना गाउँ र अम्बलमा शान्ति र सुव्यवस्था कायम गर्दथे । यसका अतिरिक्त सिकलेसको सभाटोलमा सात सय सिकलेसको सभा बस्ने आँगनको डिलमा सिकलेसको नौ तालुकको प्रतीकस्वरूप नौवटा ढुङ्गाका छप्पनिहरू राखिएका छन् । सभाटोलमा क्होल थरका म्हिन (कारबारी काजी) छन् । अघि प्रारम्भमा सिकलेसलाई क्होल थरका गुरुङहरूले आबाद गरेको कुरा यस अघि नै उल्लेख भइसकेको छ । गाउँमा कुनै उर्दी दिनुपर्दा सभा टोलका क्होल थरका म्हिन (कारबारी काजी) ले उपर्युक्त ढुङ्गाका नौवटा छप्पनि मध्ये अन्तिम छप्पनि माथि उभिएर औरसनु पर्दछ अथवा घोक हाल्नुपर्दछ । भूमे पूज्दा उपरोक्त नौवटा छप्पनि ढुङ्गामध्ये अन्तिम ढुङ्गालाई सबभन्दा पहिले चोखोपानी र त्यसपछि गाईको गोबरले लिपेर त्यहाँ पातीको मुन्टा राख्नुपर्दछ । त्यसपछि पहिलो ढुङ्गाबाट टेक्दैगई उक्त ढुङ्गामाथि उभिएर घोक हाल्ने परम्परा छ । ठूलो स्वर गरेर मौखिक रूपमा गाउँलेहरूलाई उर्दी सुनाउने कामलाई औरसेको वा घोक हालेको भनिन्छ । सिकलेसका विभिन्न टोलमा पनि आ-आफ्ना म्हिन (कारबारी काजी) छन् र ती काजीहरूले औरसेको उर्दी केवल उक्त टोलभित्र मात्र सीमित रहन्छ, तर सभा टोलका क्होल थरका म्हिन (कारबारी काजी) ले औरसेको उर्दी भने सातसय सिकलेसका सबै गाउँलेले मान्नुपर्दछ ।

सिकलेसको गाउँमाथि वनभित्र ट्हौं थेव- भूमे स्थानमा पनि ढुङ्गाका सोह्रवटा छप्पनिहरू ओछ्याइएका छन् । भूमे पूज्दा ती सोह्रवटा छप्पनिमध्ये नउवटा छप्पनि माथि सिकलेस नौ तालुकका नौजना क्ह्रौं (तालुकदार मुखिया) हरू बस्दछन् । एउटा ढुङ्गामा भूमेका पूजारी सिकलेस गैह्रीटोलका स्युरि धुँ क्ह्रोएँबु टुँ घ्याबृँ बस्दछ । एउटा ढुङ्गामा स्यरो (भोग दिएको थुमा भेँडाको मुटु, कलेजो र सबै अङ्गको एक-एक टुक्रा मासुलाई चुयामा उनिएको मासुको बिलो) र एउटा ढुङ्गामा प्यौं (दस्तुरअनुसारको अन्न) राखिन्छ । अरू चारवटा छप्पनिमा सिकलेसका चारजना म्हिन (कारबारी काजी) हरू बस्दछन् । म्हिन (कारबारी काजी) ले ढुङ्गामा सेउला ओछ्याइदिएपछि त्यसमाथि बसेर ल्हेबृँले भूमे पुज्दछ ।

सिकलेसको त्हौरे ङ्ह्यो (कागकुण्ड) र चिलि क्यु फुई (चोखोपानीतीर्थ) को अवधारणा मुस्ताङको काकवेणी र मुक्तिनाथको अवधारणासँग मिल्दछ । काकवेणीमा पितृ श्राद्ध गरेपछि मुक्तिक्षेत्र गई स्नान गरेर मुक्तिनाथको दर्शन गर्ने परम्परा छ । काकभुशुण्डिसँग काकवेणी, मुक्तिनाथ र दामोदरकुण्डको सम्बन्ध रहेको मानिन्छ । कास्कीको सिकलेसमा पनि त्हौरे ङ्ह्यो ट्हो (धप्राङटोल) मा त्हौरे ङ्ह्यो (कागकुण्ड) र चिलि क्यु फुई (सिकलेसको चोखोपानीतीर्थ) अवस्थित छ र त्हौरे ङ्ह्यो (कागकुण्ड) कै बाटो भएर चिलि क्यु फुई (चोखोपानीतीर्थ) जानुपर्दछ ।

मुस्ताङको काकवेणी, मुक्तिनाथ र दामोदरकुण्डले राजकीय संरक्षण र सम्मान पाएकाले ती तीर्थस्थलहरू विख्यात हुँदै गए भने सिकलेसको कागकुण्ड, चोखोपानी र त्यहाँका सांस्कृतिक परम्पराहरूचाहिँ संरक्षण र सम्वर्द्धनको सट्टा बिस्तारै मानिसको मानसपटलबाट ओझेल पर्दै गए, नत्र भने

गण्डकीप्रस्रवणक्षेत्रमा अन्नपूर्ण हिमश्रृङ्खलाको उत्तरी पाटोमा पश्चिम फर्केर रहेको काकवेणी र मुक्तिक्षेत्रको जुन महत्त्व छ, अन्नपूर्ण हिमश्रृङ्खलाकै दक्षिणी पाटोमा पूर्वतिर फर्केर रहेको कास्की, सिकलेसको त्हौरे ङ्ह्यो (कागकुण्ड) र चिलि क्यु फुई (सिकलेस चोखोपानीतीर्थ) को त्यत्तिकै महत्त्व छ । त्यसकारण सिकलेसको त्हौरे ङ्ह्यो (कागकुण्ड), चिलि क्यु फुई (सिकलेस चोखोपानीतीर्थ) र त्यहाँका सांस्कृतिक सम्पदा एवं परम्पराहरूको संरक्षण र सम्वर्द्धन गरी त्यसलाई दिगो राख्नु आजको पुस्ताको दायित्व र समयको माग हो ।

## राजाको चौतारा

कास्की जिल्लाको पोखरा नजिक पृथ्वीराजमार्गमा पर्ने गगनगौँडाको हाराहारीमा पूर्वपट्टि सात मुहाने पर्दछ । सातमुहानेदेखि अलिकति तल दक्षिणपट्टि मालमूल फाँट पर्दछ र मालमूल फाँटको पुछारमा राजाको चौतारानामक एउटा चौतारा अवस्थित छ । यस चौतारामा केही वर्षअघिसम्म एउटा ठूलो शमीको रूख थियो । अहिले उक्त रूख ढलेकोले शमीको अर्को बोट सारेको छ । अघि सातमुहाने, राजाको चौतारा, देउराली, शिशाघाट र कुञ्छा हुँदै काठमाडौँ जाने चल्तीको मूल बाटो थियो । यसैगरी पोखराबाट दक्षिण भीमादतिर जाने हुलाकको बाटो पनि यही राजाको चौताराबाट छुटिन्थ्यो । हुलाकका जाँचकीहरूले यही चौतारामा बसेर हुलाक जाँच्दथे र हुलाकीहरूले हुलाक साट्दथे । अहिले यहाँ ब्रह्मचारिणी माध्यमिक विद्यालयनामक एउटा विद्यालय र सानो बस्ती छ । अघि कास्कीका राजा शिव शाहको पालामा कास्कीको मालमूलमा बाह्र राजाको भेट हुँदा त्यसको सम्झनास्वरूप चिनेको चौतारा भएको हुनाले यस चौताराको राजाको चौतारा नाम रहेको हो ।

नुवाकोटका राजा मिचा खानका माहिला छोरा जगदि खान साहीले कास्कीका घले राजालाई जितेर त्यहाँ आफ्नो राज्य स्थापना गरे । त्यसपछि वर्तमान लमजुङ हिमालको फेदमा अवस्थित क्होलका घले राजालाई जितेर आफ्नो राज्य र बल पौरख बढाई जगदि खान साही कुलमण्डन शाहका नामबाट प्रसिद्ध भए (गुरुङ, २०३४: ३२-५२) । कास्कीका राजा कुलमण्डन शाहका सात भाइ छोरा थिए । गोरक्षाधीशचम्पूमा 'तस्य सप्तसुनवः (त्यसका (कुलमण्डन शाहका) सात छोराहरू) भन्ने उल्लेख छ, तर सातजना छोराको नाम भने उल्लेख गरिएको छैन । कास्की, याङजाकोट, छापाडाँडाका पैँडि (पण्डित) पार्सिङ कोम्छैँ गुरुङको घरमा भएको वंशावलीमा कुलमण्डन शाहका सातजना छोराहरूको नाम उल्लेख गरिएको छ र उक्त नामावली यस प्रकार छ–

जेठा विर्ति साही (विचित्र साही), माहिला कालु साही, साहिँला जसभुँ साही (यशोब्रह्म शाह), काहिँला भोमर साही, ठाहिँला देब्रे साही, ठूलो-कान्छा मनहर साही र कान्छा जलाल साही (गुरुङ, २०३५ १०८-१०९) ।

कुलमण्डन शाहका जेठा छोरा विचित्र साही कास्कीका राजा भए । यसैगरी माहिला छोरा कालु साही लमजुङका राजा भएका थिए । कालु साहीको अकाल मृत्यु भएको हुँदा साहिँला छोरा जसभुँ साही (यशोब्रह्म शाह) लमजुङका

राजा भए । कुलमण्डन शाहले राजा हुन नपाएका आफ्ना ४ जना छोराहरूलाई साबिक लमजुङ र हाल कास्कीको ६ गाउँ खुवा दिएका थिए । मादी र रुदीको बीचको ताङतिङ, घ्याम्राङ, याङजाकोट, भाचोक, नागिधार र पाखिकोटलाई ६ गाउँ भनिन्छ । अहिले यस ६ गाउँ क्षेत्रमा नामर्जुङ देउराली, धुमाको डाँडा, सैमराङ, भाचोक र मिजुरे डाँडा यी पाँच गाउँ विकास समिति छन् । उपर्युक्त वंशावली अनुसार कुलमण्डन शाहले आफ्ना चारजना छोराहरूलाई निम्नानुसार साँध सिमाना छुट्ट्याएर खुवा दिएका थिए–

पूर्व रुदी खोला र पश्चिम ग्युजे खोलाको साँध नागिधार र पाखिकोटको ८ खेत काहिँला भोमर साहीको खुवा; पूर्व ग्युजे खोला र पश्चिम भुजुङ खोलाको साँध वार्चोक र भाचोकको ८ खेत ठूलो कान्छा मनहर साहीको खुवा; पूर्व भुजुङ खोला र पश्चिम ओडार खोलाको साँध याङजाकोटको ८ खेत ठाहिँला देब्रे साहीको खुवा र पूर्व ओडार खोला र पश्चिम मादी गङ्गाको साँध ताङतिङ र नामर्जुङको ८ खेत कान्छा जलाल साहीको खुवा (गुरुङ, त्यही : १०९) । त्यसपछि कास्कीका राजा विचित्र साही निःसन्तान परलोक हुँदा जलाल साही कास्कीका राजा भए । कुलमण्डन शाहका जेठा छोरा विचित्र साहीले पर्वतका प्रभु मल्लका छोरी दिदी सर्ववती (सरुमै रानी) र माहिला छोरा कालु साहीले बहिनी जसतावती (वसन्तवती) लाई विवाह गरेका थिए । दिदी सर्ववती रानीले बहिनी जसतावती रानीलाई जग्गा थोरै भयो भनेर मादी र रुदीको बीचको उपर्युक्त ६ गाउँ बहिनीलाई दिइन् । त्यसपछि बहिनी जसतावती रानीले ६ गाउँ भोग चलन गर्दा ६ गाउँका खुवाका धनी भैयादहरूलाई कास्कीको मौजा थुममा झिकाएर खुवा दिएको थियो ।

कास्कीका राजा शिव शाहको पालामा वार्चोकको चिद्रां गुरुङ कास्की गई कास्कीको पुरानो सिमाना रुदी हो, मलाई भुजुङ र पलम्रांको खेत दिए भने कास्कीलाई रुदीको साँध लगाइदिन्छु' भन्न गएछ र कास्कीको फौज ल्याई मादी तरेर यारदिसम्म कास्कीले कब्जा गरेछन् । त्यसपछि यस ग्रन्थकारका ९ पुस्ताअघिका पुर्खा ६ गाउँ याङजाकोटका मीर उमरा वीरसिंह क्ह्रोंगि लामा गुरुङ लमजुङ दरबार गई आठहजार लमजुङको फौज लिएर आए । कास्कीको अर्घौं देउमाडि मुन्तिरको ओखलेगौंडामा ठूलो लडाइँ भयो । त्यस लडाइँमा लमजुङको जीत भयो र लमजुङले कास्कीको अर्घौं देउमाडि र ठूलाकोट कब्जा गरेर विजयपुर खोलाको साँध लगायो । त्यसपछि कास्कीको मालमूलमा बाह्र राजाको भेट हुँदा लमजुङका राजा दावादल शाहबाट ६ गाउँ याङजाकोटका मीर उमरा वीरसिंह क्ह्रोंगि लामा गुरुङको नाममा लालमोहर आयो र लमजुङले गजसिमलेको एघार खेत लिई अर्घौं ठूलोकाट र देउमाडि कास्कीलाई छोडेर घा (सन्धि) को कुरा मिलाए (गुरुङ, त्यही : ११८-११९) ।

साबिक लमजुङ र हाल कास्की जिल्लामा मादी गङ्गाको बायाँ किनारामा याङजाकोट अवस्थित छ । अघि लमजुङका राजा यशोब्रह्म शाहको पालामा कास्कीको सिकलेस, पल्चे फाँट विर्ता पाएर लामा थरका गुरुङहरूको न्हेज (प्रथमस्थल) वर्तमान लमजुङको उपल्लो घनपोखराको कदलैंदेखि माथिको लम

चुँबाट क्ह्रोंगि लामा थरका गुरुङको एउटा शाखा सिकलेसको कन्बमा आएर बसेका थिए । यसरी चिलि-कन्ब (सिकलेस-कन्ब) आएर बसेका क्ह्रोंगि लामा गुरुङहरूको चिलि-कन्ब न्हेज (सिकलेस-कन्ब प्रथमस्थल) भयो । कालान्तरमा चिलि-कन्ब न्हेजका कुग्याल्बु क्ह्रोंगि लामा गुरुङ सिकलेसबाट वर्तमान याङजाकोट आए । त्यसबेला याङजाकोटको नाम फ्हजुक्वे थियो । कुग्याल्बु क्ह्रोंगि लामा गुरुङ फ्हजुक्वे आएपछि उनले ६ गाउँको छडी पगरी र मीर उमराली पद पाए । ६ गाउँको छडी पगरी र मीर उमराली पद पाएपछि कुग्याल्बु क्ह्रोंगि लामा गुरुङले त्यहाँ कोट खडा गरेर मौलो गाडे । यसरी कुग्याल्बु क्ह्रोंगि लामा गुरुङले ६ गाउँको छडी पगरी र मीर उमराली पद पाएर खडा गरेको कोट हुनाले उक्त कोटको गुरुङ भाषामा योंचुंक्वे नाम रह्यो । कुनै कुरा पाउनुलाई गुरुङ भाषामा योंब र कुनै नयाँ कामको थालनी गर्नुलाई चुंब भनिन्छ । गुरुङ भाषाको यही योंब र चुंब शब्दको छोटकरी र संयुक्त रूप योंचुं हो । क्वेचाहिँ कोटलाई बुझाउने गुरुङ भाषाको शब्द हो । कालान्तरमा गुरुङ भाषाको यही योंचुंक्वेबाट योंजुक्वे हुँदै यस कोटलाई नेपाली भाषामा याङजाकोट कहेको हो । लमजुङका राजा दावादल शाह र कास्कीका राजा शिव शाहको पालामा भएको ओखलेगौंडाको युद्ध र कास्कीको मालमूलमा बाह्र राजाको भेट हुँदा लमजुङ र कास्कीको सन्धिमा मुख्य भूमिका निभाएका ६ गाउँ याङजाकोटका मीर उमरा वीरसिंह क्ह्रोंगि लामा गुरुङ याङजाकोट खडा गरेर मौलो गाड्ने यिनै कुग्याल्बु क्ह्रोंगि लामा गुरुङका नाति हुन् ।

अघि लमजुङ राज्यको पश्चिमी किल्लाको रूपमा याङजाकोट प्रसिद्ध थियो । कास्कीको अर्घौं देउमाडि, ठूलाकोट, थाक र मौजाको हाराहारीमा याङजाकोट अवस्थित छ । अतः लमजुङले पश्चिमनिर केही अभियान चाल्न पऱ्यो भने, युद्ध र सन्धि गर्न पऱ्यो भने सबै कुरा याङजाकोटको मुहुडाबाट गरिन्थ्यो र त्यस काममा याङजाकोटका मीर उमराको ठूलो भूमिका रहेको हुन्थ्यो । लमजुङका राजा दावादल शाह र कास्कीका राजा शिव शाहको पालामा भएको ओखलेगौंडाको युद्ध र कास्कीको मालमूलमा बाह्र राजाको भेट हुँदा गरिएको लमजुङ र कास्कीको सन्धिमा ६ गाउँ याङजाकोटका मीर उमरा वीरसिंह क्ह्रोंगि लामा गुरुङले खेलेको भूमिकाबाट यो कुरा राम्ररी सिद्ध हुन्छ । गोरखाका राजा नरभूपाल शाहको समय वि.सं. १७९६ माघ ११ गते, बिहीवार गोरखा र लमजुङको बीचमा भएको सन्धि-पत्रमा "अर्घौंका बाटामहा बरोबर गरी लिनु २ वर्षभित्र काठपात कास्की बुझाउनु. येति गर्दा कास्की नमान त ढालीदिनु" भन्ने उल्लेख छ (पन्त, २०२५: ७९९) । यसैगरी पृथ्वीनारायण शाहले सल्यान, राना मठका सिद्ध भगवन्तनाथलाई वि.सं. १८३० मा लेखेको पत्रमा "बार्की लमजुङ्गले एक मुखले मुग्जा (मौजा) हान्न गयेछ. एक मुखले कास्कीको थाक हान्न गयेछ. थाकबाट कास्कीले घरकायेछ र जना ८० असी लमजुंग्या काटियाछन्. मुग्जा (मौजा) महा पनि लडाइ भयेछ. लमजुंले घरकायेछ र कस्क्याली नरेश ... साह समेत जना ७ कस्क्याली काटियाछन्. जना ६-७ लमजुङ्गिया काटियाछन्" भन्ने उल्लेख छ (योगी, २०२२: ६) । यी युद्ध र सन्धिहरू सबै याङजाकोटको मुहुडाबाट भएको देखिन्छ । लमजुङका राजा वीरमर्दन शाह ६ गाउँको साँध किला र गढी

गौँडा हेर्न आउँदा याङजाकोटमा तीन महिना मुकामगरी ६ गाउँको थिति मिलाएका थिए (गुरुङ, २०३५: १२२) ।

याङजाकोट मादी र रुदीको बीच ताङतिङदेखि पाखिकोटसम्मका ६ गाउँको मौलो हो । अघि ६ गाउँमा भुत्तैपिच्छे तालुकदार र गाउँपिच्छे जिम्मावाल मुखिया र उमराहरू हुन्थे । ६ गाउँको मीर उमराचाहिँ याङजाकोटमा रहन्थे । यिनै मीर उमराले राज्याधिकारी गद्दीनसीन श्री ५ को प्रतिनिधि भएर याङजाकोटको मौलाको पूजा गर्दथे । त्यस अवसरमा राज्याधिकारी श्री ५ को प्रतिनिधि मीर उमराले पानी समाउने र धर्माधिकारी श्री ६ बडागुरुज्यूको प्रतिनिधि ब्राह्मण पुरोहितले संकल्पवाक्य भन्दथे । मौलोमा तरिएको राँगालाई मालश्रीको राग र नगरा, कर्नालको तालमा खुँडाले मार हानेर बढाइँ गरिन्थ्यो । अहिलेसम्म पनि याङजाकोटमा मौलो पूजाको यो परम्परा यथावत् कायम छ र ६ गाउँ याङजाकोटका मीर उमरा वंशजको नाताबाट यस ग्रन्थकारले आफ्नो पैतृक थलो ६ गाउँ याङजाकोटको मौलो पूजाको परम्परालाई धानिराखेको छ ।

उपर्युक्त वंशावलीमा कास्कीका राजा शिव शाहको पालामा कास्कीको मालमूलमा भेटेका राजाहरूका राज्य र तिनको नाम उल्लेख गरिएको छैन । केवल "मालमूलमा बाह्र राजाको भेट हुँदा" भन्ने मात्र लेखिएको छ । यी बाह्र राजाहरूमा आठटीकाका आठ राजा र तनहुँ, रिसिङ, घिरिङ र पर्वतका गरी बाह्र राजा हुन्' भन्ने बुझिन्छ । भीरकोट, गह्रौं र ढोर यी तीन खान राज्य र नुवाकोट, सतौं, कास्की, लमजुङ र गोरखा यी पाँच शाह राज्यलाई समुच्चमा आठटीका भनिन्छ ।

यसरी यी बाह्र राजाहरूले कास्कीको मालमूलमा भेटेर सम्मेलन गरी एक आपसमा लडाईँभिडाइँ नगर्ने, आ-आफ्नो साँधसिमानामा मिलेर बस्ने भनेर सन्धि गरेका थिए । यसबाट वर्तमान शान्तिक्षेत्र नेपाल, दक्षिण एशियाली सहयोग सङ्गठन र संयुक्त राष्ट्र संघ जस्तै त्यस बेलानै गण्डकीप्रस्रवणक्षेत्रका शासक एवं भारदारहरूमा सहिष्णुता, सहअस्तित्त्व, सद्भाव एवं समन्वय र शान्तिको भावना जागृत भइसकेको देखिन्छ । यसको सुखद उपलक्ष्यमा चिनिएको शान्तिको प्रतीक कास्की, मालमूलको यस राजाको चौताराले सहष्णिुता, सहअस्तित्त्व, सद्भाव एवं समन्वय र शान्तिको सन्देश दिइराखेको छ र दिई नै रहने छ ।

## चौथो अध्याय

## रामघाटदेखि गलेश्वरसम्म

### रामघाट

कास्की, जिल्लामा पोखरा बजारको दक्षिणमा रामघाटनामक तीर्थस्थल अवस्थित छ। पोखरामा सेतीगण्डकी कतै धर्तीभित्र पातलिएको छ र कतै भने बाहिर उत्रिएको छ । पोखराको उत्तरमा बागबजारसँगै पण्डित पौवाबाट सेतीगण्डकी धर्तीभित्र पातलिएर काली खोलाको दोभानमा गएर बाहिर उत्रिएको छ । यसैगरी नारायणस्थाननेरबाट पातलिएर तुलसीघाटमा गएर उत्रिएको छ । त्यसपछि रामघाटमा पातलिएर ढुँगेसाँघु हुँदै सीतापाइलामा गएर उत्रिएको छ । रामघाटमा सेतीगण्डकी पातलिएको दायाँ बायाँको दुवै किनारा रामघाट नामबाट प्रसिद्ध छ ।

यसरी सेतीगण्डकी धर्तीभित्र पातलिनु र पाखामा उत्रिनुमा एउटा लोककथा प्रचलित छ । यस लोककथाअनुसार कालीगण्डकी र सेतीगण्डकी दिदी बहिनी हुन् । एक दिन दिदी कालीगण्डकीले बहिनी सेतीगण्डकीलाई काखमा राखेर टाउकामा जुम्रा हेरिरहेकी थिइन् । त्यसबेला आनन्द मानेर बहिनी सेतीगण्डकी भुसुक्क निदाइछन् । बहिनी सेतीगण्डकी निदाइरहेको बेलामा दिदी कालीगण्डकी त्यहाँबाट सुटुक्क हिँडेछन् । बहिनी ब्युँझेपछि दिदीलाई नदेख्दा दिदीलाई खोज्दै धर्तीभित्र र बाहिर गरी सेतीगण्डकी बगेकी हुन् । यस कथाले कालीगण्डकी र सेतीगण्डकीको अन्तरसम्बन्धलाई स्पष्ट पारेको छ । यसका अतिरिक्त सेतीगण्डकी बग्दै आउँदा आइमाईले गोरु जोतेको देखेपछि यस्तो अनर्थ हेर्न हुँदैन भनेर सेतीगण्डकी धर्तीभित्र पातलिएकी हुन् भन्ने किम्बदन्ती पनि प्रचलित छ ।

पोखराको रामघाटमा पोखराबजार र यसवरिपरिको मात्र नभएर स्याङ्जा जिल्लाबाट पनि मानिसको शवलाई दाहसंस्कार गर्न ल्याउँदछन् । रामघाट जाने बाटोमा पूर्वपट्टि बाटोको छेवैको पखेरोमा रामसीताको मूर्ति खोपिएको शिलाफलक स्थापना गरिएको छ । त्यसदेखि माथिपट्टि डिलमा एउटा शिवालय अवस्थित छ । त्यस शिवालयमा अघि जोगीहरू बस्दथे । यसरी जोगीहरू बस्ने आश्रमलाई जोगी गुफा भनिन्थ्यो । अहिले यस शिवालयसँगै गीता मन्दिर बनाइएको छ । गीतामन्दिरपरिसरमा तीर्थवास बस्ने भक्त भक्तिनीहरूको आश्रम पनि छ । शिवालयदेखि केही तल गुरुङहरूको बौद्ध अर्घौंसदननामक संस्थाको गुम्बा अवस्थित छ । रामघाटको उत्तर तुलसी घाटमा गुरुङहरूकै पे ल्हु संघनामक संस्थाको गुम्बा र संग्रहालय अवस्थित छ । यस ठाउँलाई तुलसीघाटका अतिरिक्त सतीघाट वा शक्तिघाट पनि भनेको पाइन्छ ।

रामघाटको पश्चिममा वैरागी वन, सिद्ध गुफा र एउटा शिवालय अवस्थित छ । वैरागी वनलाई वैरागी खोर भनेको पनि पाइन्छ । अहिले यस वैरागी वनलाई शान्तिवाटिका नाम दिएको छ । यस वैरागी वनमा वैष्णव

सम्प्रदायका वैरागीहरूको अखडा रहेको छ । सिद्ध गुफाको पूजा र मुक्तिनाथको तीर्थयात्रामा जाने वैष्णव वैरागीहरूको खाना र वास बस्नको लागि रामघाटको वैरागी वनमा अघि कास्कीका राजाहरूको पालादेखि नै गुठीको बन्दोबस्त गरिदिएको पाइन्छ । पोखरा, रामघाट वैरागी वनको यस वैष्णव वैरागी अखडाको सम्बन्ध पर्वत, मोदीवेणीको वैष्णव वैरागी अखडासँग रहेको पाइन्छ । अघि परापूर्व कालदेखि नै कालीगण्डकी र सेतीगण्डकीको किनारामा मुक्तिनाथ र दामोदरकुण्डको तीर्थयात्रामा जाने आउने जोगीहरूलाई खान र बस्नको लागि अखडाहरू स्थापना गरेर गुठीको वन्दोवस्त गरिदिएको पाइन्छ ।

रामघाटमा विशेषगरी तीज र माघे संक्रान्तिमा मेला लाग्दछ । तीजमा सेतीगण्डकीमा स्नान गरेर शिवजीको दर्शन गरी नाचगान गर्ने चलन छ । अघि तीजको अवसरमा यहाँ घोडा दौडाउने पनि गरिन्थ्यो, तर अहिले यो प्रथा लोप भईसकेको छ ।

अघि माघे संक्रान्तिमा खासगरी लमजुङका गुरुङ युवतीहरू रामघाट र ढुङ्गे साँघुको मेला भर्न आफ्ना बाबु माइती र माया माइतीहरूको साथमा पोखरा आउँथे । जीवनमा एक पटक माघे संक्रान्तिमा पोखरा, रामघाट र ढुङ्गे साँघुको जात्रा, जनैपूर्णिमामा दूध पोखरी र मुक्तिनाथको जात्रा र ठूलो एकादशीमा फलिया साँघुको जात्रामा जानु लमजुङका गुरुङ युवतीहरूको जीवनको एउटा अङ्ग नै थियो । माघे संक्रान्तिको बिहान रामघाटमा गएर ती युवतीहरू नुहाउँदथे र त्यस अवसरमा बाबु माइतीहरूले आफ्ना छोरी बेटीहरूको गोडा धोएर जल खान्थे र दक्षिणा दिन्थे । त्यसपछि खाना खाएर ढुङ्गे साँघुको मेलामा जान्थे ।

ढुङ्गे साँघुमा सेतीगण्डकी धर्तीभित्र अति नै गहिरो गरेर पातलिएको छ र भूइँ साँघुरिएको ठाउँमा सेतीगण्डकीमाथि ढुङ्गाको एउटा छप्पनि राखिएको छ र त्यही ढुँगाको छप्पनिलाई साँघुको रूपमा प्रयोग गरेर मानिसहरू आवतजावत गर्दछन् । अतः त्यस ठाउँलाई ढुङ्गेसाँघु भनिएको हो । ढुँगेसाँघुसँगै सीतापाइलानामक शिला अवस्थित छ ।

ढुङ्गे साँघुमा खासगरी व्यापारिक मेला लाग्दछ । पोखरा, कुँडहरका चुरेटाहरूले बेच्ने चुरा, धागो, पोते, टीका; शिशुवाका कुमालहरूले बनाएका माटाका भाँडा; पार्दी ढाँडका कामीहरूले कमाएका भाँडा, कुँडा, कुटो, कोदालो, आँसी (हँसिया), खुर्पा, बाउसो, सिमलचौरका कँवर जोगीहरूले तयार पारेको तमाखु, कक्कड र भुसा, वैदामको कालो ऊखु, गेवरा ऊखु, गुड र तरुल आदि ढुङ्गे साँघु मेलाका मुख्य व्यापारिक सामानहरू हुन् ।

अघि पोखराको ढुङ्गे साँघुमा माघे संक्रान्तिमा लाग्ने मेलाको निकै ठूलो गरिमा भएको बुझिन्छ । माघे संक्रान्तिको दिनमा ढुङ्गे साँघुमा लाग्ने मेलामा जङ्गबहादुर राणाको सवारी भएको थियो भन्ने अनुश्रुति प्रचलित छ । राजा हुनुभन्दा अघि जङ्गबहादुर राणा ढुङ्गे साँघुकी एउटी बूढीकहाँ बसेर भेंडो चराउँदथे । एकदिन मालिक्नी बूढीले जङ्गबहादुर राणालाई मकै भुटेर दिइछन् । जङ्गबहादुर राणाले टोपी थापेछन् र मालिक्नी बूढीले हाँडीबाट नै जङ्गबहादुर

राणाको टोपीमा मकै खन्याइदिइछन् । जङ्गबहादुर राणाले टोपीमा मकै थाप्दा उनको टोपीमा आगो सल्केर टोपी डढेछ । त्यसपछि मालिक्नी बूढीले जङ्गबहादुर राणालाई 'तँ राजा हुन्छस्' भनेकी थिइन् अरे । आफू राजा भएपछि उक्त मालिक्नी बूढीलाई भेट्न माघे संक्रान्तिमा जङ्गबहादुर राणा ढुङ्गे साँघुमा गएका थिए रे । राजा आउँछन् भनेर सबैजना ढुङ्गे साँघुमा गएछन् । जङ्गबहादुर राणा घोडा चढेर ढुङ्गे साँघु गएछन् । जङ्गबहादुर राणालाई देखेपछि उक्त मालिक्नी बूढीले अ हो ! राजा भनेको ता जङ्गे साइँलो पो रहेछ' भनिछन् अरे' भन्ने किम्बदन्ती प्रचलित छ । जे होस् माघे संक्रान्तिमा वरपरका ठूलाबडाहरू ढुङ्गे साँघुमा भेटेर भलाकुसारी गर्ने, मुद्दामामिला छिन्ने र रीतिथिति मिलाउने गरेको बुझिन्छ । केही दशक अघिसम्म यो परम्परा कायम नै थियो, तर अहिले भने यो चलन लोप भइसकेको छ । यसैगरी पोखराका कोइरालाहरूका पुर्खा चामु जैसीले जङ्गबहादुर राणालाई भोट हान्ने साइत हेरिदिएको र उनले दिएको साइतमा लडाइँ गर्दा जङ्गबहादुर राणाले भोटको लडाइँ जितेको र त्यसपछि जङ्गबहादुर राणाले चामु जैसीलाई पोखरामा १६ पाथी घैयाको बिउ लाग्ने जग्गा बिर्ता दिएको विश्वास गरिन्छ ।

ढुङ्गे साँघुबाट जात्रा टोली फेवातालको बाँध हेरेर डुङ्गा तरी ताल वाराहीको दर्शन गर्न जान्थे । डुङ्गा तर्दा आफ्नो साथमा टिमुर छ भने अपशकुन हुन्छ र डुङ्गा पल्टन्छ' भन्ने विश्वास भएकाले आफ्नो गोजी, पटुका र नाम्ज (झोला) मा टिमुर छ कि भनेर त्यसलाई राम्ररी टकटक्याएर मात्र डुङ्गा चढ्दथे ।

माघ २ गते जात्राटोली विन्ध्यवासिनी भगवतीको दर्शन गर्न जान्थे र पोखराको बजार हेरेर आवश्यक वस्तुहरू किनमेल गर्दथे । जात्राटोलीका युवतीहरूले गाउँका बूढी आमाहरूलाई तमाखु कोशेली लगिदिने चलन थियो । पोखरा सिमलचौरका कँवर जोगीहरूले आफ्नो बारीमा काँचो पात उमारेर सुर्ती र तमाखु उत्पादन गर्दथे । तमाखु र भुस्या कक्कड बेच्ने चौतारो भएकोले भीमसेनटोल र भैरवटोलको बीचको एउटा चौतारालाई भुस्या चौतारो भनिन्थ्यो । पिच बाटो बनाउनको लागि गाइने चौतारो, लामा चौतारा आदि चौताराहरू भत्काउने क्रममा उक्त भुस्या चौतारो पनि भत्काइयो । पोखरा, रानीपौवामा शोभाभगवतीको मन्दिरसँगैको चौतारोलाई गाइने चौतारो भनिन्थ्यो । ठूली एकादशीको दिनमा फूलको तोरण तार्दा त्यही गाइने चौताराको पिपलको बोटमा तोरण बाँधिन्थ्यो । यसैगरी भैरवटोलको गणेश मन्दिरसँगैको चौतारालाई लामा चौतारा भनिन्थ्यो। लामा चौतारालाई लमजुङे चौतारा पनि भनिन्थ्यो । लमजुङका ढाक्रेहरूको हूल थाक खोलामा नून लिन जाँदा आउँदा बल बिसाउने बेलामा उक्त लामा चौतारा छपक्कै ढाकिन्थ्यो । अतः उक्त लामा चौतारालाई लमजुङे चौतारा भनिएको हो । पछि गएर एकताका काठमाडौंको पिपलबोट जस्तै पोखराको लामा चौतारा पनि राजनीतिको अखडा बनेको थियो ।

यसरी पोखराको बजार घुमेर सुर्ती, तमाखु, नरिवल, मिस्री, मर मसला, टालोफालो र गुड आदि मालसामान किनेपछि जात्राटोली बाटोमा रमाइलो गर्दै आफ्नो गाउँमा फर्कन्थे । अहिले पोखराको रामघाटमा राम सीताको पुरानो मूर्ति

र शिवालयका अतिरिक्त गुरुङहरूको बौद्ध अर्घौं सदनको गुम्बा र गुरुङहरूकै पेल्हु संघको गुम्बा निर्माण गरिएको छ, तर लमजुङका गुरुङ युवतीहरू माघे संक्रान्तिमा पोखरा, रामघाट र ढुङ्गे साँघुको जात्रामा आउने चलन लोप भइसकेको छ । यसैगरी ढुङ्गे साँघुमा लाग्ने माघे संक्रान्तिको जात्राले पनि आफ्नो प्राचीन गौरवलाई थाम्न सकेको छैन ।

अघि धान, कोदो आदि बाली, नाली थन्क्याइसकेपछि पुस, माघमा गाउँले किसानहरूलाई अलिकति फुर्सद हुन्थ्यो । यसरी कामबाट फुर्सद भएको बेलामा युवा युवतीहरू आफ्ना अनुभवी दाज्यू बाबुहरूको निर्देशन र संरक्षणमा उनीहरूको साथ लागेर विभिन्न ठाउँको जात्रामा जाने गर्दथे । यसमध्ये पोखरा, रामघाट र ढुङ्गे साँघुको माघे संक्रान्तिको मेला मुख्य थियो । माघे संक्रान्तिमा पोखरा आउनु भनेको केवल तीर्थयात्रा मात्र नभएर पोखराको फेवाताल र बजार हेर्ने अथवा पर्यटकीय दृष्टिकोण पनि थियो ।

आजकल बाटो, घाटो र बस्न खानको सुविधाले गर्दा पोखरा आउन जान केही कठिन छैन र धेरैजसो मानिसहरू पोखरामा नै बसाइ सरेर बस्न पनि थाले । यसरी पोखरा जान आउन र बस्न खान सजिलो भयो र जहिले पनि चाहेको बेलामा जान आउन सकिने भयो । त्यसकारण व्यवस्थित रूपले तीर्थयात्राको रूपमा माघे संक्रान्तिमा पोखरा गइरहन परेन । यसरी बसाइँसराइ र आधुनिकीकरणको कारणबाट लमजुङका गुरुङ युवा युवतीहरू माघे संक्रान्तिमा पोखराको रामघाट र ढुङ्गे साँघुमा जात्रा जाने परम्परा लोप भयो ।

यसरी विविध कारणले यो परम्परा लोप भए तापनि रामघाट, ढुङ्गे साँघु र फेवाताल आदि पोखराका तीर्थस्थलहरूमा माघे संक्रान्तिमा लाग्ने मेलाको महिमा र छोरी, बेटीहरूले आफ्ना बाबु, माइतीको साथमा उपर्युक्त तीर्थस्थलहरूमा माघे संक्रान्ति पर्वमा मेला भर्दाको उपादेयतालाई राम्ररी बुझाएर त्यस परम्परालाई अझ कायम गरी त्यसलाई दिगो राख्न सकेमा त्यस परम्पराले नेपालको आन्तरिक पर्यटनको विकासलाई केही न केही हदसम्म टेवा दिन सक्नेछ ।

## ताल वाराही- फेवाताल

पोखरा बजारको पश्चिममा पोखराको प्रसिद्ध फेवाताल अवस्थित छ । फेवातालको बीचको सानो टापुमा ताल वाराहीको मन्दिर अवस्थित छ । अघि यहाँ खरले छाएको एउटा सानो एक तले मन्दिर थियो । श्री ५ महेन्द्रबाट वि.सं. २०१८ मा काठमाडौंका कालिगडहरू लगाएर ताल वाराहीको वर्तमान मन्दिर बनाएको हो । फेवातालको उत्तरपट्टि फेवा नामक फाँट छ । त्यही फेवाको नामबाट यस तालको फेवा ताल नाम रहेको हो । फेवा तालको अर्को नाम वैदाम ताल पनि हो । रत्नमन्दिर राजदरबार र ताल वाराहीदेखि पूर्वपट्टिको गाउँको नाम वैदाम हो । उक्त वैदामको नामबाट यस तालको वैदाम ताल नाम रहेको हो । वास्तवमा ताल वाराहीको मन्दिरदेखि उत्तरपट्टिको ताल प्राकृतिक ताल

र ताल वाराहीको मन्दिर र त्यसदेखि तलतिरको तालचाहिँ बाँध बाँधेर तयार पारिएको कृत्रिम ताल हो ।

फेवातालको उत्तरपट्टि पञ्चासेको लेक अवस्थित छ । पञ्चासेको डाँडाको टुप्पामा पानीको एउटा पवित्र कुण्ड छ । पञ्चासेको डाँडाबाट हर्पन हुँदै एउटा खोला बगेर आई फेवातालमा मिसिन्छ । हर्पन नामक स्थानको बाटोबाट बगेर आएकोले यस खोलालाई हर्पन खोला भनिएको हो । यही हर्पन खोला नै फेवातालको पानीको श्रोत हो । यसका अतिरिक्त फेवातालको आफ्नै पनि जरुवा पानीको स्रोत छ ।

फेवातालको ईशानपट्टि कास्कीकोट, सराङकोट आदि ऐतिहासिक किल्लाहरू रहेका छन् । फेवातालको पश्चिमपट्टि रहेको अनदु डाँडामा अहिले विश्व शान्ति बौद्ध स्तूप निर्माण गरिएको छ । फेवातालबाट अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ हिमाल आदि हिमश्रृङ्खलाहरूको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । फेवातालको पानीभित्र परेको माछापुच्छ्रे हिमालको उल्टो छायाँ यहाँको अर्को अचम्मलाग्दो मनमोहक दृश्य हो ।

फेवाताल र ताल वाराहीको उत्पत्तिको बारेमा एउटा लोककथा प्रचलित छ । यस कथाअनुसार अहिले फेवाताल भएको ठाउँमा अघि एउटा गाउँ थियो । एक पटक स्वयं भगवान् त्यस ठाउँमा मानिसहरूको पाप र पुण्य जाँच्नको लागि साँझमा जोगीको भेष लिएर गाउँमा वास माग्न आएछन् तर कसैले पनि उनलाई वास दिएनछन् । अन्तमा एउटी बूढी आमाले उनलाई आफ्नो छाप्रोको पिँढीमा वास दिइछन् । उक्त बूढी आमा अत्यन्तै गरीब थिइन् । उनी त्यस गाउँमा अर्काको ढिकी जाँतो गरेर खान्थिन् । साँझमा आएको जोगीलाई बूढी आमाले ढुटोको रोटी पकाएर खान दिइछन् । जोगीले उक्त ढुटोको रोटी आफूले नखाई डल्लो पारेर बूढी आमालाई दिएछन् र भोलि बिहान उज्यालो हुनुभन्दा पहिले नै यो गाउँ छोडेर जाउ भनेर जोगी पनि त्यहाँबाट हिँडेछन् । जोगीको कुरा मानेर बूढी आमा पनि गाउँ छोडेर गइछन् । भोलीपल्ट बिहान बूढी आमाको छाप्रोबाहेक सबै गाउँ पानीमा डुबेछ । जोगीले बूढी आमालाई दिएको ढुटोको रोटीको डल्लो सुनको डल्लो बनेछ । अहिलेको ताल वाराहीको मन्दिर त्यही बूढी आमाको छाप्रो हो र ताल वाराही पनि तिनै बूढी आमा हुन्' भनेर विश्वास गरिन्छ । प्राकृतिक तालको उत्पत्तिको बारेमा यस प्रकारको कथा रचिनु चाख लाग्दो छ । यस कथामा सत्यतालाई जोड दिएको छ र सत्यमा अडिएर रहन सक्यो भने त्यसको परिणाम सुखमय हुनेछ' भन्ने शिक्षालाई राम्ररी स्पष्ट पारेको छ ।

ताल वाराही मन्दिरवरिपरि र त्यसदेखि तलको ताल कृत्रिम ताल हो भन्ने कुरा यस अघि नै भनिसकिएको छ । एक पटक बाँध फुटेको वेलामा त्यहाँ रूखका ठुटा र घरका जगहरू देखिएका थिए भनिन्छ । त्यसबाट त्यहाँ अघि मानिसको बस्ती रहेको बुझिन्छ । मगरहरूमा फेवाली राना, फेवाली थापा र फेवाली आले थर पाइन्छ भने गुरुङहरूमा फेवाली प्लज्यु भन्ने थर पाइन्छ । यसबाट यी फेवाली थर भएका मगर र गुरुङहरूको अवस्थल यही फेवाताल हो भन्ने बुझिन्छ । फेवातालको शिरानमा पूर्वपट्टि कास्की कोटको फेदमा चिलिमे

डाँडानामक एउटा बस्ती छ । यो बस्ती फेवाली राना मगरहरूको बस्ती हो । चिलिमे डाँडाका फेवाली राना मगरहरू कास्की कोटका पूजारी हुन् । कास्की, चिलिमे डाँडाका बलबहादुर फेवाली राना मगरको घरमा अन्वेषक योगी नरहरि नाथले सुवानन्ददासद्वारा रचित नेपाली भाषाको पहिलो कविता फेला पारेका थिए (योगी, २०२२: ३२४-३२५) ।

कास्कीका राजाहरूले ताल वाराहीको लागि गरिदिएको बन्दोबस्तबारे थाहा पाउन सकिएको छैन तापनि आफ्नो आँगनबाट छर्लङ्ग देखिने फेवाताल र त्यहाँस्थित ताल वाराहीप्रति कास्कीका राजाहरूको अवश्य पनि श्रद्धा र विश्वास रहेको हुनुपर्दछ । कास्की डाँडाको मान्द्रे ढुङ्गा नामक स्थानमा मान्द्रो जत्रो चप्लेटी परेको ठूलो ढुङ्गा छ । उक्त मान्द्रे ढुङ्गो अघि उडेर फेवातालमा माछा मार्न जान्थ्यो र पछि पखेटा काटिदिएकाले जान छोड्यो भन्ने किम्वदन्ती छ ।

पोखराको फेवाताल एवं ताल वाराही र ढोर जसपुरको ताल एवं ढोर वाराहीको बीचमा अन्तरसम्बन्ध छ भन्ने अनुश्रुति छ । ढोर, जसपुरमा अहिले ताल छैन । ताल फुटेको हुनाले खेत बनाएको छ र यसरी ताल फुटेर खेत बनाएको ठाउँलाई ताल बेँसी भनिन्छ । अघि पोखरा, फेवातालको ताल वाराही र ढोर जसपुरको ताल बेँसीस्थित तालको वाराहीको लडाइँ हुँदा पोखरा, फेवातालको ताल वाराहीले ढोर, जसपुरको ताल बेँसीस्थित ताल फुटाइदिएको हो भन्ने किम्बदन्ती छ । त्यसकारण आजसम्म पनि ढोर, जसपुरका बासिन्दाहरू फेवातालमा डुङ्गा चढेर ताल वाराहीको दर्शन गर्न जाँदैनन् र गएमा अनिष्ट हुन्छ भन्ने विश्वास छ । यसैगरी पोखराको फेवातालको ताल वाराहीमा जति पशु बलि चढ्छ, ढोर वाराहीमा त्यति नै लहरी चल्दछ भन्ने विश्वास छ ।

ताल वाराहीको मन्दिरमा ढुंगामा खस्रो पाराले खोपिएको वाराहीको मूर्ति स्थापना गरिदिएको छ । यहाँ परेवा, हाँस र बोकाको बलि दिइन्छ । ताल वाराहीको मन्दिरमा खासगरी कोजाग्रतेपूर्णिमाको दिनमा मेला लाग्दछ । त्यस अवसरमा ताल वाराहीको दर्शन गरेर टीका र जमरा लगाउने छलन छ । ताल वाराहीको मन्दिरमा ब्राह्मण पूजारीद्वारा पूजा गरिन्छ ।

फेवातालसँग पोखराको भैरव नाचको पनि सम्बन्ध रहेको छ । भक्तपुरको नवदुर्गालाई पोखरामा बाह्र भैरवको रूपमा मानिन्छ । वास्तवमा भक्तपुरको नवदुर्गा अष्टमातृका हुन् । अष्टमातृकामा गणेश, डाकिनी र ख्याचा, भुचा मिसाएर बाह्रवटा पारिएको हो । भक्तपुरको नवदुर्गाको नृत्य भक्तपुरका राजा रणजित मल्लको पालादेखि मञ्चन गराइएको हो । उक्त नृत्यको गीतमा भक्तपुरको सिद्धपोखरीको उल्लेख आउँदछ । भक्तपुरको सिद्धपोखरी तान्त्रिक विधिले जलस्तम्भनगरी जमिनको सतहभन्दा माथि पानी जमाएर पोखरी निर्माण गरिएको विश्वास गरिन्छ । पोखराको बाह्र भैरवको नृत्यमा फेवाताललाई नै सिद्ध पोखरीको रूपमा मानिएको छ । अतः भैरवलाई अर्पण गरिएका बोकाहरू सँगालेर फेवातालमा लगी ताल वाराहीलाई बलि दिएर भोज खाने चलन छ ।

अघिदेखि फेवातालमा बाँध बाँधेर त्यहाँको पानीले चौरासी बिरौटा फाँटमा सिँचाइ गरिआएको पाइन्छ । अहिलेचाहिँ आधुनिक बाँध बाँधेर त्यहाँको पानीले सिँचाइको अतिरिक्त बिद्युत पनि उत्पादन गरिएको छ । यसैगरी फेवातालमा आधुनिक प्रविधिद्वारा माछा पालन पनि गरिएको छ । नेपाल आउने देशी, विदेशी पर्यटकहरूको एउटा मुख्य आकर्षणको थलो पोखराको फेवाताल पनि हो । पर्यटकहरू फेवातालमा डुंगा सवार गरेर रमाइलो गर्दछन् ।

यसरी पोखराको फेवाताल अहिले आधुनिक पर्यटकीय तीर्थस्थल बनेको छ । अतः राष्ट्र र अन्तर्राष्ट्रमा पोखराको फेवाताल र यहाँस्थित ताल वाराहीको मन्दिर एउटा धार्मिक तीर्थस्थलको साथै सुन्दर पर्यटकीय क्षेत्रको रूपमा परिचित भएको छ । त्यसकारण हाम्रो लागि यो एउटा गौरवको कुरा हो ।

## खारपानी र तीनशिरेतीर्थ

कास्की जिल्लामा सेती र सार्दीको दोभानमा चौरनामक गुरुङ गाउँ अवस्थित छ । कास्कीको चौर नेपालको इतिहासमा उल्लेखनीय एउटा गाउँ हो । राजगढको युद्धमा वीरगति प्राप्त गर्ने सुब्बा प्रह्लाद गुरुङको जन्म कास्कीको यही चौर गाउँमा भएको थियो। प्रल्हाद गुरुङका पिता धने गुरुङले वि.सं. १८४७ मा कास्कीको चौर छाप पाएका थिए । त्यसपछि प्रह्लाद गुरुङले वि.सं १८६२ मा सुब्बांगी, चार कम्पनीको तैनाथी र काँगडाको सुखेत शहरको शासन अधिकार पाएका थिए । वि.सं. १८७२ मा सुब्बा प्रह्लाद गुरुङले राजगढको युद्धमा वीरगति प्राप्त गरे । त्यसपछि सुब्बा प्रह्लाद गुरुङको वीरत्वलाई कदर गर्दै नेपाल सरकारले उनको तैनाथका कम्पनीको नगरा निशान उनैलाई सुम्पेर त्यसको पूजाको लागि गुठीको बन्दोवस्त गरिदिएको थियो । अहिलेसम्म कास्की चौरमा सुब्बा प्रह्लाद गुरुङका सन्तान मुखिया गमबहादुर गुरुङको घरमा उक्त नगरा निशान सुरक्षित छ र सरकारी गुठीद्वारा त्यसको पूजा पनि यथावत् चलिरहेको छ (गुरुङ, २०४१: १४२) ।

यही चौर गाउँको नजिक सेतीको किनारामा तातोपानीको एउटा कुण्ड छ, जसलाई खारपानी भनिन्छ । यहाँको तातो पानीमा नूनको खार भएकोले यसलाई खारपानी भनिएको हो । बिहान रुमालमा चामल पोको पारेर तातो पानीमा डुबाई राख्यो भने साँझ बनबाट फर्कँदा चामल पाकेर भात भइरहन्छ र पुस, माघमा बिहान पिँडालुको माउ तातो पानीमा डुबाई राख्यो भने साँझमा उक्त पिँडालु फतक्क पाकिरहन्छ' भन्ने स्थानीय बासिन्दाहरूको कथन छ । अहिले बाढीले गर्दा खारपानीको कुण्ड बिग्रेको छ र तातो पानीको तापक्रम पनि केही घटेको छ ।

कास्की, चौरको यस खारपानीमा माघे संक्रान्तिमा मेला लाग्दछ । टाढा टाढाका मानिसहरू पनि आफ्नो रोग निखार्नको लागि खारपानीमा नुहाउन आउँछन् । अरू बेलामा पनि खासगरी सुत्केरी बिग्रेका महिलाहरू खारपानीमा नुहाउन आउँछन् । खारपानीमा नुहाई कुखुराको मासु र झिनुवा चामलको भात खाएर सिरक ओढी पसिना काढ्यो भने सुत्केरी बिग्रेको निको हुन्छ' भन्ने

विश्वास छ । यसरी पोखरानजिकै रहेको चौर, खारपानी र यहाँको प्राचीन प्राकृतिक चिकित्सा पद्धतिको बारेमा राम्ररी प्रचार प्रसार गर्न सकेमा यसले एउटा धार्मिक तीर्थस्थलका अतिरिक्त प्राकृतिक पर्यटकीय क्षेत्रको रूप लिन सक्नेछ ।

खारपानीदेखि उँभो दुई दिनको बाटो सेतीगण्डकीको शिरमा तीन शिरेनामक तीर्थ छ । यस तीर्थमा तीनतिरबाट पानीको मूल आई एकै ठाउँमा त्रिवेणी परेर मिसिएको छ । अतः यसलाई तीनशिरेतीर्थ भनिएको हो । यस तीनशिरेतीर्थमा जनै पूर्णिमाको दिनमा मेला लाग्दछ । यहाँ जानको लागि माछापुछ्रे हिमालको पूर्व दक्षिणपट्टिको अग्लो नाका नाघेर जानुपर्ने र अरू बेलामा उक्त नाकालाई हिउँले ढाकिराख्ने हुँदा साउन महिनामा हिउँ पग्लेको बेलामा मात्र तीनशिरेतीर्थमा जान सकिन्छ । अतः साउनमा हिउँ पग्लेको बेला जनै पूर्णिमाको पर्व पारेर सेतीगण्डकीको उद्‌गम स्थल तीनशिरेतीर्थमा नुहाउन जाने गरिएको हो । यस अवसरमा म्रीसा र च्याकलुङ गाउँका भेँडी गोठालाहरूले तीर्थयात्रीहरूलाई बाटो देखाउने र वास बस्ने बन्दोबस्त गरिदिएको हुन्छ । ठाउँठाउँमा ढुङ्गाहरू खप्ट्याएर राखी मानिसलाई हिँड्नको लागि बाटोको निशाना देखाएर राखिएको हुन्छ ।

भारतमा गङ्गा र यमुनाको बीचको भूमिलाई अन्तर्वेदी मानिए जस्तै नेपालमा कृष्णधारा कालीगण्डकी र शुक्लधारा सेतीगण्डकीको बीचको पुण्य भूमिलाई अन्तर्वेदी मानिन्छ' भन्ने कुरा यसअघि नै उल्लेख भइसकेको छ । अतः माछापुछ्रे हिमालको काखमा रहेको सेतीगण्डकीको उद्‌गम स्थल तीनशिरेतीर्थको ठूलो महत्त्व रहेको छ । गण्डकीमाहात्म्यमा माछापुछ्रे हिमालका दुई शिखरमा नरनारायण नामक देवताहरू रहेको उल्लेख छ, जस्तै–

नगो मत्स्यगिरिर्नाम हिमवान् मत्स्यश्रृंगकः ।
तस्य शीर्षे स्थितौ देवौ नरनारायणाभिधौ ॥

(माछाको पुच्छर जस्तो आकारको टाकुरा भएको माछापुछ्रे नाम गरेको हिमालय पर्वत छ, त्यस पर्वतको शिरमा भगवान् नर र नारायण तपस्याको लागि बस्नुभएको थियो (अधिकारी, २०५५: १२३) ।

यस सन्दर्भमा नर भनेका जनता र नारायण भनेका जनार्दन अथवा राजा हुन् । यसरी माछापुछ्रे हिमालको दुई चुचुरोमा कवि हृदयले नर नारायण अथवा जनता र जनार्दन अथवा जनता र राजाको समन्वयात्मक युगलरूप देखेका छन् । जनता र राजाको बीचको अभेदात्मक समन्वयभाव नै नेपाल राष्ट्रको प्राण हो । अतः यस प्रकार निर्जीव पर्वतलाई जनता र राजाको सजीव प्रतीक सम्झेर त्यसलाई राष्ट्रिय भावनाले चित्रण गरी जनता र राजाको बीचमा अभेदात्मक समन्वय कायम गर्नु नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन एवं प्रवर्द्धनको लागि एउटा सकारात्मक दृष्टिकोण हो । नेपाली जनताहरूबीचको हार्दिक सद्‌भाव एवं जनता र राजाबीचको अन्योन्याश्रित समन्वयको भावना नै नेपाल राष्ट्र हो र त्यस भावनाप्रति जनता र राजाको प्रतिबद्धता र निरन्तरता नै नेपाली राष्ट्रियता हो । अतः जनता र राजा सधैँ यस भावनामा अडिग रहन सक्यो भने यसबाट नेपाली राष्ट्रियताको भावना दिगो रहेर सदासर्वदाको लागि

नेपाल राष्ट्र अटल रहन सक्ने छ । माछापुच्छ्रे हिमालका दुईटा चुचुराले नेपाली जनता र राजालाई सधैं यस दिशामा उत्प्रेरित गरिरहेको छ । अतः नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको परिप्रेक्ष्यमा कास्की, पोखराको माछापुच्छ्रे हिमाल एउटा अतुलनीय मानसतीर्थको प्रेरक हो' भन्नमा अत्युक्ति हुनेछैन ।

## पञ्चासेकुण्ड

कास्की जिल्लाको सदरमुकाम पोखरा बजारको पश्चिम-उत्तरमा कास्कीकोट अवस्थित छ । कास्कीकोटदेखि पश्चिमपट्टि पाङदुर, भदौरे र तमागी गाउँहरू छन् । तमागी गाउँको माथिपट्टि घनघोर जङ्गलसहितको एउटा अग्लो डाँडा छ । यो डाँडा पञ्चासे डाँडाको नामबाट प्रख्यात छ । ज्यादै अग्लो भएकोले पुस-माघतिर पञ्चासे डाँडामा हिउँ पनि पर्दछ । पञ्चासे डाँडाबाट गण्डकी, धौलागिरि, लुम्बिनी र नारायणी अञ्चलका पर्वत एवं हिमशृङ्खलाहरू, खोला, नाला, ताल, तलैया र फाँटका दृश्यहरू राम्ररी अवलोकन गर्न सकिन्छ । दिन उघ्रेको बेलामा पञ्चासेको डाँडाबाट काठमाडौंको धरहराको टुप्पो पनि देखिन्छ भन्ने लोकोक्ति छ ।

पञ्चासे डाँडाको टुप्पामा एउटा कुण्ड अवस्थित छ । यो कुण्ड पञ्चासे कुण्डको नामबाट प्रसिद्ध छ । वनको बीचमा स्थित यो कुण्ड सधैं सफा पानीले भरिएर रहेको हुन्छ । लमजुङको युलुङ पोखरीमा जस्तै कास्कीको पञ्चासेकुण्डमा पनि रूखको पात खस्यो भने चराहरूले उक्त पातलाई आफ्नो मुखले च्यापेर अन्यत्र लगी फाल्दछन् र कुण्डलाई सधैं सफा गर्दछन्' भन्ने विश्वास छ । पञ्चासेको लेकमा अघि जोगीहरू कुटी बनाएर बस्दथे, कोही ता रूखको धोत्रिएको टोड्कामा ध्यान गरेर बस्दथे ।

पञ्चासेदेखि पूर्व-दक्षिणमा पोखराको प्रसिद्ध फेवाताल र ताल वाराहीको मन्दिर अवस्थित छ । पश्चिमपट्टि आँधी खोलाको मुहान र पञ्चमूल पर्दछ । आँधी खोलालाई श्रवण कुमारका अन्धा अन्धी माता पिताको कथासँग सम्बद्ध मानिन्छ । पञ्चासेको उत्तरमा घान्द्रुकनामक एउटा ठूलो गुरुङ गाउँ छ । घान्द्रुकको मेस्रोंमा वराहको स्थान छ, जसलाई मेस्रों वराहको नामबाट पुकारिन्छ । यहाँको वराह गाईको बाच्छाको स्वरूपको छ भन्ने विश्वास गरिन्छ । अतः यस वराहलाई मेस्रों वराह भनेको हो । गुरुङ भाषामा गाईलाई मे भनिन्छ । यस भेकमा घान्द्रुक मेस्रों वराहको ठूलो महिमा छ । घान्द्रुकदेखि पूर्व-दक्षिणमा स्थित ताञ्चोक गाउँमा पनि वाराहीको स्थान छ । यहाँको वाराहीलाई कान्छी वाराही भनिन्छ ।

पञ्चासेकुण्डमा मार्गकृष्णचतुर्दशी अथवा बालाचतुर्दशीको दिनमा मेला लाग्दछ । त्यस दिन काठमाडौंको पाशुपतक्षेत्र मृगस्थली र कैलाशमा शतबीज छर्न जान नसक्ने मानिसहरू आफ्ना पितृको मुक्तिको लागि पञ्चासेमा गएर शतबीज गर्दछन् । अहिले पञ्चासे कुण्डमा जानको लागि पोखरा-बाग्लुङ मोटर बाटोबाट काँडे र तमागी भएर जाँदा पायक पर्दछ ।

## आलमदेवी, लसर्घा

गण्डकी अञ्चलको स्याङ्जा जिल्लामा रिडीदेखि पूर्वपट्टि लसर्घानामक डाँडा अवस्थित छ । लसर्घाको डाँडामा आलमदेवीको स्थान छ । लसर्घाको आलमदेवी स्थान जैन खानको दुर्ग हो । दुर्गमा दुर्गा भवानीको विजयध्वजा फहराउने परम्परा भएको र विजयध्वजालाई स्थानीय भाषामा आलम भन्ने हुनाले दुर्गा भवानीलाई स्थानीय भाषामा आलमदेवी भनेको हो । स्याङ्जा, लसर्घाका आलमदेवी खान एवं शाह वंशका कुलदेवी हुन् । लसर्घाका आलमदेवीलाई आठ टीकाका खान एवं शाह राजाहरूले आ-आफ्ना कोटमा कालीको रूपमा स्थापना गरेका छन् । वास्तवमा आलमदेवी सिद्धिलक्ष्मी हुन् । आलमदेवीको नैमित्तिक अथवा वार्षिकपूजा वैशाखशुक्लचतुर्दशीको दिनमा हुन्छ । वैशाखशुक्लचतुर्दशीको अर्को नाम नृसिंहचतुर्दशी हो । नृसिंहचतुर्दशीको मध्य रातमा नृसिंहको नजिक सिद्धिलक्ष्मी प्रकट हुन्छिन्' भन्ने आगमको वचन छ (ज.ब.रा, २०२०: २२१) । आलमदेवीको स्थानमा मास्की राना मगरको चूडाकर्म भएको र विवाह नभएको कुमारद्वारा पूजा गरिन्छ ।

सिद्धार्थ राजमार्गमा पर्ने गलेङ भञ्ज्याङदेखि आँधिखोलाको बायाँपट्टि डाँडैडाँडा बम भञ्ज्याङ, गराँदि; गुठी भञ्याङ, जगत्रदेवी, वल गाउँ, जयपति पौवा, गुरुंदि, विर्घा र वैघ हुँदै लसर्घा जाने मूल बाटो छ । गलेङ भञ्ज्याङदेखि आलमदेवीको स्थानसम्म ६ कोश मानिएको छ । रिडीबाट पूर्वतिर ३ कोश उकालो चढेपछि पनि लसर्घाको आलमदेवी पुगिन्छ ।

आग्नेयबाट वायव्यतर्फ फैलिएको एउटै डाँडाको आग्नेयपट्टिको टुप्पा वैघा र वायव्यपट्टिको टुप्पा लसर्घा हो । वैघाभन्दा लसर्घाको डाँडा अग्लो छ । यी दुईटा डाँडाको बीचमा एउटा भञ्ज्याङ पर्दछ, जसलाई वैघा भञ्ज्याङ भनिन्छ । वैघा भञ्ज्याङबाट कालीगण्डकीको दायाँ किनारामा रहेको रानीघाटको मनोरम दृश्य राम्ररी अवलोकन गर्न सकिन्छ । लसर्घाको पूर्वपट्टि विर्घा, नैर्ऋत्यकोणमा कार्कीकोट, रिडी र कोटाकोट पर्दछ । लसर्घाबाट पाल्पा, तानसेन, श्रीनगरको डाँडा नजिकै देखिन्छ ।

गुरुंदिको बेंसी मिर्मिमा पुगेपछि आँधि मुहानमा आँधिखोला कालीगण्डकीसँग मिसिन्छ । आँधि मुहानबाट कालीगण्डकी रिडीसम्म सिधा पश्चिमतिर बगेर लसर्घा, कोटाकोट र कार्कीकोटलाई परिवेष्टित गरी रिडीबाट सिधा पूर्वतिर बगेको छ । यसरी लसर्घाको डाँडालाई पूर्वतिरबाहेक तीनतिरबाट कालीगण्डकीले घेरेर राखेको छ । अतः प्राकृतिक दृष्टिले पनि लसर्घाको डाँडा एउटा अजेय दुर्गको रूपमा रहेको छ । आलमदेवीको स्थान जैन खानको दुर्ग हो भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ ।

आलमदेवीको स्थानमा मन्दिर छैन । यो स्थान गुह्येश्वरीको स्थान जस्तै पीठशैलीको छ । यस स्थानको बाहिरी भागमा चारैतिर चारपाटे पर्खाल लगाइएको छ । उक्त पर्खालको चारकुनामा चारवटा बुर्जा र पश्चिम एवं दक्षिणपट्टि दुईटा ढोका छन् । यस चौगिर्द पर्खालभित्र बरण्डा छ । बरण्डाबाट पेटी

उठाएको छ र त्यस पेटीमाथि पनि चौगिर्द चारपाटे पर्खाल लगाएको छ । त्यस भित्री पर्खालको चौकोणमा पनि चार बुर्जा र चार दिशामा चार ढोका छन् । भित्री पर्खालभित्र पूजा चौका बनाएको छ । अघि त्यस पूजा चौकाको बीचमा सती अल्पलिएको दुलो थियो भनिन्छ, तर अहिले त्यहाँ भीमसेनपातीको रुख उम्रिएको छ । भीमसेनपातीको फेदमा एउटा पुरानो घण्टा जमिनमा गाडिएर रहेको अवस्थामा छ, जसलाई उक्त घण्टा खाँड जागेर रहेको विश्वास गरिन्छ । बाहिरी पर्खालको दक्षिण ढोकासामुन्ने सानो आँगन छ र त्यस आँगनमा मौलो गाडिएको छ । भित्री पर्खालभित्रको पूजा चौकाभित्र मास्की राना मगरको व्रतबन्ध भएको र विवाह नभएको कुमार पूजारीबाहेक अरू पस्न पाइँदैन । यसैगरी बाहिरी पर्खालभित्र ठकुर्नीहरूबाहेक अरू स्त्री जातिहरू पस्न पाइँदैन ।

आलमदेवीको स्थानमा मगरहरूको पनि कुलायन पूजा हुन्छ । अरूको पूजा भइरहेको बेलामा ठकुरीहरूको कुलायन पूजा आयो भने अरूको पूजा रोकेर ठकुरीहरूको कुलायन पूजा गर्ने र ठकुरीहरूमा पनि आठटीकाको जेठो घर भीरकोट हुनाले भीरकोटे खान ठकुरीहरूको पूजा सकेर मात्र अरू ठकुरीहरूको पूजा गर्ने परम्परा छ । कुलायन पूजामा थुमा भेडाको बलि दिने चलन छ । कुलायन पूजाको थुमा भेडाको बलि भित्री पर्खालको पश्चिम ढोकामा र हाँस, कुखुरा र परेवाको बलि भित्री पर्खालको पूर्व ढोकामा दिइन्छ । राँगा र बोकाको बलि पर्खालबाहिर मौलोमा र सुँगुर पाठाको बलि दशैँमा कोटघरमा मात्र दिने चलन छ ।

इतिहासशिरोमणि बाबुराम आचार्यका अनुसार लसर्घामा आएर जैन खानले पहिलो अल्पकालिक स्थायी बास जमाएको देखिन्छ (आचार्य, २०२४: १: २) । गोरखाराजवंशावलीअनुसार जैन खानका छोरा सूर्य खानले लसर्घा छोडेर खिलुङमा राज्य कायम गरेर बसे । सूर्य खानको मृत्युपछि उनका जेठा छोरा खाञ्चाले खिलुङ छोडेर खिलुङदेखि पूर्वपट्टि भीरकोटमा र कान्छा छोरा मिञ्चाले खिलुङदेखि ईशान र भीरकोटदेखि उत्तरपट्टि केही माथि नुवाकोटमा राज्य कायम गरेर बसे । खाञ्चाका सन्तानहरूले भीरकोटबाट छुट्टिएर भीरकोटदेखि दक्षिणपट्टि गह्रौं र भीरकोटदेखि ईशानपट्टि ढोर राज्य खडा गरे । यसैगरी मिञ्चाका सन्तानहरूले नुवाकोटबाट छुट्टिएर नुवाकोटदेखि नैर्ऋत्यतर्फ आँधिखोलापारि सतौं र नुवाकोटदेखि ईशानतर्फ केही माथि कास्की राज्य स्थापना गरे । मिञ्चाका छोरा कुलमण्डन शाहका पालादेखि शाह उपाधि धारण गरे (गुरुङ, २०३६: ११-१६) ।

नुवाकोटे राजा मिञ्चाका कान्छा छोरा जगदि खान साहीले कास्की राज्य खडा गरेको र जगदि खान साहीले क्होलका घले राजालाई परास्त गरेर यिनी कुलमण्डन शाहका नामबाट प्रसिद्ध भएको कुरा यस अघि नै उल्लेख भइसकेको छ । कुलमण्डन शाहका माहिला छोरा कालु शाहलाई लमजुङका जनताले लमजुङमा लगेर राजा थापेका थिए, तर लमजुङका घले राजाले शिकार खेल्न जाँदा कालु शाहलाई मारिदिए । त्यसपछि कुलमण्डन शाहका कान्छा छोरा यशोब्रह्म शाहलाई फेरि लमजुङमा लगेर राजा थापे । यशोब्रह्म शाहले

लमजुङका गुरुङहरूलाई हात लिई त्यहाँका घले राजालाई जितेर लमजुङमा एकछत्र राज्य गरे । यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाहले गोरखामा शाह वंशको राज्य स्थापना गरे । द्रव्य शाहपछि राम शाहले गोरखाको राज्य बढाउनुका साथै राज्यलाई दिगो राख्न विभिन्न थितिहरू बाँधे । राम शाह पछि गोरखा शाह वंशका पृथ्वीनारायण शाहले गोरखादेखि वर्तमान पूर्वी नेपालसम्मको राज्य अर्जेर नेपालको एकीकरणको शुभारम्भ गरे । पृथ्वीनारायण शाहका नाति रणबहादुर शाहको राज्यकालमा पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहले वर्तमान पश्चिम नेपालसम्मको राज्य अर्जेर नेपालको एकीकरण कार्यको समापन गरेका थिए ।

पश्चिमतिर युद्धको उद्योग चलेको बेलामा रणबहादुर शाहको राज्यकाल एवं बहादुर शाहको नायबी कालमा जीव शाहले 'युद्धमा विजय होओस्' भन्ने कामनाले लसर्घाका कुलदेवता आलमदेवीलाई वि.सं. १८४३ जेठमा नगरा र कर्णालसहित १५० मुरी खेत गुठी राखेर सोही नगरामा उक्त बेहोराको अभिलेख कुँदाएका थिए । वि.सं. १८४३ असोजमा रणबहादुर शाहबाट जीव शाहले लसर्घाका कुलदेवता आलमदेवीलाई चढाएको उक्त गुठी सदर गरेर त्यसको लालमोहर गरिदिएका थिए । त्यसपछि वि.सं. १८५७ पुसमा रणबहादुर शाहका छोरा गीर्वाणयुद्धविक्रम शाहले उक्त गुठी थामेर लालमोहर गरिदिएका थिए । उपर्युक्त नगराको अभिलेख र दुबै लालमोहरमा लसर्घाका आलमदेवीलाई श्रीकुलदेवता भनिएको छ । आजसम्म पनि उक्त गुठीबाट लसर्घाका आलमदेवीको नित्य नैमित्तिक पूजा चलिआएको छ (गुरुङ, २०३६: ११-१६) ।

जैन खान एवं गह्रौंकोटे खान राजाहरूको पालामा आलमदेवीको स्थान कस्तो थियो, त्यसको विवरण थाहा पाउन सकिएको छैन । भीरकोटे राजा चक्रवर्ती खानका वंशज तारकबहादुर शाह पाल्पा गौँडाका बडाहाकिम छँदा आलमदेवी स्थानको मर्मत गरिएको थियो । त्यसपछि स्व. श्री ५ वीरेन्द्रको समयमा पनि आलमदेवी स्थानको जीर्णोद्धार भएको थियो । आलमदेवीको स्थान पीठशैलीको छ भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ ।

यसरी लसर्घाको आलमदेवी स्थानबाट टुसाएको राजवंशले नेपालको राष्ट्रिय एकीकरण र समीकरण गरेर विविध जात जाति, भाषा, धर्म र संस्कृतिका अनुयायी नेपाली जनताको भावनाको कदर गरी सिङ्गो नेपाल राष्ट्रको निर्माण गरेको पाइन्छ । अतः यस परिप्रेक्ष्यमा लसर्घाका आलमदेवीको स्थान नेपाली राष्ट्रियताको उत्प्रेरक भूमि अथवा नेपालको राष्ट्रिय मानसतीर्थको रूपमा रहेको पाइन्छ ।

## केलादीघाट

गण्डकीप्रस्रवणक्षेत्रमा सिद्धार्थ राजमार्गको रामदीदेखि दक्षिणपट्टि शालिग्रामी कालीगण्डकीको किनारामा केलादीघाट अवस्थित छ । यस घाटको दायाँ भागमा पाल्पा र बायाँ भागमा स्याङ्जा जिल्ला पर्दछ । तनहुँको भीमाद, स्याङ्जाको गलेङ भञ्ज्याङ, पाल्पाको रामदी एवं आर्य भञ्ज्याङ, नवलपरासीको अरूण खोला

र चितवनको देवघाटबाट केलादीघाट जाने मुख्य बाटाहरू छन् । केलादी मगर भाषाबाट रहेको नाम हो तापनि यस शब्दको अर्थ बुझ्न सकिएको छैन ।

अघि पुरानो जमानामा खोलानालामा तार घाट नहुँदा गोरखा, लमजुङ र तनहुँबाट बुटवल जाने मुख्य बाटोमा केलादीघाट पर्दथ्यो । गण्डकीप्रस्रवणक्षेत्रमा अति लोकप्रिय नृत्य नाटिका घाटुको गीतमा पनि केलादीघाटको उल्लेख आएको छ । घाटु नृत्य नाटिकाको समापनको अवसरमा समसामयिक चौबीसे राज्यका विभिन्न कोटहरू र सात जमुना (सप्तगण्डकी) का सातघाटका देवताहरूको पूजा गरिन्छ । केलादीघाटसँगै केलादीपुरनामक बस्ती रहेको प्रसङ्ग पनि घाटुको गीतमा आउँदछ । केलादीघाटबाट देउचुली र वरचुलीको डाँडा काटेर नवलपुरको थारू बस्तीमा जाने बाटो पनि छ । घाटु नृत्य नाटिकाका देउचुली, वरचुली, हिउँचुली र गङ्गाचुली यी चारवटा देवतामा देउचुली र वरचुली केलादी घाटको दक्षिण महाभारत पर्वतश्रृङ्खलामा र हिउँचुली र गङ्गाचुलीचाहिँ अन्नपूर्ण हिमश्रृङ्खलामा पर्दछन् ।

यसरी पहाड र मधेशको मुख्य बाटोमा पर्ने घाट भए तापनि गण्डकीमाहात्म्यमा भने केलादीघाटको उल्लेख पाइँदैन । गण्डकीमाहात्म्यमा केलादीघाटसँगै रहेको रामपुरको भने महिमा बखान गरिएको छ । गण्डकीमाहात्म्यको चौथो अध्यायमा रामपुरलाई अयोध्याका राजा भगवान् रामचन्द्रको तपोभूमिको रूपमा वर्णन गरिएको छ, जसमा स्वयं भगवान् रामचन्द्रले नै यस क्षेत्रको रामपुर नाम राखेको वर्णन छ । रामपुरमा स्थित घाट रामघाट नामबाट प्रसिद्ध छ । रामपुरमा राम सीताको मन्दिर अवस्थित छ । यसका अतिरिक्त रामपुरको दक्षिणमा पहाडको टाकुरामा सीताकुण्ड रहेको वर्णन पनि गण्डकीमाहात्म्यमा पाइन्छ (अधिकारी, २०५५: ६१-६३) । यसरी गण्डकीमाहात्म्यमा वर्णन गरिएको रामपुर क्षेत्रले वर्तमानमा आएर आफ्नो प्राचीन महिमा र गौरवलाई जोगाएर राख्न सकेको देखिँदैन । यसको सट्टा रामपुरक्षेत्रको प्राचीन महिमा र गौरवको उत्तरदायित्व अहिले केलादीघाटले वहन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा निम्बार्क आश्रमको स्थापना भएपछि केलादीघाटको महत्त्व बढेको हो । यसको श्रेय स्वामी भगवत्शरण देवाचार्यलाई छ । स्वामी भगवत्शरण देवाचार्यको जन्म स्याङ्जाको मग्याम, चिसापानीमा भएको हो । पहिले उनी ज्यौतिषशास्त्रको अध्ययन गर्न पर्वतको पाङ गएका थिए । पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारदेखि उत्तरतर्फ अर्मादीघाट र सहस्रधारादेखि माथिपट्टि पाङ पर्दछ । पाङलाई ज्यौतिषशास्त्रको मुख्य थलो मानिन्छ । गण्डकीप्रस्रवणक्षेत्रमा ज्यौतिषशास्त्रका दुईटा गढ छन्, ती हुन् कास्कीको अर्घौं र पर्वतको पाङ । केही वर्ष अघिसम्म यहाँका ज्योतिषीहरूले प्राचीन गुरुकुलपरम्पराअनुसार आफ्नो घरमा पढ्न आउने विद्यार्थीहरूलाई निःशुल्क ज्यौतिषशास्त्र पढाउँदथे । विद्याको क्षेत्रमा पर्वतको पाङलाई अघिल्लो कल्पको काशी मानिन्छ । यसैगरी खेतीपातीमा पनि पाङ रसिलो छ । त्यसकारण पहाडमा पाङ र मधेशमा दाङ भन्ने उखान प्रचलित छ ।

पाङमा ज्यौतिषशास्त्रको अध्ययन गरेपछि आफ्नो अध्ययनलाई अघि बढाउन स्वामी भगवत्शरण देवाचार्य काशी गए । काशीमा गएपछि उनको चित्त आध्यात्मिक चिन्तनतिर लाग्यो । त्यसकारण उनी वृन्दावन गए । वृन्दावन पुगेपछि उनले श्रीमद्भागवतमहापुराणको अध्ययन गरे र त्यसपछि निम्बार्क सम्प्रदायमा दीक्षित भए । त्यसपछि उनी आफ्नो जन्मभूमि नेपाल आई केलादी घाटलाई मुख्य अखडाको रूपमा स्थापना गरेर निम्बार्क मतको प्रचारमा लागे । यसै सन्दर्भमा उनले वि.सं. २०१२ तिर केलादीघाटमा राधाकृष्णको मन्दिर निर्माण गरे । केलादीघाटमा राधाकृष्णको मन्दिर कालीगण्डकीको दायाँ किनारामा पाल्पा जिल्लामा अवस्थित छ । केलादीघाटमा स्याङ्जा जिल्लातर्फ संस्कृत माध्यमिक विद्यालय र राधादामोदर संस्कृत विद्यापीठ अवस्थित छ । यहाँको राधादामोदर संस्कृत विद्यापीठलाई महेन्द्र संस्कृत विश्वविद्यालयको सम्बन्धन प्राप्त छ ।

वैष्णव धर्मका सम्प्रदाय प्रवर्तक आचार्यहरूमा यमुनाचार्य, रामानुजाचार्य, आचार्य रामानन्द, मध्वाचार्य, निम्बार्काचार्य, वल्लभाचार्य आदिको नाम अग्रपंक्तिमा आउँछ । निम्बार्क सम्प्रदायका प्रवर्तक निम्बार्काचार्य हुन् । सम्प्रदाय प्रवर्तकको नामबाट नै यस सम्प्रदायको निम्बार्क सम्प्रदाय नामकरण गरिएको हो । निम्बार्काचार्यको वास्तविक नाम नियमानन्द हो । उनको जन्म भारतको दक्षिण हैदराबादको निजाम राज्यको वेदर गाउँमा भएको थियो । उनी वृन्दावनमा रहन्थे । मथुरामा गङ्गाको किनारामा यस सम्प्रदायको गद्दी रहेको छ । निम्बार्क सम्प्रदायका अनुयायीहरू निम्बार्काचार्यलाई सूर्यको अवतार मान्छन् । एक पटक निम्बार्काचार्यको आश्रममा एकजना सन्न्यासी सत्सङ्गको लागि आएका थिए । धर्मको चर्चा गर्दागर्दै साँझ परिहाल्यो । सन्न्यासीले रातमा भोजन गर्दैनथे । अतः निम्बार्काचार्यले सूर्यलाई एकछिन अस्त नहुनको लागि अनुरोध गरे । अतिथिले भोजन गरिनसकुन्जेल सूर्य अस्ताचलमा जानुभएन । सन्न्यासीले भोजन गर्ने बेलामा सूर्यको प्रकाश निम्बार्काचार्यको आश्रमको नीमको रूखमा प्रकाशित भइरह्यो । अतः त्यही दिनदेखि उनको नाम निम्बार्काचार्य रह्यो (वर्मा, २०३२: ३०२) ।

आद्य जगत्गुरु शङ्कराचार्यले अद्वैत वेदान्त दर्शनको प्रतिपादन गरे । "ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः" (ब्रह्म सत्य छ, जगत् झुटो हो, जीव ब्रह्म नै हो, अर्को होइन) भन्ने उनको दार्शनिक सिद्धान्त हो । अर्को कुरा आद्य जगत्गुरु शङ्कराचार्यको दृष्टिमा माया भनेको अविद्या वा मोह हो । या = जुन वस्तु, मा= छैन अथवा वास्तविक होइन, त्यो माया हो । अतः मायाको कारणले गर्दा जीवले आफूलाई "अहं ब्रह्मास्मि" (म ब्रह्म हूँ) " भन्ने वास्तविक तत्वज्ञान बिर्सन्छ र जन्म एवं मरणको चक्रमा घुमिरहन्छ । जब जीवको मायाको आवरण हट्दछ, तब जीवलाई म यो देह अथवा शरीरभन्दा पर अथवा भिन्न छु, म जन्मने र मर्ने होइन, म ब्रह्म हूँ भन्ने आत्मज्ञान हुन्छ, त्यसपछि जीव भवबन्धनबाट मुक्त भई ब्रह्म साक्षात्कार हुन्छ भन्ने अद्वैत वेदान्तको दार्शनिक सिद्धान्त हो ।

आद्य जगत्गुरु शङ्कराचार्यपछि वैष्णव आचार्यहरूले दर्शनमा भक्तिको सम्मिश्रण गरेर मुक्तिको उपायलाई सरल बनाइदिए । यस्ता भक्तिवादी वैष्णव आचार्यहरूमा रामानुजाचार्य मुख्य छन् । रामानुजाचार्यले विशिष्टाद्वैतदर्शनको प्रतिपादन गरे । "चित् अचित् धर्मावच्छिन्नत्वं विशिष्टत्वम्" (चित् = चैतन्य अथवा जीव र अचित् = जड पदार्थ अथवा जगत् दुवै गुणले युक्त ईश्वर विशिष्ट हुनुहुन्छ) । यो नै विशिष्टाद्वैत दर्शनको दार्शनिक सिद्धान्त हो । रामानुजाचार्यले जीव र जगत् दुवैलाई ईश्वरका दुई रूप मानेका छन् । अतः रामानुजाचार्यको विचारमा जीव र जगत् दुवै समान रूपले सत्य छन् । जीव र जगत् ईश्वरबाट भिन्न भए तापनि जीव, जगत् र ईश्वर अविभाज्य छन् । अतः रामानुजाचार्यको यस दर्शनलाई विशिष्टाद्वैत दर्शन भनिएको हो । शङ्कराचार्यले जीव र ब्रह्म द्वैत अथवा दुईटा नभएर अद्वैत अथवा एउटै हुन् भन्ने सन्दर्भमा अद्वैत शब्द प्रयोग गरेका छन् भने रामानुजाचार्यले चाहिँ जीव, जगत् र ईश्वर अविभाज्य अथवा एउटै हुन् भन्ने सन्दर्भमा अद्वैत शब्द प्रयोग गरेका छन् । रामानुजाचार्यले शङ्कराचार्यले जस्तै मायालाई अविद्या वा मोह मानेका छैनन् । रामानुजाचार्यको विचारमा ईश्वरको शक्ति नै माया हो । अतः ईश्वरले आफ्नो मायाबाट जगत्को सृष्टि र लीला गर्नुहुन्छ । रामानुजाचार्यको विचारमा श्रीमन्नारायण नै ईश्वर हुन् । अतः श्रीमन्नारायण अथवा विष्णुको भक्तिनै मुक्तिको उपाय हो । रामानुजाचार्यले ईश्वरलाई सगुण रूपमा मानेका छन् ।

रामानुजाचार्यपछि अर्का भक्तिवादी वैष्णव आचार्य निम्बार्काचार्य भए । निम्बार्काचार्यले ब्रह्मसूत्रको भाष्य लेखेका छन् । निम्बार्काचार्यले लेखेको ब्रह्मसूत्रको भाष्य वेदान्तपारिजातको नामबाट प्रसिद्ध छ । निम्बार्काचार्यले द्वैताद्वैत दर्शनको प्रतिपादन गरे । निम्बार्काचार्यले जीव र ईश्वर व्यवहारमा द्वैत अथवा दुईटा भए तापनि वास्तवमा जीव र ईश्वर अभिन्न अथवा एउटै वा अद्वैत मानेका छन् । अतः निम्बार्काचार्यको दार्शनिक सिद्धान्तलाई द्वैताद्वैत भनिएको हो । रामानुजाचार्यले श्रीमन्नारायण वा विष्णुलाई ईश्वर मानेका छन् भने निम्बार्काचार्यले श्रीकृष्णलाई ईश्वर मानेका छन् । निम्बार्क सम्प्रदायको आधारग्रन्थ श्रीमद्भागवतमहापुराण हो र श्रीमदभागवतमहापुराणमा "कृष्णस्तु भगवान् स्वयं" भनेको कुरा यस सन्दर्भमा स्मरणीय छ ।

निम्बार्क सम्प्रदायले भक्तिलाई मुक्तिको साधन मानेको छ र उपासनाद्वारा ईश्वर प्राप्त हुन्छ' भन्ने यस सम्प्रदायको मान्यता छ । निम्बार्काचार्यले श्रीकृष्णलाई नै भगवान् मानेको कुरा यस अघि नै उल्लेख भइसकेको छ । अतः निम्बार्काचार्यले राधाकृष्णको मूर्ति स्थापना गरेर राधाकृष्णको पूजा र भक्तिको उपदेश दिएका छन् । राधाकृष्णलाई राधादामोदरको उपाधिद्वारा पनि सम्बोधन गरिन्छ । यसरी निम्बार्काचार्यले वैष्णव धर्ममा कृष्णभक्तिको धारा प्रवाह गराए । वैष्णव धर्ममा रामभक्तिको धारा र कृष्णभक्तिको धारा गरी भक्तिका दुईटा धारा प्रवाहित भएको कुरा यस सन्दर्भमा स्मरणीय छ ।

आगम अथवा तन्त्रमा रामभक्तिको धारालाई दशमहाविद्यामध्ये तारा उपासना र कृष्णभक्तिको धारालाई काली उपासनासँग सम्बद्ध मानिएको छ ।

अर्को कुरा "कलौ काली" भनेर कलियुगमा कालीको उपासनालाई विशेष फलदायी एवं कल्याणकारी मानिएको छ । यसका अतिरिक्त आनन्दको समयमा पुरुषलाई हुने अनुभूति स्त्रीलाई र स्त्रीलाई हुने अनुभूति पुरुषलाई नहुने हुँदा भगवान् शिवले करवीर पुष्पमा आफ्नो लिङ्गलाई लुकाएर राधाको स्वरूप लिएको र कालीस्वरुपिणी पार्वतीले शिखिपुच्छ अथवा मयूरको प्वाँखमा आफ्नो योनि लुकाएर कृष्णको स्वरूप लिएर लीला गरेको विश्वास गरिन्छ । अतः वैष्णवहरू भाद्रकृष्णअष्टमीको राति कृष्णको जयन्ती मनाउँछन् भने त्यही अवसरमा शाक्तहरू काली जयन्ती मनाउँदछन् (ज.ब.रा., २०२०: २१४, २१५, २८८) । त्यसकारण "कृष्ण नै काली र काली नै कृष्ण" भन्ने मान्यता विकास भएको हो । यसरी कालीगण्डकीको किनारामा कृष्णभक्तिको धारा प्रवाहित हुनु ठाउँ सुहाउँदो र समय सापेक्ष छ ।

अर्को कुरा कृष्णको अर्थ हो आकर्षण । जीवलाई जगत् अथवा भौतिक सुखबाट आध्यात्मिक सुखतर्फ आकर्षित गरेर सच्चिदानन्द प्रदान गर्ने ईश्वर श्रीकृष्ण कहलाउँदछ । श्रीमद्भगवत्गीतामा श्रीकृष्णलाई सच्चिदानन्दकन्दघनको उपाधि दिएको छ । सत् चित् आनन्द अथवा चित्तको वास्तविक आनन्द नै सच्चिदानन्द हो । 'कन्द' भनेको मूल र 'घन' भनेको मूर्ति हो । अतः सच्चिदानन्दकन्दघनको अर्थ हो चित्तको वास्तविक आनन्दको मूल मूर्ति । भगवान् श्रीकृष्णलाई दामोदर नामबाट पनि उपासना गरिन्छ भन्ने कुरा यस अघि नै उल्लेख भइसकेको छ । दामोदर, यस नामलाई भवबन्धनबाट मुक्तिदायक मानिन्छ । वास्तवमा दामोदर यो भगवान् विष्णुको नाम हो तापनि कृष्णभक्तिमा भगवान् श्रीकृष्णलाई दामोदर अथवा मुक्तिदाताको विशेषणद्वारा विभूषित गरिएको छ ।

यसरी कालीगण्डकीको किनारा केलादीघाटमा सत् र असत्लाई केलाएर कृष्णभक्तिको माध्यमद्वारा जीवलाई द्वैतबाट अद्वैत भाव अथवा ईश्वरसँग एकीकृत गराउने दार्शनिक चिन्तनतर्फ उन्मुख गराउनुलाई नेपालको ठूलो गौरव मान्नुपर्दछ । अतः केलादीघाटलाई नेपालको वृन्दावन भन्नमा अत्युक्ति हुनेछैन ।

## रणउजीरेश्वरी भगवती

पाल्पा जिल्लाको सदरमुकाम तानसेन बजार र त्यस वरपरका सांस्कृतिक सम्पदाहरूमा पुरानो पाल्पाको भैरवस्थान, अमरगञ्जको अमरनारायण मन्दिर र भगवती टोलको रणउजीरेश्वरी भगवती मन्दिर मुख्य छन् । यी देवस्थलहरूले एउटा, एउटा इतिहास बोकेको छ र सबैको आ-आफ्नो महत्त्व रही आएको छ । पुरानो पाल्पाको भैरवस्थानले पाल्पाली राजा मुकुन्द सेन प्रथमको दिग्विजयको इतिहास र गौरवगाथा बोकेको छ । भाषावंशावलीमा मुकुन्द सेनले काठमाडौं उपत्यकामा आक्रमणगरी मच्छिन्द्रनाथको जात्रामा निकासिराख्ने भैरवको मूर्ति उखेलेर आफ्नो देश पाल्पा पठाइदिएको र उक्त मूर्ति पाल्पामा छँदैछ' भन्ने उल्लेख छ (लम्साल, २०२३: २७) । पुरानो पाल्पाको भैरवस्थानको माथिल्लो तलामा काठमाडौं, इन्द्रचोकको आकाश भैरवको मन्दिरमा जस्तै भैरवको धातुको

शीर्षभाग मात्र स्थापना गरिएको छ । भाषावंशावलीमा उल्लिखित मच्छिन्द्रनाथको जात्रामा निकासिराख्ने भैरवको मूर्ति भन्नाले मच्छिन्द्रनाथको रथको घमामा जडान गरिने भैरवको मकुण्डो भन्ने बुझिन्छ । मन्दिरको माथिल्लो तलामा स्थापित भैरवको यस मकुण्डोलाई सबैले दर्शन गर्न पाइन्छ । मन्दिरको भूईं तलामा भैरवको शरीरसहितको मूर्ति स्थापना गरिएको छ । भैरवको यो मूर्ति डरलाग्दो छ र पूजारीबाहेक अरूले यो मूर्तिको दर्शन गर्न पाउँदैनन् । मन्दिरको भूईंतलामा स्थापित यस भैरवलाई काशीको कालभैरवसँग सम्बद्ध मानिन्छ । पाल्पा भैरवस्थानमा नाथ सम्प्रदायका कनफट्टा योगीद्वारा पूजा गरिन्छ । शिव अथवा रुद्र देवताकै उग्ररूप भैरव हुन् । भैरवले वैरीलाई भय उत्पन्न गराउँदछ र साधकको अनिष्ट नाश गर्दछ' भन्ने विश्वास छ । अतः देशरक्षाको लागि कोटहरूमा भैरव स्थापना गर्ने परम्परा विकास भएको हो । यही परम्पराअनुरूप सेन, खान एवं शाह राजाहरूका कोटमा भैरव स्थापना गरिएको र नाथ योगीहरूले रोट चढाएर भैरवको पूजा गर्ने गरेको पाइन्छ । अघि भैरवका पूजारी यी नाथ योगीहरूले आफ्नो राज्यभर मुलुकमा घरैपिच्छे भैरवपाथी उठाएर खान पाउँदथे ।

यसपछि तानसेनको अमरगञ्जस्थित अमरनारायणको मन्दिर उल्लेखनीय छ । यो मन्दिर नेपालका मुख्तियार जर्नेल भीमसेन थापाका पिता जर्नेल अमरसिंह थापाले निर्माण गरेका हुन् । नेपालको शासनमा जर्नेल भीमसेन थापाको हालीमुहाली चलेपछि उनले आफ्ना पिता अमरसिंह थापालाई जर्नेल पद दिएर पाल्पाको प्रशासक नियुक्त गरेका थिए । पश्चिम नेपालको प्रशासन र अंग्रेजसँगको सम्बन्धको लागि पाल्पा गौंडाको प्रशासन महत्त्वपूर्ण थियो । त्यसकारण भीमसेन थापाले आफ्नै पिता अमरसिंह थापालाई पाल्पाको प्रशासक नियुक्त गरेका थिए । आफू पाल्पाको प्रशासक भए पछि जर्नेल अमरसिंह थापाले पाल्पाको तानसेन बजारमा आफ्नो नामबाट अमरगञ्जनामक बस्ती बसालेर त्यही बस्तीमा अमरनारायणको मन्दिर निर्माण गरे । अमरनारायण मन्दिरको तामापत्रमा पाल्पाका प्रशासक जर्नेल अमरसिंह थापाको पुस्तावली प्रस्तुत गरिएको छ । जर्नेल अमरसिंह थापाका जेठा छोरा मुख्तियार जर्नेल भीमसेन थापा र माहिला छोरा काजी नयनसिंह थापा भए । काजी नयनसिंह थापा वि.सं. १८६२ को असोजमा किल्ला काँगडाको लडाइँमा खटिएका थिए र किल्ला काँगडाकै युद्धमा उनले वीरगति प्राप्त गरे । काजी नयनसिंह थापाका जेठा उजीरसिंह थापा र कान्छा माथवरसिंह थापा दुई छोरा थिए । काजी नयनसिंह थापाले किल्ला काँगडाको लडाइँमा वीरगति प्राप्त गरेपछि उनका छोरा उजीरसिंह थापा, माथवर सिंह थापा र उनीहरूका आमालाई मरवट दिइएको थियो (पन्त, २०२५: १७, ५८) । पाल्पाका प्रशासक जर्नेल अमरसिंह थापाको वि.सं. १८७१ कात्तिकमा परलोक भयो । त्यसपछि उजीरसिंह थापा आफ्ना बाजे अमरसिंह थापाका उत्तराधिकारी पाल्पाका प्रशासक बने । त्यसबेला उजीरसिंह थापा १९ वर्षका थिए । उनको पद कप्तान थियो (पन्त, २०२२: ६: ६८-६९) । त्यसपछि उजीरसिंह थापा कर्नेल भए । उजीरसिंह थापा पाल्पा गएपछि कलिलै उमेरमा उनले अंग्रेजसँगको ठूलो लडाइँको सामना गर्न पर्‍यो ।

अघि पाल्पाका सेन राजाहरूले अहिलेको नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लाको अधिकांश तराई भाग अवध अथवा लखनउका नवाफलाई तिरो तिरेर भोग गरेका थिए । उता अवधको नैवाफलाई अंग्रेजले जिते र यता पाल्पा राज्य बृहत् नेपाल राष्ट्रमा सम्मिलित भयो । त्यसपछि अंग्रेजले नेपाललाई खानको लागि निहुँ खोज्न थाल्यो । अवधको नवाफको जग्गा तिमीहरूले तिरो तिरेर भोग गर्दा रहेछौ, अवधको नवाफलाई हामीले जित्यौं, अब हामीलाई तिम्रो तिरो चाहिँदैन, हाम्रो जग्गा हामीलाई नै फिर्ता देउ' भनेर अंग्रेजले नेपाललाई करेप्न थाले । नेपालले पनि हामी अघि पाल्पाली सेन राजाहरूले तिरिआएको सरह उक्त जग्गाको तिरो मात्र तिर्छौं, जग्गा भने फिर्ता गर्दैनौं' भनेर अड्डी लियो । त्यसपछि अंग्रेज गभर्नर जनरल हेस्टिंग्सले सन् १८१४ मार्च (वि.सं. १८७० चैत) मा नेपाललाई १५ दिनभित्र बुटवल र स्यूराजको विवादग्रस्त जग्गा छाडिदिन पत्र लेखी पठाए । नेपालले उक्त जग्गा नछाडेकाले म्याद सकिनासाथ गोरखपुरका बृटिश मजिष्ट्रेटले विवादग्रस्त जग्गा कब्जा गर्न जनरल उडको नेतृत्वमा ठूलो फौज पठाए । जनरल उडले पाल्पाली सेन राजाका एकजना बूढो बाहुनलाई बाटो देखाउने काममा लगाएका थिए । उक्त बूढो बाहुनले सालको बाक्लो वन छिचोलेर अंग्रेज सेनालाई बुटवल ल्याई पुऱ्याए । बुटवलको उक्त युद्धमा अंग्रेजतर्फका बृगेड मेजर कप्तान हेट र इन्जिनियर लेफ्टिनेन्ट मोरिस नराम्रोसँग घाइते भए । त्यसपछि नेपालीहरूको अद्भुत साहस र पराक्रम देखेर भयभीत भई अंग्रेज जर्नेल उड बुटवलको युद्धबाट पीठ फर्काएर पछि हटे (योगी, २०१२: ४३; स्टिलर, १९७५: ३४८, ३५४, ३५५; श्रेष्ठ, २०४४: ४५) ।

यसरी उन्नाइसै वर्षको उमेरका जोशिला नेपाली युवा कर्नेल उजीरसिंह थापाको नेतृत्वमा परिचालित नेपाली सेनाले अनुभवी अंग्रेज जर्नेल उडलाई हराइ दियो । अतः नेपालले अंग्रेजलाई जितेको गढी हुनाले त्यसबेलादेखि तिनाउको किनारामा रहेको बुटवलको उक्त गढीको जीतगढी नाम रह्यो । पृथ्वीनारायण शाहले चेपेको खावा र लिगलिगको आड भने जस्तै तिनाउको खावा र नुवाकोटको आड पारेर वज्र, सुर्की र ईंटाको प्रयोगद्वारा बुटवलको जीतगढी निर्माण गरिएको छ । दोस्रा साल (वि.सं. १८७२) मा पनि अंग्रेजले पाल्पा मुहुडामा आक्रमण गर्दा बुटवलको कुसुमघाटमा आई तोपका गोलाले हवेलीसम्म भेट्टाउँदा कर्नेल उजीरसिंह थापाले त्यो लडाइँ पनि जितेर अंग्रेजको फौजलाई काटेर धपाए (योगी, २०१२: ४३) । नेपालीहरू पहाडमा जन्मे हुर्केका हुनाले डाँडाकाँडामा ढुङ्गा मुढा गुल्ट्याएर अंग्रेजलाई जित्न सक्छन्, तर समथर मैदानमा अंग्रेजसँग लड्न सक्तैनन् । यसैगरी अंग्रेजलाई पहाडको वस्तुस्थिति राम्रो थाहा नहुनाले उनीहरू पहाडमा लड्न सक्तैनन् र समथर मैदानमा लड्न सिपालु हुन्छन् भन्ने साधारण अवधारणा थियो, तर बुटवलको जीतगढी र कुसुमघाटको युद्धले नेपालीहरू पहाड र समथर मैदान दुवै ठाउँमा लड्न सक्षम हुन्छन् र नेपालीहरूको खुँडा र खुकुरीको सामुन्ने अंग्रेजको तोपको गोला पनि काम लाग्दैन भन्ने प्रमाणित गरिदियो । यसरी बुटवलको युद्धमा दुई दुई पटकसम्म नराम्ररी मार खान परेको हुँदा अंग्रेजहरूले मकवानपुर र सोमेश्वर चितवनबाट चढ्नू, बुटवल गैह्र अन्त देखा नपर्नू भनेर योजना मिलाएको बुझिन्छ (पन्त, २०२२: ६:

७५) । कर्नेल उजीरसिंह थापा वि.सं. १८७२ को फागुनमा पाल्पाको नुवाकोट गढीमा थिए । उनले आफ्ना ठूला बाबा जर्नेल भीमसेन थापा र काजी रणध्वज थापालाई नुवाकोट गढीबाट लेखेको दुईटा पत्रबाट यो कुरा थाह हुन्छ (पन्त, २०२२: ६: ६८-७५; २०२२: ८: ४१-४७) । वर्तमान बुटवल बजारदेखि माथिको डाँडामा पाल्पाको नुवाकोट गढी अवस्थित छ । त्यसबेला अंग्रेजहरू नेपाललाई जित्न पूर्वदेखि पश्चिमसम्मका विभिन्न भागबाट अघि बढिरहेका थिए । त्यसकारण अंग्रेजको प्रतिकार र राष्ट्रको प्रतिरक्षाको लागि कर्नेल उजीरसिंह थापा पाल्पा गौँडाबाट नुवाकोट गढीमा आएर बसेको देखिन्छ ।

यसरी अंग्रेजलाई युद्धमा जितेको गौरवमय सुखद उपलक्ष्यमा कर्नेल उजीरसिंह थापाले पाल्पाको तानसेनमा रणउजीरेश्वरी भगवती स्थापना गरे । अतः पाल्पा, तानसेनको रणउजीरेश्वरी भगवती मन्दिर उन्नाइसै वर्षको उमेरमा अंग्रेजलाई जित्न सक्ने कर्नेल उजीरसिंह थापाको रणकुशलता, शौर्य, महत्त्वाकांक्षा र राष्ट्रप्रति वफादारीको गौरवमय स्मारक हो । यति मात्र नभएर कर्नेल उजीरसिंह थापाको गौरवगाथा आजका बाटो बिराएर रनभुल्लमा परेका र कुनै उद्योगविना रसरङ्गमा लागेर आफ्नो जीवन र धन बरबाद गरिरहेका नेपाली युवाहरू र आफ्नो राष्ट्र र राष्ट्रियतालाई बिर्सेर विदेशीको दलाल बनेका र तिनको दास मानसिकता बोकेका नेपालीहरूलाई सन्मार्गमा लागेर राष्ट्रको गौरव र स्वाभिमानको रक्षाको लागि आफ्नो जीवन उत्सर्ग गर्न परे पनि पछि नहट्नको लागि एउटा अद्वितीय प्रेरणाको स्रोत बनेको छ ।

कर्नेल उजीरसिंह थापाले अंग्रेजसँगको रण अथवा युद्ध जितेको उपलक्ष्यमा स्थापना गरेको भगवती हुनाले उक्त भगवतीको रणउजीरेश्वरी नाउँ रहेको भन्ने एउटा तर्क छ भने अर्कोतिर कर्नेल उजीरसिंह थापाले आफ्ना आमा रणकुमारी थापा र आफ्नो नाउँबाट संयुक्त रूपमा स्थापना गरेको भगवती हुनाले उक्त भगवतीको रणउजीरेश्वरी नाउँ रहेको हो भन्ने तर्क छ । काजी नयनसिंह थापाले किल्ला काँगडाको युद्धमा वीरगति प्राप्त गरेपछि उनका छोराहरू उजीरसिंह थापा, माथवरसिंह थापा र उनीहरूका आमा रणकुमारी थापालाई समेत मरवट दिइएको थियो । रणउजीरेश्वरी भगवतीको स्थापनासम्बन्धी तात्कालिक तामापत्र, शिलापत्र आदि अभिलेख पाइएको छैन । कर्नेल उजीरसिंह थापाका आमा रणकुमारी थापाले वि.सं. १८७६ को कात्तिकमा रणउजीरेश्वरी भगवतीलाई चढाएको अभिलेखसहितको घण्टा पाइएको छ । अहिले यस घण्टालाई मूल घण्टाको रूपमा रणउजीरेश्वरी भगवतीको मन्दिरमा स्थापना गरिएको छ (के.सी., २०५६: २६) । यसरी पाल्पा, तान्सेनको रणउजीरेश्वरी भगवतीको स्थापनामा कर्नेल उजीरसिंह थापाका आमा रणकुमारी थापाको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । सम्भवतः कर्नेल उजीरसिंह थापाले राष्ट्रभक्तिमा समर्पित हुनको लागि आफ्ना आमा रणकुमारी थापाबाट प्रेरणा पाएको हुनसक्छ । अतः कर्नेल उजीरसिंह थापाले आफ्ना आमा रणकुमारी थापा र आफ्नो संयुक्त नाउँबाट रणउजीरेश्वरी भगवतीको स्थापना गरेको तथ्य स्पष्ट हुन्छ ।

लिच्छवि राजा मानदेवले पूर्व पश्चिमका सामन्त शासकहरूलाई कज्याएर चाँगुनारायणको मन्दिरमा विजयस्तम्भ खडागरी आफ्ना आमा राज्यवतीलाई दान धर्म गर्न लगाए जस्तै कर्नेल उजीरसिंह थापाले पनि आँफ्नो नाउँअगाडि आमाको नाउँ राखेर 'रणउजीरेश्वरी' भनी भगवतीको नामकरण गरी आमा रणकुमारी थापाप्रति आदर व्यक्त गरेको पाइन्छ । कर्नेल उजीरसिंह थापाको यस कार्यले उनमा आफ्नो जन्मदिने आमा र आफू जन्मेको ठाउँ स्वर्गभन्दा पनि ठूला छन्' भन्ने आदर्श र मान्यता रहेको पाइन्छ । रामायणमा राम र लक्ष्मणको संवादको रूपमा यस आदर्श र मान्यतालाई यसरी व्याख्या गरिएको छ-

**नेयं स्वर्णपुरी लङ्का रोचते मम लक्ष्मण ।**
**जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ॥**

(भगवान् श्रीरामचन्द्र लङ्कामा रावणको वध गरेर अयोध्यामा फर्कनको लागि व्याकुल हुन्छन् । अतः भगवान् श्रीरामचन्द्र आग्रहपूर्वक भाइ लक्ष्मणलाई भन्नुहुन्छ कि हे लक्ष्मण ! यो स्वर्णपुरी लङ्कालाई म रुचाउँदिन, किनभने आफूलाई जन्म दिने आमा र आफ्नो जन्मभूमि स्वर्गभन्दा पनि ठूला छन् (श्रीजीवजी, २०५१: १४३) । यसैगरी तैत्तिरीय उपनिषद्मा 'मातृदेवो भव' भनेर पिता र आचार्यभन्दा पहिले आमालाई स्थान दिएको छ (देवकोटा, २०३०: १९६) ।

पाल्पाका राजा मुकुन्द सेन प्रथमले पर्वतका मल्ल राजा प्रतापी नारायण मल्लसँग आफ्ना छोरीको विवाह हुँदा कालिका भगवती दाइजो दिइपठाएका थिए । अहिले बाग्लुङमा प्रतिष्ठित कालिका भगवती तिनै हुन्' भन्ने विश्वास छ । अहिले पाल्पा, तानसेनमा कतै पनि सेनकालिक भगवतीको अवशेष पाइँदैन । रणउजीरेश्वरी भगवतीको मन्दिरभित्र अष्टधातुले बनेको रणउजीरेश्वरी भगवतीको मूर्तिको पछाडिपट्टि प्रस्तरको भगवतीको मूर्ति अवस्थित छ र भगवतीको उक्त प्रस्तर मूर्ति सेनकालिक हुन्' भन्ने जनविश्वास छ । यसैगरी नेपाल-अंग्रेज युद्धमा आफ्नो विजय होस् भनेर कर्नेल उजीरसिंह थापाले उक्त भगवतीको पूजागरी मन्दिर निर्माणको भाकल गरेको र अंग्रेजलाई युद्धमा जितेपछि आफ्नो भाकलअनुसार वर्तमान ठूलो मन्दिर बनाई त्यहाँ अष्टधातुबाट निर्मित भगवतीको मूर्ति स्थापना गरिएको हो भन्ने पनि जनविश्वास छ । यस बारेमा ऐतिहासिक तथ्यको आधारमा अझ राम्रो र विश्वासिलो अनुसन्धान हुन आवश्यक छ ।

रणउजीरेश्वरी भगवती मन्दिरको गर्भगृहमा अठारवटा हात भएकी र जिब्रो लपलपाइरहेकी महिषासुरमर्दिनी भगवतीको अष्टधातुबाट बनेको मूर्ति स्थापना गरिएको छ । अष्टधातुमा सुन, चाँदी, तामा, पित्तल, फलाम, काँस, जस्ता र सिसाको मात्रा मिलाएको हुन्छ । षाड्गुण्य अथवा ज्ञान, शक्ति, ऐश्वर्य, वीर्य, बल र तेज यी छवटा गुणलाई भगवद्गुण मानिएको छ । स्वात्मको पूर्णबोध र सबैको व्यापक परिज्ञान, 'ज्ञान' हो । ईश्वरको कार्य उत्पादन सामर्थ्य 'शक्ति' हो । परतन्त्र नभई स्वतन्त्र हुनु 'ऐश्वर्य' हो । यसैगरी अच्युत अथवा विकाररहित हुनु 'वीर्य' हो । जगत्को सृष्टि गर्दा परिश्रम नहुनु 'बल' र अरू कुनै सहकारीको आवश्यक नहुनु 'तेज' हो । (सक्सेना, १९८१ : ११८-११९) । ज्ञान, शक्ति, ऐश्वर्य,

वीर्य, बल र तेज यी षाड्गुण्यको संयुक्तनाम 'भग' हो । अतः जुन महापुरुष उपर्युक्त भगवद्षड्गुणले युक्त छ, उनी भगवान् कहलाउँदछ । यसैगरी जुन स्त्री उपर्युक्त भगवद्षड्गुणले युक्त छ, उनी भगवती कहलाउँदछिन् (रामकृष्णमाचार्युलु, १९८१: १३८) ।

श्रीदेव्यथर्वशीर्षमा देवी भगवतीले आफूलाई 'अहं ब्रह्मस्वरूपिणी । मत्तः प्रकृति-पुरुषात्मकं जगत् । शून्यं चाशून्यं च (म ब्रह्मस्वरूपिणी हूँ । मैबाट यो प्रकृति-पुरुषात्मक शून्य अथवा सद्रूप जगत् र अशून्य अथवा असद्रूप जगत् उत्पन्न भएको छ) भनेका छन् । यसैगरी श्रीमद्भगवतगीतामा भगवान् श्रीकृष्णले यस जगत्का सम्पूर्ण सर्वश्रेष्ठ प्राणी र वस्तुहरूलाई म आफैं हूँ' भने जस्तै श्रीदेव्यथर्वशीर्षमा देवी भगवतीले सपरीत-विपरीत सबै तत्त्व र सम्पूर्ण देवतालाई म आफैं हूँ' भनेका छन् (पाण्डेय, २०५१: ४४-५२) । यसैगरी दुर्गासप्तशतीको प्रथम अध्यायमा देवी भगवतीको महिमा यसरी बताएको छ –

त्वयैतद्धार्यते विश्वं त्वयैतत्सृज्यते जगत् ।<br>
त्वयैतत्पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा ॥

(हे देवी ! तिमी नै यस विश्व ब्रह्माण्डको धारण गर्दछौ । तिमीबाट नै यस जगत्को सृष्टि हुन्छ । तिमीबाट नै यसको पालन हुन्छ र सधैं तिमीले कल्पको अन्तमा सबैलाई आफ्नो गास बनाइदिन्छौ (पाण्डेय, त्यही: ४३, ७०) ।

दुर्गासप्तशतीको प्रथमचरित्रमा महाकाली, मध्यमचरित्रमा महालक्ष्मी र उत्तरचरित्रमा महासरस्वतीको ध्यान र चरित्रको महिमा बताइएको छ । दुर्गासप्तशतीको प्रथमचरित्रमा श्रीदेवीले नीलमणिको जस्तो कान्ति भएकी; दस मुख, दस हात र दसैवटा पाउ भएकी; आफ्ना दस हातमा खड्ग, चक्र, गदा, बाण, धनुष, परिघ, शूल, भुशुण्डी, मस्तक र शङ्ख धारण गरेकी महाकाली स्वरूपद्वारा मधु र कैटभनामक दैत्यलाई वध गरेको वर्णन छ । यसैगरी दुर्गासप्तशतीको मध्यमचरित्रमा 'समस्तदेवानां तेजोराशिसमुद्भवा' अथवा सबै देवताहरूको तेजपुञ्जबाट प्रकट भएकी श्रीदेवीले कमलको आसनमा बसेकी; प्रसन्न मुख भएकी; अठारवटा हात भएकी र आफ्ना अठारवटा हातमा अक्षमाला, बञ्चरो, गदा, बाण, वज्र, पद्म, धनुष, कुण्डिका, दण्ड, शक्ति, खड्ग, ढाल, शङ्ख, घण्टा, मधुपात्र, शूल, पाश र चक्र धारण गरेकी महालक्ष्मी स्वरूपद्वारा महिषासुरलाई मर्दन गरेको वर्णन छ । यसरी महिषासुरलाई मर्दन गरेको हुनाले महालक्ष्मी महिषासुरमर्दिनी नामबाट प्रख्यात भइन् । दुर्गासप्तशतीको उत्तरचरित्रमा गौरीको शरीरबाट प्रकट भएकी श्रीदेवीले शरद् ऋतुको शोभासम्पन्न चन्द्रमाको जस्तो मनोहर कान्ति भएकी, आठवटा हात भएकी र आफ्ना आठवटा हातमा घण्टा, शूल, हलो, शङ्ख, मूसल, चक्र, धनुष र बाण लिएकी महासरस्वती स्वरूपद्वारा शुम्भ र निशुम्भनामक दैत्यको वध गरेको वर्णन छ (पाण्डेय, त्यही: ५९-६०, ७५,१०९) ।

अष्टादशभुजा महिषासुरमर्दिनीका उग्रचण्डा र महोग्रचण्डा दुई रूप हुन्छन् । दुर्गासप्तशतीको मध्यमचरित्रमा वर्णित सबै देवताहरूको तेजपुञ्जबाट प्रकट भएकी अठारवटा हात भएकी महिषासुरमर्दिनी दुर्गा उग्रचण्डा हुन् । उग्रचण्डा र

महोग्रचण्डा दुवैका अठारैवटा हात हुन्छन् र प्रतिमालक्षण पनि एउटै हुन्छ, तर महोग्रचण्डाले वरद र अभय मुद्राको सट्टा आफ्नो दायाँ बायाँ चण्ड र मुण्डलाई नागपाशले बाँधेको हुन्छ । काठमाडौँको नक्साल भगवतीको मूर्तिमा महोग्रचण्डाको यो प्रतिमा लक्षण पाइन्छ । अघि रम्मकल्पमा सबै देवताहरूको तेजपुञ्जबाट प्रकट भएकी अठारवटा हात भएकी महिषासुरमर्दिनी दुर्गा उग्रचण्डा भइन् । नीललोहित कल्पमा उनै भगवती षोडशभुजा दुर्गा भद्रकाली भइन् । त्यसपछि वर्तमान श्वेतवराहकल्पमा दशभुजा दुर्गा कात्यायनी भइन् (ज.ब.रा., २०३६: ७४-७५) ।

रणउजीरेश्वरी भगवती मन्दिरको गर्भगृहमा प्रतिस्थापित महिषासुरमर्दिनी भगवतीका अठारवटा हात छन् तर दायाँ बायाँ चण्ड मुण्डलाई नागपाशले बाँधेको भने छैन । अतः यी भगवती दुर्गासप्तशतीको मध्यमचरित्रमा वर्णित 'समस्तदेवानां तेजोराशिसमुद्भवा, अर्थात् सबै देवताहरूको तेजपुञ्जबाट प्रकट भएकी महिषासुरमर्दिनी एवं अघि रम्मकल्पमा उपासित दुर्गा उग्रचण्डा हुन् भन्ने स्पष्ट हुन्छ । यस भगवतीको मूर्तिमा पाइने एउटा चाखलाग्दो लक्षण जिब्रो लप लपाई रहनु हो । ललज्जिह्वा अथवा जिब्रो लपलपाई रहनु' यो कालीको लक्षण हो । अर्को कुरा रणउजीरेश्वरी भगवतीको जात्रा भाद्रकृष्णनवमीको दिनमा गरिन्छ । वैष्णवहरू भाद्रकृष्णअष्टमीको मध्यरातमा भगवान् श्रीकृष्णको जन्म भएको मानेर त्यसदिनलाई श्रीकृष्णजन्माष्टमी मान्दछन् भने शाक्तहरू भाद्रकृष्णअष्टमीको मध्यरातमा आद्यकाली प्रकट भएको मान्दछन् र उक्त दिनलाई काली जयन्ती मान्दछन् (ज.ब.रा, २०२०: २१४-२१५) । अर्को कुरा 'काली नै कृष्ण र कृष्ण नै काली' हुन् भन्ने मान्यता छ । अतः जहाँ कालीको उपासना हुन्छ, त्यहाँ कृष्णको पनि उपासना हुन्छ र जहाँ कृष्णको उपासना हुन्छ, त्यहाँ कालीको पनि उपासना हुन्छ । भारतको कलकत्तामा रामकृष्ण परमहंसद्वारा उपासित दखिनेश्वरी कालीको मन्दिरमा यो वास्तविकता प्रत्यक्ष रूपमा देख्न पाइन्छ । कामकला अथवा रतिकियाको अवसरमा स्त्रीलाई हुने आनन्दको अनुभूति पुरुषलाई नहुने र पुरुषलाई हुने आनन्देको अनुभूति स्त्रीलाई नहुने हुँदा जगत्पिता शिवले करवीरपुष्पमा आफ्नो लिङ्ग लुकाई राधाको रूप लिएर लीला गरिन् । यसैगरी जगज्जननी पार्वती कालीले शिखिपुच्छ अथवा मुजुरको प्वाँखमा आफ्नो योनि लुकाएर कृष्णको रूपलिई आफ्नो योनिको चिह्न अंकित मुजुरको प्वाँखलाई मुकुटको रूपमा मस्तकमा धारण गरेर लीला गरे' भन्ने शाक्तहरूको अवधारणा छ (ज.ब.रा., त्यही: २८८) । भाद्रकृष्णअष्टमीको भोलिपल्ट भाद्रकृष्णनवमीका दिन वैष्णवहरू भगवान् श्रीकृष्णको यात्रा गर्दछन् भने शाक्तहरू भगवती कालीको यात्रा गर्दछन् । यसरी जिब्रो लपलपाई रहेको लक्षण र भाद्रकृष्णनवमीको दिनमा यात्रा गर्ने परम्पराबाट रणउजीरेश्वरी भगवतीमा रम्मकल्पमा उपासित महिषासुरमर्दिनी दुर्गा उग्रचण्डाका अतिरिक्त नीललोहितकल्पमा उपासित दुर्गा भद्रकालीको पनि भाव रहेको बुझिन्छ ।

शक्ति उपासनाका दक्षिणाचार, वामाचार, समयाचार, कौलाचार आदि पद्धतिहरू छन् । यसमध्ये दक्षिणाचार वैदिक मत र वामाचार तान्त्रिक मत हो ।

समयाचारमा शिवतत्त्वलाई माथि र शक्तितत्त्वलाई तल मानेर उपासना गरिन्छ भने कौलाचारमा कुल अथवा शक्तितत्त्वलाई माथि र अकुल अथवा शिवतत्त्वलाई तल मानेर उपासना गरिन्छ। कौलाचारका पनि पूर्वकौल र उत्तरकौल गरी दुईटा शाखा छन्। यी दुवै मतमा देवीको श्रीचक्र अथवा योनिको पूजा गर्ने विधान छ। पूर्व कौलमा धातुपत्र, वस्त्र र कागजमा योनिको प्रतीक त्रिकोण लेखेर पूजा गरिन्छ भने उत्तरकौलमा चाहिँ जीवित मानव कन्यालाई मुद्रा मानेर उनैको योनिमा पूजा गरिन्छ (भण्डारकर, १९८३: २०९)। यन्त्र स्थापनाद्वारा गरिएको शक्ति उपासना बढी प्रभावकारी मानिन्छ। यस्ता यन्त्रहरूमा श्रीविद्या त्रिपुरसुन्दरीको श्रीयन्त्र अति सिद्धिदायक मानिन्छ।

शक्ति उपासनाको लागि पञ्चमोपचारपूजा मुख्य मानिएको छ। फूल, धूप, दीप, नैवेद्य र गन्ध यी पूजाका पञ्चउपचारहरू हुन्। शैव शाक्त मतमा लँ पृथ्व्यात्मकं गन्धं, हँ आकाशात्मकं पुष्पं, वँ वाय्वात्मकं धूपं, रँ तैजसात्मकं दीपं, वँ अमृतात्मकं नैवेद्यं भनेर सबभन्दा पहिले पृथ्व्यात्मक चन्दन र आकाशात्मक फूल चढाइसकेपछि धर्ती र आकाशबीचका वायु, अग्नि र जलतत्त्वलाई बुझाउने धूप, दीप र नैवेद्य चढाउने विधान छ। बौद्ध मतमा सबभन्दा पहिले आकाशतत्त्वको प्रतीक फूल, त्यसपछि वायुतत्त्वको प्रतीक धूप, त्यसपछि अग्नितत्त्वको प्रतीक आलोक अथवा दीप, त्यसपछि अमृत अथवा जलतत्त्वको प्रतीक नैवेद्य र अन्तमा पृथ्वी अथवा माटोतत्त्वको प्रतीक गन्ध अथवा श्रीखण्ड चन्दन चढाउने विधान छ। बौद्धतन्त्रअनुसारको पूजाविधान सृष्टिको क्रम अनुरूपको छ।

सांख्यदर्शनअनुसार शब्द, स्पर्श, रूप, रस, गन्ध यी पञ्चसूक्ष्मतन्मात्राबाट आकाश, वायु, अग्नि, जल र पृथ्वी यी पञ्चमहाभूतहरू उत्पन्न हुन्छन्। सबभन्दा पहिले शब्द सूक्ष्मतन्मात्राबाट केवल एउटा मात्र शब्दगुण भएको आकाशतत्त्व उत्पन्न हुन्छ। यस सन्दर्भमा आकाश भन्नाले भौतिक आकाश नभएर सर्वव्यापक शून्यतत्त्व र शब्द भन्नाले मूलतत्त्व भन्ने अर्थ बुझ्नुपर्दछ। त्यसपछि शब्द र स्पर्श तन्मात्राबाट शब्द र स्पर्श दुईटा गुण भएको वायुतत्त्व उत्पन्न हुन्छ। त्यसपछि शब्द, स्पर्श र रूप तन्मात्राबाट शब्द, स्पर्श र रूप तीनवटा गुण भएको अग्नितत्त्व उत्पन्न हुन्छ। त्यसपछि शब्द, स्पर्श, रूप र रस तन्मात्राबाट शब्द, स्पर्श, रूप र रस चारवटा गुण भएको जलतत्त्व उत्पन्न हुन्छ। त्यसपछि अन्तमा शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँचवटा सूक्ष्मतन्मात्राबाट शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँचैवटा गुण भएको पृथ्वीतत्त्व उत्पन्न हुन्छ।

तान्त्रिक मतको चरम विकास भएपछि पञ्चमोपचार पूजामा पञ्चमकार अथवा मपञ्चकको प्रयोग हुनथाल्यो। मांस, मत्स्य, मद्य, मुद्रा र मैथुन यी मकारबाट नाम रहेका पाँचवटा पदार्थलाई पञ्चमकार वा मपञ्चक भनिन्छ। यी पञ्चमकार पनि पञ्चतत्त्वकै प्रतीक हुन्। पञ्चमकारमा मासुलाई पृथ्वी, माछालाई पानी, मद्यलाई आगो, मुद्रा अथवा खाने पदार्थहरूलाई वायु र शिव-शक्तिको मिथुन अथवा युगल अवस्थालाई मैथुन अथवा आकाशतत्त्वको प्रतीक मानिन्छ। पञ्चमकारमा कालो मासको प्वाल परेको हावादारी बारालाई मुद्राको रूपमा चढाउने प्रचलन छ। यसैगरी करवीरको फूलमा श्रीखण्ड चन्दनको लेप र

अपराजिता फूलमा रक्तचन्दनको लेप लगाएर ती दुवै फूललाई संयुक्त गरी चढाउनुलाई मैथुनको प्रतीक मानिन्छ । करवीर फूलको भित्री केशरलाई शिव लिङ्गको प्रतीक र योनिको आकारको अपराजिता फूललाई देवीको श्रीचक्र अथवा योनिको प्रतीक मानिन्छ । यसैगरी श्रीखण्ड चन्दनको लेपलाई शिवको वीर्य र रक्तचन्दनको लेपलाई शक्तिको रजको प्रतीक मानिन्छ । तान्त्रिक मार्गमा लोकव्यवहारको लागि यी विभिन्न पदार्थहरूलाई विविध दार्शनिकतत्त्वहरूको प्रतीकको रूपमा प्रयोग र प्रचलनमा ल्याएको पाइन्छ । यसरी पञ्चतत्त्वका यी विविध प्रतीकहरूलाई देवीमा अर्पण गर्नु भनेको प्रकृतिलाई आफ्नो अनुकूलमा ल्याएर त्यसलाई भोग गर्नु र अन्तमा त्यसको भोगबाट अनासक्त भई निवृत्त एवं निर्लिप्त हुनु हो ।

यसरी लोकव्यवहारमा प्रत्यक्ष पञ्चमकारको प्रयोग पाइए तापनि यौगिक प्रक्रियामा चाहिँ यसको विशेष अर्थ रहेको पाइन्छ । योग साधनामा प्रपञ्च वा पुण्यापुण्यलाई ज्ञानको खड्गले काटेर त्यसबाट प्राप्त हुने तत्त्वलाई मांस अथवा मासु भनिन्छ । इडा, पिंगला र सुषुम्णा नाडिलाई योगको भाषामा गङ्गा, यमुना र सरस्वती भनिन्छ । अतः इडा, पिंगला र सुषुम्णा नाडिको संयोगबाट अविरल रूपमा चलिरहने श्वासप्रश्वास नै मत्स्य हो । योगको पराकाष्ठा अवस्थामा सहस्रार अथवा योगीको मस्तकमा स्थित ब्रह्मरन्ध्र अथवा गुप्त प्वालबाट तलतिर चुहिने अमृत रस नै मद्य हो । असत्संगतिलाई मुद्रण गर्नु अथवा छोड्नु मुद्रा हो । सुषुम्णा र प्राणको समागम मैथुन हो (यमिः २०१९ः २२२-२२४) । अर्को अर्थमा मूलाधारमा रहेकी कुण्डलिनी शक्तिलाई जगाएर सहस्रारमा रहेको पर शिवसँग लय गराउनु अथवा ती दुईको मिथुन रूप नै मैथुन हो । मानिसको शरीरको लिङ्ग र गुदद्वारको बीचको भागलाई मूलाधारचक्र भनिन्छ र त्यस मूलाधारचक्रमा स्त्रीतत्त्व अथवा शक्ति सुषुप्त अवस्थामा सर्प जस्तरी कुण्डल परेर रहेको हुन्छ । अतः मूलाधारचक्रमा कुण्डल परेर रहेकीले उक्त शक्तिलाई कुण्डलिनी शक्ति भनेको हो । मानिसको शरीरको शीर्षभाग अथवा तालुमा हजारवटा पत्र भएको कमलको फूल अवस्थित छ भनेर मानिएको छ । अतः मानिसको शरीरको शीर्षभागलाई योगको भाषामा सहस्रार भनिन्छ र त्यस सहस्रारमा पुरुषतत्त्व अथवा परशिव जाग्रत् अवस्थामा रहेको मानिन्छ । सानो पेट अथवा लिङ्ग र नाभिको बीचको भागलाई स्वाधिष्ठानचक्र, नाभिस्थानलाई मणिपूरकचक्र, छातीलाई अनाहतचक्र, कण्ठलाई विशुद्धाख्यचक्र र भृकुटी अथवा दुईटा आँखाको जोडस्थानलाई आज्ञाचक्र भनिन्छ । मूलाधारचक्रमा सुषुप्त अवस्थामा कुण्डल परेर सुतिरहेकी कुण्डलिनी शक्तिलाई जगाएर उपर्युक्त षट्चक्र भेदन गरी सहस्रारमा रहेको परशिवमा उक्त कुण्डलिनी शक्तिको मिलन गराउने यौगिक प्रक्रियाको नाम लय योग हो (स्वामी, १९८७ः ४७९-४८१) ।

शक्ति उपासनाको लागि विविध मन्त्रहरूको संरचना गरिएको पाइन्छ । निगम अथवा वेदले ॐकारलाई ब्रह्म र यो सम्पूर्ण मानेको छ । तैत्तिरीय उपनिषद्को यस वचनबाट यो कुरा सिद्ध हुन्छ– 'ओमिति ब्रह्म । ओमितीदं सर्वम् । यसैगरी मुण्डक उपनिषद्ले ॐकारलाई प्रणव अथवा ईश्वर मानेको छ

(देवकोटा, २०३०: १०५, १९३) । श्रीमद्भगवत्गीतामा ॐकारलाई एकाक्षर ब्रह्म भनेको छ (जालान, २००८: १३७) । यसरी वैदिक मतले ॐकारलाई एकाक्षरी प्रणव बीजमन्त्र मानेको छ । जसरी निगम अथवा वेदले ॐकारलाई एकाक्षर ब्रह्म मानेको छ, त्यसैगरी आगम अथवा तन्त्रले ह्रींकारलाई एकाक्षर ब्रह्म भनेको छ । श्रीदेव्यथर्वशीर्षको यस वचनबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

**वियदीकारसंयुक्तं बीतिहोत्रसमन्वितम् ।**
**अर्धेन्दुलसितं देव्या बीजं सर्वार्थसाधकम् ॥**
**एवमेकाक्षरं ब्रह्म यतयः शुद्धचेतसः ।**
**ध्यायन्ति परमानन्दमया ज्ञानाम्बुराशयः ॥**

(ईकारले संयुक्त भएको वियत् अथवा आकाश (ह); यसैगरी वीतिहोत्र अथवा अग्नि (र) सहित अर्धचन्द्र ( ँ ) बाट अलंकृत देवीको बीजमन्त्र 'ह्रीँ' सबै मनोरथपूर्ण गर्नेवाला छ । यस प्रकार चित्त शुद्ध भएका, परमानन्दपूर्ण र ज्ञानका सागर यति अथवा ऋषि मुनिहरू यसरी यो एकाक्षर ब्रह्म (ह्रीँ) को ध्यान गर्दछन् (पाण्डेय, २०५१: ४९) ।

यसैगरी शक्ति उपासनाको लागि 'नवार्णमन्त्र' अति सरल, प्रभावकारी, सर्वोपयोगी र अत्यन्त लोकप्रिय छ । श्रीदेव्यथर्वशीर्षमा नवार्णमन्त्रको संरचना बारे यसरी व्याख्या गरिएको छ–

वाङ्माया ब्रह्मसूस्तस्मात् षष्ठं वक्त्रसमन्वितम् ।
सूर्योऽवामश्रोत्रबिन्दुसंयुक्तष्टात्तृतीयक : ॥
नारायणेन सम्मिश्रो वायुश्चाधरयुक् तत : ।
विच्चे नवार्णकोऽर्णः स्यान्महदानन्ददायक : ॥

(वाणी (ऐं), माया (ह्रीँ), ब्रह्मसू अथवा काम (क्लीँ), यसको अगाडि छैटौँ व्यञ्जन च, त्यही वक्त्र अथवा आकारले युक्त (चा), सूर्य (म), अवाम श्रोत्र अथवा दाहिने कान (उ) र बिन्दुले युक्त (मुं), टकारबाट तेस्रो ड, त्यही नारायण अथवा 'आ' सँग मिसिएको ( डा) , वायु (य), त्यही अधर अथवा 'ऐ' सँग युक्त (यै) र 'विच्चे' यो नवार्णमन्त्र "ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चै" उपासकहरूको लागि महाआनन्द र ब्रह्मसायुज्य दिनेवाला छ (पाण्डेय, त्यही: ४९) । श्रीरुद्रयामल गौरीतन्त्रको सिद्धकुञ्जिकास्तोत्रमा नवार्णमन्त्रको व्याख्या यसरी गरेको छ–

ऐंकारी सृष्टिरूपायै ह्रींकारी प्रतिपालिका ।
क्लींकारी कामरूपिण्यै बीजरूपे नमोऽस्तु ते ॥
चामुण्डा चण्डघाती च यैकारी वरदायिनी ।
विच्चे चाभयदा नित्यं नमस्ते मन्त्ररूपिणि ॥

(सृष्टि गर्ने ऐंकारी, प्रतिपालन गर्ने ह्रींकारी र कामना पूरा गर्ने क्लींकारी ती बीजमन्त्ररूपिणी शक्तिहरूलाई नमस्कार छ ! सधैँ चण्ड अथवा विघ्नबाधा हटाउने चामुण्डा, वरदिने यैकारी र अभयदिने विच्चे यी मन्त्ररूपिणी शक्तिहरूलाई नमस्ते छ (पाण्डेय, त्यही: २३०- २०३१) ।

अर्को अर्थमा 'ऐं' यो सद्बुद्धि प्रदान गर्ने वाग्बीज हो । 'ह्रीं' यो सबै प्रकारको शक्तिदिने मायाबीज हो । 'क्लीं' यो सबै मनकामना पूरा गर्ने कामबीज हो । यसैगरी अष्टमातृकाअन्तर्गतका चामुण्डा यमराजका शक्ति हुन् भने नवार्णमन्त्रका अधिष्ठात्री चामुण्डाचाहिँ त्रिशक्त्यात्मिका अर्थात् सृष्टि, स्थिति र प्रलयशक्तिद्वारा संयुक्त एवं महाकाली, महालक्ष्मी र महासरस्वतीका समष्टि रूप हुन् ।

रणउजीरेश्वरी भगवतीको पूजा वज्राचार्य पूजारीबाट बौद्धतन्त्रअनुसार सम्पन्न गरिन्छ । रणउजीरेश्वरी भगवतीका अतिरिक्त पलाञ्चोक भगवती, शोभा भगवती, हनूमान्ढोका कुमारी बहालकी श्रीराजकुमारी, भद्रकाली, नरदेवी, भक्तपुरका नवदुर्गा, नुवाकोटका भैरव भैरवी, गोरखाका मनकामना र पोखराका बाह्र भैरव आदि नेपालका प्रमुख शाक्त पीठहरूमा वज्राचार्य पूजारीबाट बौद्धतन्त्रअनुसार पूजा गर्ने परम्परा रहिआएको छ । लुम्बिनीमा भगवान् शाक्यमुनि बुद्धका आमा मायादेवीको पूजा हिन्दू एवं मधिशे ब्राह्मणबाट सम्पन्न हुन्छ । नेपालका राज्याधिकारी गद्दीनसीन गोरखा शाहराजवंशका श्री ५ महाराजाधिराजको पुर्ख्यौली थलो स्याङजाको लसर्घा स्थित आलमदेवीको स्थानमा मास्की राना मगरको कुमार केटाबाट पूजा हुन्छ । यसैगरी नेपालका धर्माधिकारी श्री ६ बडागुरुज्यू खलकका पाण्डे ब्राह्मणहरूले वज्राचार्य पूजारीद्वारा बौद्धतन्त्र अनुसार पूजा गरिने साँखु वज्रयोगिनीलाई दशमहाविद्याको ताराको रूपमा आफ्नो कुलदेवी मान्दछन् । यसरी नेपालमा धार्मिक एवं सांस्कृतिक द्वन्द्व पाइँदैन, किनभने तन्त्रको तन्तुले नेपाली मानसिकता, समाज र संस्कृतिलाई एकताको सूत्रमा आबद्ध गरेर राखेको छ । 'तन्यते ज्ञानमनेन तत् तन्त्रम्- जसले ज्ञानलाई फैलाउँदछ, त्यो तन्त्र हो' भनेर तन्त्रको व्युत्पत्ति गरिएको छ । अतः तन्त्रको विस्तीर्ण भूमिकामा विकसित समन्वयात्मक नेपाली संस्कृतिले नेपाली समाज, संस्कृति, राष्ट्रियता र राष्ट्रलाई जोगाएर राखेको छ ।

बौद्धधर्ममा वज्रयानको विकास भएपछि शैव शाक्त तन्त्र र बौद्ध तन्त्रको बीचमा अति निकटतम सम्बन्ध स्थापित भयो । यस सम्बन्धमा रुद्रयामलतन्त्रको एउटा रोचक प्रसङ्ग यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ–

ब्रह्माजीका छोरा वशिष्ठजीले छ हजार वर्षसम्म श्रीमत्तारा महाविद्याको तपस्या गर्दा पनि महाविद्या साक्षात्कार नहुँदा खिन्न भएका वशिष्ठजी आफ्ना पिता ब्रह्माजीका आज्ञाबाट फेरी समुद्रका किनारामा गएर एकहजार वर्षसम्म मन्त्र जप्ता पनि कुनै तार नलागेपछि वशिष्ठले श्रीमत्तारा महाविद्यालाई कडा सराप दिए । त्यसपछि उत्तिनखेरै श्रीमत्तारा महाविद्या प्रकट भइन् र वशिष्ठजीलाई तिमीले मेरो कुलागम बुझेका छैनौ र पूजापद्धति पनि जानेका छैनौ । त्यसकारण बुद्ध भगवान् प्रतिष्ठित हुनुभएको महाचीन देशमा गएर अथर्ववेदअनुसार चीनाचारबाट मेरो उपासना गर, त्यसपछि तिमी कुलज्ञानी र महासिद्ध हुनेछौ' भन्ने आज्ञा गरेर अन्तर्ध्यान भइन् । त्यसपछि वशिष्ठजी महाचीन गई बुद्धरूपी शङ्करको उपदेशबाट वीराचारद्वारा पञ्चमकारको प्रयोग गरेर अष्टादशभुजी रौद्रीशक्ति जगदम्बाको उपासना गर्दा उनी पूर्णयोगी बने (ज.ब.रा., २०२०: ११६- १२२) । तन्त्रशास्त्रका षट् आम्नायमध्ये अधराम्नायमा ताराको पूजा

हुन्छ र अधराम्नायलाई बौद्धतन्त्रसँग सम्बद्ध मानिएको छ । दुर्गासप्तशतीको उत्तरचरित्रमा भगवती चण्डीले महासरस्वती स्वरूप धारण गरेर शुम्भ र निशुम्भनामक दैत्यलाई वध गरेको वर्णन छ । महासरस्वतीलाई अज्ञानविनाशिनी र विद्याप्रदायिनी शक्ति मानिन्छ । यसैगरी चण्डमहारोषणतन्त्रनामक वज्रयानी बौद्धतन्त्रमा शुम्भ र निशुम्भलाई अज्ञानको प्रतीक मानिएको छ र चण्डमहारोषणको साधनाद्वारा अज्ञानलाई हटाएर सद्विद्या प्राप्त गर्ने विधानको व्याख्या गरिएको छ । चण्डमहारोषणतन्त्रको यस मन्त्रद्वारा यो कुरा अझ राम्ररी स्पष्ट हुनेछ–

**ॐ शुम्भ निशुम्भ हूँ फट् गृह्ण गृह्ण हूँ फट्**
**गृह्णापय गृह्णापय हूँ फट्**
**आनय हो : भगवन् विद्याराज हूँ फट् ।**

यसरी रुद्रयामलतन्त्रको बुद्धरूपी शङ्करको कथा र शैव-शाक्त एवं बौद्ध आगमग्रन्थहरूको वचनले शक्ति उपासनाको लागि शैव र बौद्धहरूको समान दृष्टिकोण रहेको यथार्थलाई राम्ररी स्पष्ट पार्दछ ।

रुद्रयामलतन्त्रको बुद्धरूपी शङ्करको मान्यताअनुरूप अहिलेसम्म पनि मुखाष्टमी (कार्तिकशुक्लअष्टमी) को दिनमा भगवान् पशुपतिनाथलाई आफ्नो साबिकको मुकुटको सट्टा पञ्चबुद्धको मुकुट पहिऱ्याएर भगवान् बुद्धको रूपमा पूजा र दर्शन गर्ने परम्परा विद्यमान छ (शाक्य, १०९८: ८४-८५) । भगवान् पशुपतिनाथको लिङ्गको ऊर्ध्वभागमा श्रीखण्डचन्दन र रक्तचन्दनद्वारा श्रीयन्त्र लेखेर त्यसमा श्रीमहाविद्या राजराजेश्वरी परमभट्टारिका श्रीत्रिपुरसुन्दरीको पूजा गर्ने परम्परा छ । श्रीयन्त्रको षोडशदलचक्रमा बौद्धदर्शनको पूजा गरिने विधान यस सन्दर्भमा स्मरणीय छ (भट्टराई, २०२४: ४१६) ।

यसका अतिरिक्त नेपाल मण्डल (काठमाडौं उपत्यका) वरिपरिका आठवटा प्रमुख शिवलिङ्गहरूलाई नेपालका बौद्धहरूले अष्टवैतराग अथवा अष्टबोधिसत्त्वको रूपमा मान्दछन् । यसको पूर्ण विवरण यस प्रकार छ–

| क्र.सं. | शिवलिङ्ग | स्थान | बोधिसत्त्व |
|---|---|---|---|
| १. | मणिलिङ्गेश्वर | वज्रयोगिनी, साँखु | मैत्रि |
| २. | गोकर्णेश्वर | गोकर्ण महादेवस्थान, गोकर्ण | गगनगञ्ज |
| ३. | कीलेश्वर | चाँगुनारायणस्थान, चाँगु | समन्तभद्र |
| ४. | कुम्भेश्वर | कुम्भेश्वर, ललितपुर | वज्रपाणि |
| ५. | गोपालेश्वर | गोपालेश्वर, फर्पिङ | मञ्जुश्री |
| ६. | फणिकेश्वर | शिखरनारायण, फर्पिङ | सर्वनिवरणविष्कम्भि |
| ७. | गन्धेश्वर | आदिनाथ, चोभार | क्षितिगर्भ |
| ८. | विक्रमेश्वर | आदेश्वर, इचङ्गु | खगर्भ |

(शाक्य, १०९८: ४, १२) ।

यसरी नेपाल मण्डलवरिपरिका आठवटा प्रमुख शिवलिङ्गहरूलाई अष्टवैतराग वा अष्टबोधिसत्त्वको रूपमा मान्नुका साथै काठमाडौं ॐबहालका

वज्राचार्य र शाक्यहरूले दुम्जाको कुशेश्वर महादेवलाई आफ्नो कुलदेवता मान्दछन् । कुनै बेला चैनपुरको वषतेश्वर महादेवको पूजारी चैनपुरका स्थानीय शाक्य थिए ।

शिवको शिवत्व, बुद्धको बुद्धत्व र बोधिसत्त्वको समान भावना र आदर्शबाट यो कुरा सम्भव भएको हो । वास्तवमा शिवमा रहेको शिवत्व अथवा कल्याणकारी तत्त्वलाई राम्ररी बुझेर त्यसलाई आफ्नो जीवनमा सदुपयोग गर्न सक्नु नै बुद्धत्व हो । बुद्धत्व प्राप्त गर्नुभन्दा अघिको अवस्था बोधिसत्त्व हो । दुःख जति आफुले भोगेर सुख जति अरूलाई दिनु भगवान् शिवको महान् आदर्श हो । जगतको कल्याणको लागि भगवान् शिवले कालकूट विष पिएर नीलकण्ठ नामले प्रख्यात भएको कथा प्रसिद्ध छ । यसैगरी बोधिसत्त्वले चाहेमा तुरुन्तै बुद्धत्व र निर्वाण प्राप्त गर्न सक्तछ, तर यस जगत्का सम्पूर्ण सत्व प्राणीले निर्वाण प्राप्त नगरेसम्म आफूले निर्वाण प्राप्त नगर्नु बोधिसत्त्वको आदर्श हो र यही आदर्शले नै बोधिसत्त्वलाई महान् बनाएको छ । बोधिचर्यावतारको यस वाक्यले बोधिसत्त्वको महत्तालाई प्रष्ट पार्दछ –

> यत् किञ्चिद् जगतो दुःखं तत् सर्वं मयि पच्यताम् ।
> बोधिसत्वशुभैः सर्वैर्जगत् सुखितमस्तु च ॥

(यस जगत्का जति पनि दुःखहरू छन्, ती सबैलाई मैले भोगूँ र मेरो बोधिसत्त्वचर्याका सम्पूर्ण पुण्यहरूले जगत् सधैं सुखी होओस् (रिजाल, २०५७: ४५३; शास्त्री, १९८८: ४३४) ।

यसरी शिवत्व, बुद्धत्व र बोधिसत्त्वको बीचमा अखण्डित समन्वय पाइन्छ । यही अखण्ड शिव-बुद्ध समन्वयवाद र शक्ति उपासनाप्रति शैव एवं बौद्धहरूको समान अवधारणा रहेकाले रणउजीरेश्वरी भगवतीसहित नेपालका प्रमुख शक्तिपीठहरूमा वज्राचार्य पूजारीहरूद्वारा बौद्धतन्त्रअनुसार पूजा गरिएको र त्यस्ता देवीदेवताहरूप्रति सबै नेपालीहरूको समान श्रद्धा र विश्वास रहेको हो । नेपालको राष्ट्रिय समीकरणको लागि यसभन्दा ठूलो उदात्त धार्मिक सहिष्णुता, समन्वय र सद्भाव अरू हुन सक्तैन । अतः हाम्रा पिता पुर्खाहरूले सिर्जेको समन्वयात्मक नेपाली संस्कृतिले देखाएको समन्वयको बाटोमा सधैं सँगै मिलेर हिँड्यौं भने नेपाली मानसिकता, समाज र संस्कृतिमा कहिल्यै पनि कुनै किसिमको आँच आउन सक्तैन र त्यसबाट नेपाली राष्ट्रियताको भावना दिगो रहनेछ र नेपाल राष्ट्र अखण्डित र बलियो हुनेछ । यसरी यी समन्वयात्मक तत्त्वहरूलाई मनन गर्दा रणउजीरेश्वरी भगवतीको स्थापनाको गौरवमय इतिहास, यहाँको पूजारीपरम्परा र त्यसप्रति सबैको समान श्रद्धा र विश्वासले सबै नेपालीलाई सधैं आफ्नो नेपाली राष्ट्रियता र नेपाल राष्ट्रप्रति सम्पूर्ण सद्भावले समर्पित हुनको लागि गौरव एवं ओजस्वीपूर्ण प्रेरणा प्रदान गरिरहेको छ र सधैं गरी नै रहनेछ ।

## रिडीघाट

पाल्पा जिल्लाको सदरमुकाम तानसेनदेखि वायव्य दिशामा पाल्पा, स्याङजा र गुल्मी जिल्लाको संगम कालीगण्डकी र रिडी खोलाको दोभान रिडीघाट वा रिडीतीर्थको रूपमा प्रसिद्ध छ । सप्तगण्डकीमा कालीगण्डकीको ठूलो

महिमा छ तापनि यस तीर्थको नाम भने शाखा नदी रिडीको नामबाट रहेको छ । मगर भाषामा पानीलाई 'दि' अथवा 'डि' भनिन्छ । 'रि' को अर्थ हो कालो । अतः रिडी भन्नाले कालो पानी भन्ने बुझ्नुपर्दछ । यसैगरी मगर भाषाको गनडि अथवा साग जस्तो हरियो पानी भन्ने शब्दबाट गण्डकी शब्दको उत्पत्ति भएको उल्लेख यसअघि नै भइसकेको छ । यसरी साग जस्तो हरियो पानी भएको ठूलो नदीमा कालो पानी भएको सानो खोला मिसिएपछि ती दुईको नामलाई संयुक्त गरेर यस महानदीको संस्कृत भाषामा कृष्णगण्डकी र नेपालीमा कालीगण्डकी नामकरण गरेको पाइन्छ । अतः ठूलो नदीलाई सानो खोलाले प्रभाव पारेको हुनाले सानो खोलाको नामबाट यस तीर्थको रिडी नाम रहेको प्रष्ट हुन्छ ।

कालीगण्डकीको अर्को नाम शालिग्रामी हो । विश्वमा केवल कालीगण्डकीमा मात्र शालिग्राम पाइन्छ । अतः कालीगण्डकीलाई शालिग्रामी भनिएको हो । भौतिक दृष्टिले मुस्ताङ जिल्लाको लो मन्थाङदेखि उत्तरतर्फको पूर्वी भाग छो स्यारमा बग्ने स्यार छ्यु र पश्चिमी भाग छो नुवमा बग्ने नुब छ्यु यी दुई खोलालाई कालीगण्डकीको मुहान मानिए तापनि वास्तवमा दामोदरकुण्ड नै शालिग्रामी कालीगण्डकीको मुहान हो, किनभने दामोदरकुण्ड र यसबाट बग्ने डि खोला र छुक्साङ खोलामा मात्र शालिग्राम पाइन्छ र यी दुई खोलाले बगाएर ल्याएको शालिग्राम नै कालीगण्डकीमा पाइने शालिग्राम हो ।

वैष्णव धर्ममा शालिग्रामलाई भगवान् विष्णुको श्रीविग्रह अथवा मूर्ति मानिन्छ । यसबाट पनि शालिग्राम पाइने एक मात्र कालीगण्डकीको महिमा बढेको छ । कालीगण्डकीको किनारामा थुप्रै वैष्णव तीर्थस्थलहरू छन् । त्यसमा नयाँ पुराना थुप्रै वैष्णव अखडा, आश्रम र मन्दिरहरू अवस्थित छन् । गण्डकी र गङ्गाको दोभान हरिक्षेत्र, सप्तगण्डकीको सम्मिलन हरिहरक्षेत्र देवघाट, रिडी र गण्डकीको दोभान रुरुक्षेत्र र मुक्तिदायक मुक्तिक्षेत्र यसका प्रमाणहरू हुन् ।

रिडीक्षेत्रको अर्को नाम रुरुक्षेत्र हो । मृगहरूद्वारा पालिएकी तपस्विनी रुरु कन्याको नामबाट यो ठाउँ रुरुक्षेत्र कहलाएको विश्वास गरिन्छ । रुरुक्षेत्र रिडी तीर्थमा भगवान् हृषीकेश रहनुभएको छ । यसैले पनि रिडीतीर्थको महत्त्व अझ बढेको छ । रिडीतीर्थमा रिडी र कालीगण्डकीको संगमदेखि पश्चिमपट्टि पाल्पा जिल्लामा रिडी खोलाको दायाँ किनाराको पाखोमा भगवान् हृषीकेशको मन्दिर अवस्थित छ । यसदेखि पारिपट्टि रिडी खोलाको बायाँ किनारामा गुल्मी जिल्लामा मुकुन्देश्वर महादेवको मन्दिर अवस्थित छ । देवघाट र पाल्पाको परवासस्थित मुकुन्देश्वरको शिला चक्रदार छ । कछुवाको जस्तो कत्ला परेको र कछुवाकै आकारको शिलालाई यी दुई ठाउँमा मुकुन्देश्वरको रूपमा स्थापना गरिएका छन् । रिडीको मुकुन्देश्वरमा पनि एउटा शिलाखण्डलाई शिवलिङ्गको रूपमा स्थापना गरिएको छ, तर यहाँको शिला भने चक्रदार र कछुवाको आकारको छैन ।

गुल्मी जिल्लाको च्युरेक गाउँ विकास समितिमा अवस्थित गुफालाई रुरु कन्याको गुफा मानिन्छ । यस गुफामा समयसमयमा साधु सन्तहरू आएर बस्ने गर्दछन् । रिडीघाटदेखि उत्तरपट्टि वडीगाड र कालीगण्डकीको दोभान रुद्रवेणी नामबाट प्रसिद्ध छ । अहिले यहाँ गण्डर्षि आश्रमनामक एउटा आश्रम स्थापना

गरिएको छ । यसैगरी रिडीघाटको ठीक पारिपट्टि कालीगण्डकीको बायाँ किनारा स्याङजा जिल्लामा रहेको गुफालाई सीतागुफा भनिन्छ । यस गुफा वरिपरिको पाखा पखेरामा उम्रिएका मसिना बाबियोलाई सीताको कपाल सम्झेर चुल्ठो बाटिदिने परम्परा छ ।

रिडीक्षेत्रलाई रुरु कन्या र भगवान् हृषीकेशसँग सम्बद्ध मानिएको कुरा यसअघि नै उल्लेख भइसकेको छ । रुरुक्षेत्र र भगवान् हृषीकेशको माहात्म्य सबभन्दा पहिले वराहपुराणमा पाइन्छ । त्यसपछि गण्डकीमाहात्म्यका रचनाकार काशीराम सूरिले आफ्नो मौलिकतालाई पनि समावेश गरेर रुरुक्षेत्र र भगवान् हृषीकेशको माहात्म्यको व्याख्या गरेको पाइन्छ ।

भगवान् वराहले पृथ्वीलाई सुनाएको कथाअनुसार भृगुवंशमा देवदत्त नाम गरेका वैदिक ब्राह्मण थिए । उनी याज्ञिक र अतिथिभक्त पनि थिए । उनले सुन्दर हृषीकेश आश्रमस्थलमा अल्छी नमानीकन १०,००० वर्षसम्म कठोर तपस्या गरे । त्यसपछि देवराज इन्द्र डराएर उनको त्यस तपस्यामा विघ्न पार्ने षड्यन्त्र गर्नतिर लागे । देवराज इन्द्रले वसन्त ऋतुसँगै कामदेव, गन्धर्व र अप्सराहरूको समूहलाई बोलाएर देवदत्तको तपस्या भङ्ग गर्न आदेश दिए । त्यसपछि वसन्त, कामदेव, गन्धर्व, मलयपर्वतको हावा, अप्सरा आदि सबै देवदत्तको आश्रममा पुगेर आ-आफ्नो काममा जुट्न थाले । वसन्त ऋतुले अनेकौं फूलहरू फुलाएर त्यस आश्रमवरपरको वन रमाइलो बनाइदियो । गन्धर्वहरूले पर्वतका गुफाहरूमा गानबजान गरे । हावाको तालमा फूलहरू नाचेको त्यस आश्रमको रमाइलो वनमा प्रवेश गरेर प्रम्लोचा नाम गरेकी अप्सराले मीठो गीत गाउन थालिन् । ती प्रम्लोचालाई देखेर मुनि देवदत्त मख्ख परे । त्यही अवस्थामा मलय पर्वतको हावाले प्रम्लोचाका शरीरको कपडा उडाउन थाल्यो र मुनिको आँखाअगाडि अप्सराका अङ्गहरू देखा परे । ती अप्सराले पनि लाज मान्दै आफ्ना अङ्गहरूलाई अङ्गहरूमा नै लुकाई आँखा कर्क्याएर ती मुनिलाई हेर्न थालिन् । यही मौका छोपेर कामदेवले ती मुनिमाथि पाँचवटा फूलका बाणहरू एकै पटकमा बर्सायो । त्यसपछि मुनि देवदत्त कामातुर भएर ती अप्सरासँग लहसिए । देवदत्त ऋषिले अप्सरालाई अङ्कमाल गरेर रातदिन अनेकौं भोगविलास गरे ।

केही समयपछि ती ऋषिलाई नीँदबाट ब्यूँझे जस्तै होस खुल्यो र पश्चात्ताप भयो । इन्द्रिय विजय गर्न नसकेको कारणले दोष मेरो आफ्नै हो भनेर वैराग्य उत्पन्न भएका ती ऋषिले प्रम्लोचालाई त्यहीँ छोडी त्यस आश्रमलाई दूषित मानेर भृगुको आश्रम (देवघाट) तिर लागे । देवदत्त ऋषिद्वारा गर्भवती बनाइएकी अप्सरा प्रम्लोचा एउटी कन्या जन्माएर स्वर्गतिर लागिन् । त्यसपछि ती अजान बालिकालाई रुरु नामका मृगहरूले पालेर हुर्काएको हुँदा उनको नाम नै रुरु रह्यो । ती रुरु कन्या जवान हुँदै गए पनि विवाह नै नगरी तपस्यामा लागिन् । एक वर्षसम्म कठोर तपस्या गरेर आफ्ना सम्पूर्ण इन्द्रियहरूलाई भगवान् विष्णुमा लीन गराएकी हुँदा ती रुरु कन्या मूढो झैं अचल बनिन् । यो देखेर भगवान् विष्णुले पनि आफ्ना सारा इन्द्रियहरूलाई वशमा राखेर रुरु कन्याका हृदयभित्र पसेर प्रत्यक्ष दर्शन दिनुभयो । यसरी आफ्ना इन्द्रियहरूलाई

वशमा राखेर रुरु कन्यालाई दर्शन दिएको हुँदा रुरुक्षेत्रका भगवान् विष्णुको नाम हृषीकेश रहन गएको हो । भगवान् विष्णुलाई रुरु कन्याले आफूलाई दर्शन दिएको स्वरूपमा यस क्षेत्रमा बस्न अनुरोध गरेअनुसार भगवान् हृषीकेशको बास रिडी क्षेत्रमा भएको हो । भगवान् हृषीकेशले आफू त्यही स्वरूपमा रुरुक्षेत्रमा रहने र यस क्षेत्रमा रहेर तीन रातसम्म उपवास गर्ने भक्तहरूलाई आफूले साक्षात् दर्शन दिने वर पनि रुरु कन्यालाई दिनुभयो । यसैले गर्दा आजसम्म पनि रिडीक्षेत्रमा माघे संक्रान्तिदेखि तीन दिनसम्म लगातार स्नान गर्ने परम्परा चलिरहेको छ (अधिकारी, २०५५: १९- २३, ८४-१०२) ।

हृषीकेश नाम हृषिक शब्द बाट बनेको छ । हृषिकको अर्थ हो इन्द्रिय । अतः हृषीकेश, हृषीकेश्वर र हृषिकनाथको अर्थ 'इन्द्रियहरूका मालिक' भन्ने हुन्छ । यस सन्दर्भमा इन्द्रियहरूका मालिक भन्नाले जितेन्द्रिय अथवा इन्द्रियहरूलाई वशमा पार्न सक्ने' भन्ने अर्थ हुन्छ । यसरी ऋषि देवदत्त, प्रम्लोचा अप्सरा, रुरु कन्या र भगवान् हृषीकेशको यस कथाले मानिसलाई जितेन्द्रिय भई नैतिकतामा अडिएर आफ्नो साधना अथवा कर्तव्य कर्ममा अघि बढ' भन्ने अर्ती उपदेश  दिएको छ । अतः रिडीघाट अथवा रिडीतीर्थमा भौमतीर्थ, जङ्गमतीर्थ र मानसतीर्थ यी तीनवटै तीर्थको संयोग पाइन्छ ।

यसरी गण्डकीमाहात्म्यमा रुरुक्षेत्रको माहात्म्य बखान गरिएको छ, तर हिमवत्खण्डपुराणमा भने कृष्णगण्डकी, मुक्तिक्षेत्र र हरिहरक्षेत्र देवघाटको महिमा व्याख्या गरिए तापनि रुरुक्षेत्रको भने नामोल्लेख गरिएको पाइँदैन । गण्डकीमाहात्म्यमा रुरुक्षेत्रका अतिरिक्त मुकुन्द सेनको पनि वर्णन गरिएको छ र रुरुक्षेत्रलाई मुकुन्द सेनको राज्यको पश्चिमी सिमाना भनिएको छ । यसबाट मुकुन्द सेनका पालादेखि रिडीलाई रुरुक्षेत्रको रूपमा बखान गरेर यसको महत्त्व बढाएको देखिन्छ ।

कालीगण्डकीमा स्नान गर्दा राजा मुकुन्द सेनले हृषीकेशको वर्तमान मूर्ति फेला पारेको हो' भन्ने किम्बदन्ती प्रचलित छ । यस किम्बदन्तीले रिडीस्थित हृषीकेशको यस मूर्तिलाई मुकुन्द सेनको समयभन्दा अघिको हो' भनेर प्रमाणित गर्न खोजिएको छ । यसैगरी हृषीकेशको यो मूर्ति शालिग्रामबाट बनेको हो भनेर विश्वास गरिन्छ । कालीगण्डकीको किनारामा अवस्थित भगवान् हृषीकेशको कालो वर्णको मूर्तिलाई शालिग्रामबाट बनेको हो भनेर विश्वास गर्नु स्वाभाविक हो, किनभने यसमा वास्ताविकताभन्दा भक्तहरूको भक्तिभावनाले काम गरेको छ । वास्तवमा यो मूर्ति शालिग्रामको जस्नो वर्ण भएको कालो ढुङ्गामा बनेको सेन शैलीको विष्णुको मूर्ति हो । कालो र चिल्लो ढुङ्गामा मूर्ति कुँदिनु सेन शैलीको प्रमुख विशेषता हो । सेनशैलीको यो विशेषता अति लोकप्रिय भयो र नेपालको तराई क्षेत्रमा यस शैलीले धेरै व्यापकता पाउन सफल भयो । पाल्पाली राजा मुकुन्द सेनले वराहक्षेत्रसम्म नेपालको तराई भागमा शासन गरेका थिए । अतः सेन शैलीको कालो र चिल्लो ढुङ्गामा बनेको सुन्दर मूर्तिहरूको लोकप्रियताबाट उनी अक्षुण्ण रहन सकेनन् । अतः तराईका फाँटको अतिरिक्त तानसेन,

श्रीनगरको डाँडा काटेर पहाडको खोंच रिडीमा पनि कालो र चिल्लो ढुङ्गामा बनेको सेनशैलीको हृषीकेशको मूर्ति स्थापित हुन आइपुगे ।

भगवान् विष्णुका चातुर्विंशव्यूहमूर्तिमा हृषीकेश दशौँमा पर्दछ । रूपमण्डननामक लक्षणग्रन्थअनुसार हृषीकेशले आफ्नो माथिल्लो दायाँ हातमा चक्र, तल्लो दायाँ हातमा गदा, माथिल्लो बायाँ हातमा पद्म र तल्लो बायाँ हातमा शंख लिएको हुन्छ (राव, १९८५: I: I: २२९) । यसैगरी पद्मपुराणको पातालखण्डमा उल्लेख भएअनुसार हृषीकेशले आफ्नो माथिल्लो दायाँ हातमा चक्र, तल्लो दायाँ हातमा पद्म, माथिल्लो बायाँ हातमा गदा र तल्लो बायाँ हातमा शंख लिएको हुन्छ (राव, त्यही: २३२) । रिडीस्थित हृषीकेशको मूर्तिले आफ्नो माथिल्लो दायाँ हातमा गदा, तल्लो दायाँ हातमा शंख, माथिल्लो बायाँ हातमा चक्र र तल्लो बायाँ हातमा पद्म लिएको छ । अतः रूपमण्डन र पद्मपुराणको पातालखण्डमा उल्लिखित हृषीकेशको प्रतिमालक्षण र रिडीस्थित हृषीकेशको प्रतिमालक्षणले मेल खाँदैन । रिडी स्थित हृषीकेशको मूर्तिलक्षण रूपमण्डनमा उल्लिखित उपेन्द्रको मूर्तिलक्षणसँग मिल्दछ । उपेन्द्रले आफ्नो माथिल्लो दायाँ हातमा गदा, तल्लो दायाँ हातमा शंख, माथिल्लो बायाँ हातमा चक्र र तल्लो बायाँ हातमा पद्म लिएको हुन्छ (राव, त्यही: २३०) ।

रिडी अथवा रुरुक्षेत्र ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण छ । गण्डकीमाहात्म्यमा रुरुक्षेत्रलाई मुकुन्द सेनको राज्यको पश्चिमी सीमा भनेको छ (अधिकारी, २०५५: २०६) । कास्की, याङजाकोट, देउरालीका श्रीलालबहादुर गुरुङको घरमा भएको वंशावलीमा शाह वंशका पूर्वज जैमल राजाको विवाह रिडी घाटमा भएको उल्लेख छ (गुरुङ, २०३६: १३) । यसैगरी राजेन्द्रविक्रम शाहको समयमा कस्क्यालीले चढाएको र हाल परराष्ट्र मन्त्रालय, जैसी कोठा, राजदरबारसम्बन्धी पोका नं १७ मा संग्रहित वंशावलीमा पनि रिडीको बारेमा उल्लेख छ । उक्त वंशावलीअनुसार नामजात राना र सैचन्द तिवारी शालिग्रामी कालीगण्डकीको किनारामा आई नामजात रानालाई छत्र सिंहासन रजाई प्राप्त होओस् भनेर सैचन्द तिवारीले कालीगण्डकी र रिडीको दोभानमा पुरश्चरण गर्दा नामजात रानालाई वैघा लसर्घामा लैजाऊ, त्यहीं खाँडो र छत्र, सिंहासन मिल्नेछ' भन्ने आकाशवाणी भयो । त्यसपछि नामजात राना कालीगण्डकी तरेर आउँदा कार्कीकोटका कार्की राजाले बाटो छेकेकोले केही समय सीता गुफा मुनिका रपटमा बसी कार्की राजाकी छोरी विवाह गरेर कार्की राजाको सहायताले लसर्घा जितेर नामजात रानाले राजअलंकार प्राप्त गरे । त्यसपछि नामजात रानाले मुलुकका घले मारी राज्य बढाएर गोतामका मल्ल राजाकी छोरी विवाह गरे । उपर्युक्त वंशावलीहरूमा उल्लिखित जैमल राजा र नामजात राना अरू नभएर लसर्घामा आई अल्पकालिक स्थायी बास जमाएका जैन खान हुन् भन्ने बुझिन्छ । लसर्घाका आलमदेवीका पूजारी मास्की राना मगरहरूमा पनि रिडीबाट सतीलाई डोलीमा राखेर ल्याएको र आलमदेवीको स्थानमा आएपछि भूइँभित्र सती अल्पलिएकोले सती अल्पलिएको त्यही ठाउँमा उनलाई आलमदेवीको नाउँबाट पूजा गरिएको किम्बदन्ती प्रचलित छ (गुरुङ, त्यही: ११-१६) ।

रिंडीघाट केवल धार्मिक दृष्टिले मात्र नभएर आर्थिक दृष्टिले पनि महत्त्वपूर्ण छ । अघि कालीगण्डकीको किनारै किनारा मधेश र भोटको चल्तीको व्यापारिक बाटो थियो । पाल्पाको तानसेनदेखि दक्षिणपट्टि भाँवर प्रदेश तिनाउ नदीको किनारामा पहाड र मधेशको पायक पर्ने ठाउँमा बुटवलनामक एउटा व्यापारिक केन्द्र अवस्थित छ । नारायणघाटको विकास हुनुभन्दा अघि सम्पूर्ण गण्डकीप्रस्रवणक्षेत्रको आपूर्ति केन्द्रको रूपमा बुटवल रहेको थियो । बुटवलदेखि दक्षिणपट्टि अहिले भैरहवाबाट लुम्बिनी जाने बाटो तिनाउको किनारामा बेथरी नामक सानो व्यापारिक केन्द्र थियो । व्यापारिक केन्द्र भएकोले त्यहाँ एउटा अड्डा पनि थियो, जसलाई बेथरी अड्डा भनिन्थ्यो । पछि उक्त अड्डा बेथरीबाट भैरहवामा सऱ्यो । भैरहवामा सरेपछि पनि धेरै वर्षसम्म उक्त अड्डालाई बेथरी अड्डानै भनिन्थ्यो । यसरी मधेशमा तिनाउँको किनारामा रहेको बेथरी र बुटवलदेखि उत्तरमा थाकखोला र मुस्ताङ भई भोटसम्मको व्यापार हान्ने मुख्य व्यापारिक बाटोको घाट परेको ठाउँमा रिडी अवस्थित छ । रिडीघाट केवल उत्तर र दक्षिण अथवा भोट र मधेशको व्यापारिक बाटोमा मात्र नभई पूर्व पश्चिमको मूल बाटोमा पनि पर्दथ्यो । धेरै पछिसम्म पनि पश्चिमतर्फ जुम्ला, डोटी, कुमाउँ, गढवाल र किल्ला काँगडातर्फ जाने लश्कर यही रिडीघाटबाट चल्दथ्यो । जुम्लादेखिका व्यापारीहरू राडी, पाखी, घोडा, कुकुर, कस्तुरीको बिना, पदमचाल्नु, भोटे खयर, निरमसि, जटामसि, शिलाजित्, जिम्बु, ओखर, फ्याउ मुसाको बोसो आदि बेच्नको लागि माघे संक्रान्तिका दिनमा रिडी आइपुग्थे, जसको अलिकति अवशेष अहिले पनि बाँकी छ ।

रिडीमा कार्तिकशुक्लएकादशी अर्थात् हरिबोधिनीएकादशीको दिनमा भगवान् हृषीकेशको शोभायात्रा हुन्छ । एकादशीहरूमध्ये कार्तिकशुक्लएकादशीको ठूलो महत्त्व छ । यस दिन भगवान् विष्णु पातालमा दानवराज बलिको ढोकाबाट उठेर आफ्नो दिव्य धाम वैकुण्ठमा पदार्पण हुने हुनाले कार्तिकशुक्लएकादशीलाई हरिबोधिनीएकादशी भनिएको हो । हरिबोधिनीएकादशीका अतिरिक्त माघे संक्रान्तिमा पनि रिडीमा ठूलो मेला लाग्दछ । माघे संक्रान्तिदेखि सूर्य उत्तरायण लाग्ने हुनाले यस दिन भक्तजनहरू विभिन्न तीर्थमा गएर स्नानगरी देवकार्य, पितृकार्य गरी पुण्यलाभ गर्दछन् । यसरी माघे संक्रान्तिमा श्रद्धालु भक्तजनहरूले स्नान गर्ने तीर्थहरूमा कालीगण्डकी र रिडीको संगम अति पवित्र मानिन्छ । कालीगण्डकी शालिग्रामी भएको र महावारुणीयोग परेको दिन कुरुक्षेत्रको कालीगण्डकीमा एक हल सुनको लेदो बग्दछ' भन्ने विश्वासले माघे संक्रान्तिमा रिडी स्नानको महत्त्व बढेको हो । ज्यौतिषशास्त्रमा महावारुणीयोगको यस्तो प्रशंसा पाइन्छ–

> वारुणेन समायुक्ता मधौ कृष्णात्रयोदशी ।
> गङ्गायां यदि लभ्यते सूर्यग्रहशतैः समा ॥
> शनिवारसमायुक्ता सा महावारुणी स्मृता ।
> शुभयोगसमायुक्ता शनौ शतभिषा यदि ॥
> महामहेति विख्याता त्रिकोटिकुलमुद्धरेत् ॥

(चैत्रकृष्णत्रयोदशीतिथी शतभिषा नक्षत्रले युक्त छ भने वारुणी योग पर्दछ । त्यसदिन शनिवार पऱ्यो भने महावारुणीयोग पर्दछ । यसैगरी त्यसदिन आनन्दादियोगमा शुभयोग र शनिवार एवं शतभिषा नक्षत्रको योग पऱ्यो भने महामहावारुणीयोग पर्दछ । वारुणीयोगमा गङ्गा स्नान गऱ्यो भने १०० सूर्यग्रहणसमानको फल पाइन्छ । यसैगरी महामहावारुणीयोगमा गङ्गा स्नान गऱ्यो भने तीन करोड कुलको उद्धार हुन्छ (शर्मा, २०५५: ७७७-७७८) ।

रिडीमा माघे संक्रान्तिको अवसरमा तिन दिनसम्म ठूलो मेला लाग्दछ । पहिलो दिनको मेलालाई जेठी, दोस्रो दिनको मेलालाई माहिली र तेस्रो दिनको मेलालाई कान्छी भनेर नामकरण गरिएको छ । उक्त अवसरमा यसवरपरका स्थानीय व्यक्तिहरूका अतिरिक्त टाढाटाढाका श्रद्धालु भक्तजनहरू पनि रिडी तीर्थको स्नान गर्न आउँछन् । यसैगरी भारतबाट पनि साधु सन्तहरू रुरुक्षेत्रको मेला भर्न आउँछन् । यस मेलामा व्यापारिक मालसामानहरूको पनि किनबेच हुन्छ । यस्ता मालसामानहरूमा राडी, पाखी र ओखरको दिउलि मुख्य छन् । विशेषगरी रुकुम टकसेराका बासिन्दाहरू माघे संक्रान्तिमा रिडीमा लाग्ने मेलामा राडी, पाखी र ओखरको दिउलि बेच्न आउँछन् ।

यसरी रिडीतीर्थको माहात्म्यले एकातिर इन्द्रियलाई वशमा राखी नैतिकतामा अडिएर आफ्नो कर्तव्य कर्ममा लागेर अघि बढ र सिद्धिप्राप्त गर' भन्ने अर्ती उपदेश दिइराखेको छ भने अर्कोतिर विभिन्न पर्व पर्वनीहरूमा रिडीघाटमा भेला हुने श्रद्धालु भक्तजनहरू, साधु सन्तहरू र भोट-मधेश एवं पूर्व-पश्चिमका व्यापारीहरूको समागमले आध्यात्मिक ज्ञानगुनका कुरा र भाषा एवं संस्कृतिको सम्प्रेषणद्वारा एक आपसमा हार्दिक सद्भाव र सहिष्णुता बढाएको पाइन्छ । यस सहिष्णुता र सद्भावले नेपालीहरूको बीचमा सहअस्तित्वको भावना जागृत गराई नेपाली राष्ट्रियताको प्रबोधन एवं सम्वर्द्धनमा टेवा पुऱ्याइ राखेको छ । अतः नेपालको राष्ट्रिय समीकरणमा रिडीघाटको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## अर्मादिघाट

पर्वत जिल्लाको सदरमुकाम कुश्माबाट बागलुङ जाने बाटोमा कालीगण्डकीको किनारामा अर्मादिनाम गरेको घाट छ । सम्भवतः नेपालका राजा अरमुडिले काश्मीरी राजा जयापीडलाई झुक्क्याएर परास्त गर्न कालीगण्डकीमा बाँध बाँधेको ठाउँ यही अर्मादिघाटमा हुनसक्छ । अर्मादिघाटमा कालीगण्डकी ज्यादै साँघुरिएर बगेको छ र यहाँनेर कालीगण्डकीको खोँचमा दायाँ बायाँ दुवैतर्फ ढुंगाका अग्लाअग्ला पहराहरु छन् । भू-बनावटबाट पनि अर्मादिघाटमा सजिलैसँग बाँध बाँधेर कालीगण्डकीलाई थुन्न सक्ने देखिन्छ । अर्मादिघाटसँगै अर्मादि नाम गरेको गाउँ पनि छ । यही अर्मादि गाउँमा गण्डकीमाहात्म्य लेखिएको थियो (योगी, २०१३: परिशिष्टः १०८) । मगर भाषामा 'दि' वा 'डि' ले पानीलाई बुझाउँदछ । गाउँ ठाउँअनुसार कतै 'दि' र कतै 'डि' को प्रयोग गरिन्छ । अतः

अरमुडि, अरमाडि र अर्मादि मगर भाषाका एउटै प्रकृतिका लबजहरू हुन् भन्ने बुझिन्छ (गुरुङ, २०३५: ९७- ९८)।

काश्मीरको राजवंशावली राजतरङ्गिणीमा उल्लिखित घटना यसप्रकारको छ–

विद्या र पराक्रम भएका नेपालका मायावी राजा अरमुडिले काश्मीरका राजा जयापीडलाई छक्याउन खोजे । अरमुडि पछिपछि हट्दै कालीगण्डकीको पूर्वी किनारामा आए । अरमुडिले कालगण्डिका (कालीगण्डकी) लाई थुनेर पोखरी जमाई राखेका थिए । जयापीड पनि पानीको पोखरी भएको खोला (कालीगण्डकी) को किनारामा आइपुगे । खोला (कालीगण्डकी) को पानी घुँडासम्म आउने देखेर जयापीड निर्धक्कसँग तर्न खोला (कालीगण्डकी) मा पसे । काश्मीरका राजा जयापीड खोला (कालीगण्डकी) को बीचमा पुगेपछि नेपालका मायावी राजा अरमुडिले खोला (कालीगण्डकी) को बाँध खोलिदिएकोले धेरै सिपाही र हात्ती घोडासहित जयापीडलाई खोला (कालीगण्डकी) को भेलले डुबाइदियो । त्यसपछि अरमुडिले छालाको थैलो लिएका सिपाहीद्वारा खोला (कालीगण्डकी) को बीचबाट जयापीडलाई पक्रेर ल्याए । त्यसपछि अरमुडिले कालगण्डिका (कालीगण्डकी) को किनारामा रहेको ज्यादै अग्लो ढुङ्गे घरमा जयापीडलाई कैद गरे (वज्राचार्य र अरू, २०१९: २४- २७)।

अरमुडिको बारेमा पनि विभिन्न तर्कहरू पाइन्छन् । इतिहासकार बालचन्द्र शर्मा र ढुण्डिराज भण्डारीले अरमुडिलाई नेपाल उपत्यकाका राजा वरदेव मानेका छन् । वरदेवले भिक्षुव्रत लिएर मुडिएपछि उनी वरमुण्डी कहलिएको र त्यही वरमुण्डीलाई अरमुडि भनिएको हो' भन्ने उहाँहरूको तर्क छ (शर्मा, २०३३: १०७, भण्डारी, २०२७: ७५) । वहाँहरूको तर्क अरमुडि शब्दको व्युत्पत्तिको बारेमा एउटा प्रयाश हो । इतिहासकार डिल्लिरमण रेग्मीले अरमुडिलाई मगर नायक मानेका छन् (रेग्मी, १९६९: २१०) । डिल्लिरमण रेग्मीको तर्क सत्य र तथ्यको धेरै नजिक रहेको पाइन्छ । अरमुडि पछि पछि हट्दै कालीगण्डकीको किनारामा आइपुगेको वर्णन राजतरङ्गिणीमा पाइनाले उनको राज्य कालीगण्डकीदेखि पश्चिमतिर परसम्म थियो भन्ने बुझिन्छ । मगरहरूको बाह्र दर्लाममा वर्तमान गुल्मी र अर्घाखाँची पनि पर्दछ । यसबाट अरमुडि मगर राजा हुन् र उनको राज्य कालीगण्डकीको पूर्व र पश्चिम दुवै भेगमा विस्तृत थियो भन्ने बुझिन्छ । अरमुडि अर्मादि गाउँका मगर राजा हुन् भन्ने बुझिन्छ । यसरी अरमुडिको गौरवगाथा र कालीगण्डकीको अर्मादिघाटले हामीलाई सधैं आततायीहरूलाई परास्त गरेर आफ्नो राष्ट्र बचाउनको लागि प्रेरणा दिइराखेको छ र अविरल रूपमा नेपालको विजयको गौरवगाथा गाइरहेको छ ।

## खार्प खेगुफा

पोखरा-बागलुङ राजमार्गमा पर्ने पातीचौरदेखि देउपुर र लाङदी हुँदै लेसपर र सालिजा भएर पर्वतको रामचे पुगिन्छ । रामचे इलाका पुन मगरहरूको बसोबासको क्षेत्र हो । रामचेमा वनभित्र एउटा ठूलो गुफा छ र त्यस गुफाभित्र ढुङ्गा गाडेर खार्प खेको स्थान बनाएको छ । अतः पर्वत, रामचेको यो गुफा खार्प

खे गुफाको नामबाट प्रसिद्ध छ । रामचेको खार्प खेगुफामा जेठपूर्णिमाको दिनमा खार्प खेको पूजा गरिन्छ र त्यसदिन यहाँ ठूलो मेला लाग्दछ । च्यु (अक्षता), रुरुको डाला, नौसिङ्गे भाले र चुयाको पऱ्याङ आदि खार्प खेको पूजामा चढाइने मुख्य सामग्रीहरू हुन् । सिउरमा नौवटा चोसो परेको कुखुराको जङ्गी भालेलाई नौसिङ्गे भाले भनिन्छ । यसैगरी दायाँ बायाँ चुयाको मोटो लट्ठा र बीचमा तेर्सो पारेर काठ घुसारेको चुयाको भऱ्याङलाई पऱ्याङ भनिन्छ । भीर माहुरीको मह काढ्नको लागि भीरमा यस्तो प्रकारको पऱ्याङ प्रयोग गरिन्छ ।

खार्प खेलाई कतै कतै कार्बकेलि पनि भनेको पाइन्छ । खार्प' यो नाम वाचक शब्द हो र खे' को अर्थ बाजे वा पुर्खा हो । अतः खार्प खेको अर्थ खार्प नाम गरेको बाजे वा पुर्खा भन्ने हुन्छ । गुरुङहरू खार्प खे वा कार्बकेलिलाई अगु क्हर्ब भन्दछन् । गुरुङहरूका परम्परागत पुरोहित पज्यु (झाँक्री) को पे (पुरानो कथा) मा अगु क्हर्बको कथा पाइन्छ । पुन मगर भाषाको खार्प वा कार्ब र गुरुङ भाषाको क्हर्ब एकै प्रकारका शब्द हुन् । केवल लबज मात्र फरक हो । अगुको अर्थ अब अथवा पिता हो ।

खार्प खे वा अगु क्हर्ब भीरमा पऱ्याङ थापेर भीर माहुरीको मह काढ्ने व्यक्ति हुन् । खार्प खेको पे (पुरानो कथा) अनुसार उनका ९ भाइ छोरा र ७ बहिनी छोरी थिए । खार्प खेले एउटी कान्छी स्वास्नी विवाह गरेर ल्याएका थिए । आफ्ना बाले विवाह गरेर ल्याएकी कान्छी स्वास्नी देखेर उनका छोराहरूको मन लोभियो र उनीहरूले आफ्ना बालाई मारेर कान्छी आमालाई आफूहरूले स्याहार्ने षड्यन्त्र गरे । अतः एकदिन माहुरी काढ्न जाँदा भीरमा पऱ्याङ थापिसकेपछि खार्प खेले आफ्ना जेठा छोरालाई पऱ्याङमा चढ भन्दा उनले म सक्दिन् भने । यसैगरी माहिलादेखि कान्छासम्म सबैलाई पऱ्याङमा चढ भन्दा सबैले सक्दिन भनेर पर सरे । अन्तमा खार्प खे आफैँ पऱ्याङमा चढेर माहुरी काढ्न थाले । यसरी खार्प खे पऱ्याङमा चढेर भीर माहुरी काढ्न लागेको बेलामा उनका छोराहरूले चुयाको पऱ्याङ काटिदिए । त्यसपछि खार्प खे खुरमुरिएर भीरबाट लडे । उनका छोराहरूले खार्प खे मऱ्यो भन्ठाने । त्यसपछि दाज्यू भाइमा कसले कान्छी आमालाई स्याहार्ने भनेर सल्लाह गर्दा जसले उनको नाकमा लगाउने नत्थमा तारो हानेर आफ्नो बाण छिराउन सक्छ, उसैले बेहोर्न पाउने भन्ने सल्लाह भयो र घरमा गई कान्छी आमाको नाकमा लगाउने नत्थ लिएर पधेँरामा गई तारो हान्न थाले ।

खार्प खेका ७ बहिनी छोरीहरूले आफ्ना बा मऱ्यो भनेर झिँगा, काग, चिल र गिद्धलाई उनको मासु खान पठाए । यसै क्रममा कानमा सुन लगाएका ठूलो कालो गिद्ध खार्प खेको मासु खान जाँदा खार्प खे भीरमा अड्केर बसेको देखे । उक्त सुन लाउने गिद्धले तिमीलाई म पिठ्यूँमा राखेर घरमा लगिदिन्छु भन्दा खार्प खेले पत्याएनन् । अतः गिद्ध तल खोलामा गएर ठूलो ढुङ्गालाई आफ्नो पिठ्यूँमा राखेर ल्याई खार्प खेलाई देखाए । त्यसपछि खार्प खे उक्त गिद्धको पिठ्यूँमा चढेर घरमा गए । घरमा पुगेपछि उनले आफ्ना छोराहरूको षड्यन्त्र थाहा पाए । त्यसपछि खार्प खेले स्वास्नीसँग आफ्नो धनुष र बाण मागे । तिम्रो

र मेरो माया प्रीति सतको सत छ भने तिम्रो नत्थमा केवल मैले मात्र बाण छिराउन सकूँ भनेर पर्धेरामा गएर बसे । त्यसबेला उनका ९ भाइ छोराहरू कान्छी आमाको नत्थमा तारो हान्दै थिए । त्यही बेला खार्प खेले बाण हानेर नत्थमा छिराइदिए । ९ भाइले बाण हानिसकेपछि नत्थमा हेर्न जाँदा एउटा बाण नत्थमा छिरेको देखे । यो बाण कसको हो भनेर सबैले एक आपसमा सोधे, तर उक्त बाण ९ भाइ कसैको पनि होइन रहेछ । अन्तमा कान्छा भाइले यो बाण ता खार्प खेको हो, लौ उनी ता मरेको रहेनछ भने । त्यसपछि खार्प खेले आफ्ना ९ भाइ छोराहरूलाई तिमीहरू भूत भइजाउ भनेर सराप दिए । यसैगरी ७ बहिनी छोरीहरूलाई पनि भूतिनी भइजाउ भनेर सराप दिए । आकाशको बादल, असिना, पानी, चड्कने र भूइँको ज्वालामुखी खार्प खेका छोराहरू हुन् भनिन्छ । आफ्नो बाको बाण चिनेको हुँदा खार्प खेले आफ्नो कान्छा छोरालाई माया गरेर अँगेनाको भूत होउ र भात, तिउनको उम्लेर पोखिएको माड खाएर बस भने । अँगेनामा बस्ने सानो माउसिलो उनै खार्प खेका कान्छा छोरा हुन् भनिन्छ । खार्प खेले आफूलाई भीरबाट पिठ्यूँमा राखेर घरमा ल्याएका ठूलो कालो गिद्धलाई कानमा सुन लगाइदिए । ठूलो कालो गिद्धको कानमा झुण्डिएको रातो लोनि खार्प खेले उनलाई लगाइदिएको सुन मानिन्छ ।

गण्डकीप्रस्रवणक्षेत्रका लेक, खर्क, खर्चरी र महभीर सबै आ-आफ्नो इलाकाको गाउँको नाउँमा दर्ता गरिएका हुन्छन् । यहाँका ठूलाठूला महभीरहरूमा धारलाई भित्तानिर र आँखालाँई बाहिर पारेर फलामको बञ्चरो र फलामकै फाली गाडेर राखेको पाइन्छ । निगालाको टाँगोले छोएर हल्लाउदा ती बञ्चरो र फालीहरू हल्लन्छन्, तर त्यसमा डोरी छिराएर पऱ्याङ बाँध्यो भने नहल्लिइकन तनक्क तन्किएर दरिन्छ । वर्तमान कास्की, याङजाकोटको कलाँधुँ महभीरमा यस कुराको नमूना देख्न पाइन्छ । फलामका यी बञ्चरो र फालीहरू अघि अगु क्हर्बले भीर माहुरी काढ्दा पऱ्याङ बाँध्नको लागि गाडेका मानिन्छ । यस्ता ठूला ठूला महभीरहरूमा माहुरी काढ्दा चोखोनीति गरेर त्यस ठाउँको सिमे भूमे र अगु क्हर्बको पूजा गरी थुमा भेडाको भोग दिने चलन छ । यसैगरी महभीरमा पूजा गर्दा अगु क्हर्बको पे (पुरानो कथा) भनेर आचा वाचा गर्नुपर्दछ । यसो गरे भीरमा पऱ्याङ टाँगेर माहुरी काढ्दा कुनै विघ्न पर्दैन भन्ने विश्वास छ । अगु क्हर्ब वा खार्प खेलाई भीर माहुरी काट्ने दैवी शक्ति भएको महापुरुष मानिन्छ ।

पुन मगरहरूमा पुरुष-स्त्री दुवै वर्गका धामी झाँक्रीहरू हुन्छन् र काँसको थाल ठटाएर द्यौ बस्दछन् । जेठपूर्णिमाका दिन रामचेको खार्प खेगुफामा पुन मगरका पुरुष-स्त्री सबै धामी झाँक्रीहरू भेला हुन्छन् र खार्प खेको पूजागरी द्यौ बसेर विद्या साद्धछन् । त्यसबेला यी धामी झाँक्रीहरूमा देउता चढेर कम्प छुट्दछ र काखको दूधे बालकमा पनि देउता चढेर कम्प छुट्दछ भन्ने विश्वास छ । गण्डकीप्रस्रवणक्षेत्रका देवालय र गुम्बाहरूमा ठूल्ठूला पूजा विधान र दार्शनिक सिद्धान्तहरू पाइन्छन्, तर रामचेको खार्प खेगुफामा चाहिँ सरल र प्रकृतिपूजाको नमूना देख्न पाइन्छ । डाँडाकाँडा, खोला नाला, ठूलो छहरा, ठूलो रह, ठूलो वृक्ष, ठूलो ढुङ्गा, घाम, पानी, इन्द्रेणी र आफ्नै पिता पुर्खाहरूलाई देवी देवता र गुरु

मान्ने परम्परालाई प्रकृतिपूजा र जीववाद मानिन्छ । प्रकृतिपूजा र जीववाद मानिसको आदिम संस्कृति हो । अतः पर्वत, रामचेको खार्प खेगुफामा विद्यमान यस परम्पराले अहिलेसम्म पनि मानिसको आदिम संस्कृतिलाई जीवन्त रूपमा जोगाएर राखेको छ ।

गण्डकीप्रस्रवणक्षेत्रका गुफाहरूमा प्रागैतिहासिक कालदेखि नै मानिसले बसोबास गरिआएको पाइन्छ । मुस्ताङको काक् निङ्वा, टे र समरका गुफाहरूमा नवपाषाण युगभन्दा अघिका मानिसले खोपेका कलाकृतिहरू पाइएका छन् (पोह्रले, २०६०: ३-४) । यसैगरी दमौलीमा मादी र सेतीको सङ्गमनेरको गुफालाई व्यास गुफा मानिएको छ । भगवान् वेद व्यास उन्नत मानव मस्तिष्कको पराकाष्ठा अवस्थाको द्योतक ब्रह्मसूत्र एवं भगवत्गीताका रचयिता हुन् । यसरी गण्डकीप्रस्रवणक्षेत्रका प्राकृतिक गुफाहरू आदिम मानव संस्कृतिको प्रकृतिपूजा एवं जीववाद र उन्नत मानव मस्तिष्कको पराकाष्ठा अवस्थाको साधनास्थलको रूपमा रहेको पाइन्छ । अतः आधुनिक विज्ञानको चमत्कारतिर लम्किरहेको मानव मस्तिष्क एकपटक आफ्नो आदिम प्रकृति र संस्कृतिको सिंहावलोकन गर्नको लागि पर्वत, रामचेको खार्प खेगुफाको आदिम प्राकृतिक परम्परातर्फ अभिमुख भएमा मानव सभ्यता र संस्कृतिको विकासक्रमको राम्रो मूल्याङ्कन गर्न सकिने छ ।

## कालिका भगवती

बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि दक्षिणतिर कालीगण्डकी र काठे खोलाको दोभान माथिको टापुमा वनभित्र कालिका भगवतीको मन्दिर अवस्थित छ । पाल्पाली राजा मुकुन्द सेन प्रथमले पर्वतका राजा प्रतापी नारायण मल्लसँग आफ्ना छोरीको विवाह हुँदा कालिका भगवती दाइजो दिएर पठाएको विश्वास गरिन्छ । खड्का क्षेत्री पूजारीद्वारा कालिका भगवतीको पूजा हुन्छ । कालिका भगवती मन्दिरको गर्भगृहमा एउटा चौका उठाएको छ र त्यस चौकामाथि उत्तर र दक्षिण पारेर लहरैसँग माटोको तीनवटा अर्ध गोलाकार थुम्का उठाएको छ । त्यसदेखि माथि अर्को एक तह पेटी उठाएर त्यस्तै एउटा थुम्का उठाएको छ । यी चारैवटा थुम्कालाई चाँदीको पाताले मोरेको छ । यिनै थुम्काहरूलाई कालिका भगवतीको प्रतीक मानेर पूजा गरिन्छ ।

काठमाडौं उपत्यका र नेपालको पहाडखण्डमा देवी देवताको प्रतीकको रूपमा मानव एवं पशुको आकार नभएका प्राकृतिक सादा ढुङ्गाहरू स्थापना गर्ने परम्परा छ । नेपाल तराईमा भने देवी देवताको प्रतीकको रूपमा माटोको चौकामाथि माटोको अर्ध गोलाकार थुम्का उठाएको हुन्छ, जसलाई स्थानीय भाषामा भिटा भनिन्छ । नवलपरासी जिल्लाको पाल्ही भगवतीको मन्दिरमा यस प्रचलनको प्रत्यक्ष नमूना देख्न पाइन्छ । पाल्ही भगवतीको मन्दिरमा चौकामाथि लहरैसँग माटोको अर्ध गोलाकार भिटा उठाएको छ र चौकाको भित्तामा कालीको सेन शैलीको प्रस्तर मूर्ति स्थापना गरेको छ । पाल्पाली राजा मुकुन्द सेन प्रथमले नेपालको पहाड र मधेशको विस्तृत भू-भागमा शासन गरेका थिए । उनैको

कारणले गर्दा उपेन्द्र विष्णुको सेन शैलीको प्रस्तर मूर्ति श्रीनगरको डाँडा पार गरेर रिडीमा प्रतिष्ठापित हुन आइपुग्यो । यसैगरी पाल्पाली राजा मुकुन्द सेन प्रथमसँगको सम्बन्धले गर्दा देवी देवताको प्रतीकको रूपमा माटोको भिटा उठाउने नेपाल तराईको प्रचलन पहाड नाघेर बागलुङसम्म आइपुगेको देखिन्छ । यसरी बागलुङ कालिका भगवतीको प्रतिमा निर्माणमा मधेश र पहाडको सांस्कृतिक सम्प्रेषण र समन्वय पाइन्छ । सांस्कृतिक समन्वय भनेको नेपालीहरूबीच आपसी सद्भाव बढ्नु हो र आपसी सद्भाव बढ्नु भनेको राष्ट्र बलियो हुनु हो ।

बागलुङ कालिका भगवतीको मन्दिरमा स्थापित तीनवटा थुम्कालाई महाकाली, महालक्ष्मी र महासरस्वतीको प्रतीक र त्यसदेखि माथिको थुम्कालाई शिवलिङ्ग मानेको पाइन्छ । यस मन्दिरका उपर्युक्त तीनवटा थुम्काहरू महाकाली, महालक्ष्मी र महासरस्वतीका प्रतीक हुन्, त्यो कुरा ठीक हो, तर त्यसदेखि माथिको छुट्टै थुम्का भने शिवलिङ्ग नभएर आद्यशक्ति महालक्ष्मीको प्रतीक हो । महाकाली, महालक्ष्मी र महासरस्वती यी तीन देवी आद्यशक्ति महालक्ष्मीका व्यष्टि रूप हुन् र आद्यशक्ति महालक्ष्मीचाहिँ महाकाली, महालक्ष्मी र महासरस्वतीका समष्टि रूप हुन् भन्ने कुरा यस अघि पनि उल्लेख भइसकेको छ । यसबाट बागलुङको कालिका भगवतीको मन्दिरमा आद्यशक्ति महालक्ष्मीको व्यष्टि र समष्टि दुवै रूपको उपासना गरिएको पाइन्छ । दुर्गासप्तशतीको प्राधानिकरहस्य र वैकृतिकरहस्यको अध्ययनबाट आद्यशक्ति महालक्ष्मीको व्यष्टि र समष्टि रूपबारे थाहा पाउन सकिन्छ (पाण्डेय, २०५०: १९२- २०६) ।

बागलुङ कालिका भगवतीको मन्दिरमा चैते दशैँमा ठूलो मेला लाग्दछ । चैत्रशुक्लअष्टमीको दिनलाई चैते दशैँको रूपमा मान्ने चलन छ । चैत्रशुक्लअष्टमीलाई भवान्युत्पत्ति अथवा दुर्गा भवानी उत्पत्ति भएको दिन मानिन्छ । भगवान् शिवका शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, ईशान, महादेव यी आठरूप छन् । शिवको शक्तिलाई शिवानी भने जस्तै भवरूप शिवको शक्तिलाई भवानी भनिन्छ । श्रीदुर्गाष्टोत्तरशतनामस्तोत्रमा दुर्गाका भवप्रीता, भवानी, भवमोचनी यी नाम उल्लेख छन् । भवरूप भगवान् शिवलाई प्रेम गर्नेवाला भवप्रीता, भवरूप शिवका शक्ति भवानी र संसारबन्धनबाट मुक्त गर्ने भवमोचनी हुन् (पाण्डेय, त्यही: ९) । चैत्रशुक्लप्रतिपदादेखि चैत्रशुक्लनवमीसम्म वसन्तकालिक नवरात्र, आश्विनशुक्लप्रतिपदादेखि आश्विनशुक्लनवमीसम्म शारदीय नवरात्र, पौषशुक्लप्रतिपदादेखि पौषशुक्लनवमीसम्म हेमन्तकालिक नवरात्र र आषाढशुक्लप्रतिपदादेखि आषाढशुक्लनवमीसम्म गृष्मकालिक नवरात्र मानिन्छ । यी नवरात्रहरू शक्ति उपासनाका लागि महत्त्वपूर्ण अवसरहरू हुन् । अष्टमी तिथिलाई जया तिथि मानिन्छ । अतः जय विजयको निमित्त शक्ति उपासनाको लागि अष्टमी तिथि महत्त्वपूर्ण मानिन्छ । बागलुङको कालिका भगवतीको मन्दिरमा वसन्तकालिक नवरात्रको अष्टमी तिथि भवान्युत्पत्तिको दिनलाई विशेष महत्त्व दिएको पाइन्छ ।

चैते दशैंमा बागलुङको कालिका भगवतीको मन्दिरमा लाग्ने मेलाको अर्को रोचक लोकगीतको दोहोरी खाल हो । गण्डकीप्रस्रवणक्षेत्रमा धवलागिरि अञ्चललाई लोकगीतको खानी मानिन्छ । धवलागिरि अञ्चलमा पनि लोकगीतका लागि लेखानी र राङखानी उल्लेखनीय छन् । लेखानीको साउने सालैजो, ठाडो सालैजो, यानुमाया र नानी रलै भाका रहरलाग्दा छन् भने राङखानीको नचरी, जौरे सालैजो, ठाडो भाका, मायालु भाका र सुनको गजुर आदि मोहनीलाग्दा भाका हुन् (थापा, २०३०: २३५- २७३) ।

धवलागिरि अञ्चलमा आजभन्दा करीब २ सय वर्षअघि जन्मेका महाकवि सुकृतिदत्त पन्तले संस्कृत भाषामा कार्तवीर्योदय महाकाव्य लेखेर समुन्नत साहित्यको एउटा नमूना देखाएका थिए । महाकवि सुकृतिदत्त पन्तद्वारा रचित कार्तवीर्योदय महाकाव्यलाई संस्कृत भाषाका महाकवि श्रीहर्षको नैषध महाकाव्यको दाँजोमा लाग्ने कृति मानिएको छ । कार्तवीर्योदय पछि भारत र नेपाल दुवै देशमा यस कोटिको महाकाव्य देख्न र सुन्नमा नआएको विश्वास छ (स्वामी, २०५१: १३-१४) ।

सहितस्य भावः साहित्य अर्थात् समग्रतालाई समेट्ने हुँदा साहित्यले मानव जीवनको सम्पूर्ण पक्षलाई स्पष्ट पार्दछ । यसैगरी काव्य जीवनको सार हो । काव्यले यस जगत्‌लाई संसार बनाएको छ । 'जगत्यां जगत' भन्ने उक्तिअनुसार जगत् नाशवान् वस्तु हो । जगत्‌लाई मिथ्या अथवा झूठो पनि मानेको छ, तर संसार राम्रो सार भएको वस्तु हो । "सम्यक् सारो यस्य सः संसार- जसको राम्रो सार छ, त्यो संसार हो' भनेर संसार शब्दको व्युत्पत्ति गरिएको छ । ब्रह्माजीको सृष्टिमा कमल हिलोमा र गुलाफ काँडामा फुल्दछ, तर कविको काव्य रचनामा त्यस्तो गल्ती कहिल्यै पनि हुँदैन । त्यसकारण कविले रचेको स्वतन्त्र काव्यसंसारको बारेमा यस्तो उक्ति पाइन्छ–

अपारे काव्यसंसारे कविरेव प्रजापति : ।
यथास्मै रोचते विश्वं तथैव परिवर्तते ॥

(अपार काव्यसंसारमा कवि नै सृष्टिकर्ता हुन्, किनभने कविले आफूलाई जस्तो मन पर्दछ, विश्वलाई त्यस्तै बनाउँदछन्) ।

यसैगरी काव्यको महिमालाई यसरी प्रशंसा गरिएको पाइन्छ–

काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये ।
सद्यः परनिवृत्तये कान्तासम्मिततयोपदेशयुजे ॥

(काव्य कीर्ति र धन कमाउन, व्यवहार जान्न, अकल्याणको नाश गर्न, सबैबाट मुक्त भएर तात्कालिक आनन्द र कान्तासम्मत उपदेशका लागि हो) ।

उपदेशलाई प्रभुसम्मत, मित्रसम्मत र कान्तासम्मत गरी तीन किसिमको मानिएको छ । वेदको वाक्य प्रभुसम्मत अथवा मालिकको आज्ञा जस्तो, धर्मशास्त्रको वचन मित्रसम्मत अथवा मित्रको सल्लाह जस्तो र साहित्यचाहिँ कान्तासम्मत अथवा प्रेमिकाको प्यारो बोली जस्तो उपदेश हो ।

यसरी धवलागिरि अञ्चलमा सामान्य जनस्तरको लोकगीतदेखि संस्कृत भाषाको उत्कृष्ट महाकाव्यका स्रष्टाहरूले जन्म लिएर यस क्षेत्रको गरिमा बढाएको पाइन्छ । कविता भनेको बगैंचामा फुलेको गुलाफ र लोकगीतचाहिँ पखेरामा फक्रेको प्याउलीको फूल हो । गुलाफलाई राम्रो मलजल चाहिन्छ, तर प्याउली भने पहरोमा दुईटा ढुङ्गाको कापमा पनि मजाले फुलिदिन्छ, किनभने लोकगीत उन्मुक्त मानव हृदयको नैसर्गिक भावनिस्रावको स्वतन्त्र अभिव्यक्ति र सामान्य जनसाधारणको सुख दुःखको अनुभूतिको निश्छल प्रस्तुति हो ।

गण्डकीप्रस्रवणक्षेत्रका वन, मेलापात, रोदि, उकाली, ओराली, देउराली, भञ्ज्याङ र चौतारीहरू सधैं लोकगीतको सुरिलो भाकाले गुञ्जायमान भइरहन्छन् । यहाँका सेब्रु नाच्ने हिमाली ठिटा ठिटीहरूको सुरिलो गला र खुट्टाको ताल; घाटु, सोरठी र वालनको अभिनय, नचरी लाउँदाको खैंजडी र मुजुरा; झ्याउरे नाच्ने झिल्केको मादल; सेलो नाच्ने मिल्केको डम्फु; भेडी गोठालाको टुङ्ना र मुजुरनाचको ढोल झ्याम्टा उत्तिकै महत्त्वपूर्ण छन् । गण्डकीप्रस्रवणक्षेत्रमा प्रणयबन्धनका अतिरिक्त व्रतबन्ध एवं विवाहमा गाइने मागल र मृत्यु संस्कार अर्घौंमा गाइने सेर्ग आदि संस्कार गीत प्रचलित छ । कामकाजसँग सम्बद्ध ऋतु गीत र हिमाल, डाँडाकाँडा, पाखा पखेरा, नदी नाला, पोखरी, जातजातका रुख, फलफूल र पशुपंक्षी आदिको वर्णन गरिएको तीर्थयात्रासँग सम्बद्ध यात्रा गीतको प्रचलन पनि गण्डकीप्रस्रवणक्षेत्रमा पाइन्छ । यसैगरी सामाजिक पीडा र व्यङ्गले भरिएको तीजको गीत पनि यस क्षेत्रमा लोकप्रिय छ । शिवरात्रिमा करापुटारको ईशानेश्वर महादेव मन्दिर र चैते दशैंमा बागलुङको कालिका भगवतीको मन्दिरमा ७ दिन ७ रातसम्म जम्ने लोकगीतका दोहोरी खालहरूले गण्डकीप्रस्रवणक्षेत्रको लोकगीतको अविरल धारालाई अविच्छिन्न रूपमा जोगाएर राखेको छ ।

मानिसको सुख, दुःखका अन्तरङ्ग अनुभूतिहरूलाई कायिक एवं वाचिक रूपमा व्यक्त गर्न पाइएन भने उसको मन कुण्ठित हुन्छ र त्यसबाट मानसिक विकृति उत्पन्न हुनसक्छ । लोकगीतका दोहोरी खालहरूमा माथि भनेझैं मानिसका नैसर्गिक भावनाहरू उन्मुक्तरूपले व्यक्त गर्न पाउँछन् र त्यसबाट उसको मनको धोको पुग्दछ । अतः उसको लागि लोकगीतको दोहोरी खाल नै मन धोइ फोइ गर्ने ठूलो तीर्थ बन्दछ, जस्तै–

मैला धुने साबुन त, साबुन धुने पानी,
यो मन धुने केले हो ?
भागीरथी गङ्गा मन भयो चङ्गा
यसै पञ्चखालमा मायालु भेटेर

यसरी बागलुङको कालिका भगवतीको मेलामा जम्ने लोकगीतको दोहोरी खालले लोकगीतको परम्परालाई जोगाएर राख्नुका साथै अप्रत्याशित रूपमा यसले लोकजीवनमा एउटा मानसतीर्थको काम गरिरहेको छ ।

## गलेश्वर

म्याग्दी जिल्लाको सदरमुकाम वेणीबजारदेखि उत्तरतर्फ कालीगण्डकी र रहु खोलाको दोभानभन्दा वरै गलेश्वर महादेवको मन्दिर अवस्थित छ। करीब दुई रोपनी जति क्षेत्रफल भएको एउटै ढुङ्गाको ढिस्कोमाथि गलेश्वर महादेवको मन्दिर निर्माण गरिएको छ। फुस्रो वर्णको उक्त ढुङ्गाको बीचबीचमा कालो र डल्लो ढुङ्गाहरू अड्किएर रहेका छन्, जसलाई चक्र परेको भनिन्छ। यस्तै चक्र परेको एउटा ठूलो ढुङ्गालाई गलेश्वर महादेवको लिङ्ग मानेर पूजा गरिएको छ। उक्त लिङ्ग भएको ठाउँ खाल्टोमा छ। यस ठाउँलाई वि.सं. १९४९ को एउटा पत्रमा "देवता निकल्याको ओडार" भनेको छ (श्रेष्ठ, २०५९: १२६)। अहिले यहाँ तल्ले शैलीको ठूलो मन्दिर बनाएको छ। यस मन्दिरदेखि दक्षिणतर्फ एउटा अग्निशाला अवस्थित छ र यहाँ अखण्ड धुनी जगाएर राखेको छ। अग्निशालासँगै एउटा मन्दिर निर्माण गरिएको छ। यस मन्दिरमा श्रीमद्भागवतमहापुराणको व्याख्यान गरिन्छ। यसदेखि माथि अलिकति अग्लो ठाउँमा ढुङ्गामाथि नै पानीको एउटा कुण्ड छ। यस कुण्डमा हिउँद वर्षा पानी उत्ति नै रहिरहन्छ भन्ने विश्वास छ।

गले गोरु अथवा हलो जुवाको नारमा नहिँड्ने गोरुलाई यहाँ लगेर एक जोडी रातो सेतो धजा बाँधिदिँदा उक्त गले गोरु हलो जुवाको नारमा सरासर हिँड्ने हुनाले यस महादेवको गलेश्वर नाम रहेको भनिन्छ। यसैगरी शिवले सतीदेवीको लाशलाई काँधमा राखेर डुलाउँदै जाँदा यहाँ आइपुगेपछि सतीदेवीको गला पतन भएको र सतीदेवीको गला पतन भएको ठाउँमा उत्पन्न भएको महादेव हुनाले गलेश्वर नाम रहेको हो भन्ने अर्को भनाइ छ (श्रेष्ठ, २०४४: २५)। यसैगरी अघि यहाँ गालव ऋषिले तपस्या गरेको हुनाले यहाँस्थित महादेवलाई गलेश्वर भनेको हो भन्ने किम्वदन्ती पनि प्रचलित छ।

गलेश्वर महादेवको शिवलिङ्ग स्वयं प्रकृतिनिर्मित र कालो वर्णको छ। गलेश्वरको यो प्राकृतिक शिवलिङ्ग क्रमिक रूपमा बढिरहेको विश्वास गरिन्छ। दक्षिण भारतमा नर्वदा गङ्गाको गर्भबाट प्राप्त अण्डाकारको प्राकृतिक ढुङ्गालाई शिवलिङ्गको रूपमा स्थापना गरेर पूजा गर्ने प्रचलन छ। अतः ढुङ्गाका यस्ता प्राकृतिक शिवलिङ्गलाई नर्वदेश्वर भनिन्छ। दक्षिण भारतको नर्वदा गङ्गाको गर्भबाट प्राप्त अण्डाकार प्राकृतिक शिलालाई भगवान् शिवको श्रीविग्रह अथवा लिङ्ग माने जस्तै नेपालको गण्डकीप्रस्रवणक्षेत्रमा कालीगण्डकीको गर्भबाट प्राप्त चक्र परेको कालो वर्णको प्राकृतिक शिलालाई शालिग्राम अथवा भगवान् विष्णुको श्रीविग्रह वा मूर्ति मानिन्छ। गण्डकीमाहात्म्यमा कालीगण्डकीका सबै शिलालाई भगवान् विष्णुको रूप मानेको छ। शालिग्रामका विभिन्न प्रकारहरूमा शिवनाभ शालिग्राम पनि एउटा हो। यसबाट भगवान् विष्णुको श्रीविग्रहमा भगवान् शिवको पनि भाव रहेको पाइन्छ। गण्डकीमाहात्म्यमा भगवान् शिव शिवनाभ शालिग्राम स्वरूपले रहेको वर्णन छ–

लिङ्गरूपो हरस्तत्र देवो देवालये गिरौ।
शिवनाभशिलास्तत्र चक्रनाभस्तथापरा :॥

(शालिग्राम पर्वत (कालीगण्डकीको उद्गम स्थल दामोदर हिमाल) मा हर (शिव) लिङ्ग स्वरूपले र देव (विष्णु) देवताहरूको आश्रय स्थल शालिग्राम पर्वतको रूपमा रहनुभएको छ । त्यसैले त्यहाँ शिव स्वरूपका शिवनाभ शालिग्राम र विष्णु स्वरूपका चक्रनाभ शालिग्रामहरू छन् (अधिकारी, २०५५: १६२) ।

हिमवत्खण्डपुराणको कृष्णगण्डकीमाहात्म्यमा शिवनाभ शालिग्रामको लक्षण यस प्रकारले बताएको छ–

**कूर्मचक्रमये भागे मध्यभागे खुरान्वित : ।**
**शिवनाम इतिख्यातो दुर्ल्लभ : सर्वकामद : ॥**

(तलतिर कूर्माकार चक्र छ र मध्यभागमा खुरको आकार बनेको छ भने सबै कामनालाई पूर्ण गर्ने शिव नामको शिला (शालिग्राम) हो, त्यो पाउनु बडो दुर्लभ छ (योगी, २०१३ : सं: १२४। ने: १२८) ।

यसबाट गलेश्वर महादेवको श्रीविग्रह अथवा शिवलिङ्ग कालीगण्डकीको किनांरामा शिव स्वरूपले रहेका शिवनाभ शालिग्राम हुन् भन्ने स्पष्ट हुन्छ ।

हिमवत्खण्डपुराण र गण्डकीमाहात्म्यमा गलेश्वरको उल्लेख पाइँदैन । गलेश्वरदेखि दायाँतिर माथि पाखामा स्थित पुलानामक स्थानलाई पुलस्त्य र पुलह महर्षिको आश्रम मानिएको छ । यसैगरी काली र धौलीका त्रिवेणीतीर्थमा राजा रहूगणको आश्रम रहेको मानिएको छ । भगवान् ऋषभदेवका छोरा राजा भरत आफ्नो राज्य छोडेर ज्ञानको खोजमा पुलहाश्रममा गएको वर्णन श्रीमद्भागवतमहापुराणमा पाइन्छ । कालीगण्डकी र रहू खोलाको दोभानमा राजा भरतले तपस्या गरेको मानिन्छ । त्यसपछि राजा भरत जडभरतका नामबाट प्रसिद्ध भए । गलेश्वरको मन्दिरको पूर्वपट्टि कालीगण्डकीको किनारामा स्थित एउटा शिलालाई जडभरतको शिला भनिन्छ । यस ठाउँमा जडभरतले तपस्या गरेको विश्वास गरिन्छ । इक्षुमती नदीको किनारामा राजा रहूगण र जडभरतको भेट भएको उल्लेख श्रीमद्भागवतमहापुराणमा पाइन्छ (अधिकारी, २०५५: १८६-१८७) ।

गलेश्वरको मन्दिरमा बालाचतुर्दशीको दिनमा ठूलो मेला लाग्दछ । टाढाटाढाका भक्तजनहरू आएर राति जाग्राम बस्ने र बिहान शतबीज छर्ने गर्दछन् । हिमवत्खण्डपुराणको हरिणेश्वरवाक्यनामक ८३ औं अध्यायमा अघि शिवजीले पशुयोनिमा प्राप्तभई मृगको रूप लिएर विचरण गरेको ठाउँ श्लेष्मान्तकवन मृगस्थलीमा बालाचतुर्दशी (मार्गकृष्णचतुर्दशी) का दिन सप्तधान्य (शतबीज) छरेमा जीवको पशुभाव अन्त्य भई मोक्ष प्राप्त हुन्छ भन्ने उल्लेख छ (योगी, २०१३: सं: १८३; ने: १८९) । पाशुपत दर्शनअनुसार पशु भनेका जीव र पति भनेका ईश्वर हुन् । जीवमा जडभाव हुने हुनाले उस्लाई स्वात्मको बोध हुँदैन । त्यसकारण जीवलाई पशु भनेको हो । जीव परतन्त्र छ भने ईश्वर स्वतन्त्र छ । पति अथवा ईश्वर भनेका शिव हुन् । अतः शिवको महाकरुणाबाट पशु अथवा जीवको जडभाव अन्तभई उसलाई स्वात्मको बोध हुन्छ र त्यसपछि शिवसायुज्य प्राप्त गर्दछ ।

यस परम्पराअनुसार बालाचतुर्दशीका दिन पाशुपतक्षेत्रको मृगस्थलीमा शतबीज छर्न जान नसक्ने भक्तजनहरू आफ्नो नजिकको तीर्थस्थल र शिवालयमा गएर उक्त दिन शतबीज छर्दछन् । गलेश्वर यस क्षेत्रको ठूलो तीर्थस्थल भएकाले यसरी भक्तजनहरू आएर यहाँ तीर्थ, व्रत र धर्म, कर्म गर्ने गरेको हो । यसरी गलेश्वरले पारमार्थिकरूपमा शिवसायुज्य प्रदान गर्नुका साथै लौकिक रूपमा नेपालको धार्मिक एवं सांस्कृतिक परम्परालाई जोगाएर राखेको छ ।

## पञ्चवेणी

गण्डकीप्रस्रवणक्षेत्रका मुक्तिक्षेत्र, रुरुक्षेत्र, हरिहरक्षेत्र, त्रिवेणीक्षेत्र र हरिक्षेत्र जस्तै शालिग्रामी कालीगण्डकीका काकवेणी, म्याग्दीवेणी, मोदीवेणी, सेतीवेणी र रुद्रवेणी यी पञ्चवेणी महत्त्वपूर्ण छन् । यी पञ्चवेणीले गण्डकीप्रस्रवणक्षेत्रमा धार्मिक एवं सांस्कृतिक मर्यादा र परम्परालाई संरक्षण र सम्प्रेषण गरिराखेको छ । अत: यी पञ्चवेणीको यहाँ वर्णन गर्न आवश्यक छ ।

**काकवेणी**- मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमदेखि उत्तरमा स्थित कालीगण्डकी र काकखोलाको दोभान काकवेणी नामले प्रसिद्ध छ । काकवेणीमा मुक्तिनाथको १०८ मुक्तिधाराको पानी आएर कालीगण्डकीमा मिसिन्छ । काकवेणीमा कालीगण्डकीको दायाँ बायाँ किनारा अन्तको भन्दा ज्यादै साँघुरिएको छ । अघि यहाँ कालीगण्डकी थुनिएर ताल जमेको थियो र पछि ताल फुटेर पानी बगेको हो भन्दछन् । यसरी साँघुरिएर नदी ठेलिएको ठाउँलाई तिब्बती भाषामा ब्कग् र नदी फराकिलो भएर बगेको ठाउँलाई थग् भनिन्छ । अत: कालीगण्डकी थुनिएर ताल जमेको ठाउँ हुनाले यसलाई तिब्बती भाषामा ब्कग् भनेको हो भन्दछन् ।

हिन्दूधर्मावलम्बीहरू काकवेणीलाई श्रीरामचरितमानसमा उल्लिखित काकभुशुण्डिसँग सम्बद्ध स्थल मान्दछन् । श्रीरामचरितमानसको उत्तरकाण्डमा गरुड र काकभुशुण्डिको संवादको रूपमा काकभुशुण्डिको महिमा यस प्रकारले बताएको छ–

पूर्वजन्ममा काकभुशुण्डि अयोध्यामा शूद्रकुलमा जन्मेका शिवभक्त थिए । त्यस जन्ममा काकभुशुण्डि उज्जैन गएर त्यहाँ एकजना ब्राह्मणबाट शिवमन्त्रको दीक्षालिई शिवको उपासना गर्न थाले । काकभुशुण्डि शिवको उपासना गर्दथे, तर रामको विरोध गर्दथे । उनका गुरु काकभुशुण्डिलाई रामको विरोध नगर भन्दथे । यही कुरामा गुरु चेलाको बीच वैमनस्य प्रकट भयो । एकदिन काकभुशुण्डि शिवालयमा बसेर शिवको मन्त्र जपिरहेका थिए । त्यसबेला उनका गुरु त्यहाँ आइपुगे, तर अहंकारवश काकभुशुण्डिले गुरुलाई प्रणाम गरेनन् । यसरी काकभुशुण्डिले गुरुलाई अनादर गरेको देखेर काकभुशुण्डिको यस व्यवहारबाट रुष्ट भई शिवले उनलाई अधोगति सर्पको नीच योनिमा प्राप्त होस् भनेर सराप दिए तर उनका गुरुले काकभुशुण्डिको श्रापमोचनको लागि शिवको स्तुति गरे । त्यसपछि अशुतोष शिव खुशीभई काकभुशुण्डिलाई जन्म मरणको पीडा नहोस्,

कुनै पनि जन्ममा चेतन लोप नहोस्, अप्रतिहतगति होस् अथवा गतिमा कुनै छेकबार नआओस् र रामभक्तिको उदय होस् भनेर आशीर्वाद दिए ।

धेरै जन्मपछि एकजन्ममा काकभुशुण्डि ब्राह्मण कुलमा जन्मे । त्यस जन्ममा काकभुशुण्डिले लोमष ऋषिबाट बालक रामको दीक्षा लिन चाहे । लोमष ऋषिले निर्गुण ब्रह्म अथवा ज्ञानमार्गको व्याख्या गरे । काकभुशुण्डिले सगुण ब्रह्म अथवा भक्तिमार्गको पक्ष लिए । त्यही कुरामा लोमष ऋषिसँग काकभुशुण्डिको विवाद भयो र लोमष ऋषिले काकभुशुण्डिलाई काक भएस् भनेर श्राप दिए । लोमष ऋषिको श्रापबाट काकभुशुण्डि काक भएर जान लाग्दा उनको महत्शीलता देखेर लोमष ऋषिलाई पश्चात्ताप भयो । शिवको आशीर्वादले गर्दा कुनै पनि जन्म र स्वरूपमा काकभुशुण्डिको चेतन लोप हुँदैनथ्यो । त्यसपछि लोमष ऋषिले काकभुशुण्डिलाई बालक रामको दीक्षा दिए । रामायण पनि सुनाए । परकाय प्रवेश गर्न सकोस्, इच्छा मरण होस् र काकभुशुण्डि बसेको ठाउँमा एक योजन वरिपरिसम्म कालधर्मको प्रभाव नपरोस् भनेर आशीर्वाद पनि दिए । त्यसपछि काकभुशुण्डि नीलगिरि पर्वतमा गएर बसे । काकभुशुण्डि भक्तिमार्गका अनुयायी हुन् । कल्पकल्पान्तसम्म पनि उनको नाश हुँदैन । भगवान् शंकर बारम्बार काकभुशुण्डिकहाँ गएर सत्सङ्गत गर्नुहुन्छ । शङ्करजीको आज्ञाबाट गरुडजीले पनि काकभुशुण्डिको सत्सङ्ग गरेका थिए । त्यसबाट गरुडजीको मोह भङ्ग भएको थियो (पोद्दार, २०५९: ७६०-८२७) ।

काकभुशुण्डिको निवास नीलगिरि पर्वत काकवेणीदेखि दक्षिण र जोमसोम एवं ठिनीबाट पूर्वमा अवस्थित छ । नीलगिरि पर्वतको उत्तरी शिखर समुद्रको सतहबाट ७०६१ मिटरको उचाइमा छ (गुरुङ, २०३६: ४१९) । मुक्तिनाथको तीर्थयात्रामा जाने तीर्थयात्रीहरू काकवेणीमा पितृश्राद्ध गरेपछि मात्र मुक्तिनाथको दर्शन गर्न जान्छन् । काकवेणीमा कालीगण्डकीको बायाँ किनारामा एउटा गुम्बा अवस्थित छ । कालीगण्डकीदेखि पारि पश्चिमपट्टिको भीरमा धेरै गुफाहरू छन् । यस गुफामा अघि भुमा (बौद्ध भिक्षुणी) हरू तपस्या बस्दथे भन्दछन् ।

काकवेणी धार्मिक दृष्टिका अतिरिक्त आर्थिक एव राजनैतिक दृष्टिले पनि महत्त्वपूर्ण छ । काकवेणीदेखि कालीगण्डकीको तिरैतिर उत्तरतिर लाग्यो भने छुकसाङ, समर र मुस्ताङ सात थपौलाको लो मन्थाङ हुँदै तिब्बत पुगिन्छ । दक्षिणतिर थाक टुकुचे हुँदै बेणी, बागलुङ, पाल्पा र बुटवल हुँदै भारत पुगिन्छ । यसैगरी पूर्वतिर उकालो लाग्यो भने मुक्तिनाथ र त्यहाँबाट थोरोङ भञ्ज्याङ पार गरेर मनाङ पुगिन्छ । पश्चिमतिर कालीगण्डकीपारि तिरि गुम्बा हुँदै सन्दा भञ्ज्याङ पार गरेर डोल्पा, तिब्रिकोट र जुम्ला पुगिन्छ । यसरी अघि काकवेणी उत्तर-दक्षिण भोट-मधेश र पूर्व-पश्चिमको व्यापारिक नाकाको केन्द्रबिन्दु भएर रहेको थियो ।

काकवेणीको यस्तो महत्त्वपूर्ण भौगोलिक अवस्थिति भएको हुँदा जुम्लाले पटक पटक काकवेणीलाई आफ्नो अधीनमा लिने गर्दथ्यो र यसबाट लो (मुस्ताङ) र पर्वतको आर्थिक एवं राजनैतिक अवस्था कचमचिन्थ्यो । यस सन्दर्भमा चिनियाँ- तिब्बती ज्यौतिषशास्त्रअनुसारको पानी-खरायो वर्ष (ई १७२३) मा

काकवेणीमा भएको मुस्ताङ, जुम्ला, पर्वत र लद्दाखको युद्ध स्मरणीय छ । मुस्ताङी राजा समढुव पलवरका नाति फुनछोग चुगग्यन नोर्बुका छोरा टशि नमग्यालले लद्दाखी राजकुमारी नोर्रजन वाङमोलाई विवाह गरेका थिए । लद्दाखी राजकुमारी नोरजिन वाङमो र मुस्ताङी राजा लद्दाखबाट मुस्ताङ गएको बेलामा उनीहरूलाई पुऱ्याउन लद्दाखी जर्नेल छुर्लठिम दोर्जे पनि उनीहरूका साथमा गएका थिए । त्यसबेला मुस्ताङी राजा, रानी र ४० जना भारदारहरूलाई जुम्लाले काकवेणीमा बन्धनमा पाऱ्यो । लद्दाखी जर्नेल छुलठिम दोर्जेले पर्वतको सहायताबाट मुस्ताङी राजा, रानी र भारदारहरूलाई जुम्लाको बन्धनबाट मुक्त गरे । त्यसपछि काकवेणीको किल्लामा रहेको कालो ढुङ्गाको महाकालको मूर्ति र राजा स्वयंको फलामको मालालाई साक्षी राखेर अघि जुम्लाका राजा वीरभद्र शाहका छोरा र मुस्ताङी राजा समढुव पलवरको पालामा भएको सन्धिमा दुवैथरी रहने गरी मुस्ताङ र जुम्लाको बीचमा सन्धि भयो (गुरुङ, १९८६: २२४- २२६) ।

काकवेणीको उक्त युद्धमा पर्वतका राजा मलैबमले मुस्ताङी राजालाई जुम्लाको बन्धनबाट छुटाउन सहयोग गरेको कुरा पर्वतको ऐतिहासिक स्रोतबाट पनि थाहा पाइन्छ (श्रेष्ठ, २०५९: ५९-६०) । त्यसपछि पनि जुम्ला चुप लागेर बसेन । जुम्लाले मुस्ताङलाई आफ्नो करद राज्य बनाएरै छाड्यो । नेपालले वि.सं. १८४६ मा जुम्लालाई जितेपछि मुस्ताङ स्वतः बृहत् नेपाल अधिराज्यमा गाभियो । नेपालका मान्यता प्राप्त चार राजामा मुस्ताङी राजा पनि एक हुन् । अहिलेसम्म पनि मुस्ताङी राजाले राजा पदवीको मान्यता पाइराखेको छ ।

**म्याग्दीवेणी-** म्याग्दी जिल्लाको सदरमुकाम वेणी बजारको पुछारमा पश्चिम-उत्तरबाट बग्दै आएको म्याग्दी नदी कालीगण्डकीमा मिसिन्छ । म्याग्दी एउटा हिमनदी हो । धौलागिरि हिमालको दक्षिणी हिमनदीबाट म्याग्दीको उत्पत्ति भएको छ । म्याग्दीलाई मङ्गला पनि भन्दछ । म्याग्दी र कालीगण्डकीको दोभान म्याग्दीवेणी नामले प्रसिद्ध छ । म्याग्दीवेणी केवल वेणी नामबाट पनि चिनिन्छ । म्याग्दीवेणी पर्वत राज्यको हिउँदे राजधानी हो । वेणी बजारमा स्थित कोट भण्डार अहिले उक्त राजधानीको अवशेषको रूपमा रहेको छ । पर्वत राज्यको वर्षे राजधानी ढोरलठानामा थियो । वेणीदेखि पश्चिमपट्टि ढोरलठाना अवस्थित छ । पर्वत राज्यका यी दुई राजधानीलाई लिएर यस क्षेत्रमा 'कहिले राजा ढोरलठाना कहिले राजा बेनी' भन्ने उखान चलेको पाइन्छ ।

मल्ल राज्य भए तापनि पर्वतको गणना बाइसटीका अथवा बाइसी राज्यमा हुँदैनथ्यो । सखीको लेकदेखि पूर्वका राज्यलाई चौबीसी राज्य मानिने हुनाले पर्वतको गणना चौबीसी राज्यमा भएको हो । भोट र मधेशको व्यापारिक नाकामा पर्ने हुनाले पर्वतको आर्थिक स्थिति बलियो थियो । तामाको खानीबाट पनि पर्वतलाई प्रशस्त आम्दानी हुन्थ्यो । सैन्यशक्तिमा पनि पर्वत मजबूत थियो । त्यसैले अन्तिम समयसम्म पनि पर्वतले गोरखासँग टक्कर लिईनै रह्यो । पर्वतका अन्तिम राजा कीर्तिबम मल्ल म्याग्दीको किनाराको बाटो भएर नवाब वजीरको राज्य बलीरामपुरमा शरण लिन पुगेपछि वि.सं. १८४३ मा पर्वत बृहत् नेपाल अधिराज्यमा सम्मिलित भयो (श्रेष्ठ, २०५९: ८३) ।

म्याग्दीवेणीमा एउटा पुरानो शिवालय अवस्थित छ । यस शिवालयमा शिवपाञ्चायन स्थापना गरिएको छ । यो शिवालय पर्वतका राजा मलैबमले स्थापना गरेका थिए । मलेबम माहात्म्यमा उनले म्याग्दीवेणीमा शिवालय स्थापना गरेको उल्लेख छ । यहाँ मलैवम र उनका रानी महलवसन्नाको ढुङ्गाको मालिक स्थापना गरिएको छ (श्रेष्ठ, त्यही: १२४) । यहाँ पर्व पर्वनीहरूमा भक्तजनहरू स्नान गरी पाञ्चायन देवताको दर्शन गर्दछन् ।

**मोदीवेणी-** पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारदेखि दक्षिणपट्टि खोँचमा मोदीवेणी अवस्थित छ । अन्नपूर्ण हिमशिखरको पूर्वीभाग र माछापुछ्रे-हिमशिखरको पश्चिमी भागबाट उत्पन्न भएको मोदी नदी दक्षिण र पश्चिमतिर बग्दै आई यहाँ आएर कालीगण्डकीसँग मिसिन्छ । अत: मोदी र कालीगण्डकीको दोभान मोदीवेणी नामले प्रसिद्ध छ । मोदीवेणीमा कालीगण्डकीको पारिपट्टि लक्ष्मीनारायणको मन्दिर अवस्थित छ । पर्वतका रमापति पन्तले वि.सं. १७७२ मा लक्ष्मीनारायणको यो मन्दिर बनाएका थिए । रमापति पन्त पर्वतका राजा मलैबमका समकालिक हुन् । यिनी प्रयागका सर्वश्रेष्ठ कवि इन्द्रका सात छोरामध्ये कान्छा छोरा थिए (श्रेष्ठ, त्यही: १२५) । कालीगण्डकी र मोदीको संगमको द्वीपमा नृसिंहको मन्दिर अवस्थित छ । यस मन्दिरमा विभिन्न प्रकारका चिह्न अंकित शालिग्रामहरू संग्रह गरी पूजा गरेर राखिएका छन् । यसमध्ये सिंहको टाउकाको आकृति भएको शालिग्राम विशेष उल्लेखनीय छ (श्रेष्ठ, त्यही: १२७) ।

मोदीवेणीमा एउटा वैष्णव अखडा रहेको छ । यस वैष्णव अखडालाई वैष्णव वैरागीहरूले सञ्चालन गरिराखेका छन् । मुक्तिनाथको तीर्थयात्रामा जाने आउने साधु, सन्तहरूलाई यस अखडामा खान, पिउन र वास बस्न बन्दोबस्त मिलाइदिएको हुन्छ । पोखरा, रामघाट, वैरागी वनको वैष्णव अखडा र मोदीवेणीको यस वैष्णव अखडाको बीच सम्बन्ध रहेको बुझिन्छ । मोदीवेणीको आसपासको वन जङ्गललाई सरकारकै तर्फबाट सुरक्षित राखिएको र कुश्मा चौरमा मुक्तिनाथ जाने आउने तीर्थवासी, फकिर, साधु, सन्तहरू बस्नको लागि धर्मशाला बनाएको छ (श्रेष्ठ, त्यही: २४७-२४८, २५४- २५५) ।

मोदीवेणीमा हरेक एकादशी, माघे संक्रान्ति, श्रीपञ्चमी, फागुपूर्णिमा र शिवरात्रिमा मेला लाग्दछ । यहाँ स्थायी रूपले तीर्थवास बसेका भक्त भक्तिनीहरू पनि छन् ।

**सेतीवेणी-** पर्वत जिल्लाको दक्षिणी सिमानामा सेतीवेणी अवस्थित छ । सेतीखोला र कालीगण्डकीको दोभान सेतीवेणीको नामबाट प्रसिद्ध छ । धुवाँकोटको डाँडाबाट निस्केर उत्तर-पूर्वतिरबाट बग्दै यहाँ आएर सेती खोला कालीगण्डकीसँग मिसिन्छ । यहाँ कालीगण्डकीको किनारामा एउटा ठूलो शिला अवस्थित छ । सेती र कालीगण्डकीमा आउने ठूलठूलो बाढीले पनि यस शिलालाई बगाउन सकेको छैन । यसलाई अलौकिक दैवीशक्ति भएको शिला मानिन्छ । यसैगरी यस शिलालाई शालिग्रामको रूपमा पनि मानिएको छ । गण्डकीमाहात्म्यमा कालीगण्डकीका शिलाहरू सबैलाई विष्णुस्वरूप शालिग्राम

मानिएको कुरा यस सन्दर्भमा स्मरणीय छ । सेतीवेणीमा वैशाख, कार्तिक र माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ ।

**रुद्रवेणी-** रिडीदेखि अलिकति उत्तरमा स्थित बडीगाड र कालीगण्डकीको दोभान रुद्रवेणी नामबाट प्रसिद्ध छ । पश्चिम नेपालको भाषामा खोलालाई गाड भन्दछन् । अतः बडीगाड भनेको ठूलो खोला हो । यसबाट रुद्रवेणीसम्म पश्चिम नेपालको भाषिकाले प्रभाव पारेको देखिन्छ । बडीगाडलाई रुद्रगङ्गा पनि भन्दछन् । बागलुङ जिल्लाको रुद्रतालबाट बडीगाड निस्केको छ । रुद्रतालबाट निस्केको पानी निसी खोलासँग मिसिएर गुल्मी जिल्लामा पुगेपछि बडीगाड नामबाट बग्दछ । रुद्रवेणीमा जनैपूर्णिमा, हरिबोधिनीएकादशी र माघे संक्रान्तिमा मेला लाग्दछ । अहिले यहाँ गण्डर्षि आश्रमनामक एउटा आश्रम स्थापना गरिएको छ ।

दुइटा नदीको सङ्गमलाई दोभान भनिन्छ । कुनै कुनै दोभानलाई वेणीको उपाधि पनि दिएको हुन्छ । यसैगरी तीनवटा नदीको सङ्गमलाई त्रिवेणी भनिन्छ । कालीगण्डकीका काकवेणी, म्याग्दीवेणी, मोदीवेणी, सेतीवेणी र रुद्रवेणी यी पाँचवटा दोभानलाई वेणीको उपाधि दिएको छ । यहाँ पर्व पर्वनीहरूमा मानवीय धार्मिक एवं सांस्कृतिक कृयाकलापहरू सञ्चालन भइरहन्छन् । अतः यहाँका यी वेणीहरू केवल जल मात्रको संयोग नभइकन आध्यात्मिक सम्मिलन र सांस्कृतिक संरक्षणका संयोजक पनि हुन् । भौतिकतत्त्व र आध्यात्मिकतत्त्वमा आध्यात्मिक चिन्तन र सम्मिलन नै सर्वोपरि छ । भौतिक सुखप्रतिको मोह भङ्ग भएपछि स्वतः भौतिक द्वन्द समाप्त हुन्छ । तीर्थस्थलको वातावरणले मानिसको अन्तरात्मामा आध्यात्मिक जागरण ल्याउँदछ । आध्यात्मिक चिन्तनले एकातिर क्षणभंगुर जगतलाई संसार अथवा सुखमय बनाउँदछ भने अर्कोतिर सच्चिदानन्द प्राप्त गराउँदछ । सच्चिदानन्दको प्राप्ति नै मानव जीवनको सार हो । गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूले मानिसको अन्तरात्मालाई सधैँ सच्चिदानन्दतर्फ अभिप्रेरित गरिरहेका छन् ।

## पाँचौं अध्याय

## देवघाटदेखि देवदहसम्म

### देवघाट

सप्तगण्डकी-काली, सेती, मादी, मर्स्याङ्दी, दरौंदी, बूढी र त्रिशूलीको संगमस्थल देवघाट नामले प्रसिद्ध छ । सप्तमातृका स्वरूपका यी सप्तगण्डकीको संगमस्थलमा सर्वदेवसंघट्टन अथवा सबै देवी देवताहरूको सम्मिलन हुने हुँदा यो स्थल देवघाट कहलाएको विश्वास गरिन्छ । नीलाद्रिको काखमा अवस्थित त्रिशूल धाराको तीनवटा मूलबाट निस्केको पवित्र जल नीलकण्ठह्रद (गोसाईंकुण्ड) रूपमा परिणत भई त्यहाँबाट विभिन्न कुण्ड र शाखा नदीहरूको जल आफूमा समाहित गरी बग्दै आएको त्रिशूली गण्डकी चिलिमे, वेत्रावती र तादीले युक्त भई वेणीघाटमा आएर बूढीगण्डकीसँग मिसिन्छ । यसैगरी मनासलु र गणेश हिमालबाट बग्दै आएको बूढीगण्डकी आरुघाट हुँदै वेणीघाटमा त्रिशूलीसँग मिसिएपछि त्रिशूली नामले नै बग्दछ । गोरखाको उत्तरी भेग रुपिन लको दक्षिणी पाखोबाट निस्केको दरौंदी मभ्फुवा खैरेनीमा आएर मनाङको तिलिचो ताल र थोरोङ भञ्ज्याङबाट बग्दै नार खोला, दूध खोला, दोर्दी र चेपेलाई समाहित गरेर तार्कुघाट, चेपेघाट र सतीघाट हुँदै आएको मर्स्याङ्दीसँग मिसिन्छ र त्यहाँबाट मर्स्याङ्दी नामले कहलाएर मुग्लिङमा आएपछि उत्तर-पूर्वबाट बग्दै आएको त्रिशूलीसँग मिसिन्छ । त्यसपछि त्रिशूली, बूढीगण्डकी, दरौंदी र मर्स्याङ्दी यी चारवटा नदी त्रिशूली नामले बग्दछ ।

कास्की र लमजुङको दोसाँधमा रहेको दोस्रो अन्नपूर्ण हिमालको फेदीबाट उत्पन्न भएको मादीगङ्गा ईदी, रुदी र मिदग्युमलाई समाहित गरी गुम्बाघाट र शिशाघाट हुँदै दमौलीमा आएर सेतीगण्डकीसँग मिसिन्छ । उतापट्टि माछापुच्छ्रेको फेदीमा रहेको तीनशिरेबाट निस्केको सेतीगण्डकी पनि सार्दी, मर्दी, फुस्रे, विजयपुर र सरौदी आदि शाखा नदीहरूलाई समाहित गरी भीमाद भएर दमौलीमा आई मादीसँग मिसिन्छ । मादी र सेती मिसिएपछि उक्त नदी सेती नामले बग्दछ र गाईघाटमा पुगेपछि त्रिशूलीसँग मिसिन्छ । यसरी गाईघाटमा पुगेपछि सेती, मादी, मर्स्याङ्दी, दरौंदी, बूढी र त्रिशूली यी छवटा नदी त्रिशूली कहलाउँदछ र देवघाटमा पुगेपछि पश्चिम-उत्तरबाट बग्दै आएको कालीगण्डकीसँग मिसिन्छ ।

उपल्लो मुस्ताङको छोस्यार (पूर्वी प्रान्त) को शिरानमा रहेको सार्व लबाट बगेको स्यार छ्यु (पूर्वी पानी) र छोनुब (पश्चिमी प्रान्त) को शिरानमा रहेको कोरे लबाट बगेको नुब छ्यु (पश्चिमी पानी) नामक दुईटा खोला लो मन्थाङनेर आएपछि एक ठाउँमा मिसिन्छ । लम्वाइको आधारमा आजकल यिनै दुईटा खोलालाई कालीगण्डकीको मुहान मानिन्छ, तर यी दुवै खोलामा शालिग्राम भने पाइँदैन । दामोदरकुण्डबाट बगेर आएको डि खोला मुस्ताङको स्यार रि (पूर्वी पहाड) को डि र सुरखाङमा आएर लो मन्थाङबाट बगेर आएको उपर्युक्त ठूलो

खोलासँग मिसिन्छ । दामोदरकुण्डबाट बगेर आएको उक्त डि खोलामा लो मन्थाङबाट बगेर आएको खोलाको तुलनामा पानी कम छ, तर यस खोलामा शालिग्राम पाइन्छ । कालीगण्डकीको महत्त्व शालिग्रामसँग जोडिएको छ । अतः कालीगण्डकीलाई शालिग्रामी भनिन्छ । त्यसकारण वास्तवमा शालिग्रामी कालीगण्डकीको उद्गमस्थल केवल पानीको स्रोतबाट नभएर शालिग्रामको स्रोतको आधारमा दामोदरकुण्डलाई मान्नुपर्दछ । मुस्ताङबाट बगेको शालिग्रामी कालीगण्डकी काकवेणी हुँदै मिरिस्ति, रघु, म्याग्दी, मोदी, आँधी, बडिगाड र रिडीलाई आफूमा समाहित गरी रामदि र केलादिघाट हुँदै देवघाटमा आइपुग्दछ । कालीगण्डकीमा काकवेणी, म्याग्दीवेणी, मोदीवेणी, सेतीवेणी र रुद्रवेणी गरी पाँचवटा वेणीहरू छन् । यसरी देवघाटमा आएपछि पश्चिम-उत्तरबाट बगेर आएको कालीगण्डकी र उत्तरपूर्वबाट बग्दैआएको त्रिशूलीगण्डकीको संगम हुन्छ ।

देवघाटमा सप्तगण्डकीको संगम भएपछि यो महानदी नारायणी नामले कहलाई नारायणघाटबाट दक्षिणतिर बग्दछ र छुम्कानेर पूर्वतिरबाट बग्दै आएको रापतीलाई समाहित गरेर त्रिवेणीबाट भैंसालोटन हुँदै भारततिर बग्दछ । त्यसपछि गङ्गा र यमुनाको संगम प्रयागराज र वरुणा र असीको संगम काशी-वाराणसीभन्दा पूर्व पटनामा गएर गङ्गा र गण्डकीको संगम हुन्छ । गङ्गा र गण्डकीको संगम हरिक्षेत्रको नामबाट प्रसिद्ध छ । हिमवत्खण्डपुराणको चवालिसौं अध्यायमा देवघाटको माहात्म्य व्याख्या गरिएको छ । देवघाटमा सर्व देवताको संघट्टन हुने हुँदा यस स्थललाई देवतीर्थको संज्ञा दिएको छ–

सर्वासां संगमे धीर देवघट्ट उदाहृते ।
सर्वतीर्थमये पूते स्नानात्कोटिगुणं फलम् ॥
देवदेवः स्वयं तत्र तिष्ठति प्रमथैः सह ।
देवतीर्थमितिप्रोक्तं तस्मात्सर्वं फलप्रदम् ॥

(हे धीर अगस्त्यजी ! सबै नदी मिलेको तीर्थमध्येको पवित्र देवघाटमा स्नान गर्नाले करोड गुना फल पाउँदछ । देवताका पनि देवता शिव आफ्ना प्रमथ आदि गणका साथ त्यहाँ रहनुहुन्छ । त्यसकारण सबै फल दिने देवघाटलाई देवतीर्थ भन्दछन् (योगी, २०१३: सं : ९९; ने : ९८) ।

यसैगरी गण्डकीमाहात्म्यमा देवघाटलाई हरिहरक्षेत्र र आदिप्रयाग मानिएको छ–

समायानं हि देवानां भवतीत्थं धरे ध्रुवम् ।
देवघट्टमिति क्षेत्रं प्रसिद्धञ्च धरे तथा ॥
संभेदे गण्डकीनद्योस्तिष्ठामि प्राङ्मुखः सदा ।
शिवः प्रत्यङ्मुखो भूत्वा रक्षायै वर्तते सुराः ॥
अतो हरिहरक्षेत्रमुच्यते लोकविश्रुतम् ।
दर्शनात् स्पर्शनात् स्नानाल्लभ्येत वाञ्छितं फलम् ॥
इत्थमादिप्रयागाख्यमादिभूतं मम प्रियम् ।
भुक्तिमुक्तिप्रदं नृणां मम सायुज्यदायकम् ॥

(हे पृथिवी ! जसरी यहाँ देवताहरूको भेला हुन्छ, त्यसरी नै यो क्षेत्र देवघाट नामले प्रसिद्ध छ । हे देवताहरू ! गण्डकीनदीहरूको संगम देवघाटमा म विष्णु सधैं पूर्व फर्केर बस्छु । रक्षाको निमित्त शिव सधैं पश्चिम मुख गरेर बस्नुहुन्छ । यसैले यो क्षेत्र यस संसारमा प्रसिद्ध हरिहरक्षेत्र मानिनेछ र दर्शन, स्पर्शन र स्नान गर्नाले इच्छाएको फल पाइनेछ । यसप्रकार मेरो (भगवान् वराहको) प्यारो र पहिलो आदिप्रयाग नाम गरेको हरिहरक्षेत्र देवघाटले मानिसहरूलाई भोग र मोक्षका साथै मेरो स्वरूप प्राप्त गराउनेछ (अधिकारी, २०५५: १४६, १५०, १५१, १५५) ।

देवघाटको आफ्नो धार्मिक महत्त्व छँदै थियो, त्यसमा पाल्पाली राजा मुकुन्द सेन प्रथमले देवघाटमा आफ्नो अन्तिम जीवन बिताएकाले अझ यस स्थलको महत्त्व बढ्यो । यसरी देवघाटको प्राकृतिक, धार्मिक एवं ऐतिहासिक महत्त्व भए तापनि कालान्तरमा कालको चपेटामा परेर देवघाट उजाडिन पुग्यो । अहिले चितवनमा मानिसको बस्ती बसेर यातायातको सुविधा भएकाले मानिसहरूले पुनः देवघाटको महत्त्व बुझ्न थालेका छन् ।

देवघाटमा मानवनिर्मित स्मारकहरूमा पाल्पाली राजा मुकुन्द सेन प्रथमले स्थापना गरेको मुकुन्देश्वर महादेवको मन्दिर सर्वप्राचीन देखिन्छ । यस मन्दिरमा शिवलिङ्गको रूपमा प्राकृतिक चक्रशिला स्थापना गरिएको छ । गण्डकीमाहात्म्यमा शिवभक्त मुकुन्द सेनले देवघाटमा शुभ शिवलिङ्गको दर्शन पाएको र त्यसलाई उनले आफ्नो नामबाट मुकुन्देश्वर महादेवको उपाधि दिएर त्यहीँ स्थापना गरेको उल्लेख छ (अधिकारी, २०५५: २०३-२०६) ।

यस मन्दिरमा स्थापित चक्रशिलालाई स्वयं मुनि मुकुन्द सेन शिलारूपमा परिणत भएको भनेर मानिसहरू विश्वास गर्दछन्, तर वैज्ञानिकहरूले भने यस चक्रशिलालाई शालिग्रामको रूपमा परिणत भएको ठूलो कछुवा मान्दछन् । पाल्पामा तानसेन बजारदेखि तलतिर परवासमा स्थित मुकुन्देश्वर महादेवको मन्दिरमा पनि शिवलिङ्गको रूपमा यस्तै प्राकृतिक चक्रशिला स्थापना गरिएको छ । देवघाटमा चक्रशिला स्थापना गरिएको मुकुन्देश्वर महादेवको मन्दिरको चारसुरमा पनि चारवटा मन्दिर बनेको देखिन्छ, तर अहिले ती मन्दिरहरू सबै भत्किसकेका छन् र त्यहाँ अहिले कुनै मूर्ति पनि देखिँदैन । मुकुन्देश्वर महादेवको मूल मन्दिर भित्र भने गणेश र विष्णुका प्रस्तर मूर्तिहरू स्थापना गरिएका छन् । सम्भवतः यी मूर्तिहरू अघि मूल मन्दिरको चारसुरका मन्दिरहरूमा स्थापना गरिएको हुन सक्छ । मूल मन्दिरको चारसुरका उपर्युक्त चारवटा मन्दिरहरूमध्ये उत्तरपट्टिको एउटा मन्दिरलाई कालीको मन्दिर भनिन्छ, तर कालीको मन्दिर भनिने यो मन्दिर दुर्गाको हुनसक्छ। यसरी मूल मन्दिरको चारसुरका मन्दिरहरूको अवस्थिति र अहिले मूल मन्दिरको गर्भगृहमा राखिएका गणेश, विष्णु आदिका मूर्तिहरूको आधारमा अघि यहाँ चक्रशिलालाई शिवको पार्थिक लिङ्ग मानेर शिवपाञ्चायन स्थापना गरेको देखिन्छ ।

अथर्ववेदको पञ्चअथर्वशीर्षमा गणपतिअथर्वशीर्ष, शिवअथर्वशीर्ष, देव्यथर्वशीर्ष, विष्णुअथर्वशीर्ष र सूर्याथर्वशीर्षको गणना हुन्छ (खेमका, १९८७:

१५) । यसबाट अथर्ववेदको समयमा नै पाञ्चायन देवताको पूजा गर्न थालिएको बुझिन्छ, तर पाञ्चायन वा पाञ्चायन देवताको पूजालाई व्यापक बनाउने श्रेयचाहिँ आद्य जगत्गुरु शंकराचार्यलाई दिइन्छ (काणे, प्रथम भाग: १९८०: ३९४) । पाञ्चायन देवता स्थापना गर्दा एउटा देवतालाई मुख्य मानेर मध्यभागमा स्थापना गरिएको हुन्छ र अरू चारवटा देवतालाई आ-आफ्नो दिशाक्रमअनुसार चार दिशामा स्थापना गरिन्छ । जुन देवतालाई मुख्य मानेर मध्यभागमा स्थापना गरिएको छ, त्यही देवताको नामबाट उक्त पाञ्चायनको नामकरण गरिन्छ, जस्तै गणेशलाई मुख्य मानेर मध्यभागमा स्थापना गरिएको छ भने गणपति पाञ्चायन वा गणेश पाञ्चायन, शिवलाई मध्य भागमा स्थापना गरिएको छ भने शिव पाञ्चायन, देवीलाई मध्यभागमा स्थापना गरिएको छ भने देवी पाञ्चायन, विष्णुलाई मध्यभागमा स्थापना गरिएको छ भने विष्णु पाञ्चायन र सूर्यलाई मध्यभागमा स्थापना गरिएको छ भने सूर्य पाञ्चायन भनिन्छ । यसमा पनि कुन देवतालाई मुख्य मानेर मध्यभागमा स्थापना गर्दा अन्य देवताहरूलाई कुन कुन दिशामा स्थापना गर्नुपर्दछ भन्ने आ–आफ्नो दिशाक्रम हुन्छ । तल प्रस्तुत गरिएको विवरणबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

**पूर्व**

उत्तर

| | | | | |
|---|---|---|---|---|
| विष्णु शिव | विष्णु सूर्य | विष्णु शिव | शिव गणेश | शिव गणेश |
| गणेश | शिव | देवी | विष्णु | सूर्य |
| देवी सूर्य | देवी गणेश | सूर्य गणेश | देवी सूर्य | देवी विष्णु |

दक्षिण

**पश्चिम** (काणे, त्यही: ३९४) ।

नेपालमा खासगरी शिव पाञ्चायनको लोकप्रियता रहेको छ । अत: नेपालका साना खालका शिवालयहरूमा गर्भगृहको चारसुरका खोपाहरूमा नै गणेश, देवी, विष्णु र सूर्यका स-साना मूर्तिहरू स्थापना गरिन्छ भने ठूला खालका शिवालयहरूमा चाहिँ मूल मन्दिरको चारसुरमा छुट्टाछुट्टै स-साना मन्दिर बनाएर गणेश, देवी, विष्णु र सूर्यको मूर्ति स्थापना गरिन्छ । पनौतीको इन्द्रेश्वर मन्दिर र काठमाडौंको त्रिपुरेश्वर महादेवको मन्दिर यसका ज्वलन्त उदाहरण हुन् ।

भगवान् शिवका पाँचमुख तत्पुरुष, सद्योजात, वामदेव, अघोर र ईशान हुन् र तन्त्रशास्त्रको चरम विकास भएपछि तल्लो भागमा पनि शिवको कालाग्नि रुद्र मुखको परिकल्पना गरेर शिवलाई षट्वक्त्रको रूपमा पूजा गर्न थालियो भन्ने कुरा यसअघि नै उल्लेख भइसकेको छ । यसैगरी शिव उपासनाका लागि शिवपञ्चाक्षरीमन्त्र अति सिद्धिदायक र कल्याणकारी मानिन्छ । भगवान् शिवमा विभिन्न देवी देवताहरूको सामरस्य पाइए जस्तै शिवपञ्चाक्षरीमन्त्रका पाँचवटा अक्षरले पनि विभिन्न देवी देवताहरूको प्रतिनिधित्व गरेको पाइन्छ । तल प्रस्तुत तालिकाबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

| बीज | शक्ति | स्वर | ऋषि | वर्ण | देवता | मुख | छन्द |
|---|---|---|---|---|---|---|---|
| प्रणव | पार्वती | उदात्त | ॐ | श्वेत | परमात्मा | व्यापक | गायत्री |
| ,, | ,, | ,, | न | पीत | इन्द्र | पूर्व | ,, |
| ,, | ,, | ,, | मः | कृष्ण | रुद्र | दक्षिण | अनुष्टुप् |
| ,, | ,, | निषाद | शि | धूम्र | विष्णु | पश्चिम | त्रिष्टुप् |
| ,, | ,, | उदात्त | वा | लोहित | ब्रह्मा | उत्तर | बृहती |
| ,, | ,, | स्वरित | य | रक्त | स्कन्द | ऊर्ध्व | विराट् |

(गनेडीवाला, १९३३: ३९१)

देवघाटमा अहिले सामयिक रूपमा कल्पवास बस्ने र जीवनभर नै तीर्थवास बस्ने तीर्थवासीहरू छन् । यहाँ दिनहुँ श्रद्धालु भक्तजनहरू आएर नुहाउने र सन्तहरूको संगत एवं कथा प्रवचन श्रवण गर्ने गर्दछन् तापनि खासगरी देवघाटमा मकर संक्रान्ति अथवा माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ । हुन त मकर संक्रान्तिको दिनमा नेपालका विभिन्न पधेँरो, धारा, कुण्ड र नदीमा गएर भक्तजनहरू नुहाउने गर्दछन् तापनि यस पर्वमा सप्तगण्डकीको संगम स्थल देवघाटको स्नानलाई विशेष महत्त्व दिएको छ ।

माघे संक्रान्तिको अर्को नाम मकर संक्रान्ति हो । ज्यौतिषशास्त्रअनुसार माघ महिनाभर सूर्य मकर राशिमा रहन्छ । अतः सूर्यले धनु राशि छाडेर मकर राशिमा संक्रमण गर्ने दिनलाई मकर संक्रान्ति भनिएको हो । राशि भनेको नक्षत्रहरूको समूह हो । खगोल अथवा आकाशमा असंख्य ताराहरू छन् । ती असंख्य ताराहरूमध्ये अट्ठाइसवटा तारालाई ज्यौतिषशास्त्रमा महत्त्वपूर्ण मानिन्छ र त्यसमध्ये पनि अभिजित्लाई छाडेर अरू सत्ताइसवटा तारालाई अत्यधिक महत्त्वपूर्ण मानिन्छ । यसरी ज्यौतिषशास्त्रले महत्त्वपूर्ण ठहऱ्याएका यी ताराहरूलाई नक्षत्र भनिन्छ । यी नक्षत्रहरूका बाह्रवटा समूह छन्, जसलाई बाह्र राशि भनिन्छ । यी नक्षत्रहरूको समूह विभिन्न पशुहरूको आकृतिमा संयोजित रहेकोले तिनै पशुहरूको नामबाट राशिको नामकरण गरिएको हुन्छ, जस्तै–

१. मेष २. वृष ३. मिथुन ४. कर्कट ५. सिंह ६. कन्या ७. तुला ८. वृश्चिक ९. धनु १०. मकर ११. कुम्भ १२ मीन ।

यी बाह्रवटा राशिमध्ये उत्तराषाढा नक्षत्रको दोस्रो, तेस्रो र चौथो पाउ; श्रवण नक्षत्रको चारै पाउ र धनिष्ठा नक्षत्रको पहिलो र दोश्रो पाउको समूह मकर राशि हो र यो राशि मकरको आकृतिमा संयोजित हुन्छ । अतः उपर्युक्त नक्षत्रहरूको यस समूहलाई मकर राशि भनिएको हो । सूर्य एउटा राशिमा कम्तीमा २९ अंश र बढीमा ३२ अंशसम्म रहन्छ र सूर्यको गतांशलाई गते भनिन्छ, जस्तै मकर राशिमा रहेको सूर्यको एक अंश बित्यो भने माघ १ गते हुन्छ, दुई अंश बित्यो भने माघ २ गते हुन्छ इत्यादि ।

सूर्य कुन महिनामा कुन राशिमा रहन्छ भन्ने कुरा तल प्रस्तुत गरिएको तालिकाबाट राम्ररी स्पष्ट हुनेछ, जस्तै–

| क.सं. | महिना | राशि |
|---|---|---|
| १. | वैशाख | मेष |
| २. | जेठ | वृष |
| ३. | असार | मिथुन |
| ४. | साउन | कर्कट |
| ५. | भदौ | सिंह |
| ६. | असोज | कन्या |
| ७. | कात्तिक | तुला |
| ८. | मंसीर | वृश्चिक |
| ९. | पुस | धनु |
| १०. | माघ | मकर |
| ११. | फागुन | कुम्भ |
| १२. | चैत | मीन |

यसरी सूर्यको गतांशको आधारमा दिन गणना गरिने महिनालाई सौरमास र चन्द्रमाको कला बढेको र घटेको आधारमा शुक्लपक्ष र कृष्णपक्षको तिथि गणना गरिने महिनालाई चान्द्रमास भनिन्छ । शुक्लपक्षमा चन्द्रमाको कला बढ्दै गई पूर्णिमाको दिनमा चन्द्रमाको षोडशकला पूर्ण हुन्छ र कृष्णपक्षमा चन्द्रमाको कला घट्दै गई अमावास्या अथवा औंसीको दिनमा चन्द्रमाको षोडशकला शून्य हुन्छ ।

मास भनेको पनि चन्द्रमाको अर्को नाम हो । सूर्यादि नवग्रहहरू मेषादि बाह्रराशिमा बसे जस्तै यी ग्रहहरू सत्ताइसवटा नक्षत्रमा पनि पालैपालो गरेर बस्दछन् । चन्द्रमा आफ्नो षोडशकलाले पूर्ण भएको तिथिलाई पूर्णिमा भनिन्छ । यसरी चन्द्रमा आफ्नो षोडशकलाले पूर्ण भएको पूर्णिमा तिथिमा कुन नक्षत्रमा गएर बस्दछ, त्यस नक्षत्रको नामबाट त्यस पूर्णिमाको नामकरण गरिन्छ र त्यस पूर्णिमाको नामबाट त्यस मास वा महिनाको नाम राखिन्छ । तल प्रस्तुत गरिएको तालिकाबाट यो कुरा राम्ररी प्रष्ट हुनेछ, जस्तै–

| क.सं. | नक्षत्र | पूर्णिमा | महिना |
|---|---|---|---|
| १. | अश्विनी | आश्विनशुक्लपूर्णिमा | आश्विन |
| २. | कृत्तिका | कार्तिकशुक्लपूर्णिमा | कार्तिक |
| ३. | मृगशिरा | मार्गशीर्षशुक्लपूर्णिमा | मार्गशीर्ष |
| ४. | पुष्य | पौषशुक्लपूर्णिमा | पौष |
| ५. | मघा | माघशुक्लपूर्णिमा | माघ |
| ६. | उत्तरफाल्गुनी | फाल्गुणशुक्लपूर्णिमा | फाल्गुण |
| ७. | चित्रा | चैत्रशुक्लपूर्णिमा | चैत्र |
| ८. | विशाखा | वैशाखशुक्लपूर्णिमा | वैशाख |
| ९. | ज्येष्ठा | ज्येष्ठशुक्लपूर्णिमा | ज्येष्ठ |

| | | | |
|---|---|---|---|
| १०. | उत्तराषाढा | आषाढशुक्लपूर्णिमा | आषाढ |
| ११. | श्रवण | श्रावणशुक्लपूर्णिमा | श्रावण |
| १२. | उत्तरभाद्र | भाद्रशुक्लपूर्णिमा | भाद्र |

(पन्त, २०२४: २६५) ।

यसरी माघशुक्लपूर्णिमामा चन्द्रमा आफ्नो षोडशकलाले पूर्ण भएर मघा नक्षत्रमा गएर बस्ने हुनाले उक्त पूर्णिमालाई माघशुक्लपूर्णिमा भनिएको र त्यस पूर्णिमाको नामबाट त्यस मास वा महिनालाई माघ भनिएको कुरा प्रष्ट हुन्छ । यसबाट मकर राशिमा सूर्यको संक्रमण हुने दिन भएकाले त्यस दिनलाई मकर संक्रान्ति भनेको र सूर्य मकर राशिमा रहँदा चन्द्रमा मघा नक्षत्रमा गएर आफ्नो षोडशकलाले पूर्ण हुने हुँदा त्यस आधारमा उक्त मास वा महिनालाई माघ भनेको र मकर संक्रान्तिलाई अर्को अर्थमा माघे संक्रान्ति पनि भनिएको तथ्य गम्भरी स्पष्ट हुन्छ ।

सबै संक्रान्तिको आ-आफ्नै महत्त्व छ । त्यसमध्ये विषुवत्संक्रान्ति र अयन संक्रान्तिलाई महत्त्वपूर्ण संक्रान्ति मानिन्छ । ज्योतिषीहरूले यस पृथ्वीमा तीनवटा काल्पनिक रेखाहरू मानेका छन् । पृथ्वीको मध्यभागमा कल्पना गरिएको रेखालाई विषुवत् रेखा वा भूमध्य रेखा भनिन्छ । पृथ्वीको उत्तरी गोलार्द्धमा कल्पना गरिएको रेखालाई कर्कट रेखा र दक्षिणी गोलार्द्धमा कल्पना गरिएको रेखालाई मकर रेखा भनिन्छ । मेष अथवा वैशाख संक्रान्ति र तुला अथवा कार्तिक संक्रान्तिलाई विषुवत्संक्रान्ति र कर्कट अथवा श्रावण संक्रान्ति र मकर अथवा माघे संक्रान्तिलाई अयन संक्रान्ति भनिन्छ (काणे, चतुर्थ भाग: १९८४: ८०) । मकर अथवा माघे संक्रान्तिदेखि सूर्यको किरण पृथ्वीको उत्तरी गोलार्द्धतिर सोझो पर्न थाल्दछ, जसलाई सूर्यको उत्तरायण भनिन्छ । मेष अथवा वैशाख संक्रान्तिमा सूर्यले विषुवत्रेखालाई पार गरेर पृथ्वीको उत्तरी गोलार्द्धमा आफ्नो किरण सोझो पार्दछ । कर्कट अथवा साउने संक्रान्तिदेखि सूर्यको किरण पृथ्वीको दक्षिणी गोलार्द्धतिर सोझो पर्न थाल्दछ, जसलाई सूर्यको दक्षिणायण भनिन्छ । तुला अथवा कार्तिक संक्रान्तिमा सूर्यले विषुवत्रेखालाई पार गरेर पृथ्वीको दक्षिणी गोलार्द्धमा आफ्नो किरण सोझो पार्दछ र धनु अथवा पौषमसान्तपर्यन्त यो क्रम जारी रहन्छ । यसरी मकर संक्रान्ति वा माघे संक्रान्तिदेखि सूर्यको उत्तरायण र कर्कट संक्रान्ति वा साउने संक्रान्तिदेखि सूर्यको दक्षिणायण लाग्ने हुनाले मकर संक्रान्ति वा माघे संक्रान्ति र कर्कट संक्रान्ति वा साउने संक्रान्तिलाई अयन संक्रान्ति भनिएको हो । यसैगरी मेष राशिमा सूर्य रहँदा अथवा वैशाख महिना र तुला राशिमा सूर्य रहँदा अथवा कात्तिक महिनामा विषुवत्रेखामाथि सूर्यको किरण सोझो पर्ने हुनाले मेष संक्रान्ति अथवा वैशाख संक्रान्ति र तुला संक्रान्ति अथवा कात्तिक संक्रान्तिलाई विषुवत्संक्रान्ति भनिएको हो । धर्मशास्त्रमा सूर्यको दक्षिणायणलाई भन्दा उत्तरायणलाई बढी महत्त्व दिएको छ । अत: यी चारवटा संक्रान्तिमा पनि सूर्यको उत्तरायण प्रारम्भ हुने हुनाले मकर संक्रान्ति अथवा माघे संक्रान्तिलाई अत्यधिक महत्त्व दिएको हो ।

सप्तगण्डकीमध्ये कालीगण्डकीको मुहान दामोदरकुण्डलाई विष्णु (हरि) सँग र त्रिशूलीगण्डकीको मुहान गोसाईंकुण्डलाई शिव (हर) सँग सम्बद्ध मानिएको छ। अतः कालीगण्डकी विष्णु अथवा हरिका प्रतीक हुन् भने त्रिशूलीगण्डकीचाहिँ शिव अथवा हरका प्रतीक हुन्। हरि र हर स्वरूपका काली र त्रिशूली यी दुई गण्डकीको देवघाटमा गएर संगम हुन्छ। विष्णु (हरि) र शिव (हर) को अभेदात्मक मतको नाम हरिहर मत हो। यसका अतिरिक्त सम्पूर्ण चराचर जगत्को अन्तिम आश्रय नारायण हुन् र नारायणका शक्ति नारायणी हुन्। देवघाटमा संगम भएपछि सप्तगण्डकी नारायणी नामले बग्दछिन्। अतः हरिहरको संगम स्थल र समस्त चराचर जगत्को अन्तिम आश्रय नारायणी शक्ति स्वरुपिणी भएकाले सूर्यको उत्तरायण लाग्ने मकर संक्रान्ति अथवा माघे संक्रान्तिमा देवतीर्थ देवघाटको स्नान विशेषफलदायी मानिएको हो। यसको अर्को कारण शालिग्राममा असाध्य रोगहरू निको पार्न सक्ने गुण भएकोले शालिग्रामी कालीगण्डकीको अन्य गण्डकीहरूसँग संगम हुने पवित्र स्थल देवघाटमा मकर संक्रान्तिको पर्वमा स्नान गरी चक्रशिला शालिग्रामको दर्शन गरी पुण्यलाभ गर्नु हो। देवघाटदेखि उत्तरतर्फ त्रिशूली र सेतीको संगममा गाईघाटनामक तीर्थ अवस्थित छ।

यसरी देवघाटको प्राकृतिक, धार्मिक एवं ऐतिहासिक महत्त्व रहेको छ। अतः देवघाट नेपालको एउटा अनुपम तीर्थ हो। कुनै बेला विशाल राज्य आर्जन गरेका प्रतापी राजा मुकुन्द सेन आफ्नो जीवनको अन्तिम समयमा छोरा र भतिजाहरूलाई मिलाउन नसकेर उनीहरूले विशाल राज्यलाई बाँडचुँड गरेर खाएपछि मानसिक शान्तिको लागि देवघाटमा आश्रित हुन पुगेका थिए। यसबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'आखिर श्रीकृष्ण रहेछ एक' भनेर मानव जीवनको सारतत्व बुझे झैं भौतिक पदार्थबाट मानिसलाई सुख हुन सक्दैन र सच्चिदानन्द अथवा चित्तको वास्तविक आनन्द भनेको भगवत्प्राप्ति नै हो भन्ने स्पष्ट हुन्छ। यसका अतिरिक्त सर्वदेवसंघट्टनक्षेत्र देवघाटतीर्थले मानसिक सम्मिलन र एकता नै भौतिक उन्नति र आध्यात्मिक सुखको आधार हो भन्ने पाठ पढाइरहेको छ। अतः हामीहरू सबै आ-आफ्नो दुर्गुण र हठलाई छोडेर राष्ट्रिय सहमतिमा लाग्न सक्यौं भने त्यसबाट नेपालको विकासको पूर्वाधार तयार भई नेपालमा वास्तविक शिव शान्ति कायम हुनेछ।

## सिखौली

नारायणघाटदेखि पश्चिमपट्टि र नवलपुरको रजहरदेखि दक्षिणतिर नारायणीको किनारामा सिखौलीनामक एउटा बस्ती छ। यहाँ नारायणीको पश्चिमी किनारामा ढुङ्गाको राम्रो सिँढी चिनेर नुहाउने घाट बनाएको छ। नारायणीमा नुहाएर पूर्व मोहोडा गरी आफ्ना नित्य नैमित्तिक कर्महरू गर्न यस घाटमा सजिलो हुन्छ। घाटदेखि माथिपट्टि एउटा मन्दिरको खण्डहर अवस्थित छ। यसलाई शिवालय मानिन्छ। यहाँ एउटा कोरा ढुङ्गालाई शिवलिङ्गको रूपमा स्थापना गरिएको छ र अहिले उक्त ढुङ्गा पनि खण्डित अवस्थामा छ। यो मन्दिर ढलेर यसको जग मात्र बाँकी छ। मन्दिरको जगमा विभिन्न देवी देवताका आकृति र फूलबुट्टा कुँदिएका ढुङ्गाहरू छन्। यसमध्ये मयूरमाथि चढेको कुमारको

शिलामूर्ति भव्यखालको छ । मन्दिरको जग हेर्दा यहाँ शिखरशैलीको मन्दिर निर्माण गरिएको देखिन्छ । यसैगरी जगका बुट्टे ढुङ्गाहरू हेर्दा मन्दिर भव्य खालको हुनुपर्ने देखिन्छ । यहाँ शिखरशैलीको मन्दिर भएकोले त्यसैको नामबाट लोकभाषामा यस ठाउँलाई सिखौली भनेको हुनसक्छ ।

नवलपुरका थारूहरूले पाँच-पाँच वर्षमा कुमारवर्ती माईको पूजा गर्दा यस ठाउँमा पनि पूजा गरेर भोग दिन्छन् । अहिले यस ठाउँको पुनरुत्थान र संरक्षणको योजनामा यहाँका स्थानीय मानिसहरू लागिरहेका छन् । यहींका स्थानीय मानिसहरूले नै मन्दिरको खण्डहरलाई सरसफाइ गरेर व्यवस्थित गर्न थालेका छन् । अहिले यहाँ एकजना सन्न्यासी बस्दछन् र बेलाबखतमा धार्मिक कियाकलापहरू पनि हुने गर्दछ ।

## देउचुली

नवलपुरको ठीक उत्तरपट्टि महाभारत पर्वतश्रृङ्खलामा देउचुली र वरचुलीनामक दुईटा चुलीहरू छन् । देउचुलीमा एउटा प्राकृतिक गुफा पनि छ । देउचुलीको यही प्राकृतिक गुफालाई नवलपुरका थारूहरूले आफ्नो शिरस्थान मान्दछन् । त्यस गुफामा एउटा माई स्थापना गरिएको छ, जसलाई कुमारवर्ती माई भनिन्छ । त्यस कुमारवर्ती माईको नामबाट नवलपुरको एउटा गाउँ विकास समितिको नाम कुमारवर्ती गाउँ विकास समिति राखिएको छ ।

वर्षैपिच्छे चैत्रशुक्लपूर्णिमाको दिनमा शिरस्थान देउचुलीको कुमारवर्ती माईको सामान्य पूजा र पाँच-पाँच वर्षमा चैत्रशुक्लपूर्णिमाकै दिनमा विशेष पूजा गरिन्छ । नवलपुर दण्डाका थनेत थरका थारू चौधरी (जमिन्दार) को तजवीज र बन्दोबस्तअनुसार नवलपुर, रजहरका थारू गुरौले पूजारी भएर कुमारवर्ती माईको पूजा गर्ने परम्परा छ । यस कुमारवर्ती माईको पूजा खर्च नवलपुरभरका प्रत्येक घरधूरीले बेहोर्नुपर्दछ । बर्सेनि गरिने सामान्य पूजामा देउचुलीको फेदीमा स्थापना गरिएको स्थानमा गएर पूजा गरिन्छ, तर पाँच वर्षे विशेष पूजामा भने देउचुलीको शिरस्थान गुफामा नै गएर कुमारवर्ती माईको पूजा गर्नुपर्दछ ।

कुमारवर्ती माईको पाँच वर्षे विशेष पूजामा नवलपुरको रजहरमा स्थित मूल थारू गुरौको घरमा नवलपुरका थारू चौधरी (जमिन्दार) र अन्य जनताहरू भेला हुन्छन् र त्यहाँबाट बाजागाजा र लावालस्करसहित देउचुलीको शिर स्थानमा पूजा गर्न जान्छन् । त्यस अवसरमा अघि चितवनका पेपे थरका थारूहरूले कुमारवर्ती माईको उत्पत्ति र माहात्म्यसम्बन्धी गीत गाउनुपर्ने चलन थियो । आजकल भने नवलपुरका थारू गुरौहरूले नै उक्त गीत गाउँदछन् । कुमारवर्ती माईको उत्पत्ति र माहात्म्यको गीत गाउँदा थुमा भेडाको भोग दिएर त्यसको भुँडीले मोरेको खैंजडी बजाउने चलन छ । थुमा भेडाको भुँडीले मोरेको खैंजडी बजाएर गीत गाउनु भनेको एउटा तान्त्रिक प्रयोग हो भन्ने बुझिन्छ ।

मधेशतिरका सोखा (धामी) हरूले ढोलक बजाएर गीत गाई बिरामीको आङमा चढेको दोख, दोखालो, बोक्सी र वायु बकाउने गरेको पाइन्छ । पहाडतिरका धामीहरू घोरलको छालालाई बेतले मोरेको ढ्याङ्ग्रोलाई कुकुर

डाइनेको गजाले बजाएर ध्यौ गर्दछन् । चैतको मङ्गलवारको दिनमा बाँदर मारेर त्यही दिन पाटे स्युंडीको घार तासी त्यस घारमा बाँदरको छालाले ढोलकी मोरेर चार दोबाटोमा बसी भकेम्लाको गजाले ढोलकी बजायो भने त्यस गाउँका बोक्सीहरू सबै त्यहाँ आएर नाच्दछन् भन्ने विश्वास छ । त्यसकारण कुमारवर्ती माईको विशेष पूजामा भोग दिएको भेडाको भुँडीले मोरेको खैंजडी बजाएर कुमारवर्ती माईको उत्पत्ति र माहात्म्यको गीत गाउने चलनलाई तान्त्रिक प्रयोग मानिएको हो ।

नवलपुरको थारू गुरौ र लेकाली गुरुङसम्बन्धी एउटा रोचक किंबदन्ती यहाँ उल्लेख गर्न सान्दर्भिक हुनेछ–

"एकपटक नवलपुरको एकजना थारू गुरौ बाघको रूप लिएर हिमालमा बुटी लिन गएछन् । बाघको रूपं लिएको उक्त थारू गुरौ हिमालमा पुगेपछि बाटोमा तेर्सिएर बसिरहेको रहेछ । गोठबाट घरमा खर्च लिन आएको एकजना गुरुङ गोठालाले त्यस बाघलाई देखेछ । बाघ देखेपछि त्यस गुरुङ गोठालाले बाघलाई हान्न आफ्नो भरुवा बन्दुकको घोडा तान्दा त्यसको आवाज सुनेपछि गुरौ बाघ बाटो छोडेर तलतिर लागेछ । त्यसको हिउँदमा उक्त गुरुङ सुर्ती लिन नवलपुर गएछन् । त्यहाँ एउटा थारूले त्यस गुरुङलाई आफ्नो घरमा बोलाएर लगेछ । त्यस गुरुङलाई पिँढीमा बसालेर थारू आफ्नो घरभित्र पसेछ । थारू घरभित्र पसेको धेरै बेरपछि पनि बाहिर नआएको हुँदा त्यस गुरुङले यताउति हेर्न थालेछ । यसो हेर्दा त्यस गुरुङले आफ्नो थाप्लो माथि सानो त्यान्द्रोमा एउटा बडेमानको जाँतो फनफनी घुमिरहेको देखेछ । त्यो दृश्य देखेपछि उक्त गुरुङ डराएर भाग्न थालेछ । त्यसपछि घरबाट बाहिर निस्केर थारूले गुरुङसँग तिमी नडराउ र नभाग, मैले तिम्रो साटो तिरेको हुँ, यसपालि वर्षामा हिमालमा जाँदा तिमीले मलाई झण्डै मारिसकेका थियौ, तिमीले बाटोमा भेटेको पाटे बाघ मै हुँ, त्यसैले आज त्यही साटो तिरेको हुँ भनेछ र एकभारी सूर्ती पनि दिएछ ।" मधेशका गुरौहरू बाघ बन्न सक्छन् भन्ने विश्वास छ । यसरी मन्त्र, तन्त्र गरेर बनेको बाघलाई गुरौ बाघ भनिन्छ । यस किंबदन्तीमा नवलपुरका थारू गुरौहरूको तान्त्रिक प्रयोगको एउटा आभास पाइन्छ ।

कुमारवर्ती माईको पूजागर्न रजहरबाट हिँडेको लश्कर देउचुली पहाडमा स्थित कीर्तिपुरनामक मगर गाउँमा पुगेपछि एक रात त्यहीँ वास बस्नुपर्दछ । त्यसको भोलिपल्ट नवलपुरका थारू र कीर्तिपुरका मगरहरू सम्मिलित भई देउचुलीको टुप्पामा रहेको कुमारवर्ती माईको गुफातिर लाग्दछन् । कीर्तिपुरबाट कुमारवर्ती माईको गुफा अथवा शिरस्थानसम्म नवलपुरका थारूहरूलाई बाटो देखाउने जिम्मा कीर्तिपुरका मगरहरूको हुन्छ । शिरस्थानको गुफामा पुगेर कुमारवर्ती माईको पूजा गरेर फर्केपछि नवलपुरभरका विभिन्न देवी देवताका स्थानहरूमा पनि पूजा गरिन्छ । त्यस अवसरमा बोका, भेडा र राँगाको प्रशस्त भोग चढाइन्छ । दरबन्दीमा तोकिएको भोगका अतिरिक्त व्यक्तिगतरूपमा भाकल गरिएका भोगहरू पनि त्यस अवसरमा चढाइन्छ । विभिन्न दैवीप्रकोपहरूलाई शान्तपार्न खासगरी उँभौली चैत र उँधौली कात्तिकमा गाउँका सिमे भूमेहरूको

पूजा गरिन्छ । चैत लागेपछि मधेशतिर विभिन्न रोगव्याधि फैलिएर मानिसहरू सखाप हुने हुनाले त्यतिखेरको मान्यताअनुसार नवलपुरका थारूहरूले यसरी विभिन्न पशुहरूको भोग दिएर देउचुलीको शिरस्थान र आफ्नो क्षेत्रभरका सिमेभूमेहरूको पूजा गर्ने गरेको देखिन्छ ।

गण्डकीप्रस्रवणक्षेत्रमा प्रचलित घाटु नृत्य नाटिकाका चारवटा प्रमुख देवताहरू हिउँचुली, वरचुली, देउचुली र गङ्गाचुलीका देवता हुन् । हिउँचुली र गङ्गाचूली अन्नपूर्ण हिमश्रृङ्खलाका हिमशिखरहरू हुन् भने वरचुली र देउचुलीचाहिँ नवलपुरको उत्तरमा रहेका महाभारतपर्वत श्रृङ्खलाका दुईटा चुलीहरू हुन् । गण्डकीप्रस्रवणक्षेत्रका लोक गाथाहरूमा घाटु नृत्य नाटिकाको स्थान सर्वोपरि छ । यस क्षेत्रका ठकुरी, गुरुङ, मगर, दुरा, दरै, कुमाल, माझी आदि जातिहरूमा घाटु नृत्य नाटिकाको प्रचलन छ । यसो भए तापनि लमजुङका गुरुङसँग घाटुको बढी सम्बन्ध देखिन्छ । अघि लमजुङका राजा यशोब्रह्म शाहले यहाँका गुरुङहरूलाई घटी जातसँग भात, पानी र करणीमा बोरिएमा; गोत्रहत्या, मित्रहत्या र गौहत्या लागेमा भाइ भनाहा बसी घाटुनी मारुनी नचाई जाँड पानी खाएमा शुद्ध हुन्छ भन्ने थिति बसालिदिएका थिए (गुरुङ, २०३४: ६८-६९) ।

घाटु लमजुङका प्रथम शाह नरेश कालु शाहका छोरा प्रताप शाह र उनकी रानी अम्बावतीको जीवन चरित्रमा आधारित नृत्य नाटिका हो । सती र बाह्रमासेगरी घाटु दुई किसिमका हुन्छन् । नृत्य नाटिकाको आधिकारिक अङ्ग सती घाटु र प्रासाङ्गिक भागचाहिँ बाह्रमासे घाटु हो । सती घाटुको अनुष्ठान वसन्तपञ्चमीमा र विसर्जन चण्डीपूर्णिमाको दिनमा हुन्छ । बाह्रमासे घाटु भने बाह्रै महिना नचाउन सकिन्छ । घाटु नृत्य नाटिकाका गीतहरू पुरानो नेपाली भाषामा विभिन्न भाकामा लयबद्ध छन् । नवलपुरभेकका थारुहरूले बोल्ने अवधी भाषाले पनि घाटुको गीतको भाषामा प्रभाव पारेको छ ।

राजा प्रताप शाहको राज्यमा चारैतिर वैरीहरू उठेको, गोरखाको दोसाँधमा लमजुङ, कास्की, रिसिङ, नुवाकोट, सतौं, गह्रौं, तानसेन र मुसीकोटका राजाहरूसँग प्रताप शाहले बडो वीरतापूर्वक युद्ध गरेको, प्रताप शाहले आफ्नो बिजुली तरबारबाट शत्रुलाई पराजय गर्दै कालीगण्डकीसम्मको भू-भागमा प्रभुत्व जमाएको र अन्तमा पर्वत, लोहासुरको मैदानमा प्रताप शाहले वीरगति प्राप्त गरेपछि अम्बावती रानीले बालकृष्णनामक आफ्ना नाबालक छोरालाई लोक पाँछ (लोक पंच) को जिम्मा लगाएर सतीघाटमा सती गएको इत्यादि वर्णन घाटु नृत्य नाटिकाको गीतमा पाइन्छ (गुरुङ, त्यही: ६४-९३) । घाटु नृत्य नाटिकाको कथावस्तु, घाटुनीहरूको भेषभूषा र यसको गीतमा प्रयुक्त भाषाले विक्रमको सोह्रौं शताब्दीको द्वितीय उत्तरार्द्ध र सत्रौं शताब्दीको प्रथम पूर्वार्द्धताकाको नेपाली इतिहास, संस्कृति र भाषामाथि राम्रो प्रकाश पार्दछ ।

शाहवंशको अभ्युदयको विषयलाई लिएर लेखिएका कृतिहरूमा भक्तविजयकाव्य, जयरत्नाकरनाटक, त्रि-रत्न सौन्दर्यगाथा आदि मुख्य छन् । ती कृतिहरू संस्कृत भाषामा लेखिएको हुनाले साधारण जनजीवनमा भिज्न सकेका

छैनन् । यसको विपरीत प्रताप शाह र अम्बावती रानीको जीवनचरित्रमा आधारित घाटु नृत्य नाटिकाले भने लोकजीवनको अन्तरात्मामा शाहवंशका राजा रानीहरूको आदर्श एवं मर्यादाको गहिरो छाप पारेको छ ।

घाटु नृत्य नाटिकामा गङ्गा, यमुना आदि भारतका नदीहरूभन्दा आफ्नै देशको सप्तगण्डकीको जललाई पवित्र मानेको छ । घाटु नृत्य नाटिकामा सप्तगण्डकीलाई सात जमुना भनेको छ । यसरी नै गण्डकीप्रस्रवणक्षेत्रका चेपेघाट, सतीघाट, केलादीघाट, गोसाईघाट, मशानेघाट, घुमेघाट, घुमरिघाट आदि सातवटा घाटलाई नै मुख्य तीर्थस्थलको रूपमा मानेको छ, जुन कुरा देश प्रेम र राष्ट्रिय भावनाको ज्वलन्त उदाहरण हो । यसैगरी घाटु नृत्य नाटिकामा अन्नपूर्णा हिमश्रृङ्खलाका हिमचुली एवं गङ्गाचुली र पाल्पा जिल्लाको महाभारत पर्वत श्रृङ्खलामा अवस्थित देउचुली र वरचूलीका देवतालाई इष्टदेवता मानेको छ । नवलपुरभेकका थारुहरूको भाषाले घाटुको गीतको भाषामा प्रभाव पारेको कुरा माथि नै उल्लेख भइसकेको छ । यसरी घाटु नृत्य नाटिकाले नेपालको हिमाल, पहाड र तराईलाई आफूभित्र आत्मसात् गरेको छ ।

कुकुर र सर्पले नटोकेकी, ढिकी र जाँतोले हात नथिचिएकी, शरीरमा कुनै खोट नभएकी कन्याकेटीलाई घाटुनीको रूपमा चयन गरिन्छ । यसरी घाटुनीको चयन गर्ने परिपाटीले काठमाडौं उपत्यकाको कुमारी चयन गर्ने प्रथासँग सामञ्जस्यता राख्दछ । यसरी घाटु नृत्य नाटिकाले नेपालको राष्ट्रिय एकतामा समन्वयात्मक सूत्रको भूमिका खेलेको छ । हाम्रो सामाजिक जीवनमा कुनै नयाँ विषय प्रतिपादन गरेरभन्दा परम्परागत रूपमा चलिआएका यस्तै मान्यताहरूलाई वैज्ञानिक ढङ्गले व्याख्या गरेर समाजमा राष्ट्रभक्तिको भावना जगाउनु बढी प्रभावकारी हुन्छ । घाटु नृत्य नाटिकाको अझ राम्ररी अनुसन्धान गर्न सकेमा यसले उक्त उद्देश्य प्राप्त गर्न सकारात्मक देन प्रदान गर्नेछ ।

नवलपुरका थारू चौधरी (जमिन्दार) हरू थनेत थरका थारूहरू हुन् । नवलपुरमा दण्डा खोलाको पूर्वी किनारास्थित दण्डा गाउँमा यी थनेत थारूहरूको मूल बस्ती रहेको छ । संस्कृतभाषाको स्थानीय शब्दलाई नेपाली भाषामा रैथाने भनिन्छ । अतः नवलपुरको दण्डा गाउँका यी थारू जमिन्दारहरूको जातीय उपाधि थनेतले पनि रैथाने एवं स्थानीय भन्ने अर्थ बुझाएको देखिन्छ । नवलपुरको दण्डाक्षेत्र एउटा प्रागैतिहासिक क्षेत्र हो । दण्डा गाउँको पारिपट्टि दण्डानदीको पश्चिमी किनाराको दण्डा कोटटाँडीनामक स्थानमा निम्नपुरापाषाणयुग र नवपाषाणयुगका मानिसहरूले प्रयोगमा ल्याएका ढुङ्गाका हतियारहरू पाइएका छन् (शर्मा, २०३९: २६, ३९, ३५१) । प्रागैतिहासिक मानिसहरू पहाडको गुफा, वन जंगलका छेउछाउ र खोलाको किनारको उँचो भूमिमा बस्दथे । अतः देउचुलीको शिर स्थान गुफा, दण्डा कोटटाँडीमा पाइएका प्रागैतिहासिक मानवका ढुङ्गे हतियार एवं माटाका भाँडा र दण्डाका रैथाने यी थनेत थारूहरूबीच त्रिकोणात्मक सम्बन्ध रहेको देखिन्छ । अतः देउचुलीको शिरस्थान गुफामा स्थापित कुमारवर्ती माईको पूजाले यस क्षेत्रको प्रागैतिहासिक परम्परालाई आजसम्म पनि निरन्तरता दिइराखेको देखिन्छ, जसबाट देउचुलीको

शिरस्थान गुफाको प्राचीनता र त्यहाँ स्थापित कुमारवर्ती माईको पूजाको सांस्कृतिक विशेषता अझ स्पष्ट हुन्छ ।

## त्रिवेणी

गण्डकीप्रस्रवणक्षेत्रका मुक्तिक्षेत्र, रुरुक्षेत्र, हरिहरक्षेत्र, त्रिवेणीक्षेत्र र हरिक्षेत्रमा त्रिवेणीक्षेत्र पनि एउटा महत्त्वपूर्ण तीर्थस्थल हो । महेन्द्र राजमार्गको अरूणखोला र वरघाटको दक्षिणमा त्रिवेणीतीर्थ अवस्थित छ । त्रिवेणीको पश्चिमी तट नवलपरासी र पूर्वी तट चितवन जिल्लामा पर्दछ तापनि नुहाउने घाट भने सप्तगण्डकीको पश्चिमी तट नवलपरासी जिल्लामा पर्दछ । सप्तगण्डकी (नारायणी), सोना र पञ्चानदीको संगम स्थल भएकोले यो तीर्थ त्रिवेणी नामले प्रसिद्ध छ । गण्डकीमाहात्म्यमा सोना र पञ्चालाई देविका र रुद्रतनया भनेको छ र गण्डकी, देविका र रुद्रतनयाको संगमलाई पवित्र त्रिवेणीक्षेत्र भनेको छ ( अधिकारी, २०५५: ६१, १६०-१६१) । राजकुमार सिद्धार्थले केशमुण्डन गरेको अनोमा नदी त्रिवेणीको यही नारायणीलाई मानिएको छ (रिजाल, १९७९: २५) । कुनै पनि नदी यदि एउटै सोतोमा मात्र बगेको छ भने त्यस नदीलाई खास त्यति महत्त्वपूर्ण मानिँदैन । यदि त्यस नदीमा अर्को नदी आएर मिसिएको छ भने दुइटा नदी मिसिएको उक्त दोभान पुण्यदायक मानिन्छ । त्यसमा पनि अझ तीनवटा नदीको त्रिवेणी परेको छ भने त्यो क्षेत्र अति पवित्र एवं पुण्यदायक मानिन्छ । त्यसकारण नारायणी, सोना र पञ्चा नदीको संगम स्थल त्रिवेणीलाई महत्त्वपूर्ण तीर्थस्थल मानिएको हो ।

त्रिवेणीमा माघेऔंसीको दिनमा मेला लाग्दछ । अमावास्या वा औंसीको दिनमा चन्द्रमाको षोडशकला पूर्णतः शून्य हुन्छ र त्यसको भोलिपल्ट शुक्लपक्षको प्रतिपदादेखि पुनः एक एक कलाको दरले चन्द्रमाको कला बढ्दै जान्छ र पूर्णिमाको दिनमा चन्द्रमाको षोडशकला पूर्ण हुन्छ । यसरी कृष्णपक्षमा चन्द्रमाको कला घट्दै जान्छ र शुक्लपक्षमा चाहिँ बढ्दै जान्छ । यसप्रकार चन्द्रमाको कला घट्ने र बढ्ने क्रमअनुसार तिथिको गणना गरिने महिनालाई चान्द्रमास भनिन्छ भन्ने कुरा यस अघि पनि उल्लेख भइसकेको छ । चान्द्रमास पनि अमान्त र पूर्णिमान्त गरी दुई प्रकारका हुन्छन् । शुक्लपक्षलाई अघि र कृष्णपक्षलाई पछि पारेर अमा अथवा औंसीमा महिना पूरा हुनेगरी गणना गरिने चान्द्रमासलाई अमान्त र कृष्णपक्षलाई अघि र शुक्लपक्षलाई पछि पारेर पूर्णिमामा महिना पूरा हुने गरी गणना गरिने चान्द्रमासलाई पूर्णिमान्त भनिन्छ । अहिले नेपालमा पूर्णिमान्त चान्द्रमासको चलन छ । यसअघि मध्यकाल र त्यसपछि पनि अमान्त चान्द्रमासको प्रचलन थियो । यसैगरी अघि माघबाट पनि नयाँ वर्ष प्रारम्भ हुन्थ्यो । यसरी माघबाट नव वर्ष प्रारम्भ हुने र माघबाट नै सूर्यको उत्तरायण पनि शुरू हुने हुनाले माघ महिनाको ठूलो माहात्म्य मानिएको हो । अघि अमान्तमासअनुसार माघशुक्लपक्षको प्रतिपदादेखि माघमाहात्म्य र माघस्नान प्रारम्भ भई माघकृष्णपक्षको औंसीमा पुगेपछि माघमाहात्म्यको श्रवण र माघस्नानपूर्ण हुन्थ्यो । आजकल पौषशुक्लपूर्णिमादेखि माघस्नान प्रारम्भ भई माघशुक्लपूर्णिमाका दिन माघस्नानको समाप्ति हुन्छ । यसरी माघमाहात्म्य र

माघस्नानको अन्तिम दिन भएकोले माघे औंसीलाई महत्त्वपूर्ण मानिएको हो । अतः यस महत्त्वपूर्ण पर्वमा त्रिवेणीमा स्नान गरेर पुण्यलाभ गरी नव वर्षलाई मङ्गलमय बनाउन यो परम्परा बसालेको देखिन्छ ।

अघि प्राचीन अखिल भारत वर्षमा पौषशुक्लप्रतिपदाबाट प्रवर्तन हुने पौषादि संवत्, माघशुक्लप्रतिपदाबाट प्रवर्तन हुने माघादि संवत्, चैत्रशुक्लप्रतिपदाबाट प्रवर्तन हुने चैत्रादि संवत् र पुसको सप्तम आषाढशुक्लप्रतिपदाबाट प्रवर्तन हुने आषाढादि संवत्, माघको सप्तम श्रावणशुक्लप्रतिपदाबाट प्रवर्तन हुने श्रावणादि संवत् एवं चैतको सप्तम कार्तिकशुक्लप्रतिपदाबाट प्रवर्तन हुने कार्तिकादि संवत् प्रचलित थिए । यी संवत्हरूमध्ये पौषशुक्लप्रतिपदाबाट प्रवर्तन हुने पौषादि संवत् सर्वप्राचीन संवत् हो ।

ज्यौतिषशास्त्रको निरयन पद्धतिबाट सौरमासअनुसार माघ १ गतेदेखि मात्र सूर्यले मकर राशिमा संक्रमण गर्दछ र सूर्यको उत्तरायण लाग्दछ तर सायन पद्धतिबाट माघ १ गतेदेखि २३ दिन अघि नै सूर्यले मकर राशिमा संक्रमण गरिसकेको हुन्छ र यसलाई मकरे सायनार्क भनिन्छ । मकरे सायनार्कको दिनदेखि पृथ्वीको उत्तरी गोलार्द्धमा सूर्यको किरण सोझो पर्न थाल्दछ र रात लामो र दिन छोटो हुने क्रम अन्त भई रात छोटो र दिन लामो हुने क्रम प्रारम्भ हुन्छ । वर्ष भनेको सूर्यको प्रत्यक्ष गति हो । त्यसकारण सूर्यको प्रत्यक्ष गतिको आधारमा वर्षारम्भ वा सम्वत्सरारम्भ हुने प्राचीन मान्यता छ । वेदाङ्गज्यौतिषअनुसार मकरे सायनार्कको नजिकको महिनाको शुक्लपक्षको प्रतिपदादेखि वर्षारम्भ वा सम्वत्सरारम्भ हुन्छ । यो समय सधैं पौषशुक्लप्रतिपदाको ज्यादै नजिक पर्दछ । अतः पौषशुक्लप्रतिपदाको दिनमा प्रवर्तन हुने पौषादि संवत् वेदाङ्ग ज्यौतिषशास्त्रअनुसारको वैदिक संवत् हो । पश्चिमेली खगोलशास्त्री एवं भूगोल वेत्ताहरूले पनि वर्षभरिमा दिसेम्बर २२ तारिखका दिन सबभन्दा लामो रात हुन्छ र दिसेम्बर २३ तारिखदेखि दिन लामो हुन थाल्दछ भनेर मानेका छन् । यो दिसेम्बर २२ तारिख पनि पौषशुक्लप्रतिपदाको नजिक पर्दछ । त्यसकारण पौषशुक्लप्रतिपदाबाट प्रवर्तन हुने संवत्लाई पूर्वीय एवं पश्चिमेली खगोलशास्त्रीहरूले सकारेको र सूर्यको प्रत्यक्ष गतिअनुसार प्रर्वतन भएको प्राचीन संवत् मानिएको हो ।

आजकल केवल चैत्रादि संवत् मात्र व्यापक रूपमा प्रचलनमा छ । विक्रम संवत् र शक संवत् सौरमासअनुसार वैशाख १ गतेबाट प्रवर्तन हुन्छ तापनि बार्हस्पत्यमानअनुसारको साठी सम्वत्सरको प्रवर्तन भने चैत्रशुक्लप्रतिपदादेखि हुन्छ । त्यसकारण सौरमासअनुसार वैशाख १ गतेदेखि प्रवर्तन हुने विक्रम संवत् र शक संवत् चैत्रादि संवत्को परम्परामा विकसित संवत्हरू हुन् । नेपालका नेवार समुदायमा अहिले पनि कार्तिकादि संवत्को प्रचलन छ । भारतको हलाद प्रान्त ( काठियावाड) मा आषाढादि संवत् र महाराष्ट्रमा कार्तिकादि संवत् प्रचलनमा रहेको थाहा पाइएको छ । तिब्बत र नेपालको सम्पूर्ण हिमाली क्षेत्र एवं पहाड खण्डका गुरुङ, तामाङ्ग आदि समुदायमा लो सार (तिः लो-ग्सर) को नामबाट

अहिले पनि अघि प्राचीन अखिल भारत वर्षमा प्रचलित पौषादि संवत् र माघादि संवत्हरू प्रचलनमा रहिरहेका छन् ।

लो (ति: लो) भनेको वर्ष अथवा संवत् र सार (ति: ग्सर) भनेको नयाँ हो । अत: लो सार (ति: लो-ग्सर) को अर्थ नयाँ वर्ष हो । यस सन्दर्भमा तिब्बती व्याकरणको नियमअनुसार नामको पछाडि विशेषण जोडिने पद्धतिलाई बुझ्नु पर्दछ । तोल लो सार (ति: ग्तोल-लो-ग्सर), सोएनम लो सार (ति: ब्सोद्-नम्स्-लो-ग्सर) र ग्याल्पो लो सार (ति: ग्यल्-पो-लो-ग्सर) गरी तीन प्रकारका लो सार प्रचलित छन् । तोल लो सारको प्रवर्तन पौषशुक्लप्रतिपदाको दिनमा हुन्छ । अत: तोल लो सारको सम्बन्ध अघि प्राचीन अखिल भारत वर्षमा प्रचलित पौषादि संवत्सँग रहेको छ । तोल (ति: ग्तोल) शब्दको अर्थ प्रहर अथवा समय विभाजन हो (दास, १९०२: ५२८) । अत: तोल लोको अर्थ समयचक्र अथवा कालचक्र संवत् हो । तिब्बतको कैलाश पर्वत एवं मानसरोवर इलाका, नेपालको हुम्ला, जुम्ला, मुगु, डोल्पा र भूटानका केही समुदायमा तोल लो सारको प्रचलन छ । गुरुङहरू सौरमासअनुसार पुस १५ गतेका दिन तमु ल्हो छार मान्दछन् । गुरुङ समुदायले मान्ने नयाँ वर्ष हुनाले यस पर्वलाई तमु ल्हो छार भनेको हो । गुरुङहरूले आफ्नो मौलिक भाषामा आफूलाई 'तमु' भन्दछन् । तमुको अर्थ फलामको हतियार अथवा बञ्चरो धारण गर्ने लडाका हो । तिब्बती भाषाको लो-ग्सर शब्दबाट गुरुङ भाषाको ल्हो छार शब्द बनेको छ । अत: लो-ग्सर मूल शब्द हो भने ल्हो छारचाहिँ तत्भव शब्द हो । गुरुङहरूको तमु ल्हो छार तिब्बती तोल लो सारको एउटा विकसित रूप हो । गुरुङहरूले पुस १५ गतेलाई नयाँ वर्ष मान्नमा स्थानीयताले पनि प्रभाव पारेको छ । खसानका खसहरूमा जडानका जाडहरूको संस्कृति र जडानका जाडहरूमा खसानका खसहरूको संस्कृतिले प्रभाव पारेको छ । नेपालमा खस, बाहुनहरू असार पन्ध्रलाई वर्षभरिको लामो दिन र पुस पन्ध्रलाई वर्षभरिको लामो रात मान्दछन् । यस सन्दर्भमा पुस पन्ध्रको रात भन्नाले पुस १४ गते जाँदो र पुस १५ गते वियाउँदो रात भन्ने बुझ्नु पर्दछ, किनभने पुस १५ गते विहान सूर्योदयको समयदेखि दिनारम्भ हुन्छ र दिन लामो हुन थाल्दछ । यसरी नेपालका खस, बाहुनहरूले पुस १५ गतेलाई नयाँ वर्ष नमाने तापनि पुस १५ गतेदेखि दिन लामो हुन्छ भन्ने वास्तविकतालाई सकारेका छन् र स्थानीयता भनेकै यही हो ।

सोएनम लो सारको प्रवर्तन माघशुक्लप्रतिपदाको दिनमा हुन्छ । अत: सोएनम लो सारको सम्बन्ध अघि प्राचीन अखिल भारत वर्षमा प्रचलित माघादि सम्वतसँग रहेको छ । सोएनम (ति: ब्सोद्-नम्स्) को अर्थ पुण्य हो । अत: सोएनम लोको अर्थ पुण्य संवत् हो । पश्चिमी तिब्बत र नेपालका तामाङ समुदायले सोएनम लो सार मान्दछ । तामाङहरूले पनि आफ्नो भाषामा लो सारलाई ल्हो छार भन्दछन् । गुरुङ भाषा, तामाङ भाषा र थकाली भाषाको बीचमा अति नजिकको सम्बन्ध छ । ग्याल्पो लो सारको प्रवर्तन फाल्गुणशुक्लप्रतिपदाको दिनमा हुन्छ । फाल्गुणशुक्लपूर्णिमा पछि वर्षारम्भ हुन्छ र वर्षको पहिलो ऋतु वसन्त ऋतु हो भन्ने वैदिक वचन पनि पाइन्छ (काणे,

१९८४: ४: ३२१) । यही परम्पराअनुसार फाल्गुणशुक्लप्रतिपदाका दिन प्रवर्तन हुने ग्याल्पो लो सारको प्रवर्तन भएको देखिन्छ । ग्याल्पो (तिः र्ग्यल्-पो) को अर्थ राजा हो । अतः ग्याल्पो लोको अर्थ राज संवत् हो । ल्हासा एवं पूर्वी तिब्बत र नेपालका शेर्पा समुदायले ग्याल्पो लो सार मान्दछ ।

त्रिवेणीको मेला गण्डकीप्रस्रवणक्षेत्रको एउटा ठूलो मेला हो । गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक विभाजनअनुसार थरुवान इलाकामा पर्ने त्रिवेणीको मेलामा जुम्ली र भारतीय व्यापारीहरूका अतिरिक्त नेपालको पहाड खण्डका बासिन्दाहरू पनि मेला भर्न आएका हुन्छन् । अघि यहाँ महिनौं दिनसम्म पनि मेला लाग्ने गर्दथ्यो । यहाँ लाग्ने मेलामा जुम्लाको भोटे कुकुर, घोडा, कस्तुरीको बिना, बाज, राडी, पाखी, शिलाजित्, जिम्बु, जडीबुटी र भारततिरबाट आयात गरिने लत्ताकपडा, भाँडा-कुँडा, मसला र चुरा, पोते, धागो आदि सामग्रीहरूको किनबेच हुन्थ्यो । पहाडखण्डका मानिसहरू मान्द्रो, भकारी, नाङ्लो, डालो, थैलो आदि स्थानीय उत्पादनका वस्तुहरू बेचेर आफूलाई चाहिने लत्ताकपडा, भाँडाकुँडा र मर-मसलाहरू किन्दथे । जुम्ली व्यापारीहरू हिउँद लाग्नासाथ घरबाट निस्केर विभिन्न हाटबजार र मेलाहरूमा आफ्नो व्यापारी सामान बेच्दै माघे औँसीको मेला भर्न त्रिवेणी आइपुग्दथे । माघपछि मधेशमा घाम चर्कने हुनाले उनीहरू आफूले उधारोमा बेचेका सामानको मोल उठाउँदै र बाँकी सामान बेच्दै वैशाखको चर्को घामसम्ममा जुम्ला पुगिसक्थे । यो उनीहरूको जीवनचक्र नै थियो । अहिले स्थायी बजारको व्यवस्था र हरेक सातामा लाग्ने हाटबजारको कारणले गर्दा त्रिवेणी मेलाको रौनक र अवधि घटदै गएको पाइन्छ ।

सप्तगण्डकीको संयुक्त रूप नारायणी र सोना एवं पञ्चानदीको संगम त्रिवेणीदेखि पूर्व चितवन जिल्लामा हरिहरको मूर्ति अवस्थित स्थान पनि महत्त्वपूर्ण छ । यो स्थानलाई लव कुशको जन्मभूमि वाल्मीकि आश्रमको रूपमा मानिएको छ । वास्तवमा यो स्थान सप्तगण्डकीको त्रिवेणीक्षेत्रको विभिन्न पवित्र भूमिमध्येको एउटा भूमि हो । यहाँ स्थित कालो र चिल्लो ढुंगामा बनेको सेनशैलीको हरिहरको मूर्ति विशेष उल्लेखनीय छ । हिन्दू धर्मका तीनवटा प्रमुख देवताहरू सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता शिव हुन् । यसो भइकन पनि वैष्णव मतमा विष्णुलाई ठूलो र शैव मतमा शिवलाई ठूलो मान्ने खालका धारणा र त्यस धारणाअनुरूप रचिएका अनेकन् कथाहरू पाइन्छन् । सृष्टिकर्ता ब्रह्मा र पालनकर्ता विष्णुमा मोह उत्पन्न भई हामी दुईटामा कुन ठूलो भन्ने घमण्डले वाद विवाद हुँदा भगवान् शिव ती दुईको बीचमा ज्योतिर्लिङ्गको रूपमा प्रकट भएको र ब्रह्मा र विष्णुले त्यस ज्योतिर्लिङ्गको आदि र अन्त पत्ता लगाउन नसकेको कथा प्रचलित छ (योगी, २०१३: सं: १६६, ने: १७२) । यस कथामा शिवलाई ब्रह्मा र विष्णुभन्दा ठूलो देवता महादेव वा महेश्वर मानिएको छ । यसैगरी वामनरूप भगवान् विष्णुले विक्रान्तरूप धारण गरेपछि आकाशमा पुगेको उनको पाउलाई ब्रह्माले प्रक्षालन गरेको र त्यसबाट निस्केको जललाई शिवले आफ्नो मस्तकमा धारण गरेको र त्यहाँबाट गङ्गाको रूपमा प्रवाहित

भएको कथा प्रचलित छ (राव, १९८५: I: I: १६६) । यस कथामा विष्णुलाई ब्रह्मा र शिवभन्दा ठूलो देवता "विष्णु: परमस्तदनन्तरं सर्वदेवता:" मानिएको छ ।

वैष्णवमत र शैवमतको यस प्रकारको अन्तरद्वन्द्वलाई मेटाएर ती दुई मतमा समन्वय र एकता ल्याउनको लागि हरिहरमतको विकास भएको हो । हरिहरमतमा हरि (विष्णु) र हर (शिव) लाई भेद नगरेर एकाकार बनाएको छ । विभिन्न धार्मिक ग्रन्थहरूमा हरि र हरको अभिन्नतालाई लिएर तिनको अभेदात्मक माहात्म्यको व्याख्या गरिएको पाइन्छ (बाङ्देल, २०३९: १२७) । एउटै मूर्तिको दायाँ अङ्गलाई हर (शिव) र बायाँ अङ्गलाई हरि (विष्णु) मानेर त्यस्को विग्रह तयार पारी हरिहरमतसम्बन्धी आफ्नो अवधारणालाई मूर्तरूप दिएको पाइन्छ ।

नेपालमा ईस्वी तेस्रो शताब्दी देखि हरिहरका प्रस्तरमूर्ति पाइन थाल्दछ । पाटन, सौगलटोलको हरिहरको प्रस्तरमूर्ति यसको उदाहरण हो (बाङ्देल, त्यही: १२८) । यसैगरी पशुपति, देउपाटनमा हरिहरको मूर्ति स्थापना गरिएको शक संवत् ४८७ (वि.सं. ७१३) को एउटा लिच्छविकालिक अभिलेख पाइएको छ (वज्राचार्य, २०३०: १९८) । यसरी नेपाल उपत्यकामा ईस्वी तेस्रो शताब्दीको हरिहरको प्रस्तरमूर्ति र ईस्वी छैटौं शताब्दीको हरिहरको मूर्ति स्थापनासम्बन्धी अभिलेख पाइन्छ भने पश्चिम नेपालको तराई क्षेत्र सप्तगण्डकीको पवित्रतट त्रिवेणीक्षेत्रमा हरिहरमतले राम्रो प्रश्रय पाएको स्पष्ट हुन्छ । नेपालीहरूको समन्वयात्मक अध्यात्मवादको अवधारणाले गर्दा नेपालमा हरिहर मतले राम्रो प्रश्रय पाएको हुनसक्छ ।

त्रिवेणीदेखि पूर्व हरिहरको मूर्ति अवस्थित यस क्षेत्रमा देवालयका अवशेषहरू पाइएका छन् । यसैगरी वैष्णव मतसँग सम्बद्ध सेनशैलीका प्रस्तर मूर्तिहरू पनि पाइएका छन् । यसमध्ये हरिहरको मध्यकालिक प्रस्तरमूर्ति अत्यन्त सुन्दर र उल्लेखनीय छ । त्रिवेणीक्षेत्रको मेला पर्वको महत्त्व जनमानसमा रहिरहे तापनि त्रिवेणीसँगैको यो ठाउँ भने उजाडिएर जङ्गलमा परिणत भइसकेको थियो । अहिले यस क्षेत्रको संरक्षण गर्न लागिएको छ । केही नयाँ मन्दिरहरू पनि बन्न थालेको छ । त्रिवेणी गएका धेरैजसो मानिसहरू हरिहरको दर्शन गर्न नारायणीमा डुङ्गा चढेर पारि गई यहाँ पुग्दछन् । यस ठाउँप्रति जनताको श्रद्धा र विश्वास बढ्दै गएको छ । अत: अब यस क्षेत्रले आफ्नो प्राचीन कीर्तिगाथालाई अक्षुण्ण राख्न सक्नेछ भनेर विश्वास गर्न सकिन्छ । त्रिवेणीक्षेत्रमा गजेन्द्रमोक्षतीर्थ पनि अवस्थित छ । यस तीर्थको स्नान र सेवाबाट मानिसहरू ठूलठूला संकटबाट पार हुन्छन् भन्ने विश्वास छ ।

यसरी त्रिवेणीक्षेत्र र यहाँको धार्मिक, सांस्कृतिक एवं आर्थिक गतिविधिहरूले भोट, पहाड, मधेश र भारतका विभिन्न वर्गका मानिसहरूलाई एक आपसमा घुलमिल गराएको छ र यसबाट नेपालको राष्ट्रिय समीकरणको बलियो पूर्वाधार तयार भएको छ ।

## देवदह

भगवान् शाक्यमुनि बुद्धको मावली एवं ससुराली देशको नाम देवदह हो । नवलपरासीको पण्डितपुरमा हालै गरिएको पुरातात्त्विक उत्खननबाट प्राप्त सामग्रीहरूको आधारमा उक्त स्थान प्राचीन देवदह हो भन्ने पुष्टि भएको छ । नवलपरासी जिल्लाको सदरमुकाम परासी बजारदेखि ६ कि.मि. पश्चिमपट्टि बञ्जरिया गाउँ विकास समितिको एक नम्बर वडामा पण्डितपुर अवस्थित छ । उक्त स्थानमा भगवान् बुद्धको समयभन्दा एकसय वर्षअघिसम्मको पुरातात्त्विक वस्तुहरू फेला परेको छ । देवदहको रामग्राम, कोलनगर, व्याघ्रपथ आदि नामहरू पनि छन् । देवदह वा रामग्रामलाई कोल राज्यको राजधानी मानिन्छ । कोलीय शाक्य वंशको उत्पत्ति र कोलराज्यको स्थापनाको बारेमा विभिन्न बौद्ध ग्रन्थहरूमा विभिन्न खालका कथाहरू पाइन्छन् । अम्वट्ठसुत्तनामक बौद्धग्रन्थमा उल्लेख भएअनुसार काशीका राजा रामलाई कुष्ठ रोग लागेकाले छोरालाई राज्य सुम्पेर उनी हिमालयको दक्षिण भागमा रहेको कोल वनमा आएर बसे । त्यस वनको हावापानीले गर्दा उनको कुष्ठरोग निको भयो । कुष्ठरोग निको भए तापनि उनी आफ्नो राज्य काशीमा नफर्केर त्यही कोल वनमा नै बसिरहे (प्रधान, १९७९: ६-१३; श्रीवास्तव, २०२६: २०-२२) ।

यतापट्टि त्यही नै समयमा साकेतका राजा ओक्काकले आफ्ना कान्छी रानीबाट जन्मेका छोरालाई राज्यको उत्तराधिकारी बनाउनको लागि जेठी रानीतर्फका चारजना राजकुमारहरू ओक्कमुख, करकन्द, हथिनिक, सिनिपुर र पाँचवटी छोरी सुधा, विमिता, विजिता, जिता र जलीलाई आफ्नो राज्यबाट निकालिदिए । यसरी राज्यबाट निकालिएका ती राजकुमार र राजकुमारीहरू हिमालयको दक्षिणपट्टिको साक (साल) वनमा स्थित कपिलमुनिको आश्रममा आएर बसे । त्यसपछि ती राजकुमार र राजकुमारीहरूले त्यहाँ साक (साल) को जङ्गल फाँडेर कपिलमुनिको नाउँबाट कपिलवस्तुनामक बस्ती बसाले । त्यस पछि अन्य जातिसँग रक्त मिश्रण नगरी आफ्नो वंशलाई शुद्ध राख्न ती चारजना राजकुमारहरूले आफ्नै चारवटी दिदी वहिनीसँग विवाह गरेर घरजम गरे । यसरी कपिलमुनिको आश्रमको साक (साल) वनमा आफ्नै दाज्यू भाइ र दिदी बहिनी विवाह गरेर बसेका राजकुमार र राजकुमारीहरूबाट कपिलवस्तुका शाक्यवंशको उत्पत्ति भयो (प्रधान, त्यही: ६- १३, श्रीवास्तव, त्यही: २०- २२) ।

त्यसमध्ये जेठी राजकुमारी सुधालाई कुष्ठरोग लागेकाले उनी कपिलवस्तुको बस्तीलाई छोडी जङ्गलमा गएर बस्न थालिन् । एकपटक ती कुष्ठरोगी राजकुमारीलाई बाघले आक्रमण गर्‍यो । त्यही वनमा कुष्ठरोग निको भएका काशीका राजा राम पनि बस्दथे । तिनै काशीका राजा रामले ती कुष्ठरोगी कपिलवस्तुका शाक्य राजकुमारी सुधालाई बाघको आक्रमणबाट बचाएर आफ्नै साथमा राखे । ती राजकुमारीको पनि कुष्ठरोग निको भयो । त्यसपछि उक्त कोल वनमा काशीका राजा रामले कपिलवस्तुका शाक्य राजकुमारी सुधालाई आफ्नो पत्नीको रूपमा अपनाए । राजकुमारी सुधाबाट आठ बेतमा राजा रामका सोह्रजना छोराहरू जन्मे । त्यसपछि एकपटक राजा रामका काशीका छोरा

आफ्नो पिताको हालखबर बुझ्न उनलाई खोज्दै त्यस कोल वनमा आइपुगे । कुष्ठरोग निको भइसकेको हुँदा छोराले राजा रामलाई काशीमा फर्कन आग्रह गरे तर राजा रामले काशीमा नफर्की त्यही कोल वनमा नै बस्ने इच्छा गरेको हुँदा छोराले उनलाई त्यहाँ एउटा बस्ती बसालिदिए । यसरी राजा रामको नाउँमा बसालिएको हुँदा उक्त बस्तीको रामग्राम नाम रह्यो । कोल वनमा बसालिएको हुँदा रामग्राम कोलनगरको नामबाट पनि कहलियो । त्यसपछि राजा रामका शाक्य राजकुमारी सुधापट्टिका सोह्रजना छोराहरूले कपिलवस्तुका शाक्य कुमारीहरू विवाह गरे । यसरी रामग्रामका कोलीय शाक्य वंशको उत्पत्ति भयो (प्रधान, त्यही: ६- १३; श्रीवास्तव, त्यही: २०-२२, ६६-६८) ।

मज्झिम निकायको अट्ठ कथाअनुसार कोलनगरमा एउटा मङ्गलपुष्करिणी थियो । देव अथवा राजाहरूको पुष्करिणी अथवा दह भएकोले त्यस पुष्करिणीलाई देवदह भनिन्थ्यो । त्यस मङ्गलपुष्करिणी अथवा देवदहमा सैनिक पहरा राखिन्थ्यो । लुम्बिनी उपवनलाई कपिलवस्तुका शाक्य र रामग्रामका कोलीयहरूले समान रूपमा उपभोग गरेजस्तै रामग्रामको कोल वनमा रहेको देवदहलाई पनि कपिलवस्तुका शाक्य र रामग्रामका कोलीयहरूले समान रूपमा उपभोग गर्दथे । चुलवग्गनामक बौद्ध ग्रन्थमा उल्लेख भएअनुसार बौद्ध युगमा विशाल स्नानागारहरू अस्तित्त्वमा रहेको बुझिन्छ । कोलनगरको मङ्गलपुष्करिणी देवदहलाई परिक्रमा गर्नको लागि वर्षमा एकपटक यहाँ जम्बुद्वीपका मानिसहरू भेला हुन्थे' भन्ने विश्वास गरिन्छ । देवदहमा सम्पन्न हुने यस उत्सवलाई वर्षायत भनिन्थ्यो (श्रीवास्तव, त्यही: ६७-६८) ।

कपिलवस्तु तात्कालिक भारतवर्षका प्रसिद्ध राजमार्ग उत्तरापथ र दक्षिणापथलाई जोड्ने भू-भागमा पर्ने एउटा महत्त्वपूर्ण निगम थियो । अत: यहाँ सिन्धु देशका घोडाहरू पनि बेच्न ल्याइन्थे । प्रसिद्ध बौद्धग्रन्थ दिव्यावदानमा उल्लेख भएअनुसार कोशल राज्यबाट मगध राज्यमा आउने मूलबाटो वर्तमान लुम्बिनी अञ्चलको तराई क्षेत्र नै थियो, जुन बाटोबाट उत्तरापथ र दक्षिणापथका व्यापारीहरू मगध नरेश अजातशत्रु र वैशालीका लिच्छविहरूले सेवामा राखेका डुङ्गाहरूबाट गङ्गानदी पारगरी आफ्नो व्यापार चलाउँदथे (रिजाल, १९७९: ७ ) । यसरी उत्तरापथ र दक्षिणापथको संगममा पर्ने हुनाले देवदहमा वर्षायात उत्सव मनाउन जम्बुद्वीपका मानिसहरू भेला हुन्थे' भन्ने विश्वास कपोलकल्पित र तथ्यहीन नभई वास्तविक देखिन्छ ।

देव अथवा राजाहरूको दह भएकोले यस दहको देवदह नाम रहेको मानिन्छ, तर प्राकृतिक एवं दैवीशक्तियुक्त दह भएको हुनाले यस दहलाई देवदह भनेको देखिन्छ, किनभने यो दह कोल वनमा रहेको र यही कोल वनमा बसेर नै काशीका राजा राम र कपिलवस्तुका राजकुमारी सुधाको कुष्ठरोग निको भएको' भन्ने आख्यान प्रसिद्ध छ । अनेकन् रूख पात र जीवजन्तुहरू भएका वनजङ्गलको बीचमा रहेका यस्ता प्राकृतिक दहहरूमा अनेकन् जडीबुटी, खनिज द्रव्य र जीवजन्तुका मासु र हाड खोरहरूको रस सम्मिश्रण हुने हुनाले त्यहाँको पानीमा विभिन्न रोगहरू निको पार्न सक्ने गुण रहेको हुन्छ । अत: राजा राम र

राजकुमारी सुधाको कुष्ठरोग निको हुनाको मुख्य कारण कोल वनको बीचमा रहेको देवदहको पानी हुनसक्छ, किनभने कोल वनको बीचमा रहेको उक्त रमणीय दहमा उनीहरूले नुहाउने र त्यहींको पानी खाने गरेको हुनुपर्दछ ।

यस्ता प्राकृतिक दहहरूमा नुहाएपछि कुष्ठरोग निको भएको कथा देवदहबाहेक अन्त पनि पाइन्छन् । अघि वर्तमान ललितपुरको ललितारण्यनामक वनको बीचमा रहेको पोखरी (हाल कुम्भेश्वरको पोखरी) मा नुहाएपछि ललित नाम गरेका कुष्ठरोगी घाँसीको कुष्ठरोग निको भएको र त्यसपछि राजाले उक्त ललितारण्यलाई फाँडेर त्यहाँ ललितपत्तननामक बस्ती बसालेर कुष्ठरोग निको भएका त्यस ललितलाई आफ्नो मुखियार बनाएको कथा भाषावंशावलीमा छ (लम्साल, २०२३: १-२) ।

यसैगरी वैशाखसंक्रान्तिको दिनमा सपनतीर्थमा नुहाएपछि एकजना कुष्ठरोगीको कुष्ठरोग निको भई सुन्दर देह प्राप्त भएको कथा प्रसिद्ध छ । कथाअनुसार अघि परापूर्वकालमा नेपालको टोखादेखि केही उत्तरमा एउटा खहरे कुलो थियो । त्यस कुलोको किनारको छाप्रोमा हात खुट्टा गलित भएका कुष्ठरोगी बस्तथे । चैत्रमसान्तको राति ती कुष्ठरोगीले भोलि (वैशाखसंक्रान्ति) को दिनमा यस कुलोमा नुहाइस् भने तेरो शरीरको महारोग निकोभई निर्मल शरीर प्राप्त हुनेछ भन्ने सपना देखेछ, तर रोगको कष्टले गर्दा उनले सपनाको कुरा बिर्सेछ । भोलिपल्ट वैशाखसंक्रान्तिको दिन थियो । कुष्ठरोगी बसेको कुलोनेर दुई चारजना गोठालाहरू गाई चराउँदै रहेछन् । एकजना गोठालाको गालामा फट्याङ्ग्रा बसेछ र गोठालाले के हो भनी गालामा हान्न खोज्दा फट्याङ्ग्राको फट्कने खुट्टा खसेछ । गोठालाले त्यो फट्याङ्ग्रालाई उक्त कुलोमा फालिदिएछ र फट्याङ्ग्रा पानीमा डुब्नासाथ अघाडिकै जस्तो साबुत शरीर भई फट्केर गएछ । त्यो देखेपछि गोठालाहरूले अचम्म मानेर अर्को फट्याङ्ग्राको हात खुट्टा भाँचेर कुलोमा फालिदिएछन् र त्यो फट्याङ्ग्राको पनि हात खुट्टा सद्दे भएछ । गोठालाहरूको तमाशा देखेपछि कुष्ठ रोगीले पनि आफूले देखेको सपनाको कुरा सम्झेर कुलोमा गई पानीमा डुब्नासाथ कुष्ठरोग हराई निर्मल देह प्राप्त भएर मुखमा सौन्दर्यकान्तिसमेत झल्केछ (सिजापति, २०१६: २६- २८) ।

पनौतीमा इन्द्रेश्वर महादेवको मन्दिरसँगै लीलावती, रुद्रावती र पद्मावतीको संगम शचीतीर्थमा नुहाएपछि गौतम ऋषिको श्रापबाट इन्द्रको शरीरभरि उत्पन्न भएको योनिका चिह्नहरू पतन भएको कथा प्रचलित छ (योगी, २०१३: सं: २०९-२१२; नें: २१८- २२०) । रुद्रावती (रोसी) काठमाडौं उपत्यकाको दक्षिणमा स्थित फूल्चोकीको डाँडाबाट निस्केर आग्नेय दिशातिर बग्दछ । त्यही फूल्चोकी डाँडाको उत्तरपट्टिको फेदीमा गोदावरी तीर्थ अवस्थित छ । सिंह राशिमा सूर्य र बृहस्पतियुक्त भएको वर्षमा गोदावरीमा र मकर राशिमा सूर्य र बृहस्पतियुक्त भएको वर्षमा उत्तरप्रयाग शची तीर्थमा बाह्रवर्षे मेला लाग्दछ, किनभने बृहस्पति एउटा राशिमा तेह्र महिना बस्ने भएकोले एउटा राशि छोडेपछि त्यही राशिमा आउनको लागि बाह्रवर्ष लाग्दछ । फूल्चोकीको डाँडा विभिन्न जडीबुटी र खनिज द्रव्यहरूले युक्त पर्वत हो । यसरी सिंह राशि र मकर राशिमा सूर्य र बृहस्पतियुक्त

हुँदा त्यस अवसरमा सूर्य र बृहस्पतिको संयुक्त किरणद्वारा फूल्चोकीको पहाडबाट निस्कने गोदावरी र रोसीको पानी अझ पवित्र हुने हुनाले उक्त पर्वमा ती स्थानहरूमा मेला लाग्ने गरिएको हो ।

हिमवत्खण्डपुराणमा अन्तर्वेदी शहरमा ठूला ब्राह्मणको कुलमा जन्मेका आचारभ्रष्ट, मदिरा पानगर्ने, मातृगमन गर्ने, कुष्ठरोगी विरूपाक्षनामक ब्राह्मणले ने मुनिका उपदेशद्वारा नेपालका विभिन्न तीर्थहरूमा नुहाएपछि उनको कुष्ठरोगसहित सबै पाप नाश भएको कथा उल्लेख छ (योगी, २०१३: सं: १९७-१९९; ने: २०५) । यसरी अनेकन् जड़ीबुटी र खनिज द्रव्यहरूको रसले युक्त पवित्र जलकुण्डको पानीमा पशुपंक्षी र मानिसको शरीरलाई सड्न, गल्न नदिई पुष्टि र सुगन्धित बनाउने गुण रहेको पाइन्छ । अतः उपर्युक्त तीर्थहरूसँगको तुलनात्मक अध्ययनबाट देवदह केवल ऐतिहासिक दह मात्र नभई प्राकृतिक एवं दैवीगुणसम्पन्न जलयुक्त पवित्र जलाशय अथवा तीर्थस्थल हो' भन्ने बुझिन्छ ।

नवलपरासी जिल्लामा सदरमुकाम परासी बजारदेखि पश्चिमपट्टि केरवानी गाउँ विकास समितिमा देवीदमारनामक एउटा स्थान अवस्थित छ । देवीदमारमा पछिल्लो कालका हिन्दू देवी देवताका थुप्रै मूर्तिहरू संग्रहित छन् । यसमध्ये कालो ढुङ्गामा बनेको सेनशैलीको सूर्यमूर्ति बडो महत्त्वपूर्णको छ । सूर्यका मूर्तिहरू यहाँ मात्र नभई अन्त पनि पाइन्छन्, तर देवीदमारस्थित यो मूर्ति पछिल्लो कालको भए तापनि यसले भगवान् शाक्यमुनि बुद्धभन्दा पहिलेका काशीका कुष्ठरोगी राजा राम र कपिलवस्तुकी कुष्ठरोगी राजकुमारी सुधाको पालादेखिको कुष्ठरोग निको पार्न सक्ने प्राकृतिक एवं दैवीगुणसम्पन्न देवदहको मान्यतालाई धानेर राखिराखेको पाइन्छ । कोल वनको हावा र देवदहको पानीद्वारा यी दुवैको कुष्ठरोग निको भएको वर्णन यस अघिनै विस्तृत रूपमा गरिसकिएको छ । सूर्यको किरणद्वारा विभिन्न किसिमका रोगहरू निको पार्न सकिन्छ तापनि सूर्यलाई विशेषगरी कुष्ठरोग निको पार्ने देवताको रूपमा पूजिन्छ । सूर्यको उपासनाद्वारा कतिपय कुष्ठरोगहरू निको भएको विश्वास पनि गरिन्छ (त्रिपाठी, १९७९: २४६, वैद्य, १९७९: २६८) । त्यसकारण देवीदमारस्थित यस सूर्य मूर्तिले कुष्ठरोग निको पार्न सक्ने प्राचीन देवदहको गुण र महत्त्वलाई दर्शाई राखेको मानिएको हो । देवदहखणसुत्तमा देवदहसम्बन्धी विवरण उल्लेख छ । भगवान् बुद्धले देवदह निगममा १०१ वटा सूत्रको उपदेश दिएका थिए । यसैगरी पंचराजसुत्तमा उल्लेखित प्रसेनजित आदि प्रमुख पाँच राजाहरूमा देवदहका राजा पनि एक थिए (उपाध्याय, २०१८: १६,२३,२३५) । यसरी देवदह जम्बुद्वीपको एउटा दैवीशक्तियुक्त पोखरी र बुद्धकालिक भारतवर्षका पाँच ठूला राज्यमध्ये एउटा ठूलो राज्य थियो । अतः देवदहले नेपालको गरिमालाई माथि उठाइदिएको छ ।

## रामग्राम स्तूप

रामग्राम वा कोलनगरका कोलीय शाक्यवंश र कपिलवस्तुका शाक्यहरूको बीचमा वैवाहिक सम्बन्ध कायम भई आएको थियो । यसै क्रममा कपिलवस्तुका राजा शुद्धोदन र राजकुमार सिद्धार्थले पनि रामग्राम अथवा देवदहका कोलीय

शाक्यवंशी कन्याहरू विवाह गरेका थिए । कपिलवस्तुका शाक्य राजा शुद्धोदन र रामग्रामका कोलीय राजा अञ्जनकी छोरी मायादेवीका छोरा कपिलवस्तुका शाक्य राजकुमार सिद्धार्थले बोधिज्ञान प्राप्त गरेपछि उनी शाक्यमुनि बुद्धका रूपमा प्रसिद्ध भए । भगवान् शाक्यमुनि बुद्धले महापरिनिर्वाण प्राप्त गरेपछि रामग्रामका कोलीयहरूले पनि बुद्धको अस्थिधातुको एक भाग पाएका थिए । त्यसपछि बुद्धको अस्थिधातुलाई गर्भमा सञ्चय गरेर कोलीयहरूले रामग्राममा बुद्धको स्तूप निर्माण गरेका थिए र त्यही स्तूपलाई रामग्राम स्तूप भनिन्छ ।

यस सन्दर्भमा महापरिनिर्वाणसूत्रमा यसरी उल्लेख गरिएको छ –

कुसिनाराका मल्लहरूको सालवनमा शाक्यमुनि बुद्धले महापरिनिर्वाण प्राप्त गरे । त्यसपछि बुद्धको रूपकाय अथवा पार्थिव शरीरको दाह संस्कार भयो । कुसिनाराका मल्लहरूले तथागतको महापरिनिर्वाणभूमि कुसिनारामा नै बुद्धको अस्थिधातु सञ्चय गरेर स्तूप बनाउनुपर्दछ भने तर कपिलवस्तुका शाक्यहरूले शाक्यमुनि बुद्धको अस्थिधातु आफूहरूको संग्रहमा हुनुपर्दछ' भनेर दाबी गरे । त्यसपछि बुद्धको दाह संस्कारमा उपस्थित विभिन्न राज्यका प्रतिनिधिहरूले पनि बुद्धको अस्थिधातुमाथि आ-आफ्नो हकको दाबी गरे । यसरी शाक्यमुनि बुद्धको अस्थिधातुमाथिको हक अधिकारको विषयलाई लिएर युद्ध हुन थाल्यो । भारतको साँची स्तूपको दक्षिणी एवं पश्चिमी तोरणमा बुद्धको अस्थिधातुको लागि भएको युद्धको दृश्य अंकित गरिएको छ (उपाध्याय, १९७२: चि.फ. १, २) । त्यसपछि युद्धको डरले गर्दा द्रोण ब्राह्मणले बुद्धको अस्थिधातुलाई आठ भाग गरेर त्यसमाथि दाबी गर्ने राज्यका प्रतिनिधिहरूलाई बाँडिदिए ।

महापरिनिर्वाणसूत्रका अनुसार भगवान् शाक्यमुनि बुद्धको अस्थिधातु प्राप्त गर्ने आठराज्यहरू तल लेखिएअनुसार थिए–

१. कुसिनाराका मल्ल
२. मगधका अजातशत्रु
३. वैशालीका लिच्छवि
४. कपिलवस्तुका शाक्य
५. अलकप्पका बुलि
६. रामग्रामका कोलीय
७. वेट्टद्वीपका ब्राह्मण
८. पावाका मल्ल

(उपाध्याय, त्यही: १२- १३; पाण्डेय, १९७६: २०६) ।

त्यसपछि आठ राज्यका प्रतिनिधिहरूले आ-आफ्नो राज्यमा बुद्धको अस्थिधातुलाई गर्भमा राखेर त्यसमाथि स्तूप बनाए । यसै सन्दर्भमा रामग्रामका कोलीयहरूले पनि आफ्नो राज्यमा बुद्धको धातुस्तूप बनाएका हुन् ।

थूपवंश र महावंशमा उल्लेख भएअनुसार सम्राट् अशोकले बुद्धका उपर्युक्त आठवटा धातुस्तूपमध्ये सातवटा धातुस्तूपबाट अस्थिधातु झिकी बृहत्तर भारतवर्षमा चौरासी हजार स्तूप बनाएर बौद्ध धर्मको व्यापक प्रचार गरेका थिए

तर रामग्रामको स्तूप भने नागहरूद्वारा रक्षा गरिएकोले उत्खनन गर्न सकेनन् । कालान्तरमा रामग्राम स्तूपको बुद्धको अस्थिधातु पात्रसहित नदीले बगाएर समुद्रमा पुऱ्याइदियो र त्यहाँबाट बुद्धको उक्त अस्थिधातु श्रीलङ्कामा पुग्यो (गुरुङ, २०४६: १०) । थुपवंश र महावंश यी दुवै ग्रन्थ मध्यकालिक कृति हुन् । पछिल्लो कालमा लेखिएका कृतिहरूमा उल्लिखित घटनाबाट पनि उपमान प्रमाण अथवा तुलनात्मक अध्ययनद्वारा अघिल्लो समयको वस्तुस्थितिलाई जान्न बुझ्न सकिन्छ, तर रामग्राम स्तूपको अस्थिधातुलाई नदीले बगाएर श्रीलङ्कामा पुऱ्याएको भन्ने कथा भने अतिरञ्जित एवं तिलस्मी खालको भएको हुनाले विश्वसनीय छैन ।

मृतकको अस्थिधातुलाई गर्भमा राखेर त्यसमाथि स्तूप बनाउने चलन शाक्यमुनि बुद्धको समयभन्दा पहिलेदेखि नै प्रचलित थियो । दीघनिकायको महापरिनिब्बानसुत्त, आनन्दपुच्छाकथामा उल्लिखित भगवान् बुद्ध र आनन्दको वार्तालापबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ, जस्तै–

आनन्द- कथं पन, भन्ते, तथागतस्स सरीरे पटिपज्जितब्ब' न्ति ?

(भन्ते ! तथागतको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ?)

बुद्ध - यथा खो, आनन्द, रञ्ञो चक्कवत्तिस्स सरीरे पटिपज्जन्ति, एवं तथागतस्स सरीरे पटिपज्जितब्ब' न्ति ।

(आनन्द ! जसरी चक्रवर्ती राजाको शरीरलाई व्यवहार गरिन्छ, त्यसरी नै तथागतको शरीरलाई पनि व्यवहार गर्नु पर्छ ।)

आनन्द - कथं पन, भन्ते, रञ्ञो चक्कवत्तिस्स सरीरे पटिपज्जन्ती' ति ?

(भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?)

बुद्ध - चातुमहापथे रञ्ञो चक्कवत्तिस्स थूपं करोन्ति । एवं खो, आनन्द, रञ्ञो चक्कवत्तिस्स सरीरे पटिपज्जन्ति । यथा खो, आनन्द, रञ्ञो चक्कवत्तिस्स सरीरे पटिपज्जन्ति, एवं तथागतस्स सरीरे पटिपज्जितब्बं । चातुमहापथे तथागतस्स थुपो कातब्बो ।

(ठूलठूला चौबाटोमा चक्रवर्ती राजाको स्तूप बनाइन्छ । आनन्द ! यसरी चक्रवर्ती राजाको शरीर कृया गरिन्छ । आनन्द ! जसरी चक्रवर्ती राजाको शरीर कृया गरिने हो, त्यसरी नै तथागतको शरीर कृया गर्नु पर्छ । ठूलठूला चौबाटोमा तथागतको स्तूप बनाउनु पर्छ ।) (गोयन्का, १९९३: १०७, वज्राचार्य, २०५६: २७४) ।

प्रारम्भमा स्तूप माटोद्वारा बनाइन्थ्यो र त्यसको आकृति अर्धगोलाकार हुन्थ्यो । संस्कृत विश्वकोष शब्दकल्पद्रुममा 'उच्छ्रायो राशौ करणम् । मृदादि कूटः । राशीकृत मृत्तिकादिः ।' भनेर स्तूप शब्दको परिभाषा गरेको पाइन्छ (राजा, १९६१: ४३४) । यसबाट उठाएर राश पारिएको माटोको थुम्को स्तूप हो भन्ने यसको शाब्दिक अर्थ बुझिन्छ, तर यस सन्दर्भमा सबै माटाका थुम्का स्तूप होइनन् । मृतकको अस्थि धातुलाई गर्भमा राखेर त्यसमाथि राश पारेर उठाएको

माटोको अर्धगोलाकार थुम्को स्तूप हो भन्ने यसको भावार्थ हो । त्यसैबाट क्रमिक रूपले वर्तमान स्तूप वास्तुकलाको विकास भएको हो । मृतकको अस्थिधातु नभएर पुण्यवान् एवं मूल्यवान् वस्तुहरू गर्भमा सञ्चय गरेर त्यसमाथि बनाइएको स्मारकलाई चैत्य भनिन्छ । वास्तवमा चैत्य भनेको पूजास्थल हो । प्रारम्भमा यस्ता चैत्यहरू ढुङ्गाद्वारा बनाइन्थे । 'चीयते पाषाणादिना इति चैत्यम्' भनेर चैत्य शब्दको व्युत्पत्ति गरिएको छ (उपाध्याय, १९७२: १०५) । यसबाट प्रारम्भमा ढुङ्गा आदिद्वारा चैत्य बनाइन्थे भन्ने कुरा राम्ररी स्पष्ट हुन्छ । बौद्ध धर्ममा आठ प्रकारका चैत्यलाई प्रमुख स्थान दिएको पाइन्छ । यी चैत्यहरूका वास्तुशैली एउटै खालको हुन्छ, तर तिनका जंघावेदीको आकार भने भिन्दाभिन्दै खालको हुन्छ । त्यही जंघावेदीको आकारको आधारमा यी चैत्यहरूको वर्गीकरण गरिएको हुन्छ ।

यी आठ प्रकारका चैत्यका नाम र तिनका जंघावेदीको आकार यसप्रकार छन्–

| क्र.सं. | चैत्यको नाम | जंघावेदीको आकार |
|---|---|---|
| १. | बोधिचैत्य | चतुष्कोणाकार |
| २. | पद्मकूटचैत्य | पद्मपत्रसमूह |
| ३. | मङ्गलबहुद्वारचैत्य | मण्डलाकार र द्वार चिह्न अङ्कित |
| ४. | ऋद्धिचैत्य | अष्टकोणाकार |
| ५. | देवावतीर्णचैत्य | मण्डलाकार र सोपान चिह्न अङ्कित |
| ६. | अन्तरसन्धिचैत्य | सादा मण्डलाकार |
| ७. | विजयचैत्य | गोलाकार |
| ८. | निर्वाणचैत्य | दोहोरो पद्मपीठ |

यी आठवटा चैत्यलाई भगवान् शाक्यमुनि बुद्धको अष्टमहाप्रतिहार्यसँग सम्वद्ध मानिन्छ । भगवान् शाक्यमुनि बुद्धको जीवनका चारवटा प्रमुख घटनाहरू जस्तै– लुम्बिनीमा जन्म, बुद्धगयामा बोधिज्ञानप्राप्ति, सारनाथमा धर्मचक्रप्रवर्तन र कुशिनारामा महापरिनिर्वाणप्राप्ति तथा चारवटा गौण घटनाहरू जस्तै- राजगृहमा नालागिरि हात्तीलाई वशमा पारेको, श्रावस्तीमा एकै पटक हजारवटा बुद्धको दर्शन दिएर ऋद्धि प्रदर्शन गरेको, वैशालीमा वानरेन्द्रबाट बुद्धलाई मधुदान गरेको र आमा मायादेवीलाई धर्मदेशना गरेर तुषितलोकबाट भगवान् बुद्ध संकास्य नगरीमा अवतीर्ण भएको यी आठवटा घटनालाई अष्टमहाप्रतिहार्य भनिन्छ (गुरुङ, २०४४: ५०-५२) ।

यी आठवटा चैत्य, अष्टमहाप्रतिहार्य र त्यससँग सम्बद्ध स्थानहरू यस प्रकार छन्–

| क्र.सं. | चैत्य | महाप्रतिहार्य | स्थान |
|---|---|---|---|
| १. | बोधिचैत्य | बोधिज्ञानप्राप्ति | बुद्धगया |
| २. | पद्मकूटचैत्य | वानरेन्द्रबाट मधुदान | वैशाली |

| | | | |
|---|---|---|---|
| ३. | मङ्गलबहुद्वारचैत्य | बुद्धजन्म | लुम्बिनी |
| ४. | ऋद्धिचैत्य | ऋद्धिप्रदर्शन | श्रावस्ती |
| ५. | देवावतीर्णचैत्य | तुषितलोकबाट अवतीर्ण | संकास्य |
| ६. | अन्तरसन्धिचैत्य | धर्मचक्रप्रवर्तन | सारनाथ |
| ७. | विजयचैत्य | नालागिरि हात्तीदमन | राजगृह |
| ८. | निर्वाणचैत्य | महापरिनिर्वाण प्राप्त | कुशिनारा |

चिनियाँ यात्री फाह्यन (ई. ५ शदी) र हुएन साङ (ई. ७ शदी) का यात्रावृत्तान्तहरूबाट पनि रामग्राम स्तूपको बारेमा थाहा पाउन सकिन्छ । फाह्यनले रामग्रामलाई 'राम' मात्र लेखेका छन् भने हुएन साङले चाहिँ 'ग्राम' लेखेका छन् । यी दुवै जनाले गरेको रामग्रामको वर्णन प्रायः एकै किसिमको छ ।

फाह्यनले गरेको रामग्राम स्तूपको वर्णन यस प्रकार छ–

"बुद्धको जन्मस्थलदेखि ५ योजन पूर्वपट्टि रामनामक राज्य अवस्थित छ । यहाँका राजाले बुद्धको अस्थिधातुको एक भाग पाएर राम स्तूप बनाएका थिए । स्तूपनजिकै पानीको एउटा कुण्ड छ । त्यस कुण्डको नागले स्तूपको रक्षा गर्दछ र रात दिन स्तूपको पूजा गर्दछ । राजा अशोकले बुद्धका आठवटा अस्थिस्तूपबाट अस्थिधातु झिकेर ८४००० स्तूप बनाउने इच्छा गरेर सातवटा स्तूपबाट अस्थिधातु झिकिसकेपछि उनले यस स्तूपबाट पनि अस्थिधातु झिक्ने कोशिश गरे, तर नागद्वारा रक्षा गरिएको हुँदा राजा अशोकले यस स्तूपबाट अस्थिधातु झिक्न सकेनन् ।

यो सबै ठाउँ झारपातले ढाकिएको थियो । लिपपोत र बडारकुडार गर्ने कुनै मान्छे थिएन, तर एक बथान हात्ती आएर सधैँ आफ्नो सूँढमा पानी ल्याएर भूइँमा छर्कन्थे र विभिन्नथरी फूल र सुगन्धित वस्तुहरू ल्याएर स्तूपमा चढाउँदथे । एक पटक एकजना भक्त त्यस स्तूपमा पूजा गर्न आउँदा हात्तीहरूले स्तूपलाई पानीले पखालेको र फूलहरू चढाएको देखेपछि उनी श्रामणेर बनेर त्यहीँ बसी स्तूपको सेवा गर्न थाले । उनले गरेको कामको बारेमा सुनेपछि त्यस देशका राजाले भिक्षुहरू बस्नको लागि त्यहाँ एउटा आवासगृह बनाइदिए । त्यसपछि उनी त्यस विहारका प्रमुख भए । अहिले त्यस विहारमा भिक्षुहरू बस्दछन्" (लेग, १९७१: ६८-७०) ।

हुयन साङले गरेको रामग्राम स्तूपको वर्णन यसप्रकार छ–

"ग्राम, यो राज्य धेरै वर्ष अघिदेखि उजाडिएको थियो । राज्यसीमाको कुनै चिह्न बाँकी थिएन । नगर खण्डहरको थुप्रो बनिसकेको थियो र जनसंख्या ज्यादै थोरै थियो ।

पुरानो राजधानीको दक्षिण-पूर्वमा ईंटाद्वारा बनेको एउटा स्तूप थियो, जसको उचाइ लगभग एकसय छि थियो । यस राज्यका राजाले पनि बुद्धको अस्थिधातु एकभाग पाएका थिए । त्यसैलाई ल्याएर राजाले यो स्तूप बनाएका थिए । यो स्तूपमा चमत्कार भइरहन्थ्यो र दैवीप्रकाश प्रसारित हुन्थ्यो ।

स्तूपको नजिकमा पानीको एउटा कुण्ड थियो । यस कुण्डको नाग जब बाहिर निस्कन्थ्यो, त्यसबेला सर्पको रूप लिएर स्तूपलाई प्रदक्षिणा गर्दथ्यो । बथानका बथान जङ्गली हात्तीहरू आएर स्तूपमा फूलहरू वर्षाउँदथे । सम्राट् अशोकले बुद्धको अस्थिधातु बाँडेर सात देशमा स्तूपको निर्माण आरम्भ गराएपछि यस राज्यमा आएर स्तूप बनाउन आरम्भ गर्न चाहे । त्यसबेला उक्त कुण्डको नागले ब्राह्मणको रूप धारण गरेर सम्राट् अशोकलाई अनुनयविनय गरी आफ्नो निवासमा लगे । त्यहाँ नागको ऐश्वर्य देखेपछि सम्राट् अशोकले त्यस ठाउँमा स्तूप बनाउने विचार छोडिदिए । नागकुण्डबाट सम्राट् अशोक बाहिर निस्केको ठाउँमा एउटा स्मारक खडा थियो ।

स्तूपसँगै एउटा संघाराम थियो । त्यसमा भिक्षुहरू ज्यादै थोरै थिए । एउटा प्राचीन ग्रन्थमा उल्लेख भएअनुसार भिक्षुहरूको एउटा दल धेरै टाढाबाट स्तूपको दर्शन गर्न यहाँ आएको थियो । उनीहरूले जङ्गली हात्तीहरूले सूँढद्वारा स्तूपमा पानी छम्केको र विभिन्न फूलहरू ल्याएर चढाएको देखे । त्यसपछि एकजना श्रामणेर स्तूपको सेवा गर्न त्यहीं बसे । त्यस ठाउँनजिकका राजाहरूले उनको जीवनचर्या सुनेर त्यहाँ एउटा संघाराम बनाइदिए । ती राजाहरूले त्यस श्रामणेरलाई संघारामको कामकाज हेरविचार गर्न आमन्त्रित गरे । त्यसबेलादेखि संघारामको संस्थापकको स्मृतिमा सबै महन्तहरू श्रामणेरको नामबाट संघारामको हेरविचार गर्दछन् (चुङई र लुङछाङ, १९९१: १६६-१६७) ।

नवलपरासी जिल्लाको सदरमुकाम परासी बजारदेखि दक्षिणपट्टि देउरुवा गाउँमा झरई नदीको पूर्वी किनारामा अवस्थित मानवनिर्मित एउटा थुम्कोलाई पुरातत्त्वविद् डा. व्हेले बौद्ध स्तूप मानेका छन् । डा. व्हेले बौद्ध स्तूप मानेको ईंटाद्वारा निर्मित ३०फिट अग्लो र ७० फिट घेरा भएको उपर्युक्त स्तूपलाई पुरातत्त्वविद् बाबुकृष्ण रिजालले रामग्रामका कोलीयहरूले शाक्यमुनि बुद्धको अस्थि धातुलाई गर्भमा सञ्चय गरेर बनाएको रामग्रामको स्तूप मानेका छन् (रिजाल, १९७९: २४- २५) । रामग्रामको यस स्तूपसँगै झरई नदीको पश्चिमी किनारामा एउटा प्राचीन बौद्ध विहारको अवशेष पाइएको छ । रामग्राम स्तूप र यस बौद्ध विहारलाई अहिले झरई नदीले काटेर वारिपारि बनाइदिएको छ । अहिले श्री ५ को सरकार, पुरातत्त्व विभागले रामग्राम स्तूपको उत्खनन गर्न थालेको छ । हालको उत्खननबाट स्तूप नजिकै वायव्य दिशामा पनि एउटा बौद्ध विहारको अवशेष फेला परेको छ । यस क्षेत्रको समुचित उत्खनन सम्पन्न भई प्रतिवेदन प्रकाशित भएपछि रामग्राम स्तूपको बारेमा यथार्थ कुरा थाहा पाउन सकिनेछ । यसरी नागद्वारा रक्षा गरिएको, मानिस र पशुद्वारा सेवित, दैवीशक्तिले युक्त यस रामग्राम स्तूपलाई एउटा अद्वितीय बौद्ध तीर्थस्थलको रूपमा मान्न सकिन्छ ।

## पाल्ही भगवती

परासी बजारदेखि केही पर नैर्ऋत्यकोणमा पाल्ही भगवतीको मन्दिर अवस्थित छ । अहिले यहाँ जानको लागि महेशपुर जाने बाटोबाट सजिलो पर्दछ । अघि यही पाल्ही भगवतीको नाउँबाट यस जिल्लालाई पाल्ही भनिन्थ्यो र पछिबाट

नवलपुर र परासीको संयुक्त नामबाट नवलपरासी नामकरण गरिएको हो । 'अघि पालवंशी राजाको पालामा स्थापना गरिएकोले पाल्ही भगवती भनिएको हो' भन्ने स्थानीय पूजारी र अरू मानिसहरूको पनि भनाइ छ । पाल्ही भगवती भने पनि यहाँ कालो ढुङ्गामा बनेको सेन शैलीको कालीको मूर्ति स्थापना गरिएको छ । काली वा कालिकालाई भगवती भन्ने चलन अन्त पनि पाइन्छ, जस्तै बागलुङको भगवतीलाई कालिका भगवती भनिन्छ ।

भारतमा गुप्त पछि ईस्वी आठौं शताब्दीको मध्यदेखि पालवंशले शासन चलाउन थाल्यो (मजुम्दार, १९६७: १५७) । पालहरूको शासन खासगरी मगध र बंगालमा चल्दथ्यो । यो समय बौद्ध धर्मअन्तर्गत वज्रयानी मतले गति लिइरहेको समय थियो । पाल शासकहरू बौद्धधर्मावलम्वी थिए । अतः पालवंशको शासनकालमा तान्त्रिक बौद्ध देवी देवताका मूर्तिहरू अत्यधिक मात्रामा बने । त्यस बेलाको कला शैलीलाई ठाउँको आधारमा मगधशैली र शासक वंशको नामबाट पालशैली भनिन्थ्यो ।

मगधमा ई. १०२६ सम्म पालवंशले शासन गरेको देखिन्छ । त्यसपछि कर्णाटकका सेनहरूले पश्चिम बंगालमा आफ्नो आधिपत्य जमाए । सेन वंशले बंगालमा ई. ११८५ सम्म शासन चलाएको देखिन्छ (मजुम्दार, त्यही: १८०) । सेन शासकहरू हिन्दूधर्मावलम्बी थिए । अतः सेन वंशको शासनकालमा हिन्दू देवी देवताका प्रशस्त मूर्तिहरू बने । पाल शासनकाल र सेन शासनकालका कलाकारहरू उही थिए, कलाशैली त्यही नै थियो तर सेनकालमा ठोस खालको कालो र चिल्लो ढुङ्गामा मूर्ति कुँदिन्थ्यो । अतः ठोस खालको कालो र चिल्लो ढुङ्गामा मूर्ति कुँद्नु नै सेनशैलीको प्रमुख विशेषता मान्न थालियो । सेनशैलीले नेपालको पूर्वदेखि पश्चिममा गण्डकीप्रस्रवणक्षेत्रको तराई भाग र आसपासको पहाडी भेगलाई समेत प्रभावमा पारेको देखिन्छ । पाल्ही भगवतीको नामले प्रसिद्ध यस भगवतीको मूर्ति पनि सेनशैलीअनुसार ठोस खालको कालो ढुङ्गामा बनेको कालीको मूर्ति हो ।

कालीका पनि अनेक भेदहरू हुन्छन् । त्यसमध्ये प्रत्यालीढपादमा उभिएको यो मूर्ति आद्यकालीको हो । शाक्तप्रमोदमा कालीको ध्यान यस प्रकार बताएको छ–

शवारूढां महाभीमां घोरदंष्ट्रां हसन्मुखीम् ।
चतुर्भुजां खड्गमुण्डवराभयकरां शिवाम् ॥
मुण्डमालाधरांदेवीं ललज्जिह्वांदिगम्बराम् ।
एवं सञ्चिन्तयेत् कालीं श्मशानालयवासिनीम् ॥

(शवमाथि चढेकी, अत्यन्त डरलाग्दी, डरलाग्दा दाह्रा भएकी, हँसिलो मुख भएकी, चारहात भएकी, खड्ग, मुण्ड लिएकी, वरद र अभयमुद्रा प्रदर्शन गरिरहेकी, कल्याणकारिणी, मुण्डमाला लगाएकी, जिब्रो लपलपाइरहेकी, नाङ्गो अवस्थामा रहेकी, श्मशानमा वास गर्ने यस्ती कालीको ध्यान गर्नू (सिंह, २०४६: ३) ।

यस प्रकारको ध्यान भएकी काली यदि स्थानक अवस्थामा छ भने कालीको त्यस स्वरूपलाई आद्यकाली मानिन्छ । आद्यकालीले ता शिवलाई नै शव मानेर त्यसमाथि उभिएको हुन्छ । यदि उत्तानो परेर लम्पसारसँग सुतिरहेको शवमाथि उपर्युक्त ध्यानअनुसारको काली टुक्रुक्क बसिरहेको छ भने कालीको त्यस स्वरूपलाई दक्षिणकाली भनिन्छ । यदि कालीले बायाँ हातमा खड्ग लिएको छ भने त्यसलाई ज्ञानको प्रतीक र दायाँ हातमा खड्ग लिएको छ भने त्यसलाई मारण र सिद्धिको प्रतीक मानिन्छ (ज.ब.रा., २०२१: ६) । यसैगरी काली यदि आलीढपादमा उभिएको छ भने मारक र प्रत्यालीढपादमा उभिएको छ भने शान्तिक हुन्छ । पाल्ही भगवती नामले प्रसिद्ध यी आद्यकाली बायाँ हातमा खड्ग लिएर प्रत्यालीढपादमा उभिएकी छिन् । अतः पाल्ही भगवतीका नामले प्रसिद्ध यी काली ज्ञानदायिनी एवं शान्ति अवस्थाका काली हुन् ।

पाल्ही भगवतीको मन्दिरदेखि पूर्वमा स्थित देउगाउँमा पनि चामुण्डाका मूर्तिहरू पाइएका छन् । यमराजको शक्ति चामुण्डा र त्रिशक्त्यात्मिका चामुण्डागरी चामुण्डाका दुई भेद छन् । त्रिशक्त्यात्मिका चामुण्डा महाकाली, महालक्ष्मी र महासरस्वतीका समष्टि रूप हुन् । यमराजको शक्ति चामुण्डाको गणना अष्टमातृकामा हुन्छ । यस चामुण्डालाई कालीको रूपमा स्थापना गर्ने चलन पनि छ । यसैले गर्दा काठमाडौंको फर्पिङस्थित दक्षिणकालीको पीठमा दक्षिणकालीको रूपमा यमराजको शक्ति चामुण्डाको मूर्ति स्थापना गरिएको छ । अतः पाल्ही भगवतीको परिसरमा रहेको देउगाउँका चामुण्डाका मूर्तिहरू पनि कालीकै रूपमा स्थापना गरिएको हुनसक्छ ।

'कलौ काली' भनेर कलियुगमा कालीलाई विशेष पूजनीय मानिन्छ । यसैगरी कालस्य वशगाः सर्वे न कालः कस्यचिद्वशा अर्थात् समस्त चराचर जगत् कालको वशमा छ तर काल कसैको वशमा छैन' भन्ने मान्यता छ । काल भनेको बेला र समयचाहिँ कालको अवस्था हो । जगत्को सृष्टि, स्थिति र प्रलय भएसम्म लोकलोकान्तरमा काल रहिरहन्छ । कालको जुन शक्तिले चराचर जगत्लाई आफ्नो वशमा राख्दछ र लोकलोकान्तरमा आफ्नो अवस्थितिलाई कायम राख्न सक्तछ, कालको त्यही शक्ति नै काली हुन् (ज.ब.रा., २०३४: ८२-८३) । पाल्ही भगवती कालीको अवस्थिति र प्रसिद्धिले यस क्षेत्रमा मध्यकालदेखि नै काली मतले आफ्नो प्रभाव जमाएको पाइन्छ र यहाँबाट पाल्पा हुँदै बागलुङसम्म यस मतको प्रसार भएको देखिन्छ । यसरी नेपालमा काली मतको प्रचारप्रसारमा पाल्ही भगवती कालीको अहं भूमिका रहेको देखिन्छ ।

## पद्मपाणि बोधिसत्त्व

देवीदमारदेखि अलिकति उत्तरपट्टि शेरभुक्की गाउँमा केही दूरीको फरकमा पद्मपाणि बोधिसत्त्वका दुईटा प्रस्तर मूर्तिहरू छन् । यी मूर्तिहरूलाई अहिले यहाँका स्थानीय जनताहरू कन्यामाई र बहिरीमाई भनेर पूजा गर्दछन् । मध्यकालिक फुस्रो ढुङ्गामा बनेका र अहिले खण्डित अवस्थामा रहेका यी मूर्तिहरू पछिल्लो

कालको भए तापनि यस क्षेत्रमा अहिलेसम्म जमिनमाथि पाइएका बौद्ध अवशेषहरू हुन् । नवलपरासीको शेरभुक्कीलाई प्राचीन व्याघ्रपथ मानिएको छ ।

सबभन्दा पहिले सद्धर्मपुण्डरीकसूत्रनामक महायानी बौद्ध ग्रन्थमा आर्यावलोकितेश्वर पद्मपाणि बोधिसत्त्वको उल्लेख आएको कुरा यस अघिनै उल्लेख भइसकेको छ । नेपालमा पद्मपाणि बोधिसत्त्वको प्रस्तर मूर्तिको सन्दर्भमा काठमाडौँको हाडीगाउँमा पाइएको र अहिले राष्ट्रिय संग्रहालय छाउनीमा संग्रहित शिरविहीन एउटा प्रस्तर मूर्तिलाई श्री ५ को सरकार, पुरातत्त्व विभागका तात्कालिक निर्देशक रमेशजङ्ग थापाले पटना म्युजियमको बोधिसत्त्वको प्रस्तर मूर्तिसँग तुलना गरेर ईस्वी पहिलो-दोस्रो शताब्दीताकाको बोधिसत्त्वको मूर्ति मानेका छन् (थापा, २०२६: १२) । प्रतापादित्य पालले पनि यसलाई ईस्वी दोस्रो-तेस्रो शताब्दीताकाको बोधिसत्त्वको मूर्ति मानेका छन् (पाल, १९७४: ४१) । यसैगरी एन.आर. बनर्जी र बाबुकृष्ण रिजालले यसलाई यक्ष बोधिसत्त्वको मूर्ति मानेका छन् (बनर्जी र रिजाल, १९६८: ३७-४३) । कृष्णदेव र लैनसिंह बाङ्गदेलले भने यसलाई ईस्वी पहिलो शताब्दीको यक्षको मूर्ति मानेका छन् (बाङ्गदेल, २०३९: ३४) । यसैगरी ललितपुरको कुम्भेश्वर पोखरीमा पाइएको र अहिले बगलामुखीको मन्दिरसँगै स्थापना गरिएको शीतला अजिमाको मूर्ति भनिने प्रस्तर मूर्तिलाई प्रतापादित्य पालले ईस्वी तेस्रो शताब्दीताकाको बोधिसत्त्व वा विष्णुको मूर्ति मानेका छन् (पाल, १९७४: ४१) । मेरी स्लसरले यसलाई हारीतिका पति पाञ्चिकको मूर्ति मानेका छन् भने लैनसिंह बाङ्गदेलले चाहिँ यसलाई ईस्वी तेस्रो शताब्दीको सूर्यमूर्ति मानेका छन् (बाङ्गदेल, २०३९: ७९, १५७) ।

यस मूर्तिले हातमा लिएको कमलको फूलको आधारमा प्राज्ञ लैनसिंह बाङ्गदेलले यसलाई सूर्यको मूर्ति मानेका हुन् । विष्णु, सूर्य र पद्मपाणि बोधिसत्त्वले आफ्ना हातमा कमलको फूल लिएका हुन्छन् तर कमलको फूल लिने लक्षण भने आ-आफ्नै खालको हुन्छ । सूर्यले आफ्नो दुवै हातलाई छातीको समतलसम्म उठाएर दुबै हातमा कमलको फूल लिएको हुन्छ । पद्मपाणि बोधिसत्त्वले आफ्नो बायाँ हातमा नालसहितको कमलको फूल लिएको हुन्छ र उक्त फूल बायाँ काँधको समतलमा पुगेर पूर्ण विकसित रूपमा फक्रेको हुन्छ । पद्मपाणि बोधिसत्त्वको दायाँ हातले वरद मुद्रा प्रदर्शन गरेको हुन्छ । कुम्भेश्वरस्थित यस प्रस्तर मूर्तिका दुवै हात तलपट्टि झारेको अवस्थामा रहेका छन् । बायाँ हातले नालसहितको कमलको फूल लिएको छ र उक्त कमलको फूल बायाँ काँधको समतलमा पुगेर पूर्ण विकसित रूपमा फक्रेको छ । यस मूर्तिले दायाँ हातमा पनि सानो कमलको फूल लिएको छ, तर उक्त कमलको फूललाई माथि नल्याएर हातैको समतलमा राखेको छ । यसरी यस मूर्तिले कमलको फूल लिएको लक्षण सूर्यको भन्दा पद्मपाणि बोधिसत्त्वको लक्षणसँग मिल्दछ । अतः कुम्भेश्वरस्थित यो मूर्ति ईस्वी तेस्रो शताब्दीताकाको पद्मपाणि बोधिसत्त्वको मूर्ति हो भन्ने सिद्ध हुन्छ ।

त्यसपछि ईस्वी छैटौँ शताब्दीको मध्यदेखि अभिलेखसहितका पद्मपाणि बोधिसत्त्वका मूर्तिहरू पाइन थाल्दछ । काठमाडौँको धरहराबाट लगन जाने

बाटोमा नाहागल्ली नाघेर गएपछि पिपलको रूखमुनि ढुङ्गे धारामा रामदेवको समय शक संवत् ४६७ (वि.सं. ६०२) को अभिलेखसहितको आर्यावलोकितेश्वरको प्रस्तरमूर्ति अवस्थित छ । आर्यावलोकितेश्वरको यो मूर्ति परमोपासक मणिगुप्तले पत्नी महेन्द्रमर्नीसँगै भएर सारा प्राणीको हित र सुखको लागि स्थापना गरेका थिए (वज्राचार्य, २०३०: १७७-१७८) । यसरी बौद्ध जगत्मा पद्मपाणि बोधिसत्त्वको आदर्शले अत्यधिक मान्यता पाएको छ । अत: मध्यकालिक कृति नै भए तापनि नवलपरासीको प्राचीन व्याघ्रपथ शेरभुक्कीमा स्थित पद्मपाणि बोधिसत्त्वका यी दुई प्रस्तर मूर्तिहरूले यस ठाउँलाई एउटा बौद्ध तीर्थस्थलको रूपमा चिनाएर यसको अस्तित्त्वलाई जोगाइराखेको छ ।

## मदारनाथ

नवलपरासी जिल्लाको पहाडी भेग दाउन्ने डाँडामाथि मदारनाथको स्थान छ । यो स्थान एउटा मुसलमान सन्तको समाधि हो । यहाँ मुसलमान र हिन्दू दुवै वर्गका मानिसहरू विना भेदभाव दर्शन गर्न जान्छन् । यहाँ खासगरी सन्तान नभएका स्त्री-पुरुषहरू सन्तानप्राप्तिको कामना लिएर दर्शन गर्न जाने गर्दछन् । वास्तवमा यो स्थान सुफी मतका मुसलमान सन्तको समाधि हो भन्ने बुझिन्छ ।

इस्लाम धर्मका संस्थापक हजरत मुहम्मद साहबको जन्म ईस्वी सन् ५७० मा अरबको मक्का शहरमा भएको थियो । मदिनामा बसेर पनि मुहम्मदले धर्मको प्रचार गरेका थिए । इस्लाम धर्ममा मक्का र मदिना यी दुई स्थानको ठूलो महत्त्व रहेको छ । अत: मक्का र मदिनाको हज (तीर्थयात्रा) अति पुण्यदायक मानिन्छ । हजरत मुहम्मद साहबको यस नवीनतम धर्मबाट अरब देशको पुरानो धर्ममा पूर्णत: सुधार भयो । इस्लाम धर्ममा अल्लाहलाई ईश्वर र हजरत मुहम्मदलाई अल्लाहको दूत मानिन्छ । कुरान इस्लाम धर्मको पवित्र धार्मिक ग्रन्थ हो । अल्लाहले मुहम्मदको माध्यमबाट लोक कल्याणको लागि कुरान प्रदान गरेको विश्वास गरिन्छ । इस्लाम धर्मका खासगरी सुन्नी र शिया दुई सम्प्रदाय मुख्य छन् । मुहम्मदको शेषपछि उनका प्रतिनिधिहरूले इस्लाम धर्मको संस्थापन र प्रचार प्रसार गरे । यसरी धर्म संस्थापन गर्ने मुहम्मदको प्रतिनिधिलाई खलिफा भनिन्छ । खलिफाको चयन हुन थालेपछि उत्तराधिकारको सम्बन्धलाई लिएर संघर्ष हुन थाल्यो । यो क्रम बढ्दै गएर छैटौं खलिफाको समयमा यो संघर्ष ज्यादै चर्क्यो । अनेक मुसलमानहरूले छैटौं खलिफाको विरोध गरेर हजरत मुहम्मद साहबका छोरीपट्टिका नाति इमाम हुसेनलाई खलिफा घोषित गरे तर पहिलेका खलिफाले इमाम हुसेनको हत्या गरिदिए । मुहम्मदका प्रतिनिधि खलिफाका अनुयायीहरू सुन्नी र मुहम्मदका नाति इमाम हुसेनका अनुयायीहरू शिया कहलाउँदछन् (वर्मा, २०३२: २६७, २७७) ।

सूफी मत इस्लाम धर्ममा हिन्दू धर्मको खासगरी वेदान्त र भक्तिमार्गको प्रभाव परेपछि विकसित मत हो । सूफी मतले इस्लाम धर्मका प्रवर्तक मुहम्मदको शिक्षा र वैदिक एवं उपनिषद् र गीताका सिद्धान्तहरूको राम्रो समन्वय प्रस्तुत गर्दछ । यसैगरी सूफी मतमा योगकियाद्वारा विषय भोगको इच्छा दमन गर्ने

परिपाटी पनि पाइन्छ । यसकारण सूफी मतमा हिन्दूहरू पनि आकर्षित भई यस मतका सन्तहरूलाई आदर सम्मान गर्न थाले । सूफी मतका सन्तहरूमा हुसेन बिन मन्सुर, इब्बनअली अरबी, ख्वाजा निजामुद्दीन औलिया, शेष सलीम चिश्ती, मलिक मुहम्मद जायसी आदि प्रसिद्ध छन् । सूफी मतका गुरुलाई शेख वा पीर भनिन्छ (वात्स्यायन, १९६०: १९२) । हिन्दूहरूले सूफी मतका गुरुहरूलाई सन्तको उपाधि दिए भने हिन्दूहरू विशेषगरी नाथ सम्प्रदायले सूफीहरूबाट पीरको उपाधि ग्रहण गरे । जुन उपाधि हिन्दू र इस्लाम धर्मबीचको समन्वयको एउटा राम्रो नमूना हो ।

सबै धर्मको आधार एक मात्र सत्य हो । सबै धर्मले त्यही सत्यस्वरूप परमेश्वरलाई विभिन्न रूपमा पूजा गर्दछन् । त्यसकारण धर्मको आधारमा विभेद र संघर्ष गर्न हुँदैन भन्ने सूफी मतको प्रमुख आदर्श हो । ईश्वर प्रकाशमय, करुणामय र सर्वव्यापक छ । ईश्वर प्राप्त गर्नको लागि विषय भोगको इच्छालाई त्यागेर पवित्र जीवन बिताई समस्त प्राणीमाथि दया गर्नुपर्दछ । 'ईश्वरसँगको एक्यभाव र ईश्वर प्रेम नै ईश्वर प्राप्तिको बाटो हो' भन्ने सिद्धान्त सूफी मतको अर्को आदर्श हो (वात्स्यायन, त्यही: १९२- १९३; वर्मा, त्यही: २७७-२७८) ।

वैदिक सनातन अथवा हिन्दू धर्ममा ॐ कारलाई प्रणवबीज अर्थात् ईश्वर वाचक मानिन्छ । ॐ कारमा प्रयुक्त अर्ध चन्द्राकारको चिह्न वास्तवमा नाद बिन्दुको प्रतीक हो । जीव र ब्रह्म अथवा आत्मा र परमात्माको मिलनको प्रक्रिया कला; यी दुईको मिलन नाद र एकात्मकताचाहिँ बिन्दु हो । वैदिक सनातन धर्मको ईश्वरवाचक प्रणवबीज ॐ कारलाई माथितिर फर्कायो भने उर्दू लिपि र भाषाको अल्लाहवाचक शब्द बन्दछ । अल्लाहवाचक शब्दमा नाद र बिन्दुको चिह्न देखिँदैन तापनि इस्लाम धर्मले अर्धचन्द्रलाई आफ्नो धार्मिक चिह्न मान्दछ । इस्लाम धर्मको धार्मिक चिह्न अर्धचन्द्र वास्तवमा नाद बिन्दुकै विकसित रूप हो भन्ने बुझिन्छ । यसबाट वैदिक सनातन धर्मको प्रणव अथवा ईश्वरवाचक ॐ कार र इस्लाम धर्मको अल्लाहवाचक शब्द एउटै शब्द हो भन्ने बुझिन्छ । यसरी मूलतत्त्व एउटै भएकाले धर्ममा भेददृष्टि र द्वन्द्वभाव राख्न हुँदैन । सूफी मतले वैदिक सनातन धर्म र इस्लाम धर्मको बीचमा सहिष्णुता, सद्भाव एवं समन्वय स्थापना गर्ने सत्प्रयाश गरेको छ ।

भारतको अजमेर आदि स्थानहरूमा यस्ता सूफी सन्तहरूका समाधिहरू छन्, जहाँ मुसलमान र हिन्दू दुवै वर्गका मानिसहरू श्रद्धा र भक्तिका साथ आ-आफ्ना अभिलाषा पूरा गर्न च्यादर चढाउन र दर्शन गर्न जान्छन् । नेपालमा पनि नवलपरासी जिल्लाको दाउन्ने डाँडामा स्थित मदारनाथको समाधिले आफ्नो सिद्धिद्वारा धार्मिक समन्वयको यस आदर्शलाई दर्शाइरहेको छ, जसले नेपालमा राष्ट्रिय समीकरणको लागि एउटा राम्रो वातावरण तयार पारेको छ ।

## उपसंहार

तरन्ति पापादिकं यस्मात् सः तीर्थः अर्थात् जसबाट मानिसहरू आफ्नो कर्मविपाक अथवा जन्मजन्मान्तरको पापकर्मबाट मुक्त हुन्छन्, त्यो तीर्थ हो भनेर तीर्थ शब्दको व्युत्पत्ति गरिएको छ । जङ्गमतीर्थ, मानसतीर्थ र भौमतीर्थ गरी तीन किसिमका तीर्थ छन् । तीर्थले मानिसको मनलाई चोखो बनाएर एक अर्काको मानसिक सम्मिलन र भावनात्मक एकता गराउँदछ । एकीकरण भनेको भौगोलिक मिलन र समीकरणचाहिँ मानसिक सम्मिलन र भावनात्मक एकता हो । यही मानसिक सम्मिलन र भावनात्मक एकताको मूर्तरूप राष्ट्र हो र त्यस मानसिक सम्मिलन र भावनात्मक एकताप्रतिको प्रतिबद्धता र निरन्तरताचाहिँ राष्ट्रियता हो । हिमवत्खण्डमा सप्तगण्डकीको पवित्र जलले अभिसिञ्चित भूमि गण्डकीप्रस्रवणक्षेत्रको नामबाट प्रसिद्ध छ । त्रिशूली, बूढी, दरौंदी, मर्स्याङ्दी, मादी, सेती र काली यी सप्तगण्डकीका सातधारा हुन् । पूर्वमा नुवाकोटको गल्फुभञ्ज्याङ र रसुवाको गोसाईंकुण्ड, पश्चिममा अर्घाखाँचीको बलकोट, उत्तरमा मुस्ताङको कोरेला भञ्ज्याङ एवं दामोदरकुण्ड र दक्षिणमा नवलपरासीको त्रिवेणीसम्मको भूभागलाई गण्डकीप्रस्रवणक्षेत्रले आफूमा समाहित गरेको छ ।

प्रकृति अथवा भौगोलिक अवस्थितिले संस्कृतिको संरचना र विकासमा प्रभाव पारेको हुन्छ । सांस्कृतिक संप्रभुताको आधारमा गण्डकीप्रस्रवणक्षेत्रका भूखण्डहरूलाई भोट, शेषान्त, मगरात र थरुवानको संज्ञा दिइएको छ । गण्डकीप्रस्रवणक्षेत्रका उच्च हिमशिखरहरू बाह्रै महिना हिउँले ढाकिएका हुन्छन् । मानवदेहमा नसाहरूले रक्तसञ्चार गरिरहेझैं गण्डकीप्रसवणक्षेत्रका उच्च हिमशिखरबाट बगेका हिमनदीहरू, त्यसका शाखा नद नदीहरू, त्यसका तटमा स्थित तीर्थस्थलहरू र त्यस क्षेत्रमा विकसित बहुआयामिक एवं समन्वयात्मक संस्कृतिले समस्त नेपालीहरूको मानसपटलमा नेपालको राष्ट्रिय समीकरण, नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन एवं प्रवर्द्धनको भावना जगाइराखेको छ । यहाँको हिमाली काँठमा कस्तूरी र डाँफे, मुनाल नाच्दछन् । पहाडी भेकमा लटरम्म गुराँस फुलेको हुन्छ । यहाँको रानी रहमा असला माछाको लहरी चल्दछ । ताल तलैयामा कत्ले र सहर माछाले भुत्भुति खेल्दछ । मधेशको वन जङ्गलमा हात्ती र गैंडाको लश्कर चल्दछ र मुजुरहरू नाच्दछन् । यसरी गण्डकीप्रस्रवणक्षेत्रमा जैविक विविधता पाइन्छ । यहाँ केवल जैविक विविधता मात्र नभएर सांस्कृतिक समन्वय पनि कायम भएको छ । सबै नेपालीहरूको रीति थिति र परम्पराको सँगालो नै समष्टिमा नेपाली संस्कृति हो । नेपाली संस्कृतिको प्रकृति समन्वयात्मक छ, किनभने समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको संरचना र विकास भएको छ । यहाँका कोट र मौलोहरूमा अझै पनि हाम्रा विजय दुन्दुभिहरू बजिरहेका छन् । वीर पुर्खाहरूको गौरवगाथा कर्खा गाईदैछ । खुंडा र खुकुरीहरूमा साँद लगाएर उजिल्याइराखेकै छ । पर्व पर्वनी, मेलापात र वन पाखामा ठाडो भाका, तेर्सो भाका, सुनिमाया र रोइलो गाइरहेकै छ । यहाँका रागीहरूले आफ्नो सहनाइको सुरमा अनेक राग रागिनीहरू सुरक्षित राखिराखेका छन् । यहाँका सेब्रु नाच्ने हिमाली ठिटाठिटीहरूको सुरिलो गला र खुट्टाको ताल, घाटु, सोरठी र वालनको अभिनय;

नचरी लाउँदाको खैजँडी र मुजुरा; भ्याउरे नाच्ने झिल्केको मादल; सेलो नाच्ने मिल्केको डम्फु र मुजुर नाचको ढोल, भ्याम्टा उत्तिकै महत्त्वपूर्ण छन् । पर्वत, रामचेको खार्प खेगुफामा अहिले पनि आदिम मानव संस्कृतिको प्रकृति पूजा र जीववादको राम्रो नमूना देख्न पाइन्छ भने दमौलीमा मादी र सेतीको संगमनेरको एउटा गुफालाई समस्त वेदको सार एवं उन्नत मानव मस्तिष्कको पराकाष्ठा अवस्थाको द्योतक ब्रह्मसूत्र र भगवत्गीताका रचयिता वेद व्यासको साधना स्थल मानिएको छ । गण्डकीप्रस्रवणक्षेत्रमा महाकवि सुकृतिदत्त पन्तको कार्तवीर्योदय जस्ता संस्कृत भाषाको उच्चकोटीको महाकाव्यको रचना भएको छ र लोकगीतको माध्यमबाट सरल जनजीवनको उन्मुक्त हृदयको नैसर्गिक भावनिस्रावको स्वतन्त्र अभिव्यक्ति र दुःख सुखको अनुभूतिको निश्चल प्रस्तुति पनि भइरहेको छ ।

बुटवलको तिनाउमा प्राग्मानव रामापिथेकसको दाँत फेला परेको छ । मुस्ताङको काक निङबा, समर र टेगुफाहरूमा प्रागैतिहासिक मानिसका कलाकृतिहरू फेला परेका छन् । मुस्ताङकै चोखोपानीमा प्रागैतिहासिक मानिसको चिहान फेला परेको छ । यसरी गण्डकीप्रस्रवणक्षेत्रमा प्रागैतिहासिक कालदेखि नै मानव सभ्यता र संस्कृतिको विकास भएको पाइन्छ । यस क्षेत्रमा नीप वंशभन्दा पहिले आर्येतर जातिले शासन गरेका थिए । त्यसपछि किरात, लिच्छवि र मल्लहरूले शासन गरे । नेपालमण्डलका मल्ल राजाहरू कमजोर भएपछि गण्डकीप्रस्रवणक्षेत्रमा पुनः यहाँको स्थानीय घले राजाहरूले शासन गरे । त्यसपछि यस क्षेत्रमा ठकुरीहरूको चौबीसी राज्य खडा भयो । रणबहादुर शाहको शासनकालसम्ममा सम्पूर्ण गण्डकीप्रस्रवणक्षेत्र बृहत् नेपाल अधिराज्यमा समाहित भयो । मग्वर विषय अथवा मगरातको अर्को नाम खसान्त हो । कर्णालीप्रस्रवणक्षेत्रमा उद्भव भएको खस भाषा र संस्कृतिको खसान्त अथवा गण्डकीप्रस्रवणक्षेत्रमा पूर्ण विकास भयो र यहाँबाट पूर्वतिर सम्प्रेषित भयो । यसैगरी गण्डकीप्रस्रवणक्षेत्रमा नेपाल राष्ट्रको एउटा प्राग्रूप तयार भयो र नेपाल राष्ट्रको निर्माण एवं नेपाली राष्ट्रियताको विकासमा यहाँका विविध समुदायले आ-आफ्नो क्षेत्रबाट आ-आफ्नै किसिमको भूमिका निर्वाह गरे ।

गण्डकीप्रस्रवणक्षेत्रको हिमाली भेकमा अवस्थित गोसाईंकुण्ड, दामोदरकुण्ड र मुक्तिनाथ हिन्दू र बौद्ध दुवै थरीले समानरूपमा श्रद्धा र विश्वास गर्ने तीर्थस्थलहरू हुन् । मुस्ताङको लो गेकर गुम्बा समस्त लामा बौद्धमतको पहिलो निधितीर्थ हो । यहाँ अघि वज्रगुरु पद्मसम्भवले धार्मिक ग्रन्थ एवं तान्त्रिक उपकरणहरू गुप्त राखेको विश्वास गरिन्छ । मुस्ताङ, लो मन्थाङको भित्तैभरी मण्डलचित्रले भरिएको ज्यम्पा गुम्बा नेपालको अद्वितीय सांस्कृतिक सम्पदा हो । गुफा चैत्यको चर्चा गर्दा हामी भारतको कार्ले, भाजा र विदिसाका गुफा चैत्यहरूको नाम लिने गर्दथ्यौं तर लुरि गुम्बाको कबुम ल्हखाङनामक गुफामा निर्मित कलात्मक विजयचैत्यले नेपाली वास्तुकलामा गुफा चैत्यको नयाँ अध्याय थपिदिएको छ । यसैगरी गुफा चित्रको बारेमा चर्चा गर्दा भारतको अजन्ता र एलौरा गुफाका भित्ते चित्रहरूको नाम लिन्थ्यौं । नेपाली कलाकारहरूले चीनको टुनहुआङ गुफासम्म पुगेर भित्ते चित्रहरू लेखेको प्रसङ्ग निकाल्दथ्यौं तर छ्योएजोङ

गुम्वाको गोएन खाङ गुफाका भित्ते चित्रहरूले नेपालमा गुफा चित्रको यस अभावलाई पुरा गरेको छ र नेपाली चित्रकलाको विधामा गुफा चित्रको नयाँ अध्याय थपिदिएको छ ।

त्रिशूलीको देवीघाट आधुनिक नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको जीवनीसँग सम्वद्ध तीर्थस्थल हो । मनकामनाको मन्दिरमा मूर्तिकलाको विकास हुनुभन्दा अघिदेखि चलिआएको कोरा ढुङ्गालाई देवीदेवताको विग्रह मानेर पूजा गर्ने प्रतीक पूजाको परम्परा पाइन्छ भने रिडीको हृषीकेश मन्दिरमा कालो र चिल्लो ढुङ्गामा बनेको भगवान् विष्णुको सेन शैलीको सुन्दर मूर्ति प्रतिष्ठापन गरिएको छ । मनकामना, मुक्तिनाथ र रणउजीरेश्वरीको पूजारी परम्परा र मन्दिरको वास्तुशैलीले त्यहाँ जाने श्रद्धालु भक्तजनहरूको मानसिक सम्मिलन र भावनात्मक एकता गराई नेपाल राष्ट्र र नेपाली राष्ट्रियतालाई बलियो बनाएको छ । अघि बाह्र राजाको भेट भएको उपलक्ष्यमा कास्कीको मालमूलमा चिनेको राजाको चौताराले सहिष्णुता, सहअस्तित्व, सद्भाव, समन्वय र शान्तिको सन्देश दिइरहेको छ र दिइनै रहनेछ । यसैगरी बुटवलको जितगढी र पाल्पा, तानसेनको रणउजीरेश्वरी मन्दिरले आजका बाटो बिराएर रनभुल्लमा परेका र कुनै उद्योग विना रसरङ्गमा लागेर आफ्नो जीवन र धन बरबाद गरिरहेका नेपाली युवाहरू र आफ्नो राष्ट्र एवं राष्ट्रियतालाई बिर्सेर विदेशीको दलाल बनेका र तिनको दास मानसिकता बोकेका नेपालीहरूलाई सत्मार्गमा लागेर राष्ट्रको गौरव र स्वाभिमानको रक्षाको लागि आफ्नो जीवन उत्सर्ग गर्न परे पनि पछि नहट्नको लागि एउटा अद्वितीय प्रेरणा स्रोतको काम गरिरहेको छ । नवलपरासीको देवदह र रामग्राम स्तूपले बुद्धकालीन नेपाली सभ्यता र संस्कृतिको साक्षी बकिरहेको छ । दाउन्ने डाँडामा स्थित मुसलमान, हिन्दू, बौद्ध र सबै वर्गका मानिसले समान रूपमा श्रद्धा र विश्वास गर्ने सुफी सन्तको समाधि मदारनाथले नेपालमा धार्मिक सहिष्णुता, सहअस्तित्व, सद्भाव र समन्वयको आदर्शलाई राम्ररी दर्शाइरहेको छ ।

त्यसकारण गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरू केवल जल मात्रको संयोग नभइकन नेपालीहरूको मानसिक सम्मिलन एवं भावनात्मक एकताको थलो पनि हो । गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूमा विभिन्न पर्व पर्वनीहरूमा संयोजित मानव गतिविधिहरूले नेपाली मानसिकतालाई अत्यन्तै फराकिलो र उदार बनाएको छ । यिनै अनेकतामा एकता भएका विविध जातिको स्वच्छ हृदयको मधुर स्पन्दनको संगम नै बृहत् नेपाल राष्ट्रको प्राण हो । गण्डकीप्रस्रवणक्षेत्रको सरल जनजीवनको प्रत्येक मुटुको ढुकढुकीले यही कुरा भनिरहेको छ । यसरी नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन गर्दा गण्डकीप्रस्रवणक्षेत्रको प्रकृति र संस्कृतिले नेपालीहरूको मानसिक सम्मिलन एवं भावनात्मक एकता गराई नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन एवं प्रवर्द्धनमा अहं भूमिका निर्वाह गरेको वास्तविकता स्पष्ट हुन्छ ।

# ग्रन्थ विवरणी

## नेपाली-हिन्दी लेखहरू

१. आचार्य, बाबुराम, २०१०. "थारू जातिको मूल घर कहाँ ?", नेपाल सांस्कृतिक परिषद् पत्रिका, वर्ष २, अङ्क २, पृ. १०- १५ ।

२. खिस्ते, श्रीनारायण शास्त्री, १९८७. "ब्रह्ममयी श्रीविद्या", कल्याण, शक्ति उपासना अङ्क, पृ. २३४-२३९ ।

३. गनेडीवाला, श्रीगौरीशङ्करजी, २०५२. "षडक्षर वा पञ्चाक्षरमन्त्रः ॐ नमः शिवाय," कल्याण, शिवाङ्क, पृ. ३९०-३९५ ।

४. गुरुङ, जगमान, २०३६. "आलमदेवी लसर्घा", इन्दु, वर्ष १, अङ्क ३, पृ. ११-१६ ।

५. __________, २०३५."कास्कीदेखि गोरखासम्म", *माछापुच्छ्रे* २०३४।३५, पृ. ९१- १२३ ।

६. __________, २०३४. "कुलमण्डन शाह", *माछापुच्छ्रे* २०३३।३४, पृ. ३२-५२ ।

७. __________, १९८६."ज्यम्पा (व्यम्स्-प) गुम्बाको करछ्याग्मा उल्लिखित तिथि मितिहरूः ब्लो (मुस्ताङ) राज्यको ऐतिहासिक कालक्रम-एक चर्चा", ***Contributions to Nepalese Studies***, Vol. 13, No. 2, Pp.215-238.

८. __________, २०४९."तमु (गुरुङ) संस्कृतिः एक समीक्षा," तमु सुं, १२-२३ ।

९. __________, २०३८. "थारू शब्दको अर्थ", *प्रज्ञा*, वर्ष १०, अङ्क १, पृ. ५१-५८ ।

१०. __________, २०४६."नेपालका बौद्धहरूः एक विवेचना", (धर्मोदय सभाद्वारा २०४६ पौष १३ गते लुम्बिनीमा आयोजित दोस्रो राष्ट्रिय बौद्ध सम्मेलनमा प्रस्तुत कार्यपत्र) ।

११. __________, २०५४. "नेपालको राष्ट्रिय समीकरणमा शिव-बुद्ध दर्शनको भूमिका," प्रज्ञा, वर्ष २८, पूर्णाङ्क ८५, पृ. ११३-१२२ ।

१२. ________. २०४४. "पूर्व मध्यकालिन नेपाली बौद्ध मूर्तिहरू: एक विवेचना" (नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय शिक्षण विभाग, त्रि.वि. द्वारा २०४४ पौष ८ गते काठमाडौंमा आयोजित नेपाली संस्कृति विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र)।

१३. ________, २०५९. "ब्र्‌र्य-ब्शि: मार निवारण ग्रहशान्ति महापूजा", राजधानी दैनिक, साउन १३, सोमबार, पृ. ७।

१४. ________, २०४६. "भगवान् शाक्यमुनि बुद्धको जन्मतिथि: एक अध्ययन", *धरणी,* वर्ष ९, अङ्क १, पृ.५-८।

१५. ________, २०५३. "लामा बौद्ध धर्म: एक परिचय" (तमु बौद्ध सेवा समितिद्वारा २०५३ चैत २८-३० मा काठमाडौंमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र)।

१६. ________, २०४२. "शाहवंशको उदय", *अभिलाषा,* (युवा विशेषाङ्क), पृ. १४५-१५५।

१७. गुरुङ, स्मृति, २०४१. "ॐमणिपद्मेहूँको व्याख्या", *तमु,* वर्ष ४, अङ्क ४, पृ. ३३-३५।

१८. जोशी, सत्यमोहन, २०२९. "कर्णाली लोक संस्कृति: मष्टाका आलनहरू", *प्रज्ञा,* वर्ष २, अङ्क ३, पृ. ३९- ६७।

१९. ढुङ्गेल, रमेश, २०४२. "दामोदरकुण्ड: एक परिचय", *नेपाली संस्कृति,* वर्ष २, अङ्क १, पृ. १–१२।

२०. ________. १९८९. "नेपाल-भूटान ऐतिहासिक-सांस्कृतिक सम्बन्ध", Contributions to Nepalese Studies, Vol. 16, No.2, Pp. 169-188.

२१. ________. २०४३. "नेपाल-भूटान सम्बन्धलाई प्रकाश पार्ने थप सामग्री", आर्थिक नेपाल, पूर्णाङ्क २१, पृ. ९-१३।

२२. ________. २०४४. "मुक्तिनाथ: केही ऐतिहासिक तथ्य", प्राचीन नेपाल, संख्या १०२, पृ. १-१५।

२३. तेवारी, रामजी, २०२१. "भूपालेन्द्र मल्ल," *पूर्णिमा,* वर्ष १, अङ्क ३, पृ. ३७-४६ ।

२४. त्रिपाठी, श्रीरमाकान्तजी, १९७९. "सूर्योपासनाकी परम्परा", *कल्याण,* सूर्याङ्क, पृ. २४२-२४६ ।

२५. त्रिपाठी, श्रीरुद्रदेवजी, १९८७. "महात्रिपुरसुन्दरी स्वरूप ॐकारकी शक्ति साधना", कल्याण, शक्ति उपासना अङ्क, पृ. ४८२-४८४ ।

२६. थापा, रमेशजङ्ग, २०२६. "नेपाली मूर्तिकला", *रमझम,* वर्ष ६, अङ्क ३, पृ. ८-३२ ।

२७. दुबे, श्रीशिवनाथजी, १९७३. "भैगवान् श्रीविष्णुके चौबीस अवतार", *कल्याण,* श्रीविष्णु अङ्क, पृ. २५८-२८० ।

२८. पन्त, नयराज, २०२४. "ऐतिहासिक शिरोमणि श्री बाबुराम आचार्यज्यूसँग प्रार्थना", *पूर्णिमा,* वर्ष ४,अङ्क ३, पृ. २१७- ३२८ ।

२९. पन्त, महेशराज, २०२२. "नेपाल-अंग्रेज युद्धको दोश्रो चरण" *पूर्णिमा,* वर्ष २, अङ्क २, पृ. ६७-७७ ।

३०. __________, २०२२. "नेपाल-अंग्रेज युद्धको दोश्रो चरण" *पूर्णिमा,* वर्ष २, अङ्क ३, पृ.७४-८० ।

३१. __________, २०२२. "नेपाल-अंग्रेज युद्धको दोश्रो चरण, *पूर्णिमा,* वर्ष २, अङ्क ४, पृ.४१-४९ ।

३२. __________, २०२५. "वीर भक्ति थापा", *पूर्णिमा,* वर्ष ५, अङ्क १, पृ. ५१-५८ ।

३३. पाण्डेय, श्रीनागेन्द्रजी, १९८१. "ज्योतिषशास्त्रमें भगवत्तत्व", *कल्याण,* भगवत्तत्वाङ्क, पृ. २५६-२५८ ।

३४. भट्टराई, श्रीकृष्णप्रसादजी, २०२४. "श्रीचक्रका संक्षिप्त विवरण," *कल्याण,* उपासना अङ्क, पृ. ४१६-४२० ।

३५. भवानीशङ्करजी, २०५२. "शिवलिङ्ग और काशी", *कल्याण,* शिवाङ्क, पृ. ११२–११५ ।

३६. राजवंशी, शङ्करमान, २०२३. "यक्षमल्लको समयका निश्चित संवत् र निर्थिमिर्तिहरु," *पूर्णिमा,* वर्ष ३, अङ्क २, पृ. १७- २२ ।

३७. रामकृष्णमाचार्युलु, भास्कर, १९८१. श्रीवैखानस भगवच्छास्त्रमें निरुपित भगवत्तत्वका स्वरूप विवेचन, *कल्याण*, भगवत्तत्वाङ्क, पृ. १३८-१४० ।

३८. रेग्मी, जगदीशचन्द्र, २०४२. "शालिग्राम," *अभिलाषा*, पृ. ११९-१३० ।

३९. वज्राचार्य, धनवज्र, २०२८. "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा", *कर्णाली प्रदेश– एक बिटो अध्ययन*, पृ. ९-३२ ।

४०. ______________. २०२६. "गोरखाको पूर्वतिर बढ्ने उद्योग," *मधुपर्क*, वर्ष २, अङ्क ८, पृ.२६-२७ ।

४१. वैद्य, श्रीकान्तजी, १९७९. "श्वेतकुष्ठ और सूर्योपासना", *कल्याण*, सूर्याङ्क पृ. २६८ ।

४२. शर्मा, जनकलाल, २०३८. "नेपालमा मानव जातिको पुर्खा," *प्राचीन नेपाल*, अङ्क ६१-६४, पृ. १-१२ ।

४३. शर्मा, श्रीजानकीनाथजी, २०५६. "तीर्थतत्त्व मीमांसा", *कल्याण*, तीर्थाङ्क, पृ. ६१२-६१९ ।

४४. शर्मा, प्रयागराज, २०२८. "पश्चिमी नेपालको हिमालयमा पूजिने केही देवताहरू तथा त्यस भेकको धार्मिक रूपको एउटा सामान्य चर्चा" *कर्णाली प्रदेश- एक बिटो अध्ययन*, पृ. ९१- १०४ ।

४५. शर्मा गौड, श्रीवेणीरामजी, २०५६. "वेदोंमें तीर्थ महिमा", *कल्याण*, तीर्थाङ्क, पृ. ६२०-६२२ ।

४६. शास्त्री, श्रीललिताप्रसादजी, १९८७. "श्रीयन्त्रकी साधना", कल्याण, शक्ति उपासना अङ्क, पृ. २५३-२५७ ।

४७. शेर्पा, ङवाङ वोशेर, २०४८. "लो सार", छार म्हेन्दो (ल्हो छार विशेषाङ्क), वर्ष २, अङ्क ३-४, पृ. ४-५ ।

४८. श्रीजीवजी, २०५१. "हिन्दू संस्कृति और स्वाधीनता", *कल्याण*, हिन्दू संस्कृति अङ्क, पृ. १३६-१४४ ।

४९. सकसेना, श्रीसियारामजी, १९८१. "वैष्णवागममें भगवत्तत्व", *कल्याण,* भववत्तत्वाङ्क, पृ. ११६-१२० ।

५०. स्वामी श्रीज्योतिर्मयानन्दजी, १९८७. "कुण्डलिनी जागरणकी विधि," *कल्याण,* शक्ति उपासना अङ्क, पृ. ४७९-४८१ ।


**नेपाली-नेवारी-हिन्दी-संस्कृत पुस्तकहरू**


१. अधिकारी, टीकाराम, २०५५. *गण्डकी माहात्म्यम्,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

२. आचार्य, नरेन्द्रदेव, २०२८. *बौद्ध धर्म दर्शन,* पटनाः विहार राष्ट्र भाषा परिषद् ।

३. आचार्य, बाबुराम, २०२२. *नेपालको संक्षिप्त वृत्तान्त* (खण्ड १), काठमाडौंः प्रमोद शमशेर र नीरविक्रम प्यासी ।

४. ___________, २०२४. *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह* (संक्षिप्त जीवनी), भाग १, काठमाडौंः श्री ५ महाराजाधिराजका प्रेस सचिवालय राजदरबार, नेपाल ।

५. उपाध्याय, भरतसिंह, २०१८. *बुद्धकालीन भारतीय भूगोल,* प्रयागः हिन्दी साहित्य सम्मेलन ।

६. उपाध्याय, वासुदेव, १९७०. *प्राचीन भारतीय मूर्ति विज्ञान,* वाराणसीः चौखम्बा संस्कृत सीरीज अफिस ।

७. ___________, १९७२. *प्राचीन भारतीय स्तूप, गुहा एवं मन्दिर,* पटनाः विहार हिन्दी ग्रन्थ अकादमी ।

८. काणे, पाण्डुरङ्ग वामन, १९८०. *धर्मशास्त्रका इतिहास,* प्रथम भाग, लखनउः उत्तर प्रदेश हिन्दी संस्थान ।

९. ___________, १९८४. *धर्मशास्त्रका इतिहास,* चतुर्थ भाग, लखनउः उत्तर प्रदेश हिन्दी संस्थान ।

१०. के.सी., प्रतिभा, २०५६. *पाल्पास्थित रणउजीरेश्वरी भगवती मन्दिरः एक अध्ययन* (त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयको

स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र) ।

११. कोइराला, ठाकुरप्रसाद, २०३८. *मनाङ (एक परिचय),* काठमाडौं: ने.रा.प्र.प्र. ।

१२. खनाल, मुक्तिनाथ, २०२८. *नेपालमाहात्म्य,* काठमाडौं : ने.रा.प्र.प्र. ।

१३. गुरुङ, जगमान, २०४६. *गण्डकी प्रस्रवण क्षेत्रका साँस्कृतिक सम्पदाहरू* (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको तत्त्वावधानमा गरिएको गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सर्वेक्षणको अप्रकाशित अनुसन्धान प्रतिवेदन) ।

१४. __________, २०३४. *गुरुङ जाति तथा संस्कृति,* कास्की: लेखक स्वयं ।

१५. __________, २०४१. *नेपालको एकीकरणमा गुरुङहरूको भूमिका,* पोखरा: बौद्ध अर्घौं सदन ।

१६. गोयन्का, सत्यनारायण, १९९३. *दीघनिकाय,* द्वितीय भाग, इगतपुरी: विपश्यना विशोधन विन्यास ।

१७. चुङई, ली र लुङछाङ, ली (सं.), १९९१. *महाथाङ राजवंश कालमे पश्चिमकी तीर्थयात्राका वृत्तान्त,* पेइचिङ : विदेशी भाषा प्रकाशन गृह ।

१८. ज.ब.रा., धनशमशेर, २०३६. *कामकलारहस्य,* काठमाण्डौ: ने.ए.अ. केन्द्र, त्रि.वि. ।

१९. __________, २०२१. *निगमागमवैज्ञानिकसार,* काठमाडौं: लेखक स्वयं ।

२०. __________, २०२०. *प्रबुद्धसनातनरहस्यम्,* काठमाडौं: लेखक स्वयं ।

२१. __________, २०३४. *मन्त्रविद्यारहस्यम्,* काठमाडौं:ने.रा.प्र.प्र. ।

२२. जालान, घनश्यामदास, २००८. *श्रीमद्भगवतीता,* गोरखपुर: गीताप्रेस ।

२३. झा, अच्युतानन्द, १९९७. *वृहत्संहिता,* वाराणसी: चौखम्बा विद्याभवन ।

२४. झारखण्डी, शिवनाथ (अनु.),१९६३. *भारतीय ज्योतिष,* लखनउ: हिन्दी समिति, सूचना विभाग ।

२५. थापा, धर्मराज, २०३०. *गण्डकीका सुसेली,* काठमाडौं: ने.रा.प्र.प्र. ।

२६. द्विवेदी, हजारीप्रसाद, १९९६. *नाथ सम्प्रदाय,* इलाहावाद: लोकभारती प्रकाशन ।

२७. देवकोटा, माधवप्रसाद, २०३०. *ईशादि नौ उपनिषद्,* काठमाडौं: ने.रा.प्र.प्र. ।

२८. नेपाल, ज्ञानमणि, २०४०. *नेपाल निरुक्त,* काठमाडौं : ने.रा.प्र.प्र. ।

२९. ___________. २०४५. *नेपाल-भोट–चीन सम्बन्धका केही सांस्कृतिक पक्ष,* काठमाडौं: ने.रा.प्र.प्र. ।

३०. पन्त, दिनेशराज, २०४१. *गोरखाको इतिहास* (पहिलो भाग), काठमाडौं: लेखक स्वयं ।

३१. ___________. २०४३. *गोरखाको इतिहास* (दोस्रो भाग), काठमाडौं: लेखक स्वयं ।

३२. ___________, २०४५. *गोरखाको इतिहास* (तेश्रो भाग), काठमाडौं: लेखक स्वयं ।

३३. पन्त, नयराज र अरू, २०२५. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* प्रथम संस्करण, ललितपुर: जगदम्बा प्रकाशन ।

३४. पाण्डेय, गोविन्दचन्द्र, १९७६. *बौद्ध धर्मके विकासका इतिहास,* लखनउ: हिन्दी समिति ।

३५. पाण्डेय, श्रीरामनारायणदत्तजी, २०५१. *श्रीदुर्गासप्तशती,* गोरखपुर:गीताप्रेस ।

३६. पोद्दार, हनुमानप्रसाद (सं.), २०५९. *श्रीरामचरितमानस,* गोरखपुर:गीताप्रेस ।

३७. बाङ्गदेल, लैनसिंह, २०३४. *प्राचीन नेपाली चित्रकला,* काठमाडौं: ने.रा.प्र.प्र. ।

३८. ___________ २०३९. *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* काठमाडौं: ने.रा.प्र.प्र. ।

३९. भट्टराई, नन्दन (सं.), २०५७. *श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य,* दाङ: महेन्द्र संस्कृत विश्वविद्यालय ।

४०. भट्टाचार्य, विनियोतोश, १९७२. *निष्पन्नयोगावली,* बरोदा: ओरियन्टल इन्स्टिच्युट ।

४१. भण्डारी, ढुंण्डिराज, २०२७. *नेपालको आलोचनात्मक इतिहास,* काठमाडौं: प्रकाश प्रकाशन ।

४२. माधवाचार्य, १९५१. *सर्वदर्शन संग्रह,* पूना: प्राच्य विद्या संशोधन मन्दिर ।

४३. मानन्धर, सुशीला, २०४६. *नेपाल-भुटान सम्बन्ध: एक ऐतिहासिक विवरण,* काठमाडौं: ने.ए.अ.केन्द्र, त्रि.वि. ।

४४. मिश्र, डिल्लीराम, २०५७. *नेपाल अधिराज्यमा तनहूँ,* काठमाडौं: शर्मिला मिश्र ।

४५. यमि, धर्मरत्न, २०१९. *बौद्ध धर्म दर्शनको रूपरेखा,* ललितपुर: वासुदेव शर्मा ।

४६. योगी, नरहरिनाथ (सं.), २०१२. *इतिहास प्रकाश,* प्रथम अङ्क, काठमाडौं: इतिहास प्रकाश मण्डल ।

४७. __________, २०१३. *इतिहास प्रकाश,* दोश्रो अङ्क, तेश्रो भाग, काठमाडौं:इतिहास प्रकाश संघ ।

४८. __________, २०२२. *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,* भाग १, काठमाडौं: इतिहास प्रकाश संघ ।

४९. __________, २०१३. *हिमवत्खण्ड,* काशी : योगप्रचारिणी ।

५०. राजवंशी, शङ्करमान (सं.), २०२०. *सेन वंशावली,* काठमाडौं : श्री ५ को सरकार, वीर पुस्तकालय ।

५१. राजा राधाकान्तदेव, १९६१. *शब्दकल्पद्रुम,* पञ्चमो भाग, वाराणसी: चौखम्बा संस्कृत सीरीज अफिस ।

५२. रिजाल, नारायणप्रसाद, २०५७. *बोधिचर्यावतार,* ललितपुर: सिद्धि बहादुर श्रेष्ठ, रुक्मिणी श्रेष्ठ ।

५३. लम्साल, देवीप्रसाद, २०२३. *भाषा वंशावली* (द्वितीय भाग), काठमाडौं: श्री ५ को सरकार, नेपाल राष्ट्रिय पुस्तकालय ।

५४. लामा, सन्तबीर, २०२१. *नाङबा साङ्गे,* काठमाण्डौं: लेखक स्वयं ।

५५. वज्राचार्य, गौतमवज्र, २०३३. *हनूमानढोका राजदरबार,* काठमाडौं: ने.ए.अ. के., त्रि.वि. ।

५६. वज्राचार्य, दुण्डबहादुर, २०५६. *दीघनिकाय,* ललितपुर: वीर-पूर्ण पुस्तक संग्रहालय ।

५७. वज्राचार्य, धनवज्र, २०३०. *लिच्छविकालका अभिलेख,* काठमाडौं: ने.ए.अ.के., त्रि.वि.।

५८. वज्राचार्य, धनवज्र र अरू, २०१९. *इतिहास संशोधनको प्रमाण प्रमेय* (पहिलो भाग), ललितपुर: जगदम्वा प्रकाशन ।

५९. वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर, २०३२. *नुवाकोटको ऐतहासिक रूपरेखा,* काठमाडौं: ने.ए.अ.सं., त्रि.वि. ।

६०. __________, २०३५, *पाञ्चाली (पञ्चायत) शासन–पद्धतिको ऐतिहासिक विवेचना,* काठमाडौं: ने.ए.अ.केन्द्र, त्रि.वि. ।

६१. __________, २०३७. *शाहकालका अभिलेख,* पहिलो भाग, काठमाडौं: ने.ए.अ.केन्द्र, त्रि.वि. ।

६२. वर्मा, श्रीसाँबलियाविहारीलाल, २०३२. *विश्व धर्म दर्शन,* पटना : विहार राष्ट्र भाषा परिषद् ।

६३. वात्स्यायन, १९६०. *भारतीय संस्कृति,* गोरखपुर : किताबघर प्रकाशन ।

६४. शर्मा, जनकलाल, २०३९. *हाम्रो समाज-एक अध्ययन,* काठमाडौं: साझा प्रकाशन ।

६५. शर्मा, प्रयागराज र गुरुङ, जगमान, २०५७. *ब्लो (मुस्ताङ) को सांस्कृतिक सम्पदा,* काठमाडौं: ने.ए.अ. केन्द्र, त्रि.वि. ।

६६. शर्मा, बाबू माधवप्रसाद, २०५५. *ज्योतिःसारः,* वाराणसी: सर्वस्वताधिकारी प्रकाशक संस्थान ।

६७. शर्मा, बालचन्द्र, २०३३. नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी: कृष्णकुमारी ।

६८. __________, २०२०. *हाम्रा चार छिमेकी,* काठमाण्डू: लेखक स्वयं ।

६९. शर्मा, सोमनाथ र अर्याल, केशव, २०२४. *कौटिल्यको अर्थशास्त्र,* काठमाडौं: ने.रा.प्र.प्र. ।

७०. शाक्य, हेमराज, २०३०. *नेपाल लिपि प्रकाश,* काठमाडौंः ने.रा.प्र.प्र. ।

७१. __________, १०८९. *नेपाल संस्कृतिया मुलुखा,* ललितपुरः श्रीमती चन्द्रलक्ष्मीदेवी शाक्य ।

७२. __________, १०९८. *श्रीस्वयम्भू महाचैत्य,* काठमाडौंः स्वयम्भू विकास मण्डल ।

७३. शास्त्री, द्वारिकादास, १९८८. *बोधिचर्यावतार.* वाराणसीः बौद्ध भारती ।

७४. शास्त्री, मङ्गलदेव (अनु.), १९६७. *संस्कृत साहित्यका इतिहास,* दिल्लीः मोतीलाल बनारसीदास ।

७५. शास्त्री, हरप्रसाद, १९२७. *अद्वयवज्रसंग्रह,* वरोदाः जि.ओ.एस. ।

७६. श्रीवास्तव, विजय, २०२६. *कपिलवस्तु-लुम्बिनी दिग्दर्शन,* वाराणसीः श्रीवास्तव स्टुडियो ।

७७. श्रेष्ठ, कृष्णप्रकाश, २०४४. *स्थाननाम कोश,* काठमाडौंःने.रा.प्र.प्र. ।

७८. श्रेष्ठ, टेकबहादुर, २०५९. *पर्वत राज्यको ऐतिहासिक रूपरेखा,* काठमाडौंः ने.ए.अ.केन्द्र., त्रि.वि. ।

७९. सांकृत्यायन, राहुल, १९७९. *तिब्बतमे बौद्धधर्म,* इलाहाबादः किताब महल ।

८०. __________. १९३७. *पुरातत्व निवन्धावली,* पटना : विहार राष्ट्रभाषा परिषद् ।

८१. सिजापति, ललितजङ्ग, २०१६. *नेपाली ऐतिहासिक कथा संग्रह,* काठमाडौंः ने.भा.प्र.स. ।

८२. __________, २०१४. *विशाल गोरखा राज्यका केही प्रसिद्ध राजाहरू,* काठमाडौं, ने.भा.प्र.स. ।

८३. सिन्हा, हरिमोहन र एम. प्रसाद, १९७६. *विश्वकी प्राचीन सभ्यतायें,* इलाहावादः एशिया प्रकाशन ।

८४. सिंह, श्रीराजदेवनन्दन, २०४६. *शाक्तप्रमोद,* बम्बईः खेमराज श्रीकृष्णदास प्रकाशन ।

८५. स्वामी प्रपन्नाचार्य, २०५१. *कार्तवीर्योदय,* काठमाडौंः ने.रा.प्र.प्र. ।

८६. स्वामी रामसुखदास, २०४०. *श्रीमद्भगवत्गीताका कर्मयोग,* गोरखपुरः गीताप्रेस ।

८७. ____________, २०४०. *श्रीमद्भगवत्गीताका भक्तियोग,* गोरखपुर: गीताप्रेस ।

८८. ____________, २०४१. *श्रीमद्भगवत्गीताका ज्ञानयोग,* गोरखपुर: गीताप्रेस ।

८९. ज्ञवाली, सूर्यविक्रम, २०१९. *नेपाल उपत्यकाको मध्यकालीन इतिहास,* काठमाडौं: रोयल नेपाल एकेडेमी ।

९०. ____________, १९९२. *पृथ्वीनारायण शाह,* दार्जीलिङ्ग: नेपाली साहित्य सम्मेलन ।


## English Research Articles


1. Banerjee, N.R.
   Rijal, B.K., 1968. "Three Early Sculpture in Store from the National Museum", *Ancient Nepal*, No.4, pp.37-43.

2. Gurung, Jagman, 1993. "Tradition and Adaptation : A Study in Continuity and Change in the Gurung Culture of Nepal, The Anthropology of Nepal, French Cultural Centre, French Embassy, pp.132-138.

3. Jackson, D.P., 1978. "Notes on the History of Serib and Near by Places in the Upper Kali Gandaki", *Kailash*, Vol. VI, No.3, pp.195-227.

4. ____________, 1976. "The Early History of Lo (Mustang) and Ngari", *Contributions to Nepalese Studies*, Vol.4, No.1, pp.39-55.

5. Pohle, Perdita, 2003. "Petroglyphs and Abandoned Sites in Mustang a Unique Source for Research in Cultural History and Historical Geography", *Ancient Nepal*, No. 153, pp.1-14.

6. Sharma, Dilli Ráj, 1987. "The Rishikesvara of Ridi", *Rolamba*, Vol. 7, No. 4, pp. 8-13.

7. Snellgrove, David, 1979. "Place of the Pilgrimage in Thag (Thakkhola)", *Kailash*, Vol. VII, No.2, pp.75-170.

8. Tiwari, D.N., 1985. "Cave Burials From Western Nepal, Mustang", *Ancient Nepal,* No.85, pp.1-12.

## English Books

1. Bhandarkar, R.G., 1983. *Vaisnavism, Saivism and Minor Religious Systems*, New Delhi: Asian Educational Services.

2. ______________, 1968. *The Indian Buddhist Iconography*, Calcutta: Firma K.L. Mukhopadhyaya.

3. ______________, 1929. *Two Vajrayana Works Consisting of the Jnanasiddhi of Indrabhuti and the Prajnopayaviniscayasiddhi of Anangavajra,* Baroda : GOS.

4. Bista, D.B., 1987. *People of Nepal*, Kathmandu: Ratna Pustak Bhandar.

5. Das, Sarat Chandra, 1985. *A Tibetan-Samskrit-English Dictionary,* New Delhi : Gaurav Publishing House.

6. Dhungel, Ramesh K., 2002. *The Kingdom of Lo (Mustang): A Historical Study*, Kathmandu: Jigme S.P. Bista.

7. Francke, A.H., 1972. *Antiquities of Indian Tibet*, Part II, New Delhi : S. Chand and Co. Pvt. Ltd.

8. Gurung, B.C., 2003. *Bon in the Himalaya,* Kathmandu : Mrs. Uma Gurung.

9. Gurung, Harka, 1980. *Vignettes of Nepal*, Kathmandu : Sajha Prakashan.

10. Jest, Corneille, 1981. *Monuments of Northen Nepal,* Paris : Unesco.

11. K.C., Keshar Bdr, 1971. *The Judicial Customs of Nepal*, Kathmandu: Ratna Pustak Bhandar.

12. Kshetri, Dil Bahadur, 1998. *Documents on Nepal*, Pokhara: Parvati Kshetri.

13. Lama, Chimpa
Chattopadhyaya, Alaka, 1997, *Taranatha's History of Buddhism in India*, Delhi : Motilal Banarsidas Publishers, Pvt. Ltd.

14. Legge, James, 1971. *The Travels of Fa-Hiem*, Delhi: Oriental Publishers.

15. Majumdar, R.C.,
Raychaudhari, H.C.,
Datta, Kalikinkar, 1967. *An Advance History of India*, Part I, *Ancient India*, New York : Mackmillan.

16. Pal, Pratapaditya, 1968. *The Art of Nepal*, Part I, Leiden : E.J. Brill.

17. Pandey, Ram Niwas, 2000. *Sacred Complex of Ruru Ksetra : A Holy Tirtha of Hinduism in Western Nepal.* Delhi: Adroit Publishers.

18. Pant, Mahesh Raj,
Sharma, A.D., 1977. *The Two Earliest Copper-plate* Inscriptions from Nepal, Kathmandu: Nepal Research Centre.

19. Parimo, Ratan, 1982. *Astamahapratiharya : Life of Buddha In Indian Sculpture*, New Delhi : Kamal Publications.

20. Petech, Luciano, 1984. *Medieval History of Nepal*, ROMA: Is. M.E.O.

21. Pradhan, Bhuwan Lal, 1979. *Lumbini-Kapilwastu- Devadaha*. Kathmandu: CNAS, T.U.

22. Rajaure, D.P., 1977. *An Anthropological Study of the Tharus of Dang- Deokhuri* (An Unpulished M.A. Dissertation Submitted to CNAS, T.U., Kathmandu).

23. Ramble, Charles, 1984. *The Lamas of Lubra: Tibetan Bonpo Householder Priests in Western Nepal* (An Unpublished Ph.D. Thesis, University of Oxford, U.K.)

24. Rao, T.A. Gopinath, 1985. *Elements of Hindu Iconography*, Vol. I, Part II, Delhi : Motilal Banarashidass.

25. Regmi, D.R., 1969. *Ancient Nepal*, Calcutta: Firma K.L. Mukhopadhyaya.

26. Rijal, B.K., 1979. *Archaeological Remains of Kapilwastu*, Lumbini, Devadaha, Kathamdnu: Educational Enterprises Pvt. Ltd.

27. Snellgrove, David, 1989 *Himalayan Pilgrimage,* Boston: Shambhala.

28. Stiller, Ludwig F., 1975. *The Rise of the House of Gorkha,* Patna: The Patna Jesuit Society.

29. Tucci, Giuseppe, 1956. *Preliminary Report on Two Scientific Expedition in Nepal*, Rome : I.S.M.E.O.

30. Vajracharya, D.V., Malla, K.P., 1985. *The Gopalarajavamsavali*, Kathmandu: Nepal Research Centre.

31. Waddell, L. Austine, 1971. *The Buddhism of Tibet or Lamaism*, Cambridge : W. Heffer and Sons Ltd.

❋ ❋ ❋

## परिशिष्ट

(१)

### वज्रभैरवको उल्लेख भएको अभिलेख

(यो अभिलेख गोरखाको गोरखनाथ गुफामा अवस्थित छ )

#### मूलपाठ

१. ॐ स्वस्ति कैलासकूट (भगवाद्) ... ...
२. – (पादा) नुध्यात ... ... ... ... परम
३. (भ)ट्टारकमहाराजाधिराज (श्रीशि) वदेवः कु (शली) ...
४. ... ... ... ... ... ... समाज्ञाप
५. यति विदितम्भवतु भवतां ... ...
६. वज्रभैरवभट्टा (रक) ... ... ...
७. –कारणपूजा ... ... ... ...
८. ... भूमि ... ... ... ... ...
९. समापन्न ... ... ... ...
१०. ... पण ... ... ... ...
११. वं भोग-दत्तं ... ... ... ...
१२. वादित्रञ्च प्रत्ये (क) ... ... ...
१३. ... क्षेत्र ... ... ... ... ...
१४. ३४ ... ... ... ... ...
१५. ... कृत ... मतो-दान ...
१६. – प्रतिदिन ... ... ... ...
१७. –मिमूल्य पण ... ... ...
१८. पणद्वयं प्रत्येक ... ... ...
१९. ग्राहक ... .. ... ...
२०. ततो द्वादश ... ... ...
२१. मानिकाः पा ... ... ...
२२. स्फटिकव ... ... ... ...
२३. द्वादश मानिका ... वादित्र ... पणपुराण ...
२४. पञ्चरङ्गचित्रकर्मण ... मानिकात्रयं ...
२५. प्रतिमानिका ... ... ... ...
२६. पणपुराणा– पञ्च ... ... मानिका
२७. करण ... .. ... ...
२८. वेद्यानि भगवतो दत्तानि ... ... ...
२९. पूजास जल ... .. ...
३०. हेतोः ... रकल्पना ... .... ....
३१. रिति संवत् १२२ ... ... ...

### अनुवाद

कल्याण होस् । कैलासकूट भवनबाट .... ..... पाउको अनुग्रह पाएका .... गाथमा आराम रहेका परमभट्टारक महाराजाधिराज श्रीशिवदेवबाट ... आज्ञा भएको छ । तिमीहरुलाई थाहा होस् ।

..... वज्रभैरव भट्टारकको .... कारणपूजा (नैमित्तिक) पूजाको लागि .... भूमि ... पण .... भोग .... दिइयो । प्रत्येक .... दिन बाजा (बजाउनू) ..... खेत ...... ३४ (मानिका) ..... गरियो ..... दान .... प्रतिदिन .... (भू)मिमूल्य पण .... दुई पण प्रत्येक .... ग्राहक ..... अनि बाह्र .... मानिका ...... स्फटिक जस्तो ..... बाजा ..... पणपुराण .... बाह्र मानिका .... तीन मानिका पञ्चरङ्गले चित्रकारी गर्ने कामको लागि ..... प्रति मानिका ..... पाँच पणपुराण ..... मानिका .... काम ... (नै)वेद्य भगवान्लाई चढाइए । ........ पूजामा पानी ..... लागि ....... बनाउनू .......

इति संवत् १२२ ..........

(साभार: वज्राचार्य, २०३०: ५२३–५२५) ।

(२)

### मंग्वरविषय–मगरातको झांटेश्वर महादेवको उल्लेख भएको तामापत्र

### मूलपाठ

१. शुभमस्तु । संवत् २२१ मार्ग्गशुक्लदशंम्यां । राजाधिराजपरमे–
२. श्वरः श्रीमतशिवदेवमहाराजै । श्रीरामदीवसमन्तविजयराजै ।
३. मंग्वरविषये । झांटेश्वरभटारकास टाडेगोठिपञ्चालिकेणः छेप–
४. रम् ग्वण्ड ओ पलेम् ॥ श्रीइदा भावों नायक । श्रीधक्नप नायक । श्रीसोह–
५. व राने । एते पधाण वर्त्तनीय ।

### अनुवाद

कल्याण होस् । ने.सं. २२१ (वि.सं. ११५७) मार्ग शुक्ल दशमीको दिन, राजाधिराज परमेश्वर श्रीशिवदेवको राज्यकालमा, सामन्त श्रीरामदेवको विजयराज्यमा, मंग्वर विषय (जिल्ला) मा, झांटेश्वर भट्टारक (देवता) लाई ताडेका गोष्ठी र पाञ्चालीका सदस्यहरुले ... चढाए । श्रीइदा भावो नायक, श्री धक्नप नायक, श्रीसोहव राना, यी प्रधानहरुले यसको हेरचाह गरी चलाउनू ।

(साभार: पन्त र शर्मा, १९७७: ७–८; वज्राचार्य र श्रेष्ठ, २०३५: १३३–१३४)

(३)

### श्री मुक्तिनाथ सहाय लेखिएको स्याहमोहर

(यो स्याहमोहर मुस्ताङ, छुकसाङ गाउँ सभाको संग्रहमा छ ।)

श्री वदरी नाथौ जयति
श्री मुक्ति नाथ साहाय

१. (स्वस्ति) श्रीशाके १६२२ चैत्र मासे दिन गता श्रावन

२. कृष्न पक्षे अष्टाम्यायां तिथौ उत्तराषडा नक्ष
३. त्रे शुक्रवासरे छिनाशिम राजस्थाने श्री मा
४. हा राजा विर भद्र शाहि ज्यु कि मयाः छुकाल
५. उपर मया येशि भैछ इसका ... आदिः
६. का अन्त लगु वक्शि दियाछौः जस्ता गरि
७. तेतालः ताइतिः पुन्जनको हुलाक् दिन्नाः उ
८. स्तौ गरि छुकाल ले दिनु छः गन्नकि उवो फि
९. रि जाः काग् शेतो होइ जातः यो आग्या फि
१०. रि जा विन्त्या रु ज्यु सांइ ज्युः ठिटोप्का नम्
११. ग्याल् विष्टया लिषित शाछि पशुपति जोइशि

(साभारः ढुङ्गेल, २००२ः १९१–१९२)।

(४)

**श्रीमद्भागवत् महापुराण वाचन सम्बन्धी शाके १६३० (वि.सं. १७६५) को तामापत्र**

(यो तामापत्रको नक्कल वाग्लुङ मूलपानी निवासी श्री उदयराज पन्तको संग्रहमा छ)

१. स्वस्ति श्रीमन्माहाराजाधिगज मल्लैवंव जिउकी आग्या आगे पन्नज्यूकन पन्त भयो यहां हरखे ताहा
२. तुम हुं निरख तुम हुं श्री गुरुज्यू रामेश्वर पन्त परमेष्टी गुरुज्यूकन अरपन गर हुं गादि वेणी
३. दरवार से लसक हरि तावाक पैसा रूपयां २०० महाराजाधिराज जिउ प्रति वरख दिए हुं तुम
४. सन्तानदरसन्तान पुस्तादरपुस्त श्रीभागवत सप्ताहा कातिक मास कहहु, साछी चन्द्र सुरज नौ लाख
५. तारा श्रीकृष्ण गण्डकी श्रीपरमात्मा कृष्णकी हम हुं दिये कोही हरण नकर लिखत साछी
६. पदंपानी पन्तज्यू शुभम् खरामरसभूशाके भाद्रे हरिदिने तिथौ तदर्थमेनमलिखत् पद्मपाणिर्धरासुरः ॥

(साभारः श्रेष्ठ, २०५९ः १९६)।

(५)

**नरभूपाल शाहले ल्होपा लामालाई गरिदिएको तामापत्र**

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलि–
२. विराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नरभूपाल–
३. साहदेवानां सदा समरविजयीनाम्
४. आगे ल्होपा लामाकन, नकर्थलिको घुम्वा कुशवृत्ति वकस भयो, धन जि–
५. यले सेवा गर्नु, क्षोड लामाकन वकस्याको जजमान सभै वकस भयो, थूवन्

६. गोलजुङ चिल्तिंमा पाजुंङका पेत २ घुंबागाउं, गदलां, एति गाउँले, या ला–
७. माले अह्रायाको सो काम गर्नु मिति शंवत् १७९८ फाल्गुणवदि ५ रोज ७ शुभं ॥

(साभार: वज्राचार्य र श्रेष्ठ, २०३७: ४३; पन्त, २०५४: ८०१)

(६)

**लसर्घा, आलमदेवी स्थानको नगराको अभिलेख**

श्रीकुलदेवा गंडकि

१. स्वस्ति श्री महाराजे रणबहादुर (साह) बहादूर सम्सेर जं देवानां सदा समर विजयीनाम्. स्वस्ति श्री युवराज श्रीमद्बहादूर साह देवानां सदा समर ॥
२. विजयिनाम्. श्री देवान श्री मज्जीव साह वर्म्मणः सुकृतं श्री शाके १७०८ ज्येष्ट कृश्न श्रीसम्तम्यां तिथौ शनिवासरे धनेष्टा ॥
३. नक्षत्रे मध्यान्हे सिंहलग्ने अस्मद्रणे जय यशः कामना निमित्यर्थे– प्रीतये नगरा कर्णाल सहित श्री –– कृतार्चनोहम्. शुभम् ॥१॥
४. गुरुंदिका अंवलमहा मिर्मि (म) हां षेत मुरा १०० श्री लाई चह्रायौ नगार्चिलाई ३० कर्नालिलाई २० दि = ॥
५. यौं साज् पूर्व आंधिको दषिन उपल्लो कुलो पश्चिम आलि उत्तर श्री साध दियौं ताँहा माया कोहि राषत पंच पातक सुभं ।

(साभार: गुरुङ, २०३६: १४)

(७)

**आलमदेवी सम्बन्धी लालमोहर**

(यो लालमोहर आलमदेवीका पूजारी श्याङजा, लसर्घा, आलमदेवीस्थान, कोटघर निवासी श्री ज्ञानबहादुर मास्कि राना मगरको संग्रहमा छ)

श्री दुर्गा सहायः
श्री कुलदेवता

१. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव
२. लिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज रण
३. बहादूर साह बहादूर समसेर्जङ देवानाम सदा समर विजयिनाम
४. आगे. लसर्घाका ... लाई गरहुका अंवलमा गुरुमदि थुमका
५. षेत मुरि सय १०० अक्षताकन. षेत मुरी तिस ३० नगराकन षेत मुरि वी
६. स् २० कर्नालकन जम्मा षेत डेढ १५० लगापात समेत गुठ चह्राऔं. सय मु
७. रिका वालिमध्ये. नित्यपूजा सांज विहानके अक्षता गर्नु नैमित्तिक पूजा क
८. न चाहिंदो वलिगरि. तिसमुरि विसमुरिले साज बिहान नगरा कर्नाल ग
९. र्नु सयमुरि मध्ये नित्य नैमित्तिक पूजागरि वाकि रह्याको पूजाहारिले भो
१०. ग्य गर्नु नैमित्तिक पूजाको प्रसाद हजुर चह्राई पठाउनु. गुठ चह्रायाका षे
११. त लगपातमा. अंवलिले पूजाहाराले. अरू कसैले. वेजाइ गरुन्त पंच म

१२. हा पातक लागुस संवत १८४३ साल आश्विन शुदि १३ रोज ५ मुकाम कान्तिपुर शुभं

मार्फत जीव साह

मार्फत गोलैञां

(साभार: गुरुङ, २०३६: १४–१५)

(८)

**आलमदेवी सम्बन्धी लालमोहर**

(यो लालमोहर आलमदेवीका पूजारी स्याङजा, लसर्घा, आलमदेवी स्थान कोटघर निवासी श्री ज्ञानबहादुर मास्कि राना मगरको संग्रहमा छ)

श्री दुर्गा सहाय

श्री कुलदेवता

१. स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का --
२. आगे लसर्घाका ... लाई गरहुंको अम्वलमा गुरुमदि थुंमको षेत ऐक १ अ
३. छताकन. षेतमुरि तिस । ३० नगराकन. षेतमुरि विस । २० कर्नालकन
४. ज्मा खेत एक १ मुरि पचास ५० र पाषो ४३ सालमा जिवसाहले नगरामा
५. लेषि चह्रायाका सांधकिलो बमोजिम हांमीले पनि थामी चह्राञौ स
६. य मुरिका वालिमध्ये नित्यपूजा साझ विहानके अछता गर्नु नैमित्तिक
७. पुजाकन चाहिँदो वलिगरि तिसर्मुरि विसमुरिले साझ विहान नगरा
८. कर्नाल गर्नु सयमुरि मध्ये नित्ये नैमित्तिक पुजागरि वाकी रह्याको पु.
९. जहारिले भोग्य गर्नु नैमित्तिक पुजाका प्रसाद हाम्रा हजुरमा चह्राई
१०. पठाउनु गुठ चह्रायाका जगा भरमा अम्वलि पुजहारि अरू कसैले वेजा
११. ञी गर्नमा पसुंता पंच महापातष लागोस् ईनि संवत् १८५७ साल मि
१२. ति पौष सुदि ४ रोज ७ शुभ्म् --

(साभार : गुरुङ, २०३६: १५)

(९)

**'श्री ५ मनकामना जयति' लेखिएको सुवर्णपत्र**

(गोरखा, मनकामना मन्दिरको ढोकाको दायां खापामा यो अभिलेख कुँदिएको छ)

**मूलपाठ**

१. श्रीगणेशाय नमः ॥ श्रीमनःकामना जयति ॥ स्वस्ति श्रीशाके १७२४
२. संवत् १८५९ चैत्रकृष्ण ६ एतद्वक्ष्यमानगुर्णाविशिष्टे काले श्री ५ मनकामनादेव–
३. वीप्रीतये सद्बुद्धिप्राप्तिकामनया श्रीकरवीरकृष्णवीरफौदसिंहखड्गसिंह वल–
४. वीरा यस्य भ्रातरो भवन्ति स शूरवीरगनानामधेय इदं कनकर्निमितं द्वारं संस्थापित–
५. वान् अनेन द्वारसंस्थापनेन मनोभिलपितकामनासिद्धिर्भवतु ॥

**अनुवाद**

श्रीगणेशलाई नमस्कार । श्रीमन कामना माई ठूला हुनुहुन्छ ।

कल्याण होस् । शकसंवत् १७२४ विक्रमसंवत् १८५९, चैत्र कृष्ण षष्ठीको विशिष्ट दिनमा, श्री ५ मनकामनादेवीलाई खुशी तुल्याउन, असल बुद्धि पाउने इच्छाले शूरवीर रानाले करवीर कृष्णवीर फौदसिंह र खड्गसिंह यी चार भाइहरुसहित भई यो सुनको ढोका स्थापना गरे । यो ढोका स्थापनाले मनको इच्छा पूरा होस् ।

(साभार: वज्राचार्य र श्रेष्ठ, २०३७: ३७५–३७६)

(१०)

**ऋषिवन र गण्डकी भैरवको उल्लेख भएको तामापत्र**

(यो तामापत्र नुवाकोटका धामी श्री हरिमान सिंहको संग्रहमा छ)

१. अद्य: श्रीनओकोत ऋषिवन श्रीगंधकीभैरवियाके दीगुपूजा दिनस; हाकुदेओ
२. भ्यलु, धओनि भलु निह्मसया धर्म्मचित उर्पति जुयाव चुओदिश्वति बुरओ ५ दुन्ता
३. स्वस्ति श्रीमन्महाराजाधिराज ग्रीवानजुधविक्रमशाहदेववीजयराज्य थ्व वेलस
४. चोव हाकुदेव माम धवनि कका नोयुदेओ श्वम्ह देवंगत जुयाओस्यंली ॥ काय कृ–
५. ष्ण भ्यलु, सुर्जरक्ष्मि भलुल दाजु धर्मद्यओ सोम्ह समोहनं न्हापा संकल्प याना त–
६. ओ गुलि लओ ५ बुस तका २ दाम त्यसं पिण्ड थय दयकं दोहलपा ॥ थ्व वुया ओलशानन वै–
७. शाष शुक्र पंचमि खुनु म्ह १ दुगु दयक पूजायाय दुगु मूल पाथि ३० ओ चाक्रमत प्वात
८. ३५ चिकं मूलमूलि रओर्घशाल वयपेयात मुलि १ ओ भोजं यात ओ पाथी १० पिशुकि
९. थापंकि निसरायात पाथी १० ओ ॥ पंचपचारपुजा जोलन ङाये फलफूल शाकया–
१०. कवुवल घासा सकतां ङाययात मूल तक १ थ्वया फुजओ मरि १ गुरुभाजुयात दक्षिना दं
११. १६ भोज बोनेमाल गुरुभाजु माताजु ॥ भ्यलु भलुकम्ह भलु दानपति हाकुदेओया सन्तान म्हं
१२. ४ तुइदेओया सन्तान म्ह ४ थ्वति प्रमान याय धुंस्यलि गुथिजनस्यन भोजनया ॥ थ्वति वि–
१३. धि वर्षप्रति यायमालकाओ गुथि दयकं वलभद्र गजिन्द्र निम्ह गुथिजन तस्य ॥ कृ–
१४. ष्ण भ्यलु धर्मद्येओ निम्ह फुकिजन ताम्रपत्र दयकं लओल्हाना ॥ सम्वत ९२४ थ्व द–

१५. त सुनान स्यनके मदु स्यनकलसा पंचमहापातक लाक जुलो ॥ जोगी बोनेमाल शुभ

(दायाँ छेउमा–) ध्वकुसिं भेलुया पार ध्व तावापत्र रल्हा

**अनुवाद**

आज नुवाकोट ऋषिवनका श्रीगण्डकीभैरवीलाई दीगुपूजाको दिन, धामी हाकुदेव र धवनी धमिनी दुवैको चित्तमा धर्म गर्ने विचार पैदा भएको हुनाले चुओदीस्वतीको ५ रोपनी खेत चढाइयो ।

स्वस्ति । महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेवको विजयराज्यमा । यस बेला हाकुदेव, आमा धवनी काका तोयुदेव तीन जनै दिवङ्गत भएका हुँदा छोरा कृष्णदेव धामी, सूर्यलक्ष्मी धमिनी, दाजु धर्मदेव तीनै जनाले सल्लाह गरी अघि संकल्प गरिसकेको ५ रोपनी खेतमा दुई रुपिया थपी श्राद्ध गर्नुपर्ने गरी चढाइयो ।

यस जग्गाको आयस्ताले वैशाख शुक्ल पञ्चमीको दिन एक बोकोसमेत राखी पूजा गर्नू । बोको ३० पाथी धानबाट आउने राख्नू । 'चाक्रमत' ३५ बाल्न तेलको लागि ... एक मुरी धान । भोजको लागि ३० पाथी । 'निसरा' (नैवेद्यविशेष) चढाउन चामल आदिको लागि १० पाथी । पञ्चोपचार पूजाको सामग्री किन्न र फलफूल तरकारी बूवल (केराउ आदि) घ्यामा आदि सवै किन्नाको लागि १ रुपिया । यसको ... मिठाई १, गुभाजूलाई दक्षिण १६ दं । गुभाजू र उनकी पत्नी, धामी र धमिनी, दानपति हाकुदेवका सन्तानबाट चार जना, तुयुदेवका सन्तानबाट चार जनालाई भोज खुवाउनु पर्छ । यति गरेपछि गुठियारहरुले भोज खानू । यो विधान प्रतिवर्ष गर्नाको लागि गुठी बनाई, बलभद्र र गजेन्द्र दुई जनालाई गुठियार नियुक्त गरी, कृष्णदेव र धर्मदेव दुई जना दाजुभाइले ताम्रपत्र लेखाई सुम्पिएको हो ।

ने.सं. ९२४ (वि.सं. १८६१) । यो दान कसैले लोप गर्नु हुँदैन । लोप गरे पञ्चमहापाप लागोस् । जोगीलाई पनि बोलाउनुपर्छ । शुभ । यो ताम्रपत्र धामी हुनेलाई सुम्पनुपर्छ ।

(साभार: वज्राचार्य र श्रेष्ठ, २०३२: ऐतिहासिक सामग्री: ४५–४६)

(११)

**मुक्तिनाथको धर्मशाला र सदावर्त सम्बन्धी शिलापत्र**

(यो शिलापत्र मुक्तिनाथ मन्दिरको ढोकाको बायाँपट्टि अवस्थित छ । मुक्तिनाथको यो धर्मशाला रानीपौवाको नामबाट प्रसिद्ध छ) ।

**मूलपाठ**

पृथ्वीनारायणोभून्नरपतिमुकुटश्रेणिनीराजितांघ्रि
तत्सूनुः कीर्तिवर्मा नरपतितिलको नाम सिंहप्रतापः ।
तस्माच्छ्रीचक्रवर्तिर्व्यजनि रणबहादूरसाहः प्रतापी
तत्कान्ता श्रीस्वरूपा जगति जयति सा स्वर्णपूर्वा प्रभाख्या ॥१॥

शाके श्रीवारुणाक्षारुणशशियुते ईश्वराब्दे शुचौ मा–
से शुक्ले वासरेऽस्मिन् त्रिदिवपतिगुरोर्गौरीतिथौ पुष्यभे ।
व्याघाते श्रीधर्मशाला त्रिभुवनपतेर्मुक्तिनाथस्य प्रीत्यै
श्रीस्वर्णप्रभा यान्नदानसहिता देव्या तया निर्मिता ॥२॥
श्रीरणोद्योतसाहः समसेरसाह एव च ।
पुत्रौ यस्याः प्रवर्तते मुक्तिनाथस्य सेवया ॥३॥
मुक्तिनाथचरणाम्बुजयुग्मार्चनार्थसमुपागतनृणाम् ।
अन्नदाननिवसत्यभिसिद्ध्यै कर्मणैष वरदोस्तु मुनेश ॥४॥

सिद्धिरस्तु, तत्सत् अद्य ब्रम्हणो द्वितीयपरार्धे स्वेतवाराहकल्पे वैवस्वत मन्नोंतर कलियुगस्य प्रथमपादे जांम्वुद्विपे भारथवर्षे आर्ज्यावर्तस्य हेमवत दक्षिनपादे मुक्तिक्षेत्रे इहैव पुन्नभुमौ मासोत्तममासजेष्ठमासे सुक्लपक्षे त्रितीयापरे तिथौ बृहस्पतिवासरे चन्द्रमर्सि कासिवगोत्रायाः श्रीसोवर्णप्रभादेव्या कायिकवाचिकमानसिकपापमोचनार्थ आयुरारोग्यजनधनलक्ष्मीतिसन्तानवृद्धचर्थे ईहलोक अर्थधर्मकाममोक्षप्राप्त्यर्थं परलोकशिवलोकप्राप्तिकामनया ॥

ञाहादेषि देसभाषा. शाके संवत् १७२८ नेपालसंवत् ९२६ विक्रमसंवत् १८६३ सालमाहा श्रीमहारानी सोवर्णप्रभादेवीले श्रीमुक्तिनाथप्रिति गरि धर्मशाला बनाई सदावर्त राष्या. यो सदावर्तको जगा राषु दोवा गाउ दुई षेत सय पचिस मुरि तिस २५३० तसको साध पूर्व पर्वत कालिगंडकि पश्चिम काम षोलो उत्तर भुज्यालगढि दक्षिन ठुलो सिमलदेखि अघिबाट सानु षोलो कालिगंडकिको दोभान् पूर्व कटुञ्ज्या षोलो पश्चिम पर्छ. (चा)र्जभुमि उत्तर बुढोचि दक्षिण निगलपानि यति साधभित्रको आमदानि बालिले सदावर्त ब्रामन सन्नासी अतित अभ्यागत मागन्याहरुकन तपसिल जनहि चामल माना २ दालमुठि ५ नुन तोला ४ घिउ तोला ४ हर्दि मासा २ दारुवा येति यति सर्जामबमोजिम दिनु.

यसमा लोभानि पापानि जसले गर्ला. तसलाइ पंचमहापातक लाग्ला लेष्याबमोजिमका सराजाम दिया हुंदि, पंचायेन देवताको सुदृष्टि. यो सदार्वत धर्मशाला जसले हर्न बिगार्नमा पसला तसलाइ चन्द्र सूर्य छंज्याल नरकवास होला. शुभम् ॥

## अनुवाद

राजाहरुका शिरपेचले पाउ झलमल्ल भएका पृथ्वीनारायण शाह हुनुभयो । उहाँका छोरा कीर्ति फैलिएका राजाहरुमा टीका जस्ता सिंहप्रताप शाह हुनुभयो । उहाँबाट प्रतापी चक्रवर्ती राजा रणबहादुर शाह हुनुभयो । उहाँकी महारानी लक्ष्मी जस्ती सुवर्णप्रभा हुनुहुन्छ ।

शंकसंवत् १७२८ (विक्रमसंवत् १८६३) ज्येष्ठ शुक्ल तृतीया वृहस्पतिबार पुष्यनक्षत्र व्याघातयोगको दिन तीनै भुवनका अधिपति मुक्तिनाथलाई प्रसन्न पार्न श्रीसुवर्णप्रभादेवीले धर्मशाला बनाउन लाउनुभयो; सदावर्तको पनि बन्दोबस्त गर्नुभयो ।

मुक्तिनाथको सेवाले गर्दा जुन सुवर्णप्रभाका श्रीरणोद्योत शाह र श्रीसमरशेर शाह दुई छोरा हुनुहुन्छ ।

मुक्तिनाथका चरणकमलको पूजाको लागि आएका मानिसहरुलाई खान, बस्न सुबिधा होस् भनी गरिएको यस धर्मकर्मले मुक्तिनाथ प्रसन्न भई वरदान दिऊन् ।

सिद्धि होस् । आज ब्रम्हाको द्वितीय परार्ध, श्वेतवराहकल्प, वैवस्वत मन्वन्तर, कलियुगको पहिलो पाउमा, जम्बूद्वीप भारतवर्ष आर्यावर्तमा, हिमालयको दक्षिण फेदी मुक्तिक्षेत्र यहीँ पुण्यभूमिमा, उत्तम महीना ज्येष्ठशुक्लतृतीया वृहस्पतिवारमा, काश्यपगोत्रकी श्रीसुवर्णप्रभादेवीले शरीर वचन र मनसम्बन्धी पापबाट मुक्ति पाउनाको लागि, आयु आरोग्य जन धन लक्ष्मी सन्तानको वृद्धि होस् भनी यस लोकमा धर्म अर्थ काम मोक्ष प्राप्ति र परलोकमा शिवलोक प्राप्ति होस् भनी (यो धर्म कर्म गरिएको हो) ।

(साभारः योगी, २०२२: ६५८; वज्राचार्य र श्रेष्ठ २०३७: ४२३–४२५)

(१२)

**मुक्तिनाथ जाने तीर्थयात्रीहरुको लागि धर्मशाला र फलफूल बन्दोवस्त गरिएको व्यहोरा उल्लेखित तामापत्र**

(यो तामापत्र म्याग्दी, वेणी बजार निवासी श्री ओमबहादुर बोगटीको संग्रहमा छ)

श्री दुर्गा सहाय

१. स्वस्तिश्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानम ानोन्नत
२. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजा गीर्वाणयुद्धविक्रम शाहबहादुरसम्सेरजङदेवाना–
३. म् सदासमरविजयीनाम्–
४. आगे वसन्त वोकटिके पर्वतको अम्वल राषु पूर्व रात्ताभिरका डांडो दषिन सालिकग्रामि राहु गाउं
५. पश्चिम पिपलको रुष उत्तर दोवाटो ढुंगा येति चार किलाभित्रको जग्गा श्रीमुक्तिनाथ जान्या रस्तामा पौवा व–
६. नाउनु वधैचा बनाई आप. सुन्तला.दारिम.कटहर.विविरा. केरा लगाउनु जोगि सन्यासि वैरागि–
७. लाई षान दिनु भनि श्रीवुवाज्यूवाट मोहोर गरिवक्सनु भयाको रहेछ, तेही मोहोरको सहि थामि पछि
८. हामिले पनि त्यो पौवा वधैचाको सम्भार वेरामि भेष निमित्य सदावर्त्तकन महभिरको वाभो मु–
९. रि यक्सय तिन १०३ विव्हाउन उपल्लो कुभिन्ड्या मुरि ५ तल्लो मुरी १० वालम डांडा मुरि २० जामरुक्–
१०. को नाउलो मुरी ४० ज्मा मुरि यक्सय अठहत्तर येति जग्गाको पान फुल रूपैया ६०० लि गुठि राषि व–

११. क्स्याको हो आज तेहि सहि थामि गुठिको मोहोर तावापत्र गरिवक्स्यौ यस्मा लोभानि पापानि गरि ह–
१२. र्नामा जो पश्ला तसइ श्रीमुक्तिनाथको कोप कुदृष्टि होला. महापातक् लागला यो धर्म जो थाम्नामा पश्ला तश्ला–
१३. ई महाजग्यको पुण्य र श्रीमुक्तिनाथको कृपासुदृष्टि होला. यस गुठिको चिताइ लाटु उपाध्याका सं–
१४. तानले गर्नु. षोस्मोस् नगर्नु गरिवक्स्यौ. आफ्ना षातिरजामासंग भेषको टहल गरि वाकि
१५. सेष रह्याको भोग्य गर इति संवत् १८६६ साल मिति आश्विन सुदि २ रोज ३ शुभम्

(साभारः वज्राचार्य र श्रेष्ठ, २०३७ः ४६९–४७०)

(१३)

**(नकथली गुम्बासम्बन्धी लालमोहर)**

श्री दुर्गा

१. स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का...
२. आगे. थुंवन. गोलजुङ्. चिलिम्या. घुम्वा गाउं ग
३. दलाङ् गाउंका. अमालि द्वाऱ्या मिझार. गाउंल्या
४. गैह्र प्रति. धर्माको लामा नागाथलि वस्याले. ति
५. मिहरुका गाउं घरमा. प्रोहित्याई र. नागथलिदे
६. षी काठमाडौ. दरवार आउंदा जादा. हुलाकि भ
७. रिया दिदा रह्याछौ. प्रोहित्याई पनी तिनैले गऱ्या
८. को रहेछ. आज आउंदा जादा. भारी पनी वोक
९. दौन. प्रोहित्याई पनी अरुलाई दियो भनि. ऱ्या
१०. हाँ विन्ति गर्न आयो. तसर्थ हिजो परापुर्वदे
११. षि. चलि आयाको. प्रोहित्याई ईनैलाई मान्नु. काठ
१२. माडौ आउंदा जादा. भारि चलाईदिनु गरि था
१३. मि वकस्यौं इति सम्वत् १८७३ साल मिति चैत्रसु
१४. दि ४ रोज ६ शुभम् -

(पछाडिपट्टि)
मार्फत् भीमसेन थापा
मार्फत् रणध्वज थापा
मार्फत् दलभञ्जन पांडे

(प्रा.डा. जगदीशचन्द्र रेग्मीबाट शोधकर्तालाई यो सक्कल लालमोहर प्राप्त भएको हो)

(१४)

**पोखरा, रामघाट सिद्धगुफासम्बन्धी लालमोहर**

(यो लालमोहर पोखरा, रामघाट शन्नि वन निवासी श्री रामकृष्ण पहारीको संग्रहमा छ)

श्री बाज्याज्यू श्री दुर्गाज्यू

१. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीवि–
२. राजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्र–
३. मसाहवहादूरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्..
४. आगे. कृष्णदास वैरागिके अघि कास्कीका राजा सिव साहले गंगाराम वैरा
५. गि सिद्धलाई आर्वाको ढाँड षेत् १।८० कुसडल्लो संकल्पगरि रामघाट
६. का मढि समेत् गुठगरि चह्राायाको रहेछ. तसै रामघाटमा सिद्ध अलप्या
७. छन्. षेत पनि षोलाले षायेछ. सिद्धिनारान् राजा तषनमा छदै काजि
८. का हवेलिका निमित्य राष्याको कुडहरको षेत् उकासि षेत १।८० सिद्धका
९. गुठको साटो कुसडल्लोगरि तिम्रा गुरु मुक्तिदास वैरागिलाई दियाको र
१०. हेछ. हाम्रो अम्वल भयापछि कंपनिमा दरिन गयाको ५२ सालका जाचकि
११. ले गुठ ठहराई ल्याया वमोजिम् साल ५४ मा १ बाट गुठि थामी मो
१२. हर गरिवक्सनुभयाको रहेछ.. सोहि मोहर तिम्रा घरमा अग्नि प्रवेस
१३. हुँदा पर्न गयो भनि हाम्रा हजुरमा विंति गर्न आउँदा सोही वमोजिम ७४
१४. सालमा मोहरगरि वक्स्याको हो. सो मोहर पनि हरायो. मुक्तिदास वैरागि
१५. पनि मऱ्या भनि विंति गर्न आउँदा. अघि भयाका मोहर वमोजिम् तिम्रा
१६. नाउँमा गुठि थामि मोहर गरिवक्स्यौं. तांहाका रकमदार अमालिले प
१७. नि ईनलाई केहि रकम् नलाउँनु आफ्ना पातिरजामासंग नित्ये नैमि
१८. त्य अषंड पुजागरि. सिद्धका गुफामा लगाई हाम्रो जय मनाई. सेष र
१९. ह्याको साधु संत सिष्योपसिषे मिली अघिदेखि चलिआयाको धर्म च
२०. लाई गुठि जानि भोग्य गर. ईति संवत् १८९० सालमिति श्रावणशुदि ८
२१. रोज ५ शुभम्––

पछाडि
मार्फत् उमाकान्त उपाध्याय
मार्फत् भीमसेन थापा
मार्फत् रणजोर थापा

(साभार: क्षेत्री, १९९८: ३२६)

(१५)

**मुक्तिनाथ जाने आउने तीर्थयात्रीहरुको लागि पर्वत, कुश्मा चौरमा बनाइएको धर्मशाला र फूलबारी सम्बन्धी लालमोहर**

(यो लालमोहर पर्वत, कुश्मा बजार निवासी श्री लक्ष्मण गिरीको संग्रहमा छ)

१. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीवि–
२. राजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीराजेन्द्रवि–

३. क्रमशाहबहादुरसम्सेरजगदेवानांसदासमरविजयिनाम्–
४. आगे धनराज गिरीके पर्वत दुलुंका अम्वलमध्ये कुश्मा चौरमा श्री मुक्तिनाथ जा–
५. न्या आउन्या निर्थवासी फरिक साधु संत वस्ना निमित्त ८६ सालमा हाम्रा
६. हजुरमा विन्ति गरि वनायाका धर्मशाला पौवालाई फूलवारि र पौवालि
७. लाई जगा पुगेन भनि हाम्रा हजुरमा विंति गर्न आउदा विर्ता गुठी किप–
८. ट जफति वाहेक रैकर पाषो जगा वाझा र चौर समेत पूर्व टुनी षोल्सो
९. दक्षिण भिर पश्चीम इनारको षोलसो उत्तर पुरानु वार मुल वाटो ये–
१०. ति चार किलाभित्र विज मुरी दुई जान्या जगा पौवाको फूलवारि र पा–
११. नि षुवाउन्या चिताइदार पौवालि वस्न्या घड्यारी निमित्त पौवा–
१२. लि चिताइदारलाई झारा साउन्या फागु वेठ वेगार अरू रैरकम क–
१३. लम् माफ गरि गुठी राषिवक्स्यौं आफ्ना षातिरजमासंग वगैचा फुल–
१४. वारि गुल्जार गरि निर्थवासीलाई पानी फल फूल षुवाई हाम्रो जय
१५. मनाई गुठी जानि भोग्य गर इति संवत् १८९४ साल मिति फागुन सु–
१६. दिन ३ रोज ३ शुभम्..................

मार्फत्– फत्यजङ साह
मार्फत्– दक्ष साह
मार्फत्– तारानाथ अर्ज्याल
मार्फत्– दलभंजन पांडे
मार्फत्– श्रीरङ्गनाथ पण्डितराज
मार्फत् – रणजोर थापा
मार्फत्– श्रीविष्णु पण्डितराज
मार्फत्– जयद्रथ अधिकारी
मार्फत्– करवीर पांडे

(साभार: श्रेष्ठ, २०५९: २४७-२४८)

(१६)

## पर्वत, मोदी वेणीको जङ्गल सम्बन्धी खड्गनिशाना

(यो खड्गनिशाना पर्वत, मोदीवेणी निवासी श्री भगवान दासको सग्रहमा छ)

श्री दुर्गा

१. स्वस्तिश्रीमद्राजकुमारकुमारात्मजश्रीप्राइमिनिष्टर यान् कम्याडर इन चिफ जनरल ज–
२. ङ्गवहादुर कुवर राणाजीकस्य पत्रम्–
३. आगे जयरामदास वैरागिके पर्वतका अम्वल कुस्मा चौरको वडगाउ भन्याको जगा
४. अघिदेषि गौचर रह्याको गौचर राषनु कमोत गर्न कसैलाइ नदिनु मोदि वेणिका
५. आसपासका जंगल पनि विवदेज गरि काट्न नदिनु काठपात चाहियामा वनका अ–
६. षत्यारिसंग मागी काज चलाउनु भनि अघि नारान पुरी नरसिंह गिरीका नाउमा लाल

७. मोहर पनि भयाको हो तिनिहरुले संभार नगर्दा वेवंदेज भै वन उज्ग्रो भंन्या विस्तार
८. तिमीले हामीसंग विंति पारि जाहेर गराउंदा नारान पुरी नरसिंह गिरिका नाउको मोहोर
९. झिकि ताहाको वनको हेर्चाहा गर्नालाई अव प्रान्त तिमीलाई अषत्यारी गरि दियौं आ–
१०. फ्ना षारिज्यामासंग अघिदेषि गौचर रह्याको जगा गौचर राषि मोदी वेणिका आसपासको
११. जंगल पालन्या काम गर इति संवत् १९०५ साल मिति मार्ग वदि १४ रोज ६ शुभम्–––

(साभारः श्रेष्ठ, २०५९: २५४)

(१७)

## रिडी र ऋषिकेशव (हृषिकेश) को उल्लेख भएको शिलापत्र

१. नेपाली सम्वत ९८० शाके सम्व–
२. त् १७८२ संवत् १९१७ साल जेष्ठ
३. मासे शुक्ल पक्ष पूर्णिमा तिथौः रविवासरे
४. सौरमासे वदि ... घटिका १८ मघा नक्षेत्रे–
५. नेपालः पश्चिम तर्फ रिडीमा ...
६. किनि– श्रीः ऋषिकेशव चरण गुल्मी
७. देसेः अमरापुरि नगरे नेपाल भातगाउ वा–
८. सु षेल वास्तव्य मानवगोत्र मलपति–
९. तसे पुत्र भाजुराम से पुत्र भाजुनारान से पुत्र
१०. भिम नारां कनिष्ट पुत्र सिद्धि नारां– ब ल
११. गाइ ढुंगाका चौपारि बनाहि–किर्तिः राषि पर्लो–
१२. ग पित्र पिता इश्वर निमिति– श्री कृष्ण अर्पित ग–
१३. रि स्थापना गर्‍याकोहो शुभम् ॥ राम ॥ :॥

(साभारः शर्मा, १९८७: १२)

(१८)

## छब्दी वाराही सम्बन्धी लालमोहर

(यो लालमोहर तनहूँ छब्दी वाराहीका पूजारी पाउँ आले मगरहरुको संग्रहमा छ)

श्री दुर्गाज्यू १ वाराही देवी
स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का

आगे तन्हौ कुन्हु गाउँ बस्न्या लीलाध्वज आलेके. सोही गाउँमा १ उत्पन्न हुँदा आजसम्म हामीले नित्य नैमित्यक पूजा चलाई आएको छ. सो पूजा

हामी सन्तान दरसन्तान पर्यन्त षोसमोस नगर्नु भन्या सनद गरी पाया हुंदो हो भनी तैले २ र श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इनचिफ जनरल रणद्वीपसिंह कुंवरराणा मार्फत हाम्रा हजूरमा विन्ती पार्दा निज १ उत्पन्न भयादेखि तिम्रा घरको खर्च लगाई नित्य नैमित्यक पूजा चलाउनज्यालसम्म दरसन्तान षोसमोस नास्ति गरी पूजाहारीको लालमोहर गरी बक्स्यौं. आफ्ना खातिरजामासंग पूजाहारी जानी आफ्नु घरको खर्चलगाई निज १ को नित्य नैमित्यक पूजा गर भन्ने लालमोहर गरी बक्स्यौ. इति संवत् १९३१ साल मिति फाल्गुण वदी ८ रोज १ शुभम्

श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्री महाराज जङ्गबहादुर राणा
जी.सी.बी याण्ड जि.सी.यस. आइ.थोङ. लिङ् पिङ्मा काङवाङ् म्यान प्राइमिनिष्टिर याण्ड कम्याण्डर इनचिफ
मार्फत: महाराजा जङ्गबहादुर राणा
मार्फत: श्री कम्याण्डर इनचिफ जनरल रणोद्वीपसिंह कुंवरराणा
मार्फत: पूर्वतर्फका कम्याण्डिङ जनरल श्री धीरशंशेर जङ्कुंवरराणा
मार्फत: पश्चिम तर्फका कम्याण्डिङ जनरल श्री जगतशंशेर
मार्फत: गुरुराज नगेन्द्रराज पण्डितज्यू
मार्फत: गुरूपुरोहित अमरराज पण्डितज्यू
मार्फत: चौतारिया रणसेर शाह
मार्फत: गुरूपुरोहित खजाञ्ची वामदेव पण्डितज्यू
मार्फत: कम्याण्डर कर्णेल सनकसिंह टण्डन लाहुरी
मार्फत: बृगेडियर कर्णेल रणसिंह सिजापति

(साभार: मिश्र, २०५७: ७७५)

(१९)

**शालिग्रामको थिति बन्देज सम्बन्धी शिलापत्र**

(यो शिलापत्र मुक्तिनाथ मन्दिरको आगनमा रहेको छ)

श्रीलक्ष्मीनारायण नमः ॥ श्री ॥ श्रीमुक्तिक्षेत्रः

स्वस्तिश्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्री श्री श्री महाराजविरसम्सेरजङ्गराणावहादूर जि.सि.येस.आइ थोङ लिन् पिम्पा. को काङ् वाङ् स्यान्. प्रि.अ.गो.द.वा.प्रि.अ.गो.प्र.प. प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इनचिफ कस्य रुक्का–

स्वस्तिश्रीमद्राजकुमारकुमारात्मजश्रीकम्यांडरइनचीफजनरलदेवसम्सेरजङ्गराणावहादूर कस्यपत्रम्–

आगे मुक्तिक्षेत्र गोर्खाराजका दुनियाँ के यथोचित उप्रान्त. शालिग्राम्हरु फोरि सुन् झिकी वेचन्या गर्न्या र चिन्नहरु विगारी येक देवताको अर्को देवता जस्तो गरी विगार्न्या र यकदेवताको शालिग्राल विगारी फेरी अर्कोमा जोरी.भानपारी दुनियालाइ छली वेची रूपैया लै जान्या गऱ्याको कुरामा अघी

२/३ फेरी उर्दी इस्तिहार गर्दापनि सोकुराको ख्यालनराखी फेरी पनी गऱ्याको र इस्तिहार मात्रटासियाकाले कागज मधे नरहन्या हुदा इस्तिहार नदेखि फेरी पनी यस्तोकाम गर्न लागे सो कुराको सधैरहन्या तवर संग शिलापत्रभया फेरी यस्तो काम् गराइनन् भंन्या कुरा चौतरिया केशरीजङ्गपराक्रमसाहले हाम्रा हजुरमा जाहेर गर्दा तिमी दुनियाले अव पनी सो काम गऱ्यौ भन्या सर्कारवादीभै तिमीहरुलाई पक्रि शालिग्राम फोरी सुन्भिकन्यालाई विगो जफद गरी. सर्कारलगाइ विगोवमोजिम् डंड गर्न्या छ. शालिग्राम् कित्या गरी वनाइ लेनदेन गर्न्यालाई २ मैन्हा कैइद गर्न्या छन् भन्न्या वंदेजको शीलापत्रराखी वक्स्यकोछ सो वमोजिम् वंदेजमा रन्या काम् गर इति सम्वत १९५५ साल मिती आषाड वदि १२ रोज शुभम्–

(साभार: योगी, २०२२: ६५८–६५९)

❊ ❊ ❊

## अनुक्रमणिका


**अ**

अन्नपूर्ण ९, १२९, १३७, १७१, १७३, १८४

अर्मादीघाट १३७, १५८, १५९

**आ**

आलमदेवी १९, १३३–१३६, १५०, १५६

**ई**

ईशानेश्वर ११४–११६, १६५

**क**

करापुटार ११४–११६

काकवेणी ५१, ५७, ६०, ८८, १२०, १२१, १६८–१७०, १७४

काठमाडौं २४, २९, ६६, ९१, ९३, ९७, ९८, १००, १६२, १८४

कान्छी वाराही १३३

कालीगण्डकी ५–९, ११, १४–१६, १८–२०, ३७, ५१, ६१, ८८–९०, १०६, १२५, १३२, १३४, १४०, १५२, १५६–१५९, १६२, १६५, १७१, १७३, १७४, १८०, १८३

कास्की १९, २०, ११७, ११८, १२०–१२६, १२९–१३१, १३३, १३५, १५६, १६१, १७३, १८३

केरवानी १९३

केलादीघाट १३६–१४०

क्होल १८, ११७

**ख**

खस २५–२८, ३०, ३१, १८७

खसान २५–२८, ३०

खसान्त १९, २५, २९

खारपानी १३१–१३३

खार्प खेगुफा १५९–१६२

**ग**

गङ्गाचुली १३६, १८३, १८४

गजेन्द्रमोक्षतीर्थ १८९

गण्डकी ४, ५, ८, ११, १५, २५, ८९, १५३, १७५

गण्डकी भैरव ३६, ९१

गण्डिगुल्म ५, १६

गण्डिगुल्मविषय ५, १६

गलेश्वर १६५–१६७

गाईघाट १७३, १८०

गुरुङ १४, २२–२४, ३१, ३४, ४९, ५४, ५५, ६६, १०२, १११, ११६–११९, १२६–१२९, १६०, १८२, १८३

गोरखनाथगुफा ९८–१०१

गोरखा १४, १७, १८, २०, ३९, ४२, ९३, ९६–१०३, १०५, १३५–१३७, १५०, १७०, १७३

गोसाइँकुण्ड ६, ९, ११, ३२–३८, १००, ११९, १७३

**ङ**

ङरि झोवा ५०–५१

**च**

चक्रतीर्थ १०१–१०२

चेपेघाट १०१, १०२

**छ**

छब्दी वाराही १०४–१०६, ११२

छ्योएजोङ गुम्बा ८४–८८

**ज**

जीतगढी १४२

जुम्ला १८, २०, १००, १०४, १५७, १६९, १७०, १८८

ज्यम्पा गुम्बा ७१–७९

**झ**

झांटेश्वर भट्टारक १७

**ट**

टौंजु देउराली ११६

**ठ**

ठकुरी २८, ३०, ३१, १०२, १३५, १८३

**ढ**
ढोर वाराही १०५, ११२–११४
**त**
तनहुँ १८, १०४–१०६ १०९-१११, १२४, १३६, १३७
तामाङ २२–२४, ३४, ३५, ३७, ११९, १८८
ताल वाराही ११२, १२८–१३१
तीनशिरेतीर्थ १३२, १३३
त्रिवेणी ८, १६८, १७४, १८५–१९०
त्रिशूली ७, ९, ११, १४, ३३, ३६, ३७, ९१, ९२, १०६, १७३, १७४, १८०
**थ**
थकाली २१–२३, ५०, ५४, ५५, ११५, ११६, १८८
थरुवान २१, २९
थाकखोला २१–२४, ५१, ११५, ११७
थारू २९, ३०, ११६, १८१–१८४
**द**
दरौंदी ७, १७३
दामोदरकुण्ड ९, ३७, ८८–९०, १२०, १२१, १२६, १५३, १७४, १८०
दूधपोखरी ६६, ११६, ११७, १२६
देउचुली २४, २९, १३७, १८१–१८५
देवघाट ९, १३६, १५३–१५५, १७३–१८०
देवदह १९०–१९४
देवीघाट ९१–९३
देवीदमार १९३
**ध**
धौलागिरि ९, १६, २२, २३, ५१, १३३, १७०
**न**
नार गुम्बा १८, २२, ४३–५०
नारायणी १७४, १८५
नीलकण्ठद्रह ३२–३८, १७३
नीलगिरि ८९, १६९
नुवाकोट ८, १७, १९, २०, २३, ३७, ९१–९३, ९७, ९८, १२१, १२४, १३५, १४२, १४३
ने नकथली ३८–४३
नेपाल ३, ४, ६-८, १०–१२, १४–१८, २९, ३८, ३९, ४१, ४२, ७१, ९१–९३, ९९, १०६, १३१, १३२, १३६, १४०–१४२, १५०–१५२, १५८, १५९, १६२, १६४, १६६, १६७, १७०, १८०, १८४, १८५, १८७–१९०, १९२, १९३, १९९, २०१
नेवार ३०, ३४, ३७, ५०, ६६, ९८, ११५, १८७
ने नकथली ३८–९२
**प**
पञ्चासेकुण्ड १२९, १३३
पद्मपाणि बोधिसत्त्व २०१, २०२
पराशरगुफा १०६–११०
पर्वत १६, १८–२०, ३०, १२२, १२४, १३७, १४४, १५८, १५९, १६२, १६९–१७१, १८३
पशुपति १२, ३३, ३६, १५१
पाल्पा १६–२०, २४, २९, १३४, १३६, १४०–१४४, १५०, १५२, १५७, १६९, १७५, १८४, २०१
पाल्ही भगवती १९९–२०१
पोखरा ११२, ११५, ११७, ११८, १२१, १२५–१२८, १३१, १३३, १५०, १५९, १७१
**फ**
फेवाताल १२७–१३१, १३३
**ब**
बाहुन २८, ५०, ६०, ६१, ६६, १११, ११६, १८७

ब्राह्मण ३०, ४०, १०५, ११२, १२४, १५०
बुटवल १२, १६, १८२, १८३, १५७, १६९
बूढीगण्डकी ७, १७३
भ
भिङ्ग्रिसी ११, १४, २३
भीमाद ११०, १११, १३६
भीरकोट १९, २०
भैरवतीर्थ ९१
म
मगर १३, १७, २४, २५, २९, ३१, १०२, १०५, ११०, १११, ११६, १२९, १३५, १३६, १५९–१६१, १८२, १८३
मगरात ५, १६, २१, २४, २९
मग्वरविषय ५, १७, २४
मदारनाथ २०२–२०४
मनकामना ९७, ९८, १५०
मनाङ १७–१९, २१–२३, ४३
मर्स्याङदी ७, ४३, १७३
माछापुछ्रे ९, १२९, १३२, १३३, १७१, १७३
मादी ७, १०६, १०७, १०९, ११०, ११४–११६, ११८, १२२–१२४, १६२, १७३
मुक्तिक्षेत्र ८, १८, ५७–६६, ८८–९०, १२०, १२५, १५५, १६८, १८५
मुक्तिनाथ १७, २२, ५७–६६, ९०, ११६, ११७, १२०, १६८, १६९, १७१
मुस्ताङ ८, ९, १२, १७, १८, २०, २१, ५१, ५७, ६१, ६७–७०, ७९, ८०, ८४, ८८
मेस्रौं वराह १३३
मोदीवेणी १२६, १६८, १७१, १७४
म्याग्दीवेणी १६८, १७०, १७४
य
याङजाकोट ११६, १२१–१२४, १५६, १६१
युलुङ पोखरी १०२–१०४, १३३
र
रणउजीरेश्वरी भगवती १४०–१५२
राजाको चौतारा १२१–१२४
रामग्राम स्तूप १३, १५, २४, १९४–१९९
रामघाट १२५–१२८, १३७, १७१
रिडीघाट १३४, १५२–१५८, १६२, १७१
रुद्रवेणी १६८, १७१, १७२, १७४
रुरुक्षेत्र १८, १५३–१५६, १६८, १८५
ल
लमजुङ १७–२०, ४९, ६६, १०१, १०२, ११४, ११६–११९, १२१–१२४, १२६, १२८, १२९, १३३, १३५, १३७, १७३, १८३
लसर्घा १९, १३३–१३६, १५०, १५६
लुब्राक गुम्बा २२, ५१–५७, ८९, ११९
लुम्बिनी १३, २४, १५०
लुरि गुम्बा ७९–८४
लो गेकर गुम्बा ६७–७१
व
वज्रभैरव भट्टारक ९९
वरचुली २४, १३७, १८३, १८४
वराहक्षेत्र १८, १५५
वेत्रावती ३२, ३३, ९१, ९३
व्यासगुफा १०६–११०
श
शिवल्हुति ३३, ३४, ३६
शेरभुक्की २०१
शेरिब १७, ५१, ५२
शेषान्त १७, १९, २१, २२
स
सल्यानकोटकी माई ९३–९८

सिकलेस चोखोपानीतीर्थ ११६, ११८–१२१, १२३
सिखौली १८०, १८१
सेतीगण्डकी ६, ७, १०६, १०७, १०९–११२, १२५, १३१, १३२, १६२, १७३
सेतीवेणी १६८, १७१, १७४

ह
हरिक्षेत्र १८, ८९, १६८, १७४, १८५
हरिहरक्षेत्र १५५, १६८, १७४, १८५
हिउँचुली १३७, १८३, १८४

## चित्रसूची


चि.फ. १. गोसाईंकुण्डको दृश्य
चि.फ. २. चेपेघाटको दृश्य
चि.फ. ३ म्याग्दीवेणीको दृश्य
चि.फ. ४. अर्मादीघाटको दृश्य
चि.फ. ५. कालीगण्डकीको खोँच
चि.फ. ६. रिडीघाटको दृश्य
चि.फ. ७. देवघाटको दृश्य
चि.फ. ८. त्रिवेणीको दृश्य
चि.फ. ९. मुक्तिनाथ मन्दिर
चि.फ. १०. मनकामना मन्दिर, गोरखा
चि.फ. ११. तीर्थवास बसेका भक्त भक्तिनीहरू, मोदीवेणी, पर्वत
चि.फ. १२. आलमदेवी स्थान, लसर्घा
चि.फ. १३.हृषिकेश मन्दिर, रिडी
चि.फ. १४. गादेन लिङ गुफा गुम्बा, समजोङ, मुस्ताङ
चि.फ. १५. विजयचैत्य, कबुम ल्हखाङगुफा, लुरि गुम्बा, मुस्ताङ
चि.फ. १६. नाग पहरो, लुब्राक
चि.फ. १७. बोन्पोचैत्य, लुब्राक
चि.फ. १८. वज्रगुरु पद्मसम्भवको मृत्तिकामूर्ति, लो गेकर गुम्बा, मुस्ताङ
चि.फ. १९. मैत्रेयको मृत्तिकामूर्ति, ज्यम्पा गुम्बा, मुस्ताङ
चि.फ. २०. सिद्ध विरुवापाको मृत्तिकामूर्ति, नमग्याल गुम्बा, मुस्ताङ
चि.फ. २१.. भूतडामरको मृत्तिकामूर्ति, लो गेकर गुम्बा, मुस्ताङ
चि.फ. २२. बोन्यो देवताको मृत्तिकामूर्ति, लुब्राक गुम्बा, मुस्ताङ
चि.फ. २३. हृषिकेशको प्रस्तरमूर्ति, रिडी
चि.फ. २४. पाल्ही भगवतीको प्रस्तरमूर्ति, नवलपरासी
चि.फ. २५. गरुडको प्रस्तरमूर्ति, नारायण मन्दिर, बेंसीशहर, लमजुङ
चि.फ. २६. सिद्ध, लामा र शिठो देवताको मूर्ति अंकित शिलाफलक,
लो गेकर गुम्बा, मुस्ताङ
चि.फ. २७. मुनीन्द्रको ढलोटको मूर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ
चि.फ. २८. लोकेश्वरको ढलोटको मूर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ
चि.फ. २९. हरित ताराको ढलोटको मूर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ
चि.फ. ३०. खदिरवाणी ताराको काठको मूर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ
चि.फ. ३१. वज्रधातुमण्डलको भित्तेचित्र, ज्यम्पा गुम्बा मुस्ताङ
चि.फ ३२. धर्मधातुमण्डलको भित्तेचित्र, ज्यम्पा गुम्बा, मुस्ताङ
चि.फ. ३३. वज्रभैरवको भित्तेचित्र, गोएनखाङगुफा, छ्योएजोङ गुम्बा, मुस्ताङ
चि.फ. ३४. कालचक्रको भित्तेचित्र, गोएनखाङगुफा, छ्योएजोङ गुम्बा, मुस्ताङ
चि.फ. ३५.. हेवज्रको थाङ्काचित्र, गिलुङ गुम्बा, मुस्ताङ
चि.फ. ३६. सक्य पण्डित ढाग्प ग्याल्छन् (वायाँ) र डोर्छेन् कुङ्गा साङ्पो (दायाँ)
को थाङ्काचित्र, चराङ गुम्बा, मुस्ताङ

## चित्र फलक



चि.फ. १. गोसाईंकुण्डको दृश्य



चि.फ. २. चेपेघाटको दृश्य



चि.फ. ३ म्याग्दीवेणीको दृश्य



चि.फ. ४. अर्मादीघाटको दृश्य



चि फ ५ कालीगण्डकीको खोँच



चि.फ. ६. रिडीघाटको दृश्य



चि फ ७. देवघाटको दृश्य



चि.फ. ८. त्रिवेणीको दृश्य



चि.फ. ९. मुक्तिनाथ मन्दिर



चि.फ. १०. मनकामना मन्दिर, गोरखा



चि.फ. ११. तीर्थवास बसेका भक्त भक्तिनीहरू, मोदीवेणी, पर्वत



चि.फ. १२. आलमदेवी स्थान, लसर्घा



चि.फ. १३. हृषिकेश मन्दिर, रिडी



चि.फ. १४. गादेन लिङ गुफा गुम्बा, समजोङ, मुस्ताङ



चि.फ. १५. विजयचैत्य, कवुम ल्हखाङगुफा, लुरि गुम्वा, मुस्ताङ



चि.फ. १६. नाग पहरो, लुब्राक



चि.फ. १७ बोन्पोचैत्य, लुब्राक



चि.फ. १८. वज्रगुरु पद्मसम्भवको मृत्तिकामूर्ति, लो गेकर गुम्पा, मुस्ताङ



चि.फ. १९. मैत्रेयको मृत्तिकामुर्ति, ज्यम्पा गुम्बा, मुस्ताङ



चि.फ. २० सिद्ध विरुवापाको मृत्तिकामुर्ति, नमग्याल गुम्बा, मुस्ताङ



चि.फ. २१. भुतडामरको मृत्तिकामुर्ति, लो गेकर गुम्बा, मुस्ताङ



चि.फ. २२. बोन्पो देवताको मृत्तिकामुर्ति, लुब्राक गुम्बा, मुस्ताङ



चि.फ. २३. हृषिकेशको प्रस्तरमुर्ति, रिडी



चि.फ. २४. पाल्ही भगवतीको प्रस्तरमुर्ति, नवलपरासी



चि.फ. २५. गरुडको प्रस्तरमूर्ति, नारायण मन्दिर, वेंसीशहर, लमजुङ



चि.फ. २६ सिद्ध, लामा र शिठो देवताको मूर्ति अंकित शिलाफलक,
लो गेकर गुम्बा, मुस्ताङ



चि.फ. २७. मुनीन्द्रको ढलोटको मुर्ति, लो मन्थाङ गुम्वा, मुस्ताङ



चि.फ. २८. लोकेश्वरको ढलोटको मुर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ



चि.फ. २९. हरित ताराको ढलोटको मुर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ



चि.फ. ३०. खदिरवाणी ताराको काठको मुर्ति, लो मन्थाङ गुम्बा, मुस्ताङ



चि.फ ३१. वज्रधातुमण्डलको भित्तेचित्र, ज्यम्पा गुम्वा मुस्ताङ




चि.फ. ३२. धर्मधातुमण्डलको भित्तेचित्र, ज्यम्पा गुम्वा, मुस्ताङ



चि.फ. ३३ वज्रभैरवको भित्तेचित्र, गोण्नखाङगुफा, छ्योएजोङ गुम्बा, मुस्ताङ




चि.फ. ३४ कालचक्रको भित्तेचित्र, गोण्नखाङगुफा, छ्योएजोङ गुम्बा, मुस्ताङ



चि.फ. ३५. हेवज्रको थाङ्काचित्र, गिलुङ गुम्बा, मुस्ताङ



चि.फ. ३६. सक्य पण्डित ढाग्प ग्याल्छन् (वायाँ) र डोर्छेन् कुङ्गा साङ्पो (दायाँ) को थाङ्काचित्र, चराङ गुम्बा, मुस्ताङ


GANDAKI BASIN
N
Kilometre 10 5 0 10 Kilometre
Scale
CHINA
CHINA
INDIA
INDIA
Kore La
Chhyoejong
Lo Manthang
Logekar
Luri
Damodar Kund
Damodar Kund Khola
Mustang Khola
Kagbeni
Muktinath
Jomsom
Lubrag
Throng La
Tilicho Tal
Nar
Marsyangdi River
Chame
Nagri Jhova
Annapurna I
Gangapurna
Annapurna III
Annapurna II
Hiunchuli
Machhapuchhre
Tinshire
Dudh Pokari
Kola
Budhi Gandaki River
Moyangdi Khola
Galeswar
Myagdi Beni
Kharpakhe Gupha
Siklis
Modi River
Seti Khola
Kharpani
Baglung
Kalika Bhagawati
Armadighat
Kusma
Modi Khola
Panchase
Thok
Maujo
Yangjakot
Besishahar
Yulung Pokhari
Phewa Tal
Pokhara
Tal Varahi
Ramghat
Arghau
Begnas Tal
Rupa Tal
Ishaneshwar
Rajako Choutara
Modiveni
Kali Gandaki River
Badigad
Syangja
Chapa Khola
Chakratirth
Daraundi Khola
Chepeghat
Madi River
Dhunche
Trishuli River
Nilkantha Himal
Ne Nakthali
Gosainkunda
Dhor Varahi
Saiyan kot ki Mai
(Gorkha)
Gorkhanath Gupha
Setiveni
Rudraveni
Vyas Gupha
Seti River
Chhabdi Varahi
Dumre
Marsyangdi River
Budhi Gandaki River
Balkot
Ridi Khola
Ridighat
Alamdevi
Andhi Khola
Jyagdi Khola
Bhimad
Manakamana
Bidur
Tadi Khola
Golphu bhanjyang
Likhu Khola
Tansen
Ranaujireshwari
Keladi ghat
KALI GANDAKI RIVER
Gaighat
Mugling
Benighat
Trishuli River
Devighat
Devghat
Devchuli
Narayangadh
Bharatpur
KATHMANDU
Butwal
Sikharauli
NARAYANI RIVER
Arun River
Madarnath
Rapti River
Tinau River
Rohini River
Sherbhukki
Devadaha
Parasi
Ramgram
Siddharthanagar
Palhi Bhagawati
Triveni
Lumbini

| | |
|---|---|
| Language | Nepalese |
| Author | Garud, Jagman |
| Title | Nepalko rashtriya samikaranko pa |
| Type | Non Fiction |
| ID Code | |
| ISBN | 9993352608 |

ISBN 99933-52
9 789993 35

KP-401-701